# तुल्सीलाल अमात्यका सङ्कलित रचनाहरू

व्यवस्थापन

गोविन्दप्रसाद ढुलाल

प्रकाशक

तुल्सीलाल स्मृति प्रष्ठिान

# तुल्सीलाल अमात्यका सङ्कलित रचनाहरू


| | |
|---|---|
| कृति | : तुल्सीलाल अमात्यका सङ्कलित रचनाहरू |
| प्रकाशक | : तुल्सीलाल स्मृति प्रतिष्ठान |
| व्यवस्थापन | : गोविन्दप्रसाद दुलाल |
| सर्वाधिकार | : तुल्सीलाल स्मृति प्रतिष्ठान |
| संस्करण | : वि.सं. २०८२, प्रथम |
| कम्प्युटर सेटिङ | : प्रमिला पोखेल, ९८४१७५६३४४ |
| प्रकाशित संख्या | : १००० प्रति |
| मूल्य | : ५००/- |
| मुद्रण | : सनातन प्रेस, बानेश्वर, काठमाडौं, ९८५११५६३४४, presssanatan@gmail.com |

# प्रकाशकीय

नेपालको लोकतान्त्रिक एवं कम्युनिस्ट आन्दोलनका अग्रणी नेता दिवंगत तुल्सीलाल अमात्यका लेख रचनाहरू सङ्कलन गर्ने, छपाइ गर्ने र प्रकाशन गर्ने काम तुल्सीलाल स्मृति प्रतिष्ठानले निरन्तर गर्दै आइरहेको छ । वि.सं. २०६२ श्रावणमा संस्मरणका पानाहरू–प्रथम संस्करण । वि.सं २०७१ श्रावणमा नेपाल कम्युनिष्ट पार्टीको तृतीय महाधिवेशनको राजनीतिक प्रस्ताव–दोस्रो संस्करण र वि.सं. २०७६ सालमा 'तुल्सीलाल अमात्य : एक आर्दश व्यक्तित्व' पहिलो संस्करण श्री पुरुषोत्तम न्यौपानेज्यूले अध्ययन अनुसन्धान गरी लेख्नु भएको जीवनी कृतिको रूपमा प्रकाशन गरेपछि प्रतिष्ठानले वि.सं. २०७८ सालमा बुद्ध, बुद्धत्व र बुद्ध–दर्शनको दोस्रो संस्करण र २०८१ सालमा ब्रह्मवाद, शून्यवाद र मार्क्सवाद नेपाल भाषामा लेखिएको दार्शनिक लेख वरिष्ठ साहित्यकार श्री स्नेह सायमीज्यूबाट नेपालीमा अनुवाद गर्न लगाएर नेपाल भाषा र नेपाली भाषा गरी दुवै भाषामा प्रथम संस्करण प्रकाशन गरेका थियौँ ।

अहिले वि.सं २०८२ सालमा दिवंगत कमरेड तुल्सीलाल अमात्यले भिन्नभिन्न समयमा लेखेका अपिल, राजनीतिक प्रस्ताव, कार्यक्रम, विभिन्न विषयहरूमा आफ्नो विचार, दृष्टिकोण सहितका लेख रचनाहरू संङ्ग्रह गरी 'तुल्सीलाल अमात्यका सङ्कलित रचनाहरू'को रूपमा यो पुस्तक प्रकाशन गरेका छौँ । यस पुस्तकमा धेरैजसो लेख रचनाहरू नेपाल कम्युनिष्ट पार्टीको तत्कालीन महासचिवको हैसियतले नेपालको लोकतान्त्रिक एवं कम्युनिस्ट आन्दोलनलाई मार्गदर्शन गर्दै लेख्नुभएको थियो सङ्ग्रह गरिएका लेख रचनाहरू तत्कालीन नेपालको राजनीतिमा देखा परेका समस्याहरू समाधान गर्ने उद्देश्य साथ लेखिएका थिए ।

विक्रम संवत २०१९ साल वैशाखमा नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनले कमरेड तुल्सीलाल अमात्यले पेस गरेको राजनीतिक प्रस्ताव पारित गरी बहुमत प्रतिनिधिहरूको समर्थनमा उहाँ पार्टीको महासचिव जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएको थियो । त्यसबखत कमरेड तुल्सीलाल अमात्यले सार्वभौम सत्ता सम्पन्न संसदको स्थापना गर । राजाबाट शक्ति जनतामा हस्तान्तरण गर । दुई माग, दुई नारामध्ये २०६३ वैशाख ११ गते नेपाली जनताको संयुक्त जनआन्दोलन अगाडि घुँडा टेक्दै राजा ज्ञानेन्द्र वीरविक्रम शाहले "जनताको नासो जनतालाई बुझाएको" शाही वक्तव्य जारी गरेर सार्वभौम–सत्ता राजाबाट नेपाली जनतामा हस्तान्तरण गरे लगत्तै प्रथम संविधानसभाको प्रथम बैठकले २०६४ जेष्ठ १५ गते नेपाललाई सङ्घीय

लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा गरेर राजतन्त्रको अन्त्य गरिएको थियो। जनदबाबमा राजाले दरबार पनि छाडे। नेपालमा शान्तिपूर्ण ढङ्गले राजाबाट जनतामा शक्ति हस्तान्तरण भएको थियो। नेपालमा सार्वभौम संसद वास्तविक निर्वाचित जनप्रतिनिधिहरूको संसद स्थापना हुँदै गइरहेको छ। अहिलेको संसद पनि निर्वाचित सार्वभौम संसद नै हो। निर्वाचन प्रणालीमा सुधार र परिर्वतन गरि सार्वभौम जनताका प्रतिनिधिको स्थान अझ पारदर्शी बनाउन राजनीतिक दलहरूलाई धनको लोभमा नफसी, सत्ता केन्द्रित भन्दा जनसेवा केन्द्रित हुन अझ बढी अनुशासित इमान्दार बनाउन जनप्रतिनिधिहरूको महत्त्व, गरिमा र जिम्वेवारी बोध गराउनेतर्फ अग्रसर हुन आवश्यक छ। वर्तमान संविधान, ऐन कानुनमा परिवर्तन सुधार गरौँ। दलहरूले पूँजीपतिहरूसँग "चन्दा" उठाउने र व्यक्तिगत खर्च गर्न पाउने, महङ्गिदै गएको निर्वाचन प्रणालीमा परिवर्तन आवश्यक छ। सार्वभौम संसद्, सार्वभौम नेपाली जनताको वास्तविक निर्वाचित प्रतिनिधिको संसद हुनु पर्दछ।

वि.सं २०७२ को संविधान जारी भएको १० वर्ष बितिसकेको छ। राजतन्त्र अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा भएको १८ वर्ष बितिसकेको छ। नेपालको संविधान २०७२ ले मार्गदर्शन गरेको समाजवाद उन्मुख नेपालको राष्ट्रिय विकास-समृद्धिको मार्गदर्शन आम-श्रमिक-गरिब-उत्पीडित-शोषित-पीडित नेपाली जनतालाई सामाजिक न्याय दिएर राष्ट्रलाई आत्मनिर्भर बनाउन राष्ट्रिय लोकतन्त्रलाई परिवर्तित परिस्थितिमा बहुदलीय लोकतन्त्रसँग जोडेर नेपालको माटो हावा पानी सुहाउने नेपाली चरित्रको राष्ट्रिय लोकतन्त्रको समाजवादी बाटो खोज्न त्यसतर्फ अग्रसर हुन कमरेड तुल्सीलाल अमात्यका लेख रचनाको सिर्जनात्मक ढंगले अध्ययन गरौँ। समय र परिस्थितिलाई बुझौँ। सन्तुलित हुन सिकौँ।

तुल्सीलाल अमात्यका विचार-दृष्टिकोणले आज पनि हामीलाई मार्गदर्शन गरिरहेको छ। तुल्सीलाल अमात्यका सङ्कलित रचनाहरूको सङ्ग्रह यो पुस्तक तपाईँहरूको हातमा छ, तपाईंहरूका सुझाव र सल्लाहको आशा एवं विश्वास राख्दछौँ।

गोपाल शाक्य
अध्यक्ष
तुल्सीलाल स्मृति प्रतिष्ठान
२०८२ जेष्ठ ३१

# विषयसूची


१. कम्युनिष्ट पार्टीको घोषणा पत्र (नेपाली संस्करणको भूमिका) १
२ नेपाल कम्युनिष्ट पार्टीको अपील १०
३. राष्ट्रिय प्रजातन्त्र नै मूलभूत समस्या समाधान गर्ने कार्यक्रम हो ५४
४. कुन बाटो ? ६३
५. जनवादी चीन र तिब्बतको सवालमा ऐतिहासिक विश्लेषण १३७
६. जनताको भविष्य माथिको हमला १४६
७. मार्क्सवाद-लेनिनवादलाई पक्रेर अगाडि बढौं १५१
८. नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ? १५९
९. योग, धर्मको मर्म र श्रीकृष्ण १९३
१०. विश्व हिन्दु महासम्मेलन : उपादेयता र उपयोगिता २१२
११. शहीद श्री शुक्रराज शास्त्रीको एक परिचय २३९
१२. स्व. गेना पटेल समवेदना २४६
१३. राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम २४८
१४. नेपाल कम्युनिष्ट आन्दोलनमा देखापरेका मतभेदहरू ३७२
१५. जननायक कामरेड तुल्सीलाल अमात्यको सङ्क्षिप्त परिचय ४७०

# कम्युनिष्ट पार्टीको घोषणा पत्र
# (नेपाली संस्करणको भूमिका)

कार्ल मार्क्स र फ्रेडिरिक एङ्गेल्सद्वारा लेखिएको कम्युनिष्ट पार्टीको घोषणापत्र विश्व कम्युनिष्ट आन्दोलनको निमित्त सबभन्दा महत्त्वपूर्ण कृति हो । यो एउटा साधारण कम्युनिष्ट साहित्य मात्र नभई सबभन्दा मुख्य मार्गदर्शक, एक प्रकाशगृह हो । यसको प्रकाशमा नै विश्व कम्युनिष्ट आन्दोलनले सही बाटो पत्री आ-आफ्नो देशमा सफलता पूर्वक कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउँदै छन् । यो घोषणापत्र सन् १८४८ को जनवरीमा (अर्थात् विक्रम संवत १९०४ को माघ महिनातिर) लेखी सिध्याएर छपाउनको निम्ति पठाइसकेको थियो । यसरी यो घोषणापत्र लेखिएको १२६ वर्ष नाघिसक्यो । यस बीचमा विश्वको परिस्थितिमा अनेक उलटफेर आइसकेको छ । यसलाई लिएर कसै कसैको खास गरी पूँजीपति वर्ग र तिनका दलालहरूको यो आफूलाई प्रगतिशील भनेर व्यवहारमा पूँजीवादको सेवामा अर्पण गरेर आएका छन् उनीहरूको भनाइ छ : “मार्क्सवाद पुरानो भइसकेको छ र यसमा लेखिएका कतिपय कुराहरू आज फेल खाइसकेको छ ।”

उनीहरू भन्छन् मार्क्सले भनेका थिए कि विश्वमा एकैपटक क्रान्ति हुन्छ र सबभन्दा पहिले क्रान्ति बेलायत, फ्रान्स, जर्मनीजस्ता विकसित पूँजीवादी देशहरूमा हुने छन् । तर यो क्रान्ति ती देशहरूमा नभई सर्वप्रथम रूसमा भयो र एउटै देशमा पहिले भयो ।

यी कुराहरू पूँजीपति वर्गको बौखलाहट र बिलौना मात्र हुन् अथवा मार्क्सवाद फेल भयो भन्ने कुराको प्रमाण हो ? निश्चय पनि उक्त कुराहरूले मार्क्सवाद फेल भयो भन्ने प्रमाणित गर्दैन । र ती कुराहरू मार्क्सवादको सफलतामा उनीहरूको बौखलाहट पूर्ण प्रलाभको प्रमाण मात्र हो । मार्क्सवाद फेल भएको भए न सोभियत

संघको स्थापना हुने थियो न त आजसम्ममा विश्वका एक तिहाई भागभन्दा बढी देशहरूमा कम्युनिष्ट व्यवस्था स्थापना भइसक्ने थियो । कारण विश्वका तमाम कम्युनिष्टहरूले मार्क्सवादलाई नै आफ्नो तमाम कारबाहीको आधारभूत सिद्धान्त बनाएर काम गरेर आएका हुन् ।

जहाँसम्म रुसमा सर्वप्रथम किन क्रान्ति भयो र बेलायत इत्यादिमा क्रान्ति भएन भन्ने सवाल छ मार्क्सले नै विश्वका क्रान्तिकारीहरूलाई सिकाएका थिए कि विश्वको हरेक चिज परिवर्तनशील छ र यसै निमित्त विभिन्न देशहरूको राष्ट्रिय स्थिति तथा अन्तर्राष्ट्रिय स्थिति पनि परिवर्तनशील छ । यसै निम्ति मार्क्सले एउटा स्थितिमा मात्र लागू हुने सिद्धान्त बनाएर गएको होइन परिवर्तित स्थितिमा कसरी काम गर्ने हो भन्ने कुरा पनि देखाएर गएका थिए । यसकारण महान लेनिनले कठमुल्लावादलाई अपनाएर बदल्दो स्थितिको वास्ता नगरी मार्क्सका सूत्रहरू कण्ठ गरी मूर्ख पण्डितहरूले काम गरे झैँ काम गरेनन् । न त लेनिनले त्यो मूर्ख लड्का झैँ बाबुले सिधै जाउ भनेको हो भनी बीच बाटोमा उभिएको ताडको रुख पनि चढेर नाघेर जाने प्रयास गरे ।

मार्क्सको जमानामा विभिन्न देशहरूले पूँजीवादको विकास गरेर गइरहेको थियो । लेनिनले रुसमा क्रान्ति गरेको वेलासम्म ती पूँजीवादीहरू देशहरू पूँजीवादी मात्र नभई साम्राज्यवादमा परिणत भइसकेका थिए र विश्वका अनेकौँ अविकसित मुलुकहरू माथि कब्जा गरी ती देशहरूलाई घोषणा गरी यसै पैसाबाट आ-आफ्नो देशका मजदुरहरूको जीवनस्तरलाई पनि तुलनात्मक रूपले केही हदसम्म उच्चा पार्न सकेका थिए । साम्राज्यवादीहरूको तागत आफ्नै देशसम्म सीमित नभई विभिन्न देशहरूमा फैलिसकेका थिए । र एक देशका जनतालाई कुल्चन अरु देशहरूका जनतालाई प्रयोग गर्न सक्ने हालतमा थियो ।

मार्क्सको मृत्युपछि विश्वको बदलिँदो स्थितिलाई महान लेनिनले देखेर लेनिनले भने अब क्रान्ति विश्वभरि एकैपटक नभई अथवा साम्राज्यवादमा परिणत भइसकेको बेलायत, फ्रान्स, जर्मन जस्तो विकसित पूँजीवादी मुलुकहरूमा नभई क्रान्ति कहाँ हुनेछ जहाँ साम्राज्यवादको कडी सबभन्दा कमजोर छ ।

लेनिनले भने रुस सबभन्दा कमजोर साम्राज्यवादी मुलुक भएको हुँदा अब क्रान्ति सर्वप्रथम बेलायत जस्तो देशहरूमा होइन रूस जस्तो देशमा हुनेछ र एउटै देशमा पनि अब क्रान्ति सम्भव छ ।

लेनिनले मार्क्सवादको खण्डन गरेर होइन मार्क्सवादको सारतत्त्वलाई पक्रेर ऐतिहासिक रूपले बदलिँदो परिस्थितिमा यस अनुरूप यसको विकास गरेर नै यस नयाँ प्रस्थापनालाई अगाडि बढाएर रूसको क्रान्ति सफल बनाउन सके रुसको क्रान्ति यो तयारीको दौरानमा लेनिनवादको जन्म भयो र मार्क्सवाद लेनिनवाद विश्व कम्युनिष्ट आन्दोलनको मार्गदर्शकको रूपमा देखा परे । लेनिनले मार्क्सवादको सार पक्री मार्क्सवादलाई अझ विकसित गरे ।

मनमौजी ढङ्गले मार्क्सवादीलाई पुरानो भो भनी त्यागेर होइन मार्क्सवादको आत्मालाई पक्रेर नै कम्युनिष्ट आन्दोलनलाई सही ढङ्गले अगाडि बढाउन सकिने छ । मार्क्सवादलाई जहाँ चाहियो उहाँ मोड्यो यसलाई मार्क्सवादलाई विकास गरेको भन्न सकिन्न यस्तो कार्यलाई संशोधनवाद नै भनिन्छ । संशोधनवाद दक्षिणपन्थी र वामपन्थी दुवै हुन सक्दछ । संशोधनवादको मूल पहिचान हो जुन विचारधाराले विश्व पूँजीवाद साम्राज्यवाद अथवा विश्व प्रतिक्रियावादकै सेवा गर्दछ र विश्वप्रतिक्रियावादी व्यवस्था अथवा पूँजीवादी, साम्राज्यवादी व्यवस्थाको जीवनलाई अझ लामो अवधिसम्म जिउने मौका दिन्छ ।

दक्षिणपन्थी संशोधनवाद र वामपन्थी उग्रवादबाट बचाएर नै विश्व कम्युनिष्ट आन्दोलन दृढताका साथ अगाडि बढ्नेछ ।

मार्क्सवादको मूल सिद्धान्त र यसको आत्मालाई पक्रेर नै विश्व कम्युनिष्ट आन्दोलनले दक्षिणपन्थी सुधारवाद र वामपन्थी उग्रवादबाट बचेर सहिबाटो पक्री अगाडि बढ्ने काम गर्दछ ।

यसै निम्ति हरेक कम्युनिष्टले मार्क्सवादको विकास भनेको के हो र मार्क्सवादबाट मुख मोडी आएका नक्कली सिद्धान्तहरू र संशोधनवाद भनेको के हो भन्ने कुरामा स्पष्ट हुनु जरुरी छ ।

मार्क्सवादको विकास कसरी गरिन्छ भन्ने कुराको उदाहरण लेनिनले हाम्रो अगाडि राखे । अब पूँजीपतिका दलालहरू लेनिनकै उदाहरणहरू गलत ढङ्गले दिएर या त हामीलाई संशोधनवादमा फँसाउन चाहन्छन् अथवा सकभर मार्क्सवाद पुरानो हो भन्ने भ्रम दिएर मार्क्सवादबाट मुख मोडाएर हामीलाई नक्कली सिद्धान्तहरू पत्राउन चाहन्छन् ।

तर याद गर्नुपर्ने कुरा हो चाहे दक्षिणपन्थी संशोधनवाद होस् अथवा वामपन्थी उग्रवाद (जो पनि अर्को प्रकारको संशोधनवाद हो र जसबारे लेनिनले एउटा सिङ्गै किताब "वामपन्थी उग्रवाद बचकाना रोग" लेखेर हामीलाई बाटो देखाएका छन् अथवा नक्कली सिद्धान्तहरू जस्तो नयाँ वाम मार्गी या नयाँ वामपन्थीहरू राष्ट्रवादीहरू, कल्याणकारी राज्यको कुरा गर्नेहरू, प्रजातान्त्रिक समाजवादीहरू : जसले समाजवादको कुरा गर्दागर्दै पूँजीवादी प्रजातन्त्रसँग यसलाई जोडेर अन्ततोगत्वा पूँजीवादकै सेवा गर्छन् र भरसक साम्राज्यवादीहरूसँग पनि आफ्नो नाता जोडेर उनीहरूद्वारा आफ्नो देशको शोषण गराउन हिच्किचाउँदैनन् । इत्यादि प्रति राम्ररी सजक हुन सकेन भने हामीलाई पद भ्रष्ट गरी हाम्रो क्रान्तिलाई नै तहस नहस गर्न सफल हुनेछन् ।

यसै निम्ति हरेक कम्युनिष्टहरूले मार्क्स र एङ्गेल्सद्वारा लिखित यो घोषणापत्र र अनि गएर मार्क्सको द्वन्द्वात्मक भौतिकवाद ऐतिहासिक भौतिकवाद इत्यादि विभिन्न कृतिहरूलाई राम्ररी अध्ययन गर्नु जरुरी छ । यसरी नै हामीहरूले मार्क्सवादको मूल आत्मालाई पक्रन सक्नेछौँ । अनि हर कम्युनिष्टले आफ्नो देशको ऐतिहासिक स्थितिको राम्रो विश्लेषण गरी यसलाई अध्ययन गरेर र साथै अन्तर्राष्ट्रिय स्थितिको पनि अध्ययन गरेर मार्क्सवादलाई सही ढङ्गले प्रयोग गर्न सक्नेछन् ।

तसर्थ कम्युनिष्टहरू न त मार्क्सको एक आठ उक्तिहरू कण्ठ गरी कार्य गर्ने कठमुल्लावादीहरू हुन् न त मार्क्सवाद पुरानो भइसक्यो भन्ने बहानामा धामी झाँक्रीले विज्ञानको बेवास्ता गरेझैँ मार्क्सवादलाई व्यवस्था गरी काम गरी मेहनतकश जनतालाई धोखा दिनेहरू हुन् । कम्युनिष्टहरूले मार्क्सवादको

सारतत्त्वलाई पत्री हर देशको राष्ट्रिय स्थिति र अन्तर्राष्ट्रिय स्थितिलाई पत्री उनीहरूलाई राम्ररी केलाएर शोषित र पद दलित देशहरूलाई शोषक र अत्याचारीहरूको हातबाट मुक्त गर्ने कार्य गर्दछन् ।

मार्क्सवादले विकसित समाजवादी देशहरूमा कसरी साम्यवादी व्यवस्था स्थापना गर्ने हो भन्ने बाटो देखाउँछन् । भने सामन्ती व्यवस्थाले कडिएको अविकसित देशहरू अथवा उपनिषदवाद र नव उपनिषदवादको फण्डामा फसेको र विदेशी पूँजीको शोषणमा जकडिएको अविकसित देशहरूले कसरी सामन्ती शोषणा दमनबाट मुक्त हुने हो अथवा उपनिवेशवाद नव उपनिवेशवाद र पूँजीवाद र विदेशी पूँजीको चंगोलबाट उम्कि गतिले हुँदै समाजवादमा जाने हो भन्ने बाटो देखाउँछ । निश्चय नै जुन वेला विश्वमा साम्राज्यवादको जन्म भएको थिएन र पूँजीवादको विकास भई रहेको थियो सामन्ती व्यवस्थालाई खतम गरी पूँजीवादी प्रजातन्त्रको निम्ति पनि लड्ने कुरो मार्क्सले देखाएको थियो । तर यसवेला पनि कम्युनिष्टहरूलाई मजदुर वर्गहरूको लक्ष्यलाई बिर्सिए काम गर्ने शिक्षा मार्क्सले दिएनन् र बरु मजदुर वर्गको लक्ष्यलाई एक मिनेट पनि बिर्सनु हुन्न भन्ने नै सिकाए ।

मार्क्सवादले हाम्रो नाक अगाडिको कुरा मात्र नसिकाई निरन्तर बदलिँदो ऐतिहासिक स्थितिमा पनि कसरी काम गर्ने हो भन्ने कुरा पनि सिकाउँदछ सिकाउँछ र मार्क्सवादको यही देन हो । कुनै पनि शोषक वर्ग शोषण व्यवस्थालाई खतम पार्ने पक्षमा हुँदैनन् उनीहरू आफ्नो शोषण व्यवस्थाको रूप रङ्ग बदली यसलाई चिरस्थायी नै बनाउन चाहन्छन् । यसै निम्ति यिनीहरू मार्क्सवादलाई पुरानो भयो भने यसलाई छोड्ने र छोडाउने काम गर्छन् यिनीहरू राष्ट्रिय परम्पराको नाउँमा आफ्नो हावापानी माटो सुहाउँदो व्यवस्थाको नाउँमा शोषण व्यवस्थाको रूप रङ्ग बदली यस व्यवस्थालाई चिरस्थायी बनाएर जनताको जीवन बर्वाद गर्ने नै काम गर्दछन् र यिनीहरू खतम भएर जान करै लाग्छ । प्राकृतिक विज्ञान अगाडि बढेझैँ सामाजिक विज्ञानको रूपमा मार्क्सवाद पनि अगाडि नै बढेर गइरहेको छ र निरन्तर विकास गर्दै गइरहेको छ ।

मार्क्सवादले दिएको द्वन्द्वात्मक भौतिकवादी दर्शनको एक प्रमुख बुँदा हो संसारको कुनै चिज अचल र स्थिर छैन । हरेक वस्तु परिवर्तनशील छ यसै निम्ति विभिन्न देशहरूको राष्ट्रिय स्थिति अथवा अन्तर्राष्ट्रिय स्थिति पनि परिवर्तनशील छ र यी परिवर्तनहरूको साथै कम्युनिष्टहरूले आफ्नो राजनीतिक लाइन पहिल्याएर काम गर्नु आवश्यक छ । कुनै देशको राजनीतिक स्थिति अथवा अन्तर्राष्ट्रिय स्थिति मात्र होइन ज्ञान पनि स्थिर र अचल छैन ज्ञान पनि निरन्तर चलायमान छ र विकास गर्दै गएको हुन्छ ।

जहाँसम्म पुरानोको सवाल छ सूर्य तथा स्वयं पृथ्वी जसमा हामीहरू जन्मेका छौँ सबभन्दा पुरानो वस्तु हो तर के त्यसो भने यो सूर्यको पृथ्वी १० साल अगाडि बनेको टेबल कुर्सी भन्दा पनि पुरानो र काम नलाग्ने भयो? अथवा यो सूर्य हिजो जन्मेको जुनकिरीभन्दा पुरानो भयो त ? स्पष्टतः सवाल कुन कुरो कति दिन पुरानो भयो भन्ने होइन खास गरिकन सिद्धान्तको सवालमा । नयाँनयाँ भ्रमात्मक सिद्धान्तहरू साम्राज्यवादीहरू तथा तिनका तलुवाहरूले निकालेका छन् यस निम्ति कि उनीहरूले मार्क्सवादलाई खतम गरी यसको ठाउँ लिन सकोस् ।

तर यी नक्कली सिद्धान्तहरू एकपछि अर्को असफल भई गिर्दै गए । तर एकातिर दिन बित्नाको साथ मार्क्सवादको सत्यता झन्झन् प्रमाणित भएर आएको छ । मार्क्सवाद पुरानो हुनु सट्टा झन्झन् तेजिलो असरदार भएर आइरहेको छ । र यसले विश्वका तमाम शोषित र पद दलित जनतालाई अचुकबाटो देखाउँदै गइरहेको छ र मार्क्सवादको प्रकाशन नै आज विश्वको एक तिहाई भन्दा बढ्ता जनताले आफूलाई सामन्तवाद, विश्व पूँजीवाद र साम्राज्यवादको हातबाट मुक्ति गरी आआफ्नो देशलाई प्रगतिको बाटोमा लैजान सफल भएको छ र ती देशहरू आज आर्थिक राजनैतिक, सामाजिक तथा सांस्कृतिक सङ्कटहरूबाट मुक्त छ अर्कातिर जसले पनि मार्क्सवाद प्रति आँखा चिम्ली भ्रमात्मक सिद्धान्तलाई अगाडि बढाएर आफ्नो ढङ्गबाट समाज निर्माण गर्न चाहे उनीहरूले मेहनतकस जनतालाई धोका नै दिने काम गरेका छन् र अन्ततोगत्वा शोषक वर्गकै एक न एक रूप सेवा गर्दैछन् र फलस्वरूप

मार्क्सवादबाट मुख मोड्नेहरू सरकारले आआफ्नो देशमा आर्थिक, राजनैतिक, सांस्कृतिक वा सामाजिक सङ्कट थुप्याई दिएका छन् जनतालाई महङ्गाई, बेकारी, भोकमरीको घेराबन्दीमा हालिदिएका छन् ।

के बेलायत, के अमेरिका, के फ्रान्स सबैजसो पूँजीवादी मुलुकहरूमा आर्थिक सङ्कटका साथै राजनीतिक सङ्कट पनि बढ्दै छन् । अमेरिकाको वाटर गेट काण्ड पूँजीवादी दुनियामा आउँदो राजनैतिक तुफानको एक सूचक मात्र हो । जहाँ आर्थिक र राजनीतिक सङ्कट छ उहाँ निश्चित रूपले सांस्कृतिक सङ्कट पनि स्वाभाविक नै हो । आज पूँजीवादी देशहरूमा पढेलेखेका पाकेटमाराहरू कालाबजारीहरूको कमी छैन मार्क्सको जमानामा कम्युनिष्ट समाज कहीँ कतै थिएन । मार्क्सको यो भविष्यवाणी मात्र थियो । तर आज १२६ वर्षको बीचमा विश्वको एक तिहाई भागमा मार्क्सले देखाएको बाटो पत्री कम्युनिष्ट देशको निर्माण भएको छ ती देशहरूमा निश्चिन्त निश्चित रूपले आज सबै जनताको जीवन सुनिश्चित सुरक्षित भएको छ । जनताको मेहनतबाट उत्पन्न सबै प्रकारको सुख सुविधा जनताले नै भोग गरिरहेका छन् । न बुढेसकालमा केटाकेटी छैन कसले हेर्ला भन्ने डर न बालककालमा आमाबुबा छैनन् कसले खुवाउला, पढाउला, लेखाउला हेरचाह गर्ला भन्ने समस्या, न जवानहरूलाई काम छैन के गर्ने कसो गर्ने भन्ने सवाल यी देशको जनताहरूको अगाडि छ । गर्भमा बसेदेखि मरण पर्यन्त सबैको जीवन निश्चित, सुखी र सम्पन्न छ ।

आज दिन दुगुना रात चौगुना बढ्दै गइरहेको समाजवादी खेमाभित्रको देशहरूको आर्थिक राजनैतिक सामाजिक र सांस्कृतिक स्थितिहरूले मार्क्सवादलाई एक अटल रूपले सत्य सिद्धान्तको रूपमा प्रमाणित गरेको छ ।

एङ्गेल्सले १८७२को जर्मन संस्करणको भूमिकाको दोस्रो प्याराको सुरुको लाइनमा लेखेका थिए "बितेका २५ वर्षहरूमा परिस्थिति चाहे जस्तोसुकै बदलेको होस्" तर घोषणापत्रको आम सिद्धान्त समक्ष रूपमा हेर्ने हो भने यो आज पनि उत्तिकै सही छ र जति पहिले थियो । घोषणापत्र छापेको आज

२५ वर्ष होइन १२६ वर्ष भइसक्यो फेरि पनि एङ्गेल्सको उक्ति उत्तिकै ताजा र सही छ । मार्क्सको जमानामा कम्युनिष्ट समाज एक सम्भावना मात्र थियो यस सम्भावनालाई कसरी व्यावहारिक रूप दिने हो भन्ने बाटो स्पष्ट र सही ढङ्गले मार्क्सले देखाए मार्क्सवादले देखाएको बाटोलाई पक्री अझ यसलाई विकसित गर्दै लेनिनको नेतृत्वमा १९१७ मा अक्टोबर (आजको नोभेम्बर ७ तारिख तिर) क्रान्ति गरी विश्वको एक छटा भागमा सर्वप्रथम कम्युनिष्ट समाजको स्थापना भयो त्यसपछि आजसम्ममा विश्वको एक तिहाईभन्दा बढी जनताले कम्युनिष्ट समाजको स्थापना गरी यस समाजमा आफ्नो जीवन यापन गर्दैछन् कम्युनिष्ट समाज आज वास्तविक सत्यको रूपमा हाम्रो सामु खडा छ र आजको यो विश्वको एक तिहाई भन्दा बढ्ता भागमा स्थापना भइसकेको छ र शुक्ल पक्षको चन्द्रमा झैँ यो समाज बढ्दै छिट्टै यो एकमात्र विश्व व्यापक व्यवस्थाको रूपमा स्थापना हुने बाटोमा गइरहेको छ ।

लेनिनले नयाँ परिस्थितिमा नयाँ कुरो देखाएर मार्क्सवादको खण्डन होइन मार्क्सवादको विकास नै गरेको छ । स्पष्ट त मार्क्सवाद । कठमुल्लावाद होइन यो हाम्रो कार्यमा मार्गदर्शक हो । यसै निम्ति हामीले मार्क्सवादको गहिरो अध्ययन गरौँ । मार्क्सवाद लेनिनवादको साथै विभिन्न क्रान्तिकारी नेताहरूको कृतिलाई गहिरो रूपले अध्ययन गरौँ । विभिन्न देशहरूको क्रान्तिकारी आन्दोलनको अनुभवहरूबाट सिकौँ । विश्वका महान कम्युनिष्टहरू नेताहरूको अनुभवबाट पनि सिकौँ र अनि आफ्नो देशको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिको विश्लेषण गरी सही बाटो ठम्याएर विश्व कम्युनिष्ट आन्दोलनको एक अङ्गको रूपमा आफ्नो देशको क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाएर यसमाथि विजय प्राप्त गरी नयाँ समाजको निर्माण गरौँ ।

मार्क्सको घोषणापत्र आज झन्डै विश्वको तमाम भाषाहरूमा उल्था भइसकेको छ । नेपाली भाषामा पनि यसको अत्यन्त जरुरी छ । यो नेपाली भाषाको घोषणापत्रको माग साथीहरूद्वारा थालेकोले यसलाई उल्था गरी देशबासी दाजुभाइ दिदीबहिनीहरू साथीहरूका अगाडि राख्ने काम भएको छ ।

घोषणापत्रलाई सबैले सजिलैसँग बुझोस् भनी ब्राकेट (कोष्ठ) भित्र यसलाई स्पष्ट गर्नको निमित निम्ति कहीँ अघिल्लो शब्द वा वाक्यहरूको अर्थ लेखिएको छ भने कहीँ त्यहाँ अनुकूल शब्द थपिदिएको छ । ताकि विचारको सिलसिला सुचारु रूपले बुझ्न सक्नेहोस् र हर काममा गल्ती हुन सक्दछ यसै निम्ति यो नेपाली भाषाको उल्था भएको घोषणापत्रमा कहीँ कतै गल्ती नै भएको छैन होला भनेर भन्न सकिन्न तसर्थ सबै साथीभाइहरूसँग अनुरोध गरिन्छ कि गल्ती भएको ठाउँमा सूचित गर्नु भएको खण्डमा यसलाई सच्याउन सकोस् र सबैले घोषणापत्रलाई सही ढङ्गले बुझी यसको सार पक्रन सकोस् ।

सन् १९७४-१२-१५

*(मार्क्स एंगेल्सद्वारा लिखित घोषणापत्रको अनुवादमा राखिएको भूमिका मात्र यहाँ प्रस्तुत गरिएको छ ।)*

# नेपाल कम्युनिष्ट पार्टीको अपील

प्रिय कामरेडहरू !

आज हाम्रो देश अति भयङ्कर राजनीतिक सङ्कटमा फसेको छ । यहाँ राजा महेन्द्रले आतंकको राज कायम गरिदिएका छन् । हाम्रो देशका जनता के गर्ने कसो गर्ने छटपटमा छन् । यसबाट कसरी मुक्त हुने भन्ने कुरालाई लिई नेपाली जनताले बाह्रौँ वर्ष त्याग, तपस्या र भयङ्कर सङ्घर्ष गरी आफ्नो रगतको खोलो बहाएर ल्याएको प्रजातन्त्रलाई राजा महेन्द्रले एक तरङ्गी लहडमा खत्तम गरी दिएका छन् । जनताका तमाम प्रजातान्त्रिक अधिकार खोसेका छन् । देशका तमाम राजनीतिक पार्टीहरू र जनवर्गीय सङ्गठनहरू माथि प्रतिबन्ध लगाएको छ । खुद हाम्रो पार्टीमाथि पनि प्रतिबन्ध लगाइएको छ ।

यस्तो स्थितिमा हाम्रो अगाडि एउटै मात्र सवाल छ, “हामीले हुकुमशाही राजालाई समर्थन गरी जनतामाथि दमन गर्ने राजाको हात अरु मजबुत पार्ने हो वा राजाको हुकुमी शासन व्यवस्थाको विरोध गरी देशमा फेरी संसदीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने हो ?”

हाम्रो अगाडि खडा भएको यस सवाललाई पन्छाएर हाम्रो पार्टीका नेताहरू तथा उनीहरूको लहलहैमा केही कार्यकर्ताहरूले समेत तमाम पार्टी सदस्यहरूको ध्यान गलत दिशातिर मोड्दै छन् । आफ्नो देशमा उत्पन्न भएको राजनीतिक सवाललाई केलाएर कुन कुरा के हो भनी हेर्नुको सट्टा एक गलत सवाल पेश गर्दैछन् । कहीँ सुनिन्छ, ”तिमी डा. माझी गुटको हो अथवा कामरेड पुष्पलाल गुटको ?” कहीं सुनिन्छ, “तिमी डा. माझीको पछि लाग्छौ अथवा कामरेड टि.एल. को ?” आज हाम्रो देशको सवाल के डा. माझीको गुटमा लाग्ने हो वा कामरेड पुष्पलालको पछि लाग्ने हो ? अथवा डा. माझीको पछि लाग्ने

हो वा कामरेड टि.एल. को पछि लाग्ने हो ? यी सवालहरू एक गलत तथा अमार्क्सवादी अलेनिनवादी सवाल हुन् । आज सवाल कसको पक्षमा लाग्ने वा नलाग्ने भन्ने होइन । हाम्रो अगाडिको मुख्य सवाल देशमा कुन व्यवस्था स्थापना गर्ने ? राजाको हुकुमशाही राजलाई नै कायम गर्न दिने हो वा फेरी प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरी देशलाई अगाडि बढाउने हो ? प्रजातान्त्रिक व्यवस्थालाई स्थापना गर्ने आन्दोलनमा कम्युनिष्ट पार्टीले सक्रिय भूमिका खेली यस आन्दोलनलाई नेतृत्व दिने हो वा निष्कृय भएर दर्शकको रूपमा रहने हो ? यी सवालहरूलाई बिर्सी जसले पार्टीलाई कसैको एक गुटको रूपमा सम्झन्छ, त्यसले मार्क्सवाद-लेनिनवादमाथि गद्दारी गर्दछ । हाम्रो पार्टी मार्क्सवाद-लेनिनवादको वरिपरि गठित एक क्रान्तिकारी पार्टी हो र कुनै पनि व्यक्ति कसैको मुख हेरेर पार्टीमा आएको होइन । हामी सबै पार्टीमा आयौँ, किन ? यस पार्टीलाई मित्र-मण्डल ठानेर अथवा पारिवारिक गुट हो भनेर होइन । देशको समस्या समाधान गर्नका निम्ति र देशलाई उत्तरोत्तर प्रगति मार्गमा लैजानका निम्ति हामी पार्टीमा आएका हौँ । पार्टीको विचार एक सामूहिक विचार हो, पार्टीको काम एक सामूहिक काम हो ।

पार्टीलाई एक व्यक्तिले बिगारेको छ वा एकैजनाको देनले पार्टी चलेको छ भन्नु पनि तथ्यबाट परको कुरा हो र यस्तो विचार अमार्क्सवादी अलेनिनवादी विचार हो । पार्टीभित्र आज जुन गलत रवैया देखिन आयो त्यो खुद पार्टीभित्रै लुकेको वर्ग सङ्घर्षको प्रकटरूप मात्र हो । पार्टीभित्र एकथरी यस्तो तत्त्व अवश्य अल्प संख्यामा वा मात्रामा भए पनि राजाको समर्थन गरी राजाको हुकुमशाही व्यवस्थालाई मजबुत पार्ने पक्षमा छन् भने अर्काथरी तत्त्वहरू राजाको हुकुमशाही व्यवस्थाको विरोध गरी देशमा प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापना गर्ने पक्षमा छन् । यी दुवै पक्षको विचार धारलाई एकजनाले प्रतिनिधित्व गरेको छ भन्ने कुरा पनि गलत कुरा हो । आज पार्टीका अत्याधिक बहुमत साथीहरू राजाको हुकुमशाही व्यवस्थाको विरोधमा प्रजातान्त्रिक व्यवस्थाको पक्षमा छन् । यो पक्ष पनि कुनै एक व्यक्तिकै देन स्वरूप हुन आएको हो भन्नु एक गैरमार्क्सवादी कुरा हो । हाम्रो पार्टी कम्युनिष्ट पार्टी हो ।

जसका सदस्यहरू प्रजातन्त्रको पक्षमा र तानाशाहीको विपक्षमा हुनु स्वाभाविक हो । यसैबीचमा पार्टीभित्र लुकेका अवसरवादी तत्त्वले ऐन मौकामा पार्टीलाई धोका दिई सङ्घर्षबाट उम्कनको निम्ति राजाको अगाडि आत्मसमर्पण गरी राजालाई सघाउनु पनि स्वाभाविक कुरा हो । तसर्थ आज हाम्रो देशको अगाडि आइपरेका समस्या समाधान गर्ने कुरामा देखिएको दुवै रायलाई व्यक्तिगत स्तरमा लैजानुको सट्टा सैद्धान्तिक स्तरमा पार्टीको आफ्नो समस्याको रूपमा हेर्नु परेको छ । जसले यस कुरालाई तोडमोड गरी निजी मामलाको रूपमा लैजान्छ त्यसले मार्क्सवाद-लेनिनवाद विपरीतको सम्झदारी दिई पार्टीको सैद्धान्तिक कुरालाई व्यक्तिगत झगडाको रूप दिई तमाम पार्टी कार्यकर्ताहरू र जनताको ध्यान अन्त मोड्ने दाउ खोज्दैछन् भन्ने स्पष्ट हुन आउँछ र यस्तो कारवाही अमार्क्सवादी अलेनिनवादी कारवाही हो ।

हामीले कसैको व्यक्तिगत मुलाहिजा अथवा व्यक्तिगत रिसइवी र डाह अथवा पक्षपात नगरी मार्क्सवादी-लेनिनवादी सिद्धान्तको आधारमा खुला तथा स्वस्थ दिमागले देशको समस्यालाई हेर्नुपरेको छ र यस समस्यालाई समाधान गर्ने बाटो खोज्नुपरेको छ । संसारमा कम्युनिष्ट पार्टीको जन्म पनि कसैको स्वार्थ सिद्धि गर्नको निम्ति भएको होइन । देशमा आईपर्ने अनेक राष्ट्रिय सङ्कटहरूको सामना गरी देशलाई यस्तो सङ्कटबाट बचाउन र अनि खासगरी छिटो भन्दा छिटो पार्टीको नेतृत्वमा स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र (अर्थात् जनवादी प्रजातन्त्र) कायम गरी जनताको मूलभूत समस्याहरूको तत्काल समाधान गरी भविष्यमा समाजवादी समाज स्थापना गर्न र अन्तमा साम्यवादी समाजको स्थापना गर्नको निम्ति नै कम्युनिष्ट पार्टीको जन्म भएको हो ।

तसर्थ सवाल कसको गुटमा लाग्ने अथवा कसको पछि लाग्ने हो भन्ने नभै सवाल हो राजाको तानाशाही हुकुमतको स्थापनाले देशमा एक राजनीतिक सङ्कट उत्पन्न भएको छ वा छैन ? राजाले देशको राजनीतिक, आर्थिक वा सामाजिक समस्या समाधान गरेको छ अथवा यी समस्याहरूलाई विकराल पारेको छ, जनताको दुःख तकलिफ र आतङ्क बढ्न गएको छ अथवा जनताको सुख सुविधा बढ्न गएको छ भन्ने हो । राजाको यस हुकुमी

शासनमा जनताको अधिकार खोसिएको छ अथवा जनताको अधिकार सुरक्षित भएको छ । अनि राजाको यस कारवाहीले जनवादी प्रजातन्त्रको स्थापना गरी समाजवाद स्थापना गर्न बाटो खोलेको छ अथवा उल्टै प्रजातन्त्र व्यवस्था खत्तम गरी जनवादी प्रजातन्त्रलाई असम्भव पारेको छ ?

यी आम सवालहरूलाई पन्छाएर कसको गुटमा लाग्ने, कसको पछि लाग्ने ? भन्ने सवाल राख्नु देशको समस्यालाई व्यक्तिगत समस्याको रूप दिनु एक अशोभनीय अमार्क्सवादी अलेनिनवादी तरिका हो । देशको वस्तुस्थितिको अध्ययन गरी त्यस स्थितिमा देखा परेका राजनीतिक समस्या समाधान गर्नु नै आजको हाम्रो परम कर्तव्य हो । तसर्थ कामरेडहरू कसको गुट ? कसको पक्ष ? आदि जस्तो अमार्क्सवादी अलेनिनवादी तौर तरिकाबाट सावधान भई देशको समस्यामाथि हामीले सोच्नुपरेको छ । व्यक्तिगत प्रभाव अथवा व्यक्तिगत वैमनस्य दुवै कुराबाट मुक्त रहेर नै हामीले स्वस्थ तरिकाले समस्यालाई समाधान गर्न सक्ने छौँ । यही हाम्रो मार्क्सवादी तरिका पनि हो ।

राजाको हुकुमी शासनको विरोधमा देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने कुरामा हामी एक भयौँ भनेर अब पार्टी सबै कुराहरू सुल्झी सके भन्ने होइन । अझ पनि आँखा खोलेर पार्टीभित्र देखा पर्ने विभिन्न समस्याहरू माथि सजग रहेर बराबर यस्तो समस्याहरू मार्क्सवादी सिद्धान्तको आधारमा स्वस्थ तरिकाले अरु पनि कसैको व्यक्तिगत प्रभाव अथवा कसैमाथि वैमनस्य राखेर छानविन गर्दै सुल्झाउने बानी बसाएर नै हाम्रो पार्टी उत्तरोत्तर सुदृढ भएर जानेछ । सैद्धान्तिक कुराहरूमा बराबर मतभेद उत्पन्न हुन सक्तछन् । यस्तो मतभेदबाट घवराउने सवाल पनि उठ्दैन । यस्तो मतमतान्तरलाई स्वस्थरूपले सोंची सम्झी छलफल गरी निर्णयमा पुग्नु नै हाम्रो कर्तव्य हुन आउँछ । जिउँदो पार्टीमा सैद्धान्तिक मतमतान्तर उत्पन्न हुनु स्वाभाविक हो र यस्ता मतमतान्तरहरू माथि विना पक्षपात, विना भेदभाव सोची, सम्झी, विचार गरी निष्कर्षमा पुग्नु हाम्रो कर्तव्य हो । पार्टीमा स्वस्थ तरिकाले विचार गर्ने शक्तिको विकासको निम्ति पार्टीभित्र भाइचारावाद, मित्रमण्डल अथवा पारिवारिक गुट आदि गैर सैद्धान्तिक सम्बन्धहरूदेखि सावधानीका साथ अलग

रहनु अति आवश्यक कुरा हुन् । भाइचारवाद, मित्र मण्डल अथवा पारिवारिक गुटवाला अफबाहले नै कहिले काहीं पार्टी साथीहरूको मगजमा ताल्चा लगाई दिने गर्दछ । हाम्रो पार्टी यस्तो अफवाहबाट मुक्त थियो भनेर भन्न सकिन्न तर कमसे कम अब हामीले यस्ता कुराहरूदेखि सजग रही पार्टीभित्र स्वस्थ तरिकाले सोच-विचार गर्ने परम्परालाई बसाल्नु परेको छ ।

यी कुराहरूलाई ध्यानमा राखी हामी आफ्नो देशका समस्याहरूमाथि विचार गरौँ । यी समस्याहरूको सामना गर्न हाम्रो पार्टीले आफ्नो जिम्मेदारी निभायो वा निभाएन र निभाउन नसकेको भए के कारण पर्न गयो यस्तो हुनुमा आदि कुराहरू बारे पनि सोचौँ ।

## राजाको हुकुमी शासन र जनजीवनमा यसको राजनीतिक, आर्थिक र सामाजिक असर

केन्द्रमा राजाको हुकुमी शासन खडा हुन नपाउँदै गाउँ घरमा सामन्त, जाली, फटाहा, पुलिस र फौजको मनोमानी हुकुमत चल्न लागेको छ । जनताले जमीन पाउन, ऋणबाट मुक्त हुन र सामन्ती थिचोमीचोबाट मुक्त हुन त परै जावोस् किसानहरूले युगौँयुगदेखि कमाई आएको खेतमा पनि आफ्नो मोहियानी दर्ता गराउन सकेनन् । किसानहरूको खेत व्यापक ढङ्गले वेदखली हुँदैछ । ठाउँ ठाउँमा किसानहरूको ऋणमा व्याजको दर बढेर डेढ गुना हुन लागेको छ । वेठ, वेगारी, विना तलब ज्याला जवर्जस्ती काम लिने प्रथा फेरि चल्न लागेको छ । सामन्तहरूको अगाडि आत्मसमर्पण नगर्ने किसानहरूमाथि मारपिट धरपकड हुन थालेको छ । सामन्त, जाली, फटाहा, पुलिस आदिले सर्वसाधारण जनतामाथि जुनवेला चाहियो त्यसवेला विना सितै राजनीतिक आरोप लगाएर थुन्ने र थुनाउने अधिकार पाएको छ । न्याय इन्साफ मेटिएर जाँदैछ । कुनवेला कसमाथि के आरोप लगाएर सताउने हो, शोषण र दमनको बाटो निकाल्ने हो कसैले भन्न सक्तैन । तमाम जनताको जिऊ-धन, सर्वस्व इज्जत आबरुको कुनै सुरक्षा छैन । यस हुकुमशाही अधिकारले गर्दा कसको धन-सम्पत्ति कहिले लिने हो, कसको छोरी-बेटी बलात्कृत हुनुपर्ने हो । सामन्त

जाली फटाहा, पुलिस तथा फौजको मनोमानी बाँया हातको खेल भएको छ। आफ्नो माइत जान लागेका महिलाहरूलाई बाटैमा गाडा रोकी बलात्कार गर्ने काम भएको छ। अर्काको घर गई अर्काको छोरी-बेटीलाई बोलाएर हातपात गर्ने, अर्काको जहानमाथि हातपात गरी इज्जत बर्वाद गर्ने काम राजा महेन्द्रको पुलिस, सिपाही र फौजबाट ठाउँ ठाँउमा भएको छ। घरमा सुतिरहेका लोग्ने स्वास्नीलाई उठाएर स्वास्नीको अगाडि लोग्नेलाई बाँधेर गोलीले उडाउने खेल राजा महेन्द्रले खेल्न थालेका छन्।

कसैको खुट्टा भाँच्नु, हात काट्नु, नदीमा चोपलेर मार्नु आदि अमानुषिक आतङ्क राजा महेन्द्रको फौजले गरेको छ। राजा महेन्द्रको हुकुम चलेदेखि यस देशमा फाँसिष्टवादी राक्षसी हरकत नै हुन थालेको छ।।

राजा महेन्द्रको राजमा भ्रष्टाचार चरम सीमामा पुगेको छ। विनाकारण गाउँका किसानहरूका गाडाहरू बोलाउन पठाएर हरेकसँग रु १००।- जम्मा गराई ५६ गाडाको रु ५६ सय जम्मा गराउनु हो। यही रुपियाँ मध्ये ११००/- कट्टा गरी रामपुर थानाको हवलदार हरिनारायणले पचाउनु अनि थानाको मद्दत लिई तमाम गाडाहरू लिलाम गर्न पठाउनु र ती गाडाहरू थानामा पुग्नु भन्दा अगावै बाटैमा गाडाका वैलहरू गाडाबाट झिकी रु १०००/- मोल पर्ने छ भने रु ८००/- मा नै बेची तिनीहरूको बदला गाउँहरूबाट सस्तो दुब्लो वैलहरू जवर्दस्ती किनेर ल्याई भर्ना राखी संख्या पुऱ्याउनु अनि त्यस गाडाहरूको असल मजबुत नयाँ पाँआहरूसमेत बाटैमा बेची ती पाँआहरूको बदला पुरानो थोत्रो सस्तो पाँआहरू राखी २० औँ हजार रुपियाँ कमाउनु र यी तमाम अन्याय र अत्याचार गरी जनतामा हाहाकार मच्चिँदा पनि कसैले बोल्नसम्म पनि नपाउनु यो कस्तो अन्याय, अत्याचार र अन्धकारको राज हो। "अँधेर नगरी चौपटा राजा" भन्ने उखानलाई राजा महेन्द्र आफ्नो देशमा आज चरितार्थ गर्दैछन्। यस्तो अन्याय, अत्याचार र भ्रष्टाचारको बावजुत राजा महेन्द्रले आफ्नो देशमा शान्ति र सुरक्षा छ भन्ने गरेका छन्। राजा आउँदैन, देउता बोल्दैन, जनताले बोल्न पाउँदैन, अनि अन्यायलाई रोक्ने को ? यी सब अन्याय, अत्याचार कसको कारण भइरहेको छ ? यसको जिम्मेदार को ?

यो राजा महेन्द्रको हुकुमी शासन नभए जनतामाथि यस्तो अन्याय गर्ने को ?

राजा महेन्द्रको हुकुमी शासनले सामन्तहरू, पुलिस, सि.आई.डी. फौज तथा जाली फटाहरूका कारण शोषण, दमन र अत्याचार व्यापक रूपले फैलिँदै छ । यदि जनताको बोल्ने, लेख्ने,सङ्गठन गर्ने, अन्यायको विरुद्ध सङ्घर्ष गर्ने तमाम प्रजातान्त्रिक अधिकार नखोसेको भए के यी कामहरू पुलिस, फौज, सि.आई.डी., सामन्त र जाली फटाहरूले गर्न सक्ने थियो ? प्रजातान्त्रिक व्यवस्थामा यस्तो कारवाही भएमा जनतासङ्गठित भएर सङ्घर्षमा उत्रन्थे र शोषकहरू, अत्याचारीहरूलाई पानी देखाई दिन्थे । अनि के राजा महेन्द्रले जनताको जनसङ्घर्ष तथा वर्गसङ्घर्षलाई रोक लगाई जनताको भलो गरे त ? राजा महेन्द्रले यस्ता तमाम हतकण्डाबाट जनताको जीवन बर्वाद गरी शोषक सामन्त तथा अत्याचारीहरूको स्वार्थ रक्षा गरेका छन् ।

यस बाहेक राजा महेन्द्र देशमा आफ्नो तानाशाही जनवर्गीय सङ्गठनको निर्माण गर्दैछन् र पंचायती प्रजातन्त्रको स्थापना गर्दैछन् । आखिर यो पंचायती प्रजातन्त्र के हो ? राजाको हुकुमी शासन व्यवस्थाको यो एक पर्दा मात्र हो । आम पंचायतको चुनाव हुन्छ खुलेआम हात उठाएर । न प्रचारको अधिकार, न बहस र छलफलको अधिकार, न जनता मिली एक राय सल्लाह गरी छलफल गरी कसलाई खडा गरे ठीक होला भनी विचार गर्ने अधिकार । उम्मेदवार खडा गर्ने आखिरी दिन हुन्छ जनतालाई थाहा पनि दिइन्न अब चुनाव हुँदैछ भनेर । अर्कातिर सामन्तहरू जाली फटाहाहरूले सबै खबर पाएका हुन्छन् र सबै कुरा मिलाइसकेका हुन्छन् । जहाँ जनताको बोल्ने, लेख्ने सभासङ्गठनको अधिकार हुँदैन जनताको राजनीतिक चेतना खत्तम भएर जानु स्वाभाविक हो । अनि खुलेआम हात उठाएर चुनाव गर्दा कसले बढ्ता भोट पाउँछ त्यो पनि स्पष्ट छ । जहाँ पार्टीको पुरानो कामले गर्दा पार्टी चेतना तगडा छ त्यहाँका जनताले भलेही एकाध जना प्रजातान्त्रिक तत्त्वलाई चुनोस् तर बहुसंख्यक जनता जो सामन्ति शोषण र दमनको चपेटामा छन्, जसले कर्जा नदिए खान पाउँदैन, खेत बेदखली गरे जहान बच्चा भोकभोकै मर्दछन् त्यस सामन्तको विरोधमा खुलेआम गै विरोध गरी भोट नदिने हिम्मत कति किसानहरूमा होला

? निश्चय पनि यो सामन्ती दमनको प्रभावबाट धेरै जसो किसानहरू मुक्त हुन पनि सक्तैनन् । अनि गाउँ पिच्छे आम पंचायत बहुसंख्यक सामन्तहरू, जाली, फटाहाहरू र राजाका दलालहरू आउनु सिवाय अरुको आउन सक्ला ? यस्तो आम पंचायतबाट चुनेको जिल्ला पंचायतमा सामन्ति जालीफटाहा र राजाका दलालहरू सिवाय अरुको आउला ? अञ्चल पंचायतमा पुग्दा नपुग्दै सामन्तहरू जाली फटाहाहरू र राजाका दलालहरूको जमघट सिवाय अरु के होला ? अनि राष्ट्रिय पंचायतमा त निखरिएका प्रतिकृयावादी सामन्ती तत्त्व, जाली फटाहाहरू र राजाका पेशेवर दलालहरूको जमघट मात्र हुनेछ । कदाचित जनताको पक्ष लिने र लिन चाहने कुनै तत्त्व आमपंचायतमा चुनेरै गए पनि बहुसंख्या आम पंचायतहरूमा सामन्तहरूकै बोलवाला हुँदा यस्तो तत्त्वहरू माथिल्लो तहका पंचायतहरूमा पुग्नु सियोको प्वालबाट उँट पस्नु जत्तिकै असम्भव हुनेछ र यस्ता तत्त्वहरू कुनै कमिटीमा भए पनि यिनीहरूको आवाज लालकिल्लाभित्र बहादुर शाहको आवाजभन्दा कुनै बढी महत्त्वको हुँदैन । ज्यादै फाइँफुई गर्न थालेको खण्डमा यस्ता तत्त्वहरूका निम्ति जनताले चुनेको मन्त्रिमण्डल र संसदलाई समेत खान सक्ने राजाको हुकुमी तानाशाही शक्ति र सुरक्षा कानूनहरू हरबखत सेवामा हाजिरै रहने छन् ।

अनि आफ्नो हुकुमी शासनको जग अझ मजबुत र व्यापक बनाउनको निम्ति राजा महेन्द्र देशमा शाही जनवर्गीय सङ्गठनको गठन गर्दैछन् । यस्ता जनवर्गीय सङ्गठन जसको आधार सामन्तवादी राजा हो, जसको नेतृत्व राजाले गर्दैछ, के त्यस जनवर्गीय सङ्गठनले जनताको कुनै समस्या समाधान गर्न सक्ने छ ? हरेक सङ्गठनको आफ्नो वर्ग आधार, वर्ग नेतृत्व र वर्गचरित्र हुन्छ । राजाको शाही वर्गीय सङ्गठनको वर्ग आधार के हो त ? जब त्यस सङ्गठनको आधार राजा हो भने सामन्तवादको प्रतिनिधित्व गर्ने राजाको आधारमा गठन भएको वर्गीय सङ्गठनको वर्ग आधार सामन्तवर्ग नै हो । राजा खुद सामन्तवादको प्रतीक हो अनि राजाको नेतृत्वमा गठित वर्ग सङ्गठनको वर्ग नेतृत्व सामन्तवर्गकै नेतृत्व हो र यसैका निम्ति यस्तो शाही जनवर्गीय सङ्गठनको वर्गचरित्र पनि सामन्ती वर्गचरित्र हो र यस्तो

जनवर्गीय सङ्गठन, जसको आधार राजा हो, जसको नेतृत्व राजाले गर्दैछ भने त्यस जनवर्गीय सङ्गठनले राजाको हुकुम तामेल गर्ने सिवाय यी अरु कुनै काम गर्न सक्नेछैन । कुनैपनि प्रजातान्त्रिक या प्रगतिशील तत्त्व त्यस जनवर्गीय सङ्गठनमा घुस्दछन् भने यस्तो प्रजातान्त्रिक तथा प्रगतिशील तत्त्व यथा समय राजाले त्यस सङ्गठनबाट दूधको झिँगा फ्याँके झैँ फ्याँक्न सक्तछ ।

एक सवाल उठ्छ, "राजाले कसको वर्ग स्वार्थको प्रतिनिधित्व गर्दैछ ?" आजसम्मको राजाको कारवाहीले गाउँघरमा सामन्ती वर्गस्वार्थको रक्षा भएको छ वा मेहनतकश किसान जनताको ? वेदखली, वेठ, वेगारी, बढी व्याज, विना ज्याला मजदूरी काम आदिले कसको वर्गस्वार्थको पूर्ति गरेको छ । संसदीय व्यवस्था अन्तरगत २५ विघाभन्दा बढी जमीनमा बढ्दो दरको ट्याक्सले सामन्तहरूको स्वार्थमा धक्का पुगेको थियो । यस ट्याक्सलाई खत्तम गरी तमाम जनता माथि एकै दरले पहाडमा १० प्रतिशत र मदेशमा २५ प्रतिशत मालपोत बढाएको छ भने सामन्तहरू माथिको बोझ घटाएर र जनसाधारण माथि लादियो वा लादिएन ? यसले सामन्तहरूको स्वार्थ रक्षा गरी उनीहरू माथिको बोझ जनतामा लादेपछि के राजा सामन्त वर्गको पक्षपाती र जनविरोधी सावित हुँदैनन् ? यी तमाम कुराहरू देख्दा देख्दै राजाबाट भूमिसुधारको आशा गर्नु साँढेबाट दूधको आशा गर्नु बराबर होइन र ? स्पष्ट छ राजाले सामन्ती वर्ग स्वार्थको प्रतिनिधित्व गरेका छन् ।

यस बाहेक राजाले आफ्नो साँठगाँठ साम्राज्यवादीहरू तथा एकाधिकार पूँजीपति वर्गसँग बढाउँदै छन् । आफ्नो पौष २२ को घोषणामा राजा महेन्द्रले विदेशी पूँजीलाई स्वागत गरेका छन् र भारतको एकाधिकार पूँजीपति वर्गको स्वार्थको प्रतिनिधित्व गर्ने विडलाजीलाई राजा महेन्द्रले वीरगञ्जमा कटन मिल्स खोल्न दिने भएका छन् ।

आफूलाई भारत विरोधी हुँ, राष्ट्रवादी हुँ भनी धाक लाउने राजाले विडलालाई कटन मिल खोलाएर के गर्दैछन् ? एकाधिकार पूँजीपति वर्ग यस्तो एकाधवटा कारखानाले मात्र कदापि सन्तुष्ट हुने छैन र नेपालको

तमाम कलकारखानालाई कब्जा गरी नेपालको आर्थिक व्यवस्थामा कब्जा गर्नु नै यस्तो एकाधिकार पूँजीपति वर्गको काम हुनेछ । नेपालका सानातिना कलकारखाना यस्तो एकाधिकार पूँजीको छाँयामा कहिल्यै हुर्कन पाउँदैन । बरु भएको कलकारखानाहरू पनि यस्तो पूँजीपति वर्गको अनेक तिकडम र होडमा टिक्न नसकी दिवालिया भई बन्द भएर जान्छ अथवा यस्तो एकाधिकार पूँजीपति वर्गको अगाडि आत्मसमपर्ण गरी सारा कलकारखाना सुम्पेर आफू पन्छिनु पर्नेछ । अनि यस्तै पिल्सिएर एकाधिकार पूँजीपति वर्गको होडमा देशको व्यापारिक पूँजीपति वर्ग समेत आफ्नो दुकान बन्द गरी भाग्नु पर्नेछ । साम्राज्यवादी तथा एकाधिकार पूँजीपति वर्गले कलकारखाना र व्यापारमा कब्जा गर्नको साथै खेतमा पनि कब्जा जमाउने छ । कारण कलकारखाना खोल्न, कच्चा माल पैदा गर्न र चियावगान, उखु वगान, सनपाटको वगान, फलफूल वगान आदि खोल्नलाई यी पूँजीपति वर्गलाई जमीनको आवश्यकता पर्दछ र यसै निम्ति कब्जा पनि गर्नेछन् । हाम्रो देश कङ्गो, ब्रिटिश गायना, मलाया, ग्वाटेमाला आदि झैं अर्काको कब्जामा बसी आफ्नै मुलुकमा हाम्रो देशका जनता गरीबी र वेकारीको सिकार भई दर्द र ठोकर खाएर वर्वाद हुनुपर्नेछ । राजा महेन्द्रको राष्ट्रवादीताको के यही प्रमाण हो ?

स्पष्ट छ, राजा महेन्द्र भारतको एकाधिकार पूँजीपति वर्गको विरोधी होइन त ? नत्र प्रतिक्रियावादी साम्प्रदायिक पार्टीहरूको विरोधी नै हो । वरु राजा महेन्द्रले यस्तो साम्प्रदायिक पार्टीहरूको सफलताको निम्ति विसौँ लाख रुपियाँ खन्याएका छन् । राजा महेन्द्र भारत विरोधी होइन, भारतको प्रजातन्त्र विरोधी हो र भारतमा पनि पाकिस्तानमा झैँ हुकुमी शासन कायम भएमा राजालाई हर्षको पारावार हुने छैन र अनि यस्तो हुकुमी शासकको तावेदारीमा खुशीसाथ हाजिर हुनेछन् । स्पष्ट छ, राजाको भारत विरोधी राष्ट्रवादीता एक विडम्बना मात्र हो ।

भारतको विडलाजीलाई मात्र राजाले देशमा घुस्न दिएको होइन ब्रिटिश साम्राज्यवादीहरूलाई पनि बढी से बढी मात्रामा सहुलियत दिएका छन् । अङ्ग्रेज साम्राज्यको रक्षा गर्न राजा महेन्द्र धरानमा फौजी भर्तिकेन्द्र खोली

आफ्नो देशका सन्तानको रगत बेच्दैछन् । सो भर्ति केन्द्रमा बढी से बढी सहुलियत दिई नेपाललाई अङ्ग्रेज साम्राज्यवादको एक उपनिवेशको रूप दिँदै छन् । यो भर्तिकेन्द्र फौजी अखडा बन्नुको साथै साम्राज्यवादीहरूको व्यापारकेन्द्र पनि हुँदैछ । जसको होडमा धरानको स्थानीय व्यापार चौपट भएर जाँदैछ र चारैतिरको मालसामान खिचिएर तमाम बस्तुभाउको दर बढेर आकाश मार्गमा चढ्दैछ ।

यस बाहेक राजा महेन्द्रले दश हजार फौज बेलायतमा नाटोको कमाण्डमा राख्न दिएका छन् । त्यस फौजलाई नेपालमा ल्याएर प्रजातन्त्रको विरोधमा लडाउने योजना बनाउँदैछन् । यी तमाम कारवाहीहरूको वावजुत पनि के राजाको साम्राज्यवादीहरूसँगको साँठगाँठलाई स्पष्ट गर्दैन ?

यस बाहेक राजा महेन्द्र साम्राज्यवादको एक मजबुत खम्बा हुकुमशाही पाकिस्तानसँग आफ्नो साँठगाँठ बढाउन लागेका छन् । पाकिस्तानको हुकुमी शासनबाट प्रेरित भएर नै राजा महेन्द्रले नेपालमा यो हुकुमी शासन खडा गरेको हो भन्ने कुरा स्वयं राजा महेन्द्रले आफ्नो पाकिस्तान भ्रमणको दौरानमा व्यक्त गरेको कुरा हो । राजा महेन्द्र हुकुमशाही पाकिस्तानलाई आफ्नो परममित्र सम्भन्छन् र पाकिस्तानद्वारा आफ्नो देशलाई "सीटोको" अनौपचारिक सदस्य बनाउन पाएमा राजा महेन्द्र आफूलाई धन्य नै सम्भनेछन् ।

राजा महेन्द्रका यी तमाम कारवाहीहरूले के हाम्रो देश जनवादी प्रजातन्त्रतिर लैजाँदै छन् ? अथवा के यिनै कामले समाजवादको बाटो खोलेको छ ? राजाका यी कारवाहीहरूले के हाम्रो देशमा मार्क्सवादी-लेनिनवादी सिद्धान्त प्रसार गर्ने, मेहनतकश जनताको वर्ग चेतना र वर्ग सङ्घर्ष गर्ने मौका दिए ? राजाको यस हुकुमी शासन अन्तरगत के हाम्रो पार्टीले एक इन्च पनि अगाडि बढ्ने मौका पायो ? अथवा के यसै हुकुमी शासनले जनतालाई कुनै सहुलियत दियो ? राजाको यस हुकुमी शासनमा किसानहरू तथा अन्य मेहनतकश जनताको धाक रवाफ बढेको छ अथवा शोषक, सामन्त, जाली फटाहहरूको ? पुलिस, सि.आई.डी. तथा फौजको जोर जुल्म र दमन बढेको छ अथवा

घटेको छ ? अनि कुन मानेमा राजा महेन्द्रलाई राष्ट्रवादी भन्ने हो अथवा प्रगतिशील भन्ने हो ?

राजाको हुकुमी शासनबाट आतङ्कित भएका आत्मसमपर्णवादीहरू भन्दछन् "राजाले काठमाडौँ उपत्यकामा तिरो एक तिहाई गर्ने घोषणा गरेका छन् । राजाको यो कार्य के व्यवहारमा लागू भयो त ? जुन किसानहरूले राजाको यस घोषणालाई स्वागत गरी व्यवहारमा लागूगर्ने विचार गरेका थिए तिनीहरूमाथि वारेण्ट पूर्जि काटेको छ र तिनीहरू मध्ये पक्रन सकेकालाई आजसम्म जेल यातना दिई राखेकै छ । अनि किन राजाले यस्तो कुरा आफ्नो मन्त्रीबाट रेडियोमार्फत फुक्न लगाए त ? राजाको उद्देश्य भनेको यस्ता कुरा गरी एकातिर किसानलाई उक्साउने, अर्कातिर यसलाई व्यवहारमा लागू गर्न किसानलाई सङ्गठित हुने मौका नदिई किसान र उपत्यकाका तलसिं (जमीनको मालिक)को बीचमा व्यक्तिगत रिसइवी र सङ्घर्ष उठाएर व्यक्तिगत झगडा मच्चाउन लगाउनु हो । उपत्यकाका तलसिंहरूले अवश्य पनि कम तिरो लिन मान्ने छैनन् । किसानले भने राजाले भनेको भनी बेठीक तीरो तिर्न मान्ने छैनन् । यसरी व्यापकरूपले किसानहरू तथा शहरिया मध्यम गरीब वर्गको बीचमा सङ्घर्ष गराई फुट र वैमनष्य पैदा गराई उपत्यकाका यी दुवै क्रान्तिकारी वर्गहरूको बीच आपसी सङ्घर्ष भएका उपत्यकाका क्रान्तिकारी शक्तिमा फुट भई एक दोस्रोको विरोधी भई दुवै शक्तिले कदापि शीर उठाउन पाउने छैनन् । यसरी यो ती मागको नारा क्रान्तिकारी शक्तिमा फुट मच्चाउने राजाको चालबाजी मात्र हो । अनि राजा प्रगतिशील कुन मानेमा ?

अनि राजावादीहरू राजाको प्रगतिशीलताको प्रमाणमा ल्हासा काठमाडौँ सडक र चीन नेपाल सीमा सन्धिलाई पेश गर्दछन् । ल्हासा काठमाडौँ सडक तथा चीन नेपाल सीमा सन्धिलाई स्वागत नगर्ने कुन देश भक्त होला ? यस्तो सीमा सन्धि र यस्तो व्यापारिक मार्गहरू हामी सबैलाई स्वागत छ । यसको सफलताको हामी कामना पनि गर्दछौ । राजाले नगरेमा हामी आफैले पनि यस्तो दशवटा सडक बनाउने पनि छौँ तर राजाको यत्तिकै कामले राजाको तमाम अन्याय, अत्याचार र अपराधलाई बिर्सी राजाको अगाडि आत्मसमर्पण

गर्ने ? कुनै पनि सरकारले यस्तो एकआध वटा काम गर्न करै लाग्दछ । अनि के यत्तिकैले राजा प्रगतिशील सावित भए त ? कुनै पनि सरकारको चरित्रलाई विचार गर्दा त्यस सरकारले गरेको एकाध वटा कामलाई हेरेर नै निर्णयमा पुग्न सकिँदैन । त्यस सरकारको सम्पूर्ण कामलाई हेर्नुपर्दछ त्यस सरकारको वर्ग आधारमा र वर्गचरित्रलाई हेर्नुपर्दछ । सन् १९३९ मा तानाशाही हिटलरले सोवियत संघसँग अनाक्रमण सन्धि (Non aggression pact) गरेका थिए । के यत्तिकैले हिटलरको तानाशाही चरित्रलाई बलियो ? के सोवियत संघसँग अनाक्रमण सन्धिले गर्दा हिटलरले मजदूर वर्गलाई, मेहनतकश जनतालाई कुनै सहुलियत दिए ? के हिटलरले कम्युनिष्ट पार्टीलाई अगाडि बढाउन दिए ? के खुद सोवियत संघमाथि तानाशाही हिटलरले ऐन मौकामा हमला गर्न पुगेन ?

पछि जब हिटलरसँग लड्नु पऱ्यो अमेरिका र सोवियत संघको मित्रता सन्धि (Alliance) भयो । तर के यसले साम्राज्यवादी अमेरिकी सरकारको चरित्रलाई बद्लियो ? त्यसबेलाको अमेरिकी कम्युनिष्ट पार्टीकै नेता ब्राउडरले भन्ठानेका थिए कि अब त सजिलैसँग अमेरिकामा कम्युनिष्ट पावरमा आउँदछन् । यस सम्झौतापरस्त पार्टी विर्सजनवादी नीतिको आखिर परिणाम के भो ? के सोवियत संघसँग मित्रता सम्झौता भो भन्दैमा साम्राज्यवादी अमेरिकी सरकारले कम्युनिष्ट पार्टीलाई बढाउन दियो ? त्यसवेलाको कम्युनिष्ट नेता ब्राउडरको यस विसर्जनवादी नीतिका कारण आजसम्म अमेरिकामा कम्युनिष्ट पार्टीले टाउको उठाउन सकिरहेको छैन ।

अनि ल्हासा काठमाडौँ सडक निमार्ण र चीनसँग सीमा सम्झौता भयो भन्दैमा तानाशाही राजा महेन्द्रले मेहनतकश जनताको तागतलाई नेपालमा बढाउन दिनेछ अथवा कम्युनिष्ट पार्टीलाई बढाउन दिनेछ अथवा आफू खुशीले सामन्तवादी व्यवस्थालाई खत्तम गर्नेछ ? राजा महेन्द्रको पाकिस्तानसँग साँठगाँठ, भार तसँगको साम्प्रदायिक तथा प्रतिकृयावादी पार्टीहरूसँगको साँठगाँठ, भारतका एकाधिकार पूँजीपतिहरूसँगको साँठगाँठ, हुकुमी पाकिस्तानसँगको साँठगाँठ, बेलायती साम्राज्यवादसँगको साँठगाँठ आदिले राजा महेन्द्र के दाऊ खेल्दैछन् भन्ने कुरा स्पष्ट छ । यस्तो तानाशाही व्यवस्था हाम्रो देशको मेहनतकश जनताको निम्ति मात्र होइन अन्तराष्ट्रिय राजानीतिमा पनि एक खतरा नै

सावित हुनेछ ।

राजा महेन्द्रको यस्तो हुकुमी शासनलाई समर्थन गरी देश दुनियालाई वर्वाद गर्न राजा महेन्द्रलाई समर्थन गर्ने हो वा यस हुकुमी शासनको विरोधमा सङ्घर्ष गरी देशमा जनताको प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने हो ?

**प्रजातान्त्रिक व्यवस्थामाथिको हमला कम्युनिष्ट पार्टीमाथिको पनि हमला हो**

प्रजातान्त्रिक व्यवस्था अन्तरगत नेपाल कम्युनिष्ट पार्टी खुद दिन दुईगुना र रात चौगुना बढ्न लागेको थियो । पार्टीको सङ्गठनले व्यापकता लिइराखेको थियो ठाउँ ठाउँको स्थानीय चुनावमा कम्युनिष्ट पार्टी विजय हासिल गर्दै अगाडि बढ्न लागेको थियो । मेहनतकश जनताले आफ्नो पार्टी कम्युनिष्ट पार्टीलाई चिन्न लागेका थिए ।

निश्चय पनि यो अवधिभित्र देशमा प्रजातन्त्रको स्वरूप पूँजीवादी प्रजातन्त्र थियो जुन प्रजातन्त्रले जनताको मूल समस्याहरू हल गरी जनतालाई एक नयाँ जीवन दिन सकेको थिएन र जुन प्रजातन्त्रमा अनेकौँ कमजोरीहरू पनि थिए तर कसलाई र कुन पार्टीलाई सरकार बनाउने हो भन्ने अधिकार जनताको हातमा रहन जाँदा यसपालि पूँजीवादी पार्टी सरकारमा भयो भन्दैमा अर्को पालि पनि पूँजीवादी पार्टी नै सरकारमा रहनु पर्ने कुनै जरुरत थिएन । जनतालाई व्यापक चेतना दिई जनताको व्यापकसङ्गठन बनाएर कम्युनिष्ट पार्टीले अन्य क्रान्तिकारी वर्ग तथा प्रजातान्त्रिक पार्टीहरूसँग संयुक्त मोर्चा बनाएर संसदमा बहुमत प्राप्त गरी जनताको क्रान्तिकारी तागतमाथि भरोसा गरी यस संसदलाई पूँजीपति वर्गको स्वार्थ साधन गर्ने यन्त्रको सट्टा राष्ट्रका तमाम मेहनतकश जनता र क्रान्तिकारी वर्गहरू मजदूर, किसान, क्रान्तिकारी वुद्धिजिवीहरू, शहरिया मध्यम वर्ग, राष्ट्रिय पूँजीपति वर्ग समेतको स्वार्थ साधना गर्ने यन्त्रमा परिणत गर्न सकिन्थ्यो । संसदको वर्गचरित्र पूँजीवादी वर्गचरित्रबाट बदलिएर जनवादी वर्ग चरित्रमा परिणत गर्न सकिन्थ्यो । पूँजीवादी प्रजातन्त्र अन्तरगत नै भएर पनि पूँजीवादीहरूको थिचोमिचो र आतङ्कको वाबजुत यो सम्भावना झनझन बढ्दै गइराखेको थियो । कम्युनिष्ट पार्टीकोसङ्गठनले व्यापक रूप

लिनुको साथै ठाउँ ठाउँमा वेला-वेलामा कम्युनिष्ट पार्टीको नेतृत्वमा भएका सङ्घर्षहरू, काठमाडौँमै कम्युनिष्ट पार्टीको नेतृत्वमा ४० औँ हजारको विशाल जुलुस, ठाउँ-ठाउँका स्थानीय चुनावमा कम्युनिष्ट पार्टीको जीत आदि सबै प्रजातान्त्रिक व्यवस्था अन्तरगत कम्युनिष्ट पार्टीको बढ्दो तागतको लक्षण थियो। कम्युनिष्ट पार्टी एक वैकल्पिक पार्टी (Alternative Party)को रूपमा विकसित भैरहेको थियो।

यसले गर्दा साम्राज्यवादीहरू, प्रतिकृयावादीहरू सामन्तहरू र खुद राजा आतङ्कित हुन थालेका थिए। कम्युनिष्ट पार्टी मजबुत होस् र देशमा जनवादी सरकार कायम होस् भन्ने कुरा राजालाई कदापि पनि मान्य हुने छैन। नरहे बाँस, नबजे बाँसुरी, न प्रजातन्त्र नै रहोस् न जनवादी प्रजातन्त्र नै कायम हुने मौका पाइयोस्। यसै उद्देश्यले प्रेरित भई राजाले प्रजातान्त्रिक व्यवस्थालाई नै खत्तम गरेको हो। राजाले नेपाली काँग्रेसमाथि आरोप लगाए तर प्रहार गरे प्रजातान्त्रिक व्यवस्थामाथि। खोसे तमाम जनताको मौलिक अधिकार अनि प्रतिबन्ध लगाए नेपाल कम्युनिष्ट पार्टी र जनताका जनवर्गीय सङ्गठनहरूमाथि पनि। नेपाली काँग्रेसमाथि नातावाद, कृपावाद, भ्रष्टाचारको आरोप लगाइए यसबारे या त मुकदमा चलाउनु पर्ने हो अथवा यसको इन्साफ गराउन जनतालाई अर्को आम चुनाव गराउनु पर्ने हो तर राजाले न त आफैले मुकदमा चलाए न त यसको इन्साफ गर्न मौका जनतालाई दिए। बरु जनताको मौलिक अधिकार खोसे र कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाए। के तमाम जनता अथवा कम्युनिष्ट पार्टीले पनि नातावाद, कृपावाद र भ्रष्टाचारको काम गरे ? अनि कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध र जनताको मौलिक अधिकार खोसेको किन ? राजाको यस हुकुमी राज्यमा के नातावाद, कृपावाद र भ्रष्टाचार खत्तम भयो त ? राजाको यस हुकुमी राजमा जनताका समस्या के कत्ति हल भए त ? राजाको यस हुकुमी राजमा जनताको समस्या हल हुन त परै जाओस् देशमा भैरहेको दुई चार आना काम पनि बन्द हुँदैछ। स्कूल खारेज हुँदैछन्, दवाईदारुको प्रबन्ध बन्द हुँदैछ, कारण ? राजा भन्दैछन् पैसा छैन देशको पैसा कत्ता गयो ? के देश निर्माण भैरहेछ ?

राजा महेन्द्र करौडौँ रुपिया खर्च गरी आफ्नो निम्ति आलिशान राजामहलको निर्माण गर्दैछन् । देशका तमाम पैसा राजाकै ऐश आराम, राजाकै व्यक्तिगत सुरक्षा र अनि जनतामाथि हमला गर्न सि.आई.डी. र फौजमा अन्धाधुन्ध खर्च हुँदैछ । जब यस्तो चीजमा पैसा खर्च गरिन्छ देश निर्माणको निम्ति पैसा कहाँबाट आउँछ । यसरी राजा महेन्द्रको हातमा देश चौपट्ट भएर गैरहेको छ । राजा महेन्द्रका तमाम काम कुराहरू प्रजातन्त्रमाथि हमला गर्ने एक बहाना मात्र हो भन्ने कुरामा के अझ पनि कुनै शंका छ ? राजा महेन्द्रको यो हमला नेपाली काँग्रेसमाथिको हमला मात्र हो या प्रजातान्त्रिक व्यवस्थामाथिको हमला हो । वास्तवमा नेपाली काँग्रेस माथिको हमला मात्र नभएर भविष्यमा हुने जनवादी प्रजातन्त्रमाथिको हमला हो, जनताको भविष्य माथिको हमला हो, मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित मेहनतकश जनताको पार्टी कम्युनिष्ट पार्टीमाथिको हमला पनि हो ।

### संसदीय प्रजातान्त्रिक व्यवस्था, जनजीवनमा यसको असर र हाम्रो कर्तव्य

संसदीय प्रजातान्त्रिक व्यवस्था नै यस्तो प्रजातान्त्रिक व्यवस्था हो जसमा जनताले जानी वा नजानी आफ्नो खुशीको पार्टीलाई बहुमतमा ल्याएर सरकारमा भर्ना गर्दछ र बराबर हुने आमचुनावमा आफूलाई मन नपर्ने पार्टीलाई भोट नदिई हराएर सरकारबाट वर्खास्त पनि गर्न सक्दछ । अथवा बीचैमा पनि जनआन्दोलनद्वारा सो सरकारलाई राजीनामा गराएर अर्को चुनाव गराई आफ्नो खुशीको पार्टीलाई सरकारमा भर्ना गर्न सक्दछन् । यसरी सरकारमा भर्ना गर्ने र खोस्ने अधिकार संसदीय प्रजातान्त्रिक व्यवस्था अन्तरगत जनताले पाएका हुन्छन् ।

राजा महेन्द्रले संसदीय व्यवस्थालाई खत्तम गरी जनताको यस अधिकारलाई खोसेका छन् । पंचायती प्रजातन्त्र, निर्देशित प्रजातन्त्र अथवा नियन्त्रित प्रजातन्त्रमा जनताको यो अमूल्य अधिकार खोसिएको हुन्छ । निश्चय पनि निर्देशित (Guided) प्रजातन्त्र अथवा नियन्त्रित प्रजातन्त्रमा जनताको इच्छा अनुकूल राज्य चल्नुको सट्टा राजाको निर्देशनमा अथवा राजाको नियन्त्रणमा

नै चल्ने हुन्छ र यस्तो प्रजातन्त्र राजाको हुकुमशाहीको अर्को नाम मात्र हो ।

राजाले नपाएको अधिकार प्रयोग गरी विधानलाई बदल्ने र संसदीय व्यवस्था खत्तम गर्ने जुन काम गर्दछन् यो काम जनताको अधिकारमाथि एक भयङ्कर हमला हो । यदि विधानलाई परिवर्तन गर्न दिने हो र संसदीय व्यवस्था खत्तम गर्न लाग्ने हो भने हाम्रो देशमा यस्तो एउटा खतरानाक परम्परा बसेर जानेछ जुन परम्परा अनुसार राजाले कुनै किसिमको राजनीतिक व्यवस्थालाई स्थायी रहन दिने छैनन् र हाम्रो देशको राजनीतिक व्यवस्था र राजाको हातमा मैनको खेलौना मात्र हुन जानेछ र राजाको तरङ्गले, लहडले जनताको भाग्यमाथि खेलवाड गर्नेछ र अनि राजाको हातमा जनताको के दशा हुने हो कसैले भन्न सक्दैन ।

तसर्थ आजको राजनीतिक समस्या राजालाई मनपरी विधान बदल्ने अधिकार दिने हो वा होइन ? संसदीय व्यवस्था खत्तम गर्न दिई राजाको मनपरी हुकुमी शासन चलाउन दिई जनताको जीवन वर्वाद हुन दिने हो वा होइन ? जबसम्म यी अधिकारहरू राजाको हातमा रहन्छन् कुनवेला कस्तो राजा आई जनतामाथि के आपत ल्याउने हो कसैले भन्न सक्दैन । १०४ वर्षको राणा हुकुमी शासन मात्र हैन जनताले राजा रणबहादुर शाह, सुरेन्द्र वीरविक्रम शाह आदिको बहुलठ्ठी हुकुमतलाई पनि बिर्सेका छैनन् । राजालाई संसदीय प्रजातान्त्रिक व्यवस्था खतम गर्ने र विधानमा परिवर्तन गर्ने अधिकार दिनुको मतलब हो फेरि पनि जनतामाथि यस्तो निरंकुश तानाशाही हुकुमतलाई निम्तो दिनु ।

प्रजातन्त्रलाई खत्तम गर्ने मनपरी अधिकार राजाकै हातमा राखेर, विधान खारेज गर्ने अधिकार राजाकै हातमा राखेर, जनतालाई मौलिक अधिकारसम्म पनि दिने वा नदिने अधिकार पनि राजाकै हातमा छाडेर, मनपरी हुकुम चलाउने अधिकार राजाकै मुखमा छोडेर के कुनै पनि प्रजातन्त्रको कुनै महत्त्व हुने छ ? तसर्थ आजको हाम्रो राजनीतिक समस्या निर्देशित (Gudied Democracy) हुकुमीशाही प्रजातन्त्र (Democratic Dictatorship) नियन्त्रित प्रजातन्त्र

(Controlled Democracy)को स्थापना गर्ने होइन । यस्तो प्रजातन्त्रमा निर्देशन दिनेको ? नियन्त्रित गर्नेको ? हुकुम चलाउनेको ? स्पष्ट छ जबसम्म यस्ता तमाम शक्ति राजाको हातमा रहनेछन् त्यसवेलासम्म यस्तो प्रजातन्त्रमा निर्देशन दिने, नियन्त्रित गर्ने अथवा हुकुम चलाउने तानाशाही राजा सिवाय अरु कोही पनि हुन सक्दैन। राजाको गलत कदमलाई रोक्नु, प्रजातन्त्रमाथिको हमलालाई नाकामयाव गर्नु र राजाको मनपरी शासन चलाउने अधिकार खोस्नु र यसकै निम्ति संसदीय प्रजातन्त्रको स्थापना गर्नु र स्थापित संसदीय प्रजातन्त्रलाई दिगो गर्न र राजाको हातमा संचित हुन गएका तमाम शक्ति जनताको हातमा हस्तान्तरित गराउनु नै आजको हाम्रो मुख्य राजनीतिक समस्या हो ।

संसदीय प्रजातान्त्रिक व्यवस्था र स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको सम्भावना संसदीय प्रजातान्त्रिक व्यवस्था भन्ने वित्तिकै पूँजीवादी प्रजातन्त्र भन्नु एक गलत सम्भदारी हो। संसदीय प्रजातन्त्र, पूँजीवादी प्रजातन्त्र अथवा राष्ट्रिय वा जनवादी प्रजातन्त्र दुवै हुन सक्दछ। निश्चय पनि ठाउँ-ठाउँमा आफ्नो आर्थिक स्थितिले गर्दा देशको पूँजीपति वर्गले संसदमाथि कब्जा गरी यसलाई आफ्नो स्वार्थ साधना गर्ने यन्त्र बनाउनमा समर्थ भएको छ र यस्तो प्रजातन्त्रको चरित्र पूँजीवादी जनतन्त्र नै हुन्छ तर यदि कम्युनिष्ट पार्टीको नेतृत्वमा जनताको व्यापक सङ्गठन गरी संसदमा तमाम क्रान्तिकारी वर्गहरूको बहुमत हुन्छ भने जनताको क्रान्तिकारी ताकतलाई आधार बनाएर यसै संसदलाई पूँजीपति वर्गको स्वार्थ साधन गर्ने यन्त्र बन्न दिनुको सट्टा तमाम जनताको स्वार्थ साधना गर्ने शक्तिमा परिणत गर्न सकिन्छ र त्यसवेला संसदको वर्गस्वरूप पूँजीवादी वर्गस्वरूप नभै यसको वर्गस्वरूप जनताको स्वार्थको प्रतिनिधित्व गर्ने जनवादी वर्गस्वरूप हुनेछ र यसले राष्ट्रिय प्रजातन्त्रको रूप लिनेछ ।

तसर्थ देशमा राष्ट्रिय प्रजातन्त्र (जनवादी प्रजातन्त्र)को स्थापना गर्नुछ भने संसदीय प्रजातान्त्रिक व्यवस्थालाई नै खत्तम गरेर होइन बरु यसका तमाम कमजोरीहरूलाई हटाएर संसदीय प्रजातन्त्रलाई अभ पनि विकसित गरी संसदमा ज्यादा भन्दा ज्यादा क्रान्तिकारी वर्गहरूको प्रतिनिधित्व गराएर नै

राष्ट्रिय प्रजातन्त्रको लक्ष्य पूरा हुनसक्नेछ ।

पूँजीवादी प्रजातन्त्रमा मेहनतकश जनताले खास खास सानातिना कुराहरूमा केही सहुलियत पाएका थिए भने स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र स्थापना गर्न सकेको खण्डमा जनताले आफ्नो तमाम मौलिक समस्याहरू हल गरी जनतामा एक नयाँ जीवन पनि सुरु गर्न सक्नु स्वाभाविक हुन आउँछ ।

कम्युनिष्ट पार्टीले क्रान्तिकारी भूमिका खेलेर जन-आन्दोलनलाई विकसित पार्न सकेमा हाम्रो देशमा राष्ट्रिय प्रजातन्त्रको सम्भावना धेरै हदसम्म बढेको छ र जुन मात्रामा नेपाल कम्युनिष्ट पार्टीले यस प्रजातान्त्रिक आन्दोलनमा भूमिका अदा गर्नेछ, भविष्यमा स्थापना हुने संसदीय प्रजातन्त्रको चरित्र उही मात्रामा जनताको पक्ष लिन समर्थ पनि हुनेछ । हाम्रै कमजोरीले गर्दा स्वतन्त्र राष्ट्रिय प्रतातन्त्रको बदला पूँजीवादी प्रजातन्त्रकै स्थापना हुन्छ भने यस्तो पूँजीवादी प्रजातन्त्रले पनि मेहनतकश जनताको स्वार्थलाई आंशिकरूपले प्रतिनिधित्व गर्नेछ । लेनिनले भनेका थिए, “मेहनतकश जनताले आशा भरोसा गर्ने आफू सिवाय अरु कोही छैन । यदि मेहनतकश जनताले आफूले आफैँलाई स्वतन्त्र पार्दैन भने अरु कोही आएर उसलाई स्वतन्त्र पार्दैन । आफूलाई मुक्त गर्ने हो भने देशभरको मेहनतकश जनता एउटै सङ्गठनमा, एउटै पार्टीमा सङ्गठित हुनुपर्छ । तर यदि एकतन्त्री पुलिस सरकार (तानाशाही एकतन्त्री सरकार) ले तमाम (सभा, सोसाइटी) मिटिङ्गहरू बन्द गर्दछ, मेहनतकश जनताको अखबारहरू बन्द गर्दछ, जनताले आफ्नो प्रतिनिधि चुन्ने हक खोस्दछ भने दशौँ लाख जनता सङ्गठित हुन सक्दैनन् । एकताको निम्ति हरेक प्रकारको सङ्गठन बनाउने अधिकार जरुरत छ । जनतालाई एक हुने स्वतन्त्रता र राजनीतिक स्वतन्त्रताको जरुरत पर्दछ । राजनीतिक स्वतन्त्रताले मेहनतकश जनतालाई तुरन्तै गरिबीबाट मुक्त गर्दैन, तर यसले मेहनतकश जनतालाई गरिबी हटाउने सङ्घर्ष गर्न एउटा हतियार दिन्छ ।”

प्रजातान्त्रिक आन्दोलनमा कम्युनिष्ट पार्टीको के भूमिका रहनुपर्छ भन्ने कुरामा सन् १९६० सालमा मस्कोमा भएको ८१ देशका पार्टी सम्मेलनको वक्तव्यले

स्पष्ट गरेर भनेको छ, "कम्युनिष्टहरू प्रजातान्त्रिक सङ्घर्षलाई समाजवादी सङ्घर्षको अभिन्न अङ्ग सम्झन्छन् । यसै सङ्घर्षमा उनीहरू (कम्युनिष्ट)ले आम जनतासँग आफ्नो सम्पर्क सुदृढ गर्दछन् । आम जनताको राजनीतिक चेतना बढाउँछन् र उनीहरूलाई समाजवादी क्रान्तिको कामबारे सम्झाउँछन् र यसलाई प्राप्त गर्ने आवश्यकतालाई महशुस गराउँछन् ।"

यसकारण संसदीय प्रजातन्त्रको निम्ति हुने सङ्घर्ष समाजवादी समाज स्थापना गर्ने सङ्घर्षको अभिन्न अङ्ग हो र यसैले जनताको स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने बाटो तय गर्दछ । कम्युनिष्ट पार्टीको कुशल नेतृत्वमा जनताको प्रजातान्त्रिक सङ्घर्षलाई विजयमा टुङ्ग्याएर स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्ने कामलाई सुनिश्चित पार्दछ । तसर्थ प्रजातान्त्रिक आन्दोलनबाट भाग्ने इजाजत कम्युनिष्टहरूलाई कदापि छैन र प्रजातान्त्रिक सङ्घर्षमा उत्रनु नै तमाम कम्युनिष्टहरूको फर्ज हो ।

यस जिम्मेदारीलाई हाम्रो पार्टीले कतिसम्म बहन गरेको छ ? पूरा पार्टी नै यस जिम्मेदारीप्रति उदासीन थियो भनेर भन्न सकिन्न । पार्टी यस दिशातिर सर्तक थियो भन्ने कुरा नेपाल कम्युनिष्ट पार्टीको दरभङ्गा प्लेनमले छर्लङ्ग गरेको छ ।

## पार्टी प्लेनमको निर्णय र हाम्रो पार्टी केन्द्रको बहुमत नेताहरूको रवैया

पार्टीको दरभङ्गा प्लेनमले यस राष्ट्रिय सङ्कटको सामना गर्न आपसी मतभेदलाई पन्छाएर निम्न लिखित ४ मागहरू प्रस्तुत गरेको थियो :

क) राजाबन्दीहरूको विना सर्त रिहाई गर्न

ख) मौलिक अधिकारको वापसी गर्न

ग) राजनीतिक पार्टीहरू तथा जनवर्गीय सङ्गठनहरूमाथिको प्रतिबन्ध हटाउन र

घ) देशमा संसदीय प्रजातन्त्रको पुनःस्थापना गर्न जनसङ्घर्षलाई अगाडि बढाउने निर्णय गरेको थियो ।

यस कामलाई सफल बनाउन सम्पूर्ण नेपाललाई ५ जोनमा बाँडी हरेक

जोन एक-एक पि.बि.एमको जिम्मामा ५ वटा जोन कमिटीहरू समेत बनाएर हरेक पि.बि.एमले आफ्नो आफ्नो जिम्मामा रहेको जोनलाई नेतृत्व दिने र पार्टी सक्रिय बनाउन चाहिएको खण्डमा त्यस जोनका विभिन्न कमिटीहरूको पुनर्गठन समेत गरी पार्टी काम बढाउने निर्णय गरिएको थियो । साथै जनरल सेक्रेटरी डा. माझीको राजावादी रुझान तथा सम्झौतापरस्त नीतिले गर्दा उहाँलाई जनरल सेक्रेटरी पदबाट हटाएर जनरल सेक्रेटरीको बदला ३ जनाको सेक्रेटरियट बनाइएको थियो, जुन सेक्रेटारियटले पनि जथाभावी सम्झौता गर्न नपाओस् भनी त्यस सेक्रेटरियटलाई कुनै एक पि.बि.एमको अधिकार भन्दा बढ्ता अधिकार नदिने निर्णय भएको थियो र यो सेक्रेटरियटका ३ जना साथीहरू मध्ये १ जना यतै बसी सव-हेडक्वार्टर खोल्ने र निजले नै पश्चिम कोशी जोनको इन्चार्ज समेत भएर काम गर्ने निर्णय भएको थियो ।

सवाल आउँछ, पार्टी प्लेनमको निर्णयलाई व्यवहारमा ल्याउने कुरामा हाम्रो पार्टी केन्द्रका नेतागणले आफ्नो जिम्मेदारीलाई कहाँसम्म निभाए ?

तर पार्टी केन्द्रका जिम्मेदार नेताहरूले पार्टी प्लेनम सिद्धिने बित्तिकै पार्टी प्लेनमको तमाम निर्णयलाई लत्याएर हिँड्न थाले । अरु त अरु आजसम्म प्लेनममा निर्णय भएका कुराहरूको एउटा सर्कुलर सम्म पनि दिने काम भएन । डा. माझी गोरखपुरमा गई संसदीय प्रजातन्त्रलाई पन्छाएर मौलिक अधिकार पाएमा राजासँग सम्झौता हुन सक्छ भन्ने वक्तव्य दिए । उहाँ न त जनरल सेक्रेटरी हुनुहुन्छ जनरल सेक्रेटरी नै भएपनि पार्टी प्लेनमको निर्णय विपरीत यस्तो वक्तव्य दिने कुनै अधिकार थियो ? तर केन्द्रमा आफ्नो पक्षमा रहेका जनताको भरोसामा पार्टी प्लेनमको निर्णय लत्याई दिएर र यसरी पार्टी विधान समेत उल्लंघन गरी जथाभावी गर्नथाले । यो स्पष्ट जनवादी केन्द्रीयता तथा पार्टी अनुशासनको उल्लंघन हो ।

यसको केही समयपछि डा. माझी, कामरेड डि.पि., कामरेड मल्ल तथा कामरेड शाह चारै जना पार्टी प्लेनमले दिएको जिम्मेदारीको वास्तै नगरी अकस्मात दरभङ्गाबाट लोप भएर केही दिनपछि काठमाडौँ देखा परे । कामरेड

मल्लको जिम्मेदारी थियो पश्चिम कोशी गण्डक जोनलाई हेर्ने, कामरेड डि.पि. अथवा कामरेड माझीको जिम्मेदारी थियो पश्चिम कोशी जोन सम्हाल्ने । सि.सि.एमको हैसियतले कामरेड शाहले पनि पश्चिम कोशी जोन अन्तर्गत बसेर काम गर्नुपर्ने । तर चारै जना काठमाडौँ गए । सवाल यो आउँछ कि किन काठमाडौँ चारैजना जानु परेको ? पछि आएर यो कुराहरू स्पष्ट हुन आयो कि उहाँहरू काठमाडौँ गई पार्टीको निर्णय विना राजासँग सम्झौता वार्ता चलाउँदै हुनुहुन्थ्यो र उहाँहरू बीरगञ्जबाट काठमाडौँ सरकारी मोटरमा (आइ.जि.पि. को ?) सरकारी अफिसरको साथै जानुभएको थियो ।

राजासँगको यस सम्झौताको कुराकानी धेरै पुरानो हो भन्ने पनि स्पष्ट देखिन आउँछ । डा. माझीले राजाको कारवाही भन्दा धेरै अघि नै राजालाई सुकार्नोसँग दाँज्न लाग्नुभएको थियो । कामरेड शाह यो काण्ड भएको सुनेर बहुत खुशी हुनुहुन्थ्यो र उहाँ १२ गते मन्त्रिमण्डल नबनुन्जेल चहल-पहलमा नै हुनुहुन्थ्यो । जब मन्त्रिमण्डलको नाम सुने अनि आएर उफ्रन थाले तथा भन्न थाले, "म नेपालको नागरिक पनि भएर बस्न चाहन्न ।" उहाँको देशभक्तिको यो अजीव प्रमाण हो । अनि केही दिनपछि उहाँको सम्पर्क दामोदर शम्शेरसँग हुन्छ र फेरि राजाको समर्थन गर्न थाल्नुहुन्छ । उहाँले दामोदर शम्शेरलाई काठमाडौँमा त्यसवेला रहेका कामरेड मल्लसँग सम्पर्क राख्न पठाएका थिए र दामोदर शम्शेरले राजाको कुरा लिएर नै उहाँहरूसँग भेट गर्ने गरेका थिए । दामोदर शम्शेर मार्फत् उहाँहरूको व्यक्तिगत तरिकाले पार्टीलाई कुनै खोज खबर नदिई गुप्त तरिकाले राजासँग बराबर सम्पर्क रह्यो ।

कामरेड मल्लसँग फाल्गुण महिनाको शुरुमा कुरा हुँदा राजाको प्रस्तावको रूपमा दामोदर शम्शेरले उहाँलाई भनेका थिए कि राजाले दुईजना पार्टी लिडरहरूलाई मन्त्रिमण्डलमा लिने भएका छन् र कार्यकर्ताहरूलाई रचनात्मक काम दिने भएका छन् । त्यो कुरा उहाँले कामरेड टि.एल.लाई सुनाएका थिए र कामरेड टि.एल.ले प्रजातन्त्रलाई खत्तम गरी आएको राजाको यो प्रस्तावको विरोध हुँदा त्यसवेला पनि कामरेड मल्लले राजालाई सुकार्नोसँग दाँज्ने काम भएको थियो र राजा सुकार्नो हुन सक्तैनन् भनी विरोध जनाएपछि त्यो

कुरा त्यहीँ थामियो र पछि राजासँग के कुरा कहाँ कसरी भयो सबै कामरेड टि.एल.सँग पनि गुप्त राख्न थालियो ।

जहाँसम्म थाहा पाइएको छ त्यसपछि उहाँहरूको दामोदर शम्शेरसँग भेट दरभङ्गा प्लेनमकै दौरानमा दरभङ्गामा नै रातको २ बजे भएको थियो । अनि बीचमा कहाँ के भयो भन्न सकिन्न तर उहाँहरू दरभङ्गाबाट गायब भएको दिनको बिहान उहाँहरूको भेट दामोदर शम्शेरसँग गेस्ट हाउसमा हुन्छ । जहाँ दामोदर शम्शेर र उहाँको साथी एस. हजूरे र डि. राणाको नाउँमा बसेका थिए । त्यहाँ कुरा हुँदा राजाको प्रस्ताव थियो २ जना पार्टी लिडर मन्त्रिमण्डलमा लिने र प्रधानमन्त्री पदमा ऋषिकेश शाहलाई राख्ने तर उहाँहरूको भनाई थियो प्रधानमन्त्री पदमा कुनै पार्टी लिडर खास गरी डा. के.आई. सिंह अथवा टङ्कप्रसाद आचार्य मध्ये कोही रहोस् ।

त्यसपछि बराबर सुनिनमा आयो डा. माझीले सरकार लिएर आउने छ । काठमाडौँबाट आउने साथीहरूको मुखबाट पनि बराबर राष्ट्रिय सरकारको चर्चा सुनिन्थ्यो र पछि गएर यो पनि सुनिन थाल्यो कि संसदको बदला राजाले सल्लाहकार सभा स्थापना गर्ने भएका छन् र त्यसमा ४-६ जना कम्युनिष्टहरू पनि लिने भएका छन् ।

यसरी स्पष्ट छ, उहाँहरूको सम्झौता राजाको हातमा संचित हुन गएको शक्ति कसरी हस्तान्तरित गर्ने हो प्रजातन्त्रलाई कसरी स्थापना गर्ने हो र अनि यसलाई कसरी दिगो गर्ने हो भन्ने कुरालाई लिएर होइन, प्रजातन्त्रलाई खत्तम गराएर पनि मन्त्रिमण्डलमा जाने र सल्लाहकार सभामा जाने विषयलाई लिएर नै भइराखेको थियो । यो साफ-साफ देश, जनता र पार्टीप्रति गद्दारी हो र प्रजातन्त्रवाद तथा मार्क्सवाद लेनिनवाद विरोधी कारवाही हो ।

पार्टी केन्द्रका ९ जना साथीहरू राजालाई समर्थन गर्ने कुरामा एकमत भएको देखिन्छ र उहाँहरूले आफ्नो यस समर्थनमा पार्टीका तमाम उद्देश्य तथा सिद्धान्तलाई तिलाञ्जली दिनुभएको स्पष्ट छ । उहाँहरू मध्ये १ जना महेन्द्र चौधरीको पर्चाले राजाप्रति उहाँहरूको के धारणा छ भन्ने कुरा स्पष्ट गर्दछ ।

उहाँले "नेपाली जनआवाज" भनी निकालेको पर्चाले उहाँहरूको दिमागमा कुन विचारधाराले काम गर्दैछ भन्ने कुरा स्पष्ट हुन आउँदछ। यसको केही अंश तल उधृत गरिएको छ।

"गाउँका नेता भनाउँदाहरूको थिचोमिचो चरम सीमामा पुगिराखेको थियो"...।

"अर्को कुरा आज तमाम विश्व एक क्रान्तिकारी परिवर्तन चाहन्छ। संसदीय पद्धति जो कि पश्चिम सभ्यताको देन हो एशियाली देशहरूमा विफल भएको छ। इन्डोनेशिया जस्तो देशमा पनि आज डा. सुकार्नोको अधिनायकत्वलाई स्वीकार गर्नुपरेको छ। त्यहाँका कम्युनिष्टहरूले पनि स्वीकार गरेका छन्। हाम्रो देश जहाँ कि राजामुकुट बाहेक अर्को त्यस्तो नेता छैन। के संसदीय पद्धति सफल हुन सक्ला ? राजा यहाँ पीडा र कष्टको रूपमा होइबक्सिन्न जननेता र भ्राताको रूपमा होइबक्सेको अत्याधिक जनप्रिय होइबक्सिन्छ। अर्को त्यसको विकल्प खोइ जो संसदीय नेतृत्वलाई चलाओस्। यस अवस्थामा हाम्रो राजाको घोषणा जनताले रुचाएको व्यवस्थाको सिर्जना स्वयं जनताले गर्नेछ। यस अवधिभित्र जनताको जीवनस्तर उचा उठाउने र देशलाई विकसित पार्ने योजनामा अपत्यार किन ? होइन, राजाको नेतृत्व स्वीकार नगर्ने कुरा हो भने त्यस्तो व्यक्तित्व खोइ जो कि जनतालाई राष्ट्रिय सूत्रमा गाभ्न सकोस्। आज राजशक्तिलाई मूर्तिमात्र बनाउने हो भने भोलि देशमा गृहयुद्ध हुन्छ, देश टुक्रा-टुक्रा भएर नाश हुन्छ। ... राजाको वचनलाई पत्यार नगर्ने कुनै कारण नै छैन।... यस्तो पवित्र नेतृत्वमा देशको निर्माण गर्न हुने विकास कार्यमा सहयोग गर्नुपर्छ।..."

यो पर्चा स्पष्ट रूपले प्रजातन्त्र विरोधी प्रतिकृयावादी र प्रतिक्रान्तिकारी छ। यस पर्चाले राजालाई वैधानिक राजा मात्र हैन एक सर्वशक्तिसम्पन्न हुकुमशाही राजाको रूपमा देख्न चाहन्छ। कारण राजालाई वैधानिक राजामात्र बनाएको खण्डमा गृह-युद्ध हुनेछ भन्ने डर देखाएको छ। अनि यस पर्चाले राजालाई एकमात्र नेता, भ्राता र व्यक्ति मानेको छ जसले देशलाई सुरक्षा गर्न सक्ने छ। यस पर्चाले सिद्धान्त भन्ने कुरालाई नै वास्ता गर्न छोडेको छ

र सिद्धान्तहीन भएर सामन्तवर्गको प्रतीकको रूपमा आफ्नो पुस्तैनी रगतको आधारमा हुकुम चलाउनु, राजालाई नै देशको एकमात्र नेता मानेको छ र राजाको तानाशाही शक्तिलाई स्थायी बनाउने पक्षमा छ । पार्टीको केन्द्रीय कमिटीको नेता भएर बसेको कामरेड महेन्द्र चौधरीबाट यस्तो पर्चा लेखिन्छ र तैपनि केन्द्रीय कमिटीकै सदस्य भएर रहन्छ र आम कार्यकर्ताले बार-बार माग गर्दा पनि वास्ता गरिन्न । बरु उल्टै महोत्तरी जिल्लाबाट गरेको कारवाही समेत पल्टाइन्छ र कामरेड शाह, कामरेड विष्णु, कामरेड कृष्ण प्रसाद कमिटीको सदस्य भएको हुँदा जोन कमिटीमा राख्नैपर्छ भनेर झगडा गरिन्छ भने र त्यसपछि दुवै पटक उहाँलाई समेत राखेर केन्द्रीय कमिटीको बैठक बसिन्छ र त्यस बैठकले उहाँमाथि कारवाही गर्नुको सट्टा उहाँलाई समेत राख्दा पनि कोरमसम्म पनि नपुगेर ७ जनाको केन्द्रीय कमिटीको बैठक बसी त्यस बैठकले पार्टी प्लेनमको आदेश भङ्ग गरी राजाको हुकुमी व्यवस्थाको विरोध गर्नेहरूमाथि कारवाही गरिन्छ र कामरेड पि.एल, कामरेड हिक्मत, कामरेड रामजनम कामरेड टि.एल. माथि कारवाही गर्दछन् भने स्पष्ट छ यो ७ जना केन्द्रीय कमिटीका सदस्यहरूको राय कामरेड महेन्द्र चौधरीको पर्चासँग विल्कुल सहमत हुनुहुन्छ र आज केन्द्रका ७ जना साथीहरू यसै विचारधाराको प्रतिनिधित्व गरी काम गर्दै हुनुहुन्छ । सेक्रेटरियट सदस्यहरू कामरेड डि.पि. अधिकारी तथा कामरेड शम्भुरामको राजावादी वक्तव्यले कामरेड महेन्द्र चौधरीको माथि उल्लेख गरिएको पर्चालाई सैद्धान्तिक (Coresing) आड दिएको छ । यो वक्तव्य कामरेड महेन्द्र चौधरीको पर्चा जस्तो नांगो रूपमा नआए पनि यस वक्तव्यको लक्ष्य कामरेड चौधरीको पर्चाको लक्ष्यभन्दा कुनै फरक छैन र सेक्रेटरियट सदस्यहरूले यस वक्तव्यलाई आजको पार्टीको लाइनको रूपमा जोन र जिल्ला कमिटीहरूको समेत वास्ता नगरी व्यक्तिगत तवरले पार्टीका आम कार्यकर्ताहरूमा वितरण गरिएको छ ।

यस वक्तव्यको केही अंश तल उद्धृत गरिन्छ :

"सीमा सन्धि र काठमाडौँ ल्हासा राजमार्ग निर्माण बारेको हाम्रो राष्ट्रिय हितको अनुकूल छ । खास गरेर काठमाडौँ ल्हासा सडक निर्माण गराउनलाई

हिजोआज ठुलो हल्लाको साथ-साथ ठुलो दबाव पनि आउँदैछ । आज यसरी राष्ट्रिय सवालहरू उठेका छन्, त्यस्तै पछि पछि अरु पनि धेरै नै राष्ट्रिय सवालहरू उठ्दै आउनेछन् । यस्ता राष्ट्रिय सवालहरू कार्यान्वित गराउनको लागि अगाडि बढ्नु नेपाली मात्रको कर्तव्य हो । अतः यो स्पष्ट छ कि देशका तमाम जनताको संयुक्त शक्ति विना कुनैपनि राष्ट्रिय सवालहरू पूर्ति हुनसक्तैन भन्ने कुरामा दुई मत हुनसक्तैन ।"

तर राजानैतिक र आर्थिक दुवै क्षेत्रमा प्रजातान्त्रिक विकास विना राष्ट्रिय स्वतन्त्रताका सवालहरूका लागि जनतालाई जगाउन र अगाडि बढाउन सकिने छैन । त्यसैले आजको राष्ट्रिय सवाल र प्रजातन्त्रको सवाल अलग रहन सक्दैन । त्यसैले आजको राष्ट्रिय स्वतन्त्रतालाई बलियो बनाउनको लागि पनि देशमा प्रजातान्त्रिक सुधार हुनु आवश्यक छ । अतः हामीहरू उक्त राष्ट्रिय हितका कदमहरूलाई समर्थन र सहयोग गर्नका लागि र देशमा प्रजातन्त्रको पुनःस्थापना गराउनका लागि सबै देशभक्त प्रजातान्त्रिक जनता र शक्तिहरूलाई एक जुट हुन अपील गर्दछौँ ।

यस बाहेक यसै वक्तव्यको पहिलो अनुच्छेदका लाइनहरूले भनेको छ, "काठमाडौँ ल्हासा राजपथ निर्माणको सम्बन्धको सन्धिहरूले हाम्रो राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गरेका छन् ।"

सेक्रेटरियटका दुई सदस्यहरूको यस वक्तव्यले हाम्रो तमाम ध्यान प्रजातान्त्रिक आन्दोलनको आवश्यकताबाट मुक्त गरी काठमाडौँ ल्हासा राजपथको निर्माणमा आकर्षित गरेको छ र सो सडक निर्माणलाई नै मूल राष्ट्रिय सवाल हो भनेर भरखरै हरण भएको प्रजातान्त्रिक व्यवस्थालाई फेरि फर्काउने कुरालाई गौण बनाएर प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउनुको सट्टा "यस्ता राष्ट्रिय सवालहरू कार्यान्वित गराउनका लागि नेपाली मात्रको कर्तव्य हो ।" भनी देशको तमाम जनतालाई यस सडक निर्माणमा लगाउन चाहन्छ । देशमा तमाम जनताको संयुक्त शक्ति विना कुनै पनि राष्ट्रिय सवालहरू पूर्ति हुन सक्दैनन् । यसकै निम्ति अब यसै सडकको वरिपरि तमाम जनता संयुक्त पनि

हुनुपऱ्यो । सडक निर्माण कसले गराउने हो भन्दा राजा महेन्द्रले नै गराउने हो भन्ने पनि स्पष्ट छ । अनि यस सडकलाई सफल पार्न जनताले राजा महेन्द्रको वरिपरि सङ्गठित हुनुपऱ्यो । राजा महेन्द्रप्रति उहाँहरूको विश्वास यति मात्र हैन, यो भन्दा धेरै बढेको छ र यस वक्तव्यले भन्दछ," आज जसरी यी राष्ट्रिय सवालहरू उठेका छन्, त्यस्तै पछि पछि पनि अरु पनि धेरै नै यसमा राष्ट्रिय सवालहरू उठ्दै आउने छन् ।" यसरी हाम्रा सेक्रेटरियटका सदस्यहरू राजाबाट अझै यस्तो राष्ट्रिय सवालहरू उठाउने छन् र ती तमाम सवालहरूलाई सफल बनाउन राजालाई सघाउने कुराको सल्लाह दिन्छन् ।

जब राजाबाट उठाइएको कुराहरूलाई सफल पार्नु नै नेपाली मात्रको कर्तव्य हो भने राजाको हुकुमी शासनको विरोधमा प्रजातन्त्रको निम्ति जनसङ्घर्ष गर्नु भयो त सवाल छ यस्तो राजालाई सघाउ या त प्रजातन्त्रको निम्ति जनआन्दोलन बढाऊ ! यी दुई कुराहरूमा हाम्रो सेक्रेटरियटका सदस्यहरूले प्रजातान्त्रिक जनआन्दोलनलाई विल्कुल थन्क्याउनु हुन्छ बरु सडक निर्माण कार्यलाई सफल बनाउन राजालाई समर्थन गरी राजाको वरिपरि जनतालाई सङ्गठित हुने आह्वान गर्दछ ।

यस वक्तव्यले जहाँ राजाको वरिपरि सङ्गठित हुने आह्वान गर्दछ यिनै पार्टी नेतागण राजाको जनवर्गीय सङ्गठनमा सामेल भै काम गर्ने सल्लाह दिन्छ र जो मान्दैन उसमाथि पार्टी अनुशासनको धम्की समेत देखाउने गरेका छन् । राजाको जनवर्गीय सङ्गठन राजाको हुकुम तामेल गर्ने एक फासिस्ट सङ्गठन हो भन्ने कुरा स्पष्टै छ । यसरी यी नेतागण व्यवहारिक रूपले राजाको फासिस्ट सङ्गठनलाई मजबुत बनाउनमा संलग्न छन् । यस बाहेक जहाँ-जहाँ हाम्रो पार्टीका कार्यकर्ताहरूले सङ्घर्षको इन्तजाम गरेका थिए । यी नेताहरूले आफै गई सङ्घर्षको विरोधमा प्रचार गरी, कहीं सर्कुलर र चिठीद्वारा समेत रोक लगाएका छन् ।

अनि यसै वक्तव्यको अन्तिम अनुच्छेदमा प्रजातन्त्र खत्तम भएकोमा जरूर गोहीको आँशु झारेको छ र भनेको छ, "राजनैतिक र आर्थिक दुवै क्षेत्रमा प्रजातान्त्रिक विकास विना राष्ट्रिय स्वतन्त्रताहरूको सवालको लागि आम

जनतालाई जगाउन र अगाडि बढाउन सकिने छैन । देशमा प्रजातान्त्रिक सुधार हुन अत्यन्त आवश्यक छ ।" अब सवाल आउँछ" प्रजातन्त्रको विकास" अथवा" प्रजातन्त्रको सुधार" के हुन् ? जहाँ प्रजातन्त्र नै छैन भने केको विकास अथवा सुधार ? जहाँ संसदीय प्रजातन्त्र खत्तम गरिएको छ र राजाले विधानको समेत उल्लंघन गरी मनोमानी काम गर्न लागेका छन्, त्यहाँ प्रजातान्त्रिक सुधार होइन बरु संसदीय प्रजातन्त्र पुनः स्थापना गर्नु नै मुख्य सवाल हुन आउँछ र पछि भविष्यमा यस्तो कारवाही नदोहरिन पाओस् भनी राजाको हातमा संचित हुन गएको तमाम शक्ति जनताको हातमा हस्तान्तरित गरी सर्वशक्ति सम्पन्न तथा सार्वभौम सत्ता सम्पन्न (Supreme & Sovereign) संसदीय व्यवस्थाको स्थापना गर्नुपरेको छ र यी तमाम कुराहरूलाई चलाएर हाम्रो नेतृत्वगण" प्रजातान्त्रिक सुधार" को कुरा गर्दछ । आखिर मतलब के हो ? यस वक्तव्यले आम कार्यकर्ता जनतामा स्पष्टरूपले कुन प्रकारको प्रजातन्त्र स्थापना गर्ने हो भन्ने कुरा राखी यसलाई प्राप्त गर्न जनसङ्घर्षलाई सङ्गठित गर्नुको सट्टा राजालाई संघाउने र राजालाई अझ राम्रो सघाउन सकौँ भनी राजाबाट नै प्रजातान्त्रिक सुधारको आशा गरिएको छ ।

उहाँहरूको यस वक्तव्यलाई उहाँहरूको कारवाहीले नै स्पष्ट गरेको छ । उहाँहरू आफ्नो न्यान्कलाई स्पष्टरूपले संसदीय प्रजातन्त्रको चेतना दिने सट्टा अब संसदीय प्रजातन्त्रको वेला गइसक्यो र अब त कामरेड शम्भुरामको शब्दमा निर्देशित प्रजातन्त्र (Guided Democracy), हुकुमशाही प्रजातन्त्र (Democratic Dictatorship), अनि कामरेड शाहको शब्दमा नियन्त्रित प्रजातन्त्र (Controlled Democracy)को प्रचार र प्रसार गर्दैछन् ।

एक त उहाँहरूले यी कुराहरू पार्टी प्लेनमको निर्णय विपरीत गर्दै हुनुहुन्छ । अर्कातिर निर्देशित प्रजातन्त्र, हुकुमशाही प्रजातन्त्र अथवा नियन्त्रित प्रजातन्त्रमा निर्देशन दिने को ? हुकुम चलाउँने को ? नियन्त्रण गर्ने को ? स्पष्ट छ, राजालाई विधान समेत उल्लघंन गरी संसदीय प्रजातन्त्रलाई खत्तम गर्ने अधिकारलाई स्वीकार गरी राजाले मनोमानी गर्ने एक परम्परालाई बसाली देशको तमाम शक्ति राजाकै हातमा राखी, राजासँग संचित हुनगएको शक्ति

हस्तान्तरित गर्ने कुरा नगरी निर्देशित प्रजातन्त्र, हुकुमी प्रजातन्त्र, नियन्त्रित प्रजातन्त्रमा निर्देशन दिने, हुकुम चलाउने अथवा नियन्त्रण गर्ने राजा सिवाय अरु कोही हुनै सक्तैन । राजाको हातमा संचित शक्तिलाई जनताको हातमा हस्तान्तरित गराउँने प्रजातान्त्रिक आन्दोलन अगाडि बढाउनुको सट्टा आज हाम्रो केन्द्रीय सेक्रेटरियटका सदस्य तथा अन्य राजावादी नेताहरू राजाको हुकुमी शासनलाई दिगो गर्न निर्देशित प्रजातन्त्र, हुकुमी प्रजातन्त्र, नियन्त्रित प्रजातन्त्रको कुरा प्रचार र प्रसार गर्दैछन् । अनि उहाँहरूको उद्देश्य कामरेड महेन्द्र चौधरीको पर्चाले व्यक्त गरेको विचार भन्दा फरक कहाँ पऱ्यो ?

स्पष्ट छ कामरेड महेन्द्र चौधरीको पर्चाले उहाँहरूको विचारधारा स्पष्टरूपले राख्ने काम गरेको छ भने कामरेड शम्भुराम र कामरेड डि पि अधिकारीको वक्तव्यले कामरेड महेन्द्र चौधरीले व्यक्त गरेका विचारधारालाई एक मजबुत आड दिएको छ । तसर्थ कामरेड महेन्द्र चौधरीको "नेपाली जन आवाज" भन्ने पर्चाले ७ जनै केन्द्रीय कमिटीका सदस्यहरूको विचारधारालाई प्रतिनिधित्व गरेको छ ।

कामरेड महेन्द्र चौधरीको पर्चाले देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने कुराको नै विरोध गरेको छ । राजालाई सघाउने अपील गरेको छ । राजालाई डा. सुकार्नोसँग तुलना गर्ने काम गरेको छ । के साँच्चै नै राजाको कारवाही र डा. सुकार्नोको कारवाही एउटै हो त ? निश्चित रूपले भन्ने हो भने डा. सुकार्नोको कारवाही र राजा महेन्द्रको कारवाही दिनको १२ बजे र रातको १२ बजे जत्तिकै फरक छ । सुकार्नोले देशमा दिनको सूर्यको प्रकाशलाई ल्याएको छ भने राजाले देशमा रातको अन्धकार छाएको छ । डा. सुकार्नोले "गोटांग रोपांग" अर्थात् "हामीसँगै जाउँ" भन्ने नारा दिएर अनि कम्युनिष्ट पार्टी लगायत ८ वटा तमाम पार्टीहरूको सरकार बनाए । कम्युनिष्ट पार्टी लगायत पार्टीलाई खुलेआम काम गर्ने अधिकार इन्डोनेशियामा छ । वर्ग चेतना र वर्ग सङ्घर्षलाई मार्ने काम गरेन, बरु मेहनतकश जनताले आफ्नो तागत बढाउने सुअवसर पाए । विदेशी साम्राज्यवादी पूँजीको राष्ट्रियकरण गरेर किसानहरूमा खेत वितरणको कार्यक्रम बनाए । राजा महेन्द्र के गर्दैछन् त ? के राजा

महेन्द्रको हुकुम तामेल गर्ने पार्टी र फासिस्टवादी जनवर्गीय सङ्गठन सिवाय जनताको पक्ष लिने कुनैपनि पार्टीको अस्तित्व राजा महेन्द्रले सहन सकेका छन् ? के राजा महेन्द्रले "गोटांग रोपांग" भन्ने नारा दिए ? होइन बरु उल्टै देशको एकमात्र मालिक आफूलाई भन्ठानी जनताको तमाम अधिकार खोसी मनोमानी हुकुमीराज खडा गरी जनतालाई आफ्नो दास सरह व्यवहार गरे । राजा महेन्द्रले सामन्ती तथा साम्राज्यवादी प्रभावबाट देशको आर्थिक व्यवस्थालाई मुक्त गर्नुको सट्टा सामन्तहरूलाई गाउँघरको हुकुम शाहहरू बनाइदिए र देशमा नभएको साम्राज्यवादी तथा एकाधिकार विदेशी पूँजीलाई उल्टै निम्त्याए । साम्राज्यवादीहरू तथा विदेशी एकाधिकार पूँजीपतिहरूलाई अनेक सहुलियत दिन कबुल गरे । डा. सुकार्नोको फौजमा ४० प्रतिशत प्रजातान्त्रिक तत्त्व भएर पनि जब उहाँका दक्षिणपन्थी प्रतिकृयावादीहरूले फौजी हुकुमत चलाउने आग्रह गरे डा. सुकार्नोले यस प्रस्तावलाई स्पष्टरूपले ठुकराई दिए । डा. सुकार्नोले काम कारवाहीको तमाम आधार प्रजातन्त्रवादी तथा प्रगतिशील तत्त्वलाई बनाए, जब कि राजा महेन्द्रले तमाम काम कुराको आधार देशको प्रतिकृयावादी, प्रतिक्रान्तिकारी फौजी गुट र गाउँघरमा सामन्त र जाली फटाहालाई बनाए ।

स्पष्ट छ डा. सुकार्नोले देशको राष्ट्रिय स्वतन्त्रता र प्रगतिवादको प्रतिनिधित्व गरेको छ भने राजा महेन्द्र सामन्त तथा साम्राज्यवाद र विदेशी एकाधिकार पूँजीपति वर्गको तरफदारी गरी प्रतिक्रान्ति र प्रतिकृयावादीको प्रतिनिधित्व गरेका छन् ।

देशको बस्तुस्थितिलाई नबुझेर हो वा बुझ्न नचाहेर हो हाम्रो पार्टीको तथाकथित बहुमत नेतागण (अर्थात् १७ जनामा ३ जना जेलमा सडाएर बाँकी बँचेको १४ जनामध्ये ८ जना) ले राजाको यस्तो प्रतिकृयावादी तथा प्रतिक्रान्तिकारी चरित्र स्पष्ट देख्दा देख्दै राजाको हुकुमी शासनलाई दिगो गर्न राजालाई कसैले सघाउने काम गर्दछन् भने स्पष्ट छ तिनले देश, दुनियाँ र खुद आफ्नो मार्क्सवादी लेनिनवादी पार्टीप्रति गद्दारी गरेको छ । प्रतिक्रियावाद तथा प्रतिक्रान्तिको प्रतिनिधित्व गरेको छ । यस्तो व्यक्ति वा व्यक्तिहरूले पार्टी

नेतृत्वमा बस्न त परै रहोस् पार्टी सदस्य अथवा पार्टी हमदर्द हुँ भन्ने पनि शरमको कुरा हो । खुद पार्टीको निम्ति उहाँहरूको नेतृत्व मात्र हैन, उहाँहरूको सदस्यता र हमदर्दी शरम तथा खतराको कुरा हुन गएको छ । उहाँहरूको यस कारवाहीको कारण आज पार्टी बदनाम भएको छ, तमाम पार्टी सदस्यहरू अन्य प्रजातान्त्रिक पार्टीहरू तथा आम जनताको आजादि तथा हमदर्दहरूको शिर नीचो हुन गएको छ । पार्टीभित्र सैद्धान्तिक मतभेद हुनु कुनै अस्वाभाविक कुरा होइन । यस्तो सैद्धान्तिक मतभेदलाई टुङ्ग्याउने बाटो हो, आ-आफ्नो सम्झदारीलाई तमाम पार्टी साथीहरूको अगाडि छलफलको निम्ति राखी बहस चलाएर त्यस बहसको निचोडमा फैसला दिन पार्टी काँग्रेस बोलाएर सो पार्टी महाधिवेशनको फैसलालाई मानेर काम गर्नु नै हामी तमाम पार्टी सदस्यहरूको कर्तव्य हो । पार्टीको जनवादी केन्द्रीयता पनि यही हो ।

तर पार्टीभित्र एक गलत परम्परालाई कायम गरी पार्टीको जनवादी केन्द्रीयतालाई वेवास्ता गर्न थालिएको छ, आफ्नै मनोमानी विचार आम पार्टीमा लाद्ने काम भएको छ ।

पार्टी प्लेनमको निर्णय थियो कि संसदीय प्रजातन्त्र लगायत ४ मागलाई लिएर जन-सङ्घर्षलाई अगाडि बढाउनु तर पार्टी केन्द्रको तथाकथित बहुमत यस निर्णयलाई लत्याएर राजालाई सघाउन पार्टी माथि जोर जबर्दस्ती गरी हुकुमशाही चलाउँदै छन् ।

पार्टी केन्द्रका यी ८ जना साथीहरू, जो साच्चै भन्ने हो भने अल्पमतमा छन् र ३ जना साथीहरूलाई जेलमा राखी बहुमतमा छौ भन्ने दावा गर्दछन्, ले पार्टी काँग्रेस बोलाए र यी तमाम कुराहरूको फैसला गर्न नामन्जूर गरेका छन् ।

यस बाहेक आफ्नो राजावादी विचारधारा बहसको निम्ति मात्र पठाउनुको सट्टा सर्कुलरको रूपमा पार्टी लाइन भनी पठाएका छन् र यो राजावादी लाइन पार्टीमा जबर्दस्ती लाद्ने काम गर्दैछन् । पार्टी केन्द्रका यी तथाकथित बहुमतवाला नेताहरू आज सैद्धान्तिक रूपले मात्र राजालाई समर्थन गरेका होइनन्, व्यावहारिक रूपले राजालाई समर्थन गरी राजासँग साँठगाँठ गर्न

लागेका छन् र आफ्नो मनोकामना पूरा गर्न यी बहुमतका साथीहरूले दरभङ्गा प्लेनमको निर्णयलाई मञ्जुर गरी प्रजातन्त्रको निम्ति लड्ने साथीहरू माथि डर, त्रास र धम्की देखाउनुका साथै पक्राउने, सम्पत्ति जफत गराउनुका साथै पक्राउन सि.आई.डी. र पुलिसलाई मद्दत दिने काम समेत गर्न थालेका छन् ।

डा. माझी कसरी पक्राउ भए, कसरी छुटे र कसरी सजिलैसँग मस्को जान सके एक आश्चर्यको कुरा छ ।

डा. माझी आफु मस्को जान भन्दा अगाडि राजालाई चीन जान विदाइ गर्न हवाई मैदानमा गई राजालाई फूलमाला अर्पण गर्न पुग्नुहुन्छ ।

जहाँसम्म थाहा पाइएको छ जेलमा डा. माझीको प्रयास उहाँ रहेको पार्टीको भूतपूर्व जनरल सेक्रेटरी कामरेड मनमोहनलाई राजाको समर्थन Convince गराउन (चित्त बुझाउनु) नै रह्यो ।

डा. माझी सोवियत संघ गए र त्यहाँ पनि राजाको समर्थनमा राजाले क्रान्तिकारी तरिकाले भूमिसुधार गर्न लागेको छ भन्ने प्रचारमा नै संलग्न रहे ।

डा. माझी, कामरेड शाह, कामरेड मल्ल तथा अन्य साथीहरूले पार्टीलाई खबरसम्म नदिई शुरुदेखि नै राजाको हुकुमशाही व्यवस्थालाई समर्थन गरी मन्त्रिमण्डलमा जान सम्झौताका कुराहरू चलाउँदै आए र उहाँहरूको यो काम Go between (सम्पर्कको बाटो) हो । दामोदर शम्शेर, जसको गुप्तनाम उहाँहरूले "गुरुजी" राख्नुभएको छ र "राजाको नाउँ" भने "पशुपतिनाथ" राखिएको थाहा पाइएको छ ।

डा. माझी, कामरेड डि.पि., कामरेड मल्ल र कामरेड शाह वीरगञ्जबाट काठमाडौँ पुग्नुहुन्छ सरकारी मोटर (आई.जी.पी. को ?) मा पुलिस अफिसरको साथै । यो काम पनि उहाँहरूले पार्टीदेखि गुप्त राखेर नै गर्नु भएको हो ।

पश्चिम कोशी जोन गठन गरी यसलाई नेतृत्व दिने र सञ्चालन गर्ने जिम्मा डा. माझी अथवा कामरेड डि.पि. अधिकारीको थियो र कामरेड शाहले पनि यसै जोनमा बसेर काम गर्नुपर्ने तर जस्तो अघि पनि लेखिसकिएको छ

उहाँहरू आफ्नो जिम्मेदारीलाई पन्छाएर काठमाडौँ गएर ८ महिनासम्म यो जोन वर्वाद रहँदा यस जोनका साथीहरूले पूर्व कोशी जोनको इन्चार्ज कामरेड टि.एल. लाई बोलाई पठाएको थियो र कामरेड टि.एल.ले पनि पार्टीप्रतीको आफ्नो जिम्मेदारीलाई महशुस गरी पूर्व कोशी जोनका अलावा यस जोनलाई पनि रेखदेख गर्न थाले र साथै पूर्व कोशी जोन र पश्चिम कोशी जोन दुवै मिली संयुक्त रूपले एक पार्टी बुलेटिन पनि निक्लन थाल्यो । जब यी कामहरू हुन थालेको ८ महिनादेखि यस जोनलाई वेवास्ता गरी छोडिसकेका कामरेड शाह जुर्मरिएर उठ्न थाले र एक कडा हिदायत पत्र कामरेड रामजनमलाई पठाउने काम गरे । जुन पोस्टकार्डमा कुन अधिकारले कामरेड टि.एल.ले सो जोनमा काम गरेको हो भन्ने सवाल उठाउनको साथै सो पार्टी बुलेटिनलाई एक पैसा मद्दत नदिनु र साथै सो बुलेटिनको एक प्रति पनि यस जोनमा न बाँट्नु भन्ने कडा आदेश दिइयो । यस घटनाले पार्टी प्रति कामरेड शाहको रुख स्पष्ट गर्दछ । कामरेड टि.एल.ले यस जोनमा काम गरेकोमा कामरेड शाहको किन विरोध ? निश्चय पनि उहाँ यस जोनमा आएर काम गर्नुभएमा उहाँको हातमा पार्टीको काम नछोड्ने सवाल थिएन । बुलेटिनलाई उहाँले बन्ध गर्ने आदेश दिनु भो, कुन हैसियतले ? यस्तो व्यक्तिगत आदेश उहाँले कसरी दिन सक्नु भो ? बुलेटिनमा कुनै गल्ती छ भने सच्चाउन र सुझाव, दिन सक्नुहुन्थ्यो । कमजोरीहरूलाई हटाउन लाउनुको सट्टा उहाँको प्रयाश रह्यो बुलेटिन नै बन्द गर्न लाउने । किन ? यो पार्टीलाई निष्कृय पार्ने उहाँको प्रयास नभए अरु के हो ?

यसपछि महोत्तरी जिल्लाको पहल कदमीमा यस जोनमा पनि जोन कमिटीको गठन गर्ने उद्देश्यले यस जोनका विभिन्न जिल्लाहरूको एक सम्मेलन भयो तर यसमा पनि कामरेड शाह, कामरेड विष्णु, कामरेड कृष्णप्रसाद अधिकारीको सम्मेलनलाई हुन नदिने रोल रह्यो । तर तमाम प्रतिनिधि साथीहरूको दृढताले गर्दा आखिर सम्मेलन सफल भयो र जोन कमिटी गठन पनि भयो ।

यस्तै पश्चिम गण्डक जोनको इन्चार्ज कामरेड मल्ल हुनुहुन्छ । उहाँले जोन कमिटी त गठन गर्नुभयो तर त्यस जोनलाई पार्टी केन्द्रको कुनै सर्कुलर

नआएसम्म कुनै काम नगर्नु भन्ने आदेश डा. माझीले दिनुभयो र यस जोनलाई काम गर्ने सर्कुलर आजसम्म दिइएन । मतलब के हो ? पार्टीलाई निष्कृय बनाउनु सिवाय यस्तो आदेश उद्देश्य नै के हुन सक्दछ ?

कामरेड शाह तथा कामरेड रामजनमको टूर पश्चिम गण्डकमा हुन्छ । कामरेड शाहले त्यस जोनका कार्यकर्ता साथीहरूलाई अब संसदको निम्ति सङ्घर्ष गर्नुपर्दैन भन्ने आदेश दिएर आउनुहुन्छ । कुन अधिकारले ? कुन उद्देश्यले ? स्पष्ट छ यस्तो आदेशको उद्देश्य पनि पार्टी काम ठप्प गर्ने सिवाय अरु के हुन सक्दछ ?

यसरी कामरेड शाह तथा अन्य राजावादी साथीहरूको प्रयास पार्टीलाई जानी बुझिकन निष्कृय पार्ने रहेर आएको छ । कामरेड शाह राजाको पक्षमा तमाम कार्यकर्ता साथीहरूलाई निष्कृय गराउन विराटनगर र धरान घुम्नु हुन्छ र उहाँको सवारी बडाहाकिमको मोटरमा हुन्छ र उहाँहरू ३ जनामध्ये १ जना साथीको गुप्तबास बस्ने डेरा बनाइन्छ बडाहाकिमको महलमा । अनि अण्डर ग्राउण्ड अथवा गुप्त जीवन कसबाट ?

कामरेड शाह सप्तरी, राजविराज जानुहुन्छ । उहाँसँग सयकडौँ जनता आएर भेट गर्दछन् भने ठिक छ, कुनै आपत्ति छैन तर साथै सुब्बा आएर भेट गर्दछन्, अनि एस.पि. आएर भेट गर्दछन्, अनि बडाहाकिम आएर भेट गर्दछन्, तैपनि उहाँ अण्डर ग्राउण्ड नै छु भन्नुहुन्छ भने कसबाट यो अण्डर ग्राउण्ड ?

कामरेड शाहले सजिलैसँग अण्डर ग्राउण्ड भै विराटनगरबाट काठमाडौँ आकाशमार्गबाट उड्नु हुन्छ ।
कामरेड शाहले यस बाहेक कामरेड महेन्द्रद्वारा केन्द्रीय कमिटीको सदस्यको हैसियतले उहाँको जिल्ला कमिटीको मिटिङ्ग बोलाउन लगाए । जसमा कोरम पनि पुगेको थिएन, द्वारा अन्तर जोन कमिटीको समेत विरोध गर्न लगाएर त्यो कोरम नपुगेको डि.सि. मिटिङ्ग जुनवेला सुरसण्डमा भैरहेको थियो के कारणले कसरी यो हुन गयो भन्न सकिन्न कि महोत्तरी जिल्लाको वडा हाकिमको सेक्रेटरी पनि सुरसण्डमा उपस्थित हुनसक्यो ।

कामरेड महेन्द्र चौधरीलाई समेत राखेर कोरम नपुगेको तथाकथित Available C.C.M. हरूको मिटिङ्ग बराबर काठमाडौँमा गराइन्छ र यस्तो कोरम नपुगेको तथा राजाका भक्त सावित भएका साथीहरू बसी पार्टी प्लेनमको तमाम निर्णय विपरीत सैद्धान्तिक मात्र हैन पार्टी सङ्गठनलाई समेत उल्टाएर पार्टी प्लेनमले नियुक्त गरेका राजाको हुकुमशाहीको विरोधमा सङ्घर्ष गर्नुपर्छ भन्ने जोन इन्चार्जहरूलाई जोनका कामबाट हटाउने गरिन्छ । यसै मिटिङ्गले जोन सम्मेलनबाट चुनेको जोन सेक्रेटरीलाई हटाएर राजावादी हाम्रो सि.सि.एम कामरेड विष्णुलाई जबर्दस्ती जोन सेक्रेटरीको रूपमा त्यस जोनमा लाद्ने काम गरेको छ ।

यसमाथि कामरेड शाहले राजावादी नीतिलाई समर्थन गर्न नमान्ने साथीहरूमाथि डर, त्रास र धम्की समेत देखाउने काम गरेर आउनुभएको छ र जेल परिएला भन्ने डर देखाइएको छ ।

के संसारको कुनै पनि कम्युनिष्ट पार्टीले आफ्नो पार्टी साथीहरूलाई पक्रिएको खण्डमा घर बिअने डर देखाउँछ ? तर हाम्रो केन्द्रीय कमिटीको सदस्य कामरेड शाह आफ्नो पार्टीका साथीहरूलाई राजाको विरोधमा प्रजातान्त्रिक व्यवस्थाको पक्षमा खडा भएको खण्डमा पक्रिने र घर वर्वाद हुने धौँस देखाउनु हुन्छ । एक सवाल यसबीचमा उठ्छ कि जबसम्म राजावादी पार्टी नेताहरूले पोल लाउँदैन, गुप्त तरिकाले पार्टीको काम गर्ने साथीलाई पक्राउन कसरी हुन्छ । तर राजावादी साथीहरूको हरकतले पार्टी साथीहरूलाई गुप्त तरिकाले काम गर्न पनि मुसिकल हुनगएको छ । पाटन डि.सि. बैठक हुन्छ, बैठकमा केन्द्रीय नेता कामरेड एस.आर हाजिर हुन्छन् । अरु मिटिङ्गको कुरा गुप्त नै रहन्छ, तर यस मिटिङ्गका तमाम कुराहरू बारे पाटन मेजिस्ट्रेटलाई थाहा हुन्छ, कसरी ? यो कुरा उहाँले सरकारलाई पुऱ्याउनु नै भो भन्ने सवाल होइन । सवाल हो जब यसबारे उहाँको ध्यान अकार्षित गरिन्छ त उहाँले यसबारे छानविन गरी कसरी भयो होला भन्ने कुरा पत्तालाउनुको सट्टा उल्टै पाटन डि.सि.सँग उहाँको झगडा हुन्छ । यसपछि पाटन जिल्लामाथि सरकारी दमनले झन उग्ररूप लिन्छ ।

यस बाहेक महोत्तरी जिल्लाको कुरा हो यस तानाशाही सरकारले चोर डकैतहरूसँग आफ्नो साँठगाँठ गरेको छ र एस.पि.को नेतृत्वमा करिब २० जना पुलिस, ५०-६० जना चोरी डकैती गरी जम्मा ७०-८० जनाको दल बाँधी पार्टी कार्यकर्ताहरूको घरघरमा धावा बोलिन्छ । कामरेड रामलखनको घरसमेत एकैदिन ७ घरमा यसरी धावा बोलिएको थियो र उनीहरूलाई निर्ममतापूर्वक पिटी, भालाले रोप्ने धम्की देखाई पक्रेर थानामा लगिन्छ उहाँ ती पार्टी कार्यकर्ताहरूमाथि उल्टै नेपाली काँग्रेसको बम ल्याएर राखेका छन् भन्ने भुटो आरोप लगाइन्छ । एकपछि अर्को गरी उनैमाथि फेरि डकैतीको आरोप लगाइन्छ र विनाकारण थानामा थुनिन्छ । तर आश्चर्य छ हाम्रो राजाको समर्थक केन्द्रीय कमिटीको सदस्य महेन्द्र चौधरीको पैरवीमा उनीहरूले भविष्यमा पार्टीको कुनै काम नगर्ने र राजालाई समर्थन गर्ने कबुल गराएर छोडिन्छ । राजावादी केन्द्रको बहुमतमा रहेका साथीहरूको पार्टीभित्र प्रजातन्त्रको पक्ष लिने कार्यकर्ताहरूलाई कायल गरी राजाको समर्थनमा लाने यो एक शर्मनाक हरकत हो ।

यसरी केन्द्रका जिम्मेदार साथीहरू डा. माभी, कामरेड शाह, कामरेड महेन्द्र चौधरी, कामरेड डि. पि. अधिकारी र हाल आएर वक्तव्यद्वारा कामरेड शम्भुराम जम्मा ५ जनाले राजालाई सिधै समर्थन गरी राजाको हुकुमी शासनलाई सघाउने काम गर्दै आएका छन् ।

कामरेड मल्ल खुद राजासँगको सम्भौता वार्तामा सरीक हुनुहुन्छ भन्ने कुरा पनि माथि नै छर्लङ्ग भइसकेको छ । अनि कामरेड कृष्णप्रसाद अधिकारीलाई यी तमाम कुराहरू थाहा भएर पनि उहाँले यी कुराहरू अभै पार्टीदेखि गुप्त राख्ने र पार्टी साथीहरूलाई विभाजित गरेर राजाको समर्थनमा तान्ने काम गर्दै आउनुभएको छ ।

हालसाल आएर कामरेड विष्णुले पनि राजाको राष्ट्रवादीता र प्रगतिशील कुराको भ्रम तमाम कार्यकर्ताहरूमा फैलाउने काममा लाग्नुभएको स्पष्ट छ । कामरेड शाहसँग विराटनगर, धरान घुम्ने काममा केन्द्रका अर्का सदस्य कामरेड केदार हुनुहुन्छ ।

यसरी केन्द्रका १७ जना सदस्यहरू मध्ये ९ जनाले राजालाई समर्थन गर्दैछन् भन्ने कुरा स्पष्ट हुन आएको छ ।
केन्द्रीय कमिटीका सदस्यहरू मध्ये अर्को २ जना साथीहरू कामरेड कृष्णलाल तथा कामरेड राईले माफी मागेर जेलबाट निस्के तर त्यसपछि उहाँहरू राजाको समर्थनमा हुनुहुन्छ वा हुनुहुन्न भन्ने कुरा थाहा पाउन सकिएको छैन । बाँकी ६ जनामध्ये ३ जना साथीहरू अझै अनिश्चितकालको निम्ति जेलमा नै छन् ।

कामरेड पि. एल, कामरेड हिक्मत र कामरेड टि.एल. । यी तीनै काम्रेडहरूको आ-आफ्नो सम्झदारी केही मत भिन्नता हुन सक्नाको बावजुत राजाको हुकुमी शासनको विरोधमा सङ्घर्ष गर्ने तथा देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नुपर्छ भन्ने कुरामा एक मत नै भएको र तीनै जनाले दरभङ्गा प्लेनमको निर्णयलाई अगाडि बढाउने आवश्यकतालाई महशुस गरेर नै काम गर्दै आएकोमा यी ३ जना साथीहरूमाथि पार्टी केन्द्रका सेक्रेटारियट सदस्यहरू २ जनाले कारवाही गरेका छन् र ती ३ जना साथीहरूलाई पार्टी कमिटीहरूसँग सम्पर्क नराख्नु भन्ने सर्कुलर पठाएका छन् ।

तर खुशीको कुरा यो छ कि यी ३ जनासँग नै विभिन्न जिल्ला कमिटीहरू तथा अन्य कार्यकर्ता साथीहरूले सम्पर्क नराख्नु भन्ने सर्कुलरलाई लत्याएर पार्टीलाई ठीक ठाउँमा ल्याउने काममा संलग्न छन् । र ठाउँठाउँका जिल्लाहरूले अन्तर जोन सामन्जस्य समितिलाई मान्यता दिई केन्द्रीय कमिटीमाथि अविश्वासको प्रस्तावहरू समेत पास गरी यस अन्तर जोन सामञ्जस्य समितिले नै केन्द्रीय सङ्गठन समिति घोषित गरी काम गरोस् भन्ने माग समेत आएको छ ।

एक त ती २ जना साथीहरू कामरेड डि.पि. अधिकारी तथा कामरेड शम्भुरामलाई ३ जना पि.वि.एम.हरूमाथि कारवाही गर्ने कुनै पनि अधिकार छैन । यो सेक्रेटरियट खुद पार्टीको कुनै वैधानिक कमिटी नभै जनरल सेक्रेटरीको बदलामा राखिएको त्रोयका (त्रिमूर्ति) मात्र हो र यो त्रोयकाले पनि डा. माझीले झैँ जथाभावी गर्न नपाओस् भनी कुनै एक पि.वि.एमको भन्दा बढ्ता शक्ति प्रदान गरिएको थिएन । यसलाई न त कुनै नयाँ निर्णय दिने अधिकार नै छ ।

स्मरण रहोस् जब उत्तर गण्डकका साथीहरूले राजालाई फूलमाला लगाएकोमा डा. माझीमाथि र किर्ते चेक काटेकोमा कामरेड डि.पि.माथि कारवाही गरोस् भन्ने माग यसै सेक्रेटरियटसँग गरिएको थियो। यसै सेक्रेटरियटले पार्टी केन्द्र नबसी हामीलाई कसैमाथि कारवाही गर्ने अधिकार छैन लागेर बसेका थिए, त उही सेक्रेटरियटको २ जनाले राजाको विरोधमा खडा रहेका ३ जना साथीहरूमाथि कारवाही गर्ने अधिकार कसरी प्राप्त गरे ?

भनी चुप पार्टी विधानको ख्याल गर्ने हो भने जनरल सेक्रेटरी अथवा पि.वि.ले पनि कसैमाथि कारवाही गर्न सक्दैन र पार्टी सि.सि.ले पनि दुई तिहाई बहुमतले मात्र (अर्थात् १७ भोटमा १२ भोटले मात्र) कुनै एकजना सि.सि. सदस्यमाथि कारवाही गर्न सक्दछ सम्पूर्ण सि.सि. एक मत भएर पनि ३ जनामाथि कारवाही गर्न सक्दैन। तसर्थ यो कारवाही विल्कुल अवैधानिक कारवाही हो, विधानको उल्लंघन गरी पार्टीमाथि चलाइन लागेको हुकुमशाहीको प्रत्यक्ष प्रमाण हो।

राजाको हुकुमशाही देशमा चल्यो, गाउँघरमा सामन्त र जाली फटाहाहरूको हुकुमशाही चल्यो अनि पार्टीभित्र यी राजावादी साथीहरूको हुकुमशाही चल्न थालेको छ। यस हुकुमशाहीले पार्टीको जनवादी केन्द्रीयतालाई खत्तम गरेको छ र पार्टीको जीवनमा यो एक भयङ्कर खतराको रूपमा आएको छ।

पि.वि. र सि.सि. बैठकमा भाग लिएन भन्ने कुरा बारे पि.वि. र सि.सि. वैठकमा किन भाग नलिएको भन्ने कुराको बारे पि.वि. बैठक एक पटक काठमाडौँमा राखिएको हो जुन बैठकको खबर कामरेड टि.एल.लाई गर्ने काम भएन। डा. माझीको अनुपस्थितिमा छ जना पि. वि. एम. हरू मध्ये १ जना पि.वि. एम. कामरेड टि.एल.लाई पि.वि. मिटिङ्गमा नबोलाएको खण्डमा ३ जना राजावादी पि.वि. एम.को राय नै सदर हुन जाला भन्ने नियत यसले स्पष्ट जाहेर गर्दछ। पार्टीभित्र मतभेद हुन सक्दछ तर मतभेदलाई टुङ्ग्याउने के यही तरिका हो ? गाउँघरमा देखिएको जाल फरेब पार्टीभित्र हुल्याउने काम गरेको के यो प्रत्यक्ष प्रमाण होइन ? जब यस्तो चाल पार्टीभित्र नेतृत्वले चाल्दछन् भने पार्टीभित्र के स्वस्थ तरिकाले बहस गरेर के राम्रो निर्णय हुन जानेछ ? यो त पार्टीभित्र राजावादी विचार पार्टीमा थोपर्ने तरिका मात्र हो।

त्यसपछि २ जना सेक्रेटरियट सदस्यहरूले राजाको समर्थनमा पार्टी प्लेनमको निर्णयको विल्कुल विपरीत एक वक्तव्य माथि केन्द्रको लालमोहर लगाउन केन्द्रीय कमिटी बोलाइन्छ । केन्द्रको १७ जना मध्ये ९ जना त राजाको पक्षमा अघिदेखि नै छन् र राजालाई सघाउन ती सदस्यहरूले पार्टीलाई भताभुङ्ग गरी निष्क्रिय समेत गरेर आएका छन् भने केन्द्रीय कमिटीमा स्वस्थ तरिकाले बहस होला र एक उचित निर्णयमा पुग्ला भन्नु असम्भव भैसकेको थियो । एक त जब पार्टीभित्र राजाको समर्थन र राजाको विरोधमा दुई मत स्पष्ट छ भने काठमाडौँमा सि.सि. बैठक बसी राजाको विरोधमा महिनौँ लडिरहनु तमाम केन्द्रमाथि आपत मोल्नु हो । यसै निम्ति पार्टी केन्द्रको मिटिङ्ग नेपाल बाहिर बोलाइयोस् र सो बैठकमा पार्टी केन्द्रका सदस्यहरू बाहेक पार्टी केन्द्रको उमेद्वार सदस्यहरू (Candidates C.C.M.) र भरसक जोन जोनका प्रतिनिधिहरूलाई समेत राखेर सि.सि.को बठक गरियोस् भन्ने नै हाम्रो माग थियो तर उहाँहरू न उम्मेद्वार सि.सि.एम.हरू बोलाउन चाहनुहुन्छ न त जोन जोनका प्रतिनिधिहरू नै । उहाँहरूले १७ जनामा ९ जना ठ्याक्कै गनिसकेको र ती ९ जनाले जे पनि पास गर्न सक्छन् भने हामी त्यस मिटिङ्ग गएर भाग लिनु र नलिनु एउटै कुरा हो । जब स्वस्थ तरिकाले दिल खोलेर र बहस गरी चित्त बुझ्न र चित्त बुझाउने बाटो खत्तम गरी पहिले नै केन्द्रका ८-९ जनामा कसैले पर्चा, कसैले वक्तव्य अनि कसैले कारवाहीद्वारा नै समर्थन गर्न लागेका छन् भने त्यो बैठकले के कुनै स्वस्थ निर्णय दिने छ भन्ने आश गर्न सकिएला ? त्यो मिटिङ्गमा स्वस्थ बहसको गुन्जायस हुँदैन भने त्यस बैठकमा जानु र नजानुमा कुनै फरक नै के भयो र ? बहुमतको निर्णय भनी पठाइदिए त भैहाल्छ नि ।

डा. माझी मस्कोमा कामरेड केदार काठमाडौँ जान नमान्ने र बाँकी ७ जनाको राजालाई समर्थन गर्ने निर्णय सुन्नको निम्ति काठमाडौँ मिटिङ्गमा जानु हो देश, जनता र मार्क्सवाद-लेनिनवादमाथि गद्दारी गर्नु ।
यस सि.सि. बैठकमा काँग्रेसमाथि विचार गर्ने कुनै एजेण्डा समेत थिएन । पार्टी केन्द्रका साथीहरू हामीलाई सोध्छन् पार्टी केन्द्रको सामना किन नगरेको ? राजालाई सैद्धान्तिक र व्यावहारिकरूपले समर्थन गरिसकेको बहुमत भनिएका

साथीहरूलाई सामना गरेर आखिर देश, जनता र हाम्रो पार्टीलाई के देन दिने हो ? उहाँहरू खुद पार्टी काँग्रेसको किन सामना गर्न सक्नुहुन्न ? पार्टी महाधिवेशन बोलाइयोस् भन्ने तमाम पार्टी सदस्यहरूको माग आजको माग होइन । २-२ वर्षमा हुनुपर्ने पार्टी महाधिवेशन आज ६ वर्ष भैसक्यो बोलाउन मञ्जुर गरेको होइन । २ वर्षकै बीचमा पनि एक तिहाई सदस्यहरूको प्रतिनिधित्व गर्ने कमिटीहरूले माग गर्दछन् भने केन्द्रीय कमिटीले पार्टी काँग्रेस बोलाउनु पर्ने पार्टी विधानको आदेश हो । यस आदेशको अवहेलना पार्टी केन्द्रका साथीहरूले गरे । यस बाहेक दरभङ्गा प्लेनमले पनि एक रायले ९ महिनाभित्र अर्थात् गत आश्विन महिनातिर नै पार्टी काँग्रेस बोलाउने निर्णय दिएको थियो । ९ महिना भैसक्दा पनि न बोलाउँदा पूर्व कोशी जोन, पश्चिम कोशी जोन, मध्यगण्डक जोन गरी ३ जोनले लिखित रूपमा पार्टी काँग्रेसको माग गरेको हो र उत्तर गण्डक जोनले पनि बारबार भेटेर नै माग गरेको हो । यी तमाम मागहरूलाई पार्टी केन्द्रले पन्छाएर नै आएको छ ।

अन्तर जोन सामन्जस्य समिति तथा काँग्रेस सङ्गठन समितिको गठन पार्टी काम विल्कुल विकेन्द्रित भएर छिन्न भिन्न भएर गैराखेको थियो । यसका निम्ति पार्टीको काममा केन्द्रीयता ल्याउनु अति आवश्यक थियो । जहाँसम्म पार्टी केन्द्रको सवाल छ केन्द्रबाट पार्टी प्लेनममा के निर्णय भएको हो भन्ने एउटा सर्कुलरसम्म पनि दिने जिम्मेदारी पूरा गरिरहेको थिएन, उल्टै राजाको समर्थनमा पार्टीलाई भाँडिदै थियो । यस्तो स्थितिमा हाम्रो अगाडि एक जबर्दस्ती सवाल उठ्यो, "के गर्ने ?" पार्टी बिग्रेको बिग्रै गरी हेरर बस्ने हो वा पार्टीलाई जसरी भए पनि बचाएर सक्रिय पार्ने हो ? यदि सक्रिय पार्ने हो भने पार्टीको ५ वटै जोनको काममा सामन्जस्य ल्याउन एक सामन्जस्य कमिटीको जरुरत थियो । यस आवश्यकतालाई पूरा गर्न नै अन्तर जोन सामन्जस्य समिति बनेको हो ।

पार्टी बचाउने हो भने पार्टी काँग्रेस बोलाउन अनिवार्य थियो । पार्टी काँग्रेस नबोलाउने कुरामा पार्टी केन्द्रको राजावादी बहुमत अठोट लिएर बसेको छ । यहाँ पनि हाम्रो अगाडि एक धर्मसङ्कट नै आई पर्‍यो । अब वर्षौं यसरी

बिताएर पार्टी वर्वाद हुन दिने हो वा पार्टी काँग्रेस बोलाउने कुनै उपाय गर्ने ?

पार्टी केन्द्रको निष्कृयतामा, पार्टी केन्द्रको पार्टी विरोधी नीति, राजावादी नीति, अनुशासनहीनता, जनवादी केन्द्रीयताको उल्लंघन र पार्टी प्लेनमको निर्णय उल्लंघन गर्दा गर्दै यस केन्द्रकै भरोसामा बस्नु पार्टीलाई निष्कृय गरी भताभुङ्ग पारी राजाको समर्थनमा लैजाने काममा हात बढाउनु हो । तर्सथ आज पार्टीमा जुन निष्कृयता आएर भताभुङ्ग भैराखेको छ, पार्टी राजावादी भएर जाँदैछ, पार्टी विधान तोडिदैछ, पार्टीभित्र हुकुमशाही कारवाही बढ्दै छ, त्यसको जिम्मेदारी पार्टी केन्द्रको राजावादी बहुमत मात्र नभै जसले देखादेखि यी कारवाही हेरिरहन्छ ती तमाम नेता र कार्यकर्ताहरू पनि जिम्मेदार हुन आउँछन् । यसै जिम्मेदारीलाई महशुस गरी पार्टीको काममा सामन्जस्य ल्याउन, पार्टीलाई सजग र सक्रिय बनाउन, पार्टी प्लेनमको निर्णय लागू गर्न र अनि छिटो भन्दा छिटो पार्टी काँग्रेस बोलाउन यस्तो अन्तर जोन सामन्जस्य समिति बनाउनु हाम्रो अधिकार मात्र होइन हाम्रो परम कर्तव्य र पार्टी जीवन बचाउनको निम्ति एक ऐतिहासिक आवश्यकता हुन आएको छ । अन्तर जोन सामन्जस्य कमिटी बनाएर पार्टीको काममा सामन्जस्य ल्याउन र छिटो भन्दा छिटो पार्टी काँग्रेस बोलाउन सिवाय पार्टी बचाउने अर्को कुनै उपाय छैन । हामी चुप बस्दा पार्टीलाई बचाउँने र यसलाई सक्रिय पार्न किन कुनै कदम नउठाएको भनी हामीलाई सवाल गर्ने आम कार्यकर्ता साथीहरूको अधिकारको कुरा हो । जनताले पनि किन कम्युनिष्ट पार्टीले केही नगरी बसेको भनी सोध्नु स्वाभाविक हो । यसरी पार्टी साथीहरूप्रति हाम्रो एक जवाफदेही छ र पूरा पार्टीको जनताप्रति उस्तै जवाफदेही छ । यस जिम्मेदारी र जवाफदेहीलाई महशुस गरेर नै अन्तर जोन सामञ्जस्य समितिको गठन भएको छ ।

यो अन्तर जोन सामञ्जस्य समिति ३ जना पि.वि.एम.हरूको सल्लाहले गठन भएको होइन । पार्टीको काममा सामन्जस्य ल्याउनुपर्छ, प्लेनमको निर्णय अगाडि बढाउनुपर्छ, पार्टी काँग्रेस चाँडै बोलाउनुपर्छ भन्ने कुराको महशुस तमाम विभिन्न जोनका जिम्मेदार साथीहरूले गर्न थालेका हुन् । यसैबीच पूर्व कोशीको तर्फबाट एक जना कामरेडलाई सेक्रेटरियट सदस्यहरूसँग भेट गर्न

काठमाडौँ पठाइएको हो र पार्टी काँग्रेस बोलाउँने पूर्व कोशी जोनको माग समेत उहाँकै हातमा दिई पठाइएको हो । हामीलाई पार्टी सेक्रेटारियट सक्रिय भै पार्टीलाई सक्रिय बनाउँला र पार्टी काँग्रेस होला भन्ने आशा थियो तर सो कामरेडको हातमा कुनै सन्तोषजनक उत्तर पठाइएन । बरु पार्टी काँग्रेस २-३ वर्ष हुन सक्दैन र हाल राजालाई समर्थन गर्ने राष्ट्रिय सरकारको गठन हुने आदि बारेमा नै कुरा सुनिन थाल्यो ।

जब यस प्रयासको वावजुद पार्टी केन्द्र सजग र सक्रिय हुने लक्षण देखिएन र साथै पार्टी काँग्रेस हुने पनि देखिएन उल्टै राजाको पक्षका कुराहरू सुनिन थाले अनि विभिन्न जोनका प्रतिनिधि साथीहरूको एक संयुक्त बैठक बस्ने निर्णय गर्न बाध्य भयो र संयुक्त बैठक पनि बस्यो । यसै संयुक्त वैठकमा देशको स्थिति, पार्टीको जिम्मेदारी र आज पार्टी केन्द्रको रवैया आदि बारे छलफल गर्दा यदि पार्टी बचाउने हो, पार्टी सजग र सक्रिय बनाउने हो, पार्टी काँग्रेस बोलाउने हो र पार्टी काँग्रेस सम्मका लागि पार्टी काममा सामन्जस्य ल्याउने हो भने एउटा यस्तो सामन्जस्य समितिको आवश्यकता छ भन्ने कुराको महशुस गरियो र यो महशुस गर्दा नै त्यसै बैठकले एक अन्तर जोन सामन्जस्य समितिको पनि गठन गरेको थियो । जब केही गर्दा पनि पार्टी केन्द्रले पार्टी काँग्रेस बोलाउन मन्जूर गरेन अनि ५ वटै जोनको प्रतिनिधिहरूको संयुक्त बैठक बसी संयुक्त रूपले ५ वटै जोनले माग गरेको हो र अनि यस पार्टी काँग्रेसलाई सफल पार्न अन्तर्राष्ट्रिय पार्टी नियम अनुसार जसले पार्टी काँग्रेसको माग गर्दछ उसैले "काँग्रेस सङ्गठन समिति" पनि गठन गर्दछ र यस पार्टी काँग्रेस सङ्गठन समितिलाई पार्टी काँग्रेस विषय पार्टी केन्द्रले पाएमा तमाम अधिकार प्राप्त गर्दछ । यसै अधिकार अन्तरगत विभिन्न जोनको संयुक्त बैठकले यस अन्तर जोन सामन्जस्य समितिले "काँग्रेस सङ्गठन समिति" को रूपमा पनि काम गर्ने गरी यस समितिको गठन भएको हो ।

**कामरेडहरू,**

हाम्रो देश आज क्रान्तिकारी स्थितिबाट गुज्रदैछ । देशमा प्रजातान्त्रिक व्यवस्था

स्थापना गर्ने जिम्मेदारी हाम्रो अगाडि छ । खासगरी कम्युनिष्ट पार्टीको क्रान्तिकारी भूमिकाले नै देशमा स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको स्थापना पनि हुन सक्नेछ । जिम्मेदारीलाई निभाउने हो भने कम्युनिष्ट पार्टीले यस प्रजातान्त्रिक सङ्घर्षमा अगाडि बढेर आफ्नो जिम्मेदारी निभाउनु परेको छ ।

यस जिम्मेदारीलाई महसुस गरी अहिले हुन लागेको ऐतिहासिक भूललाई सुधार गरी हामीले सबभन्दा अगाडि बढेर क्रान्तिकारी सङ्घर्षलाई कुशल नेतृत्व दिए सफल पार्नुछ र देशमा सच्चा प्रजातन्त्रको स्थापना गर्नुछ ।

कामरेडहरू, अब पनि पार्टी बिग्रेको हेरी रह्यौँ र यसलाई ठीक पार्ने काम गरेनौँ भने यो अपराधको भागी हामी सबैले हुनुपर्नेछ । पार्टीलाई बचाउनु छ तर राजालाई समर्थन गरे पार्टी बच्ने छैन, क्रान्तिकारी सङ्घर्षको दौरानमा नै पार्टी बच्ने छ र अझ विकास गरेर सुदृढ हुनेछ ।

पार्टीमा एकता ल्याउनु छ तर कायरता देखाएर पार्टी विरोधीहरूसँग राजालाई समर्थन गरी राजाको अगाडि आत्म-समर्पण गरेर यो एकता आउने छैन यस्तो एकताले अझ पार्टीलाई दबाउनेछ । मार्क्सवादी-लेनिनवादी सैद्धान्तिक एकता र जनवादी आन्दोलनद्वारा नै पार्टी एकता सुदृढ भएर आउँनेछ । पार्टीभित्र सैद्धान्तिक सङ्घर्षलाई जारी राखेर नै पार्टी एकता सुदृढ हुनेछ । एकताको नाउँमा सिद्धान्त छोडेर कदापि पार्टी एकता ठोस हुनसक्ने छैन ।

पार्टी बचाउनको निम्ति, पार्टीमा सैद्धान्तिक एकता सुदृढ बनाउनको निम्ति पार्टीले प्रजातान्त्रिक आन्दोलनलाई कुशल नेतृत्व दिने योग्यता हाँसिल गर्नाको निम्ति पार्टीमा घुस्न लागेको कमजोरी र अपराधलाई हटाएर पार्टीलाई मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित गराएर ठोस रूपले सङ्गठित गर्नको निम्ति आज पार्टी महाधिवेशन सिवाय अर्को बाटो छैन ।

राजासँगको आफ्नो साँठगाँठ, देश र जनताप्रतीको गद्दारी तथा आफ्नो आत्मसमर्पणवादी नीतिमाथि पर्दा हाल्न हाम्रा राजावादी साथीहरू हामीमाथि काँग्रेसको पैसा खायो, काँग्रेससँग मिल्यो भन्ने झूठा अफवाद फैलाउन लागेका छन् । जनकपुरबाट निक्लने राजाको साप्ताहिक अखबार "धनुष" मा श्री सुवर्णको तुल्सीलाललाई चिठी भनी कामरेड शाहको तालमा महेन्द्र चौधरी

नाच्दै एक मनगढन्ते किर्ते चिठी छपाएको छ र यी राजावादीहरू अनि आफैले यस्तो चिठी छापेको छ भनी प्रचार गर्न लागेका छन् । एकातिर यस्तो कुरा छाप्ने र प्रचार गर्ने अर्कोतिर पार्टी महाधिवेशन नगराउनु षडयन्त्र होइन भने अरु के हो ? हामीबाट गल्ती भएको छ भने पार्टी महाधिवेशन बोलाएर त्यही महाधिवेशनमा तमाम कुराको छानबिन गरी ठहरेमा हामीलाई पनि कारवाही गर्न सक्दछ । आखिर पार्टी महाधिवेशनको किन विरोध गरिन्छ ? तमाम कुराहरूको छानवीन गर्ने काम किन हुँदैन ? पार्टी महाधिवेशन भएमा ।

**कामरेडहरू,**

हाम्रो अरु पनि धेरै कमजोरीहरू हुन सक्दछन् । तर पार्टी जोगाउनु सबैको कर्तव्य हो । हामीमा देखिएको कमजोरीहरूलाई पनि हटाउनु जरुरी नै छ र यी तमाम कमजोरीहरू साथीहरूको सहयोगले नै हटाउन सकिनेछ । पार्टी एकैचोटी बन्दैन पनि, लामो सङ्घर्षपछि नै पार्टीले एक स्वस्थ क्रान्तिकारी रूप लिन सक्नेछ । यसैले एक स्वस्थ क्रान्तिकारी पार्टी बनाउनको निम्ति तमाम कमजोरीहरूलाई छानविन गरी हटाउने उद्देश्यले पनि हामीले पार्टी काँग्रेसलाई सफल पार्नु आवश्यक छ । मार्क्सवाद-लेनिनवादप्रति वफादार भएर पार्टीले राष्ट्रिय सङ्कटको वेला आफ्नो ऐतिहासिक भूमिका खेल्नुपरेको छ र यस ऐतिहासिक जिम्मेदारीलाई पूरा गर्न पार्टीलाई एक मित्रमण्डल, अथवा पारिवारिक गुट नबनाई सबैले एक दोस्रोको कमजोरी र गल्तीलाई पक्रेर निष्पक्षभावले पार्टीलाई सुदृढ एवं ससक्त पारौँ र आफ्नो देशमा प्रजातन्त्रको स्थापना गर्नुको साथ साथ स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्न अगाडि बढौँ ।

२०१८ फाल्गुण २५
क्रान्तिकारी अभिनन्दनको साथै
अन्तर-जोन-सामन्जस्य समिति

# राष्ट्रिय प्रजातन्त्र नै मूलभूत समस्या समाधान गर्ने कार्यक्रम हो

राजा महेन्द्रको पञ्चायती प्रजातन्त्रको कार्यक्रमले देशको मूलभूत समस्या समाधान गर्नुको साटो देशलाई अझै अवनतिको बाटोतिर लान्छ । यसले राष्ट्रिय पूँजीको विकास गरी देशको द्रुतगतिले औद्योगीकरण गर्नुको साटो विदेशी पूँजीलाई खुला लुट गर्न दिन्छ । सामन्ती व्यवस्थाको पूर्ण उन्मूलन गरी क्रान्तिकारी भूमि सुधार गर्नको साटो समयभन्दा धेरै पछाडि परिसकेको सामन्ती व्यवस्थासँग पूरा साँठगाँठ राख्दछ । प्रजातन्त्रको विस्तार गरी सारा नेपाली समाजको विभिन्न पक्षलाई पूर्ण प्रजातान्त्रिक अधिकारबाट पनि वञ्चित राख्दछ । अर्कोतिर नेपाली काँग्रेसको कार्यक्रमले राजा महेन्द्रको तानाशाहीको विरोधमा सङ्घर्ष गरे तापनि देशको मूलभूत समस्या समाधान गर्ने कार्यक्रम नहुँदा क्रान्तिको अन्तिम लक्ष्यसम्म पुग्ने गरी यसले व्यापक रूपमा जनतालाई सङ्गठित गर्न सक्दैन । तसर्थ देशको मूलभूत समस्याको समाधान गर्न ठोस र वैज्ञानिक कार्यक्रमको आवश्यकता छ जसले यस अवस्थाको तमाम क्रान्तिकारी तत्त्वहरूलाई व्यापक रूपमा एकताबद्ध गर्न सकोस् । र तमाम तकारी वर्गहरूको अथवा आम जनताका समस्याहरू समाधान गर्न सकोस् जसले समाजवादमा लम्कने बाटो खोतो र आम जनताका कार्यक्रमले देशका मजदूर किसान, बुद्धिजीवी, शहरिया मध्यम वर्ग तथा राष्ट्रिय जीवन सुनिश्चित गरी उनीहरूको जीवन स्तरमा उत्तरोत्तर वृद्धि गर्न सकोस् । यो पूँजीपति वर्ग जस्ता तमाम क्रान्तिकारी वर्गहरूलाई सङ्गठित पनि गर्न सकिनेछ । सामन्ती व्यवस्थाको अन्त गरी कुन व्यवस्थाको सृजना गर्ने हो, यो एउटा प्रमुख यो त निर्विवाद सत्य हो, हाम्रो विकासको अवरोधक सामन्ती

व्यवस्था छ । यो प्रश्न भएर आएको छ । देशको विकास गर्ने बाटो पूँजीवादी पद्धति नै हो या अन्त्र कुनै तरिका छ भन्ने कुरालाई आज प्रत्येक देशवासीले गम्भीरता पूर्वक मनन् गर्नु जरुरी छ । ठीक हो पश्चिम युरोपका कतिपय देशहरू र संयुक्त राज्य अमेरिकाले पूँजीवादी पद्धतिद्वारा देशको औद्योगीकरण गरे । के आज हामीहरू पनि उनीहरूकै बाटोको अनुशरण गर्न सक्छौँ । आज विश्व पूँजीवाद एउटा ठुलो सङ्कटमा परेको छ । ठुला-ठुला पूँजीवादी विकसित देशहरू पनि आर्थिक सङ्कटबाट ग्रसित छन् । ठुला-ठुला पूँजीवादी विकसित देशहरूमा नै पूँजीवादी व्यवस्थाको अस्तित्व राख्न एउटा ठुलो गाह्रो परेको छ । एक जमानामा प्रगतिशील ठहरिएको पूँजीवाद आज समयभन्दा धेरै पछौटे परिसकेको छ । आजको यस बदलिदो जमानाको आवश्यकतालाई पूँजीवादले पूरा गर्न सक्दैन । त्यसमा पनि अझै पूँजीवादी बाटो एउटा धेरै समय लाग्ने बाटो हो र आम जनताको दुःख, पीडा, बेकारी, गरीबी, आदिको आधारमा देशको औद्योगीकरण गर्ने बाटो हो । अझै जस्तो हामीले अघिल्लो अध्यायमा भनिसकेका छौँ राष्ट्रिय, अन्तर्राष्ट्रिय खास परिस्थितिले गर्दा हाम्रो देशको पूँजीवादी पार्टीले देशको पूर्ण औद्योगीकरण गर्ने काम पूरा गर्न सक्दैन । तसर्थ तमाम अविकसित र पछौटे देशहरूका जनता आज पूँजीवादी पद्धति भन्दा भिन्दै देश विकासको बाटोलाई पहिल्याइरहेका छन् ।

आजको विश्वमा देखापरेका नौला परिवर्तनहरूले देश विकास गर्न एउटा उज्ज्वल, सुखद् र छोटो पद्धतिलाई तमाम अविकसित र पछौटे देशहरूको सामु एउटा आशाको किरणको रूपमा देखालेको छ । जस्तो कि ८१ देशका कम्युनिष्ट तथा मजदूर पार्टीहरूको वक्तव्यले भन्दछ, “आजको वर्तमान ऐतिहासिक परिस्थतिमा स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र”, भनाइको तात्पर्य यस्तो राज्य जो निरन्तर रूपमा आफ्नो आर्थिक र राजनीतिक स्वतन्त्रतालाई कायम साम्राज्यवाद र यसका सैनिक सङ्गठनहरूको विरोधमा सङ्घर्ष गर्दछ अनि देशभित्र भएका सैनिक केन्द्रहरूको विरोधमा सङ्घर्ष गर्दछ, यस्तो राज्य जसले उपनिवेशवादका नयाँ पद्धतिहरूको र साम्राज्यवादी पूँजीको देशभित्र घुस्नुको विरोध गर्दछ, यस्तो राज्य जसले तानाशाही र निरङ्कुश शासन प्रणालीलाई अस्वीकार गर्दछ, यस्तो राज्य जहाँ जनताको प्रजातान्त्रिक अधिकार र

स्वतन्त्रको सुनिश्चितता हुन्छ (वाक, प्रेस, सभा, प्रदर्शन, राजनीतिक पार्टीहरू र सामाजिक सङ्गठनहरू गठन गर्ने स्वतन्त्रता), भूमि सुधारलाई कार्यान्वित गराउन र अरू प्रकारका प्रजातान्त्रिक र सामाजिक परिवर्तन गराउन र सरकारको नीति निर्माणमा हिस्सा लिन मौका पाइन्छ ।"

यस्तो राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम हाम्रो मूलभूत समस्याको समाधान गर्नलाई ऐतिहासिक आवश्यकताको रूपमा देखापरेको छ । नेपालको स्थितिमा राष्ट्रिय प्रजातन्त्रका मुख्य बुँदाहरू यी हुन् :

(१) सामन्ती व्यवस्थाको निर्मूल गरी किसानहरूको हितमा हुने खालको भूमि सुधार गर्ने । जनतालाई सामन्ती शोषणबाट मुक्त गर्ने । गाउँघरमा किसानहरूलाई सामन्तहरू तथा जाली फटाहाहरूको मुद्दा मामिला, नाजायज ऋण आदिबाट मुक्त गर्ने ।

(२) विदेशी पूँजी तथा अन्य सबै प्रकारका साम्राज्यवादी तथा विदेशी स्वार्थ र प्रभावबाट मुक्त गरी राष्ट्रिय उद्योग तथा व्यापारलाई स्वतन्त्र रूपले विकास गर्ने । देशको द्रूतगतिले औद्योगीकरण गर्ने ।

(३) गोर्खा भर्ती केन्द्र जस्तो साम्राज्यवादी केन्द्रलाई खतम गर्ने ।

(४) तमाम असमान सन्धिहरूलाई आपसी सद्भावना, मित्रता, समानता र आपसी फाइदाको आधारमा संशोधन गर्ने ।

(५) समाजवादी देशहरूसँग घनिष्ठ मित्रता कायम गर्ने अन्तर्राष्ट्रिय मामलामा साम्राज्यवाद र उपनिवेशवादका विरोध गर्ने । विश्वशान्तिका निम्ति अथक प्रयास गर्ने । सबै देशहरूसँग शान्ति मित्रता र आपसी सहयोगको आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने ।

(६) देशको सार्वभौमिकता र स्वतन्त्रताको रक्षा गर्ने ।

(७) राष्ट्रहितलाई ध्यानमा राखी देशका विभिन्न जातिहरूको भाषा, साहित्य तथा संस्कृतिको विकास गर्ने ।

(८) देशको चौतर्फी विकास गरी आम जनताको जीवनस्तर बढाउने । देशमा

देखापर्ने अटका शिक्षित वा अशिक्षित, पूर्ण या आंशिक सबै प्रकारका बेकारीको समस्या अन्त गरी काम मामको सुनिश्चित गर्ने । शिक्षा, स्वास्थ्य आदिको सस्तो र समुचित प्रबन्ध गर्ने । समाजमा व्याप्त तमाम कुरीतिहरूको अन्त गर्ने मजदूरहरूको हित हुने गरी कलकारखानाहरूको बन्दोबस्त गर्ने ।

(९) राष्ट्रका तमाम अङ्गहरूको प्रजातान्त्रीकरण गर्ने ।

(१०) कुनै पनि प्रकारको हुकुमशाही तथा एकतन्त्री हुकुमतको विरोध गरी देशका जनताको निमित्त तमाम अधिकार र स्वतन्त्रता (भाषण छापाखाना, सभा, सङ्गठन, जुलुस प्रदर्शन, राजनीतिक पार्टीहरू र जनवर्गीय सङ्गठन तथा अन्य सामाजिक सङ्गठनहरूको स्वतन्त्रता) लाई सुनिश्चित गर्ने । र सरकारको नीति निर्धारण गर्नमा भाग लिन जनतालाई विभिन्न काम गर्ने मौका प्रदान गर्ने ।

माथि भनिएका कुराहरू नै हाम्रा देशका मूलभूत समस्या हुन् र यिनीहरूको समाधानद्वारा मात्र नै हाम्रो देशले गरिबी अशिक्षा र पछौटेपनको काँचुलीलाई फेरी विकासतर्फ लम्कन सक्नेछ । कृषिको उन्नति गर्न होस् वा देशमा कलकारखाना स्थापना गर्नुहोस्, देशबाट गरिबी हटाउन होस् वा शिक्षा र स्वास्थ्यको सुप्रबन्ध गर्नुहोस् राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम नै एकमात्र यस्तो कार्यक्रम हो जसले हाम्रो राष्ट्रको विभिन्न अङ्गको समुचित विकास गर्न सक्नेछ । किसान, मजदूर, युवक, विद्यार्थी, राष्ट्रिय पूँजीपति, बुद्धिजीवी, व्यापारी, मध्यमवर्ग आदि सबैको हितको प्रतिनिधित्व गर्ने कार्यक्रम राष्ट्रिय प्रजातन्त्रकै कार्यक्रम हो । यो कार्यक्रम लागू नहुञ्जेलसम्म माथि भनिएका वर्गहरूको समुचित विकास हुन सक्दैन ।

आजको वर्तमान कालमा सबै क्रान्तिकारी तत्त्वहरूको हित समावेश भएको हुनाले पनि यस कार्यक्रमलाई पूरा गर्नका लागि एउटा व्यापक राष्ट्रिय मोर्चा बनाउनु आवश्यक छ । जसमा किसान, मजदूर, युवक, विद्यार्थी, राष्ट्रिय पूँजीपतिहरूको समावेश हुनेछ । यस्तो राष्ट्रिय मोर्चा बनाई राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई पूरा गराउन व्यापक जनसङ्घर्ष गर्नुपर्दछ, व्यापक रूपमा विभिन्न वर्ग र आम जनतालाई सुसङ्गठन गरिनु पर्दछ । राष्ट्रिय

प्रजातन्त्रको पक्षमा व्यापक रूपमा जनचेतना उठाउनु पर्दछ । आम जनतालाई पाएका अधिकारप्रति सचेत र अरु बढि अधिकार प्राप्त गर्नका लागि क्रियाशील गराउनु पर्दछ । तसर्थ नेपाल कम्युनिष्ट पार्टी सामन्त विरोधी, साम्राज्यवाद विरोधी प्रजातन्त्रीयपक्षी तमाम देशभक्तसँग यस्तो कार्यक्रमलाई पूरा गराउन व्यापक रूपमा आम जनतालाई सुसङ्गठित गर्न एउटा राष्ट्रिय मोर्चा बनाउन अघि बढ्ने आह्वान गर्दछ ।

**सर्वशक्तिसम्पन्न सार्वभौम संसद्को स्थापना गर्न विशाल जनमत तयार गर**

देशलाई गरिबीको कुचक्रबाट उठाई जनजीवनलाई सुखी र समृद्धि गर्ने काम राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमबाट मात्र सम्भव हुन सक्दछ । यो राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई कार्यान्वित गर्न व्यापक रूपमा जनचेतना उठाउनु पर्दछ । तमाम क्रान्तिकारी तत्त्वहरूलाई वर्ग सङ्घर्षमा उतार्नु पर्दछ, अनि देशका सबै क्रान्तिकारी तत्त्वहरूले अविरल रूपमा सामन्ती प्रतिक्रियावादी र विदेशी साम्राज्यवादीहरूले विरोधमा सङ्घर्ष गरिरहनु पर्दछ । व्यापक जनचेतना, व्यापक जनसङ्गठन र क्रान्तिकारी तत्त्वहरूको व्यापक संयुक्त मोर्चाको अभावमा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम लागू हुन सक्दैन, यी केवल कामको योजना मात्र रहन जानेछ । राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम प्रजातन्त्रको अभाव होइन, यी प्रजातन्त्रको अझ विस्तार हो । राष्टिय प्रजातन्त्रको कार्यक्रमले पूँजीवादको सीमित प्रजातन्त्रलाई नपूग भनि हाम्रो समाजको पूर्ण प्रजातान्त्रीकरण हुनु पर्दछ ।

१९६० मा भएको कम्युनिष्ट तथा मजदूर पार्टीहरूको घोषणाले भरेको विरोधी, सामन्तवाद विरोधी प्रजातान्त्रिक पूर्णपूरा गरेर जीवनस्तरमा क्रान्तिकारी सुधार गर्न राष्ट्रिय प्रजा कायम गरेर हासिल भई काम गरिरहेका राष्ट्रिय प्राप्तिलाई साम्राज्यवादीहरूलाई कमजोर तुल्याउने राष्ट्रिय सरकारका नीतिहरूलाई यिनीहरूले समर्थन गर्दछन् । यसको साथै अप्रजातान्त्रिक जनहित विपरीतका कामहरू र राष्ट्रिय स्वतन्त्रतालाई आघात पुऱ्याउने सरकारी कदमहरूको तिनीहरूको तिव्र रूपले विरोध गर्दछन् । पूँजीपति वर्गको प्रतिक्रियावादी अङ्गले आफ्नो स्वार्थी समुचित वर्गीय स्वार्थलाई नै राष्ट्रिय स्वार्थको रूपमा गरेको प्रदर्शनको कम्युनिष्टहरूले भण्डाफोर गर्दछन् र सोही नै उद्देश्यको प्राप्तिको

लागि पूँजीवादी राजनीतिहरूले समाजवादी नाराहरूको शब्दाडम्बरको रूपमा प्रयोग गरेको पनि यिनीहरूले पर्दाफास गर्दछन् । सामाजिक जीवनको पूर्ण प्रजातान्त्रीकरण गर्न यिनीहरू (कम्युनिष्टहरू) ले काम गर्दछन् र निरङ्कुश शासनको विरोध गर्न र यस्तो शासन व्यवस्था (निरङ्कुश व्यवस्था) कायम गर्न देखाइएका रुझानहरूलाई कुण्ठित पार्न यिनीहरूले सबै प्रगतिशील तत्त्वहरूलाई एकताबद्ध गर्ने काम गर्दछन् ।

राष्ट्रिय प्रजातन्त्र कायम गर्न कम्मर कसेको हाम्रो पार्टीले उपरोक्त कम्युनिष्ट तथा मजदूर पार्टीहरूको भनाइलाई राम्ररी मनन् गर्न जरुरी छ । उपरोक्त भनाइलाई ध्यानमा राख्दै हामीले हाम्रो राष्ट्रिय परिस्थितिको राम्रो विश्लेषण गरी हाम्रो नेपाली समाजको राष्ट्रिय प्रजातन्त्रको बाटोलाई पैल्याउनुछ । हाम्रो देशमा राजा महेन्द्रले प्रजातन्त्रको हत्या गरेका छन् । देशमा फौजी तानाशाही कायम गरेका छन् र आम जनतालाई साधारण खालको अधिकारहरूबाट पनि बन्चित गरेका छन् । वि.सं. २००७ सालको जनक्रान्तिको फलस्वरूप देशका जनताले उपभोग गर्दै आएका सीमित प्रजातन्त्रलाईसम्म खोसेका छन् । जनचेतना र वर्ग सङ्घर्षलाई अघि बढाउनुपर्ने ठाउँमा यिनीहरूलाई कुण्ठित गर्ने कुचक्र गरेका छन् । व्यापक जनसगठन गर्नुपर्ने ठाउँमा भएका जनलाई गरेछन् । अरु बढी प्रजातान्त्रीकरण गरी काम गरेका यसरी नेपाली समाजको विकासमा एउटा ठुलो अवरोध राजा महेन्द्रले १ गतेको काण्ड गरी खडा गरेका छन् ।

आजको देशको यस परिस्थितिलाई हेर्दा राष्ट्रिय प्रजातन्त्र कायम गर्न सर्वप्रथम राजा महेन्द्रको फौजी तानाशाह खतम गर्नु आवश्यक छ । हाम्रो नेपाली समाजको विकासमा राजाद्वारा पारिएको अवरोधलाई पन्छाउनु आवश्यक छ । जनताबाट अपहरण गरिएका सबै अधिकारलाई फिर्ता गराउनु प्रजातान्त्रिक आन्दोलनलाई नामञ्जुर गरी हुकुमशाही राजाको मातहतमा राष्ट्रिय प्रजातन्त्र विषम ज्वरको कल्पना कल्पना मात्र साबित हुनेछ । राष्ट्रिय प्रजातन्त्रको अभाव होइन, प्रजातन्त्र विस्तार हो । प्रजातान्त्रिक परिपाटीको अभावमा राष्ट्रिय प्रजातन्त्र कायम हुदैन । तसर्थ राष्ट्रिय प्रजातन्त्र कायम गराउने शृङ्खलाको रूपमा आज राजाको फौजी तानाशाहीको विरोध गर्नु परेको छ । जनताबाट

अपहरण गरिएका तमाम अधिकारहरूलाई फिर्ता गराउनु पर्दछ । प्रजातन्त्रको स्थापनार्थ गरिने यो सङ्घर्षलाई पछि राष्ट्रिय प्रजातन्त्र कायम गर्ने सङ्घर्षको रूपमा विकसित गराउनु पर्दछ । प्रजातन्त्र राष्ट्रिय प्रजातन्त्रको लागि पहिलो सर्त हो, यो हामीले विर्सिनु छैन ।

साथै आजा राजा महेन्द्रको फौजी तानाशाहीको विरोध देशका विभिन्न प्रजातान्त्रिक तत्त्वहरूले गरिरहेका छन् । फौजी तानाशाहीका विरोधमा सघर्षशील यी विभिन्न तत्त्वहरूको बीच देशको मूल समस्याहरूको समाधान गर्ने कार्यक्रममा एकता होइन विरोध छ । कम्युनिष्ट र वामपन्थी शक्तिहरू राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको पक्षमा छन्, पूँजीवादी पार्टीहरू पूँजीवादी कार्यक्रमको पक्षमा छन् । आज कार्यक्रमको मतभेदलाई प्राथमिकता दिने वेला छैन । आज मिलनको ठाउँ खोज्नु पर्ने वेला छ । राजा महेन्द्रको फौजी तानाशाहीको विरोध गर्ने र जनताबाट अपहरण गरिएका अधिकारहरूको फिर्ता गराउने कुरामा आज सबै प्रजातान्त्रिक तत्त्वहरूमा एकता छ र यही नै हाम्रो सङ्घर्षको नारा हुनु परेको छ । पूँजीवादी बाटो राम्रो हो वा राष्ट्रिय प्रजातन्त्रको बाटो राम्रो हो, यो कुरा प्रजातान्त्रिक संर्घषको दौरानमा जनताले टुंगो लगाउने कुरा हो ।

तर साथसाथै हामीले २००७ सालपछिको हाम्रो ऐतिहासिक कटु अनुभवलाई बिर्सनु छैन । २००७ सालको जनक्रान्तीपछि राणाशाहीको १०४ वर्षको" फौलादी किल्ला" ढलेर गयो । सबै शक्ति जनतामा निहित गराउने कुरा टारिँदै गयो । राजालाई प्रजातन्त्रको संरक्षक भनि सबै शक्ति राजामा निहित गरियो । तर यो एउटा मिठो कल्पना मात्र साबित भयो । राजाले यस मौकाबाट फाइदा उठाई एकपछि अर्को अधिकार खोस्दै गए । २०१५ सालमा चुनाव गराउन जनताले संर्घष गर्नुपर्‍यो, तर २०१७ साल पौष १ गतेको काण्ड गरी सो संसद पनि राजाले भङ्ग गरे । यो हाम्रो राष्ट्रिय जीवनको एउटा ऐतिहासिक कटु अनुभव हो, राजा प्रजातन्त्रको संरक्षक होइन, बरु राजाको हातमा शक्ति रहुञ्जेल राजकोट राजाको हातमा शक्ति राखी सविधानसभाको कुरा गर्नु राष्ट्रिय प्रजातन्त्रकै कुरा गर्नु अथवा संसदीय व्यवस्थाकै कुरा गर्न राजनीतिक मूर्खता मात्र हुनेछ । आजको प्रजातान्त्रिक आन्दोलन चलाउँदा

हामीले यस कटु अनुभवलाई बिर्सिनु छैन । आजको आन्दोलनको कर्तव्य हिजोका अधिकारहरूको फिर्ता मात्र नभई सबै शक्ति जनतामा हस्तान्तरण गराउनु हुन आएको छ ।

तसर्थ कम्युनिष्ट पार्टी आजको ऐतिहासिक आवश्यकतालाई जनसमक्ष राख्ने माग गर्दछ ।

(क) राजाबाट सबै शक्ति जनतामा हस्तान्तरण गर
(ख) सर्वशक्तिसम्पन्न सार्वभौम संसद्को स्थापना गर

सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को माग गणतन्त्रको माग होइन । कम्युनिष्ट पार्टीको यो स्पष्ट मत छ, आजको सङ्घर्ष राजतन्त्र र गणतन्त्रको होइन । आजको सङ्घर्ष राजाबाट शक्ति हस्तान्तरण गरी जनतामा निहित गराई देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गराउनु हो ।

विगत संसदीय व्यवस्थाको सीमित जनताको मूलभूत समाधान गर्न नसकेको सर्वविदित नै छ । नेपाली जनता एकातिर राजाको फौजी तानाशाहीको विरोधी छन् भने अर्कोतिर सीमित पूँजीवादी प्रजातन्त्रबाट पनि सन्तुष्ट छैनन् । तसर्थ कम्युनिष्ट पार्टीको मत छ, सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को स्थापना गर्ने राष्ट्रिय प्रजातान्त्र कायम गर्ने सङ्घर्षको एक अभिन्न अङ्ग हो । सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्तापनार्थ गरिने सङ्घर्षको वेलामा नै देशका तमाम क्रान्तिकारी तत्त्वहरूले व्यापक एकता बनाइ यस सङ्घर्षलाई राष्ट्रिय प्रजातन्त्रसम्म लान अठोट गर्नुपर्दछ । कम्युनिष्ट पार्टी यसतर्फ सधै क्रियाशील रहनेछ ।

न त सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को माग राष्ट्रिय प्रजातन्त्रको माग हो । ग्रेट ब्रिटेनमा सर्वशक्ति सम्पन्न सार्वभौम संसद् छ तर ग्रेट ब्रिटेन न त समाजवादी राष्ट्र हो न त्यहाँ राष्ट्रिय प्रजातन्त्र नै छ । पूँजीवादी प्रजातन्त्रको अवलम्बन गर्ने होस् वा राष्ट्रिय प्रजातन्त्रको पक्षपाती होस् दुवैको लागि सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को आवश्यकता छ । सबै शक्ति जनताबाट निर्वाचित संसदमा रहुन्जेल हाम्रो नेपालमा न पूँजीवाद कायम हुन सक्छ न त राष्ट्रिय प्रजातन्त्र । यस अर्थमा सर्वशक्तिसम्पन्न सार्वभौम

संसद एउटा ऐतिहासिक आवश्यकता हो र भिन्दाभिन्दै कार्यक्रमको अनुशरण गर्ने प्रजातान्त्रिक शक्तिहरूको मिलनको बिन्दु पनि हो । यसकारण आजको प्रजातान्त्रिक आन्दोलनको नारा हो सर्वशक्ति सम्पन्न सार्वभौम संसद्को चुनाव गराऊ ।

आज देशका तमाम प्रजातान्त्रिक तत्त्वहरूले सर्वशक्तिसम्पन्न सार्वभौम संसद्को स्थापना गराउन व्यापक एकता कायम गर्नु परेको छ । देशमा प्रजातन्त्रलाई सुदृढ, स्थायी र विकसित गर्न व्यापक प्रजातान्त्रिक एकता बनाई सर्वशक्तिसम्पन्न सार्वभौम संसद्को चुनाव गराउन अघि बढ्नु परेको छ ।

२०१९ बैशाख ४ देखि १९ सम्म वनारसमा सम्पन्न नेकपाको तेस्रो महाधिवेशमा पारित राजनीतिक प्रस्तावको केही महत्त्वपूर्ण अंश लेखको रूपमा प्रस्तुत गरिएको छ ।

# कुन बाटो ?

## (बहसको निम्ति)

विषयप्रवेशः

नेपाल पत्रको वर्ष २ अङ्क २ मा लेख्नुहुन्छ,

तथाकथित भूमिसुधारले आज लाखौँलाख बेदखली गर्ने र भूमिमा सामन्ती भूस्वामित्व कायमै रहेको हुनाले "ऐन मौकामा जनतालाई गलत विचार दिई पछि आएर आफ्नो कुरा आफै काटेर हुन्छ के ? खेतको तमाम अन्न चराले खाई सिद्धिए पछि, स्यू हाः भनेर फाइदा के ? जे भन्ने हो यथा समय यथा स्थान भन्नु पर्छ, नत्र भूमिसुधार आउँदा यसलाई राम्ररी नै समर्थन गर्ने, आज अवमूल्यन गराउनको निम्ति तर्क दिदाँ भूमि सुधारले किसानहरूलाई व्यापक बेदखल गरेको छ भन्ने दोहरो नीतिले देश र जनतालाई नोक्सान नै गर्नेछ। "

आज "मूलबाटो" निकाल्यो, भोलि त्यसको ठीक विपरीत अर्को राजनीति निकाल्यो, भोलि ठीक त्यसको विपरीत अर्को राजनीति निकाल्यो यसलाई राजनीति ढुलमुलपना भन्ने हो कि, अथवा जानी बुझिकन गरिएको राजनीतिक बेइमानी भन्ने हो ? यस्तै राजनीति पार्टी भित्रको झगडाको मूल कारण हो। यस्तो राजनीति पार्टीलाई तहस नहस गर्नु, पार्टीकार्य ठप्प पर्न जानु र साथै देश र जनतालाई धोखा हुनु स्वाभाविक हो। स्पष्ट छ हामीले वैज्ञानिक विश्लेषणको आधारमा, मार्क्सवादी-लेनिनवादी सिद्धान्तको ज्योतिमा देशको क्रान्तिकारी राजनीति बुझ्याएर सुरुदेखि नै यस्तो राजनीतिमा जनतालाई दिक्षित गर्दै जानु आवश्यक छ आज एक रुखलाई विल्कुल सीधा छ भनी ठोकेर भनि भोलि उही ब्यक्तिले उही रुखलाई लिएर सो रुख बाङ्गो छ भनि देखियो भन्दा भन्दा स्पष्ट छ या त्यस ब्यक्तिको आखाँमा एक भयङ्कर दोष

छ, होइन भने सो व्यक्तिले मौका अनुसारको कुरा गरी जनतालाई धोखामात्र दिँदोरहेछ भन्ने सावित हुन्छ ।

न व्यक्तिलाई यस्तो गर्ने अधिकार हुन्छ, न पार्टीलाई । यदि पार्टी आम मेहनतवश जनताको नेता हो भने निश्चित छ, पार्टीले मार्क्सवादी लेनिनवादी ज्योतिमा, वैज्ञानिक विश्लेषणको आधारमा सत्य र तथ्यलाई पहिलो नै ठम्याएर ठीक-ठीक क्रान्तिकारी राजनीति ठम्याउनु जरुरी छ ।

आज हाम्रो पार्टीका जिम्मेवार नेताहरूको चल्ने आम पार्टी कार्यकर्ताहरू, तथा यसैको द्वारा जनतामा राजाको थप हुकुमशाही व्यवस्था प्रति विल्कुल असंतोष र अनावस्था हुँदाहुँदै पनि यस हुकुमशाही व्यवस्थाको चरित्र टुङ्गयाउन र यस व्यवस्थाप्रति कसरी विश्वास आउने भन्ने कुरोमा विल्कुल भ्रम छ यस भ्रमलाई राखी हामीले कदापि आफ्नो देश र जनताको मुक्तिको मार्ग पत्ता लगाउन सक्ने छैनौँ, हामीले पार्टीमा एकता स्थापित गर्न सक्ने छैनौँ । सिद्धान्तहीन मान्छेको भीडलाई एकता मान्दैनौँ । यस्तो भीड फुटबलको मैदानमा र आम बजारमा पनि पाइन्छ । भीड र एकता उही होइन । निश्चय पनि पार्टीले यस देशलाई विदेशी साम्राज्यवाद तथा विदेशी एकाधिकार पूँजी तथा देशीय सामन्तवाद तथा प्रतिकृयावादको चंगुलबाट बचाउनु छ भने राजनीति दृष्टिकोणले स्पष्ट मार्क्सवादी-लेनिनवादी सिद्धान्तको आधारमा टिकेको मार्क्सवादी-लेनिनवादी सैद्धान्तिक नीतिले सुदृढ एकतामा बाँचिएका पार्टीको निर्माण गर्नु जरुरी छ ।

पार्टीको शक्ति र अजेयता यस पार्टीको एकता र एकरूपतामा निहित छ । जबसम्म पार्टीभित्र राजनीति अवसरवादिता अथवा आत्म-समपर्णवादिता रहने छ पार्टीको एकता र एकरूपना असम्भव छ । एकता भन्नाले लेनिनको मतलब थियो पार्टी-सदस्यहरू र पार्टी सङ्गठन एउटै सिद्धान्त, राजनीति र सङ्गठनात्मक नीतिलाई व्यवहारमा ल्याएर एउटै दिशामा अगाडि बढोस् । जहाँ पार्टी नेतृत्वको दिमागमा राजनीतिक भ्रम रहन्छ अथवा बेइमानी रहन्छ अथवा क्यामेलियनले (छेपारो) झैँ आफ्ना रङ्ग पटकै पिच्छे बदल्छ भने पार्टीले एक भै एकरूपमा कसरी अगाडि बढ्न सक्नेछ ? तसर्थ पार्टी एकताको मतलब

स्पष्टतः यो हुन आउँछ कि पार्टीभित्र राजनीतिक खेल खेल्ने अवसरवादी तत्त्व नहुन अति आवश्यक छ : पार्टी भित्र दोहोरो चरित्र राख्ने तत्त्व नहुनु अति आवश्यक छ । शाही हात्तीको दाँतझै पार्टीको तमाम व्यवहारमा लैजाने राजनीति र अर्थनीतिमा संशोधनवादी अनि यस संशोधनवादितालाई लुकाउन त्यस माथि क्रान्तिकारिताको रामनामी । जबसम्म पार्टी भित्र यस्तो चलखेल्ने तत्त्व रहने छ, पार्टी एकता असम्भव छ । पार्टीको अरू नीति लचकदार हुन सक्तछ, तर पार्टीले सिद्धान्त र राजनीतिकको सवालमा कदापि रियायत दिन सक्तैन । लेनिन हर बखत यस कुरोको पक्षपाती थिए कि सिद्धान्तमा आधारित नीति नै सबभन्दा राम्रो नीति हो ।

आज हाम्रो देश र जनताको मुक्तिको निम्ति स्पष्ट सिद्धान्त र स्पष्ट राजनीतिको जरुरत छ । यसै उद्देश्यलाई लिई र "कुनबाटो" पार्टीका आम सदस्यहरू, आम कार्यकर्ताहरू र आम मेहनतकश जनतासँग छलफलको निम्ति सबैको अगाडि राखिएको छ । यसको एकमात्र उद्देश्य हो हाम्रो देश र जनतालाई विदेशी साम्राज्यवाद, नव-उपनिवेशवाद तथा देशीय प्रतिक्रियावादको चंगुलबाट देशलाई निकाल्ने बाटो खोज्न यस बाटो खोजीमा कसैले मार्क्सवाद लेनिनवादको ज्योति जलाएर वैज्ञानिक विशेषणको आधारमा पूर्णरूपले नै आलोचना गरेर देश र जनता खासगरी मेहनतकश जनताप्रति वफादार नयाँबाटो देखाउँछन् भने "कुन बाटो"ले निश्चय पनि स्वागत गर्ने छ । यस्तै वैज्ञानिक विश्लेषणको आधारमा देश जनताप्रति वफादार भएर आएको संसोधन प्रति पनि कृतज्ञ नै रहने छ । तर देश जनतामा भ्रम फैलाउन आउने हर अवसरवादी राजनीतिको मुकाबला गर्ने आह्वान गर्दछ । विश्व मजदुर वर्ग तथा विश्वको तमाम मेहनतकश जनताको आदि गुरु महान् मार्क्सको निम्न कुरोलाई हर बखत शिरोधार्य गरी ठीक-ठीक क्रान्तिकारी बाटोको खोजीमा "कुन बाटो" आएको हो । मार्क्स भन्दछन् , "म वैज्ञानिक आलोचनामा आधारित प्रत्येक मतलाई स्वागत गर्दछु । जहाँ सम्म तथाकथित लोकमतको पूर्वग्रह सम्बन्ध, जसलाई मैले कहिलै रिआयत दिइन, पहिले जस्तै आज पनि मटान फ्लोरेन्सवासीको यो सिद्धान्त मेरो पनि सिद्धान्त हो"

(Seque it two corse, elseia dir le genti)" तिमी आफ्नो बाटोमा लागि राख अरुले जे भन्छ भन्न देऊ ।"

**नेपाल कता ?**

२०१७ पौष १ गते राजा महेन्द्रले नेपालमा स्थापित प्रजातान्त्रिक व्यवस्था खतम गरी आफ्नो खान्दानको एकतन्त्री हुकुमी व्यवस्था स्थापना गरेको छ । हाम्रो अगाडि एक सवाल उठ्छ राजाको यस फौजी कारवाहीले हाम्रो देशलाई कता लैजादैछ ? राजाको कारवाही के देश र जनताको हितको निम्ति हो ? राजाको यस कारवाहीले के संसारको साम्राज्यवाद विरोधी, सामन्त विरोधी शक्तिलाई मदत पुऱ्याउने छ ? अथवा देशको असंलग्न परराष्ट्रनीतिलाई बल दिई विश्वशान्ति कायम हुनेछ ? आखिर राजाको यस कारवाहीको मकसद के हो ?

राजाका एक एक कार्यलाई केलाएर हेरौँ । राजा नेपाल र नेपाली जनतालाई कता डोऱ्याउँदै छन् । लुटेराहरूले कसैलाई कही कसैलाई लुट्न अथवा बलात्कार गर्नु पऱ्यो भने सर्वप्रथम त्यस व्यक्तिको मुख थुन्छ, ताकि उसले कसैलाई पुकार्न नपरोस् राजा महेन्द्रले संसदीय व्यवस्था खतम गरी आफ्नो एकतन्त्री हुकुमत खडा गर्ने बित्तिकै पहिलो कार्य जनताको बोल्ने, लेख्ने र सङ्गठन गर्ने अधिकार खोसे ताकि जनताले आफूमाथिको शोषण, दमन, अन्याय र अत्याचारको विरोधमा बोल्न र सङ्घर्ष गर्न नपाओस् । यसरी जनताको लेख्ने, बोल्ने, सभा सङ्गठन गर्ने अधिकार खोसी राजाले देशमा फौज तथा पुलिसराज खडा गरेको छ । पुलिस, फौजले जहाँ जेसुकै अन्याय गरून्, बोल्ने र यसको बिरोधमा लेख्ने, कसैलाई अधिकार छैन । यस बाहेक कसरी केन्द्रमा राजाको एकतन्त्री हुकुमत चल्यो गाउँघरमा जालिफटाहा तथा सामन्तहरूको मनमानी राज चल्न थाल्यो । राजाले पंचायतहरू स्थापना गरे, तर पंचायतहरूलाई जनताको सेवा-गर्नु भन्दा गाउँघरमा आएका-गएकाहरूको रिपोर्ट राख्ने र सरकारलाई सूचना दिने, जनतासँग करहरू तथा अन्य जबर्जस्ती चन्दा असूल गर्ने विशेष जिम्मेवारी दिएको छ, यसरी पंचायत जनताको सेवाको निम्ति भन्दा राजाको एकतन्त्री हुकुमतको गुप्तचरको रूपमा

काम गर्ने, चन्दा र कर असूल गर्ने, जनतासँग बिना तलब ज्याला काम लिने र सामन्त शोषक र जाली फटाहाहरूको पक्ष लिई काम गर्ने जिम्मेवारी नै दिएको छ। यो पनि योजना छ कि राजाले हरेक पंचायतमा सल्लाहाकारहरूको रूपमा २-२ जना पीश-कोरका सदस्यहरू पुगेका छन्। अहिलेसम्म नेपालमा १३५ जना पीश-कोरका सदस्यहरू पुगेका छन्। यी सदस्यहरूको संख्या बढ्दै नै छन्। यो भनिरहनु पर्ने कुरो होइन कि पीश-कोर अमेरिकी गुप्तचर विभागको अभिन्न अङ्ग हो। यसरी राजाले तमाम गाउँघरमा साम्राज्यवादीहरू निगरानी राख्ने यन्त्र मिलाएको छ। अनि तमाम जनतामाथि शोषण, दमन गर्ने पूरा यन्त्रको निर्माण गरेको छ। राजाले जनतामाथि यस्तो दमनकारी यन्त्र फैलाएर जनताले कहीँ कतैबाट उम्कने बाटो बन्द गरेको छ।

यसरी दमनकारी यन्त्र सिर्जना गरि राजाले जनतामाथि निर्मम शोषण गरी उनीहरूको जीवन बर्वाद पार्दैछ। जनतामा खर्चालु बानी बसालेको छ, जनतामा खाओ, पीओ, मोज उडाओ भन्ने भावनाले भरि दिएको छ, जनतामा कसैलाई कसैको सरोकार नराख्ने व्यक्तिवादी बानी बसालेको छ। यस्तो स्थिति अन्तरगत जनताको आर्थिक सङ्कट बढने सिवाय घटने छैन, अनि त्यसमा थप महङ्गी, बेकारीले जनताको आर्थिक जीवन जर्जर पारेको छ। आज महिनाको रु. ४०० । (चार सौ) कमाउने आफ्नो परिवारलाई दिनको दुई छाक ख्वाउने नसक्ने स्थिति पैदा गरिदिएको छ। यसमा थप जनतामाथि अनेक करको इन्जाम गरेको छ। घरमा कर, कुनै वस्तु किन्दा कर, बाटो घाटोमा कर, पुल तर्दा कर, नदीमा माछा मार्दा कर, जङ्गलमा घाँसपात लिदाँ कर, बालक जन्मदा कर, मर्दामा सम्ममा कर, अनि चन्दाको नाउँमा जर्वदस्ती थाली लोटा गहना बेचाएर पैसा असूली गर्नु, श्रम गर्नेको नाउँमा पटकै पिछै १५-१५, २०-२० दिनको बिना तलब ज्याला जबरजस्ती काम लिने प्रथाको चलन चलाएको छ। यो चन्दा पुरानो सलामी प्रथा भन्दा चर्को छ भने श्रमदान पुराना वेठवेगारी भन्दा पनि दुसाध्य रूपमा आएको छ। यो एक प्रकारको फोर्सड लेबर (जबरजस्ती लिइने फासिस्ट तरिकाको श्रम हो) राजाको यस नीति अन्तरगत जनताको जीवन तबाह भई आफ्नो घरखेत बेचेर

बर्वाद भई बिदेशिनु नै एकमात्र बाटो रहन्छ ।

एकातिर नेपाली जनजीवन तवाह गरिँदैछ भने राजाको ऐश-आरामको निम्ति पूरा प्रबन्ध गरि लिएको छ । राजाको भनाई र व्यवहार फरक पाइन्छ । राजा देश निर्माणको नाउँमा जनतासँग त्याग, तपस्या र बलिदानको माग गर्दछ । तर व्यवहारमा हेर्ने हो भने देशको निर्माण होइन राजा, राजपरिवार, राजाको दरवार अनि राजाको भाइभारदार र चाप्लुसीहरूको निर्माण हुँदैछ । प्रचारमा ल्याईन्छ कि राजाले आफ्नो खर्च २ लाख घटाएको छ तर व्यवहारमा हेर्ने हो भने राजाको खर्च निरन्तर रूपमा बढदै गइरहेको छ ।

राणाशासन कालमा राजाको सालाना खर्च ३ लाख थियो । प्रजातन्त्र आउने बित्तिकै राजाको खर्च ५-सरकारको नाउँमा ५ लाख पुग्यो । अनि एकपछि अर्को मन्त्री मण्डल पदनी पीछे आफ्नो खर्च क्रमशः ११ लाख २१ लाख र अनि ४७ लाख पुऱ्याउने काम भयो । जुन वेला संसदीय व्यवस्था थियो राजाको खर्च ४७ लाख पुगी सकेको थियो । राजाको यस लुटको विरोध कहि कतै हुन नपावस भनि राजाले दिएको संसदीय विधानले राजा र राजपरिवारको खर्च तथा चाल चलन बारे संसदभित्र पनि बोल्न नपाउने गरिदिएको थियो । संसदीय व्यवस्था खतम गरी राजाले त्याग र तपस्याको पाठ जनतालाई पढाए । जनता माथि अनेक कर, श्रमदान, चन्दा आदिको चलन चलाए तर अर्कोतिर आफ्नो र आफ्नो परिवारको खर्च रु. १,५०,००,००० । डेढ करोड) पुऱ्याउने काम भयो । यस बाहेक राजाको हरेक छोराहरूलाई जग्गा किन्न रु. २,५०,००० । (ढाई लाख) र घर बनाउन रु. ५,००,००० । (पाँच लाख) एक मुष्ट दिने कानून पनि राजा महेन्द्रले बनाएको छ । (राजपरिवार खर्च व्यवस्था ऐन २०१८)

के यही राजाको त्याग तपस्या नमूना हो ? के यही देश निर्माण हो ? के यसले स्पष्ट गर्दैन राजाले देशमा हुकुमशाही व्यवस्था स्थापना गर्नाको मकसद के हो ? राजा नेपाल र नेपाली जनतामाथि मध्ययुगीन शोषण र बर्बर अवस्था कायम गर्न चाहान्छ । यसै निम्ति राजाले यो नियम हुकुमी व्यवस्थाको स्थापना गरेको हो । राणा शासन कालमा राजाले पाउने खर्चसँग तुलना गर्ने

हो भने राजाको खर्च ५० गुना बढेको छ, संसदीय व्यवस्था अन्तरगत राजाले पाउने खर्चसँग तुलना गर्ने हो भने राजाको खर्च ३ गुना बढेको छ ।

के जनताको आम्दानी राणाशासन कालमा भन्दा अहिले ५० गुना बढेको छ ? अथवा संसदीय व्यवस्था अन्तरगत भन्दा आज ३ गुना बढेको छ ?

राजाका यस एकतन्त्री हुकुमतअर्न्तगत जनताको जीवन कदापि सुखी र सम्पन्न हुने छैन । राजाको यो एकतन्त्री हुकुमत अन्तरगत जन-जीवन उत्तरोत्तर बर्वाद नै भएर जाने छ ।

## भूमि सुधार

राजाले भूमि सुधारको घकोसला गरे । किसानहरूले यस भूमिसुधारबाट केही पाउला भन्ने आशा गरे । तर राजाको भूमि सुधार किसानलाई भूमि दिनको निम्ति होइन, किसानको ऋण खारेज गर्नको निम्ति होइन, भन्ने कुरा स्पष्ट छ । यो भूमिसुधार अन्तरगत २५ विघाको हदबन्दी गरियो, तर ठुला-ठुला भूमिपतिहरू जसले आफ्नो जमीन पूँजीवादी खेतीमा परिणत गर्न सक्छ अथवा आफ्नो खेत बगान, बगैँचामा परिणत गर्न सक्छ अथवा कारखानाको नाममा खेत राखिन्छ भने यस्तो खेतलाई हदबन्दी र कानूनबाट मुक्त गरि दिएको छ । यसरी ठुलाठुला सामन्तहरूको खेतहरू उखु बगान, चिया बगान, कफि बगान, कपास खेती, सुती खेती आदि पूँजीवादी खेतीहरूमा परिणत गर्न दिई हदबन्दीबाट मुक्त गरि दिएको छ । यसरी यस भूमिसुधार अन्तरगत किसानलाई दिन जमीन निस्कँदैन र कहि कहि निक्ली हाल्यो भने बिक्री वितरणको चलनले गर्दा किसानहरूले पैसा तिरेर मात्र सो खेत पाउने गर्छन् । आज हाम्रो नेपालको खेतीहीन तथा गरीब किसानहरूको स्वयम् ऋण डुबी राखेको छ भने उनीहरूले पैसा तिरेर खेत लिनु असम्भव छ । जहाँसम्म मध्यम किसान र धनी किसानको सवाल छ जसको आफ्नो ४ विघा खेत छ उनीहरूले सो हद्बन्दीबाट निक्लेको खेत किन्न चाहेर पनि किन्न पाउदैनन् ।

आफूलाई जति चाहे पनि खेत किन्न पाउने एउटै वर्ग छ त्यो हो ठुला-ठुला सामन्तहरू तथा ठुला-ठुला एकाधिकार पूँजीपतिहरू । हाम्रो राष्ट्रका

नागरिकहरू मध्ये यस्ता ठुला-ठुला धनी सामन्तहरूले जति वटा बगान राखे पनि हदबन्दी छैन खुद राजाका छोराहरू मध्ये हरेकले जग्गा किन्न एक मुष्ट रु. २,५०,००० । (ढाई लाख) पाउँछन् भने के त्यस रकमले २५ विघाको हदबन्दी भित्र मात्र जग्गा किन्दो होला । आज कतिपय ठुला-ठुला सामन्तहरूले आफ्नो जमीन पशुपालन केन्द्र, चिया बगान, उखु बगान तथा अन्य पूँजीवादी खेतीमा परिणित गरि सकेको छ ।

यस बाहेक हाम्रा नागरिकहरूले जुन सहुलियत पाएका छन् ती तमाम सहुलियत विदेशी पूँजीले पनि पाएका छन् । राजाको एकतन्त्री हुकुमत स्थापना हुने बितिकै राजाले विदेशी पूँजीलाई निमन्त्रणा दिएर उनीहरूले अन्य उद्योगहरूको साथै कृषि उद्योगको नाउँमा जतिवटा बगानहरू बनाएर राखे पनि हुने गरि दिएको छ । हजारौँ हजार विघाको जग्गा चिनी, सुर्ती बगान, डेयरी फर्म, चिया बगान, उखु बगान, फलफूल बगान बनाएर हाम्रो देशको जग्गाको मालिक बन्ने अधिकार उनीहरूले पाएका छन् । अहिले पुन २ नं.को जिरि इलाकाका कोसौ-कोस जग्गा ब्रिटिस र स्वीसहरूले डेयरी फार्मको निम्ति पाएका छन् भने अमेरिकी पूँजीले करिब ४०० एकड जमीन जनकपुरमा लिएको छ । ढोर पाटनमा ५ माइल जति जमीन आज त्यहाँको जनतालाई हाहाकार गरी लिने काम भएको छ । यसरी स्वदेशी वा विदेशी एकाधिकार पूँजीले जुन जग्गा कब्जा गर्दै जाने छ सो जग्गा कदापि जनताको हातमा फर्केर आउने छैन ।

बरु कालान्तरमा विदेशी एकाधिकारको पूँजीको होडमा टिक्न नसकी हाम्रो स्वदेशी सामन्तहरूको हातबाट पनि जमीन खुस्कदै जमीन विदेशीहरूको हातमा जाने धेरै सम्भावना छ । स्वदेशी ठुला-ठुला सामन्तहरूको निम्ति होस् वा विदेशी एकाधिकार पूँजीको निम्ति होस् जुन वेला जति जमीन जहाँको चाहिन्छ लिई दिने कानून राजा महेन्द्रले बनाएको छ । (उद्योग संशोधित कानून २०१८/०१९)

यसरी ती सानातिना सामन्तहरू जसले आज आफ्नो परिवारमा लुकाउन सफल भएका छन् । उनीहरूको जमीन पनि यी स्वदेशी विदेशी ठुला-

ठुला सामन्त पूँजीपतिहरूका अगाडि सुरक्षित छैन । उनीहरूलाई चाहेको वेला गोल्छाजीलाई बालाजुको जग्गा दिलाई दिए झैँ मिलिट्री पठाएर ती सानातिना सामन्तहरूसँग जग्गा खोसी ती पूँजीपतिहरूको बगैंचा, बगान अथवा कलकारखानाको निम्ति जग्गा यो एकतन्त्री हुकुमतले आफैँले दिलाई दिनेछन् । यसरी राजाको यस अर्थनीति अन्तरगत सानातिना किसानहरू र साधारण मध्यमवर्गहरूको अगाडि मात्र होइन हाम्रो देशको मध्यम खालका सामन्तहरूको अगाडि पनि जमीनका सवाललाई लिएर एक जटिल समस्या खडा गरिदिएको छ । यस बाहेक ती सानातिना सामन्तहरू एक-आध पुस्तामा स्वतः पनि खतम भएर जाने छन् कारण आज कुनै व्यक्तिको नाउँमा १५ विघा खेत छ भने अर्को २५-३० वर्ष पनि सो व्यक्ति एक्लै नभई जहान छोरा छोरी नातिहरूले घेरि सकेको हुन्छ । अर्कोतिर जमीनले निश्चय पनि छोरा छोरी पाउर्दैन । फलतः एक आधा पुस्तामा आजको २५ विघाको मालिक जनहि एक आधा विघाको मात्र मालिक बन्न पुग्छ । आजको धनी किसान भोलि गरीब किसान हुन पुग्छ । यसरी बिग्रेका किसानहरू मध्यम वर्गहरू तथा सानातिना सामन्तहरूको जमीन क्रमशः स्वदेशी ठुला-ठुला सामन्तहरू अथवा विदेशी एकाधिकार पूँजीकै हातमा जाने छ, जो एक पटक उनीहरूको हातमा गएपछि फेरि हाम्रो स्वदेशको हातमा फर्कने नाउँ लिने छैन, अनि राजाको यस अर्थनीति अन्तरगत हाम्रो देशको जग्गा जमीन मलाया, ग्बाटेमाला, ब्रिटिस गायना, कांगो आदिमा झैँ विदेशी पूँजीपतिहरूको सम्पत्तिको रूपमा रहन जाला भन्ने कुरोमा के सन्देह छ ? राजाको यस भूमिसुधारले जहाँ हाम्रो देशका नागरिकहरूलाई गरीब बनाएर पठाउने छ अर्कोतिर ठुला-ठुला सामन्तहरू तथा विदेशी एकाधिकार पूँजीको स्वार्थ नै पोख्नेछ ।

यस बाहेक राजाको यस भूमि सुधार अन्तरगत किसानहरूको कुनै पनि ऋण खारेज भएको होइन । पुरानो ऋणहरू नयाँ पार्ने नै काम भएको छ र ती तमाम ऋणहरू किसानहरूसँग गाई, भैँसी गहना-गुरिया, घरखेत बेचाएर असूल उपर गर्ने कानून नै राजाले बनाएको छ ।

अनि अनिवार्य बचतमा दिनको छाक नटर्ने किसानहरू अथवा अरु पनि

जनतासँग घर खेत बेचाएर, धान किन्न लगाएर भकारी भराइँदैछ ।

यी तमाम कारवाहीले गरीब किसानहरू तथा अन्य जनतालाई मर्का नै पारेको छ र यिनीहरूलाई छिटै छिटै भएको सम्पत्ति बेचाएर सर्वहारा बन्नमा बाध्य गरेको छ ।

राजाको यस भूमि सुधारले खेतीहीन अथवा गरीब किसानलाई कुनै फाइदा पुऱ्याएको छैन बरु उल्टो उनीहरूलाई सङ्कटमा पार्ने काम नै गरेको छ । यस बाहेक मध्यम वर्ग तथा सानातिना सामन्तहरूलाई पनि अन्तमा गै खतम गर्ने कार्य नै यस भूमि सुधारले गरेको छ । यस भूमि सुधारले कसैको सेवा गरेको छ भने त्यो हो हाम्रो देशका ठुला-ठुला सामन्तहरू तथा विदेशी एकाधिकार पूँजीपतिहरू हाम्रो देशको बगैचा, बगान र कलकारखानाका मालिकहरू बन्छन् । जहाँ गरीब जनतामाथि अनेक करहरू लाउने कार्य राजाले गरेको छ, यी ठुला-ठुला पूँजीपतिहरूलाई कम से कम १० वर्षसम्मको निम्ति आयकरबाट मुक्त गर्ने कार्य राजाले गरेको छ ।

## उपनिवेशवादी अर्थनीति

राजाले एकातिर आफ्नो देशको जनतालाई सर्वहारा वर्ग परिणत हुन बाध्य गरिहेका छन् भने अर्कोतिर विदेशी पूँजीलाई देशभित्र हुलाई ठुला-ठुला सामन्तहरूको साथै विदेशी एकाधिकार पूँजीपतिहरूको एकाधिकार मजबुत जमात पनि सिर्जना गर्ने कार्य गर्दै छन् । बालाजु एकाधिकार, भारतीय एकाधिकार पूँजीपति गोल्छाजीको ऊनी कारखाना खोल्ने काम भएको छ भने विडलाजीसँग ८ वटा कलकारखाना र अरु कारोवारहरूको निम्ति कुराकानी चल्दैछ । विडलाजीको पूँजी हाम्रो दाङ्को कोइलाखानी कब्जा गर्ने पुगी सकेका छन् । जनकपुरमा ४०० एकड जमीन अमेरिकीहरूले लिइसकेका छन् भने पूर्व २ नं. जिरी इलाको कोसौँ जमीन कब्जा गरी ब्रिटिस तथा स्वीस पूँजीले डेयरी फार्म खोलन लागेका छन् । हाम्रो देशको राजाको भन्दा ठेकेदार आ. इज्राइली पूँजी छ भने अरु नि विदेशी पूँजीपतिहरूलाई अनेक सहुलियत दिई निमत्याउन कार्य राजा महेन्द्रले गदैछन् । ढोर पाटनमा पुस्तौँदेखि हाम्रो

देशको जनताले आफ्नो घोडा, भैसी, गाई, भेडा चराइआएको जग्गा राजा महेन्द्रले स्वीसहरूको हातमा दिने काम गरेको छ । यस बीचमा हाम्रो स्वदेशी पूँजीले अत्यन्त कम विकास गर्ने मौका पाएको छ । हाम्रो देशको राष्ट्रिय पूँजीपतिहरू कति कमजोर हालतमा छन् भन्ने कुरो परवानीपुरको आइरन फाउड्रले स्पष्ट पर्दछ । जे होस् राजा महेन्द्रले हुकुमी राजमा स्वदेशी पूँजीले होइन विदेशी पूँजीले नै हाम्रो देशको खेत कलकारखाना ठेक्का खानिहरू, बगानहरू, आदिमाथि द्रुतगतिले कब्जा गर्ने मौका पाएका छन् । निश्चय पनि यी विदेशी पूँजीको कब्जामा जति त्रास बढ्दै जानेछ उति नै हाम्रो स्वदेशी पूँजीले विकास गर्न असम्भव भएर जाने छन् । स्पष्ट छ राजाको यस अर्थनीति अन्तरगत स्वदेशी पूँजी होइन, विदेशी पूँजीले नै विकास गरेर जाने मौका पाएको छ । र राजाले अझ पनि जोड दिई विदेशी पूँजीलाई हाम्रो देशभित्र निमन्त्रणा दिँदैछन । राजाको यस अर्थनीति अन्तरगत हाम्रो देशको अर्थनीति व्यवस्था कदापि स्वतन्त्र खाले अगाडि बढ्न सक्ने छैन । बरु हाम्रो देश खेत, बगान, बगैंचाको अलावा खानी, कारखानाहरूमा विदेशी पूँजीले नै कब्जा जमाउदै जाने छन् । अनि हाम्रो देशको कच्चा मालमा कब्जा जमाउनाको साथै हाम्रो देशको बजारमा नै कब्जा जमाई हाम्रो जनताको श्रमशक्तिलाई पनि येथेष्ट शोषण गर्दै जाने छन् । साम्राज्यवादी-विदशी पूँजीको यस शोषणले हाम्रो देशका जनताको जीवनहरू उपनिवेशिक देशको जनताको जीवन तवाई भै जाने छ । राजाको यस एकतन्त्री हुकुमत अन्तरगत स्वतन्त्र राष्ट्रिय पूँजीले होइन उपनिवेशवादी अर्थ पूँजीले नै आफ्नो हात खट्टा फैलाउने मौका पाएको छ । राजाले हाम्रो देशमा स्वतन्त्र राष्ट्रिय अर्थ व्यवस्था होइन उपनिवेशवादी अर्थ-व्यवस्थानै सिर्जना गरेर गइरहेका छन् ।

## राजाको नयाँ वर्ग आधार ?

आखिर किन राजाले आफ्नो देशको जनताको जीवन बर्वाद पारी विदेशी पूँजीलाई निमन्त्रणा दिदै छन् ? किन स्वतन्त्र राष्ट्रिय अर्थ-व्यवस्थाको बदला उपनिवेशवादी अर्थ-व्यवस्थाको सिर्जना गदै छन् ? किन स्वदेशी पूँजीको सट्टा विदेशी पूँजीलाई प्रोत्साहन दिदैछन् ।

यो कुरा निर्विवाद सत्य हो राष्टिय पूँजीपतिवर्गको आधारमा राजाको हुकुमशाही व्यवस्था टिक्ने छैंन, कारण एक त पूँजीपतिवर्ग अलि प्रजातन्त्रवादी हुन्छन् भने अर्कोतिर राष्ट्रिय पूँजीपतिवर्गको साथै झन् असंख्या ठुलो तादातमा मजदुर वर्ग पनि सृष्टि हुने छन् । जुन मजदुर वर्ग सामन्ती एकतर्फी हुकुमतको पक्षमा कदापि पनि हुन सक्तैन र बरु राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था अथवा पछि गएर समाजवादी समाज निर्माण गर्ने एक क्रान्तिकारी सावितको रूपमा नै देखा पर्ने छन् । जहाँसम्म पुरानो सामन्तवादी समाज ब्यपस्थाको सवाल छ यो व्यवस्था यति जर्जर भइसकेको छ कि सामन्त वर्गकै आधारमा राजाले बस्ने हो भने सामन्त व्यवस्थाको साथै राजा पनि खतम भएर जाने छन । राजा सामन्ती व्यवस्थाको प्रतीक मात्र हो ।

राजा स्वयंम आफ्नो ताकतमा अडेको हुँदैन । हरेक शासनको वर्ग आधार हुन्छ । राजाको पुरानो स्वाभाविक वर्ग आधार हो सामन्त वर्ग यस वर्गको आधारमा टिक्ने आशा राजा स्वयम्ले अब देख्न छोडिसकेका छन् जब यो वर्ग टुट्दैछ भने राजालाई अर्को नयाँ वर्ग चाहिएको छ । हाम्रो देशको राष्ट्रिय पूँजीपति वर्ग एक त कमजोर छ र अर्कोतिर यस वर्गको साथै योभन्दा ठुलो तादातमा योभन्दा शक्ति शाली वर्ग–मजदुर वर्ग पनि सिर्जना हुन थाल्दछ । तसर्थ राजाको हुकुमशाही व्यवस्थाको निम्ति यो पनि भरपर्दो वर्ग होइन । राजालाई भने आफ्नो एकतन्त्री हुकुमतको जग तलैबाट मजबुत गर्ने एक नयाँ वर्ग आधारको जरुरत परेको छ । र यसै निम्ति राजाको यस अर्थनीति अन्तरगत राजाको हुकुमशाही व्यवस्था उपयुक्त नयाँ वर्गहरू सिर्जना गर्ने काम भएको छ ।

राष्ट्रिय क्षेत्रमा राजाले भूमिसुधार गरी ठुला–ठुला सामन्तलाई बागबगैँचा र बगानका मालिकहरूमा परिणत गरी एक नयाँ वर्ग आधार तयार गदैछन् भने अर्कोतिर विदेशी पूँजीलाई निम्त्याई उनीहरूलाई आफ्नो देशको बागबगैँचा, बगान, पूँजीवादी खेती, र कलकारखानाको मालिक बनाई यी अराष्ट्रिय तत्त्वहरूबाट अर्को आफ्नो वर्ग आधार तयार गदैछन् । यी हुन राष्ट्रवादी राजाको अराष्ट्रवादी वर्ग आधार । अनि राजाको राष्ट्रवाद धकोसला होइन

भने अरु के हो ?

यसरी यी विदेशी पूँजीपति वर्ग राजाको वर्ग आधार हुन् भने राजा यिनीहरूको रक्षक हुन, राजा यिनीहरूको स्वार्थको रक्षक हुन र यसै कारण यिनीहरू पनि । राजाको एकतन्त्री हुकुमतका मजबुत आधार हुन अनि विदेशी पूँजीपतिहरूको पछाडि खडा गरेका यिनीहरूको आ-आफ्नो देशको साम्राज्यवादी तथा पूँजीवादी सरकारहरू ती विदेशी पूँजीको रक्षाको नाउँमा राजाको एकतन्त्री हुकुमतको रक्षकको रूपमा खडा हुनेछन्, यसरी राजाले विदेशी पूँजीलाई निम्त्याई राजाको एकतन्त्री हुकुमतको रक्षकहरूको निर्माण गर्दैछन् । यी विदेशी पूँजीपति वर्ग हाम्रो देशभित्र प्रतिक्रियावादी शक्ति एक दलको रूपमा काम गर्नेछन् भने यिनीहरूको आ-आफ्नो संस्कार हाम्रो देशमा यी प्रतिकृयावादी शक्तिको रक्षकको रूपमा काम गर्नुको साथै स्वतः राजाको एकतन्त्री हुकुमतको रक्षकको रूपमा पनि काम गर्नेछन् । स्पष्टः राजाको आफ्नो पालो यी विदेशी साम्राज्यवादी शक्तिको लुट-खसोको आधार बन्नेछन् भने यी साम्राज्यवादी विदेशी शक्ति राजाको रक्षक पनि हुनेछन् । विदेशी पूँजीपतिको रक्षक राजा, राजाको वर्ग आधार विदेशी पूँजीपति वर्ग, अनि राजाको रक्षक विदेशी साम्राज्यवादी शक्ति विदेशी, साम्राज्यवादी शोषकहरूको हाम्रो देशभित्र शोषणको आधार एकतन्त्री हुकुमत ।

यसरी राजाले प्रजातन्त्रको जग होइन एकतन्त्री हुकुमतको जग तलैबाट मजबुत गर्ने कार्य गरेको छ । यस बाहेक राजाले आफ्नो एकतन्त्री हुकुमतको जग मजबुत गर्नेको निम्ति विदेशी प्रतिकृयावादी शक्तिसँग साँठ गाँठ गरी आफ्नो देशमा पनि प्रतिकृयावादी शक्ति निर्माण गर्ने कार्यमा लागेका छन् । हिन्दु महासभा, राष्ट्रिय स्वयम् सेवक, संघ, जनसंघ आदि भारतको साम्प्रदायिक संस्थाहरूसँग राजाको घनिष्ट सम्बन्ध छ भन्ने कुरो आज कसैबाट लुकेको छैन, भारतको आम चुनावको दौरानमा हिन्दु महासभालाई दिएको आर्थिक मद्दत, राष्ट्रिय स्वयम सेवक संघको सम्मेलनमा राजालाई निमन्त्रणा, डा. तुलसी गिरिको गुरु गोश्वाल्करसँग दर्शन भेट अनि राजाको बिना विभागीय मन्त्री श्री शैलेन्द्र नेपालमा राष्ट्रिय स्वयम् सेवक संघको उद्‌घाटन अनि

राजाको आवत आगमनको वेला जनसंघ, राष्ट्रिय स्वयम सेवक आदिले सबभन्दा अगाडि बढेर स्वागत गर्नु आदिले भारतीय प्रतिकृयावादी शक्तिसँग राजाको बृहत सम्बन्ध छ भन्ने कुरो स्वयम् स्पष्ट छ ।

राजाले जहाँ नेपालका विधार्थीहरूको स्वतन्त्र सङ्गठन जस्तो सानो इकाई अमानुसिक तरिकाले दमन गर्ने कार्य गरे, वहाँ उही राजा महेन्द्रले स्वयम् सेवक संघको शाखा खोल्ने इजाजत दिन्छु र आफ्नो विभागीय मन्त्रीद्वारा यस शाखाको उद्घाटन गराइन्छ भने राजाको स्वाभाविक चरित्र प्रगतिशील छ वा प्रतिकृयावादी छ भन्ने कुरो के अब सम्म स्पष्ट छैन ?

सुनिन्छ यस राष्ट्रिय स्वयम् सेवक संघमाथि पर्दा हाल्न यस संघको नाउँ राष्ट्रिय युवक संघ वा यस्तै कुनै नयाँ नाम दिने योजना गर्रिंदैछ । जे सुकै नाम देओस्, वस्तु उही हो, त्यस सङ्गठनको चरित्र र काम कारवाही उही हुनेछ ।

स्पष्ट छ राजाको एकतन्त्री हुकुमतको आधार स्वदेशी ठुला-ठुला भूमिपतिहरू, विदेशी पूँजीपतिहरू, स्वदेशी र विदेशी प्रतिकृयावादी, पुनस्थानवादी शक्ति नै हुन् । अनि यसबाट नपुगी राजाले आफ्नो एकतन्त्री हुकुमतको हिफाजत गर्न अरु पनि प्रबन्ध गर्दै ल्याएको छ ।

हालसालै अङ्ग्रेज-अमेरिकी साम्राज्यवादी हतियारको मदत राजाले पाएको छ । कोसँग लड्न ? यस्तो हतियार कुन काममा प्रयोग हुनेछ स्वयम् स्पष्ट छ । राष्ट्रिय क्षेत्रमा जनताका जनआन्दोलन दबाउन र अन्त्यमा राष्ट्रिय क्षेत्रमा प्रतिकृयावादको मदत गर्न नै यस्तो हतियार प्रयोग हुनेछ । यस बाहेक अङ्ग्रेज-अमेरिकी साम्राज्यवादी फौजी अफसरहरू, फौजी सल्लाहाकारहरूको रूपमा नेपालभित्र घुसाउने कार्य राजा महेन्द्रले गर्दै छन् । यस बाहेक राजा महेन्द्रले अङ्ग्रेज साम्राज्यवादीहरूलाई धरानमा गोर्खा भर्ती खोल्न दिँदै केन्द्रलाई अनेक सहुलियत दिइ यस भर्ती केन्द्रलाई साम्राज्यवादी फौजी अखाडाको रूप दिएको छ । यस फौजी भर्ती केन्द्रभित्र न कसैले जान पाउने न बुझ्न पाउँछ ।

अनि राजा महेन्द्रकै राजमा हाम्रो देशको विभिन्न सरकारी विभागमाथि साम्राज्यवादी अमेरिकीहरूको प्रभाव र कब्जा जान दिएको छ, देशको शिक्षा विभाग, स्वास्थ्य विभाग, कृषि विभाग, उद्योग विभागहरू अमेरिकी प्रभाव र कब्जाबाट मुक्त छैन । फौजी विभाग यी साम्राज्यवादीहरू कसरी घुम्दैछन् माथि नै गइसकेको छ । यस बाहेक अमेरिकी साम्राज्यवादहरूले इ.एस.ओ एम. (यूनाइटेड स्टेटस अपर्रेटिभ मिसनको नाउँमा १५०० भन्दा बढ्ता कामदार कर्मचारी राखी नेपालमा काम गर्दैछन् र यस संस्था अन्तरगत नेपालमा अमेरिकी साम्राज्यवादले हाम्रो सरकारी विभागहरूको तमाम डुप्लिकेट विभागहरू खोलिराखेको छ र हाम्रो देशको तमाम तथ्याङ्कको जहाँसम्म सवाल छ हाम्रो सरकारसँग नभएको तमाम तथ्य तथ्याङ्कको अमेरिकी साम्राज्यवादसँग छ । के कुनै पनि स्वतन्त्र राष्ट्रले विदेशी राष्ट्रलाई यतिको कर्मचारीहरू राख्न दिई काम गर्ने इजाजत दिन सक्तछ ? यस बाहेक अमेरिकी साम्राज्यवादले अरु पनि विभिन्न मार्गहरूबाट नेपाल घुस्ने बाटो बनाएको छ । यी हुन् यूस.एस.आई. एस. र पीश कोर (अमेरिकी शान्ति सेना) त्यो पनि अमेरिकी गुप्तचर विभागको अभिन्न अङ्ग हो । अनि विश्व स्वास्थ्य संघको नाउँमा अमेरिकी साम्राज्यवादले नै नेपालभित्र काम गर्दैछ । पीश कोरको नाउँमा राजा महेन्द्रले अमेरिकी गुप्तचर षड्यन्त्रकारीहरू हरेक पंचायतमा २-२ जना राखी हाम्रो देशका तमाम कुना काप्चामा अमेरिकी साम्राज्यवादीहरूको जाल फिजाउने काम गर्नका साथै हाम्रो देशको शासन व्यवस्थामा अमेरिकी साम्राज्यवादीहरूको पूर्ण कब्जा जमाउन दिने काम गर्दैछ । राष्ट्रवादी राजा महेन्द्रको राष्ट्रवादीताको यही नमुना हो ।

राजा महेन्द्रले राष्ट्रवादको रक्षा गरिरहेको छैन, राष्ट्रिय स्वतन्त्रताको रक्षा गरिरहेको छैन । देशको अर्थ व्यवस्था विदेशी एकाधिकार पूँजीद्वारा कब्जा गर्न दिई सरकारी विभागहरूमा अमेरिकी प्रभाव र कब्जा लिन दिई, विदेशी हतियार र फौजी विशेषज्ञ देशभित्र घुसाई, अमेरिकी तवरहरू र षड्यन्त्रकारीहरू हरेक पंचायतमा सल्लाहकारको रूपमा राखी, देशको कुना काप्चामा अमेरिकी साम्राज्यवादीहरूको जाल फिजाई, भारतीय प्रतिकृयावादी

संघ संस्थासँग साँठ-गाँठ राखी त्यस प्रतिकृयावादी संघ संस्था शाखा नेपाल भित्र खोल्न दिई राजाले 'राष्ट्रवाद' र 'राष्ट्रियता'को कुरा गर्छन भने धोखा मात्र हो । राजाको यस नीति अन्तरगत देशको न राजनीतिक स्वतन्त्रताको रक्षा हुनेछ, न त आर्थिक स्वतन्त्रताको रक्षा हुन सक्नेछ । अरु राजाको यस नीति अन्तरगत नेपालको अर्थ व्यवस्था मात्र होइन, नेपालको राजनीतिक व्यवस्था एक नयाँ उपनिवेशवादको रूपमा देखा पर्नेछ । राजाको एकतन्त्री हुकुमतले स्वदेशी होस् या विदेशी (अन्तराष्ट्रिय तत्त्वबाट निर्मित) आफ्नो देशलाई सत्यानाश पार्ने राजा महेन्द्रको यो उपनिवेशवादी अर्थनीति र प्रतिकृयावादीसँगको साँठगाँठको विरोधमा बोल्न, लेख्न नपाउने नयाँ कानून राजा महेन्द्रले बनाउँदैछ । प्रतिकृयावादीले विदेशी एकाधिकार पूँजीपति वर्ग साम्राज्यवादी शक्तिको आधारमा नै टिक्नु पर्छ ।

जुन राजाको आधार रक्षक यी प्रतिकृयावादी शक्ति हुन् भने राजाको हातबाट देशको राजनीतिक तथा आर्थिक स्वतन्त्रताको रक्षा भई देशको स्वतन्त्र राजनीतिक तथा आर्थिक विकास कहिले पनि हुने छैन । राजाको यस नीति अन्तरगत न त देशको सार्वभौमिकताको रक्षा हुनेछ ।

स्वभावतः जुन देशमा राजाको स्वार्थ भन्दा शासकको आफ्नो स्वार्थको आधारमा शासन चल्छ वहाँ नातावाद, कृपावाद र भष्टचार व्याप्त भएर जानु स्वाभाविक छ र देश आज प्रगतिको मार्गमा होइन अधोगतिमा जाँदैछ । जिल्लाहरूमा सुखा, बाढी असिनाले अनिकाल हुन्छ, सरकारलाई वास्ता छैन । यस्तो समस्यालाई लिएर सरकार कहाँ नम्र निवेदन गर्न जानु पनि अपराध ठहरिन्छ र यसरी जनताका सवालहरूलाई लिएर प्रतिनिधि मण्डल जानेहरूलाई अराष्ट्रिय तत्त्व घोषित गरी पक्रेर जेल दिने धम्की दिई पठाउँछ । इलाकामा मान्छे मारिन्छ तर पैसाको बलले उम्कने गर्छ यस राजमा राजनीतिक दमन मात्र बढेर गएको होइन, साधारण जनताको जिउधन पनि राजमा सुरक्षित छैन । राजाको शोषण र दमन व्यवस्था अन्तरगत हाम्रा देशवासीहरूले देशभित्र अनेक कष्ट सहेर जीवन यापन गर्दैछन् र देशभित्र बस्न नसकि कतिपय जनता रोजको हजारौँको संख्यामा विदेशिन बाध्य भएका छन् र उनीहरूले

विदेशमा गई अनेक दुःख सहेर जीवनयापन गर्दै छन् । नबस्ने बास, नसुत्ने ठेगाना शर्दी छिडीमा, झुत्रो-झुप्रो छाप्रोमा नै अत्यन्त बहु संख्याले जीवन काट्ने गर्छन् र उनीहरूको जीवनले कतिपयको सोच्ने सम्झने शक्तिलाई नै खतम गरिदिएको छ । ५ लाख नेपालीहरू खासगरी युवकहरू आफ्नो गाउँघर र परिवार छाडी भारत झरी जस्तै दुःखमय जीवन बिताइरहेका छन्, राजाको एकतन्त्री हुकुमत अन्तरगत नेपाली जनताको यो दुःखमय जीवन बढ्दै जाने सिवाय घटने छैन । मुठ्ठीभर एकाधिकार पूँजीपतिहरूले चाहे कमाउने मौका पाउन्, लाखौँ लाख जनता सर्वहारा र अर्ध-सर्वहारा भै यसरी नै वर्वाद भएर जाने छन् । राजाको जनविरोधी नीतिले यस रफ्तारलाई अझ तीब्र मात्र गर्दै छन् । जनताको यो वर्वादी विदेशी प्रतिकृयावादी र विदेशी शोषकहरू तथा साम्राज्यवादीहरूको नेपालभित्र रजाई, यही राजा महेन्द्रको प्रगतिशीलता हुन्, भनेर भनिन्छ भने सरासर धोका हो । राजाको राष्ट्रवादिता र राजाको प्रगतिशीलता त्यहीँसम्म सीमित छ जहाँ एक दोस्रोसँग खेलाएर आफ्नो व्यक्तिगत स्वार्थ सिद्ध गर्ने सवाल छ । राजा महेन्द्रले खुद जनताले गण्डक सम्झौताको विरोध गरेको वेला आफ्नो विरोध जनाएको थियो, तर त्यही राजा महेन्द्रले आफ्नो व्यक्तिगत स्वार्थ रक्षा गर्न उही गण्डक सम्झौतालाई मन्जुर मात्र गरेन, आफ्नै बाहुलीले उद्घाटन पनि गरे । यस सम्झौता अन्तरगत त्यस गण्डकको पानी ३.५ (साढे तीन प्रतिशत नेपालले पाउने भएको छ जबकी सो पानीको ९६.५ (साढे छयानब्बे प्रतिशत) भारतले पाउने भएको छ । स्पष्ट छ, के राजाको हातमा हाम्रो देशको स्वार्थ सुरक्षित छ ? राजाको ब्यक्तिगत स्वार्थको सुरक्षा हुनुपर्छ राजाको हातबाट जे पनि हुन सक्तछ ।

आज यस्तो एकतन्त्री हुकुमत अथवा फौजी हुकुम विभिन्न स्थानमा भएको छ । राजाको यो एकतन्त्री हुकुमतसँग इरानको एकतन्त्री हुकुमत धेरै मेल खान्छ । यहाँ यस्तै शक्तिहीन राज्य खडा छ । नेपालको पंचायत र इरानको मजलीस दुई तहमा बाँधिएको छ । राजा महेन्द्र होस् अथवा इरानका शाह दुवैले "संसदीय व्यवस्था नक्कल गरिएको प्रजातन्त्र हो" र यसै निम्ती आ–आफ्नो एकतन्त्री हुकुमत खडा गरी ४ तह वाला शक्तिहीन पंचायत या

मजलीस नै दुवैले खडा गरेका छन्, अनि यस्तै किसिमको नामधारी भूमि सुधार गरेका छन् र अनि विदेशी पूँजीलाई आफ्नो देशमा खेल्ने मौका दिएका छन् ।

परस्पर घनिष्ट सम्बन्ध नभएका दुई देशका शहंशाहहरूबाट एउटै प्रकारको कुरा निकाल्नु, उस्तै किसिमको व्यवस्थाको स्थापना गर्नु आश्चय छ । के दुवै मगजलाई एक साथ तान्ने केहि एक साझा शक्ति त छैन ? निश्चय पनि नेपाली जनताले निश्चिय भए र हात खुट्टा बाँधेर बस्ने वेला छैन । राजाको तमाम हरकत माथि सजग भै नेपाली जनताले आँखा खेल्ने हेरेन भने आफ्नो देशलाई सम्हालेर ठिक ठाउँमा ल्याउन अत्यन्त गाह्रो कार्य हुन जाने छ । राजाको यो एकतन्त्री हुकुमत कुनै हालतमा पनि नेपाली जनताको स्वार्थको अनुकुल छैन । न त राजाको यो नीति विश्वशान्तिका पक्षमा नै हुनेछ ।

## राजाको पराष्ट्र नीति ?

भनिन्छ राजाको परराष्ट्र नीति तटस्थ हो । संयुक्त राष्ट्रमा बोल्दा राजाको नीति आवश्यक तटस्थ छ । यो तटस्थ परराष्ट्र नीति राजाको देनभन्दा पनि हाम्रो देशको भौगोलिक स्थितिले बाध्य गरेको नीति हो । यस तटस्थ परराष्ट्र नीतिको देन श्री टंक प्रसाद आचार्यको मन्त्री मण्डलको वेलाको हो । राजाले एसिया अफ्रिकी सम्मेलनहरूमा बोल्दा आफूलाई उपनिवेशवाद विरोधी पनि सावित गरे, तर राजाको बोली र व्यवहार जहिले पनि फरक रहेर आएको छ । जुन राजाले यतिको सहुलियत विदेशी साम्राज्यवादलाई आफ्नो देशभित्र दिएको छ, के उही राजा व्यवहारमा उपनिवेशवाद विरोधी पनि हुन सक्ला त ? जुन राजाले आफ्नो देशमा विदेशी एकाधिकार पूँजीलाई खुशीसँग स्वागत गरेको छ, जुन राजा आफ्नो देशमा प्रतिकृयावादी शक्तिलाई अनेक सहुलियत र प्रोत्साहन दिँदैछ, जुन राजाले साम्राज्यवादी अमेरिकालाई आफ्नो प्रभाव र कब्जा जमाउन यतिको सहुलियत दिएको छ के उही राजा सदाको निम्ति तटस्थ भएर बस्ने छ ? तटस्थ परराष्ट्र नीतिको निम्ति देशभित्र यसको पक्षमा एक मजबुत आधारको निर्माण हुनु जरुरी छ तर राजाले देशभित्र तटस्थ

परराष्ट्र नीतिको पक्षमा होइन साम्राज्यवादी शक्तिको पक्षमा प्रतिकृयावादी शक्ति निर्माण गदैछन् । निश्चय छ देशभित्रको यो प्रतिकृयावादी शक्ति मजबुत भइसकेपछि राजाको तटस्थ परराष्ट्र नीतिमा पनि गुणात्मक परिवर्तन आई यो तटस्थ परराष्ट्र नीति हावामा उडेर जाने छ । राजा महेन्द्रको तटस्थ अडानले भोलि गएर साम्राज्यवादको इशारामा नाच्ने चल्ला जन्माउने छ । अण्डा तटस्थ रहेर पनि यसको चल्ला अवश्य तटस्त रहने छैन ।

**राजाको स्वेच्छा र राज-शक्तिको स्रो**त

राजाको यो एकतन्त्री हुकुमतको स्थापना एक आकस्मिक घटना होइन । २००७ सालदेखि २०१७ सालसम्मको अथक प्रयासले नै राजाले आफूलाई एकतन्त्री हुकुमतमा परिणत गर्न सकेको हो । सशस्त्र अर्थको अगाडि राजा राणाशाहीका स्वर्ण पिँजडामा जकडिएका थिए । राणाशाही शासन राजा र जनता दुवैको साझा दुश्मन थियो । यसै निम्ति जनताको केही हदसम्म सहानुभूति राजामा हुन जानु स्वाभाविक थियो । राजा त्यसवेलाको प्रजातान्त्रिक क्रान्तिको भित्र थियो । प्रजातान्त्रिक उद्देश्यले त्यसवेला राजासँग संयुक्त मोर्चा गर्नु स्वाभाविक थियो । यस संयुक्त मोर्चामा जनताले राजाको वर्ग स्वरूप र वर्ग स्वभाव प्रति पनि सजक रहने थियो । तर जनताले राजासँग सजग रहनु सट्टा राजा माथि भर पर्नु । जनताले नेपालको राजा पनि बेलायतको राजा झैँ संवैधानिक राजाको नाममा बदल्ने आशा गरे ।

जुन वेला रणाशाहीको स्वर्ण पिंडामा जकडिएको थियो । देश राजाले प्रजातान्त्रिक व्यवस्था प्रति आस्था देखाउनु स्वाभाविकै थियो, कारण राजाको अगाडि राणाशाहीको बन्धनबाट मुक्त हुने बाटो प्रजातान्त्रिक आन्दोलनसँग सहानुभूति राख्नु सिवाय अरु थिएन । राजा स्वयम् शक्तिहीन थियो, प्रजातन्त्रवादीहरूको अगाडि राजाले शक्तिको लोभ गर्ने छैन भनी सत्यवाचा पनि गरेकै थियो । सशस्त्र सङ्घर्षपछि पनि २००७ साल फाल्गुन ७ गते शाही घोषणा गरी राजाले भनेका थिए, "हाम्रो जनताको शासन जनताको शासन अब उपरान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होवोस् ।" राजाको यो घोषणा राजाको स्वेच्छा भन्दा

पनि जनताको प्रजातान्त्रिक आन्दोलनको देन थियो, यो घोषणा जनताको अधिकारको पनि सवाल थियो । राजाको यस घोषणाले जनता नै देशको मालिक हो, देशमा कुन प्रकारको समाज व्यवस्था स्थापना गर्ने हो अथवा देश सञ्चालन गर्नु कुन प्रकारको संविधान बनाउने हो भन्ने कुरा जनताको जन्म सिद्धि अधिकार हो भन्ने सिद्धान्तलाई व्यावहारिक रूपमा मान्यता दिएको थियो, त्यसवेला राजाले संवैधानिक राजतन्त्र मात्र हैन गणतन्त्र स्थापना गर्ने जनताको अधिकारलाई पनि मान्यता दिएको थियो, जनताको हातमा शस्त्र रहेको वेला निशस्त्र राजाले प्रजातान्त्रिक सिद्धान्तको विरोधमा न जाने सवाल थियो, न बोल्ने सवाल थियो । राजाले जो पनि अधिकार पाउनु थियो जनतालाई विश्वास प्राप्त गरेर नै पाउनु थियो ।

निशस्त्र राजा सशस्त्र राजाको मनोभाव एउटै हुँदैन भन्ने कुरो त्यसवेलाको राजनीतिक नेताहरूले राम्ररी ठम्याउने काम गरेन । त्यसवेला राजनीतिक नेताहरूको सम्झौता परस्त नीति तथा अदुरदर्शिताले प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने सट्टा राणा शाहीको हातबाट शक्ति खोस्ने राजाको हातमा राख्ने काम भयो । राणा प्रधानमन्त्रीबाट खोसी २००७ साल बैशाख १ गतेका दिन राजा त्रिभुवनले स्वयम् आफैँलाई नेपाली पल्टनको सुप्रिम कमाण्डर घोषणा गरे, साथै सिंहदवारको बिजुली पार्श्वदल र काली बहादुर आदि राणा शासन वेलाको फौजको अङ्ग नारायणहिटी दरवारमा सार्ने काम भयो र साथै बारुद खाना, खर-खजाना घरहरूमाथि तीन साँचो गरी एक राजाको हातमा राख्ने काम भयो सिंहदवारमा रहेको मेशीनगन, ब्रेनगन आदि पनि नारायणहिटी दरवारमै राख्ने काम भयो ।

यसरी राणाशाहीले निशस्त्र गरिराखेको राजाको हातमा फेरि एकपटक हात हतियार फौजका बागडोर सुम्पने काम भयो । साच्चै भन्ने हो भने यो एक साधारण घटना नभई नेपालको इतिहासमा एक नराम्रो मोड यहीँबाट शुरु हुन्छ ।

राजाले कति हक लिने वा नलिने भन्ने सवाल राजाको स्वेच्छाले निर्धारित गर्दैन । क्रान्तिकारी जनताको सशस्त्र शक्तिले नै यस कुरोलाई निर्धारित

गर्दछ भन्ने कुरो नेपालको इतिहासमा छलङ्ग गरेको छ । राजाको अधिकार न दैवी देन हो, न पुर्खेली सम्पति हो न हातहतियार फौज नै राजाको अधिकारको मुख्य स्रोत हो भन्ने कुरा पनि नेपालको इतिहासले प्रष्ट गरेको छ । जुन राजाले सशस्त्र आफ्नो हातमा नहुँदा गणतन्त्रात्मक विधान बनाउने जनताको अधिकारलाई मानेका थिए, उही राजाले शस्त्र र फौज आफ्नो हातमा पारिसकेपछि एक-एक बहाना गरी जनताका प्रजातान्त्रिक अधिकार माथि प्रहार गरी जनताको अधिकारहरू एकपछि अर्कोगरी खोसेर विस्तारै-विस्तारै सम्पूर्ण शक्ति आफ्नो हातमा ल्याउने काम गरे ।

फौज नै शासनयन्त्रको मुख्य अङ्ग हो र शासनयन्त्रमा कब्जा गर्ने नै देशका राजनीतिलाई घुमाउने शक्ति राख्तछ । शासन-यन्त्र माथि कब्जाको अगुवामा न देशको संविधान, न त देशमा चलेको तत्कालको व्यवस्था न त जनताको कुनै पनि राजनीतिक अधिकार टिकाउ हुन सक्नेछ भन्ने कुरोको प्रत्यक्ष प्रमाण २००७ सालदेखि २०१७ सालसम्मको नेपालको राजनीतिले छलङ्ग गरेको छ । देशको प्रजातन्त्र अथवा संवैधानिक राजतन्त्र स्वेच्छामा अडेको हुँदैन राजाको हातको रहेको सम्पूर्ण शक्ति जनताको हातमा हस्तान्तारित गराई सकेपछि नै एक सुदृढ प्रजातन्त्र अथवा संवैधानिक राजतन्त्रको कल्पना गर्न सकिन्छ, त्यो भन्दा अगाडि होइन भन्ने कुरो नेपालको इतिहासले स्पष्ट गरको छ ।

जुन वेलासम्म राजाको हातमा शक्ति हुँदैन त्यसवेलासम्म राजालाई संवैधानिक राजतन्त्र पनि मन्जुर हुनेछ र जनताले बनाएको संविधान स्वीकार हुनेछ । यसै निम्ति २००७ साल चैत्र ३० गते राजाले एक अन्तरिम विधान स्वीकार गरी यस अन्तरिम विधान अन्तरगत एक विधान सभा चुनाव गरी यसै सभाद्वारा विधान बनाई त्यस विधान अनुसार राज्य शासन व्यवस्था कायम गर्ने कुरोमा राजाले मन्जुरी दिएको थियो, यस अन्तरिम विधानले प्रधान न्यायालयको अधिकारलाई राजाद्वारा हस्तक्षेप गर्न नपाउने गरेको थियो । २००८ साल आषाढ १४ गते त्यसवेलाको युवराज श्री ५ महेन्द्रले पनि जनताको प्रजातान्त्रिक अधिकारलाई मान्यता दिएर नै बोल्न परेको थियो र भनेका थिए, “आजको बीसौँ शताब्दीमा यो कुरा निश्चय नै भैसकेको छ कि जबसम्म कुनै देशको शासन व्यवस्था

लोकतन्त्रात्मक ढङ्गबाट हुँदैन तबसम्म त्यो देश तथा देशका जनताहरू फुल्न सक्तैनन् ।"

प्रजातान्त्रिक व्यवस्था जनताको जन्मसिद्ध अधिकार हो र प्रजातान्त्रिक अधिकारको अभावमा जनताको जीवन फल्न फुल्न सक्तैन भन्ने कुरो राजा त्रिभुवन तथा त्यसवेलाको युवराज श्री ५ महेन्द्रको भनाईले नै स्वंयम् स्पष्ट छ । यो कुरो राजा त्रिभुवन र राजा महेन्द्रले बुझेको होइन तर राजाले बुझेको होस् वा नबुझेको होस् राजाहरूको भरोसामा, राजाको स्वेच्छामा प्रजातान्त्रिक व्यवस्था टिक्दो रहनेछ भन्ने कुरो राजाको व्यवहारले स्पष्ट गरेको छ । जब राजाको हातमा फौज तथा शस्त्र गयो राजाले जनताको प्रजातान्त्रिक अधिकारहरू एकपछि अर्को खोज्दै जाने काम गर्न थाले, २००९ सालमा आएर राजाले अन्तरीम विधानमा आफ्नो खुशीराजीमा परिवर्तन गर्न थाले । यस अन्तरीम विधानका कैयन धाराहरू खारेज गरी राजाले शासनको बागडोर पूर्णरूपले आफ्नो हातमा लिने काम गरे । राजाले जनतासँग सोधपुछ आफ्नो खुशीराजीमा ३ पटकसम्म अन्तरिम विधानमा परिवर्तन गरी पहिलो अन्तरिम विधानको सम्पूर्ण भावनालाई खतम गरे, अनि शासन गर्ने मात्र हैन न्याय दिने अधिकार शान्तिपूर्ण रूपले आफ्नो हातमा लिए ।

२००८ साल बैशाख १ गतेको कार्यले राजाको हातमा फौज सुम्पन्ने काम भए भने २०११ सालमा राजाले अन्तरिम विधानमा ल्याएको परिवर्तनले राजाको निरंकुश शासनको जग सुदृढ गर्ने कार्य भयो, यसरी नेपालको राजनीतिमा राणाशाहीको बदला राजाको हुकुमशाहीको जग बसाल्ने कार्यवाही २००८ साल बैशाख १ गते शुरु भै २०११ सालसम्ममा राजाले सम्पन्न गरे । यसरी ४ वर्षको भित्रमा राजाले आफूलाई नेपालको राजनीतिमा एक शक्ति सम्पन्न शासकको रूपमा परिणत गर्न सफल भयो । राजाले प्रजातान्त्रिक व्यवस्थालाई जनताको सघर्षद्वारा प्राप्त जनताको प्राकृतिक अधिकारको रूपमा भन्दा आफ्नो व्यक्तिगत खुशीराजीमा दिने लिने आफ्नो पैतृक सम्पत्तिको रूपमा नै व्यवहार गरेर आए ।

यसरी प्रजातन्त्र माथि खेल्ने अधिकार राजालाई कसले दिए ? स्पष्ट छ

राणासँग भएको फौज र हतियार नै राजाको भो यस दावालाई पुष्ट गर्ने हो, हतियार आफ्नो हातमा नभएका वेला जनताको इच्छाले हुने गणतान्त्रिक विधानको कुरा गर्ने राजाले हतियार र फौजमा शासन गरिसकेपछि अन्तरिम विधानमा बार बार हेरफेर गरी न्याय दिने तथा शासन चलाउने तमाम अधिकार माथि धावा बोलेको तथा मन्त्रीमण्डलमा बार बार हेरफेर गरी, कहिले आफ्नै शासन चलाई कहिले आफ्नो कठपुतली मन्त्रिमण्डलहरू गठन गरी २००९ सालभित्र संविधान सभाको चुनाव गराउने कबूल विरुद्ध जनताको प्रजातान्त्रिक अधिकार एकपछि अर्को गरी खोस्दै शक्ति संचय गर्दै लाने राजाद्वारा काम भयो ।

प्रथम देशको सुप्रिम कमाण्डर आफै, हात हतियारको साँचो आफ्नै हातमा रोयल गार्डको रूपमा ४ पल्टन हरबखत नारायणहिटी दरवारमा राख्ने, फौज राजाकै प्रति जिम्मेवार, लोक सेवा आयोग राजाकै, न्याय विभाग राजाकै कन्ट्रोलमा, राजाको अलग गुप्तचर विभाग, किताब खाना, कौसी तोपखाना राजाकै हातमा, मन्त्रीमण्डल नियुक्त गर्ने खारेज गर्ने राजा कै हातमा । यसरी सारा शक्ति आफ्नो हातमा कब्जा गरिसकेपछि राजाले आफ्नो पुरानो आफू असमर्थ वेलाको कबुलहरूलाई बदर गर्नु स्वाभाविकै थियो । शक्ति सम्पन्न राजाले जनताको हक र अधिकार कदापि मन्जुर गर्ने छैन भन्ने कुरो स्वयम् स्पष्ट छ । अनि यस्तो स्थितिमा कुन चाहिँ राजा यस्तो होला जसले आफ्नो हातमा परेको शक्ति छाडि जनतालाई विधानसभाको चुनाउ गराउने मन्जुर गर्ला ? राजाले विधानसभा मात्र हैन संसदको चुनाउसम्म पनि नगराउने स्थिति उत्पन्न गरे । चुनाउको निम्ति जनताले एक पटक फेरि सङ्घर्षमा उत्रनु पथ्यो । यो निशस्त्र, शान्तिपूर्ण सङ्घर्ष थियो र आखिर यो सङ्घर्ष सम्झौतामा टुँगियो । राजाले विधान सभाको चुनाउ नगराई संसदको चुनाउ गराउने घोषणा गरे । प्रजातान्त्रिक पार्टीहरूले बिना हिचकिचावट संसदलाई स्वीकार गरे । नेपाल कम्युनिष्ट पार्टी पनि यसै संसदलाई सर्व शक्ति सम्पन्न बनाउने उद्देश्य राखी संसदमा भाग लिए, तर शस्त्रबाट राजाले कसैलाई केही चल्न दिएन र प्रजातान्त्रिक तत्त्वहरू संसदभित्र बहस गरी रहुन्जेल,

तथा यता जनवादी तत्त्वहरू शान्तिपूर्ण आन्दोलनहरूमा लागुन्जेल शस्त्रधारी राजाले आफ्नो हतियार तिखार्दै जाने काम गरे, राजाको गुप्तचर विभाग अत्यन्त सक्रिय थियो । राजाले यस बीचमा विभिन्न प्रतिकृयावादी तथा प्रति क्रान्तिकारी ताकतलाई सङ्गठित गर्न गए । फौज, लोक सेवा आयोग, न्यायालय आदि प्रमुख शासन यन्त्र राजाको हातमा छँदै थियो । यसमाथि लाखौँ-लाख रुपियाँसँग खेल्ने अधिकार राजालाई छँदै थियो । हतियार राजाको हातमा अनि अङ्ग्रेज तथा अमेरिकी साम्राज्यवादीहरूसँग आफ्नै पहल कदमीमा सम्पर्क राख्ने अधिकार व्यावहारिक रूपमा राजाकै हातमा, स्पष्ट रूपले शक्ति राजाको हातमा थियो, यस्तो शस्त्रधारी राजाको हातमा हाम्रो देशको संविधान एक मामुली खेलौना मात्र सावित हुनु स्वाभाविक थियो ।

निश्चिय नै त्यसवेला राजा आफैँले गरि लाल मोहर लगाई दिएको शासन विधानले संसदको दुवै सदनको दुई तिहाई बहुमतले पास नगराई राजाले अथवा अरु कसैले पनि संविधानमा कुनै हेरफेर ल्याउन पाइँदैन भन्ने कुरा स्पष्ट किटेको थियो । तर शासन विधान आफ्नो हिफाजत आफैले गर्न सक्तैन शस्त्रधारी राजाको अगाडि हाम्रो देशको शासन विधानको कुनै हब्जा कब्जा चलेन । फौज, हतियार आदि शासन यन्त्रको प्रमुख अङ्ग राजाको हातमा थियो र राजाले सजिलैसँग यसै फौज र हतियारको बलले देश प्रचलित विधानलाई रद्धिको टोकरीमा फ्याँकी एक पटक फेरि नेपालमा आफ्नो र आफ्नै परिवारको मध्ययुगीन बर्वर एकतन्त्री हुकुमत कायम गरे ।

यस एकतन्त्री हुकुमत माथि पर्दा हाल्न राजाले पंचायती व्यवस्था स्थापना गरे, जुन पंचायती व्यवस्था अन्तरगत जनताको न निर्भिकताका साथ चुन्ने अधिकार छ, न चुनिएर गएको पंचायत सदस्यहरूलाई कुनै निर्णय गर्ने अथवा मन्त्रीमण्डल चुन्ने अधिकार नै छ । राष्ट्रिय पंचायतदेखि लिएर तह तहका तमाम पंचायतहरूले राजाकै निर्देशन अनुसार काम गर्नुपर्ने राजाले पंचायतहरूलाई आफ्नो स्वेच्छामा लाउने रबरको स्टाम्प मात्र बनाएको छ ।

स्वेच्छा जुन वेलासम्म राजाको हातमा शक्ति रहने छ, यो शक्ति जनताको प्रजातान्त्रिक अधिकारको सुरुक्षा गर्नको निम्ति प्रयोग गर्ने छैन न त यस्तो

शक्ति देशको विधानको सुरक्षा निम्ति नै हुनेछ । राजाले शक्ति हर हालतमा आफूले नपाएको अधिकार लिने र आफ्नो खानदानको एकतन्त्री हुकुमतलाई मजबुत गर्दै लानेमै प्रयोग हुनेछ भन्ने कुरो २००७ सालदेखि २०१७ सम्मको इतिहासले स्पष्ट गरेको छ । राजाको हातमा शक्ति रहुन्जेल सहमतिको व्यवस्था त परै रहोस् संवैधानिक राजतन्त्र पनि राजालाई मन्जूर हुने छैन भन्ने कुरो यसै इतिहासले छर्लङ्ग गरेको छ । अनि यस इतिहासले यो पनि स्पष्ट गरेको छ कि देशको संविधानले आफ्नो हिफाजत आफैँ गर्न सक्तैन र शासक वर्गको हातमा रहेको शक्ति जनताको हक र हितलाई सुरक्षा गर्नको निम्ति होइन जनताको हक र हितलाई दबाउनको निम्ति नै हरबखत प्रयोग गरिनेछ ।

## आजको स्थितिमा हाम्रो ऐतिहासिक कार्य

जबसम्म राजाको हातमा शासनको बागडोर रहने छ, देशमा स्थापित कुनै पनि प्रजातान्त्रिक व्यवस्था दिगो रहने छैन । नेपालको आजसम्मको इतिहासले स्पष्ट गरेको छ कि देशमा प्रजातन्त्रिक व्यवस्था दिगो गर्नको निम्ति एउटा विधान बनाउन नै प्रर्याप्त छैन । जतिसुकै पवित्र भएपनि विधान स्वयम् आफूले आफैँलाई रक्षा गर्न सक्तैन । न त यस्तो विधान साक्षी राखी मुद्दामा चलाउने कहिँ अदालत यस संसारमा छ । शासन सत्तामा कब्जा गर्ने वर्गले देशको विधानलाई आफ्नो स्वार्थ अनुकुल प्रयोग गर्न यथेष्ट मौका पाउँछ । शासक वर्गले चाहेमा यस्तो विधानलाई रद्धिको टोकरीमा फ्याँकी आफ्नो स्वार्थ अनुकुलको नयाँ विधान पनि दिन सक्छ । विधानमा हेरफेर गर्नु अथवा पूरा विधानै ल्याई थन्क्याएर नयाँ विधान दिनु शासक वर्गको निम्ति बाँया हातको खेल हो ।

स्पष्ट छ, एक प्रजातान्त्रिक विधान बन्नु नै प्रयाप्त छैन । न त संसदको चुनाउ गराएर एक मन्त्रीमण्डल गठन गर्नु नै पर्याप्त छ । राजाको हातमा तमाम शासनयन्त्र राखी, खासगरी राजाको हातमा फौज र हतियार राखी संसदको स्थापना हुन्छ अथवा विधान सभाकै चुनाउ हुन्छ भने यस्तो संसद अथवा विधान सभा पनि राजाको हातमा माटोको खेलौना नै सावित हुनेछ ।

राजनीतिक सवाल शक्तिको सवाल हो। जबसम्म पुलिस, फौज, हतियार तथा अन्य शासनयन्त्र जनताको हातमा हुने छैन, जबसम्म राजाको हातमा रहेको सम्पूर्ण शक्ति जनताको हातमा हस्तान्तरित हुने छैन त्यसवेलासम्म राजाद्वारा घेरिने प्रजातान्त्रिक व्यवस्था माथि हमला गरी बार-बार आफ्नो एकतन्त्री हुकुमत स्थापना गर्ने कार्यमा रोक लगाउन सक्ने छैन।

जुन पर्यावरणमा राजाको जन्म हुन्छ, जुन पर्यावरणमा पाली पोसी हुर्कन्छ त्यस पर्यावरणले नै राजालाई म पनि मानिस हुँ, सब मानिस एक हो भन्ने भावना उत्पन्न हुन दिँदैन। यस्तो पर्यावरणमा हुर्केको राजाले आफूलाई अलौकिक तथा असाधारण पुरुष ठान्नु स्वाभाविक हो र अनि तमाम जनता राजाको ऐस आरामको निम्ति दासको रूपमा जन्मेको भन्ने ठान्नु पनि स्वाभाविक हो। यस्तो राजाले जनतालाई पनि मानिस सरह व्यवहार गरी मनुष्योचित अधिकार दिन कदापि मन्जूर गर्दैन। अरु जनताको प्राकृतिक तथा जन्मसिद्ध अधिकार पनि खोस्दै जनतालाई दास सरह व्यवहार गरी हुकुमी शासन चलाउन नै राजाले आफ्नो दैवी अधिकार सम्भन्छन्। जुनवेला राजाको हातमा शक्ति जान पाएको थिएन, जुनवेला राजाले गणतान्त्रिक विधान बनाउने जनताको अधिकार घोषणा गरे त्यसवेला पनि राजाको" अहम्" भावना स्पष्ट थियो। आफ्नो हातमा फौज, हतियार र शक्ति नभएको वेला राजाले वैधानिक राजतन्त्रलाई मान्यता दिई जनताको प्रजातान्त्रि हक स्वीकार गर्नु एक कुरो हो तर मौका पाएर फौज हतियारले युक्त भई शक्ति आफ्नो हातमा पारिसकेपछि फेरि पनि जनताका प्रजातान्त्रिक अधिकार स्वीकार गर्नु अर्को कुरो हो। आफ्नो हातमा फौज तथा हतियार नभएको वेलामा जनताद्वारा गणतान्त्रिक विधान बनाउने जनताको अधिकारलाई स्वीकार गर्ने राजाले शस्त्र र फौज आफ्नो हात पारिसके पछि विस्तारै-विस्तारै जनताको प्रजातान्त्रिक अधिकार खोसी आफूलाई फेरि मध्ययुगीन हुकुमी शासक बनाउनु एक स्वाभाविक प्रकृया हो। स्पष्ट छ राजाको शक्तिको स्रोत न त दैवी अधिकार हो, न त पुर्खेली अधिकार नै हो, राजाको शक्तिको स्रोत राजाको हातमा रहेको फौज र हतियार हो। यसै निम्ति जबसम्म राजाका हातमा शासनयन्त्र रहने छ, खास

गरिकन जुनवेलासम्म राजाको हातमा फौज र हतियार रहने छ, राजालाई सवैधानिक राजाको रूपमा रहने कुरा मन्जूर हुने छैन, न त जनताको सङ्घर्षहरूद्वारा जनताले पाएको अधिकार नै स्थायी र सुरक्षित हुनदिनेछ । राजाको हातमा रहेको हतियार कहिले पनि जनताको हक र अधिकार सुरक्षा गर्नको निम्ति प्रयोग हुने छैन मौका पाएर जनताको हक र अधिकार खोस्नको निम्ति नै राजाको हातमा रहेको राजदण्डको प्रयोग हुनेछ, राजाको हातमा रहेको फौज र हतियार प्रयोग हुनेछ ।

स्पष्ट छ राजाको हातमा रहेको सम्पूर्ण शक्ति जनतामा हस्तान्तरित गराई प्रभुसत्ता सम्पन्न संसद खडा गरेर नै राजाको प्रजातन्त्र विरोधी हरकतलाई नाकामयाब बनाउन सक्ने छौँ । यी कुराको अभावमा राजा राजाको रूपमा रहन्छ भने हाम्रो देशको प्रजातन्त्र अथवा जनताले सङ्घर्षद्वारा हासिल गरेको कुनै पनि अधिकार राजाको हातमा खेलौना नै सावित हुनेछ । यस्तो हक र अधिकार अनि प्रजातान्त्रिक व्यवस्था अस्थायी मात्र हुनेछ । जब राजाले लाखौँ रुपियाँमा खेल्न पाउने छ, जबसम्म देशको शासनयन्त्र खास गरी फौज र हतियार राजाको हातमा रहने छ जनताको कुनै हकलाई खोस्नु राजाको निम्ति बायाँ हातको खेल हुनेछ । राजाको हातमा रहेका फौज, हतियार आदि नै जनताको हक अधिकारलाई खोसी देशमा स्थापित कुनै पनि व्यवस्था खतम गर्नका निम्ति एक सफल साधन हो ।

शासन उसैले चलाउछ, विधान उसैले बनाउँछ जसको हातमा शासन यन्त्र रहन्छ र खास गरीजसले फौज हतियारलाई कब्जा गरेको हुन्छ शासनयन्त्रको मुख्य अङ्ग नै शस्त्र र फौज भएको हुँदा निशस्त्र जनताले प्रजातान्त्रिक अधिकारलाई सुरक्षित राख्न सक्तैन । यस तथ्यलाई नजरअन्दाज गरी, सानातिना आन्दोलनद्वारा हक र अधिकार प्राप्त गरी यसकै आधारमा देशमा राजनीति विकास गर्ने सपना देख्छौँ भने हामीले धोखा नै पाउने छौँ । जुन राजाले आफ्नो हातमा शक्ति नभएको वेलामा गणतन्त्रात्मक विधान बनाउनको निम्ति चुनाउ गराउन पनि मन्जूर गरे, जसै आफ्नो हातमा फौज र हतियार प्राप्त गरे जनतालाई हक दिँदै अन्तरीम विधानलाई समेत बार-बार परिवर्तन

गरी संविधान सभाको चुनाउ गराउन मात्र नामन्जूर गरेको होइन, आफैले दिएको विधान अन्तरगत स्थापना भएको संसदलाई टिक्न दिन मन्जूर गरेन र मौका पाई फेरि आफ्नो तानाशाही राज खडा गरे । उही राजाको मातहातमा सानातिना राजनीतिक अधिकारहरू पाई उसैलाई प्रयोग गरी फेरि पनि संसदीय व्यवस्था स्थापना गर्ने र त्यस संसदीय व्यवस्थालाई प्रयोग गरी पछि गएर नै राजाको हातको शक्ति खोसी सार्वभौम संसद खडा गर्ने सपना देख्छौँ भने यस्तो सपना कहिल्यै साकार हुन सक्ने छैन ।

जुन राजाले संविधानलाई खान सके, स्थापित संसदीय व्यवस्थालाई खतम गर्ने सके, उक्त राजाले फेरि एक पटक मौलिक अधिकार देला र अनि यसको आधारमा संसदीय व्यवस्था खडा गरौँला अथवा पछि गएर सर्वशक्ति सम्पन्न संसद खडा गरौँला भन्न थाल्छौँ भने हामीले फेरि पनि उही धोखा खानु पर्नेछ । निश्चित पनि राजाले दिएको अधिकार प्रयोग गरी हामीले उहीसँग लड्नको निम्ति शक्ति संचय नगरी सकुन्जेल हेरेर बस्ने छौँ । याद रहोस, हामीले पहिले संसदलाई स्वीकार गर्दा पनि सो संसदलाई शक्ति सम्पन्न बनाउने कबूल स्वीकार गरेका थियौँ । तर हामीले संसदलाई शक्ति सम्पन्न बनाउन अघि, हामीले २-४ वटा जनआन्दोलन के उठाउने काम गर्‍यौँ, राजाले संसदीय व्यवस्थालाई नै खतम गर्ने कार्य गरे, स्पष्ट छ फेरि पनि यस्तै प्रकारको संसद स्थापना हुन्छ भने राजाले सो संसद सर्वशक्ति सम्पन्न नबनुन्जेल पर्खेर बस्ने छैन र आफ्नो स्वविवेकम यस्तो संसद फेरि पनि भङ्ग गरी अझ मजबूतीको साथ हुकुमी व्यवस्था चलाउने छ ।

यसरी अस्ति हामीले सङ्घर्ष गरी संसदको स्थापना गर्‍यौँ । राजाले विधानको समेत वास्ता नगरी यसलाई खतम गरे । अब फेरि यही संसदको निम्ति सङ्घर्ष गरौँ, अनि यस संसदलाई रक्षा गर्नेको ? न त विधानले यसको रक्षा गर्नेछ, न राजाले । अनि राजाको स्वविवेकले यस्तो संसद सर्वशक्ति सम्पन्न बन्न दिन अगावै भङ्ग गर्नेछ । अनि फेरि मौलिक अधिकारको निम्ति सङ्घर्ष गरोस् फेरि संसद ल्याउ, फेरि भङ्ग गराउ यस घनचक्करमा फँसी नेपालको राजनीति कहिल्यै उभो लाग्ने छैन । यस घनचक्कर जबसम्म

तोडिन्न नेपालमा प्रजातान्त्रिक व्यवस्था कदापि स्थायी हुन सक्ने छैन, तसर्थ आजको एतिहासिक माग राजासँग सम्झौता गरी उही पुरानो किसिमको संसदीय व्यवस्था स्थापना गर्नु होइन । राजाको हातमा शक्ति रहुन्जेल यो घनचक्कर टुट्ने छैन । जबसम्म राजाको हातमा शक्ति रहने छ, जबसम्म देशको फौज तथा शस्त्र-अस्त्र राजाको हातमा रहने छ संसदीय व्यवस्था पनि नाकामयाब रहन्छ भने यही राजाको मातहतमा पाइने मौलिक अधिकारको मदतले हामीले देशको राजनीतिमा कहाँसम्म गुणात्मक परिवर्तन ल्याउन सफल हुनेछ ? स्वविवेकी राजाको मातहातमा न मौलिक अधिकार टिकाउ हुनेछ न त संसदीय व्यवस्था । राजाको हातमा शक्ति रहुन्जेल संसदको यो हाल हुन सक्तछ भने कुन भरोसामा पहिले मौलिक अधिकार प्राप्त गरी अनि त्यही मौलिक अधिकारको प्रयोग गरी संसदीय व्यवस्थाको स्थापना गर्नको निम्ति शक्तिसंचय गर्ने हो र फेरि एक पटक सजिलैसँग संसदको स्थापना गरी सो संसदलाई अझ सजिलोसँग सर्वशक्ति सम्पन्न बनाउने हो ?

स्पष्ट छ नेपालमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने हो, यसलाई दिगो गरी नेपालको राजनीतिलाई उत्तोत्तर विकास गर्दै जनताको पक्षलाई मजबुत गर्दै लाने हो भने हाम्रो तृतीय महाधिवेशनले भने जस्तो :

(क) राजाको हातमा रहेको सम्पूर्ण शक्ति जनताको हातमा हस्तान्त्रतरित गराउनु अति आवश्यक छ ।

(ख) अनि सर्वशक्ति सम्पन्न सर्वभौम संसदको स्थापना गर्न पनि उत्तिकै जरुरी छ ।

निश्चय पनि यी दुवै कार्य राजाको स्वविवेकमा प्राप्त हुने छैन । कुनै पनि शासकले शासक वर्गले आफ्नो हातमा रहेको शासनसत्ता जनताको हातमा सुम्पेर दिने छैन । तसर्थ यस कार्यलाई पूरा गर्ने एउटै बाटो हो प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्नु ।

**आजको प्रजातान्त्रिक क्रान्तिको स्वाभाविक चरित्र**

हुकुमशाही राजाको विरोधमा सङ्घर्ष गरी प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने

सवाल खेल खेलैमा सफल हुने छैन । राजाले जसरी नेपालमा प्रतिकृयावादी शक्तिको निर्माण गर्दैछ, विदेशी पूँजीपति निमन्त्रणा गरी भित्र्याइँदै छ, विदेशी प्रतिकृयावादी तथा साम्राज्यवादी हाम्रो देशभित्र घुसाउँदैछ, त्यसअनुसार हाम्रो प्रजातान्त्रिक सघर्ष साधारण तरिकाले राजा र जनताको बीचमा मात्र नभै यो प्रजातान्त्रिक सङ्घर्षले यी प्रतिकृयावादी शक्ति, विदेशी पूँजी तथा साम्राज्यवादको विरोधमा पनि गर्नुपर्ने छ । यसै निम्ति हाम्रो प्रजातान्त्रिक सङ्घर्ष राजाको एकतन्त्री शासन विरुद्ध प्रजातांत्रिक सघर्ष मात्र नभै यो सङ्घर्ष साम्राज्यवाद तथा विदेशी एकाधिकार पूँजी विरोधी सङ्घर्ष पनि हुनेछ । अङ्ग्रेज तथा अमेरिकी साम्राज्यवाद खास गरी अमेरिकी साम्राज्यवाद जो हर देशको प्रजातान्त्रिक आन्दोलनमा आफ्नो मौत देख्दछ हाम्रो देशको प्रजातान्त्रिक आन्दोलनको विरोधमा तगडा रूपले पेश आउनेछ । प्रजातन्त्रको ठेकेदार यी साम्राज्यवादी शक्ति आज प्रजातन्त्रको पक्षमा होइन एकतन्त्री हुकुमतको पक्षमा नै खडा हुनेछ । तसर्थ स्वभावतः यो प्रजातान्त्रिक आन्दोलनको चरित्र साम्राज्यवाद विरोधी पनि हुनेछ ।

यस बाहेक देशका प्रतिकृयावादी ठुला-ठुला सामन्तहरू यस प्रजातान्त्रिक सङ्घर्षको विरोधमा खडा हुनेछन् । साथै राजाको यो भूमिसुधारले देशका सानातिना सामन्तहरूका एक अङ्गलाई प्रजातन्त्र पक्षमा पनि ल्याईदिनु सक्तछ, तसर्थ यस्ता सामन्तहरू जो प्रजातान्त्रिक क्रान्तिका पक्षमा आउनेछ देशभक्त सामन्तको रूपमा व्यवहार गरी उनीहरूलाई राष्ट्रिय पूँजीपति वर्गमा परिणत गर्न योजना बनाएर यिनीहरूसँग सयुक्त मोर्चा पनि गर्न सकिन्छ । अस्तुः राष्ट्रिय क्षेत्रमा ठुला-ठुला तथा प्रतिकृयावादी सामन्तहरूको सामना गर्न करै लाग्ने छ, तसर्थ यो प्रजातान्त्रिक आन्दोलन सामन्त विरोधी आन्दोलन पनि हुनेछ ।

तसर्थ यो प्रजातान्त्रिक आन्दोलन सिधा प्रजातान्त्रिक आन्दोलन मात्र नभै सामन्त विरोधी, साम्राज्यवाद विरोधी प्रजातान्त्रिक आन्दोलन हुनेछ ।

यस्तो स्थितिमा नेपालका तमाम क्रान्तिकारी शक्तिलाई एकजुट गराएर नै यो कुरो सम्भव हुनेछ । हाम्रो देशका जनताको ९३ प्रतिशत किसान छन्,

उनीहरूमा ७० प्रतिशत भन्दा ज्यादा खेतीहीन सुकम्बासी किसान र गरीब किसान छन् । हाम्रो जनताको यस विशाल अङ्ग प्रजातान्त्रिक क्रान्तिको पक्षमा हुन स्वाभाविक छ । किसानलाई जमीन दिने, उनीहरूलाई ऋणबाट मुक्त गर्ने, उनीहरू माथिको सामन्ती तथा सरकारी शोषण दमन खतम गर्ने कार्यक्रमको अभावमा हाम्रो देशका किसानहरूलाई व्यापक रूपमा प्रजातान्त्रिक आन्दोलनमा उठाउन सकियोस् । आज किसानहरू एक पछि अर्को राजनीतिक परिवर्तन मात्र होइन, आफ्नो जीवनमा आर्थिक तथा राजनीतिक दुवै प्रकारको परिवर्तन चाहन्छन् । बढ्दो किसान आन्दोलन स्वभावतः सामन्त विरोधी आन्दोलन हुनेछ । यसै निम्ति जहाँ हामीले प्रतिकृयावादी सामन्तहरूलाई राष्ट्रिय पूँजीपति वर्गमा परिणत गरि उनीहरूको जमीन पनि योजनाबद्ध तरिकाले किसानलाई दिने प्रबन्ध गर्नु आवश्यक छ ।

यस बाहेक आज हाम्रो देशमा जुन द्रुतगतिले जनताको आर्थिक स्थिति बिगार्दैछ । त्यस अनुसार हाम्रो देशमा सर्वहारा वर्ग पनि बढ्दै छ यिनीहरू कोही भारत झर्छन् भने कोही देशभित्र नै मजदुर वर्गमा परिणत हुन्छन् । यस उसले आज मजदुर वर्ग एक बढ्दो वर्ग हो मजदुर वर्ग नै सबभन्दा क्रान्तिकारी वर्ग भएको हुँदा आजको प्रजातान्त्रिक क्रान्तिमा उनीहरूको विशेष भूमिका रहन्छ । यस बाहेक शहरिया गरीब तथा मध्यम वर्गहरूको आर्थिक स्थिति पनि छिट-छिटै बिग्रँदै छ साथै अनि राष्ट्रिय पूँजीपतिहरू पनि साम्राज्यवादी तथा विदेशी पूँजीको होडमा आफ्नो राम्रो विकास गर्ने सक्ने स्थितिमा छैन । साथै वुद्धिजीवि वर्ग हाम्रो देशका सबभन्दा चेतनशील वर्ग हो । यस्तो स्थितिमा, स्पष्ट छ-जबसम्म यी तमाम क्रान्तिकारी वर्गहरूलाई व्यापक रूपमा संयुक्त नगरी प्रजातान्त्रिक आन्दोलन उठाउनु सकिने छैन, हाम्रो प्रजातान्त्रिक क्रान्ति पूरा हुन सक्दैन ।

आजको स्थितिमा सामन्ती व्यवस्था खतम गर्न किसानहरूको हितमा मात्र नभई राष्ट्रिय पूँजीपति वर्ग तथा शहरिया मध्यम वर्गका व्यापारीहरूको पनि हितको कुरो पनि हो । सामन्ती व्यवस्था खतम गरी स्वतन्त्र आर्थिक विकास गर्नु जरुरी छ । विदेशी पूँजीको होडबाट राष्ट्रिय पूँजीपति वर्गलाई बचाउन

अत्यन्त जरुरी छ । जहाँसम्म सामन्ती व्यवस्था खतम गरी भूमि वितरण गर्ने सवाल छ, निश्चय पनि लुला, लँगडा, बुढाबुढी, केटाकेटी, नाबालकहरूको जमीन खोस्ने सवाल उठ्दैन, न त मजदुरहरू, सिपाहीहरू, कामदार-कारिन्दा डाक्टर, मास्टर, प्रोफेसर अथवा सानातिना मध्यम खालका व्यापारीहरूको नै जमीन खोस्ने सवाल छ । यिनीहरूको आफ्नो घर खर्चसम्म चल्ने खालको जमीन छोड्न सकिन्छ । जहाँसम्म देशभक्त सामन्तहरूको सवाल छ, उनीहरूको खेतमा सरकारद्वारा प्रबन्ध गरी उनीहरूलाई राष्ट्रिय पूँजीपति वर्गमा परिणत गरी उनीहरूको आर्थिक स्थिति अझ सुधार गर्न सकिन्छ ।

तसर्थ सामन्त विरोधी साम्राज्यवाद विरोधी प्रजातान्त्रिक आन्दोलन आज खास एक वर्गको स्वार्थ अनुकुलको सवाल नभई हाम्रो देशको तमाम क्रान्तिकारी वर्गहरूको स्वार्थ अनुकुलको सवाल हो । यी क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा नै आज हाम्रो देशमा क्रान्ति पूरा गर्ने निर्णायक शक्ति हो ।

यहाँ एक सवाल उठदछ्, जब आजको ऐतिहासिक कार्य प्रजातान्त्रिक क्रान्ति पूरा गर्नु हो भने किन हामीले यस क्रान्तिलाई पूरा गर्न पूँजीवादी पार्टी खास गरी नेपाली काँग्रेसलाई साथ दिने ? अथवा उनीहरूको सहायक शक्तिको रूपमा काम किन नगर्ने ? यस तर्कको पक्षपाती साथीहरूको भनाइमा आजको निर्णायक शक्ति नेपाली काँग्रेस हो । यसको साथ यो पनि सुनिनमा आउँछ कि आज नेपालको तमाम जनता र प्रजातन्त्रवादी पार्टीहरू र प्रजातान्त्रिक शक्तिहरूलाई एक सूत्रमा बाधेर लैजान परेको हुनाले "किसानलाई जमीन दिने आदि किसान समस्याहरूलाई उठाएर लैजाने कुरो गलत कुरो हुन्छ ।" यो भनाई अनुसार यस्ता सवालहरू मात्र उठाउनु आवश्यक छ जसले तमाम प्रजातान्त्रिक शक्तिहरू एक हुन सकून् ।

यहाँ एक अर्को सवाल उठ्दछ, आजको क्रान्ति पूरा गर्ने शक्ति नेपाली काँग्रेस जस्तो कुनै पूँजीपति पार्टी हो अथवा अरु नै हो ? के नेपाली काँग्रेसलाई हामीले साथ दिएको खण्डमा नेपालको प्रजातान्त्रिक क्रान्ति पूरा हुनेछ ? सैद्धान्तिक तथा व्यावहारिक दुवै दृष्टिकोणले यो आशा गलत सावित हुन्छ । सर्व-प्रथम नेपाल एक धेरै नै पिछडिएको देश हुँदा यहाँको पूँजीपति वर्ग

धेरै नै कमजोर अवस्थामा छ । नेपालको पूँजीपति वर्गको अवस्था नेपालको क्रान्तिमा नेतृत्व दिन सक्ने स्थिति छैन । ज्यादा से ज्यादा नेपालको पूँजीपति वर्ग प्रजातान्त्रिक क्रान्तिको सहायक र समर्थक रूपमा नै आउन सक्नेछ । उनीहरू नेपालको क्रान्तिलाई पूरा गर्न नेतृत्व दिन सक्ने स्थितिमा कतै छैन ।

साच्चै नै भन्ने हो भने हाम्रो देश पूँजीपति वर्गको राम्रो विकास पनि हुन पाएको छैन । हाम्रो देशमा खासगरी व्यापारी पूँजी र अनि सानातिना कारखानाहरू राइस मिल र आयल मिल जस्तो सानातिना मिलहरू नै छन् । एक दुईवटा खोल्न लागेको कारखानाहरू विदेशी पूँजीबाट नै बन्न लागेको छ । हाम्रो राष्ट्रिय पूँजी विदेशी पूँजीसँग होडमा टिक्नु पर्ने र विदेशी पूँजी नै नेपालको शक्तिशाली पूँजी भएको हुँदा हाम्रो देशको राष्ट्रिय पूँजी केही हदसम्म प्रजातन्त्र पक्षका भएपनि यो पूँजी यति कमजोर अवस्थामा छ कि हाम्रो राष्ट्रिय पूँजीपति वर्ग क्रान्तिमा नेतृत्व दिन सक्ने स्थितिमा छैन । यस कमजोरीले गर्दा यस पूँजीपति वर्गले प्रजातान्त्रिक क्रान्ति एक चढाइमा आएपछि नै प्रजातान्त्रिक आन्दोलनमा साथ दिनेछ । हालको स्थिति हेर्ने हो भने उनीहरू तटस्थ नै देखिन्छन् । प्रजातान्त्रिक पद्धतिप्रति केही हदसम्म सहानुभूति वर्गको नेतृत्व प्रजातान्त्रिक क्रान्ति पूरा हुन असम्भव छ ।

पूँजीपति वर्गको यो कमजोरी नेपालको पूँजीवादी पार्टी नेपाली काँग्रेसमा पनि यथेष्ट प्रतिबिम्बित भएको देखिन्छ । नेपाली काँग्रेसले नेपालकै पूँजीपति वर्गको मात्र भरोसा गर्न सकेन र राष्ट्रिय क्षेत्रमा नेपाली काँग्रेसको सम्बन्ध गाउँ पहाडका सामन्तहरू तथा जाली फटाहाहरूसँग पनि छन् अन्तराष्ट्रिय क्षेत्रमा नेपाली काँग्रेसले आफ्नो भरोसा पूर्ण मित्र साम्राज्यवादी तथा भारतीय एकाधिकार पूँजीलाई नै बनाएको छ । यसै निम्ति जुनवेला नेपाली काँग्रेस सरकार नेपालमा थियो त्यसवेला पनि त्यस सरकारको अर्थनीति राजा महेन्द्रको अर्थनीति झन्डै ५० हजारसम्मको कारखानाहरू नेपाली राष्ट्रिय पूँजीले चलाउने ५० हजार देखि ३,००,००० । सम्मको कारखानाहरू नेपालको राष्ट्रिय पूँजी तथा विदेशी पूँजी मिलेर संयुक्त रूपले चलाउने र ३,००,००० ।भन्दा बढीको ठुला-ठुला कारखाना र मिलहरू विदेशी पूँजीद्वारा

चलाउने नीति संसद भित्र छलफलको निम्ति सर्कुलेसनमा ल्याइसकेको थियो । अनि किसान र सामन्त बीचको सम्बन्धमा नेपाली काँग्रेसको नीति सामन्तको पक्ष लिई किसानहरूलाई दबाउने खालका नै थियो । ठाउँ-ठाउँमा किसान कार्यकर्ताहरू पक्रनु किसानहरू माथि मोहियानीहरूको सवालमा पनि गोली चलाउनु भ्रष्ट अधिकारहरूलाई बचाउन जनआन्दोलन दबाउने कार्य गरे अर्को तिर नेपाली काँग्रेसको सरकारले विदेशी पूँजीको होडबाट राष्ट्रिय पूँजीलाई बचाउन कामसम्म पनि गर्न सकेन र नेपाली काँग्रेस पूँजीवादी पार्टी भएर पनि नेपालको राष्ट्रिय पूँजीपति वर्गको स्वार्थसम्मको पनि प्रतिनिधित्व गरी काम गर्न सकेन ।

नेपाली काँग्रेसको यस इतिहासले गर्दा तथा आज पनि नेपाली काँग्रेससँग मजदूर, किसान तथा अन्य क्रान्तिकारी वर्गहरू र साथै राष्ट्रिय पूँजीपति वर्गको समस्या समाधान गर्ने कार्यक्रमको अभावले गर्दा नेपाली काँग्रेसले नेपालको तमाम क्रान्तिकारी वर्गहरूलाई एक सूत्रमा बाँधी क्रान्तिलाई पूरा गर्न सक्ने क्षमताको विल्कुलै अभाव देखिन्छ ।

आजको स्थितिमा पनि नेपाली काँग्रेसले हाम्रो राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गरी किसानहरूको समस्या समाधान गर्न सामन्त विरोधी नीति तथा राष्ट्रिय पूँजीको विकासको लागि साम्राज्यवादी तथा विदेशी एकाधिकार पूँजीका प्रभावबाट नेपाललाई मुक्त गर्ने खालको एक स्वतन्त्र अर्थनीति अपनाउन सकेन ।

हाम्रो देशको जनसंख्याको ९३ प्रतिशत किसान छन् र अनि ७० प्रतिशत खेतीहीन र गरीब किसान छन् । यसै निम्ति किसान नै आजको हाम्रो देशको मुख्य क्रान्तिको शक्ति हुन् । यस शक्तिलाई क्रान्तिकारी आन्दोलनमा उठाउनको निम्ति सामन्ती व्यवस्था खतम गरी किसानलाई जमीन दिने, उनीहरूलाई ऋणबाट मुक्त गर्ने र गाउँघरबाट सामन्ती तथा जालि फटाहाहरूको शोषण र दमन खतम गर्ने खालको कार्यक्रम अति जरुरी छ । तर नेपाली काँग्रेस यस प्रकारको कार्यक्रमलाई कहिल्यै अँगाल्न सकेन । यस्तै राष्ट्रिय पूँजीको विकास गरी देशको स्वतन्त्र आर्थिक उन्नति गर्ने हो भने हाम्रो देशको अर्थ

व्यवस्थालाई साम्राज्यवादी तथा विदेशी पूँजीको होड र कब्जाबाट मुक्त गर्नु अत्यन्त जरुरी छ । यस नीतिलाई नेपाली काँग्रेसले कहिल्यै स्वीकार गर्न सकेन । यस्तो स्थितिमा नेपाली काँग्रेसको नेतृत्वमा मजदूर, किसान तथा अन्य तमाम क्रान्तिकरी वर्गहरूको क्रान्तिकारी आन्दोलनमा उठाउन असम्भ छ ।

त्यस माथि नेपाली काँग्रेस खुद नेपालको तमाम क्रान्तिकारी वर्गहरू अगाडि चढ्लान् र नेपालको क्रान्ति आफ्नो काबु बाहिर जाला भन्ने डरले अस्त छ । नेपाली काँग्रेस एकातिर प्रजातान्त्रिक सङ्घर्षको पक्षमा छ भने अर्कातिर यो सङ्घर्षले व्यापक जन सङ्घर्षको रूप लिई यसले व्यापक जन क्रान्तिको रूप लेला भन्ने पनि उतिकै डराउँछ । यस्तो स्थितिमा नेपाली काँग्रेस खुद मजदूर, किसान आदि तमाम जनतालाई क्रान्तिकारी आन्दोलनमा उठाउने पक्षमा छैन । यसै कारण प्रजातान्त्रिक सङ्घर्ष नेपाली काँग्रेसले गर्दा गर्दै पनि प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने पक्षमा नेपाली काँग्रेस छैन र नेपाली काँग्रेसको सङ्घर्ष क्रान्ति पूरा गर्ने खालको नभै राजालाई दवाब दिई सम्भौतामा टुङ्ग्याउने खालको छ । यसमाथि नेपाली काँग्रेस कम्युनिष्ट पार्टीसँग समानताको आधारमा संयुक्त मोर्चा गर्ने पक्षमा कहिल्यै भएन र नेपाल कम्युनिष्ट पार्टीको सहयोग चाहन्छ भने आफ्नो उद्देश्य पूर्ति गर्न सहायक शक्तिको रूपमा नै सहयोग चाहन्छ । ताकि कुनै पनि सङ्घर्षको दौरानमा नेपाली काँग्रेसले राजासँग सम्भौता गरी शासन सत्तामा हिस्सेदार बन्न सकोस् ।

अहिले पनि नेपाली काँग्रेसले राजाभन्दा पनि ठुलो दुश्मन कम्युनिष्ट पार्टीलाई नै ठानेको छ र कम्युनिष्ट हौवा खडा गरी राजासँग सम्भौता गरी शासन सत्तामा हिस्सा लिने मानै हरबखत संलग्न देखिन्छ । जबसम्म नेपाली काँग्रेसको घनिष्ट सम्बन्ध साम्राज्यवादी तथा विरोधी पूँजीसँग रहने छ नेपाली काँग्रेसले कम्युनिष्ट विरोधी जनविरोधी नीति छोड्न सक्ने छैन । जब नेपाली काँग्रेसको सम्बन्ध साम्राज्यवादी तथा विदेशी शक्तिसँग रहेर आएको छ भने नेपाली काँग्रेसले सामन्त विरोधी तथा साम्राज्यवाद विरोधी कार्यक्रम कदापि अँगाल्न सक्तैन । अनि यस्तो कार्यक्रमको अभावमा कोरा प्रजातन्त्रको

नारामा नेपालको मजदूर, किसान तथा अन्य तमाम क्रान्तिकारी प्रजातान्त्रिक वर्गहरूलाई उत्साहित गरी क्रान्तिमा उठाउन पनि सकिन्न । हाम्रो देशको तमाम क्रान्तिकारी वर्गहरूको स्वार्थको प्रतिनिधित्व गर्ने राजनीतिक तथा आर्थिक कार्यक्रमको अभावमा नेपालका तमाम क्रान्तिकारी वर्गहरूलाई क्रान्तिकारी सङ्घर्षमा नेतृत्व दिन सक्ने छैन । जबसम्म सामन्त विरोधी एक क्रान्तिकारी कार्यक्रमलाई नेपाली काँग्रेसले स्वीकार गर्न सक्तैन, हाम्रो देशको सबभन्दा ठुलो क्रान्तिकारी ताकत किसानहरू खास गरी खेतहीन गरीब किसानहरूलाई यस क्रान्ति पूरा गर्न एक व्यापक सङ्घर्ष कदापि उठाउन सक्ने छैन । जब साम्राज्यवाद विरोधी विदेशी स्वार्थ विरोधी कार्यक्रम नेपाली काँग्रेसले लिन सक्तैन भने अरु मेहनतकश जनता मात्र होइन स्वयं राष्ट्रिय पूँजीपति वर्गको स्वार्थलाई पनि नेपाली काँग्रेसले प्रतिनिधित्व गर्न सक्तैन, यसै निम्ति उनीहरूलाई पनि नेपाली काँग्रेसले उत्साहित गरी प्रजातान्त्रिक क्रान्तिमा उठाउन सक्ने छैन ।

यस्तो स्थितिमा नेपाली काँग्रेसको नेतृत्वमा देशको तमाम क्रान्तिकारी वर्गहरूलाई समेटी, उनीहरूलाई बुझ्ने राजनीतिक तथा आर्थिक कार्यको आधारमा नेपालीको पूँजीवादी प्रजातान्त्रिक क्रान्ति पनि पूरा गर्न सक्ने स्थितिमा नेपाली काँग्रेस छैन । नेपाली काँग्रेस जहाँ एकातिर प्रजातान्त्रिक क्रान्तिको पक्षमा छ, अर्कोतिर यस क्रान्तिलाई पूरा गर्ने पक्षमा छैन ।

स्पष्ट छ, नेपाली काँग्रेस आजको प्रजातान्त्रिक क्रान्तिको निर्णायक शक्ति होइन । नेपालको तमाम क्रान्तिकारी वर्गको व्यापक संयुक्त मोर्चा नै नेपालको प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्न सक्ने निर्णायक शक्ति हो । यी तमाम क्रान्तिकारी वर्गहरू मध्ये किसानले नै आजको स्थितिमा सबभन्दा ठुलो क्रान्तिकारी मजदूर वर्ग आजको स्थितिमा कम संख्यामा भए पनि यो वर्ग एक बढ्दो वर्ग हो, यो वर्ग हाम्रो देशमा सबभन्दा क्रान्तिकारी वर्ग हो । राजाको हुकुमीशाही व्यवस्था अन्तरगत सर्वहारा तथा अर्धसर्वहारा वर्ग द्रूतगतिले बढ्दैछ र । हाम्रो देशमा ७० प्रतिशतभन्दा बढी जनता सर्वहारा तथा अर्धसर्वहारा वर्गमा परिणत भैसकेको छ । यो सर्वहारा र अर्धसर्वहारा

वर्गलाई नजर अन्दाज गरी हामीले आफ्नो देशमा प्रजातान्त्रिक क्रान्ति कदापि पूरा गर्न सक्ने छैनौँ । सामन्ती व्यवस्था खतम गरी किसानलाई जमीन दिने, उनीहरूलाई ऋणबाट मुक्त गर्ने र गाउँघरबाट सामन्तहरूको तथा जाली फटाहाहरूको शोषण दमन खतम गरेर नै हामीले गाउँघरका खेतीहीन तथा गरीब किसानको समस्या समाधान गर्न सक्ने छौँ । प्रजातान्त्रिक क्रान्तिको मुख्य ताकत किसानको समस्या समाधान गर्ने कार्यक्रमको अभावमा क्रान्तिको यस अजय ताकतलाई क्रान्तिकारी सङ्घर्षमा उठाउन सकिने छैन यसै निम्ति प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने सवाल सामन्ती व्यवस्था खतम गर्ने सवालको अभिन्न अङ्ग हो । यस्तै गरी नेपालको बेकारी समस्या हल गर्ने औधोगिक विकास गरी स्वतन्त्र आर्थिक विकासको निम्ति राष्ट्रिय व्यापार तथा कलकारखाना र मीलहरू विदेशी पूँजीको होड बचाई उनीहरूको सफलताको निम्ति चाहिने मद्त गर्नु जरुरी छ । यसै निम्ति देशको आर्थिक तथा राजनीतिक स्वतन्त्रतको निम्ति हामीले अफ्नो देशलाई साम्राज्यवादी तथा विदेशी पूँजीको होडबाट रक्षा गर्नुछ । यसबाहेक आज जुन रूपले अङ्ग्रेज अमेरिकी साम्राज्यवादहरूको हथकण्डा बढदै गइरहेको छ र जुन रूपले विदेशी प्रतिकृयावादी शक्तिको कुचक्र नेपालमा बढ्दै गइरहेको छ, त्यस साम्राज्यवादी तथा विदेशी प्रतिक्रियावादीहरूको चंगुलबाट मुक्त नगरुञ्जेल हाम्रो देश एक पाईला पनि अगाडि बढ्न सक्ने छैन । यो साम्राज्यवादी तथा विदेशी प्रतिकृयावादी शक्ति हाम्रो प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने सवालमा एक सबभन्दा ठुलो बाधकको रूपमा खडा हुनेछ ।

यसै निम्ति हाम्रो प्रजातान्त्रिक क्रान्ति सफल गर्ने सवाल हाम्रो देशलाई साम्राज्यवादी तथा विदेशी एकाधिकार पूँजी र स्वदेश र विदेशी प्रतिकृयावादी शक्तिको विरोधी सङ्घर्षसँग उत्तिकै सम्बन्धित सवाल हो । तसर्थ प्रजातान्त्रिक क्रान्ति पूरा गर्न सवाल साम्राज्यवादी तथा विदेशी एकाधिकार पूँजी तथा स्वदेशी र विदेशी प्रतिकृयावादी चंगुलबाट मुक्त हुने सवाल पनि हो र उनीहरूको चंगुलबाट मुक्त गरेर नै हामीले प्रजातान्त्रि क्रान्तिलाई पूरा गरी आफ्नो देशमा एक स्वतन्त्र राजनीतिक तथा आर्थिक व्यवस्था स्थापना गर्न सक्नेछौँ ।

तसर्थ आजको प्रजातान्त्रिक सङ्घर्षको सवाल सामन्त विरोधी तथा साम्राज्यवाद तथा विदेशी एकाधिकार पूँजी विरोधी सङ्घर्ष पनि हो । स्पष्टतः यो प्रजातान्त्रिक क्रान्ति सीधा मानेमा पुरानो पूँजीवादी खालको प्रजातान्त्रिक क्रान्ति नभै एक नयाँ किसिमको प्रजातान्त्रिक क्रान्ति हो ।

यस क्रान्तिलाई पूरा गर्ने हो भने आज नेपालको खास एक वर्गले मात्र पूरा गर्न सक्ने छैन यो क्रान्ति नेपालको तमाम क्रान्तिकारी वर्गहरू मजदूर, किसान, शहरिया गरीब तथा मध्यम वर्ग, क्रानितकारी बुद्धिजीविहरू तथा राष्ट्रिय पूँजीपति वर्ग तथा देश भक्त सामन्तहरू समेतको-एक व्यापक संयुक्त मोर्चा बनाएर नै पूरा हुन सक्ने छ । यी तमाम वर्गहरू मध्ये सर्वहारा तथा अर्धसर्वहारा वर्ग सबभन्दा प्रमुख क्रान्तिकारी शक्ति भएकोले मजदूर किसान एकता नै यस व्यापक क्रान्तिकारी संयुक्त मोर्चाको आधार हुनु परेको छ । सर्वहारा वर्ग नै सबभन्दा स्वार्थहिन तथा क्रान्तिकारी वर्ग भएकोले, यसै वर्गले नै देशका तमाम क्रान्तिकारी वर्गहरूको स्वार्थको प्रतिनिधित्व गर्न सक्ने छ, यसै निम्ति क्रान्तिलाई पूरा गर्ने सवालमा सबभन्दा अगाडि बढी नेतृत्व दिने क्षमता यसै वर्गमा छ । आजको प्रजातान्त्रिक क्रान्तिको सवालमा सर्वहारा वर्गनै यस्तो वर्ग हो जसले प्रजातान्त्रिक क्रान्तिलाई अन्तसम्म लगि यसलाई पूरा गर्न सक्तछ । स्वभावतः हाम्रो निर्णायक क्रान्तिकारी ताकतको स्वरूप सर्वहारा वर्गबाट नेतृत्व गरिएको तथा मजदूर किसानको दृढ एकतामा आधारित विभिन्न क्रान्तिकारी वर्गहरूको एक व्यापक संयुक्त मोर्चा नै हो । सर्वहारा वर्गको नेतृत्व मजदूर किसान एकामा आधारित नगरी बनाइने संयुक्त मोर्चा अस्थायी नै रहने छ । २००८ सालमा नेपालमा बनेको जनवादी जन-तान्त्रिक संयुक्त मोर्चा यस्तै खालको थियो । नेपाल कम्युनिष्ट पार्टी र प्रजा परिषद् मिली बनेको त्यो संयुक्त मोर्चा यस्तै खालको थियो । नेपाल कम्युनिष्ट पार्टी र प्रजापरिषद् मिली बनेको त्यो संयुक्त मोर्चा प्रजापरिषद् विचलित भएर जाने बितिकै छिन्न भिन्न भएर गयो ।

यसै निम्ति ८१ देशको पार्टीको सम्मेलनको वक्तव्यले भने झैँ राष्ट्रिय स्वतन्त्रतालाई प्राप्त गर्ने, प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने तथा सामाजिक

प्रगतिलाई सुनिश्चित गर्ने सवालमा मजदूर किसान एकता नै सबभन्दा प्रमुख ताकत हो । यस एकतालाई आधारित गरेर नै व्यापक राष्ट्रिय मोर्चाको निर्माण गर्न सकिन्छ । र राष्ट्रिय पूँजीपति वर्गले प्रजातान्त्रिक सङ्घर्षमा, कति हदसम्म भाग लिनेछ भन्ने पनि सो मजदूर किसान एकताका ताकत र स्थायित्वमा नै धेरै हदसम्म निर्भर गर्दछ । हाम्रो आफ्नो अनुभव तथा ८१ देशको पार्टीको भनाई दुवैले संयुक्त मोर्चाको सवालमा पूँजीपति वर्गसँगको मेलको भरोसामा स्थायी हुन सक्तैन भन्ने कुरो स्पष्ट छ । अनि पूँजीपति वर्गको नेतृत्वको भरोसामा क्रान्ति पूरा गर्ने सवाल असम्भव प्रायः छ भन्ने कुरो पनि यसले अझै पुष्टि गर्छ ।

तर पनि जहाँ हामी, जुनवेला जति बेरसम्म पूँजीवादी महधिवेशनको राजनीतिक प्रस्तावले आफ्नो नीति स्पष्ट गरि भनेको छ, संयुक्त मोर्चाको सवाल एकता र सङ्घर्षको सवाल हो । संयुक्त मोर्चाको सवालमा यही सही नीति हो । जहाँसम्म सामन्त विरोधी साम्राज्य विरोधी सङ्घर्षमा उनीहरू सरिक हुनेछन् हामी उनीहरूसँग एकता चाहन्छौँ, जहाँ सम्म उनीहरू यस कार्यमा ढुलमुल हुन थाल्छ उनीहरूको यस ढुलमुल नीतिको हामी विरोध-पनि गर्छौं ।

यस कारण देशमा तमाम क्रान्तिकारी वर्गहरूको समस्या राम्ररी सुल्झाउन हो भने अनि साथै जनताको प्रजातान्त्रिक अधिकारको ग्यारन्टी गर्ने हो भने देशको तमाम क्रान्तिकारी वर्गहरूलाई सङ्गठित गरी उनीहरूलाई क्रान्तिकारी आन्दोलनमा उठाएर ल्याउन अत्यन्त जरुरी छ र साथै यस्तो क्रान्तिकारी सङ्घर्षमा मुख्य भूमिका मजदूर किसानले नै खेल्न अत्यन्त जरुरी छ र क्रान्तिको नेतृत्वदायी भूमिका पनि सर्वहारा वर्गले नै खेल्नु अत्यन्त जरुरी छ ।

यस्तो प्रजातन्त्र जसलाई ल्याउनको निम्ति नेपालको तमाम क्रान्तिकारी वर्गहरूले सङ्घर्ष गरेका हुन्छन्, जसलाई ल्याउनको निम्ति मजदूर किसानहरूले सबभन्दा प्रमुख भूमिका खेलेको हुन्छ त्यो प्रजातन्त्र न त पूँजीपति वर्ग एक्लैले शासित समाजवादी प्रजातन्त्र नै हुनेछ । यो तमाम क्रान्तिकारी वर्गहरू मजदूर, किसान, क्रान्तिकारी बुद्धिजीविहरूदेखि लिएर राष्ट्रिय पूँजीपति वर्गसम्मको संयुक्त शासन हुन्छ र यस शासनमा मुख्य

नेतृत्वदायी भूमिका सर्वहारा वर्गले नै खेलेको हुन्छ, र यस्तो शासनमा मुख्य आधार पनि मजदूर किसान एकता नै हुनेछ । यस्तो प्रजातन्त्र पुरानो खालको पूँजीवादी प्रजातन्त्र नभै एक नयाँ किसिमको प्रजातन्त्र हुनेछ र यसको स्वरूप सामन्त विरोधी साम्राज्यवाद विरोधी प्रजातन्त्र हुनेछ । अर्थात् यो प्रजातन्त्र राष्ट्रिय प्रजातन्त्र नै हुनेछ, जसले तमाम क्रान्तिकारी वर्गहरूको स्वार्थको प्रतिनिधित्व गर्नेछ ।

यस्तो संयुक्त सरकारले नै मजदूर, किसानदेखि लिएर नै राष्ट्रिय पूँजीपति वर्गसम्मको स्वार्थको प्रतिनिधित्व गरी काम गर्न सक्नेछ । राष्ट्रिय पूँजीपतिहरूको राष्ट्रिय व्यापार, उनीहरूद्वारा सञ्चालित कल कारखानाहरूको निम्ति चाहिने मदतसमेत प्रदान गरी हाम्रो देशको राष्ट्रिय पूँजीपतिहरूले कल कारखानाहरू नभ्याउने ठुला-ठुला तथा प्रमुख कलकारखानाहरू तथा अन्तराष्ट्रिय व्यापार राष्ट्रकै पूँजीद्वारा सरकारी स्तरमा चलाई हाम्रो देशको स्वतन्त्र आर्थिक विकास हुनेछ ।

यसरी देशमा स्वतन्त्र उद्योग तथा व्यापारको सृष्टि गरी देशको जनतालाई काम र मामको प्रबन्ध गर्नुका साथै उनीहरूको जीवन सुनिश्चित र सुरक्षित गर्न सकिने छ र आज आफ्नो गाउँघर छोडी विदेशिएका दाजुभाइहरूको निम्ति आफ्नै देशभित्र कामको प्रबन्ध गरी उनीहरूको जीवन सुखी र सम्पन्न बनाउन सकिने छ । साथै खेती गर्न चाहने किसानहरूको निम्ति चाहिने खेतको प्रबन्ध गरी, उनीहरूलाई चाहिने आर्थिक मदत दिनको साथै उनीहरूलाई ऋणबाट मुक्त गरी गाउँघरबाट जाली फटाहा तथा शोषक सामन्तहरूको मनमानी अत्याचार खतम गरी गाउँघरमा किसानहरूको आफ्नो पंचायती शासन चल्नेछ ।

अनि हाम्रो देशको राजनीतिक तथा आर्थिक क्षेत्रमा साम्राज्यवादी तथा विदेशी प्रभावबाट मुक्त गरी देशको स्वतन्त्र तथा राजनीतिक तथा आर्थिक विकास गर्न सक्नेछ । साथै देशका तमाम जनतालाई प्रजातान्त्रिक अधिकारको ग्यारेन्टी दिन सकिने छ ।

जनताद्वारा चुनिएका सर्वशक्ति सम्बन्ध सार्वभौम संसदको स्थापना भै जनताको

इच्छा र अर्मानको प्रतिनिधित्व गरी राज्य संञ्चलन हुनेछ र जनतालाई देशको राजनीतिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा नीति निर्माण गर्न कार्यमा व्यावहारिक रूपले भाग लिने काम मिल्नेछ ।

यस्तो प्रजातन्त्रले नै देशमा स्वतन्त्र राजनीतिक तथा आर्थिक विकासमै समाजवादी व्यवस्थाको निम्ति ढोका खोल्नेछ ।

यस्तो प्रजातन्त्र जसले तमाम जनताको निम्ति काम मामको प्रबन्ध गरी उनीहरूको जीवन सुनिश्चित गरी समाजवादतिर जानेबाटो खोल्दछ र तमाम मेहनतकश जनताको राजनीतिक अधिकार सुरक्षित गर्दछ । निश्चय पनि पुरानो किसिमको पूँजीवादी प्रजातन्त्र नभै एक नयाँ प्रजातन्त्र हो जुन प्रजातन्त्रले राष्ट्रिय स्वतन्त्रताको साथ जनताको निम्ति सच्चा प्रजातन्त्रको ग्यारेन्टी गर्नेछ अर्थात् राष्ट्रिय स्वतन्त्रता र जनताको-जनवाद) प्रजातन्त्र राष्ट्रिय प्रजातन्त्र हुनेछ । स्पष्टतः राष्ट्रिय प्रजातन्त्रको सवाल आजको प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने सवालसँग गाँसिएको हो र यो राष्ट्रिय प्रजातन्त्रको सवाल प्रजातान्त्रिक क्रान्ति पूरा गरिसकेपछि मात्र उठ्ने सवाल होइन । यो पनि स्पष्ट छ कि राष्ट्रिय प्रजातन्त्रको सवाल प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने अचुक साधन पनि हो यसै निम्ति राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति हाम्रो तत्कालीन ऐतिहासिक लक्ष्य मात्र नभै, यो तत्काल प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने अचुक साधन पनि हो । राष्ट्रिय प्रजातन्त्रको सवाल हाम्रो प्रजातान्त्रिक क्रान्तिको लक्ष्य तथा साधन दुवै हो । आज हाम्रो देश एकचोटि पूँजीवादी (पुरानो किसिमको) प्रजातन्त्र स्थापना गरिसकेपछि मात्र राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने कुनै सवालै उठ्दैन । न त यो सम्भव नै छ । आज प्रजातान्त्रिक क्रान्ति पूरा हुने हो भने राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको रूपमा पूरा हुनेछ यही हाम्रो देशको आजको ऐतिहासिक स्थितिमा पूरा हुन सक्ने प्रजातान्त्रिक क्रान्ति र प्रजातान्त्रिक व्यवस्थाको स्वाभाविक चरित्र हो ।

**राष्ट्रिय प्रजातन्त्र र यसमा नेतृत्वको सवाल**

हाम्रो नेपालको स्थितिलाई अध्ययन गर्दा स्पष्ट हुन्छ कि राष्ट्रिय प्रजातन्त्र

हाम्रो देशमा पूँजीपति वर्गको नेतृत्वमा पूरा हुन सक्तैन र यसलाई पूरा गर्न विभिन्न क्रान्तिकारी वर्गहरूको एक व्यापक संयुक्त मोर्चाको जरुरी छ, जुन संयुक्त मोर्चा मजदूर, किसान एकतामा आधारित तथा सर्वहारा वर्गले नेतृत्व गरिनु जरुरी छ । तर यो कुरा बीच बीचमा सुनिन्छ कि "राष्ट्रिय प्रजातन्त्र" राष्ट्रिय पूँजीपति वर्गको नेतृत्वमा स्थापित हुन एक प्रजातान्त्रिक व्यवस्था हो, जसमा पूँजीपति वर्गले नेतृत्व गरिए तापनि सर्वहारा वर्गले नेतृत्वदायी भूमिका खेल्ने हो, अर्थात नेतृत्वमा आफू नरही पूँजीपति वर्गलाई ठीक तरिकासँग काम गराउनको निम्ति बाहिरबाट सरसल्लाह दिई दबाव दिनु मात्र हो ।

यस्तो विचार कहाँबाट उत्पन्न भयो भन्न सकिन्न । न त आजको हाम्रो देशको सामाजिक स्थितिले यस कुरालाई सम्भव हुन दिन्छ, न त ८१ देशको पार्टीको मस्को वक्तव्यले यस कुरोलाई कही मान्यता दिन्छ । स्पष्ट माथि उल्लिखित विचार सिद्धान्तः तथा व्यावहारिक दुवै रूपले गलत विचार हो ।

८१ देशको वक्तव्यको पन्ना पल्टाएको खण्डमा स्पष्टतः हामी पाउछौँ, कि "राष्ट्रिय स्वतन्त्रता प्राप्त गर्नु तथा यसलाई सुरक्षित गर्नको निम्ति, धेरै अघि बढेको प्रजातान्त्रिक परिवर्तन ल्याउनको निम्ति तथा सामाजिक प्रगतिलाई सुनिश्चित गर्नको निम्ति मजदूर वर्ग तथा किसानको एकता सबभन्दा प्रमुख ताकत हो । व्यापक राष्ट्रिय मोर्चाको आधार पनि यही हुन परेको छ । मजदूर किसानको एकताको ताकत र स्थायीत्वमा नै राष्ट्रिय पूँजीपतिहरूले मुक्ति संग्राममा कति हदसम्म भाग लिने छ भन्ने कुरो निर्भर गर्दछ ।"

साथै यो पनि भनिएको छ, "आजको स्थितिमा साम्राज्यवादसँग सङ्घर्ष नभएको औपनिवेशक तथा परतन्त्र देशको राष्ट्रिय पूँजीपतिहरू साम्राज्यवाद विरोधी, सामन्त विरोधी क्रान्तिको मुख्य कारवाही सफल पार्ने पनि दिलचस्प लिने गर्छन्, र त्यस निम्ति साम्राज्यवाद विरोधी र सामन्त विरोधी क्रान्तिकारी सङ्घर्षमा भाग लिन क्षमता राख्तछन् । यस मानेमा यो प्रगतिशील छ । तर यो प्रगतिशील भएर पनि अस्तिर छ र यसको दोहरी चरित्रले गर्दा राष्ट्रिय पूँजीपति वर्गले कहाँसम्म क्रान्तिमा भाग लिने छ भन्ने कुरो देश, देशमा फरक हुन्छ ।" यी पूँजीपति वर्ग यसरी दोहरी चरित्र हुन्छ भने कुन सिद्धान्त अथवा

भरोसामा पूँजीपति वर्गको नेतृत्वमा "राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति" सफल हुनेछ ? माथि उल्लिखित प्याराले साफ छ मजदूर किसान एकता सुदृढ र स्थायी भएमा एक हदसम्म पूँजीपति वर्ग पनि क्रान्तिमा भाग लिनेछ भने हामीले यस कुरोको ख्याल नराखी पूँजीपति वर्गको सहायक शक्तिको रूपमा काम गर्न मन्जुर गर्छौं भने राष्ट्रिय प्रजातन्त्र प्राप्त गर्ने कुरो त छोडिदेऊ, पूँजीवादी क्रान्ति पनि पूरा हुने छैन । पूँजीपति वर्ग दोहोरो चरित्रले गर्दा जहाँ उनीहरूसँग एकता गर्न सकिन्छ, अर्कोतिर उनीहरूका ढुलमूल चरित्रको विरोधमा सैद्धान्तिक र सङ्गठनात्मक सङ्घर्ष चालुनै रहन्छ । जहाँ सम्म पूँजीपति वर्ग साम्राज्यवाद विरोधी र प्रगतिशील हुनेछ हाम्रो नीति उनीहरूसँग मेल गर्ने हुन सक्तछ, तर साम्राज्यवाद र सामन्त शक्तिसँग सम्झौता र मेल गर्ने उनीहरूको प्रतिकृयावादी प्रवृतिको विरोधमा सङ्घर्ष गर्नु नै हाम्रो नीति हुनेछ । शोषित र पीडित जाती र जनताको क्रान्तिकारी सङ्घर्षहरूको दौरानमा, सर्वहारा वर्गको पार्टीलाई आफ्नै कार्यक्रम अगाडि राख्नु पर्दछ, जुन कार्यक्रम साम्रज्यवाद तथा घरेलु प्रतिकृयावादी विल्कुल विरोधी हुनु पर्छ र राष्ट्रिय स्वतन्त्रताको साथै जनताको प्रजातन्त्रको निम्ति हुनु पर्छ र यस पार्टीले जनताको बीचमा स्वतन्त्र रूपले काम गर्नु पर्दछ, प्रगतिशील ताकतलाई हरबखत बढाउँदै लैजानु पर्छ र बिचको ताकतलाई आफुतिर तान्नु पर्दछ र प्रतिकृयावादी ताकतलाई एक्लो पर्नु पर्छ, यसरी नै सर्वहारा वर्गको पार्टीले राष्ट्रिय प्रजातन्त्रिक क्रान्तिलाई अन्तसम्म लैजान सकिने छ र त्यस क्रान्तिलाई समाजवादकोबाटोमा दोऱ्याउन सकिने छ ।"

"राष्ट्रिय प्रजातन्त्र" भएकोले "राष्ट्रिय पूँजीपति वर्ग" का नेतृत्वमा यी प्रजातन्त्र हुन सक्छ भन्नु पार्टीलाई पूँजीपति वर्गको सहायक शक्ति बनाउनु हो "राष्ट्रिय प्रजातन्त्र" पूँजीपति वर्गको नेतृत्वमा हुन सक्ने भनि सोच्छौँ भने योभन्दा तथ्यहीन कुरो अरू के होला ? के यो राष्ट्रियता राष्ट्रिय पूँजीपति वर्गको भाग्यसँग मात्र जोडिएको कुरो हो ? राष्ट्रिय पूँजीपति वर्ग प्रजातन्त्रको अङ्ग हुन सक्छ, यस राष्ट्रिय प्रजातन्त्र राष्ट्रिय पूँजीपतिद्वारा शासन प्रजातन्त्र नभै राष्ट्रिय पूँजीपति लगायत मजदुर, किसान, क्रान्तिकारी, बुद्धिजीविहरू

तमामले संयुक्त रूपले शासित प्रजातन्त्र हो । मजदूर-किसान एकतामा नै यस्तो प्रजातन्त्रको संयुक्त मोर्चा टिकेको पनि हुन्छ । स्पष्ट रहोस" राष्ट्रिय प्रजातन्त्र" त्यो प्रजातन्त्र हो जसले देशलाई साम्राज्यवादी तथा विदेशी पूँजीको चंगुलबाट राजनीतिक तथा आर्थिक दुवै दृष्टिकोणले मुक्ति गरी सामन्ती व्यवस्था खतम गरी किसानलाई ऋणबाट मुक्त गर्ने र गाउँघरका जनतालाई सामन्ती तथा जाली फटाहाहरूको शोषण र दमनबाट मुक्त गरी किसानहरूको आफ्नो पंचायतीराज कायम गर्ने र तमाम जनताको निम्ति काम मामको प्रबन्ध गरी उनीहरूलाई लेख्ने, बोल्ने, छपाउने तथा मिलाउने स्वतन्त्रताको साथै विभिन्न राजनीतिक पार्टीहरू र सामाजिक सङ्गठनहरू गठन गर्ने स्वतन्त्रता आदि प्रजातान्त्रिक अधिकार सुरक्षित र सुनिश्चित गर्नेछ । राष्ट्रिय प्रजातन्त्रको अन्य कार्य तथा नीतिहरू हाम्रो तृतीय महाधिवेशनले मोटा मोटी रूपमा हाम्रो अगाडि छर्लङ्ग गरेको छ ।

राष्ट्रिय प्रजातन्त्र त्यो प्रजातन्त्र हो जसले देशलाई राजनीतिक तथा आर्थिक दुवै दृष्टिकोणले साम्राज्यवादी तथा विदेशी शक्तिको चंगुलबाट मुक्त गरी अर्थात् देशमा राष्ट्रिय स्वतन्त्रताको सुनिश्चित गर्नको साथै जनताको प्रजातन्त्र पनि स्थापना गर्दछ ।

यस्तो प्रजातन्त्रको नेतृत्वको जिम्मेवारी राष्ट्रिय पूँजीपति वर्गको हातमा मात्र छोड्न सकिन्न र सर्वहारा वर्गको पार्टी कम्युनिष्ट पार्टीले यस्तो प्रजातन्त्रलाई साकार रूप दिन सबभन्दा अगाडि बढी काम गर्नु परेको छ । यही आजको इतिहासले हाम्रो काँधमा दिएको जिम्मेवारी हो ।

**क्रान्तिकारी राजनीति र यसको व्यावहारिक**

प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्न तथा राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने नारा के वर्तमान स्थितिमा व्यावहारिक नारा हो ? यस सवालको आधारमा कुनै कुनै साथीहरू तत्काल सम्भव राजनीतिलाई नै वर्तमान राजनीति बनाउने कुरोमा जोड दिन्छन् ।

यस व्यावहारिकताको खोजीमा नै पार्टी भित्र प्रजातान्त्रिक क्रान्ति नै पूरा गर्ने

तथा राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने प्रमूख राजनीतिक कार्यलाई पन्छाएर अनेक राजनीतिक भ्रमहरू पार्टीभित्र घुसपैठ गर्ने मौका पाएको छ । व्यावहारिकताको खोजीमा कसैको जोड पुरानो किसिमको संसदीय प्रजातन्त्र स्थापना गर्नेमा रहे भने, कसैले पंचायती स्थापना भई के-के न देशको स्थिति बदल्यो भने । मौलिक अधिकार, राजबन्दीको रिहाई तथा पार्टी माथिको प्रतिबन्ध हटाउने कार्यलाई पार्टीको प्रमुख राजनीतिका रूपमा प्रयोग गरे । अनि यही व्यावहारिकताको नाममा कुनै कुनै इमान्दार साथीहरूको मुखबाट हामीहरूले यस पंचायती भाग लिई २-२ वर्षको चुनाउमा हरेक पटक एक तिहाई सीट कब्जा गरी ६ वर्षभित्र राष्ट्रिय पंचायतको सम्पूर्ण सीटहरू माथि कब्जा गरी अनि त्यस पंचायतमा आफ्नो राजनीतिक कार्यक्रम र अनेक नीतिहरू पास गर्दै जाने राय पनि सुनियो, साथीहरू मध्ये अरु कुनै कुनैको दृष्टिमा राजाको शाही जनवर्ग सङ्गठनमा भाग लिई रचनात्मक कार्यहरूद्वारा जनताको सेवा गर्नु नै आजको स्थितिमा व्यावहारिक हुन आउँछ । अनि कसैको विचारमा राजा र राज-पुरुषहरूको सम्पर्क राखी आफ्नो समस्याहरू बारे नम्र निवेदन गर्नु नै व्यावहारिक कार्य हो । व्यावहारिकताको नाउँमा कसैले राजालाई पूर्ण समर्थन गर्नु नै एक मात्र राजनीतिक बाटो भन्न थालेका छन् ।

व्यावहारिकताको आखिर हद के हो । यही व्यावहारिकताको नाउँमा हाम्रो पार्टीको भूतपूर्व महामन्त्री राजाका राजकीय परिषद्को सदस्य बन्न पुगे । कतिपय भूतपूर्व केन्द्रीय कमेटीका सदस्यहरू मजिस्ट्रेट र वडा हाकिम हुन पुगे भने, कोही राजाको मन्त्री मण्डलको सदस्य बन्न पुगे । यस होडमा हाम्रो पुरानो कर्मठ कार्यकर्ताहरू मध्ये कोही राजाको सी.आई.डी.अफिसर बन्न पुगे ।

यी सबैको मूल स्रोत राजनीतिक भ्रम र व्यावहारिकताले जन्माएको आवसरवादीता । स्पष्ट छ हामीले आफ्नो क्रान्तिकारी राजनीतिलाई पन्छाएर व्यवहारिकतामा नै विशेष जोड दिन्छौँ भने यस विचारधाराले औवसरवादीतालाई नै प्रश्रय दिनेछ र प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कार्य पनि अनन्तकालसम्म पन्छिँदै जाने छ । क्रान्तिकारी राजनीतिकको अभावमा तत्कालीन राजनीति र कार्यनीति हरबखत बेअसरदार नै हुनेछ । क्रान्तिकारी

राजनीतिकको अभावमा यस्तो तात्कालीन राजनीति र कार्यनीति औवसरवादी चाल मात्र हुन जाने छ। यस्तो विचारधाराले बर्नस्टेनको मतलाई नै पुष्टि गर्नेछ, बर्नस्टेनको मतमा तात्कालीन आन्दोलननै सबथोक हो, पार्टीको अन्तिम उद्देश्य क्रान्तिकारी राजनीतिक कार्य केहि पनि होइन। यही आएर हामीहरू आफ्नो पार्टीलाई मार्क्सवादी लेनिनवादी पार्टी भन्दाभन्दै व्यवहारमा बर्नस्टेनवादी बनाउने छौँ। एक समयको कट्टर मार्क्सवादी बर्नस्टेन पछि गएर मार्क्सवादलाई संसोधन गर्ने योजना लिएर अगाडि बढे। बर्नस्टेनले दिएको संसोधनवादको मूल सूत्र हो "तात्कालीन आन्दोलन सबथोक हो, अन्तिम उद्देश्य केही पनि होइन" हरेक वेला आई पर्ने एक एक घटना हेरेर नै आफ्नो चाल निर्धारित गर्ने, तत्कालको घटना अनुसार तथा सानातिना राजनीतिमा आईपर्ने परिवर्तनहरू अनुसार आफूलाई धान्ने, अनि सर्वहारा वर्गको कार्य र सामन्तवादी तथा पूँजीवादी व्यवस्थाको चरित्रलाई बिर्सने, तत्काल प्राप्त हुन सक्ने फाइदाको निम्ति सर्वहारा वर्गको प्रमुख स्वार्थ, प्रमुख कार्यलाई बिर्सने कार्य नै संसोधनवादको नीति हो।

आजको इतिहासले दिएको जिम्मेवारी अर्थात् प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने, राष्ट्रिय स्थापना गर्ने आदि कार्यलाई अव्यावहारिक छ भनि पन्छाएर व्यावहारिकताको नाउँमा आजको स्थिति सुहाउँदो तात्कालीन राजनीति र तत्काल हुन सक्ने कानूनी कार्यहरूमा मात्र जोड दिन्छौँ भने यस्तो तात्कालिक सम्भव तथा कानूनी कार्यहरूले नै हाम्रो प्रमुख तथा कानूनी कार्यहरूले नै हाम्रो प्रमुख राजनीतिको स्थान लिई वर्तमान राजनीनि मै हूँ भनी हाम्रो तमाम क्रान्तिकारी सतर्कता, दृढता र क्रान्तिकारी सङ्गठनको निर्माण गर्ने कार्यलाई खत्तम गरि लिनेछ। यदि क्रान्तिकारी पार्टीले पुरानो व्यवस्थालाई खतम गरी व्यवस्था स्थापना गर्ने मुख्य राजनीतिक उद्देश्यलाई पन्छाउँछन् र शत्रुलाई उखाड्न सकिन्छ र विजय हाँसिल गर्न सकिन्छ भन्ने विश्वास नै छोडछन् भन्ने त्यस्तो पार्टीले कहिल्यै पनि क्रान्तिकारी सङ्घर्ष गरेर खाँदैन।

यदि हामीले जनतालाई समाजवादी विचारले प्रशिक्षित गरी आजको ऐतिहासिक स्थितिमा गर्नु पर्ने प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने स्पिरिट भर्दै जादैनौँ भने

अनि यदि हाम्रो कार्य खालि तत्काल व्यावहारिक राजनीतिक नाराहरूमा मात्र सीमित राख्छौँ भने बेढङ्गसँग हाम्रो सङ्घर्ष बेअसरदार र नपुंसक भएर जाने छ । क्रान्तिकारी राजनीतिको अभावमा, यसलाई प्राप्त गर्ने योजनाको अभावमा क्रान्तिकारी राजनीतिबाट अलग्याएर छुट्टै गरि नै स्थानीय सङ्घर्षहरू छिटै दबाइन सक्छ र यस्तो राजनीतिक लक्ष्यहीन छिटफुट सङ्घर्षले व्यवस्थित ढङ्गले बढ्ने सट्टा या त निराश भएर बसि दिनेछ, अथवा बिचमै बिस्फोट भै बेअसरदार अन्त हुन्छ ।

स्पष्ट छ क्रान्तिकारी राजनीतिकलाई पन्छाएर तत्कालिक राजनीतिमा जोडिदिनु औवसरवाद हो । आफ्नो क्रान्तिकारी लक्ष्यलाई बिर्सेर तत्काल सम्भावित सानातिना सुधारहरूको निम्ति मात्र सङ्घर्षहरू उठाउनु संसोधनबाट हो, जसको अर्को नाम बर्नस्टेनवाद हो । जब सम्म मेहनतकश जनताको हातमा राज्य सत्ता आउँदैन, बिच बिचमा गरिने सुधारहरू कदापि स्थापित हुने छैन न त यस्ता सानातिना सुधारहरूको निम्ति गरिने सङ्घर्षहरूले स्वतः हाम्रो देशको राजनीतिमा कुनै क्रान्तिकारी परिवर्तन नै ल्याउन सकिनेछ ।

तसर्थ हाम्रो देशको क्रान्तिकारीमा परिवर्तन ल्याउने हो भने आजको ऐतिहासिक स्थितिमा प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने तथा राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने लक्ष्यलाई एक मिनेट पनि बिर्सेन सवाल छैन न त यसलाई पूरा गर्ने अहिलेदेखि नै सैद्धान्तिक, राजनीतिक तथा सङ्गठनात्मक तयारि गर्ने कार्यलाई नै पन्छाउने सवाल उठ्दछ ।

कम्युनिष्ट पार्टीको जिम्मेवारी आज तत्काल व्यावहारिक कार्यमा मात्र लाग्ने होइन, हाम्रो कर्तव्य हो आज जुन कुरो अव्यावहारिक छ त्यस कुरोलाई भोलि व्यावहारिक बनाउनको निम्ति विभिन्न तरिकाले तयार गर्दै ल्याउने, भौतिक स्थिति नपाकेको भए पनि पकाएर ल्याउने । जसले क्रान्तिकारी लक्ष्यलाई पन्छाउने छ जसले गर्नु पर्ने विभिन्न तयारीहरूलाई पनि पन्छाउँदै जाने छ ।

तत्काल कुनै कुरो हुन्छ वा हुँदैन भन्ने सवाललाई हेर्ने हो भने हामीहरूले तुरुन्तै घाँस पनि छिल्न सक्तैनौँ, कारण हामीसँग खुर्पी छैन, घाँस राख्ने

डोको छैन । तर यसलाई गर्नु नै हो भने आज तत्काल गर्न नसक्ने कुरो भोलि गर्न सक्ने तुल्याउनको निम्ति चाहिएको सरसामानहरू जोडेको खण्डमा घाँस छिल्न नसक्ने कुनै छैन । स्पष्ट छ यसरी तयारी गरेमा आजको असम्भव कुरो भोलिको सम्भव कुरो भएर आउने छ ।

कुनै राजनीतिक व्यावहारिक छ वा छैन भन्ने कुरो आज २४ घण्टा कुरो हेरेर मात्र हुँदैन । यस कुरोलाई थाहा पाउनको निम्ति हामीले आफ्नो देशको सामाजिक आर्थिक स्थिति र विभिन्न वर्गहरूको आपसी सम्बन्धको नै अध्ययन गर्नु पर्छ । आज हाम्रो देशको सामाजिक आर्थिक स्थितिलाई हेर्दा निश्चय पनि साम्यवादी अथवा समाजवादी व्यवस्था तुरुन्त स्थापना हुन सक्तैन । आजको हाम्रो देशको सामाजिक-आर्थिक स्थिति यो व्यवस्थाहरूलाई स्थापना गर्न अनुकुल छैन । कारण साम्यवाद स्थापना गर्नको निम्ति जनताको बिचमा वितरणको एकातिर उपभोगको सामग्रीहरूको प्रचुरता आवश्यक छ भने अर्कोतिर जनताको बीचमा व्यक्तिवादी मनोभावलाई जडमूलदेखि उखेल्न जरुरत छ । यस कार्यलाई पूरा गर्न सर्वप्रथम समाजवादी व्यवस्था स्थापना गरी जनताको सांस्कृतिक स्तर उचाँ उठाउनु पहिलो कार्य हो । अनि समाजवादको स्थापन गर्नेको निम्ति उद्योग विकास गरी मजदूर वर्गको एक क्रान्तिकारी सुदृढ सङ्गठनको जरुरत छ । यो स्थिति आज हाम्रो देशमा तयार छैन, यसै निम्ति नै राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम अपनाउनु परेको हो । यसलाई पूरा गरेर नै हामीले दोस्रो कदममा समाजवादी समाजको स्थापना गर्न सक्नेछौँ ।

जहाँसम्मको राष्ट्रिय प्रजातन्त्रको सवाल हामीले अघि नै हेरिसक्यौँ, आजको हाम्रो सामाजिक-आर्थिक स्थितिले तथा विभिन्न वर्गहरूको आपसी सम्बन्ध बारेको स्थितिले हेर्दा हाम्रो देशको आजको ऐतिहासिक स्थितिमा स्थापना हुन सक्ने एक मात्र स्वाभाविक क्रान्तिकारी व्यवस्था राष्ट्रिय प्रजातन्त्र नै हो । हाम्रो देशको ९३ प्रतिशत जनता किसानहरू छन्, जो नै हाम्रो क्रान्तिको मुख्य ताकत हो । यिनीहरू सामन्तवादी व्यवस्था खतम गरी किसानको हितमा भूमिसुधारको पक्षमा छन्, अर्कोतिर साम्राज्यवादी तथा विदेशी पूँजीको प्रभाव

र प्रसारबाट देशलाई मुक्त गर्नु राष्ट्रिय पूँजीपति वर्गको स्वार्थ अनुकुल नै छन् । यसरी सामन्त विरोधी, साम्राज्यवादी विदेशी, पूँजी विरोधी प्रजातान्त्रिक क्रान्ति आजको हाम्रो देशको तमाम क्रान्तिकारी वर्गहरूको स्वार्थ अनुकूल तथा उनीहरूको सम्भदारी भित्रका कूरा छन् । आजको ऐतिहासिक स्थितिमा यही सबभन्दा व्यवहारिक क्रान्तिकारी राजनीति हो, जसले देशमा तमाम मेहनतकश तथा अन्य क्रान्तिकारी जनताको निम्ति प्रजातान्त्रिक अधिकार हरूको ग्यारन्टी गर्नाको साथै हाम्रो देशको मजदूर किसानहरको अलावा राष्ट्रिय पूँजीपतिहरूको कारोबार, कलकारखाना र मीलहरूलाई विदेशी पूँजीको होडबाट बचाई उनीहरूको सफलताको निम्ति चाहिने आर्थिक तथा प्राविधिक मदत सम्म पनि गर्ने छ र अनि उनीहरूको सामाथ्र्य भन्दा बाहिरको ठुलाठुला कारोबारहरू राष्ट्रिय सम्पत्तिको रूपमा विकास गर्दै लानेछ ।

हाम्रो देश जहाँ तमाम क्रान्तिकारी जनतालाई प्रजातान्त्रिक अधिकारहरूको सुरक्षा गर्दै किसानहरूको हक र हितमा भूमिसुधार गरी किसानहरूलाई जमीन दिनु र उनीहरूलाई ऋणबाट मुक्तगरी गाउँघरमा किसानहरूको आफ्नो पंचायती राज कायम गर्नु जरुरी तथा प्रजातान्त्रिक क्रान्ति पूरा गर्नको निम्ति नगरी नहुने कार्य पनि हो, अर्को तिर हाम्रो देशमा राष्ट्रिय पूँजीपति वर्ग धेरै अविकसित अवस्थामा भएको हुँदा उनीहरूको कारोबार तथा कलकारखाना आजको स्थितमिा सुरक्षित गर्दै देशको प्रमुख उद्योगहरू तथा अन्तराष्ट्रिय व्यापारलाई अपूँजीवादी तरिकाले देशको आर्थिक विकास गरी देशको बेकारी समस्या हल गरी जनताको आर्थिक स्तर उठाउन सकिन्छ । यसरी राष्ट्रिय प्रजातन्त्रले देशको आजको तमाम क्रान्तिकारी वर्गहरूलाई अगालेर एकतावद्ध गरेर जान सकिन्छ भने राष्ट्रिय प्रजातन्त्र आजको ऐतिहासिक स्थितिमा अव्यावहारिक राजनीति होइन । न त यो राजनीति उग्रवादी राजनीति नै हो ।

राष्ट्रिय प्रजातन्त्रको राजनीति अव्यावहारिक बनाएको छ भने हाम्रो अकर्मन्यताले नै अव्यावहारिक बनाएको छ । प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने राजनीतिलाई हामी जनतामा लैजान मन्जूर गर्दैनौँ र यस क्रान्तिलाई पूरा गर्न सैद्धान्तिक, राजनैतिक र सङ्गठनात्मक तयारि गर्ने

कुरा पनि मन्जूर गर्दैनौँ भने यो राजनीति अहिले मात्र होइन हर बखत अव्यावहारिकको अव्यावहारिक नै रहनेछ । क्रान्तिकारी तागतको अभावमा सब कुरा अव्यावहारिक हुन्छ । राजाको यस हुकुमशाही दमनले विधार्थीहरूको स्वतन्त्र सङ्गठनको माग पनि व्यवहारमा ल्याउन दिएको छैन । के अनि यो माग पनि राजावादी अङ्गले भने झै अव्यवहारिक नारा हो ? यस्तै सम्झदारीमा अनि कसैले पंचायतमा भाग लिर्दै र त्यसैको माध्यमद्वारा मात्र देशमा कम्युनिष्ट पार्टीको कार्यक्रममा लागू गर्ने कुरा गर्छन भने के आश्चर्य ? स्पष्ट हाम्रो देशको ऐतिहासिक स्थितिमा प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने राजनीति व्यावहारिक मात्र हैन, आजको प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने सवालमा राष्ट्रिय प्रजातन्त्र नै साधन र साध्य दुवै भएका हुँदा आजको राजनीतिक क्रान्तिको स्वाभाविक चरित्र राष्ट्रिय प्रजातन्त्र नै हो ।

आजको हाम्रो देशको स्थितिमा न पूँजीवादी प्रजातन्त्र उपयुक्त छ, न त समाजवादी प्रजातन्त्र । समाजवाद दोस्रो खुड्किलोमा मात्र स्थापना हुने व्यवस्था हुन् भने, पूँजीवादी प्रजातन्त्र बितिसकेको जमानको प्रजातन्त्र हो, जुन प्रजातन्त्र आएको खण्डमा प्रजातान्त्रिक क्रान्तिलाई पूरा गरेर होइन, हुकुमशाही व्यवस्थासँग सम्झौता गरेर मात्र आउन सक्ने छ र अनि यस्तो प्रजातन्त्रले न मेहनतकश जनताको समस्या समाधान गर्न सक्ने छ, न त यस्तो प्रजातन्त्र धेरै दिन दिगो नै रहने छ ।

जहाँसम्म "राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति" पूरा गर्ने हाम्रो देशमा भौतिक स्थितिको सवाल छ, यस मानेमा क्रान्तिकारी भौतिक स्थिति छ कि हाम्रा देशका ७०% प्रतिशत भन्दा बढी जनता सर्वहारा र अर्ध सर्वहारा अवस्थामा पुगि सकेका छन् । गाउँको खेतीहीन र गरीब किसानहरू मात्र होइन, शहरिया मध्यम वर्गहरू पनि आज घर खेती बेच्न बाध्य भई द्रुतगतिले सर्वहारा वर्गमा परिणत हुँदैछन् र राजाको यो हुकुमशाही व्यवस्था अन्तरगत सानातिना सामन्तहरू पनि तबाह हुने बाटोमा जाँदैछन् जनतामा व्यापक अंसन्तोष बढदैछन् । राजाको यो पंचायती व्यवस्था जनतामा झन्झट ब्यापक रूपमा बदनाम भएर जाँदैछ ।

तर यस्तो भौतिक स्थिति छँदाछँदै पनि जनताको यस बढ्दो आर्थिक सङ्कट, शोषण, दमनमा पनि उनीहरूलाई राम्ररी राजनीतिक चेतना दिई जगाउने रसङ्गठित गर्ने कार्य भएको छैन । उनीहरूको असंतोष राजनीतिकरण गर्ने कार्य हुन सकेको छैन । जनताको लडाकु भावना जगाउन सङ्घर्षमा उतारी व्यापक क्रान्तिकारी सङ्घर्ष उठाउन सकेको छैन । यसरी क्रान्तिकारी तागतलाई सङ्गठित गर्ने सकेको छैन । यस मानेमा अझ पनि भौतिक स्थिति क्रान्तिको निम्ति पाकेको छैन ।

यसमा भौतिक शक्तिभन्दा कृयाशील शक्ति नै कमजोर देखिन्छ । आज भौतिक स्थितिको अभाव होइन, सो भौतिक स्थितिलाई राजनीतिकरण गर्ने, सङ्गठित गर्ने, नपाकेको भौतिक स्थितिलाई पकाउने कृयाशील शक्तिको नै अभाव देखिन्छ । यस मानेमा क्रान्तिकारी सङ्घर्षलाई तयारी गर्ने कुरोमा जनता भन्दा हामी नै पछि परेका छौँ । जनता यस हुकुमी सरकारको हातबाट मुक्ति चाहान्छन्, तर जनताको यस असन्तोषलाई सङ्गठित गरी जनतालाई राजनीतिक चेतना दिने कार्य हामीबाट भएको छैन । हाम्रो पाँचवा केन्द्रीय कार्यकारिणीले दिएको राजनीतिक कार्यमा भने झैँ "हाम्रो देशमा जनतामा व्याप्त असन्तोषको रूपमा भविष्यका क्रान्तिकारी सङ्घर्षको मलिलो माटो छ र यस मानेमा क्रान्तिकारी भौतिक स्थिति छ, तर यस असन्तोषलाई राजनीतिकरण गर्न उनीहरूलाई क्रान्तिकारी तागतका रूपमा सङ्गठित गर्ने कार्य भएको छैन । क्रान्तिकारी (भौतिक स्थिति सुतेको र यो अलमलिएको अवस्थामा छ तसर्थ भौतिक स्थितिमा तर यसलाई जगाएर ल्याउनु र क्रान्तिकारी ताकत जम्मा गर्नु हाम्रो पार्टीको आजको तत्कालीन प्रमुख कर्तव्य हुन आउँछ । यहाँ एक सवाल उठाइन्छ, आज राजा नै हाम्रो मुख्य दुश्मन भएको हुँदा सबै प्रजातान्त्रिक पार्टीहरू मिल्नु आवश्यक छ जहाँसम्म मिल्नु पर्छ भन्ने सवाल छ मिल्नु पर्दैन भन्ने कुरो छैन तर क्रान्ति पूरा गर्ने उद्देश्य लिएर अथवा उनीहरूसँग मिल्ने नाउँमा पुरानो खालको शक्तिहीन संसदीय व्यवस्था स्थापना गर्ने उद्देश्य लिएर ? हामीहरूले उनीहरूसँग जुन कुरोलाई मिलेर सङ्घर्ष उठाउन सकिन्छ त्यस कुरोलाई लिएर मिलेर सङ्घर्ष उठाउँ ।

तर उनीहरूसँग मिल्ने नाउँमा आफ्नो राजनीति र कार्यक्रम छाडेर होइन । आफ्नो राजनीति र कार्यक्रमलाई दृढताका साथ जनतामा लागि क्रान्ति पूरा गर्ने राजनीति र राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको आधारमा सङ्गठनलाई व्यापक बनाउन कार्यमा संलग्न भएर ।

हामीसँग क्रान्तिकारी राजनीति र कार्यक्रम छैन भने नेपाली काँग्रेस र कम्युनिष्ट पार्टी मिल्ने बित्तिकै तमाम क्रान्तिकारी वर्गहरू सञ्चालित भएर आउने छैन, यस्तो स्थितिमा नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीको संयुक्त मोर्चाको खुद जनताबाट अलगिएर जाने छ र नेपाली काँग्रेसको साथै कम्युनिष्ट पार्टी खुद जनताबाट अलगिएर जानेछ । क्रान्तिकारी राजनीति र कार्यक्रमहीन सङ्घर्ष जनताबाट अलगिने छ भने यस्तो सशस्त्र सङ्घर्षले क्रान्तिक्रारी रूप लिन सट्टा बदमासीकै रूप लिनेछ ।

क्रान्तिकारी सङ्घर्षले जनताको स्वार्थको प्रतिनिधित्व गर्नु जरुरी छ र ब्यापक जनताको सहयोगले नै यस्तो क्रान्ति सफल हुन सक्ने छ । अनि क्रान्तिलाई पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने सवाल व्यावहारिक मात्र होइन, क्रान्ति पूरा गर्ने हो भने यो कुरा अत्यन्त जरुरी सवाल हो ।

**पार्टीभित्र एक पटक फेरि राजनीतिक भटकाव**

हाम्रो तृतीय महाधिवेशनले दिएको राजनीतिक प्रस्तावले प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्न राजनीतिक कार्य हाम्रो अगाडि राखे । यस कार्यलाई पूरा गर्ने विभिन्न क्रान्तिकारी वर्गहरूको बीचमा व्यापक संयुक्त मोर्चा बनाएर ल्याउने कार्य पनि हाम्रो अगाडि राखे, अनि अरु पनि विभिन्न पूँजीवादी पार्टीहरू मध्ये जोसँग जुन कुरोमा, त्यतिन्जेल मिलेर काम गर्नु पर्दछ । राष्ट्रिय प्रजातन्त्रको पक्षमा व्यापक जनचेतना उठाउनु तथा व्यापक रूपमा विभिन्न वर्ग र आम जनतालाई सुसङ्गठित गर्दै ल्याउने कुरोमा पनि तृतीय महाधिवेशनको रिर्पोटले उत्तिकै जोड दिएको थियो । अनि यसै राजनीतिक रिर्पोटले 'सर्व शक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्न विशाल जनमत तयार गर' भन्ने कुरामा पनि उतिकै जोड दिएको थियो ।

यो तमाम कुराहरू निश्चय पनि एकै दिनमा पार्टी महाधिवेशन सिद्धिने बित्तिकै पूरा हुने कुरो होइन । न त दशैको ? "पायो" भैँ हाम्रो क्रान्तिकारी शक्ति महाधिवेशन सिद्धिने बित्तिकै तयार भएर मैदानमा उत्रनु सम्भव थियो । महाधिवेशनले हामीलाई आजका ऐतिहासिक स्थितिमा पूरा गर्नु पर्ने राजनीतिक कार्य थम्याई दिएको थियो । यो कार्य आज पनि सहि हो र यसलाई पूरा नगरुन्जेल हाम्रो देशको राजनीतिमा कुनै गुणात्मक परिवर्तन आउने छैन ।

स्पष्ट छ, हाम्रो ऐतिहासिक जिम्मेवारी पूरा गर्नलाई प्रमुख सवाल हाम्रो पाँचवा कार्यकारिणीको बैठकले दिएको राजनीतिक प्रस्तावले भने भैँ क्रान्ति गरी हाल्ने हो कि होइन भन्ने नभई क्रान्तिकारी सङ्घर्षको निम्ति यथोचित तयारी गरेर जाने होकि होइन भन्ने हो । "यो सर्वसाधारण समभदारीको कुरो होकि कुनै पनि देशको क्रान्ति बिना तयारी बिना अथक परिश्रम हुन सक्ने छैन । एकातिर नपाकेको भौतिक स्थिति पकाएर ल्याउनु छु भने अर्कोतिर भौतिक स्थिति पकाएर ल्याउन तथा यस्तो भौतिक स्थिति पाकेको वेला सुयोग्य नेतृत्व दिनको निम्ति आजदेखि हामीले सैद्धान्तिक, राजनीतिक तथा सङ्गठनात्मक तैयारी गरेर जानु परेको छ । निश्चय पनि प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कार्य खेल खेलमा पूरा हुने छैन । न त यो कार्य हामीहरू जति सुकै अकर्मण्य भएता पनि स्वतः पूरा भएर आउने छ । यसलाई पूरा गर्ने हो भने हामीले आम जनताको बीचमा, खास गरि मेहनकश जनताको बीचमा एक लामो अवधिसम्म धैर्य र लगनशीलताका साथ काम गर्नु परेको छ । आगे जनताको सङ्गठित ताकत माथि भरोसा गरेर नै यो ऐतिहासिक कार्य सफल हुने छ ।

कतिपय साथीहरू तृतीय महाधिवेशनले दिएको राजनीतिलाई "उग्रवादी राजनीति" भनी उग्रवादी कम्युनिज्म बचकना मर्ज भनी भन्ने नारा उठाएर तर्साउन खोज्छन् । अनि यसरी तर्साएर तृतीय महाधिवेशनले दिएको राजनीति पन्छयाएर तत्काल सम्भव राजनीतिलाई नै पार्टीको वर्तमान राजनीतिको रूपमा लैजान चाहन्छन् । यस विचारधारालाई हाम्रो पार्टीको वर्तमान केन्द्रीय कार्यकारिणीको तृतीय विस्तारित बैठकको नाउँमा निक्लेको दस्तावेजले प्रतिबिम्वित गरेको छ ।

पार्टीभित्र देखा परेका दुई विचारधारालाई मिलाएर एउटै दस्तावेज तयार गर्ने प्रयास यस विस्तारित बैठकले गरेको थियो, सेक्रेटारियटमा धेरै बहस-बहस पछि निम्निलिखित प्यारा राखी दस्तावेज लेख्ने निर्णय भयो । यस बाहेक अरू पनि २-४ वटा प्रमुख प्वाइन्टहरू समावेश गरी यस दस्तावेजमा राख्ने निर्णय भएको थियो, जो प्वाइन्टहरू र प्यारा निम्न प्रकार छन् ।

“यसै निम्ति हामीले जनताको नाडी हेर्दै आन्दोलन उठाउनु परेको छ भने अर्कोतिर नपाकेको स्थिति पकाएर ल्याउन कृयाशील प्रयास (सबजेक्टिव एफर्ट) पनि गर्दै जानु परेको छ ।”

“अतः तृतीय महाधिवेशनले दिएको सर्व शक्ति सम्पन्न संसद खडा गर्ने, जनताको हातमा अधिकार लिने र राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम, आदि नारा र कार्यक्रमलाई परिलक्षित गर्दै देशको सङ्घर्षलाई यस दिशातिर (च्यानालाइज गर्दै), मोड्दै लैजाने गरी समय समयमा कारगर नाराहरू पता लगाई काम गर्नुका साथै आजको स्थितिमा स्थानीय तथा वर्गीय सङ्घर्षहरू उठाउन निम्ति निम्न मागहरूलाई लिएर तत्काल सङ्घर्षहरू उठाउनु परेको छ ।”

“जनताको अगाडि आइपर्ने विभिन्न समस्याहरूको साथै किसानहरू माथि भएको नाना थरिको सामन्ती जाली फटाही र सरकारी दमन र शोषणको विरुद्ध किसान आन्दोलन उठाउनु पर्छ र किसानको हक र हितको सुरक्षार्थ सङ्घर्ष गर्नु पर्दछ । आम जनतालाई मर्का पर्ने खालको कर नीतिको विरोधमा व्यापक जन आन्दोलन उठाउनु पर्दछ । विद्यार्थीहरूको हकहितको निम्ति विद्यार्थी आन्दोलनहरू उठाउनु पर्दछ । साम्राज्यवादी र भारतीय पूँजीपतिहरूको थिचोमिचोको विरोधमा सङ्घर्ष उठाउनका साथ आजसम्म रहन गएका असमान सन्धिहरूलाई राष्ट्रहित मुताबिक संशोधन गराउन गोरखा भर्तिकेन्द्र र उत्तरी सीमामा रहेको भारतीय चेक पोष्टलाई हटाउन परेको छ । इलम, रोजगारको प्रबन्धको अभावमा हर-साल हजारौँ नेपाली नागरिक विदेशिनु पर्ने नेपालीहरूलाई कामको स्वदेशमा प्रबन्ध गर्नु र देशको बढ्दो शिक्षित अशिक्षित बेकारीहरूलाई काम दिलाउने गरी औद्योगिक

निर्माण गरियोस भनि आवाज उठाउनु परेको छ । जनवादी चीन लगायत तमाम समाजवादी देशहरूसँग व्यापार सन्धि गरी पारस्परिक व्यापारलाई बढाउन आवाज उठाउनु परेको छ । मजदूरहरूको हक र हितको सुरक्षा होस् र अन्य सभ्य देशमा दिइको सुविधा दिने कानूनको माग गर्नु पर्दछ ।"

**साथै राजनीतिक तत्कालीन सङ्घर्षका मागहरू हुनुः**

१ सबै राजनीतिक बन्दीहरूलाई बिना सर्त तुरुन्त छोडिदेऊ ।

२ सबै पार्टी तथा जनवर्गीय सङ्गठनहरूलाई मान्ने गर ।

३ जनतालाई सभा, सङ्गठन, जुलुस प्रदर्शन र पत्रपत्रिकाको स्वतन्त्रता आदि मौलिक हक प्रदान गर ।

यी हुन तत्कालीन मागहरू, जसको आधारमा तत्कालीन सङ्घर्षहरू उठाउनको साथै अर्कातिर हामीले प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्न आजदेखि सैद्धान्तिक, राजनीतिक तथा सङ्गठनात्मक तयारी गर्दै लानु परेको छ ।

तर तृतीय विस्तारित बैठकको नाउँमा प्रकाशित दस्तावेजहरूले यी तत्कालीन मागहरूलाई नै पार्टीको वर्तमान राजनीतिको लागि रूपमा लगी प्रमुख क्रान्तिकारी राजनीतिक कार्य अर्थात प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने पार्टीको प्रमुख जिम्मेवारीलाई पन्छाउने काम गरे ।

दुवै पक्षबाट स्वीकृत माथि उल्लिखित प्याराको सट्टा निम्नि लिखित प्यारा नै सो दस्तावेजमा दिइयो । "तसर्थ कम्युनिष्ट पार्टी आफ्नो तृतीय महाधिवेशनले दिइएको सर्वशक्ति सम्पन्न संसदको स्थापना गर सबै अधिकार जनताको हातमा देऊ, राष्ट्रिय प्रजातन्त्र कायम गर, आदि नारा र कार्यक्रमलाई परिलक्षित गर्दै-गर्दै आजको परिस्थितिमा सुहाँउदो कारगर नारा पेश गर्दछ ।"

यस प्याराले तृतीय महाधिवेशनले दिएको राजनीतिलाई एक निस्कृय राजनीति लक्ष बनाएर दराजमा थन्काउने काम गर्दछ, र विशेष जोड "आजको परि

स्थिति सुहाउँदो कारगर नारा"मा दिइन्छ ।

तल गएर यसलाई अझ पनि धमिल्याउने काम हुन्छ र भनिन्छ, "अतः यस पंचायती व्यवस्थाको सट्टा प्रजातान्त्रिक व्यवस्था कायम गर्ने उद्देश्य राख्दै यी माथि देखाइएका (अर्थात् जनताको दैनिक तत्कालीन मागहरू) विभिन्न मागहरूको आधारमा जनआन्दोलन उठाई त्यसलाई राजनीतिक मागहरूसँग गाँस्नु पर्दछ ।" कुन राजनीति मागहरूसँग किसान समस्या मजदूर समस्याहरूलाई गाँस्ने भन्दा माथि उल्लिखित ३ वटा तात्कालिक राजनीतिक मागहरू नै अगाडि राखिन्छ । अर्थात् हाम्रो ठाउँ ठाउँमा उठने सङ्घर्षहरूलाई मौलिक अधिकार आदि आदि ३ वटा तात्कालिक राजनीतिक मागहरू तिर च्यानालाइज गर्ने कुरा गर्दछ । जबकि अघि उल्लिखित दुवै पक्षबाट स्वीकृत प्याराले जनताको दैनिक मागहरूलाई लिएर उठने तात्कालिक राजनीतिक तथा आर्थिक सङ्घर्षहरूलाई प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने क्रान्तिकारी सङ्घर्ष तिर मोडने कुराको निर्देशन दिएको थियो ।

यस बाहेक सो प्रकाशित दस्तावेजले सो तृतीय विस्तारित बैठकद्वारा स्वीकृत गरिएको एक निर्देशन प्वाइन्टलाई बिल्कुलै लोप गर्दछ, जो हुन् ।

"यसै निम्ति हामीले जनताको नाडी हेर्दै आन्दोलन उठाउनु परेको छ भने अर्कातिर नपाकेको भौतिक स्थिति पकाएर ल्याउन कृयाशिल प्रयास (Subjective effort) पनि गर्दै जानु परेको छ ।"

साँच्चै भन्ने हो भने तृतीय विस्तारित बैठकले दिएको राजनीतिको मुख्य आत्मा नै लोप गरिएको निर्देशक प्वाइन्ट र माथि उल्लिखित दुवै पक्षबाट स्वीकृत प्यारा हुन् ।

तर तृतीय विस्तारित बैठकको नाउँमा प्रकाशित दस्तावेज यो स्वीकृत प्याराको सट्टा अर्को प्यारा राखि तृतीय महाधिवेशनले दिएको राजनीतिक कार्यलाई साम्यवाद र समाजवादको लक्ष्य झैँ एक टाढाको निस्कृय लक्ष बनाइने काम भयो र अनि तात्कालिक राजनीतिक मागहरू नै हाम्रो वर्तमान प्रमुख राजनीतिको रूपमा अगाडि ल्याउने काम भयो ।

यसरी प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने, राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने प्रमुख

क्रान्तिकारी राजनीतिलाई गौण बनाई तात्कालिक राजनीतिलाई प्रधान राजनीति बनाउने कार्य त्यस तृतीय विस्तारित बैठकको नाउँमा निकालेको राजनीतिक प्रस्तावले गऱ्यो । सो दस्तावेजको नेपाली संस्करणमा "वर्तमान राजनीतिक प्रस्ताव" गरियो । अनि यसै राजनीतिक प्रस्तावको आधारमा लेखिएको अङ्ग्रेजी लेखमा क्रान्ति पूरा गर्ने राजनीतिलाई उल्लेखसम्म गर्ने काम भएन र सम्पूर्ण लेखको निचोडमा तात्कालिक मागहरू नै अगाडि ल्याउने काम भयो र आम राजनीतिको रूपमा निम्न कुरो नै भनियो ।

The communist party of Nepal is Firmly opposed to the panchayat system and stsnds for the democratic system . But in the changed political situation, the party dosesnot visulise the possibility of launching a big political movement against the

system immediately . The immediate tasks of tthe C . P . N are to try to accelerate all the inherent centradictions of the Panchayat system and build a broad- based movement of the masses from below on the basis at the following economic, national and political demands"

अर्थात्

"नेपाल कम्युनिष्ट पार्टी पंचायत व्यवस्थाको दृढताको साथ विरोध गर्दछ र प्रजातान्त्रिक व्यवस्थाको पक्षमा छ । तर आजको परिवर्तित राजनीतिक अवस्थामा, पार्टी यस व्यवस्थाको विरोधमा तुरुन्तै कुनै ठुलो राजनीतिक आन्दोलन गर्न सम्भावन देख्दैन । कम्युनिष्ट पार्टीको तात्कालिक कार्य पंचायत व्यवस्था भित्रको सम्पूर्ण अन्तरविरोधलाई बढाउने कोसिस गर्नु हो र निम्न लिखित आर्थिक, राष्ट्रिय तथा राजनीतिक मागहरूको आधारमा व्यापक आन्दोलनको निर्माण गर्नु हो ।"

यस अङ्ग्रेजी लेखमा १५ वटा मागहरू दिएका छन् जसमा तात्कालिक आर्थिक र सामाजिक मागहरूको साथै मौलिक अधिकारको अलावा अरु कुनै पनि राजनीतिक मागहरू दिएको छैन । जहाँसम्म राजनीतिक सम्झदारीका सवाल हो माथि उल्लिखित प्यारा नै यस अङ्ग्रेजी लेखको आत्मा हो भने पनि हुन्छ ।

यस प्याराले पंचायतको विरोध गर्ने कुरा गर्छ, तर यसको विरोधमा राजनीतिक आन्दोलनको निर्माण गर्ने आवश्यकतालाई पन्छाइन्छ । अनि पंचायत व्यवस्थाको सट्टा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने कुरा गर्दछ यो पुरानो खालको संसदीय व्यवस्था हो वा राष्ट्रिय प्रजातन्त्र व्यवस्था हो ? जब राष्ट्रिय प्रजातन्त्र अथवा क्रान्ति पूरा गर्न आवश्यकताको कहि उल्लेखै हुँदैन भने स्वतः त्यस प्रजातन्त्रको बढतासे बढ्ता माने पुरानो खालको संसदीय प्रजातान्त्रिक व्यवस्था मात्र हुन आउँछ अथवा पार्टीभित्र राजनीतिक स्पष्टताको अभावमा पार्टीभित्र राजनीतिक मत भिन्नतालाई बनाइ नै राख्तछ ।

सो अङ्ग्रेजी लेखमा पंचायती दृढताको साथ विरोध गर्ने र प्रजातान्त्रिक व्यवस्थाको पक्षमा आफ्नो राय जाहेर गर्दछ । तर विरोध कसरी गर्ने र प्रजातान्त्रिक व्यवस्था कसरी स्थापना गर्ने भन्ने सवालमा तात्कालिक मागहरूलाई लिएर सङ्घर्ष गर्ने सिवाय अरु कुनै बाटो बताउँदैन । यस्तै सङ्घर्ष बढ्दा बढ्दै स्वतः यो सङ्घर्षपछि प्रजातान्त्रिक सङ्घर्ष हुन्छ भन्ने कुरा नै यसबाट स्पष्ट छ ।

यस रायको पक्षमा कुनै-कुनै साथीहरूको भनाई छ, जब आन्दोलन बढ्ने छ त्यसवेला भएको एक आन्दोलनलाई अर्को आन्दोलनमा मोड्न सक्नु नै नेतृत्वको खुबी हो । के राजनीतिक लक्ष्यको अभावमा, यदि हामीले क्रान्ति पूरा गर्न राजनीति देन नामन्जूर गर्छौं भने वेला बखतमा उठ्ने सानातिना सङ्घर्षहरूलाई नै हामीले क्रान्तिकारी सङ्घर्षमा मोड्न सक्ने छौँ ? उदाहरणार्थ हाल सालको विद्यार्थी आन्दोलन अथवा विराटनगरको मजदूर हडताल ३ दिनसम्म सबै मीलमा चल्यो र २ वटा मीलमा ७ दिनसम्म हडताल चल्यो । विद्यार्थी आन्दोलनमा विद्यार्थीहरू मात्र होवैन । अरु शहरवासी मध्यवर्ग तथा व्यापारीहरूको पनि सहानुभूति र समर्थन थियो, कहिँ-कहिँ यस आन्दोलनले अति उग्र रूप पनि लिए, पुलिस भागे, सरकारी कर्मचारीहरू जनताको लात जुत्ता खाएर भागे, तर राजनीतिक अभावमा यो आन्दोलन त्यहाँभन्दा माथि जान सकेन । यस्तो आन्दोलनलाई कुनै पनि खुबी भएको नेतृत्वले उच्चस्तिरको राजनीतिक आन्दोलनमा उठाउन खोज्छन्

भने असफलता नै हात लाग्ने छ र आन्दोलन बढने सट्टा घोर दमन र विद्यार्थी आन्दोलनको तहस नहसलाई नै नियन्त्रणा दिनेछ । क्रान्तिकारी राजनीतिक आन्दोलन व्यवस्थित ढङ्गले पहिलेदेखि तयारी गरेर लैजाँदा नै सम्भव हुनेछ । दालको खोस्टालाई लिएर गरेको विरोधले राजनीतिक विद्रोहको रूप त्यसै वेला लिन सक्ने छ जबकि पहिलेदेखि नै उनीहरूलाई क्रान्तिकारी राजनीतिक चेतनाले युक्त गरी निर्णायक क्रान्तिकारी सङ्घर्षको निम्ति पहिलेदेखि नै तयार गरेर ल्याएको हुन्छ । यदि हामीसँग एक सुदृढ क्रान्तिकारी पार्टी छ भने नै लेनिनले भने झैँ हामीले सानोतिनो हडताललाई पनि उठाएर ठुल-ठुला निर्णायक राजनीतिक सङ्घर्षमा उतार्नु सक्ने छौँ यदि हामीसँग सुदृढ क्रान्तिकारी सङ्गठन छ भने नै कुनै एक ठाउँको स्थानीय सङ्घर्ष पनि विजयी क्रान्तिकारीमा विकास गर्न सक्ने छौँ । आफ्नो निर्णायक क्रान्तिकारी राजनीतिलाई दराजभित्र थन्काएर हाम्रो तमाम प्रचार, प्रसार, सङ्गठन आदिलाई तात्कालिक राजनीतिक मागहरूमा सीमित राखी कहिले पनि वेला बखतमा उठने सानातिना सङ्घर्षहरूलाई क्रान्तिकारी सङ्घर्षमा मोड्न सकिने छैन । क्रान्तिकारी राजनीतिबाट अलगएिको तात्कालिक सङ्घर्ष आ-आफ्नो स्थानमा अथवा घेराबन्दीमा सीमित भई मुर्झाएर जाने छ । यस्तो सङ्घर्षहरूको असफलतामा जनतामा अलि उठेको क्रान्तिकारी भावना पनि बहलाएर जाने छ अथवा यस्तो सङ्घर्ष असफलतामा अन्त हुन्छ अथवा यस्तो सङ्घर्ष अराजकतामा अन्त हुन जाने छ । स्पष्ट छ, यदि हामीहरूले आफ्नो राजनीतिलाई स्थानीय अथवा तात्कालिक व्यावहारिक राजनीतिमा मात्र सीमित राख्छौँ भने यस्तो राजनीतिको आधारमा जतिसुकै खुबी भएको नेतृत्वले पनि क्रान्तिकारी सङ्घर्ष उठाउन सक्ने छैन ।

आजको असम्भव क्रान्तिकारी सङ्घर्ष भोलि सम्भव पार्ने हो भने आजैदेखि हामीले निर्णयक राजनीतिक क्रान्तिकारी सङ्घर्षको निम्ति तयारी गरेर जानु आवश्यक छ र जनतामा आफ्नो घनिष्ट सम्पर्क राखी उनीहरूमा राजनीतिकरण गर्दै ल्याउनु परेको छ । जनतासँग सम्पर्क राखी, उनीहरूको दैनिक सङ्घर्षहरूमा साथ दिनु परेको छ र उनीहरूको विश्वास प्राप्त गर्नु

परेको छ र साथै जनतालाई पनि क्रान्तिकारी राजनीतिमा दीक्षित गर्दै लानु परेको छ ।

तात्कालिक तथा आंशिक मागहरू लेनिनले भने झैँ शत्रुसँग खालि हल्का भिडन्तहरू मात्रै हुन्, जबकि निर्णायक सङ्घर्ष त बाँकी नै छ । किला कब्जा गर्न निर्णायक लडाईको दौरानमा यस्तो सानातिना भिडन्तहरू पनि हुन्छन् । तसर्थ मुख्य उद्देश्य र निर्णायक लडाइँको जरुरत र यसको निम्ति चाहिने अभावमा सानातिना भिडन्तहरूलाई नै मुख्य लडाई बनाइन्छ भने यस्तो पार्टीले निर्णायक लडाई कहिले लड्दैन र सानातिना भिडन्तहरूमा नै जन्म गुमाउने छन् ।

सानातिना तात्कालिक सङ्घर्षहरू बेकार होइन, कानूनी कारवाहीहरूमा भाग लिनु न त अपराध हो । तर यी कारवाहीहरूलाई नै आफ्नो मुख्य राजनीतिक कार्य भन्ठानी मुख्य क्रान्तिकारी राजनीतिलाई पन्छाउनु अपराध हो, अनि यस्तो कानूनी कार्यहरू अथवा सानातिना तात्कालिक सङ्घर्षहरू नै एक मात्र क्रान्तिकारी सङ्घर्षहरूको बाडी बनाएर यस्तैमा मात्र सम्पूर्ण ध्यान केन्द्रित गरी निर्णायक क्रान्तिकारी सङ्घर्षको निम्ति आजदेखि गर्न सकिने तयारि नगरी यी तात्कालिक मागहरू प्राप्त भएपछि नै अर्का कदम उठाउने सोचाई गलत हो । जबकि प्रजातन्त्र विरोधी शक्ति हामी माथि अमानुषिक ढङ्गले पेश आउँदै छन्, जबकि राजाको तमाम इतिहास न जनताको तमाम अधिकार खोसी आफ्नो हातमा लिने गरेर आएको छ, जबकि राजालाई न विधानसँग सरोकार छ, न त आफ्नो वचनको कुनै मूल्य छ, जबकि राजाले संसदीय व्यवस्थासम्म खतम गरी आफ्नो हुकुमशाही व्यवस्था स्थापना गर्ने गरेका छन् भने राजासँग सानातिना सङ्घर्षद्वारा लिएका अधिकार कति दिन टिक्ने हो र यस्तो अधिकारको उपयोग, गर्न दिई कहाँसम्म राजाले आफ्नो एकतन्त्री हुकुमत खतम गर्ने इजाजत दिने हो ? कुनै पनि सरकारले जनताको मौलिक अधिकारलाई यसरी उपयोग गर्न दिने छैन, जसलाई उपयोग गरी जनताले शासक वर्गसँग अरु बढी शक्ति छिन्ने मौका पावस । आफूले दिएको विधानलाई समेत खान सक्ने राजाले जन आन्दोलन बढ्न थालेमा शान्ति

सुरक्षाको नाउँमा फेरि पनि मौलिक अधिकार खोस्ने छैन भन्ने सवालै उठ्दैन । तसर्थ कम्युनिष्ट पार्टीले एक अधिकार पाएपछि नै अर्को पनि अधिकारको निम्ति सङ्घर्ष गर्न छ भन्नु स्वयम् आफू धोखा दिने नीति हुनेछ ।

तसर्थ हामीले यस कुरोमा स्पष्ट हुन परेको छ कि तात्कालिक मागलाई लिएर सानातिना सङ्घर्षहरू उठाउन सकिन्छ तर यसलाई प्राप्त गरेर मात्र अर्को उच्चतर माग राख्ने नीति एक गलत नीति हो जसले हामीलाई राजाको राजनीतिक भूवरीबाट फेरि पनि उठ्न दिने छैन ।

**न वामपन्थी उग्रवाद न संशोधनवादः–**

भनिन्छ तृतीय महाधिवेशनले दिएको राजनीति वामपन्थी उग्रवादी हो र वचपना मज हो । वामपन्थी उग्रवाद आवश्यक वचपना मर्ज हो । तर वामपन्थी उग्रवादको माने के हो ? लेनिनले कुन कुरोलाई लिएर यो भनेको हो ? के भविष्यको क्रान्तिकारी सङ्घर्षको निम्ति आजैदेखि सैद्धान्तिक तयारीको सवाल उठाउननै वामपन्थी उअवाद हो ? के लेनिनले कहि कतै राजनीतिक सिथिलताको वेला पनि क्रान्तिकारी राजनीतिलाई त्यागी खाली तात्कालिक राजनीतिलाई नै वर्तमान राजनीति बनाएर हिडने सल्लाह दिएको छ ? के राजनीतिक क्रान्ति बिल्कुल दबेको वेला पनि जारशाही तुरुन्त खतम हुन सक्तैन भनि मौलिक अधिकार मात्र माग्ने राजनीति अथवा जारशाहीको मातहतमा संसदको माग गरेको छ ? वेला बखतमा प्रतिकृयावादी डयुमा पनि भाग लिने सल्लाह लेनिनले आवश्य दिए, तर यसलाई नै लेनिनले परिस्थिति बदल्यो अब क्रान्ति तुरुन्त हुन सक्तैन भनि के त्यस परिस्थितिमा सम्भव राजनीतिलाई नै आफ्नो प्रमुख राजनीति बनाउने काम गरे ?

लेनिनले "वामपन्थी उग्रवाद"मा परिस्थिति अनुसार कानूनी संस्थाहरूको पनि उपयोग गर्न सल्लाह अवश्य दिए । तर यसैलाई पार्टीको प्रमुख राजनीतिक लाइन बनाएर भविष्यको क्रान्तिकारी सङ्घर्षको तयारी गर्ने कार्यबाट कहिल्यै अलग बसेनन् । लेनिनको शब्दमा वोल्सेविक पार्टीले आफ्नो सफलता "कानूनी सम्भावनाहरूको उपयोग गर्ने यस कार्यलाई गैर कानूनी कार्यसँग जोड्ने

उचित कार्यनीतिद्वारा” प्राप्त गरे ।।

लेनिनको शब्दमा “स्थिति बदल्यो अर्को परिस्थिति आयो भनि पैरवी गर्नु अत्यन्त हास्यास्पद कुरो हो । कुनै पनि नरमाइलो ढङ्गको शान्ति पूर्ण अवस्था हो अथवा क्रान्तिकारी भावना तल खसेको वेलामा होस लडाकु सङ्गठन बनाउने कार्य तथा राजनीतिक प्रचार (एजीटेशन)मा संलग्न हुनु अत्यन्त आवश्यक छ । साँच्चै भन्ने हो भने, यस्तै परिस्थितिमा यस्तै वेलामा यस किसिमको कार्य खास गरी आवश्यक छ, कारण जुन वेला सङ्घर्षले जोड पक्री सकेको हुन्छ आफूलाई चाहिए किसिमको सङ्गठन बनाउन अबेर भइसकेको हुन्छ । तसर्थ भावि क्रान्किारी आन्दोलनको तयारी आजैदेखि हुनु आवश्यक छ । ताकि एक सूचना दिने बित्तिकै ठुलो कारवाहीमा उत्रन सकोस् ।

यदि हाम्रो पार्टीले प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने हो भने न त वामपन्थी दुस्साहसवाद न त दक्षिणपन्थी सुधारवादद्वारा प्रजातान्त्रिक क्रान्ति पूरा हुन दिने छ । वामपन्थी दुस्साहवादले हामीलाई जनताबाट अल्याई दिन्छ भने, दक्षिणपन्थी सुधारवादले हामीलाई वेअवसवरवाद तथा नपुंसक नै बनाई दिने छ ।

बिना राम्रो तयारी स्थितिलाई राम्रोसँग नआँकी बिचैमा क्रान्तिकारी सङ्घर्षमा उत्रिन्छ भने यस्तो सङ्घर्ष जनताबाट अलगी स्वतः खतम भएर जाने छ । १९०९/०१० सालतिर शुरु गरेको झापा गोलीकाण्ड यस्तै खालको थियो । २०० मानिस मिली शुरु गरेको यो सङ्घर्ष जनताबाट अल्गिएर २ जना बाँकी रहन गए, जो पछि गएर पक्राउ परे । नेपाली काँग्रेसले २०२० सालमा उठाएको सशस्त्र सङ्घर्ष यस्तै जनताबाट अल्गिएको सङ्घर्ष हो, जो आखिर पिटाई खाएर थला बसे । नेपाली काँग्रेससँग न राजनीतिक कार्यक्रम, न आर्थिक कार्यक्रम, एक आध हजार मानिस जम्मा गरी शुरु गरिएको यो सशस्त्र सङ्घर्षले जनताको समर्थन प्राप्त गर्न सकेन ।

दोष सशस्त्र सङ्घर्षको होइन, दोष हो स्पष्ट राजनीतिक तथा आर्थिक कार्यक्रमको अभाव, अनि क्रान्ति सफल पार्ने चाहिने तयारीको अभाव ।

निश्चय पनि यस्तो कार्य वामपन्थी दुस्साहसवाद हुन जाने छ, यदि हामीले देशको भौतिक स्थिति र क्रान्ति गर्ने कृयाशिल ताकत दुवैको ठिक-ठिक मूल्याङ्कन गर्ने काम गर्दैनौं र राम्रोसँग सोच विचार नगरी स्थिति पाक्नुभन्दा अगाडि नै क्रान्ति सुरु गरिदिन्छौँ भने । तर यदि सर्वहारा वर्गको पार्टीले यस्तो स्थिति पाक्नुभन्दा अगाडि नै सक्रियता पूर्वक क्रान्तिको निम्ति तयारी गर्दैनौँ भने अथवा क्रान्तिलाई नेतृत्व दिने साहस गर्दैनौँ र स्थिति पाकेर क्रान्तिकारी स्थिति आउने वेला राजसत्ता कब्जा गर्ने काम गर्दैनौँ भने यस्तो नीतिलाई दक्षिणपन्थी अवसरवाद अथवा संशोधनवाद नै भन्न सक्छौँ ।

राज्य सत्तामा कब्जा गर्ने समय नआउन जो सर्वहारा वर्गको पार्टीको प्रमुख र सबभन्दा जरुरी कार्य हो क्रान्तिकारी तागत जम्मा गर्नको निम्ति मेहनतका साथ काम गर्नु । दैनिक सङ्घर्षहरूमा सक्रिय नेतृत्व दिने कारवाहीको दौरान यी तमाम कारवाहीको हाम्रो मुख्य उद्देश्य स्थिति पाक्ने वेला क्रान्तिमा विजय हासिल गर्नको निम्ति चाहिने तयारी र क्रान्तिकारी ताकतको निर्माण गर्नु हुनु परेको छ । सर्वहारा वर्गको पार्टीले सर्वहारा वर्ग तथा आम जनताको राजनीतिक चेतना उठाउनुको निम्ति विभिन्न प्रकारको दैनिक सङ्घर्षहरूको दौरान आफ्नो वर्ग तागतलाई तालिम दिनु लडाकु शक्तिलाई सुदृढ गर्नु तथा क्रान्तिको निम्ति सैद्धान्तिक राजनैतिक तथा विभिन्न सङ्गठनात्मक तयारी गर्दै जानु अत्यन्त आवश्यक छ । यस्तै तरिकाले नै स्थिति पाक्ने वेला विजय हासिल गर्न मौका गुम्न जाने छैन, नत्र भने क्रान्तिकारी स्थिति आएको वेला क्रान्ति गर्ने मौका हातबाट गुम्ने छ ।

यसै निम्ति जहाँ हामीहरूले तात्कालिक सङ्घर्षहरूलाई सक्रियताका साथ नेतृत्व दिदैं यस्तो सङ्घर्षहरूलाई हाम्रो निर्णायक क्रान्तिकारी सङ्घर्षसँग सम्बन्ध जोड्नु, आम जनतालाई सर्वहारा क्रान्तिको स्पिरिटले दीक्षित गर्नु उनीहरूको राजनीतिक चेतनालाई निरन्तर उठाएर ल्याउनु र क्रान्तिमा विजय हासिल गर्न यस्तै प्रकार क्रान्तिकारी शक्ति संचय गर्नु आवश्यक छ, ताकि ऐन मौकामा हामीले क्रान्तिमा विजय हासिल गर्नु सकौँ । मार्क्सवादी लेनिनवादी तरिका यही हो ।

निश्चय नै क्रान्ति कसैको मनखुशी हुन सक्तैन र क्रान्तिकारी स्थितिको अभावमा क्रान्ति असम्भव छ । तर क्रान्तिमा विजय हासिल गर्ने कुरो क्रान्तिकारी स्थितिको मौजूदगीमा मात्र निर्भर गर्दैन । कृयाशील क्रान्तिकारी ताकतको तयारी गर्ने प्रयासको पनि उतिकै जरुरत पर्दछ ।

साँच्चै भन्ने हो भने जसरि हामीले माथि भनि सक्यौँ जनतामा क्रान्तिकारी स्थितिको अभाव छैन, तर यस्तो स्थितिमा जनतालाई ठिक-ठिक क्रान्तिकारी बाटो देखाएर उनीहरूलाई क्रान्तिकारी सङ्गठनमा सङ्गठित गर्न चाहिने तयारी प्रयास नै हामीमा कमी छ । हाम्रो पार्टीमा अहिले वामपन्थी उग्रवादको भन्दा दक्षिणपन्थी सुधारवादको नै विशेष डर छ ।

रुसी क्रान्ति भयो १९१७ सालको अक्टोबर महिनामा तर १९१० देखि १४ सालतिर लेनिनको पार्टीले के गर्दै थियो, हेरौँ त्यसवेला सो पार्टीले हर प्रकारको सर्वहारा सङ्घर्षलाई नेतृत्व दियो यस पार्टीले मजदूरहरूको आंशिक मागहरूलाई लिएर हुने सङ्घर्षको सङ्गठन गर्‍यो र यसलाई सर्वहारा वर्गको आर्थिक सवाल र राजनीतिक स्वार्थसँग जोडियो । यस पार्टीले मजदूर वर्गलाई जारशाहीको हर कार्य तथा अपराधमा प्रतिकृया जनाउन सिकायो । जहाँ आम हडताल हुन्छ, सडकमा जुलुस हुन्छ अथवा फयाक्टरीमा मिटिङ्ग हुन्छ, बोल्सेविक पार्टीले क्रान्ति नै मुक्तिको एकमात्र मार्ग हो भन्ने कुरोमा जोड दिन्थ्यो र जनताको इच्छा र अर्मानको प्रतिनिधित्व गरी प्रजातान्त्रिक गणतन्त्रको माग, मजदूरहरूको ८ घण्टको कामको माग, किसानहरूको हितको निम्ति भूमिपतिहरूको जमीन जफत गर्ने माग, स्पष्टसँग अगाडि राख्यो पनि । स्पष्ट छ दैनिक सङ्घर्षको दौरानमा जनताको बीच क्रान्तिकारी राजनीतिकले दीक्षित गर्दै जानु वामपन्थी उग्रवाद होइन, न त यो वचकना मर्ज हो । बरु यसो नगर्नु स्पष्ट रूपले संशोधनवाद हो ।

निश्चय पनि हामी वामपन्थी उग्रवाद चाहदैनौँ । तर आज हाम्रो पार्टीमा फैलिदै गएको राजनीतिक भम्रलाई हटाएर क्रान्तिकारी भावना जगाएर ल्याउनु अत्यन्त जरुरी छ । हामीले पार्टी कार्यकर्ता तथा आम जनताको बीच भविष्यको क्रान्ति सफल पार्न सैद्धान्तिक राजनीतिक तथा अनेक तरीकासँग

सङ्गठनात्मक तयारी गरेर जानु आवश्यक छ ।

यस तयारीको विभिन्न अङ्गहरू मध्ये एक अङ्गको रूपमा नै हामीले आज सम्भावित सङ्घर्षहरूलाई उठाउने, कानूनी कारवाहीहरूमा पनि भाग लिने गर्नु परेको छ र यस्तो कानूनी सङ्घर्षहरूलाई गैर कानूनी सङ्घर्षहसँग जोड्दै लानु परेको छ । लेनिनले भने झैँ क्रान्ति फुटेर यस्तो क्रान्ति उच्च शिखरमा पुगेको वेला, जब सबै जनाले क्रान्तिमा भाग लिरहेको हुन्छ त्यसवेला क्रान्तिकारी हुनु गाह्रो छैन । यसै निम्ति लेनिनको अर्को भनाई छ कि क्रान्तिको वेला चारै खुट्टा मजबूतीका साथ टेक्न सक्ने गर्नको निम्ति हर प्रकारको तयारीमा लाग्नु हाम्रो कर्तव्य हो ।

निश्चय पनि सङ्घर्ष उठाउँदा जनताको चेतनाको स्तर, जनताको तात्कालीन सवालहरूलाई लिँदै जनताको नाडी हेर्दै सङ्घर्षहरूलाई उठाउनु पर्दछ । तर साथै आजको सुसुप्त जनतालाई उठाएर क्रान्तिकारी सङ्गठनमा सङ्गठित गर्नको निम्ति हामीसँग क्रान्तिकारी राजनीतिक पनि जरुरत पर्दछ । जनतालाई राजनीति पर्व-पर्वमा मात्र दिने होइन, हर बखत र हर सम्भव उपायबाट क्रान्तिकारी राजनीति साथ दिई, जनतामा प्रचार गरी जनतालाई आन्दोलित गरी सङ्गठित गर्नु जरुरी छ । हाम्रो तमाम तात्कालिक कानूनी तथा गैर कानूनी सवालहरू हाम्रो मुख्य राजनीतिक अन्तरगत नै हुनु पर्छ ।" जसले दिन-दिनको खास कामहरूलाई क्रान्तिकारी कार्यहरू भन्दा अगाडि राख्त छ, उनीहरू गलत बाटो छन् र हाम्रो क्रान्तिकारी आन्दोलनलाई नोक्सान पुऱ्याउँछन् । जनतादेखि अलगिएर षड्यन्त्रकारीहरू मण्डलहरू बनाउनेहरूले जसरी क्रान्तिलाई पछिल्तिर धकेल्दछ उस्तै गरी जसले राजनीतिक प्रचार एजिटेशन र सङ्गठनको कार्य माथि रोक लगाउँछ उसले पनि क्रान्तिकारी आन्दोलनलाई पछि सार्ने काम गर्दछ । "जसले दैनिक र आंशिक मागहरूलाई लिएर हुने सङ्घर्षहरूलाई व्यवस्थित ढङ्गले एकतन्त्री हुकुमतको खिलाफमा क्रान्तिकारी ताकत जम्मा गर्दै सम्झौताहीन सङ्घर्षमा उठाउने कामको निम्ति पूरा तयारी गर्दै जार्दैन उसले पनि क्रान्तिलाई पछिल्तिर धकेल्ने छ ।" -(लेनिन)

**प्रमुख क्रान्तिकारी राजनीति र तात्कालिक राजनीतिको सम्बन्धः-**

कुनै-कुनै साथीहरूको भनाई छ या तो पार्टी महाधिवेशनले दिएको क्रानितकारी राजनीतिलाई लिएर नै अहिलेदेखि सङ्घर्ष उठाउँ र तात्कालिक मागहरूलाई लिएर हुने सङ्घर्ष छोडिदेऊ, होइन भने तत्काल सम्भावित राजनीतिलाई मात्र लिएर जाउ र पार्टी महाधिवेशनले दिएको प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्न राजनीतिक कार्य छोडिदेऊ।"

एक त तृतीय महाधिवेशनले बिना सार्वभौम सत्ता सम्पन्न संसदको निम्ति तुरुन्त सङ्घर्ष गर भनेको छैन। प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने निर्णायक सङ्घर्षको अगाडि निश्चय पनि उपयुक्त तयारीको जरुरत हुन्छ र महाधिवेशनको राजनीतिले यसलाई नजरअन्दाज गरेको छैन।

कुनै पनि सङ्घर्ष अगाडि तयारीको सवाल एक प्रमुख सवाल हो। तृतीय विस्तारित बैठकको दौरान दुवै पक्षबाट स्वीकृत प्याराले पनि यसै कुरालाई इङ्कित गर्दछ। साथै तृतीय विस्तारित बैठकको दौरानमा राजनीतिक प्रस्ताव लेख्नको लागि दिइएको एक अर्को निर्देशक बुदाँले पनि यसलाई स्पष्ट गर्दछ।

यहाँ प्रमुख सवाल हो तृतीय महाधिवेशनले दिइएको राजनीतिक अर्थात् प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने निर्णायक क्रान्तिकारी आन्दोलन सफल पार्नको निम्ति तात्कालिक सङ्घर्षहरू उठाउने हो अथवा त्यस क्रान्तिकारी राजनीतिलाई अहिले परिस्थिति बदलेको हुँदा अव्यावहारिक राजनीति भनि दराजभित्र थन्क्याएर हाम्रा केन्द्रीय कार्यकारिणीको विस्तारित ठिक-ठिक नाउँमा निक्लेको दस्तावेजहरूले भने झैँ तात्कालिक राजनीतिक मागहरूलाई नै वर्तमान राजनीतिको रूपमा लैजाने हो ?

त्यस विस्तारित बैठकका दस्तावेजहरू तथा त्यसपछि यसमाथि गरिएको मौखिक व्याख्यालाई विशेष गरी तत्काल सम्भावित सङ्घर्षहरू माथि नै एकतर्फी जोड दिइएको देखिन्छ। चाहे क्रान्तिकारी राजनीतिक सङ्घर्ष होस् अथवा तत्काल सम्भावित तात्कालिक सङ्घर्षहरू होस् एकलाई छोडी

अरु एकको मात्र कुरा गर्नु, द्वन्द्वात्मक भौतिकवाद तरिका नभैकन यान्त्रिक भौतिकवादी तरिका हो ।

तात्कालिक सङ्घर्षहरूमा मात्र जोडदिनु पूँजीवादी सुधारवादी तरिका हो भने, तात्कालिक सङ्घर्षहरूलाई वास्ता गरि बिना तयारी एकैचोटी क्रान्तिकारी सङ्घर्ष शुरु गरिहाल्नु वामपन्थी दुस्साहसवाद हो जब कि द्वन्द्वात्मक भौतिकवाद तरिका हो जनतासँग घनिष्ट सम्पर्कमा आउनको निम्ति उनीहरूको दैनिक सङ्घर्षहरूमा साथ दिई, उनीहरूको लडाकु भावना जगाउँदै ल्याउनुको साथै अर्कोतिर निर्णायक क्रान्तिकारी संघषको निम्ति जनतालाई राजनीतिक चेतना दिई उनीहरूलाई सङ्गठन गरी, उनीहरूलाई आजैदेखि सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक तैयारी गरेर लैजानु ताकि नपाकेको भौतिक स्थितिलाई पकाएर, भौतिक स्थिति पाकेको वेला सुयोग्य नेतृत्व दिई हामीले निर्णायक क्रान्तिकारी सङ्घर्षमा विजय हासिल गर्न सकौँ ।

जबसम्म मुख्य क्रान्तिकारी राजनीतिलाई लिएर आजदेखि तयारीमा लागिँदैन, त्यसवेलासम्म सानोतिनो आन्दोलनलाई आफ्नो खुशीराजिमा मोड्न सकिने छैन । बिना तयारी यसरी एक सानो आन्दोलनलाई एक ठुलो आन्दोलनमा लैजान कोशिस गर्नु वामपन्थी औवसरवाद नै हुनेछ । जबकि आजदेखि भविष्यको क्रान्तिकारी आन्दोलनको तयारी नगर्नु दक्षिणपन्थी सुधारवाद हुन जाने छ । यस दक्षिणपन्थी सुधारवादले वामपन्थी औवरवादलाई पनि जन्म दिनेछ । तसर्थ गर्नु पर्न कार्य हो, आजको ऐतिहासिक स्थितिमा पूरा गर्नु र गर्नसक्ने क्रान्तिकारी राजनीतिलाई ठम्याएर यस राजनीतिक क्रान्ति सफल पार्ने आजैदेखि प्रचार, प्रसार, एजिटेशन र सङ्गठन आदि हर प्रकारको तयारी गरेर जानु छ भने, आन्दोलनहरू उठाउँदा जनताको नाडी हेरी पार्टीको स्थितिलाई पनि ख्याल राखी तत्काल सम्भव सङ्घर्षहरू उठाउँदै जनताको सुतेको लडाकु भावनालाई उठाएर ल्याउन आवश्यक छ ।

एकातिर क्रान्तिकारी राजनीति तथा निर्णायक क्रान्तिकारी सङ्घर्ष प्रति उदासिन रहनु अर्कोतिर सानातिना आन्दोलनलाई नै बिना तयारी एउटा नाराको भरमा एउटा अडर निकाली क्रान्ति भई हाल्छ भनि थाल्नु दुवै गलत

सम्झदारी हुनेछ । पहिलो कार्य सुधारवादी औवसरवाद हो भने पछिल्लो कार्य वामपन्थी औवसरवाद हुनेछ । पार्टीको कार्य जनताको नाडी हेर्दाहेर्दै हाहामा पछि लाग्नु मात्र हैन, जनतालाई जागृत गरी सङ्गठन गर्नु तथा नेतृत्व दिनु पनि हो । निश्चय नै दालमा रहेको खोस्टाले क्रान्तिकारी आन्दोलनको रूप लिन सक्तछ, कुनै एक स्थानीय आन्दोलन अथवा सानो आर्थिक मागको सङ्घर्ष नेपालव्यापी क्रान्तिकारी आन्दोलनमा परिणत हुन सक्नेछ तर यस्तो आन्दोलन क्रान्तिकारी राजनीतिमा आधारित एक सुदृढ तथा अनुशासित तथा जनतामा जरा हालेको तथा जनतालाई पनि राजनीतिक चेतनाले पोख्त गर्ने पार्टीद्वारा नै सम्भव छ । यस्तो क्रान्तिकारी सङ्घर्ष त्यसैले उठाउन सक्ने छ । जसले पहिलेदेखि नै सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक रूपले निर्णायक सङ्घर्षको निम्ति तयारी गरेर ल्याएको हुन्छ । यस्तो तयारीको अभावमा कुनै पनि सानातिना आन्दोलन स्वतः क्रान्तिकारी आन्दोलनमा उठेर आउने छैन, न त नेतृत्वको खुबीले नै यस्तो तयारी नगरी एक सानो आन्दोलनलाई मोडेर ठुलो राजनीतिक आन्दोलनमा पुऱ्याउन सकिने छ ।

बिना सैद्धान्तिक, राजनीतिक तथा सङ्गठनात्मक तयारी न त भविष्यको क्रान्तिकारी सङ्घर्ष निम्ति शक्ति संचय नै भएर आउने छ । चिया पार्टीको वरिपरि मान्छे भेला गर्नु नै शक्ति संचय होइन । बिना सैद्धान्तिक स्पष्टता, बिना राजनीतिक स्पष्टता न सङ्गठन सुदृढ हुन सक्ने छ, न त शक्तिको संचय नै भएर आउने छ । क्रान्तिकारी राजनीतिको अभावमा क्रान्तिकारी सङ्गठनको निर्माण पनि अभाव छ र बिना यस्तो राजनीतिमा बनेको सङ्गठन एक शक्तिहीन र ऐनमौकामा तितर वितर हुने सङ्गठन नै हुनेछ । जुन प्रकारको राजनीति छ सङ्गठनको आधार स्वरूप पनि उस्तै मात्र हुनेछ । चिया पार्टी कार्यक्रमको आधारमा, भाइचारा र मित्र मण्डलीको आधारमा देशमा क्रान्तिकरी पार्टीको निर्माण भएर आउनु असम्भव छ, यस्तै गरी तात्कालिक व्यावहारिक राजनीतिको आधारमा मात्र भएको सङ्गठन त्यस्तै प्रकारको फितलो सङ्गठन भन्ने छ, जो सरकारमा एक मारमा तहस नहस भएर जाने छ र यस्तो राजनीतिको आधारमा क्रान्तिकारी सङ्गठनको निर्माण

भई क्रान्तिकारी शक्तिको परिचय भएर आउने छैन । यस्तो नीतिले हामीलाई बर्नस्टेनवादमा पुऱ्याउने छ । त्यसैले क्रान्तिकारी सङ्घर्षको तयारीको सवाल आजैदेखिको राजनीतिक सवाल हो । यस तयारीको दौरानमा विभिन्न तात्कालिक सङ्घर्षहरू तथा कानूनी कारवाहीमा पनि लाग्न सकिन्छ, तर क्रान्तिकारी राजनीतिलाई पन्छाएर होइन बरू यसलाई हिम्मतको साथ जनतामा लगी जनताको राजनीति चेतनालाई जागृत गराएर मार्क्सको शब्दमा "भौतिक शक्तिको तख्ता त भौतिक शक्तिद्वारा नै पन्टाउन सकिन्छ, तर जनताको हृदयमा घर गर्ने बितिकै सिद्धान्त पनि एक भौतिक शक्ति बन्द छ ।" यसै निम्ती नै हामीले आजैदेखि सिद्धान्त र राजनीतिक कार्यक्रमलाई जनतामा लगी उनीहरूलाई यी कुराहरूको औचित्य माथि विश्वास दिलाउनु आवश्यक छ ।

तात्कालिक सङ्घर्षमा सक्रियताका साथ नेतृत्व दिँदा दिँदै कम्युनिष्ट पार्टीको काम हो कि यस्तो सङ्घर्षहरूलाई एक लामो समयपछि भविष्यमा हुने सङ्घर्ष, अर्थात् भविष्यको क्रान्तिकारी सङ्घर्षसँग सम्बन्धित गराएर लानु, जनतालाई मार्क्सवादी लेनिनवादी क्रान्तिकारी स्पिरिटमा दीक्षित गर्दै लानु, उनीहरूको राजनीतिक चेतनालाई निरन्तर बढाएर लानु र उपयुक्त समयमा निर्णायक राजनीतिक सङ्घर्षलाई उठाउनु यदि यस्तो गरिँदैन, यदि तत्कालिक सङ्घर्षलाई नै सबै थोक मानिन्छ भने, वेला वेलाको स्थितिलाई हेरेर मात्र गरिन्छ भने, अनि मौका र स्थिति अनुकूल मात्र काम गरिन्छ भने र सर्वहारा वर्गको मूलभूत स्वार्थलाई त्यागिन्छ भने कम्युनिष्ट पार्टी कम्युनिष्ट पार्टी नभई सुधारवादी पार्टीमा नै गनिन जाने छ ।

मामुलि से मामुलि समयमा जब हामीहरू जनतालाई दैनिक सङ्घर्षमा नेतृत्व दिइराखेका हुन्छौँ सर्वहारा वर्गको पार्टीले आफ्नो कार्यकर्ता साथीहरू तथा जनताको बीचमा भविष्यमा क्रान्तिकारी सङ्घर्षको निम्ति सैद्धान्तिक राजनीतिक तथा सङ्गठनात्मक तयारी गर्दै लानु पर्छ, अनि मात्र हामीले निर्णायक क्रान्तिको निम्ति स्थिति पाकेको वेला प्रतिकृयावादी शासनलाई उखालेर एक नयाँ शासन व्यवस्था कायम गर्न सक्नेछौँ । नत्र भने जब

भौतिक स्थिति तयार हुन्छ त्यसवेला सर्वहारा वर्गको पार्टीले विजय हासिल गर्ने मौकालाई बीचैमा गुमाउने छ ।

कुनै पनि देशको परिस्थिति सधैँभर एकनास रहँदैन । कुनै पनि एक ऐतिहासिक अवधिमा, परिस्थितिमा उतार चढाव आइरहन्छ । प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने काम शान्त समुद्र पार गरे झैँ पार गर्न सकिन्न, यस कार्य पूरा गर्न अघि घटनाहरूको धेरै उतार चढाव आइरहने छ । २४ घण्टामा पनि परिस्थितिमा परिवर्तन आउन सकिन्छ । यसो भनेर २४-२४ घण्टामा पनि क्रान्तिकारी राजनीति बदलेर हिँडन सकिन्न । निश्चय नै तात्कालिक कार्यनीतिमा परिवर्तन हुन सक्छ, तर यो तात्कालिक कार्यनीति मुख्य क्रान्तिकारी राजनीतिका अभावमा वेअसरदार र लक्षहीन भै यसले समुद्रको बीचमा लक्षहीन ढुङ्गा झैँ अलपत्र भै देशको क्रान्तिकारी आन्दोलनलाई क्रान्तिकारी दिशातिर कदापि अगाडि बढाउन सक्ने छैन ।

यहाँ मुख्य स्पष्ट कुरो यो हो कि हामीले व्यावहारिक तथा कानूनी कारवाहीहरूमा भाग लिनु हुन्छ वा हुँदैन भन्ने मात्र होइन, निश्चय नै वेला बखतमा यस्तो कानूनी तथा व्यावहारिक साधनहरूको पनि उपभोग गर्न सकिन्छ । यहाँ प्रमुख सवाल हो हामीले यस्तो व्यावहारिक तथा कानूनी कार्यको भरोसामा, उनीहरूद्वारा मात्र आफ्नो क्रान्तिकारी लक्ष्य प्राप्त गर्ने हो ? वा हामीले क्रान्तिलाई पूरा गर्न अरु अनेक सम्पन्न उपायहरूमा पनि उत्तिकै ध्यान दिई यस्तो सम्भव र व्यावहारिक तथा कानूनी कार्यहरूलाई नै पार्टीको वर्तमान राजनीति बनाएर हिँडने हो वा हाम्रो आजको ऐतिहासिक क्रान्तिकारी कार्य पूरा गर्ने विभिन्न साधनहरू मध्ये यिनीहरूलाई पनि एक साधन बनाएर उपभोग गर्ने हो ? प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कार्यलाई आज अव्यावहारिक छ भनि पन्छाएर व्यावहारिकताको नाउँमा राजनीतिक मागहरू मात्र जोडी दिने हो वा प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्न जोड तोडका साथ तयारी गर्दै जाने सिलसिलामा प्रजातान्त्रिक क्रान्ति पूरा गर्न प्रमुख राजनीतिको वरिपरि यस्तो तात्कालिक सङ्घर्षहरू पनि गर्दै जाने हो ?

निश्चय पनि विभिन्न कानूनी कार्यहरूमा माग लिनु बेकार होइन । पारस्परिक

हितकार सङ्गठनहरू, अध्ययन मण्डल, खेल मण्डलहरू तथा अरु जनतासँग सम्पर्कमा आउन सक्ने तमाम कार्यहरूमा भाग लिन सकिन्छ, तर यो कार्यलाई नै पार्टीको एक मात्र कार्यको रूपमा होइन। आज अनेक पंचायतमा भाग लिएका छन् र पंचायतमा गै पार्टीको काम गर्नु नै प्रमुख कार्य भनी ठानेका छन्। यी तमाम कार्यमा भाग लिन सकिन्छ तर आफ्नो मुख्य राजनीतिक क्रान्तिकारी कार्यलाई सफल पार्ने हेतुले र पार्टीको मुख्य क्रान्तिकारी राजनीतिलाई रोज रोजैको कार्यको रूपमा उत्तिकै संलग्न भएर काम गर्दै। यसरी एकातिर कानूनी र सम्भावित कार्यहरू गर्दै जन सम्पर्कमा आउने जरुरत छ भने अर्कोतिर आफ्नो सम्पर्कमा आएकाहरूको बीच विभिन्न उपायले क्रान्तिकारी राजनीतिको प्रचार गर्ने, एजीटेशन गर्ने र यस राजनीतिको वरिपरि सङ्गठन गरि भविष्यको क्रान्तिकारी सङ्गठन तयार गर्दै जाने क्रममा पनि दत्तचित्तका साथै रोज मर्राको कामको रूपमा लैजानु परेको छ। जसले यसरी कानूनी र गैरकानूनी काम, तात्कालिक तथा प्रमुख क्रान्तिकारी राजनीतिको काम मिलाएर लगि क्रान्तिकारी ताकतलाई बढाएर सङ्गठित गर्दै लाने कार्य गर्न सक्तैन उसले राजनीतिक क्रान्तिलाई पछिल्तिर पन्छाउँदै जाने छ।

सारांशतः मुख्य क्रान्तिकारी राजनीति तथा कार्यनीतिको बीचको सम्बन्धमा सर्वहारा वर्गको पार्टी कम्युनिष्ट पार्टीले मेहनतकश जनतालाई मुक्त गर्ने आफ्नो अन्तिम उद्देश्यप्रति सबभन्दा ज्यादा ध्यान दिनु आवश्यक छ र यस्तो पार्टीसँग शत्रुलाई हटाउन साहस तथा दृढ विश्वास अत्यन्त जरुरी छ।

## दीर्घकालीन आम राजनीति

हाम्रो आम राजनीति, भविष्यमा समाजवाद, साम्यवाद स्थापना गर्ने तथा तत्काल प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्नु हो जुन कार्यलाई सफल पार्न आजै देखि सैद्धान्तिक, राजनीतिक सङ्गठनात्मक तयारी गर्दै जानु हो र यसै बीच जनताका दैनिक सङ्घर्षमा भाग लिई उनीहरूसँग घनिष्ट सम्बन्ध राखी उनीहरूलाई राजनीतिक चेतना दिनु र उनीहरूको सुतेको लडाकु भावना जगाएर ल्याउनु हो। आफ्नो अन्तिम उद्देश्य

तथा तात्कालिक लक्ष अर्थात् राजनीति सङ्घर्ष नै नजर अन्दाज हुन जाने गरिकन हामीले सानेतिनो तथा तत्काल लाभ प्राप्त गर्ने र जित हासिल गर्ने कुरो मानै सम्पूर्ण ध्यान दिनु कदापि हुँदैन, न त शत्रुको अस्थायी तथा देखावटी ताकतमा नै हतोत्साह भै हामीले क्रान्तिमा विजय हासिल गर्ने विश्वास गुमाउने सवाल उठछ । यसरी अन्तिम निर्णायक क्रान्तिको तयारीमा सँगलन हुँदाहुँदै नै हामीले सानातिना दैनिकी सङ्घर्षहरूमा ध्यान दिनु परेको छ । हरेक सानातिना सङ्घर्ष गर्दा पनि पार्टीले त्यस सङ्घर्षको निम्ति राम्ररी तयार गर्नु पर्छ, र जनतालाई राम्ररी मिलाउने कार्य गर्नु पर्छ, र त्यस्तो सङ्घर्षहरूमा जित हासिल गर्ने कार्य गर्नु पर्छ र आम जनतालाई यस्तो सङ्घर्षको दौरानमा पनि हर बखत राजनीतिक दृष्टिकोणले शिक्षित गर्ने र उत्साहित गर्दै लानु आवश्यक छ । यस कुरोलाई जरुर ध्यान दिनु पर्छ कि सानातिना सङ्घर्षहरू ठाउँ-ठाउँमा व्यापक रूपले हुन थालेपछि यस्ता सङ्घर्षहरू आपसमा मिली एक ताकतको रूपमा विकास हुनेछ ।, जुन ताकतले पुरानो व्यवस्थालाई नै पल्टाएर पठाउने छ ।

यसरी हामीले यस कुरोमा स्पष्ट हुनु परेको छ कि निर्णायक राजनीतिक सङ्घर्ष र तात्कालिक सङ्घर्षहरू एक दोस्रोसँग फरक हुँदाहुँदै पनि एक दोस्रोसँग मिलेको पनि हुन्छ । निर्णायक राजनीतिको अस्तित्वमा र यसलाई प्राप्त गर्ने तयारीको दौरानमा तात्कालिक सङ्घर्षहरूले पनि एक क्रान्तिकारी ताकत जम्मा गर्दै ल्याउने काम गर्छ भने निर्णायक क्रान्तिकारी राजनीतिको अभावमा तात्कालिक सङ्घर्षहरू नपुंसक भै बिचमा बिलाएर खतम हुनेछ ।

यसरी निर्णायक क्रान्तिकारी राजनीति तथा जनताको नाडी हेर्दै वेला बखतमा अपनाउने कार्यनीतिको समन्वयले हामीले यथा समय क्रान्तिकारी सङ्घर्ष उठाएर यसमा विजय हासिल गर्न सक्ने छौँ ।

पार्टीलाई निर्णायक क्रान्तिकारी सङ्घर्षमा विजय हासिल गर्न आजदेखि नै सैद्धान्तिक, राजनीतिक तथा सङ्गठनात्मक रूपले पार्टी र जनतालाई तयारी गर्दै लगेर नै हामीले आफ्नो जिम्मेवारीलाई निभाउन सक्ने छौँ ।

जबसम्म पार्टीलाई सङ्गठन गरि सकिन्न, प्रचार हाम्रो मुख्य कार्य हुनेछ। पार्टीलाई तमाम भटकावबाट बचाएर पार्टीलाई सैद्धान्तिक तथा राजनीतिक दृष्टिकोणले स्पष्ट गरेर पार्टीलाई एकाताबद्व गरी नै हामीले आम जनतालाई सञ्चालन गर्न सक्ने छौँ र उनीहरूका बीचमा पनि स्पष्ट सिद्वान्त र राजनीति दिँदै उनीहरूलाई सङ्गठित गर्दै उनीहरूको नाडी हेर्दै स्थिति अनुकूल सङ्घर्षहरूमा उठाउँदै ल्याउन सक्ने छौँ।

पार्टीसँग निर्णायक राजनीति छ भने नै वेला बखतमा उठाउने राजनीतिक सङ्घर्षहरूलाई राम्ररी नेतृत्व दिँदै त्यस सङ्घर्षबाट पैदा हुने ताकतलाई क्रान्तिकारी ताकतमा जम्मा गर्दै लान सक्ने छौँ। पार्टीलाई अन्तिम निर्णायक क्रान्तिकारी सङ्घर्षमा विजय हामीले गर्न आजदेखि सैद्धान्तिक राजनीतिक तथा सङ्गठनात्मक रूपले पार्टी र यस्तो तात्कालिक सङ्घर्षहरू स्थानीय तथा नेपालव्यापी दुवै हुन सक्तछन् र पार्टी नेतृत्वले वेला बखत हेरी उठाउन सकिन्छ। यस्ता तात्कालिक सङ्घर्षहरूमा राजनीति स्थायी राजनीतिको रूपमा काम गर्दैन पनि र यस्तो सङ्घर्षको अगाडि, पछाडि र सङ्घर्षको वेला पनि स्थायी राजनीतिले प्रमुख रूपले काम गरिरहेको हुन्छ र आफ्नो अन्तिम सङ्घर्षको निम्ति तयारी गरेर गएकै हुन्छ र यसलाई रोक्ने सवालै उठ्दैन।

निर्णायक क्रान्तिकारी सङ्घर्षको अगाडि तमाम मेहनतकश जनतालाई हाम्रो सिद्धान्त र राजनीति प्रति चित्त बुझाइसकेको हुनु पर्छ र आजका अरू तमाम क्रान्तिकारी वर्गहरूलाई मिलाई सकेको हुनु पर्छ। यी कार्यहरू क्रान्ति उठिसकेपछि गर्ने होइन क्रान्तिको तयारीको दौरानमा गर्ने कुरो हो। साथै स्थितिलाई परिपक्को गर्न अगाडि हाम्रो विरोधी तत्त्वको पूरा भण्डाफोर भएको हुनु पर्छ, र जनताको आँखामा गिरेको हुनु पर्छ र यता मजदुर किसान तथा अन्य क्रान्तिकारी वर्गहरू आफ्नो निर्णायक क्रान्तिकारी राजनीति तथा सिद्धान्तले लेस भै प्रजातन्त्रको विरोधी शक्तिको विरुद्धमा सङ्घर्षको निम्ति सुदृढ र साहसी हुनु आवश्यक छ। तर एक लामो तयारीको अभावमा यी कुराहरू असम्भव हुन्छ यसै निम्ति यथोचित कानूनी कारवाहीहरूमा पनि भाग लिई जनसम्पर्क बढाउँदै जादा, तात्कालिक सङ्घर्षहरूलाई जनताको

नाडी हेर्दै उठाउदै जाउँ विभिन्न जन-वर्गीय सङ्घर्षहरूलाई पनि उठाउँदै जाउँ अर्कोतिर आफ्नो निर्णायक क्रान्तिकारी राजनीति सिद्धान्त र कार्यक्रम जनतामा लगि जनतालाई सैद्धान्तिक, राजनीतिक तथा सङ्गठनात्मक रूपले तयारी गर्दै, सङगठित पनि गर्दै ल्याउँ र जनतामा हिम्मत र साहस बढाई निर्णायक क्रान्तिकारी सङ्घर्ष पनि तयार गर्दै ल्याउँ। यदि हामीले हिम्मतका साथ काम गरे इतिहास हाम्रो पक्षमा छ र आज हामी आफ्नो देशलाई यस पुरानो थोत्रो समाजबाट मुक्त गरी एक नयाँ नेपाल बनाउन समर्थ हुनेछौँ।

तुल्सीलाल अमात्य
सन् १९६५-१२-१३

# जनवादी चीन र तिब्बतको सवालमा ऐतिहासिक विश्लेषण

साम्राज्यवादी षड्यन्त्रले गर्दा सोभियत संघ आज नष्ट हुन गएको छ । त्यसपछिको सबभन्दा शक्तिशाली कम्युनिष्ट देश हो जनवादी चीन । अब साम्राज्यवादी अमेरिका र तिनका दलालहरूले जनवादी चीनभित्र हस्तक्षेप गर्ने वहानाको खोजिमा तिब्बतको सवाल अगाडि सार्दछन् । दलाई लामालाई गोटि बनाएर तिब्बतलाई जनवादी चीनबाट टुक्राउन चाहन्छन् र भन्दछन् तिब्बत स्वतन्त्र हुनु पर्छ । के कसैले वीरगन्ज नेपालबाट स्वतन्त्र हुनु पर्छ भन्ने आन्दोलन उठाउँछ भने यसलाई नेपालको सरकार अथवा नेपाली जनताले मान्यता दिनेछ ?

आफ्नो देश टुक्र्याउने कुरो कसैले पनि सहन सक्तैन । यस्तै हो तिब्बतको सवालमा पनि । तिब्बत आदिकालदेखि चीनकै भूभाग थियो र यो सधैं चीनकै भूभागको रूपमा रहनेछ । यसको प्रमाण हामीले अन्त खोज्न पर्दैन नेपालकै इतिहास पल्टाएर हेरे पुग्दछ । स्वयम् नेपालको काठमाडौँ उपत्यका ३ हजार वर्षभन्दा पनि अघि चीनबाट महामञ्जुश्री आएर चोभारको पहाड काटेर यो ठुलो तालबाट पानी बगाएर बस्न योग्य बनाएर पहिलो पल्ट मञ्जुश्रीपत्तन नामक शहर बनाएको थियो र आजको काठमाडौँ उपत्यका बस्न योग्य बनेको थियो भने तिब्बत त्यसैवेला पनि चीनको भूभाग थिएन भन्न सकिन्न ।

पुरानो वेला तिब्बतलाई "भोट" भन्ने गर्थे । नेपालकै इतिहास पल्टाएर हेरे स्पष्ट हुन्छ इस्वी सन् १८४६ (वि.सं. १९०३) सम्म तिब्बतको शासन चीनकै मातहत चल्दथ्यो डा. यज्ञनाथ आचार्य, उप-प्राध्यापक इतिहास शिक्षण समिति, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौँद्वारा विभिन्न सामग्रीको गहन अध्ययन

गरी लेखिएको “नेपालको इतिहास” (वि.सं. १७९९-२००७) हेरे स्पष्ट हुन्छ यो कुरो डा. यज्ञनाथ आचार्यले स्पष्ट किटानसाथ लेख्नु भएको छ । साथै हामी श्री रामजी उपाध्यायद्वारा लिखित “नेपालको इतिहास” पढौँ । यी इतिहासहरू तिब्बतको समस्या उत्पन्न भइसकेपछि लेखिएको होइन । लेखकले आफ्नो पुस्तकको भमिकामा लेख्नु हुन्छ, “मैले पार्वत्य वंशावली र अनेक देशी तथा विदेशी विद्वान्हरूले लेखेका इतिहासहरूबाट उदृत गरेका लेखकहरूलाई एक सूत्रमा गाँसी यो इतिहासरूपी माला तयार गरेको हो । यसमा मैले नेपालका अनेक बृद्ध, पुराना भारदारहरूका मुखबाट सुनेका कुराहरूको पनि सङ्ग्रह गरेको छु ।” यो इतिहास लेख्दा यसका लेखक रामजी उपाध्याय त्यसै पुस्तकको भूमिकामा लेख्नु हुन्छ “मैले यो ग्रन्थ लेख्दा राइट, प्रिंसेप, डिग्वे भ्यासिएर, विलियम कंनिधम, मिल्स, पसिवल, फो सीस हैमिल्टन, डा. भगवानलाल इन्द्रजी, जायसवाल वेंडेल, डा. सुन्दरलाल, बीर सावकर इत्यादि अनेकौँ विद्वान सज्जनहरूको इतिहास ग्रन्थबाट घटना सङ्ग्रह गरेकोले म वहाँहरूको बडो आभारी छु ।

स्पष्टतः इतिहास लेखक रामजी उपाध्यायले दलाई लामाप्रति अथवा चीनका वादशाहहरू प्रति कुनै पूर्वाग्रही भएर लेखेको यो इतिहास होइन । वहाँको यस इतिहासलाई एउटा भरपर्दो तथ्यको आधारमा लेखिएको पुस्तक मान्न सकिन्छ ।

यस इतिहासको पन्ना १८१मा लेखिएको छ, “तिब्बतको वर्तमान लामा धर्मको स्थापना भन्दा पहिले ४०० वर्षसम्म बौद्ध धर्मले तिब्बतिहरूलाई प्रभाव पारेको थियो ।” अर्थात् तिब्बतिहरू वौद्ध धर्मालम्बी थिए ।” लामा धर्म तिब्बतको वोन धर्म, जैन भ्रमण धर्म, तन्त्रवाद र वौद्ध धर्मका समन्वयले बनेको हो ।”

“चीनका प्रथम मंगोल सम्राट कुब्लाई खाँले लामा धर्म स्वीकार गरेका थिए । तिनले तिब्बत स्थित शाक्य विहारको दलाई लामालाई तिब्बतको धर्माधिकारी र शासक बनाएका थिए ।”

यसले स्पष्ट गर्दछ, तिब्बतमा दलाई लामा सुरुदेखि नै धर्माधिकारी थिएनन्,

तिब्बतका शासक नै थिए। दलाई लामालाई तिब्बतको धर्माधिकारी र शासकको रूपमा नियुक्त गर्ने कार्य चीनका वादशाहले गरेका थिए । यसले यो पनि स्पष्ट गर्दछ तिब्बत स्वयम् एक स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न राजनीतिक निकाय होइन र चीनको राज्यभित्रको स्थानीय शासनको एक निकाय हो । कुनै पनि स्थानीय निकायमा उसैले धर्माधिकारी र शासक नियुक्त गर्न सक्तछ जसको हातमा त्यस क्षेत्रको पनि सार्वभौमसत्ता रहेको हुन्छ । नेपाल एउटा स्वतन्त्र देश भएकोले यहाँको शासक न चीनले नियक्त गर्दछ, न भारतले । नेपालको कास्कीको राजा भनेर जङ्गबहादुरलाई नेपालका महाराजधिराजले नियुक्त गरेका थिए । स्पष्टतः कास्की एउटा स्वतन्त्र राजनीतिक निकाय नभएर नेपालको एउटा स्थानीय निकाय मात्र थियो। यस्तै हो तिब्बत चीनको सम्बन्ध पनि। एकचोटी कास्कीको राजा बनाइएकोले राणाहरू सदाको निम्ति कास्कीको राजा ठहरिएन । नेपालमा राज्य-शासन परिवर्तन भयो राणाहरू पनि कहाँ गए, गए ।

यस्तो स्थितिमा भारतीय नेता जर्ज फर्नाण्डीजले कास्की घुमेर कास्की एउटा स्वतन्त्र देश हो र यस क्षेत्रको शान्ति र स्थिरताको निम्ति कास्की स्वतन्त्र हुन पर्छ भन्यो भने र अथवा केहि साम्राज्यवादका दलाल गर्ने गैर सरकारी संस्थाहरू र व्यक्तिहरूले भन्यो भन्दैमा कास्कीलाई नेपालबाट एउटा स्वतन्त्र देश बनाउन कसैले मान्ने छैन । कास्कीको त पुरानो इतिहास छ, दलाई लामाको त त्यस्तो पुरानो इतिहास पनि छैन र दलाई लामाको इतिहास सुरु गर्ने चीनको सम्राट हो । दलाई लामा चिनिया साम्राज्यको एउटा स्थानीय शासक र धर्माधिकारी बनाइएको थियो। जसलाई चीनको केन्द्रीय शासकले नियुक्त गरे। उनलाई चीनको केन्द्रीय शासनमा फेर बदल भएपछि हटाउन पनि सक्छ, नेपालमा राणा शासन हटाए जस्तै। "इस्वी सन् १७९१ मा नेपालले तिब्बत माथि हमला गरी यसको भूभाग कब्जा गरेर तिब्बतको दिगार्चीका प्रसिद्ध विहारहरूमा भएको सम्पत्ति, लुटेर लिएका थिए। सम्झाई बुझाई गर्न आएका एकजना प्रतिष्ठित तिब्बति अधिकारीलाई पनि नेपालीहरूले कैदी बनाएका थिए ।"

तिब्बतको स्थानीय सरकारले नेपाली फौजबाट तिब्बत सुरक्षा गर्न नसकेपछि" इस्वी सन् १७९२ अर्थात् संवत् १८४९ को माघतिर तिब्बतको रक्षार्थ चीनको केन्द्रीय सरकारले पेकिङ्बाट फु-काङ-आनको कमाण्डमा ७० हजार चिनियाँ फौज नेपालसँग लड्न पठाए। चिनियाँ फौज १९ सेप्टेम्बर १७९२मा नेपालको ५ माने भन्ज्याङ् नाघी जीतपुर फेदीसम्म पुगिसकेका थिए।"

तर पछि चिनियाहरूसँग सम्झौता भएपछि नेपालले "तिब्बतका इलाकाहरू फिर्ता गरे, तिब्बतबाट लडेर ल्याएको सम्पत्ति पनि फिर्ता गरे कैद गरिएका तिब्बति अफिसरहरू पनि मुक्त गरिदिए, आत्महत्या गर्ने सुमर लामाको शब पनि चिनियाँ अधिकारीहरूलाई बुझाइदिए र चीन सम्राट कहाँ उपहारहरू पठाउने प्रतिज्ञा गरे। (बालचन्द्र शर्माद्वारा लिखित "ऐतिहासिक रूपरेखा"बाट)

तिब्बतलाई नेपाली फौजबाट दलाई लामाले जोगाउन सकेन, चीनको फौजले जोगाए, सन्धि तिब्बतसँग होइन चिनी सरकारसँग भयो। यदुनाथ खनालद्वारा लिखित "नेपालको इतिहास (वि.सं. १७९९-२००७)" मा केरूङ् सन्धि बारे लेखिएको छ, "उप्रान्त चीनका वादशाहका हुकूमले चीनको अम्बा आइकन भोट (तिब्बत)को र हाम्रो माघवन्देज धर्मपत्र भयो।"

यसले स्पष्ट गर्दछ, तिब्बत चीनकै एक राजनीतिक इकाई हो र यो कुनै स्वतन्त्र र सार्वभौम देश होइन।

संवत् १८४६ सालपछि नै बेलायतको इष्ट इण्डिया कम्पनीले एकातिर भारतमा कब्जा गर्दै गयो भने अर्कातिर तिब्बत माथि आफ्नो प्रभुत्व जमाउँदै जाने काम गरे। चीनको मिङ वादशाहहरूको कमजोरि र ऐयाशी शासनमा स्वयम् चीनभित्र ठाउँ ठाउँमा विद्रोह भइराखेको थियो। यस कमजोरीको फाइदा उठाई इष्ट इण्डिया कम्पनीले तिब्बतमाथि आफ्नो प्रभुत्व जमाउन सफल भयो र तिब्बत नाम मात्रको चीनको आश्रित देश रह्यो। दलाई लामाले तिब्बतलाई कहिल्यै अङ्ग्रेज साम्राज्यवादको हातबाट मुक्त गर्ने कोशिस गरेनन। डा. सुनयात सेनको नेतृत्वमा चिनिया क्रान्तिले मिंग वादशाहको शासन उखाडेर चिनिया गणतन्त्र स्थापना भयो तर डा. सुनयात सेनको मृत्युपछि चैगकै शेखले

अमेरिकी साम्राज्यवादको दलाली गरी यस देशलाई अमेरिकी साम्राज्यवादको अर्ध उपनिवेशमा बदले जनसरकार स्वयम्ले अमेरिकी साम्राज्यवादको दलाली गर्छ भने त्यो सरकारले अङ्ग्रेज साम्राज्यवादको हातबाट तिब्बत मुक्त गर्ने सवालै भएन । यस दलाल सरकारलाई पनि चीनको जनक्रान्तिले उखाडेर चीनमा जनवादी सरकार स्थापना भएपछि नै तिब्वतलाई अङ्ग्रेज साम्राज्यवादको हातबाट मुक्त गर्ने काम भयो ।

इस्वी सन १९५०मा अङ्ग्रेज साम्राज्यवाद–भारत र जनवादी चीन बीच सम्झौता गरी तिब्बत फेरि चीनकै हातमा फर्काउने काम भयो । यदि तिब्बत एउटा चीनबाट स्वतन्त्र देश भएको भए यो सम्झौता बेलायत भारत र तिब्बतको बीचमा हुने थियो, चीनसँग हुने थिएन । तिब्बत चीनको भू-भाग भएको हनाले र तिब्बत माथिको सार्वभौमसत्ता सम्पन्न चिनिया सरकार भएकोले नै यो सन्धि बेलायत, भारत र जनवादी चीनको बीच भएको थियो ।

फेरि पनि जनवादी चिनिया सरकारले दलाई लामालाई उखाड्ने काम गरेन वरू वहाँलाई सम्पूर्ण चीनको स्टाण्डिङ कमेटीको उपाध्यक्ष बनाएर पूरा चीनको शासन व्यवस्थाको हिस्सेदार बनाए । र तिब्बतमाथि आफूले सीधा शासन चलाउने सट्टा यसलाई स्वशासित क्षेत्रको चलाउने सट्टा रूपमा मान्यता दिए ।

यो चीनको जनवादी सरकारको उदारताको प्रमाण मात्र हो निश्चय पनि दलाई लामाको शासन पद्धति र जनवादी सरकारको शासन पद्धतिमा फरक हुन्छ । दलाई लामाको शासन पद्धति अन्तर्गत तिब्बतमा त्यहाँको दास मालिक खम्पाहरूको मनोमानी राज चल्थ्यो । मनका मन घ्यूको "घ्यदेवा" भगवान् बुद्धको प्रतिमाको अगाडि जल्थ्यो, आम जनता भने वर्वाद थिए, र उनीहरू भिखमङ्गा भएर जाडोको मौसम भरि नेपाल उपत्यकामा मात्र होइन तराई सम्म पनि घर-घर चावल मागेर हिँड्दथ्यो । यो चलन १९५५ भन्दा अघिका मानिसहरूलाई अहिलेसम्म याद छ । उनीहरूले आफूले मागेको चावलसम्म खान नपाएर आ-आफ्नो दास-मालिकहरूलाई बुझाउन पर्थ्यो । उनीहरू माथि अमानुषिक यातना दिनु दास–मालिकहरू आफ्नो निजी अधिकार सम्झन्थे ।

जनवादी सरकारले यी दासहरूलाई दासताबाट मुक्त गरि दिए । उनीहरू आज आफ्नो जमीन र कामको मालिक छन । अब कोही तिब्बती नेपालमा भीख माग्न आउन पर्दैन, वरू उनीहरूले बनाएको कयन सामानहरू नेपालमा बिक्री हुन्छ । तिब्बतको सीमाना खासा मात्र गए पनि स्पष्ट हुन्छ, आज तिब्बतिहरूलाई कामको कुनै कमि छैन, खानपीनको कमि छैन । भरियाहरू मात्र लुगा-फाटो हेर्दा गरिब जस्तो देखिन्छ तर उनीहरूले पनि यथेष्ट आम्दानी गर्दछन् र पैसाको कमि छैन । तिब्बतीहरूको आफ्नो निजी दुकानहरू, लजहरू, होटलहरू छन्, यस्तो होटलहरूमा चिनीयाहरू पनि गएर खाएकै छन् र उनीहरू एकआपसमा मिलेर बसेका छन् ।

हो भगवान् बुद्धको अगाडि बल्ने घ्यदेवा सानो भएको छ । भगवान् बुद्धले "कहिल्यै जनतालाई वर्बाद गरेर मेरो अगाडि मनका मन घिउ जलाऊ भनेका थिएनन् । भगवान बुद्धले त भनेका थिए, यो मेरो शरीर बुद्ध होइन, मैले दिएको ज्ञान नै बुद्ध हो । जसले मेरो शरीरलाई चिन्दछ र मैले दिएको ज्ञान चिन्दैन उसले मलाई चिन्दन ।" तर आश्चय, आजकल भगवान् बुद्धका चेलाहरू भगवान् बुद्धको शिक्षामा भन्दा वहाँको प्रतिमालाई मान्दछन् । भगवान् बुद्धले त "बहुजन हिताय बहुजन सुखाय, लोकान कम्पाय धेरै घरै मानिसहरूलाई हित गर्न लागि धेरै घरै मानिसहरूलाई सुख दिनको निम्ति, सम्पूर्ण जनतालाई भित्र दिलदेखि प्यार गरि अनेक मदत गर्नको लागि तिमीहरू संसारमा विचरण गर भनेर आफ्नो चेलाहरूला भनेका थिए ।" जनवादी चीनको सरकारले यही कुरोलाई व्यावहारिक रूप दिए । यसको मतलव तिब्वती जनताले गरेर आएको धर्म माथि बाधा दियो भन्ने होइन । खासा गएर हेर्नु होला तहाँ पूर्णरूपले धार्मिक स्वतन्त्रता छ । हो अवश्य जनवादी सरकारले तिब्बतमाथि फेरि दासता फर्काउने इजाजत दिने छैन । दासताबाट मुक्त तिब्बतीहरू निरन्तर विकास गर्दै जाओस् यही चीनको जनवादी सरकारको चाहना हो । भारतका नेता जज फर्नाण्डीज खासा गएर हेरेर आएर भन्नु हुन्छ चीनले तिब्बतको विकास हैन, शोषण मात्र गरेको रहेछ, यो मैले आफ्ना आँखाले देखैँ । एउटा सवाल छ के. वहाँलाई मैत्री पुलको सीमा सुरक्षा आडले खासाभित्र पनि पस्न दिएको थियो अनि कहाँ बसेर वहाँले खासा हेरेर आउनु भयो उही काल्पनिक खाले

ट्रेन भए मात्र । वहाँले अनि के देख्नु भयो हचुवा रूपले भन्न त सजिलो छ, जे भने पनि हुन्छ । खास कुन कुरो वहाँले देख्नु भयो : के वहाँले खासामा भीखमङ्गा देख्नु भयो ? अथवा वेकारीमा बसेका मान्छेहरू देख्नु भयो कि ? अथक विरामी भएर दुःख पाएर बसेका मान्छेहरू देख्नु भयो कि ? कम-तलब ज्यालामा तिब्बतिहरूलाई काम गरिराखेको देख्नु भयो कि ? मैले पनि खासामा ३ दिन बिताएको छु । श्री जज फर्नाण्डीजको बयान बिल्कुल कपोल कल्पित हो । त्यहाँको स्थितिबारे मैले माथि नै उल्लेख गरिसकेको छु । के एउटा जिम्मेदार नेताले यस्तै कपोल कल्पित कुरा गरेर हिँड्ने हो ? र अनि अर्काको देश टुक्र्याउने काममा लाग्ने हो ? यस्तो काम त अमेरिकी साम्राज्यवाद र तिनका दलालहरूले मात्र गर्ने गर्छन् । त्यो विशाल भारत सम्हाल्न कम्मर कसेको नेताको निम्ति यस्तो कार्य कदापि शोभा दिँदैन ।

दलाई लामाले पनि अर्काको हाहामा हिँडेर हुँदैन । वहाँले पनि याद गर्नुपर्ने कुरो दलाई लामाद्वारा शासन गर्ने चलन चीनको केन्द्रीय सरकारले चलाएको हुनाले वहाँलाई शासक बनाई राख्ने नराख्ने अधिकार चीनको जनवादी सरकारको विवेकको कुरो हो ।

दलाई लामाले आफूलाई “सम्वोदा” पनि भन्न हुन्छ । वहाँ “सम्वोदा” भएपछि वहाँले साम्यवादी व्यवस्थाको विरोध गर्ने कुरा आउँदैन । जनताको सुख नै वहाँले आफ्नो सुख सम्झन पर्ने र आज, तिब्बतमा जो नयाँ समाज स्थापना भएको छ यसको समर्थन गर्नुपर्ने र अझ खुसी हुनु पर्ने । तर अमेरिकी साम्राज्यवाद र भारतका केहि प्रतिकृयावादी तत्त्वहरूले जनवादी सरकारको विरोधमा दलाई लामालाई लडाएर तिब्बतको स्वतन्त्रताको नाउँमा जनवादी चीनलाई टुक्र्याउने प्रयास गरिरहेका छन् र तिब्बतलाई फेरि विश्व-पूँजीवाद र अमेरिकी साम्राज्यवादको पोल्टामा फर्काउने प्रयास गर्दैछन् । दलाई लामाले खोजेको प्रजातन्त्र जनवादी प्रजातन्त्र नभएर जनजीवन नष्ट गर्ने पूँजीवादी प्रजातन्त्र हो । र पूँजीवादी प्रजातन्त्र अन्तर्गत तिब्बतको सारा कारोबार मुट्ठिभर साम्राज्यवादीहरू, भारतीय एकाधिकारी पूँजीपति वर्गका हातमा जाने छन् र तिब्वति जनजीवन फेरि पहिले जस्तै बर्वाद हुने हो । दलाई लामाले एक

चोटी रूस गए स्पष्ट हुनेछ पूँजीवादी प्रजातन्त्र अन्तर्गत पूँजीवादी व्यवस्थाले जनतालाई कसरि वर्वाद गरेको छ । "सम्मा सम्वोदा" को हैसियतले दलाई लामाको कर्तव्य हुन आउँछ ।

तिब्बति जनताको जीवनको सुरक्षा, उनीहरूको निम्ति काम, माम, बसोबासको व्यवस्था, जुन कुरो जनवादी व्यवस्थामा मात्र सम्भव हुन सक्तछ । सम्मा सम्वोदा सम्मा सम्बुद्धले त पूर्ण साम्यवादको कामना गर्दछ । समाजलाई यस स्तरमा पुऱ्याउन त अझै समय लाग्नेछ, जनतामा यो चेतना जगाउन पनि कम परिश्रमले हुने छैन । सहि किसिमका बुद्धका अनुयायीहरूले त पञ्चशील चोरि नगर्नु, असत्य नबोल्नु, अहिंसा, व्यभिचार नगर्नु र मादक पदार्थ नखानुमा जोड दिनुको अलावा सम्यक् दृष्टि, सम्यक् ज्ञान, सम्यक् आहार इत्यादि सबै कुरोमा साम्यवादी भावना जगाउने गर्नु पर्ने । तर यहाँ कुरो उल्टो भइरहेछ । सम्वोदाले उल्टै साम्यवादको बिरोध गरिरहेछ र बुद्ध धर्मको नाउँमा उनले दिएको ज्ञान प्रसार गर्नु सट्टा धार्मिक अन्धविश्वास फलाइँदैछ ।

तिब्बत, तिब्बति जनता र दलाई लामा स्वयम्को निम्ति निस्वार्थ भावले चिनीया जनतासँग पनि मन्त्री र प्रमको भाव राखेर मित्रता बढाएर जनवादी चीनकै अभिन्न अङ्गको रूपमा तिब्बति जनताको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्न । यस कार्यले दलाई लामाप्रति पनि तिब्बति जनताको र चिनी जनताको पनि आदर-भाव हुनेछ तर यो आदरभाव अन्धविश्वासमा आधारित नभएर वहाँले गर्नु हुने सत्कार्यमा निर्भर हुनेछ ।

यदि तिब्बतको कल्याण गर्ने हो भने जनवादी चीनकै अङ्गको रूपमा जति द्रूतगतिले तिब्बतको विकास हुने हो त्यो विकास तिब्बत स्वतन्त्र भएर जनता माथि पूँजीवादी प्रजातन्त्र लादेर हुने छैन । बरू बर्वाद हुनेछ । तिब्बतको जनवादी व्यवस्था विकसित भएर जाओस्, यही हाम्रो कामना छ ।

भनिन्छ नेहरूले तिब्बतको सवालमा ठुलो गल्ति गऱ्यो । नेहरूको आफ्नो आदर्श छ र आधुनिक भारतको निर्माता स्वयम् नेहरू हुन् र वहाँ इतिहास र राजनीतिको ठुलो विद्वान् हो र वहाँले चिनिया इतिहासका आधारमा तिब्बतलाई

चीनको भूभागको रूपमा अङ्ग्रेजसँग त्रिपक्षीय सम्झौता गरेर सुम्पेको हो ।

यो पनि प्रचार गरियो कि नेहरूको योजना तिब्बत चीनलाई दिने, अनि नेपाल आफूले लिने । विल्कुल गलत प्रचार हो । नेहरूको यो आकाङ्क्षा अवश्य होइन । चीनको तिब्बत चीनलाई दियो, स्वतन्त्र नेपाललाई स्वतन्त्र छोड्ने काम भयो । मलाई याद छ भारतको स्वतन्त्रता आन्दोलनको वेला महात्मा गान्धीजीको प्रस्ताव हो नेपाल र अफगानिस्तान दुइटै देशलाई असल छिमेकीको रूपमा व्यवहार गर्ने न कि भारतमा गाँस्ने । तर पाकिस्तान टुक्रिन जाँदा भारतबाट अफगानिस्तान थोरै टाढा हुन गयो र अफगानिस्तानको सवाल उठेन । नेपाल स्वतन्त्र देश हो र स्वतन्त्र रहनेछ । यसले आफ्ना बलबुताले आजको प्रजातन्त्र स्थापना गरेको छ । र तिब्बतलाई चीनको स्वशासित क्षेत्रको रूपमा मान्यता दिएर असल छिमेकीको सम्बन्ध कायम राख्नेछ ।

जहाँसम्म मानव अधिकारको सवाल छ सबभन्दा पहिलो मानव अधिकार हो मान्छेको जिउने अधिकार, यसै निम्ति काम गरेर खाने, लाउने र बसोबासको अधिकार र त्यसपछि स्वास्थ्योपचार र शिक्षाको अधिकार अनि एक नयाँ स्वस्थ, सुन्दर देश बनाउनका निम्ति आपसमा छलफल गर्ने अधिकार र यस्तो काम सम्पन्न गर्ने पार्टी कम्युनिष्ट पार्टी बनाउने अधिकार र बाँकीसँग मैत्री, प्रेम र करूणा राखी सबै मिलेर बाँच्ने अधिकार । यस्तो अधिकार जनवादी व्यवस्था अन्तर्गत पाइन्छ र तिब्बति जनताले आफ्नो धार्मिक स्वतन्त्रताको अधिकारको साथ, माथि उल्लिखित सबै अघिकार पाई राखेका छन् । एउटै अधिकार उनीहरूले पाउन नसक्ने अधिकार हो मनपरि प्रचार गरी जनतालाई उक्साएर जनवादी व्यवस्थालाई उखाडर पूँजीवादी शोषण व्यवस्था फकाउने अधिकारप्रति क्रान्ति गर्ने प्रतिकृयावादी अधिकार ।

नेपालको इतिहासले सावित गरेको छ र नेपालको सरकारले मान्यता दिएर आएको कुरो हो तिब्बत चीनको एक अभिन्न भूभाग हो हामीले यस नीतिलाई त्यागे र आफ्नो देशलाई दलाई लामा र चिनिया सरकारको युद्ध क्षेत्रमा बदल्ने छैन ।

नव जागृति अङ्क १६, २०५० भाद्र १

# जनताको भविष्य माथिको हमला

प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत नेपाल कम्युनिष्ट पार्टी खुद दिन दुईगुना र रात चौगुना बढ्न लागेको थियो । पार्टीको सङ्गठनले व्यापकता लिइराखेको थियो । ठाउँठाउँको स्थानीय चुनावमा कम्युनिष्ट पार्टी विजय हासिल गर्दै अगाडि बढ्न लागेको थियो । मेहनतकश जनताले आफ्नो पार्टी कम्युनिष्ट पार्टीलाई चिन्न लागेका थिए ।

निश्चय पनि यो अवधिभित्र प्रजातन्त्रको स्वरूप पूँजीवादी प्रजातन्त्र थियो, जुन प्रजातन्त्रले जनताको मूल समस्याहरू हल गरी जनतालाई एक नयाँ जीवन दिन सकेको थिएन र जुन प्रजातन्त्रमा अनेकौँ कमजोरीहरू पनि थिए । तर, कसलाई र कुन पार्टीलाई सरकार बनाउन दिने हो भन्ने अधिकार जनताको हातमा रहन जाँदा यसपालि पूँजीवादी पार्टी सरकारमा भयो भन्दैमा अर्कोपालि पनि पूँजीवादी पार्टी नै सरकारमा हुनुपर्ने कुनै जरुरत थिएन । जनतालाई व्यापक चेतना दिई जनताको व्यापक सङ्गठन बनाएर कम्युनिष्ट पार्टीले अन्य क्रान्तिकारी वर्ग तथा प्रजातान्त्रिक पार्टीहरूसँग संयुक्त मोर्चा बनाएर संसद्मा बहुमत प्राप्त गरी जनताको क्रान्तिकारी तागतमाथि भरोसा गरी यस संसद्लाई पूँजीपति वर्गको स्वार्थ साधन गर्ने यन्त्रको सट्टा राष्ट्रका तमाम मेहनतकश जनता र क्रान्तिकारी वर्गहरू मजदुर, किसान, क्रान्तिकारी बुद्धिजीवीहरू, सहरिया मध्यम वर्ग, राष्ट्रिय पूँजीपति वर्गसमेतको स्वार्थ साधना गर्ने यन्त्रमा परिणत गर्न सकिन्थ्यो । संसद्को वर्गचरित्र पूँजीवादी वर्गचरित्रबाट बदलिएर जनवादी वर्ग चरित्रमा परिणत गर्न सकिन्थ्यो । पूँजीवादी प्रजातन्त्रअन्तर्गत नै भएर पनि पूँजीवादीहरूको थिचोमिचो र आतङ्कका बाबजुद यो सम्भावना

झन्झन् बढ्दै गइराखेको थियो । कम्युनिष्ट पार्टीको सङ्गठनले व्यापक रूप लिनुका साथै ठाउँठाउँमा वेलावेलामा कम्युनिष्ट पार्टीको नेतृत्वमा भएका सङ्घर्षहरू, काठमाडौँमा कम्युनिष्ट पार्टीको नेतृत्वमा ४० औँ हजारको विशाल जुलुस, ठाउँठाउँको स्थानीय चुनावमा कम्युनिष्ट पार्टीको जित आदि सबै प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत कम्युनिष्ट पार्टीको बढ्दो तागतको लक्षण थियो । कम्युनिष्ट पार्टी एक वैकल्पिक पार्टीको रूपमा विकसित भइरहेको थियो ।

यसले गर्दा साम्राज्यवादीहरू, प्रतिक्रियावादीहरू, सामन्तहरू र खुद राजा आतङ्कित हुन थालेका थिए । कम्युनिष्ट पार्टी मजबुत होस् र देशमा जनवादी सरकार कायम होस् भन्ने कुरा राजालाई कदापि पनि मान्य हुने छैन । 'नरहे बाँस, नबजे बाँसुरी, न प्रजातन्त्र नै रहोस् न जनवादी प्रजातन्त्र नै कायम हुने मौका पाइयोस् । यसै उद्देश्यले प्रेरित भई राजाले प्रजातान्त्रिक व्यवस्थालाई नै खत्तम गरेको हो । राजाले नेपाली काँग्रेसमाथि आरोप लगाए तर प्रहार गरे प्रजातान्त्रिक व्यवस्थामाथि । खोसे तमाम जनताको मौलिक अधिकार अनि प्रतिबन्ध लगाए नेपाल कम्युनिष्ट पार्टी र जनताका जनवर्गीय सङ्गठनहरू माथि पनि । नेपाली काँग्रेसमाथि नातावाद, कृपावाद, भ्रष्टाचारको आरोप लगाइए । यसबारे यो त मुकद्मा चलाउनुपर्ने हो अथवा यसको इन्साफ गराउन जनतालाई अर्को आमचुनाव गराउनुपर्ने हो तर राजाले न आफैँले मुकदमा चलाए; न त यसको इन्साफ गर्ने मौका जनतालाई दिए । बरु जनताको मौलिक अधिकार खोसे र कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाए । के तमाम जनता अथवा कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध र जनताको मौलिक अधिकार खोसेको किन ? राजाको यस हुकुमी राज्यमा के नातावाद, कृपावाद र भ्रष्टाचार खत्तम भयो त ? राजाको यस हुकुमी राजमा राजमा जनताका समस्या के कति हल भए त ? राजाको यस हुकुमी राजमा जनताका समस्या हल हुन त परै जाओस् देशमा भइरहेको दुईचार आना काम पनि बन्द हुँदैछ । स्कुल खारेज हुँदैछन् दवाईदारुको प्रबन्ध बन्द हुँदैछ कारण ? राजा भन्दैछन् पैसा छैन, देशको पैसा कता गयो ? के देश निर्माण भइरहेछ ? राजा महेन्द्र करोडौँ रुपियाँ खर्च गरी आफ्नो निम्ति आलिसान राजमहलको निर्माण

गर्दैछन् । देशका तमाम पैसा राजाकै ऐसआराम, राजाकै व्यक्तिगत सुरक्षा अनि जनतामाथि हमला गर्न सीआईडी र फौजमा अन्धाधुन्ध खर्च हुँदैछ । जब यस्तो चीजमा पैसा खर्च प्रजातन्त्रलाई खत्तम गर्ने मनपरि अधिकार राजाकै हातमा राखेर, विधान खारेज गर्ने अधिकार राजाकै हातमा राखेर, जनतालाई मौलिक अधिकारसम्म पनि दिने वा नदिने अधिकार पनि राजाकै हातमा छाडेर, मनपरि हुकुम चलाउने अधिकार राजाकै मुखमा छाडेर के कुनै पनि प्रजातन्त्रको कुनै महत्त्व हुनेछ ?

देश निर्माणको निम्ति पैसा कहाँबाट आउँछ ? यसरी राजा महेन्द्रको हातमा देश चौपट्टै भएर गइरहेको छ । राजा महेन्द्रका तमाम काम–कुराहरू प्रजातन्त्रमाथि हमला गर्ने एक बहाना मात्र हो भन्ने कुरामा के अझ पनि कुनै शङ्का छ ? राजा महेन्द्रको यो हमला नेपाली काँग्रेसमाथिको हमला मात्र हो या प्रजातान्त्रिक व्यवस्थामाथिको हमला हो ? वास्तवमा नेपाली काँग्रेसमाथिको हमला मात्र नभएर भविष्यमा हुने जनवादी प्रजातन्त्रमाथिको हमला हो, जनताको भविष्यमाथिको हमला हो, मार्क्सवादी–लेनिनवादी सिद्धान्तमा आधारित मेहनतकश जनताको पार्टी कम्युनिष्ट पार्टीमाथिको हमला पनि हो ।

**संसदीय प्रजातान्त्रिक व्यवस्था, जनजीवनमा यसको असर र हाम्रो कर्तव्यः**

संसदीय प्रजातान्त्रिक व्यवस्था नै यस्तो प्रजातान्त्रिक व्यवस्था हो, जसमा जनताले जानी वा नजानी आफ्नो खुसीको पार्टीलाई बहुमतमा ल्याएर सरकारमा भर्ना गर्दछ र बराबर हुने आमचुनावमा आफूलाई मन नपर्ने पार्टीलाई भोट नदिई हराएर सरकारबाट बर्खास्त पनि गर्न सक्दछ अथवा बीचैमा पनि जनआन्दोलनद्वारा सो सरकारलाई राजीनामा गराएर अर्को चुनाव गराई आफ्नो खुसीको पार्टीलाई सरकारमा भर्ना गर्न सक्दछन् । यसरी सरकारमा भर्ना गर्ने र खोस्ने अधिकार संसदीय प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत जनताले पाएका हुन्छन् । राजा महेन्द्रले संसदीय व्यवस्थालाई खत्तम गरी जनताको यस अधिकारलाई खोसेका छन् । पञ्चायती प्रजातन्त्र, निर्देशित प्रजातन्त्र अथवा नियन्त्रित प्रजातन्त्रमा जनताको यो अमूल्य अधिकार खोसिएको हुन्छ । निश्चय

पनि निर्देशित प्रजातन्त्र अथवा नियन्त्रित प्रजातन्त्रमा जनताको इच्छाअनुकूल राज्य चल्नुको सट्टा राजाको निर्देशनमा अथवा राजाको नियन्त्रणमा नै चल्ने हुन्छ र यस्तो प्रजातन्त्र राजाको हुकुमशाहीको अर्को नाम हो ।

राजाले नपाएको अधिकार प्रयोग गरी विधानलाई बदल्ने र संसदीय व्यवस्था खत्तम गर्ने जुन काम गर्दछन्, यो काम जनताको अधिकारमाथि भयङ्कर हमला हो । यदि विधानलाई परिवर्तन गर्न दिने हो र संसदीय व्यवस्था खत्तम गर्न लाग्ने हो भने हाम्रो देशमा यस्तो एउटा खतरनाक परम्परा बसेर जानेछ जुन परम्पराअनुसार राजाले कुनै किसिमको राजनीतिक व्यवस्थालाई स्थायी रहन दिने छैनन् र हाम्रो देशको राजनीतिक व्यवस्था र राजाको हातमा मैनको खेलौना मात्र हुन जानेछ र राजाको तरंगले, लहडले जनताको भाग्यमाथि खेलवाड गर्नेछ, अनि राजाको हातमा जनताको के दशा हुने हो, कसैले भन्न सक्दैन । ..

तसर्थ आजको राजनीतिक समस्या राजालाई मनपरि विधान बदल्ने अधिकार दिने हो वा होइन ? संसदीय व्यवस्था खत्तम गर्न दिई राजाको मनपरि हुकुमी शासन चलाउन दिई जनताको जीवन बर्बाद हुन दिने हो वा होइन ? जबसम्म यी अधिकारहरू राजाको हातमा रहन्छन्, कुन वेला कस्तो राजा आई जनतामाथि के आपत ल्याउने हो, कसैले भन्न सक्दैन । १ सय ४ वर्षको राणा हुकुमी शासन मात्र होइन, जनताले राजा रणबहादुर शाह, सुरेन्द्र वीर विक्रम शाह आदिको बहुलट्ठी हुकुमतलाई पनि बिर्सेका छैनन् । राजालाई संसदीय प्रजातान्त्रिक व्यवस्था खतम गर्ने र विधानमा परिवर्तन गर्ने अधिकार दिनुको मतलब हो, फेरि पनि जनतामाथि यस्तो निरङ्कुश तानाशाही हुकुमतलाई निम्तो दिनु ।

प्रजातन्त्रलाई खत्तम गर्ने मनपरि अधिकार राजाकै हातमा राखेर, विधान खारेज गर्ने अधिकार राजाकै हातमा राखेर, जनतालाई मौलिक अधिकारसम्म पनि दिने वा नदिने अधिकार पनि राजाकै हातमा छाडेर, मनपरि हुकुम चलाउने अधिकार राजाकै मुखमा छाडेर के कुनै पनि प्रजातन्त्रको कुनै महत्त्व

हुनेछ ? तसर्थ आजको हाम्रो राजनीतिक समस्या निर्देशित, हुकुमी शाही प्रजातन्त्र, नियन्त्रित प्रजातन्त्रको स्थापना गर्ने होइन । यस्तो प्रजातन्त्रमा निर्देशन दिनेको ? नियन्त्रित गर्ने के को ? हुकुम चलाउनेको ? स्पष्ट छ, जबसम्म यस्ता तमाम शक्ति राजाको हातमा रहने छन्, त्यसवेलासम्म यस्तो प्रजातन्त्रमा निर्देशन दिने, नियन्त्रित गर्ने अथवा हुकुम चलाउने काम गर्न तानाशाहीले सक्दैन । राजाको यो गलत कदमलाई रोक्नु, प्रजातन्त्रमाथिको हमलालाई नाकामयाव गर्ने राजाको मनपरि शासन चलाउने गरी अधिकार खोस्न, यसकै निम्ति संसदीय प्रजातन्त्रको स्थापना गर्नु, स्थापित संसदीय प्रजातन्त्रलाई दिगो गर्न र राजाको हातमा सञ्चित हुन गएका तमाम शक्ति जनताको हातमा हस्तान्तरित गराउनु नै आजको हाम्रो मुख्य राजनीतिक समस्या हो ।

नवयुग, वर्ष १५ अङ्क ६, २०६२

# मार्क्सवाद–लेनिनवादलाई पक्रेर अगाडि बढौँ

आजकल एउटा नयाँ हावा चलिरहेको छ–त्यो हो मार्क्सवादको परित्याग । मार्क्सवादलाई समातेपछि सजिलैसँग आरोप लगाईन्छ, “कठपुतलीवाद” हो । मार्क्सवादबाट उम्केपछि जे लाइन दिएपनि भयो, जनतालाई जुन गल्ली मन लाग्यो उतैतिर पसायो, त्यसैलाई आजको युग सुहाउँदो सिद्धान्त भन्यो भइहाल्यो । त्यसकारण मार्क्सवाद के हो, के त्यसको औचित्य सिद्धियो ? भन्ने कुराको खोजबिन गर्नु अत्यन्त आवश्यक देखिन्छ ।

निश्चय पनि मार्क्सवाद भनेको मार्क्सले लेखेका पुस्तकहरू घोक्यो, कण्ठ गऱ्यो, त्यसलाई व्यवहारमा ल्याएर पुग्ने सिद्धान्त होइन । यो एउटा जिवित सिद्धान्त हो । तसर्थ यसको विकास भइरहन्छ । मार्क्सवादको प्रयोग आ–आफ्नो भौतिक स्थितिलाई केलाएर त्यस स्थिति अनुसार प्रयोग गर्ने एउटा अमर सिद्धान्त हो ।

मार्क्सले “क्यापिटल” लेखेर यसको पहिलो भूमिकाको अन्तिम प्यारामा भनेका थिए– “मेरो यो किताबलाई वैज्ञानिक विश्लेषण गरी पुरै खण्डन गरेपनि म स्वागत गर्नेछु तर विना विश्लेषण पूर्वाग्रही भएर विश्लेषण गरिन्छ भने तिमी आफ्नो बाटो जाऊ, म आफ्नो बाटो जान्छु ।”

आजकलका मार्क्सवाद, लेनिनवाद विरोधीहरू कुनै विश्लेषण नगरी, कुनै कुरोको चर्चा नै नगरी “मार्क्सवाद पुरानो भयो” भन्ने एउटा नारा दिएर मार्क्सवादी विचारलाई पन्छाउने काम गर्दछन् । अर्को यसमा थप केही भन्नुपऱ्यो भने, “कठमुल्लावाद” भन्ने आरोप लगाएर उम्केर जान्छन् । र,

आधुनिक विचारको नाउँमा अमेरिकी साम्राज्यवादले अघि बढाएको निजीकरण, उदार अर्थनीति, खुल्लाबजार, खुल्ला प्रतिस्पर्धा, विदेशी पूँजीको आयात, दान-उपदानमा भरपर्ने र विदेशी ऋणमा देशलाई फसाउँदै जाने कुरोलाई आधुनिक अर्थतन्त्रको नाउँ दिएर देशलाई अर्काको गुलाम बनाउने बाटो अपनाउँदै छन् । मार्क्सवादलाई बिर्सनेहरूले समाजवाद नै असफल भन्ने प्रचार गरि यसबाट जनताको ध्यान हटाएर पूँजीवादी खासगरी नवउपनिवेसिक पूँजीवादतिर देशलाई डोऱ्याउँदै छन् ।

शक्तिशाली सोभियत संघमा मार्क्सवादलाई बिर्सिएर एकतर्फी रूपमा "पेरेस्ट्रोइका" का भन्ने नारा दिँदै, रुसमा समाजवादको वेला आएको छैन भन्दै पूँजीवाद फर्काउने र साम्राज्यवादको सेवा गर्ने नीतिलाई अगाडि बढाउने गोर्वाचोभ हो र यसलाई अझ ठोस रूपमा व्यावहारिक रूप दिने यल्तसिन हो । विश्वको महान समाजवादी शक्तिको रूपमा चिनिने सोभियत संघ त्यो सोभियत संघ जहाँ सम्पूर्ण जनताको जीवन खुसी थियो, त्यस देशलाई फेरी पूँजीवादमा फर्काउने प्रयासमा आज कहाँ पुऱ्याई दिए, जनताको जीवन कुन वेहालमा पुऱ्यादिए, संसारको अगाडि छर्लङ्ग छ । फेरि पनि कतिपय मानिसहरू समाजवादलाई असफल र पूँजीवादलाई सफल व्यवस्थाको रूपमा चित्रण गर्न लाज मान्दैनन् । समाजवादी देशहरूबाट पर हट्ने र साम्राज्यवादी देशहरूसँग साँठगाँठ बढाउने कुरामा लाज मान्दैनन् ।

पूँजीवादी देशमा जे जति उत्पादन हुन्छ आफ्नो देशको जनताको निम्ति नभएर विदेशीको सेवा गर्नका निम्ति उत्पादन हुन्छ खासगरी तथाकथित विकासशील देश र हाम्रो जस्तो अविकसित देशको यही हाल हो । यहाँ जे गर्ने विदेशीको निम्ति र विदेशीद्वारा गराउने नीति नै अवलम्बन गरिदैछ ।

यहाँ सरकारको नीति आफ्नो देशमा स्वदेशी उद्योग बढाएर, राजकीय उद्योगहरू बढाएर राजस्व बढाउनु सट्टा राजकीय क्षेत्र बेचेर आफ्नो आम्दानी हुने बाटो आफैंले काटेर विदेशी दान, उपदान र ऋणको भरमा देश चलाउनु पर्ने रहेको छ । संसारमा कुनै यस्तो देश छैन, जहाँ पूँजीवादी विकासको चरम

अवस्थामा पुगेर पनि वेकारी समस्या सुल्झाउन सकोस् । यस्तै हो मार्क्सवाद पुरानो भयो, समाजबाट फेल भयो भन्दै ल्याएको आधुनिक अर्थनीति नतिजा ।

स्पष्टतः हाम्रो जस्तो अविकसित देशको निम्ति देश उत्थानको बाटो मार्क्सवाद लेनिनवाद नै हो । हो अवश्य, मार्क्स र लेनिनले लेखेका किताबहरू कण्ठ गरेर यथावत् लागू गरेर काम चल्दैन । मार्क्सले यसरी कण्ठ गरेर कुनै कुरा व्यवहारमा लान कहिल्यै सिकाएनन् । मार्क्सको शिक्षा हो-संसारको हर कुरो परिवर्तनशील छ । यस परिवर्तनलाई लागू गर्नु अत्यन्त आवश्यक कुरो हो ।

मार्क्सले लेखेका थिए, संसारभरी एकैचोटी क्रान्ति हुन्छ र सर्वप्रथम अमेरिका, बेलायत, फ्रान्स जस्तो विकसित पूँजीवादी मुलुकहरूमा समाजवादको क्रान्ति हुनेछ ।

समय बित्दै गयो, अन्तराष्ट्रिय स्थितिमा नयाँ परिवर्तन देखापऱ्यो । ५० वर्षपछि लेनिनको समयमा ती ठुला देशहरू पूँजीवादी देश मात्र नभएर साम्राज्यवादी देशहरूमा बदलिसकेका थिए । यस बदलिएको स्थितिमा लेनिनले देखे, ती विकसित देशका मजदुरहरूले अब क्रान्ति गर्दैनन्, तसर्थ अब संसारभरी एकैचोटी क्रान्ति हुँदैन र क्रान्ति हुन्छ भने अब सबैभन्दा कमजोर साम्राज्यवादी देशमा पहिलो क्रान्ति हुन्छ र त्यहाँ मजदुर वर्गको नेतृत्वमा मजदुरहरूले मात्र होइन मजदुर किसान मिलेर क्रान्ति हुन्छ । लेनिनले वस्तुस्थितिको यसरी विश्लेषण मात्र गरेनन्, मार्क्सवादकै आधारमा एउटा नयाँ लाइन अगाडि ल्याएर रुसमा समाजवादी क्रान्ति सम्पन्न गरे ।

अर्कातिर एकथरी मार्क्सवादीहरूले मार्क्सको कुरा पक्रेर संसारको कुनै विश्लेषण नगरी संसारभरि एकैचोटी क्रान्ति सम्पन्न गर्ने सपना देख्दैरहे, जो कहिल्यै पूरा भएन । यस्ताहरूलाई नै कठमुल्लावाद भनिन्छ । अर्कोतिर मार्क्सवाद पुरानो भयो भनेर वस्तुस्थिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिको विश्लेषण नगरी आफ्नो जिम्मेवारीबाट भाग्न मार्क्सवादलाई छोडी सजिलो बाटो पक्री व्यवहारवादी बन्नेहरू भने कठमुल्लावादको विरोध गर्दै औसरवादमा पुग्छन् र सानातिना सुधारवादी काम गरी देश र जनता जहाँसुकै पुगून् आफ्नो

दुनो सोभ्को गर्ने कार्यमा संलग्न रहन्छन् । निश्चिय पनि हामीले आफ्नो देशको स्थितिको विश्लेषण गर्दा मार्क्सवाद-लेनिनवादको प्रकाशमा गर्नुपर्छ र मार्क्सवादको आधारमा नै गर्नुपर्छ ।

लेनिनले रुसको सन्दर्भमा इस्वी सन् १९०५ भन्दा पहिले भनेका थिए, संसारमा पहिले पूँजीवादी क्रान्ति नभई समाजवादी क्रान्ति हुन सक्दैन । तसर्थ त्यसवेला लेनिनले रुसमा पहिलो पूँजीवादी क्रान्तिको निम्त काम गरे, लेनिनले त्यसवेला रुसमा एकैचोटी समाजवादी क्रान्ति गरुँ भनेर भनेनन् । क्रान्तिलाई दुई चरणमा बाँडेर पहिलो पूँजीवादी क्रान्ति अनि समाजवादी क्रान्ति पूरा गर्ने कार्यक्रमअनुसार तयारी गर्दै लगे । समाजवादी क्रान्तिको निम्ति तयारी भने निरन्तर जारी राखे र पूँजीवादी क्रान्तिको ७ महिनापछि १९१७ नोवेम्वर ७ मा समाजवादी क्रान्ति सम्पन्न गरे ।

महान क्रान्तिकारी लेनिनले अक्टोवर क्रान्तिद्वारा विश्वको एक विशाल भूभाग (संसारको ६ भागको एक भाग) मा समाजवादी व्यवस्था स्थापना भएपछि मङ्गोलियाको क्रान्तिको दौरानमा भन्नुभयो, “अब संसारमा समाजवादी क्रान्ति अगाडि पूँजीवादी क्रान्ति गरिरहने जरूरत छैन ।” इस्वी सन् १९२० तिर मङ्गोलियाको क्रान्तिलाई पूँजीवादी क्रान्तिमा नलगि राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको रूपमा अगाडि बढाइयो र त्यहाँ पूँजीवादी व्यवस्था नल्याई गैर पूँजीवादी ढङ्गले अगाडि बढाउने नयाँ व्यवस्था लागू गरियो ।

लेनिनले एक समयमा समाजवादी क्रान्ति अगाडि “पूँजीवादी प्रजातान्त्रिक क्रान्ति”को निम्ति पैरवी गरे भने, उही लेनिनले अर्को स्थितिमा अक्टोवर क्रान्तिपछि भन्न थाले, “पूँजीवादी क्रान्तिको जरूरत छैन र समाजवादोन्मुख गैरपूँजीवादी बाटो अपनाएर जाने राष्ट्र स्थापना गर्न सकिन्छ । “राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति न पूँजीवादी क्रान्ति हो, न समाजवादी क्रान्ति । चिनियाँ क्रान्तिलाई लिएर स्तालिनले भनेका थिए “चीनको क्रान्ति न समाजवादी क्रान्ति हुनेछ, न पूँजीवादी क्रान्ति, यो एउटा नयाँ किसिमको प्रजातान्त्रिक क्रान्ति हुनेछ ।” क. माओले यसको नाम “नयाँ जनवादी क्रान्ति“ राख्नुभयो ।

नयाँ जनवाद होस् अथवा राष्ट्रिय प्रजातन्त्र दुवैलाई राजनीतिक नाम दिँदा एक नयाँ विश्लेषणको आधारमा दिइएको थियो । विश्लेषणको निचोड हो, पिछडिएको देशहरूमा उद्योगहरूको कमी र अभाव, यसैकारण यहाँ क्रान्तिकारी मजदुरहरूको पनि अत्यन्त कमी हुन्छ र यसकारण यहाँ समाजवादी क्रान्ति हुन सक्तैन । अनि प्रश्न उठ्यो, के यस्तो देशहरूमा पूँजीवादी प्रजातन्त्र स्थापना गरी पूँजीवादी समाजको निर्माण गरी जनतामाथि निर्मम पूँजीवादी शोषणको चक्कीमा पिसाई राख्ने ?

विश्वकै ऐतिहासिक अनुभवले यो देखायो कि पूँजीवादी बाटो पक्रनेहरूले जनताको कुनै पनि मूल समस्या समाधान गर्नसक्ने छैन । महँगी, बेकारी, भ्रष्टाचार, गरिबी, शोषण, दमन यथावत चालू रहने छ । कम्युनिष्ट जनताको असन्तोष बढेरै जान्छ र यसको फाइदा उठाएर स्वदेशी प्रतिक्रियावादीहरूले 'साम्राज्यवादीहरूको सहयोगले प्रजातन्त्रलाई नै स्वाएर निर्मम पूँजीवादी हुकुमशाही चलाउन थाल्छन् । देश हेर्दा स्वतन्त्र नै हुन्छ तर देशको सम्पूर्ण अर्थतन्त्र साम्राज्यवादी विदेशी एकाधिकार पूँजीपति वर्गको हातमा गएर देशमा बेकारी, गरीबी, महँगी, भ्रष्टचार झन झन् तीव्र भएर जाने गर्छ । देश ऋणको जालमा गुटमुटिएर अर्काको दास बन्न पुग्छ । यस्तोमा प्रजातन्त्र नाउँ मात्रको रहन जान्छ । पैसाको बलमा चुनाव जित्नु पर्दा कालाबजारीहरूको हातबाट कुनै शासक पार्टी उम्कन सक्तैन र क्रमिक रूपले देशको हर पार्टी साम्राज्यवाद र सामन्तवाद विरोधी हुनु सट्टा उनीहरूको स्वार्थको रक्षक बन्न पुग्छ र अन्तमा बदनाम भएर आजको लोकप्रिय पार्टी भोलि बेपत्ता भएर जान्छ । जनता निराश भएर अराजकता बढ्न जान्छ ।

अहिलेसम्म विभिन्न नाउँमा बनेको श्री ५ को सरकारले देशलाई यसै दिशामा लगिरहेको छ ।

विकासका नाउँमा साम्राज्यवाद तथा विदशी पूँजी सेवा गर्नु हो र यसै कारण ती पार्टीहरूले रवर्ट क्यानेडीले सुरु गरेको र हालको अमेरिकी राष्ट्रपति विल क्लिन्टनले आधुनिकीकरण गरी अगाडि बढाएको राजनीति र अर्थनीतिलाई

अक्षरशः स्वीकार्नु स्वाभाविक हो, तर यस्तो कुरोमा कम्युनिष्ट पार्टी सजग रहनै पर्छ। जेहोस् हाल पूँजीवादी बाटो पनि निकट भविष्यमा सजिलैसँग हाम्रो देश जनवादी प्रजातन्त्रमा जानसक्ने छैन। यसबीचमा साम्राज्यवादीहरूले हाम्रो देशमा आफ्नो पकड मजवुतीका साथ जमाइरहेको हुनेछ।

हो, देश र सरकार सङ्कटमा फसेको वेला कम्युनिष्ट पार्टीले पनि हतार-हतारमा जनवादी नीति अपनाउन सक्ने छैन र यस्तो स्थितिमा धैर्य पनि आवश्यक पर्छ। फेरि पनि पार्टी नेताहरूको मुखबाट मार्क्सवाद पुरानो भयो, समाजवाद फेल भयो भनेर जनतामा भ्रम फैलाउने काम अत्यन्त घातक सावित हुनेछ।

कम्युनिष्ट पार्टीले हरबखत एउटा साझा, जनता पक्षको कार्यक्रमको आधारमा देशका हर पार्टीसँग विश्वकै ऐतिहासिक अनुभवले यो देखायो कि पूँजीवादी बाटो पक्रनेहरूले जनताको कुनै पनि मूल समस्या समाधान गर्नसक्ने छैन। महँगी, बेकारी, भ्रष्टाचार, गरिबी, शोषण, दमन यथावत चालू रहने छ। कम्युनिष्ट जनताको असन्तोष बढेरै जान्छ र यसको फाइदा उठाएर स्वदेशी प्रतिक्रियावादीहरूले साम्राज्यवादीहरूको सहयोगले प्रजातन्त्रलाई नै खाएर निर्मम पूँजीवादी हुकुमशाही चलाउन थाल्छन्। संयुक्त मोर्चाको निर्माण गरी संयुक्त सरकार चलाएको हुन्छ। अक्टोवर क्रान्तिपछि रूसमा लेनिनले एक्लै सरकार चलाउनु सट्टा सामाजिक प्रजातन्त्रवादीहरू (Social Democrats) सँग मिलेर संयुक्त सरकार चलाएका थिए। तर ती प्रजातान्त्रिक समाजवादीहरू मुखले समाजवादी भने तापनि कामले समाजवादविरोधी र पूँजीवादको पृष्ठपोषक र प्रतिक्रियावादको पक्षधर निक्ले। यो संयुक्त सरकार टुट्यो र यो पार्टीले आखिर बोल्सेभिक कम्युनिष्ट सरकारको विरूद्ध तमाम प्रतिक्रान्तिकारीहरूसँग मिलेर सशस्त्र प्रतिक्रान्तिमा उत्रे। तिनीहरू सबैसँग, उनीहरूको पछाडि रहेका हरेक विश्व साम्राज्यवादी शक्तिहरूसँग बोल्सेभिक सरकार एक्लैले लड्नुपर्‍यो। लेनिनको पछाडि मजदुर र किसानहरू सचेत भएर लागेका थिए। सिपाहीहरू आखिर मजदुर किसानकै छोराछोरी हुन्छन्। तिनीहरू सबै लेनिनको पार्टी बोल्सेभिक पार्टीको पछाडि समाजवादको निम्ति

एक ढिक्को भएर लागेका थिए । यस बाहेक विश्व साम्राज्यवादी देशहरू, जसले प्रतिक्रान्तिहरूलाई सघाइराखेका थिए, ती देशका मजदुरहरूसमेत लेनिनको नेतृत्वमा चल्ने बोल्सेभिक क्रान्तिका समर्थक थिए । ती मजदुर हरूलाई आ-आफ्नो देशमा हडताल गरी साम्राज्यवादी देशका सरकारहरूले प्रतिक्रान्तिकारीहरूलाई पठाउने हातहतियार र अन्य सहयोग रोकिदिन थाले । आखिर सारा प्रतिक्रान्तिकारी पार्टीहरू मिलेर पनि उनीहरूले आफ्नो लडाई अगाडि बढाउन सकेनन् र ४ वर्षको लडाईपछि लडाई छोडेर यत्रतत्र लागे । अनि, रूसमा एकै पार्टीको राज चल्यो । संयुक्त मोर्चा लेनिनले नचाहेको होइन, ती प्रतिक्रान्तिकारीहरूले चाहेनन् ।

चिनियाँ कम्युनिष्ट पार्टीको क्रान्ति देशका सामन्ती शोषक र अत्याचारीहरू र साम्राज्यवाद तथा तिनका दलाल पार्टी, कोमिङ्ताङ्ग सरकारको विरोधमा थियो । क. माओको नेतृत्वमा चिनियाँ कम्युनिष्ट पार्टीले अरू सबैसँग संयुक्त मोर्चा बनायो । सबैसँग आत्मीयता कायम गऱ्यो । कोमिङ्ताङ्ग पार्टीको एक खण्ड (जो साम्राज्यवाद र सामन्तवाद विरोधी निस्क्यो) कोमिङ्ताङ्ग पार्टी भएर पनि सुनचिंगलिंगको नेतृत्वमा त्यस पार्टीसँग पनि संयुक्त मोर्चा बनाएर साम्राज्यवाद तथा सामन्तकां दलाल च्याङ सरकारको विरोधमा क्रान्ति गरियो र विजय प्राप्त भयो । अमेरिकी सरकारले भएभरको हतियार र कराडौँ करोड डलर च्याङ सरकारको समर्थनमा खन्याएको थियो । तर जनताको समर्थन पाएपछि कम्युनिष्ट पार्टीलाई कसले हराउने ? आजसम्म पनि जनवादी चीनमा कम्युनिष्ट पार्टीलगायत ९ पार्टी तथा जनवर्गीय सङ्गठनहरू, जनजातिका प्रतिनिधिहरू, धार्मिक सङ्गठनका प्रतिनिधिहरू र देशको काम गरी नाउँ कमाएका व्यक्तिहरू साराका सारालाई मिलाएर एक व्यापक संयुक्त मोर्चा बनाएर १ अर्व २० करोड जनतालाई एक ढिक्का गरी अभूतपूर्व ढङ्गले सम्राजवादी चीनको निर्माण गर्दै द्रुत गतिले अगाडि बढाइँदैछ । तसर्थ मार्क्सवाद लेनिनवादले एकोहोरो मन्त्र पढाउँदैन, यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिलाई केलाउँदै क्रान्ति सम्पन्न गर्ने र देशमा क्रान्तिकारी परिवर्तन ल्याउने बाटो देखाइरहेको हुन्छ । जब मार्क्सवाद-लेनिनवाद छोडिन्छ, र मार्क्सवादी-लेनिनवादी लाइन छोडेर

गोर्वाचोभले जस्तो आफ्नै लाइन अगाडि बढाउने प्रयास हुन्छ, तब देश ध्वस्त हुन्छ, जनताले पाउनसम्म दुःख पाउने गर्छन् । यही कारण हो पहिले एकचोटी ढलिसकेको समाजवादी देशहरूमा फेरि एकचोटी नयाँ ढङ्गले समाजवाद फर्कदैछ, कम्युनिष्ट सरकार स्थापना हुँदैछ । अरू त अरू फ्रान्सजस्तो साम्राज्यवादी देशले पनि अमेरिकी साम्राज्यवादको सङ्गत छोडेर कम्युनिष्ट पार्टीसहितको समाजवादी सरकार खडा गरी समाजवादतिर पाइला सार्न लागेको छ । आज हाम्रो देशले पनि मार्क्सवाद लेनिनवादको सिद्धान्त अपनाएर देशका सम्पूर्ण वामपन्थीहरूका अलावा अरू पनि देशभक्त प्रजातान्त्रिक पार्टी र शक्तिहरूसँग चीन र उत्तर कोरियामा जस्तै व्यापक संयुक्त मोर्चा बनाएर आफ्नो देशको राजनीति तथा अर्थनीति र संस्कृतिलाई स्वतन्त्र रूपले अगाडि बढाउने नीति अपनाएर सबै जनतालाई एक ढिक्का गरी अगाडि बढाउन सकेमा कसैको अगाडि शिर नझुकाइकन निकट भविष्यमा एक उज्ज्वल, चम्किलो, भव्य र नयाँ नेपाल बनाउन सकिने छ । यही कामना सबैले गरौँ र देशलाई अगाडि बढाउनेतिर लागौँ । शरीर बलियो हुनेले शारीरिक श्रम, धन हुनेले धन, बुद्धि हुनेले बुद्धि दिएर आ-आफ्नो निजी स्वार्थ छोडेर काम गरौँ । हाम्रो देश किन बन्दैन? अवश्य बन्नेछ ।

२१ औँ शताब्दी स्मृति अङ्क २०५४।०३।२६

# नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ?

निर्दलीय पञ्चायती सरकारको बजेट देशमा नवउपनिवेशवादी अर्थतन्त्र स्थापना गर्ने र भ्रष्टाचारहरूद्वारा लूट खसोट मचाएर उनीहरू धनी हुने बजेट थियो भने यस अन्तरिम सरकारद्वारा पेश गरिएको २०४७/०४८को बजेटले नेपालमा के कसरी कति हदसम्म स्वतन्त्र अर्थतन्त्रको विकास गर्ने हो हामीले छानवीन गरेर हामीले नेपालको निम्ति एक नयाँ अर्थनीति पत्ता लगाउनु परेको छ । यसै कुरोलाई ध्यानमा राखी हामीले यस २०४७/०४८को बजेटलाई हेर्नु परेको छ ।

२०४७/०४८को बजेटलाई सर्सति हेर्दा यसले केही हदसम्म गरिब किसानहरूलाई राहत दिने कुरा गरेको छ । फेरि पनि यसले सामन्ती शोषण खतम गर्ने र देशलाई साम्राज्यवादी नव-उपनिवेसवादी तथा विदेशी एकाधिकार पूँजीको चङ्गुलबाट मुक्त गरेर देशको स्वतन्त्र आर्थिक विकास गर्ने कुनै लक्षण देखाएन ।

यस बजेटमा “उत्पादन बढाउने” कुरा उल्लेख छ । तर यो “उत्पादन” कस्तो किसिमको हो ? कार, साईकल, मेशीनरी, बिजुलीका सामानहरू, रेडियो, टि.भी., इत्यादि कुराहरूका साथै कपडा, रेशम, सिसाको कप-ल्पेट इत्यादिको उत्पादन बढाउने हो कि डोको, नाङ्लो, राढी, पाखी, कार्पेट र हस्तकलाको एकआध सामानहरू र गाउँघरमा बन्न सक्ने सुकूल इत्यादिको उत्पादन बढाउने ?

स्पष्ट छ देश विकास गर्ने हो भने आधुनिक उद्योगहरूको अभिवृद्धि अत्यन्त जरूरी छ । जुन देशमा मोटर कार बन्न सक्तैन त्यो देश विकास भयो भन्न

सकिन्न । हामीलाई अनेकौँ सामानहरू चाहिएको छ, साईकल, मोटर साईकल, मोटर कार, बस-ट्रक बुल-डोजर इत्यादि इत्यादि । भारि इन्जिनहरू, अनि रेडियो, टेलिभिजन, घडी, क्यालकुलेटर, कम्प्युटर जस्ता हल्का तर जटिल बस्तुहरू र अनि कपडा, लत्ता, अनेक फेशनका सामानहरू, ग्लास कप-प्लेट साराका सारा बस्तुहरू नेपाललाई चाहिन्छ ।

यसको निम्ति हामीले चौतर्फि औद्योगिक विकास गर्नु छ, कल-कारखानाहरू बनाउने मातृउद्योगहरू इन्जिनियरिङ्ग उद्योगहरू, रासायनिक उद्योगहरू र अरू अनेकौँ उद्योगहरू स्थापना गर्न जरूरी छ । हो, अवश्य यी सबै उद्योगहरू एक दिनमा वा एकै सालमा स्थापना गर्न सकिन्न, तर ठोस पञ्चवर्षीय योजनाहरू बनाएर यी सब उद्योगहरू नेपालमा स्थापना हुन सक्तैन भन्ने छैन ।

तर आजसम्मको पञ्चवर्षीय योजनाहरू औद्योगिक विकास गर्ने योजना नभई साम्राज्यवादी विदेशी एकाधिकार पूँजी तथा नव-उपनिवेशवादीहरूको निम्ति बनाई फराकिलो पार्ने योजनाहरू बनेका छन् । यहाँ किसानहरूमा मल वितरण गर्ने योजना बन्छ, तर आफ्नै देशमा आफूलाई चाहिने मल बनाउने कारखाना स्थापना हुँदैन । विदेशी रासायनिक मल किसानहरूमा वितरण गर्नका निम्ति ३० करोड रुपियाँ यस बजेटले पन्छाएको छ भने रासायनिक मल आफ्नै देशमा बनाउनका निम्ति कुनै योजना यस बजेटले देखाउन सकेन ।

यस्तै विकासको नाउँमा बिजुलीको प्रसार हुन्छ, तर बिजुलीको प्रसारको निम्ति चाहिने बल्ब, स्वीच, जेनरेटर, ट्रासफर्मर, तार इत्यादि कुनै कुरो नेपालमा बन्दैन । यहाँ सडक बन्छ, तर सडकमा चल्ने साईकल, मोटर साईलक, कार, ट्रक, बस इत्यादि यातायातको कुनै साधन यहाँ बन्दैन ।

यस दिशामा यो सरकारको कुनै ध्यान गएको देखिँदैन । साम्राज्यवादीहरू हामीलाई यी कुराहरू किन अनुदान र ऋण दिन्छ, तर यी कुराहरू बनाउनको निम्ति कारखाना खोल्नु त्यो भने २ पैसा पनि दिन तयार छैनन् । किन ? किन भने यी कुरोहरू हाम्रो देशमा बनेमा उनीहरूले आफ्नो सामानहरू बेच्ने बजार कहाँ पाउने । यी सामानहरू बेच्न ऋण वा उधार दिएको खण्डमा एकातिर

सामान बिक्यो, यस विक्रीमा नाफा पाइयो र अनि सामान उधारो दिएकोमा ऋणमा व्याज, व्याजको स्याज गरी चक्रवृद्धि ब्याज खान पाउने भयो । हाम्रो देशको विकासको नाउँमा शोषणको राम्रो माध्यम साम्राज्यवादीहरूले बनाएका छन् ।

यस रीतिले हाम्रो देशको व्यापार घाटा बढ्दै जानु, अनि देशमा बेकारी, महङ्गी बढ्दै जानु र स्वयम देश कहिल्यै उठ्न नसक्ने गरी दरिद्र हालतमा पुग्नु स्वाभाविक हो ।

वैदेशिक व्यापारको घाटा साल सालै बढी आर्थिक वर्ष २०४६/०४७ सालमा ९ अरब ५३ करोड ३७ लाख पुगेको छ, केही वर्ष अघिसम्म यो घाटा केही हदसम्म अर्काको सेवा गरी आएको आम्दानीले धानिन्थ्यो भने अब आएर यस्तो सेवातर्फको आम्दानीले यस्तो व्यापार घाटा धान्न छोडी सकेको छ, मतलब भयो अब विदेशीले व्याजै व्याजमा हामीसँग सेवा गराएर लिन सक्ने भयो । गाउँघरमा किसानहरू सामन्ती ऋणमा फँसेपछि जसरी सामन्तहरूले किसानहरूलाई बनाई काम लिने हो, उस्तै हामीलाई ऋणमा फसाएर विदेशी पूँजीले सँगै मुफ्तमा सेवा गराई लिने बाटो बनाएको छ । हाम्रो औद्योगिक विकासको प्रभावमा हामीले विदेशी सामान मगाउन चाहिने रकमको निम्ति चावल, काठ, घियू, सुठो, जूट (सन) बाट बनेका सामान, दुग्ध पदार्थ इत्यादि पठाउने गर्छौं ।

यसमा एकातिर वन विनास रोक्नु पर्छ भन्ने सरकारी नारा दिइन्छ अर्कातिर काठ निकासीमा जोड दिइन्छ । सवाल छ जनताको दैनिक उपयोगको निम्ति यताउति सुकेको दाउरा लिँदा मात्र वन विनास हुने हो वा ठेकदारहरूले अन्दाधुन्ध जङ्गलका रूख काटेर काठ निकासि गर्दा वन विनास हुने हो सकारकारसँग स्पष्ट नीति छैन ।

अर्को कुरा जग्गा अधिग्रहण गरी गाउँहरू समेत उखाडी गरीब जनता उठाएर पठाइन्छ, तर उनीहरूलाई बसोवासको कुनै प्रबन्ध गरिँदैन । सामन्ती तथा नव-उपनिवेशवादी शोषणले गर्दा वर्वाद भएको जनता आफ्नो घरद्वार

सामन्तहरूको हातमा परी बर्बाद भएर गाउँघर छोडी यत्र तत्र लाग्नु पर्छ । यस्तो जनताप्रति सरकारको कुनै वास्ता नहुँदा उनीहरू जङ्गल फाँडेर बस्ने गर्छन् । वन सुरक्षाको नाउँमा उनीहरूलाई नयाँ बसेको ठाउँबाट उठाएर पठाइन्छ, आखिर उनीहरू जाने कहाँ ? या त सरकारले उनीहरूले जहाँ बस्यो उहीं बस्न दिनु पर्छ, होइन भने सरकारले उनीहरूलाई बसोबासको इन्तजाम गराएर उनीहरूको जीविकाको निम्ति कुनै कामको प्रबन्ध गरिदिनु पर्छ । वन सुदृढीकरणको नाउँमा यस्ता सुकुमवासीहरूलाई बसेको ठाउँबाट उठाएर पठाउने, अर्कातिर ठेकदार मार्फत् अन्धाधुन्ध काठ निकासी गराउने काम हुन्छ भने यो नीति जनविरोधी भ्रष्ट पूँजीवादी नीति भन्दा अरू केही होइन । वन सुढृढीकरणको नाउँमा जनतालाई भने उठाएर पठाउने अनि उही जङ्गल काटेर काठ निकासी गरी ठेकदार पोस्ने र यसैबाट व्यापारिक घाटा पूरा गर्ने/निश्चित रूपले यो नीति जनविरोधी पूँजीवादी नीति हो, जसले विश्वको वातावरण (Ecology) लाई समेत दूषित गर्ने छ ।

विश्व वातावरण (Ecology) को रक्षा गर्ने हो भने जनताको दैनिक उपयोग गर्ने काठ दाउरामा रोक लगाउने होइन, कहीँ बस्न नपाएर जङ्गलको छेउछाउमा बस्ने बासीहरूलाई उठाएर पठाई उनीहरूको जीवन अलपत्र पार्ने होइन, बरु ठेकदारी प्रथामा रोक लगाएर काठ निकासी बन्द गर्नुपर्छ अथवा सुव्यवस्थित ढङ्गले यसलाई सञ्चालन गर्नु पर्छ । काठ निकासीलाई व्यापारिक घाटा पूरा गर्ने एउटा आधार बनाउनु भएन ।

चावल, घ्यू, सुठो, फलफूल, आलु, दुधबाट बनेका पदार्थहरू, माछा, मासु दिने पशु इत्यादि निर्यात गरी जनतालाई अनि आवश्यक बस्तुहरूको कृतिम अभाव पैदा गरी देशमा महँगी बढाएर जन-जीवन सङ्कटमा पार्ने काम भएर आएको छ । यी कुराहरूको निकासी नव-उपनिवेशवादी अर्थनीतिको फलस्वरूप हाम्रो देश र जनता माथिको शोषणको एक ज्वलन्त उदाहरण हो । यी कुराहरूको निकासी स्वस्थ अर्थनीतिको लक्षण अवश्य होइन ।

बजेटमा व्यापारिक घाटा पूरा गर्ने अर्को निकासी हो जडिबुटिको निकासी ।

एकातिर हाम्रो स्वदेशी जनता वैद्य र कविराजहरू, जो आफ्नो देशमा औषधि बनाएर विदेशी औषधी आयात गर्ने आवश्यकतालाई घटाउनमा मदत गर्छन्, तर उनीहरूसाई वन सुदृढीकरणको नाउँमा जडीबुटी जङ्गलबाट हुन नदिने, अर्कातिर यही जडीबुटी ठेकदारहरू मार्फत् विदेश निकासी गर्ने के यो सही अर्थ नीति हो ?

सस्तो मोलमा जडीबुटी निकासी गरी उही जडीबुटीबाट बनेको औषधी फेरि महङ्गो भाउमा मगाउने यो कस्तो अर्थनीति हो ? यो विदेशी पोस्ने नव-उपनिवेशवादी अर्थनीति हो ।

त्यस जडीबुटीबाट स्वदेशी वैद्य कविराजहरूबाट औषधी बनाउनको निम्ति उपलब्ध गराएको खण्डमा एकातिर कैयन मानिसहरूको जीविकोपार्जनको साधन बन्ने थियो भने यस्तो औषधीले जनताको स्वास्थ्य रक्षा गर्नको साथै, आफ्ना जनतालाई चाहिने भन्दा बढि औषधी निर्यात गरी यसबाट विदेशी मुद्रा कमाउनको साथै यसले हाम्रो व्यापारिक घाटा कम गराउनमा धेरै मदत गर्ने छ र नेपालको लाखौँ जनता पाल्ने उद्योगको रूपमा औषधी उद्योग देखापर्ने छ । तसर्थ निर्यात जडीबुटीको होइन, औषधी तयार गरेर निर्यात गर्ने, गराउने नीति लिनु परेको छ । नेपालको वैद्य कविराजहरू र अझ घाउ, खटिरा, र हड्डिको काम गर्ने नापितहरू आदि कालदेखिका नामी र असरदार स्वदेशी डाक्टरहरू छन् । उनीहरूको कार्यमा सरकारले प्रोत्साहन गरी उनीहरूलाई चाहिने जडीबुटी इत्यादि कुरोहरूमा सहयोग गर्नै पर्छ । वैद्य, कविराज र नापितहरूको निम्ति मात्र होइन, आलो प्याठी डाक्टरहरूलाई चाहिने असरदार औषधीहरूको उत्पादनमा पनि हाम्रो देशको जडीबुटीले काम गर्ने छन् । यस दिशामा सरकारको ध्यान जानु परेकोछ नकि जडीबुटी निकासीमा । पञ्चे सरकारको विदेशी पोस्ने नीति प्रजातन्त्रवादी सरकारले पालि राख्न भएन, आफ्नो देशको औद्योगिक विकासमा यस सरकारले बढि भन्दा बढि ध्यान दिनु आवश्यक पर्न गएकोछ र औद्योगिक विकासले नै व्यापारिक घाटा घटाउने कुरोमा विशेष मदत गर्ने छ ।

जहाँसम्म नेपालको जडीबुटीले औषधी बनाउने हो, सोभियत संघले यसको एउटा प्रस्ताव पञ्चे सरकारको अगाडि राखेको हो, तर पञ्चे सरकारलाई यो मन्जुर भएन। अब प्रजातान्त्रिक सरकारले यसमा विशेष ध्यान दिनु परेकोछ।

लकडी निकासीको सवालमा पनि यदि हामीसँग जनताको दैनिक उपभोगको निम्ति काठ दाउरा पूरा गरी वातावरणको सन्तुलन नबिगारी निकासी गर्ने काठ बच्छ भने, सीधा काठ निकासी गर्न सट्टा काठलाई Temper गर्ने र यसबाट अनेक काष्ठ कला र फर्निचरहरूको उद्योग खोलेर जनताको आवश्यकता पनि पूरा गर्ने र अरु तयारी माल निर्यात गर्ने गरेको खण्ड यसबाट पनि दशौँ लाख मान्छेले काम पाउने थियो, र नेपालले विदेशी मुद्रा कमाउने एक ससक्त माध्यम भएर व्यापारिक घाटालाई संतुलनमा ल्याउने एउटा राम्रो माध्यम बन्ने थियो।

यस बाहेक यसले अन्त शुल्क, आयकर र भन्सार रकम समेत बढाएर राजस्व बढाउनमा मदत गर्ने छ।

जूटको सवालमा हामीले अहिलेसम्म कच्चा जूट (सन-पाट) र यसबाट बोरा बनाएर निकासी गर्ने गरेका छौँ र बोरा निकासी नभएपछि सङ्कट भयो भन्ने गर्छौं। आजकल जूटबाट राम्रा सामानहरू बन्ने गर्छन्। यस कारण जुटलाई सोझै कच्चामालको रूपमा निकासी गर्नु सट्टा यसबाट जूट कार्पेट र अन्य अरु उद्योगहरू खोली यसबाट पनि लाखौँ मान्छेलाई काम दिन सकिन्छ। यस तरिकाले पनि एकातिर मान्छेहरूको बेकारी समस्या हल गर्नको साथै विदेशी मुद्रा कमाउने, व्यापार घाटा सन्तुलन ल्याउनमा मदत गर्ने र अनि अन्तः शुल्क, आयकर र भन्सार रकममा वृद्धि गरेर राजस्व बढाउन धेरै मदत गर्ने छ।

यसरी हामीले अहिलेसम्म लिई आएको कच्चामाल निर्यात गर्ने नीति छोडेर कारखानाहरू खोली तयार माल निर्यात गर्ने नीति लिनु परेको छ। बजेटले यस दिशामा ध्यान दिएको देखिएन।

औद्योगिक विकास बिना नेपालले न व्यापार घाटालाई नै खतम गर्न सक्नेछ न त बढ्दो विदेशी ऋणबाट मुक्त हुन सक्नेछ ।

साम्राज्यवादीहरू हामीलाई अनुत्पादक मदतमा खर्च गर्न अरबौँ ऋण दिन तयार छन् तर उत्पादन बढ्ने कुनै कारखानाहरू खोल्न यस्तै ऋण दिन तयार देखिन्नन् । उनीहरू अक्सर निजी क्षेत्रमा जोडदिन्छन्, ताकि क्षेत्रको नाउँमा आफ्नो पूँजी प्रवेश गराएर हाम्रो देशको कच्चामाल, श्रमशक्ति मोलमा प्राप्त गरी शोषण गरी बजारमा समेत कब्जा गर्न सकोस् । हामी निजी क्षेत्रको विरोध गर्दैन, तर निजी क्षेत्रको नाउँमा वदेशी पूँजी भित्र्याउने कुरोको बिल्कुल विरोधी छौँ ।

निश्चय पनि देशमा उद्योग नखोल्नु भन्दा, त्यसै निस्कृय परिरहेको धन २ नम्बरी, काला बजारी, तस्करी इत्यादि काममा दुरूपयोग भई राखेको धन त्यो पूँजी देशको औद्योगिक विकासमा लगाओस् भन्ने चाहन्छौँ । आज अरबौँ रुपियाँ महिलाहरूको गहनामा लुकेको छ, यो धनलाई औद्योगिक विकासमा किन नलगाउने? महिलाहरूले गहना लाएर पुतली बन्नु भन्दा उद्योगको मालिक नबन्ने ? अनि एक एक बिहा शादी व्रतबन्ध इत्यादिमा खर्च गरिने लाखौँ लाख रुपियाँ यस्ता लङ्गडा सोखमा लगाउनु सट्टा किन औद्योगिक विकासमा नलगाउने । भोज भतेरमा खर्च गरी खोक्रो इज्जत कमाउनु भन्दा उद्योगपति भएर मानिसहरूलाई काम दिएर किन अझ बढि इज्जत नकमाउने ?

आज नेपालले आफ्नो सारा ध्यान औद्योगिक विकासमा लगाउनु परेको छ । हामीले औद्योगिक विकासको कुरा गर्दा साना र घरेलु उद्योगको मात्र कुरा गरेर हुँदैन, हामीलाई यस्ता उद्योगको निम्ति चाहिने मेशीनहरू बनाउने इन्जिनियरिङ अथवा मातृ उद्योगहरूको पनि जरुरत छ, अनि भारि, मझौला र हल्का उद्योगहरूको पनि जरुरत छ । यस्ता उद्योगहरू निजी क्षेत्रमा मात्र सम्भव छैन र यस्तो उद्योगहरू राष्ट्रिय अथवा सार्वजनिक सम्पत्तिको रूपमा पनि विकास गर्नु परेको छ । निजी क्षेत्रको नाउँमा यस्ता उद्योगहरू विदेशी

एकाधिकार पूँजीपतिहरूको हातमा सुम्पने सबालै छैन र हामीले जहाँ निजी क्षेत्रमा यथा सम्भव छुट दिनेछौँ, हाम्रो अर्थ व्यवस्थाको मूल आधार राष्ट्रिय उद्योगहरूलाई नै बनाउनु आवश्यक छ र यस्तो उद्योगहरूको निम्ति राष्ट्रिय पूँजीको सङ्कलन गर्नु जरुरत हुन आउँछ ।

हालसालै प्रधानमन्त्री कृष्णप्रसादज्यूले भारत र अन्य मुलुकहरूसँग मिलेर संयुक्त लगानीको आधारमा कलकारखाना खोल्ने प्रस्ताव अगाडि बढाउनुभएको छ । संयुक्त लगानी जुद्ध शमशेरको पालामा नै सुरु भएको हो । मोरङ कटन मिल्स संयुक्त लगानीमा सुरु भयो । ५१ प्रतिशत नेपाली पुजी ४९ प्रतिशत भारतीय पूँजी आज सो मोरङ कटन मिल्स खत्तम भएर गणपति कटन मिल्सको रूपमा देखापरेको छ र यसमा अब नेपाली पूँजी बेपत्ता छ र अहिले ४९ प्रतिशत पूँजी राख्नेको निजी कारखानामा बदल्न गएको छ । हालको अवधिमा संयुक्त लगानि मग्नासाइट खानि खोल्नमा लगाइएको छ, जसमा भारतको पूँजीपति झुनझुनवालाले ४ करोड रुपियाँ हिसाबमा मेशीन लगाएको छ सुनिन्छ त्यो राम्रो स्थितिको होइन । अनि अरु एक पैसा नगद झुनझुनबालाले लगाएको छैन तर ४० सौँ करोड रकम सो खानि नाउँमा बैंकसँग कर्जा लिइसकेको छ फेरि पनि सो खानिको काम राम्रो चलिरहेको छैन । यस्तो संयुक्त लगानिले नेपाललाई के फाइदा भयो ? संयुक्त लगानिको फल दक्षिण कोरियाको जनताको आर्थिक स्थितिले पनि स्पष्ट गर्दछ । त्यहाँको कारखानाहरू देखावटी रूपमा दक्षिण कोरियाई जनताको छ, तर कारखानाहरूको खास मालिकहरू या त अमेरिकी पूँजीपति हुन् अथवा जापानी पूँजीपतिहरू । आमजनता र मजदूरहरूको पारिवारिक जीवन भने नष्ट भएको र अत्यन्त कष्टदायक हालतमा छन् ।

संयुक्त लगानि अन्तरगत १०-१५ वर्षमा हाम्रो सम्पूर्ण अर्थ व्यवस्थाको मालिक विदेशी एकाधिकार पूँजी भइ जानेछ र हाम्रो देश आर्थिक र राजनीतिक दुवै रूपले एक नव-उपनिवेशवादमा परिणत भई जाने छ र जनताको जीवन सदा सदा शोषित र पीडित भएर दरिद्र हालतमा नै रहने छन् ।

नेपालको उद्योगपतिहरूको एउटा समस्या हो नियतिको । निर्यात गर्न चाहेर र सकेर पनि विदेशी कम्पनीहरूसँग सम्पर्कको अभावमा निकासी गर्न नसक्दा मजबूरिले विदेशी पूँजीपतिसँग संयुक्त लगानि गर्न हाम्रो देशका उद्योग पतिहरू वाध्य छन् । तर ती विदेशी लगानि कर्तालाई नेपाली उद्योगपतिले आफ्नो मुट्ठीमा राख्ने बाटो नहुँदा उनीहरूले बराबर नेपाली उद्योगपतिहरू र बैंकलाई समेत धोखा दिएर मोटो रकम गुटमुट्याएर नेपालबाट भाग्ने गर्छन् र उनीहरूसँग संयुक्त लगानी गर्ने नेपाली नागरिकहरू टाट पल्टछन् र बैंक भए बैंकले पनि नोक्सान सहनु पर्ने हुन्छ ।

यस कारण यो सरकारले संयुक्त लगानिमा जोड दिनु सट्टा नेपाली उद्योगपतिहरूको निम्ति विदेशी बजारको इन्तजाम गरिदिँदा नै यहाँ स्वदेशी उद्योगहरू फस्टाउन सक्ने छन् । यसै सन्दर्भमा यहाँ बैंकको जिम्मेदार अधिकारहरू प्रति पनि केहि भन्न कर लाग्छ । वहाँहरूले नेपालीलाई ऋण दिनु भन्दा मोटो रकम घुस ख्वाएर अनि करोडौँ रकम ऋण लिएर नेपाल छोडेर भाग्ने विदेशी पूँजीपतिहरूलाई ऋण दिन रुचाउँछन् र हरेक औद्योगिक ऋण घूस ख्वाई दिने गरेको देखिन्छ । यस दिशामा पनि सरकारले कडा कार्वाही गर्नु आवश्यक देखिन्छ ।

स्पष्टतः नेपालले आफ्नो देशको औद्योगिक विकासको निम्ति आफ्नै खुट्टामा उभिन सक्नु पर्छ । यसको उदाहरण उत्तर कोरियामा जम्मा ५० करोड डलर सोभियत संघबाट मदत पाएको हो । बाँकी सबै आफ्नै बलबुतामा बनाई लिएको हो । उनीहरूको नारा हो “जूचे” र “चानजुशङ्ग” जूचे भन्नाले “सबै कुरो जनताको निम्ति जनताद्वारा” “चाजुशङ्ग” भन्नाले, “आफ्नै खुट्टामा उभिएर” विदेशी ऋण एक भयङ्कर धाप हो, जसमा फसेपछि त्यो राष्ट्र विकास गर्ने सट्टा झन् उल्टो अर्थ सङ्कटमा फस्न थाल्छ । पोलैण्ड र हंगेरीको अनुभव हाम्रो निम्ति एउटा शिक्षा हो । विदेशी पूँजीको भरोसामा कुनै देशले उन्नति गरेको पाइँदैन । पोलैण्डले ऋण लिँदै गए देश विकासको नाउँमा । ऋण ४० अरब डलर पुग्यो । आाखिर ब्याज पनि त तिर्नु पऱ्यो । आफ्नो सम्पूर्ण राष्ट्रिय उत्पादनको ५० प्रतिशत ब्याजमा तिर्नु पर्ने भयो । देशमा जनताको

निम्ति सामानको अभाव भयो, महङ्गाई बढ्यो र वालेसःको नेतृत्वमा मजदूर आन्दोलन गरेर कम्युनिष्ट व्यवस्था नै पल्टाई दियो । के अब पोलैण्डको समस्या समाधान भयो त ? कम्युनिष्ट शासन पल्टेर १ वर्ष हुन पाएको छैन महङ्गाई ६ गुना बढ्यो, १० लाखभन्दा बढी जनता बेकारीको सिकार भए ।

संयुक्त लगानि, विदेशी ऋण र अनि फ्री कम्पेटिशन यी ३ वटा मिलेर नेपाललाई कदापि उठ्न दिने छैन । फ्री कम्पेटिशन समान शक्ति भएकाहरूको बीच हुन सक्छ, तर एउटा पहलमानसँग भरखरको बच्चाको फ्री कम्पेटिशन हुन सक्तैन । नेपाल-भारतकै सन् सवाल लेऊ । भारत एक विशाल देश हो, यसले ईस्वी १६४७ देखि स्वतन्त्र रूपले आफ्नो आर्थिक विकास गर्दै आएर आज विश्वको एक शक्तिशाली औद्योगिक देशको रूपमा विकास गरि लिएको छ । भारतमा आजकल हजारौँ किलोमिटर हान्ने क्षेप्यास्त्रदेखि लिएर, उपग्रह, हवाई जहाज, मोटर कार, टेलिभिजन, रेडियो साराका सारा सामानहरू बनाई लिएको छ । एकातिर यो विशाल विकसित देश अर्कातिर त्यो सानो नेपाल जसले हुकुम शाहीको भार खप्दा खप्दा औद्योगिक विकासको निम्ति अझ विऊ रोप्ने जमीन (ब्याँड) पनि तयार गर्न सकेको छैन । अनि यी दुई देशको बीच फ्री कम्पेटिशन कसरी सम्भव हुन्छ ? फ्री कम्पेटिशन दुई समान शक्तिहरूको बीच फ्री कम्पेटिशनले कमजोरलाई कहिल्यै उठ्न दिँदैन । आफ्नै देशभित्र पनि मत्स्यन्याय चल्ने पूँजीवादी समाजमा ठुला र बलिया कारखानाहरूले निर्धा भरखरका कारखानाहरूलाई उठ्ने दिँदैन र नष्ट गरि दिन्छ । मकवानपुर जिल्लामा हाम्रो एउटा साथीले रू० १५०००/(पन्ध्र हजार) बैंकसँग ऋण लिएर एउटा पाउरोटी कारखाना खोलेछन् । त्यही भेगमा एउटा अर्को बलियो पाउरोटी कारखाना रहेछ । तिनले हरेक पाउरोटीमा १५ पैसा घटाई दिएछन् । त्यो नयाँ कारखानाले १५ पैसा घटाएर बेच्दा परल परेन, कारखाना बन्द ऋण तिर्न सकेन उल्टै आफ्नो घर-वारि बेचेर ऋण तिर्नु पऱ्यो यो हो की कम्पेटिशनको नमुना । अर्कातिर त्यो बलियो कारखानाले पहिले १५ पैसा कम गरेर बेचेको वेलाको घाटा आफ्नो प्रतिद्वन्द्वी नयाँ कारखाना बन्द भएपछि फेरि रोटीमा पहिले भन्दा भाउ बढाएर बेची फेरि कमाएर लिए ।

ज्वाइन्ट भेन्चरमा पनि ठुला पूँजीपति र साना लगानि कर्ताको बिच अस्थाई मेल हुन्छ र अन्ततोगत्वा यहाँ पनि ठुलाले त्यो संयुक्त लगानी भएको कारखानामा आफ्नो प्रभुत्व जमाई लिन्छ र साना त्यहाँबाट हात धोएर निकल्नु पर्छ । हाम्रै देशमा यस्तो घटनाहरूको उदाहरणहरू कम छैन । भारत हामीभन्दा धेरै देशसँगको संयुक्त लगानीले अन्ततोगत्वा हाम्रो सम्पूर्ण अर्थ व्यवस्थामाथि भारतको एकाधिकार पूँजीपतिहरूको प्रभूत्व जाने यसले हाम्रो स्वतन्त्र राष्ट्रिय आर्थिक विकासमा योगदान दिनु सट्टा नेपाललाई आर्थिक रूपमा एक नव-उपनिवेसिक परिणत गर्ने छ । भारत मात्र होइन अन्य ठुलाठुला साम्राज्यवादी देशहरूको एकाधिकार पूँजीसँगको संयुक्त लगानीको नतिजा पनि यही हो ।

पूँजीवाद परस्त व्यक्तिहरू अक्सर सोवियत संघ र जनवादी चीनभित्र अमेरिका, भारत आदि देशहरूको संयुक्त लगानिको उदाहरण दिएर नेपालमा पनि संयुक्त लगानिको निम्ति पैरवी गर्दछन् ।

यहाँ बिचार गर्नु पर्ने कुरो के छ भने सोवियत संघ, जनवादी चीन स्वयम् शक्तिशाली देशहरू हुन् र उनीहरूको अर्थ व्यवस्थालाई विदेशबाट आएको पूँजीसँगको संयुक्त लगानीले खास धक्का दिन सक्तैन । त्यसमाथि ती दुईटै देशहरूको विशाल अर्थ व्यवस्थामा अहिले ती देशहरूभित्र रहेको संयुक्त लगानी र विदेशी ऋण हात्तीको मुखमा जिरा मात्र हुन् र यस्तो संयुक्त लगानी र विदेशी ऋण उनीहरूको विशाल अर्थ व्यवस्थामा नगन्य मात्र हुन् ।

हाम्रो जस्तो पिछडिएको देशमा संयुक्त लगानी गर्नु दक्षिण कोरियामा झैं आफ्नो अर्थ व्यवस्थाको आधार नै संयुक्त लगानी गर्नु हो र हाम्रो जस्तो अविकशित देशमा विदेशी ऋण लिँदै जानु आफ्नो देशको अर्थ व्यवस्थालाई विदेशी ऋणको धापमा डुबाएर कहिल्यै उठ्न नसक्ने तुल्याउनु हो । अनि करेला माथि नीम थपेको भने झैँ फ्रि कम्पिटीसनमा छोडिदिनु हाम्रो देश कहिल्यै आर्थिक रूपले स्वतन्त्र हुन नदिएर हाम्रो राष्ट्रिय अर्थतन्त्रलाई नै वर्वाद गर्ने बाटो हो ।

नेपालले उन्नति गर्ने हो भने योसँग स्वतन्त्र अर्थतन्त्रको कसरी विकास गर्ने

हो भन्ने योजना हुनु आवश्यक छ ।

हामीले आफ्नो अर्थ व्यवस्थाको मूल आधार आफ्नो स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रलाई नै बनाउनु परेको छ । कुनै पनि विदेशी पूँजी आएर हाम्रो राष्ट्रिय अर्थ तन्त्रलाई स्वतन्त्र रूपले विकास गर्ने कुरोमा मद्दत गर्दैन । जहाँ पनि अमेरिकाले १ डलर लगानी गरेको हुन्छ, त्यो देशबाट सालमा २.५ डलर कमाएर लगेको हुन्छ ।

के यसरी कुनै देशले विकास गर्दै जान सक्नेछ ? त्यस्तो देश झन्झन् अर्थ सङ्कलनमा फसी, झन् झन् विदेशी ऋणमा डुबेर गएको हुन्छ ।

यसैकारण हामीले आफ्ने स्वतन्त्र अर्थतन्त्रको निर्माणमा जोड दिनु परेको छ । रह्यो पूँजीको सवाल । एकचोटी हामी सोभियत संघ, जनवादी चीन, उत्तर कोरियाको आर्थिक विकासको इतिहासलाई नियालेर हेरौँ ।

ती देशहरूमा विदेशी पूँजी आएर त्यहाँको अर्थ व्यवस्थाले विकास गरेर लिन सकेको होइन । वरु दक्षिण कोरियाको अर्थ तन्त्रलाई हेरे स्पष्ट हुन्छ । विदेशी पूँजीको लगानीले त्यसदेशको अर्थतन्त्र मात्र होइन, त्यहाँको संस्कृति र राजनीतिलाई पनि कसरी बर्बाद गरिदिँदो रहेछ ।

जहाँसम्म सोवियत संघ, जनवादी चीनको सवाल छ जब उनीहरूसँग सोधियो उनीहरूको विकासको निम्ति पूँजी कहाँबाट आयो ? उनीहरूको जवाफ थियो, हाम्रो रकम हाम्रो माटोले दियो । हाम्रो देशमा पनि हाम्रो देशको माटो वा कृषि व्यवस्था देशको आर्थिक विकासको निम्ति एक ठुलो स्रोत बन्न सक्छन् हो अब कृषि क्षेत्रमा सर्वप्रथम सामन्ती व्यवस्था खतम गरी काम गरी खाने किसानहरूलाई खेतको मालिक बनाएर अनि ती खेतहरूलाई सहयोगी खेतीमा बदलेर ठुला ठुला चक्ला खेत बनाएर यहाँ वैज्ञानिक खेतीद्वारा उत्पादन बढाएर लिनु परेको छ ।

हाम्रो देशमा २ करोड एकड खेतीयोग्य जमीन छ । यसमा काठमाडौँमा जस्तो मात्र टेकनिक लगाएर उत्पादन गरेको खण्डमा पनि हामीले धेरै गुना पैदावार बढाएर लिन सक्ने छौँ । भनिन्छ तराई माडीमा जस्तो उत्पादन हुन

सक्तैन। सवाल छ किन हुन न ? किन हुन नसकेको फरक त्यहाँको माटो र हावा पानीमा होइन, फरक हो खेती गर्ने तरिकामा। काठमाडौँको दुई जना किसानहरूले महोत्तरीमा २ विघा खेत लिएका थिए। उनीहरूको खेतको चारैतिर होचो होचो पहेलो मकैको बारि थियो भने उनीहरूले खेति गरेको दुई बिगा खेतहरूमा हात्ती लुक्ने मकैको हरियो बारि थियो र लामा लामा घोगाहरू फलिराखेको थियो। किन ?

कारण हो, ती किसानहरूले हलो जोत्ने सट्टा काठमाडौँमा जस्तो जमीनलाई गहिरो खन्ने, खेतमा गोबर फाल्ने सट्टा यसको मल बनाएर लगाए। अनि ३ पटक गोडमेल गरेर आफ्नो खेतमा घाँसले खेतको रस चुस्न दिएन। जब कि तराईवासी किसानहरूले जमीन गहिरो खन्ने सट्टा हल चलाएर ३-४ अङ्गुल भन्दा बढि खेत जोतेनन्। मल बनाएर हाल्ने सट्टा खेतमा गोवर फाल्ने गर्छन् र गोडमेल गरेर घाँस फाल्ने काम हुँदैन। अनि भरसक पानीको राम्रो प्रबन्ध हुँदैन। किन यस्तो ?

किन भने जमीनको मालिक किसान हुँदैन, सामन्तहरू खेतमा वाली धेरै फल्यो भने किसान धनी होला भनेर (त्रसित उनीहरू खेतमा धेरै फलाएर आफू पनि धनी, किसान पनि धनी बनाउने सट्टा कम फलाएर आफ्नो आम्दानी कम भए पनि किसानहरूलाई गरीब हालतमा जकडेर सदा सदा आफ्नो भरोसामा बाँच्नु पर्ने (करिया) अवस्था बनाएर राख्न चाहन्छन् र उनीहरू भन्छन् किसान धनी भयो भने हामीलाई टेर्दैन। आदि कालदेखि नं सामन्तहरूको यो मनोवृत्ति रहेर प्रायो भन्ने कुरो हाम्रा पूराणहरू (श्रीमद्भागवत)मा पनि पाइन्छ।

तसर्थ उत्पादन वृद्धिमा एक ठुलो बाधक हो सामन्ती व्यवस्था। काठमाडौँका किसानहरू रोपनीमा ६ मुरी निकाल्न, २-३ बालि लगाउँछन्। ६ मुरीको हिसाबले एकडमा ३६ मुरी हुन्छ करिब ५४ मन् भयो २ करोड एकडमा १०८ करोड मन भयो। दुई बालिमा अर्को बालिको आढा मात्र राखे पनि १ करोड सन् भयो। नेपालको जनसंख्या २ करोड नै भएमा जनही १० मन खानलाई राखी २० करोड मन खानालाई पन्छ्याई अन्य खर्चको निम्ति ४४ मन् नै

पन्छ्याए पनि कमसेकम १०० करोड मन भने १००ले बेचे पनि १०००० करोड अर्थात् १०० अरव रुपियाँ बच्न आउँछ । यो रकम नै देश विकासको मूल स्रोत बन्न सक्छ । किसानहरूको दरिद्रताको मूल कारण हो सामन्ती व्यवस्था हाम्रो देशमा कृषि उत्पादनमा वृद्धिको निम्ति सामन्ती व्यवस्था समूल नष्ट गर्नै पर्छ र खेती गर्ने किसानहरूलाई जमीनको मालिक बनाउनु पर्छ । यसको निम्ति लुरे अर्थ नीतिले हुँदैन, एउटा दह्रो अर्थ नीतिको जरूरत छ । जहाँ इच्छा छ वहाँ बाटो निक्लन्छ ।

अर्को स्रोत हाम्रो वन, जङ्गल र खानीहरू हुन् । तेस्रो स्रोत समाजवादी मुलुकहरूबाट पाइने निस्वार्थ आर्थिक मद्दत हो । चौथो स्रोत हाम्रो समाजमा सामन्ती चलन अनुसार विवाह इत्यादिमा भोज भतेरमा साल साल जो करोडौँ करोड खर्च हुन्छ, त्यसलाई बचाउ, अत्तर छर्केर हवाई जहाज चढ्ने चलनमा किफायत गरौँ, पाईखानामा अत्तर छर्कने खर्च बन्द गरौँ । यस्ता अनेकौँ रवाफमा हाम्रा खर्च छन् । अनि हाम्रो देशका राष्ट्रिय पूँजीपतिहरूले आज अनुत्पादक कालाधन्दा इत्यादिमा लगाइने गरेको पूँजी औद्योगिक लगानी गरून्, आपसमा होड गर्ने व्यापारमा औद्योगिक विकासमा लगाइयोस् । विदेशी ऋण अनुउत्पादक काममा होइन, उत्पादनशील उद्योगहरूको विकासमा लगाइयोस् । अर्को एउटा स्रोत छ फौजी खर्चमा कटौती । हामी नेपाललाई शान्ति क्षेत्र भन्छौँ । निश्चय पनि प्रजातन्त्रको अभावमा नेपाल शान्ति क्षेत्र हुन् सक्ने थिएन । आज हामी कहाँ प्रजातन्त्र छ यो प्रजातन्त्र जनताले शान्तिपूर्ण आन्दोलनबाट ल्याए आज धेरै जसो देशहरूले आफ्नो फौजी खर्च कटाउँदै लगि राखेको छ । तर हामी भने नेपाललाई शान्ति क्षेत्र भन्दै फौजी रकम बढाउँदै लगिराखेका छौँ । र २०४७/ ४/८को बजेटमा फौजी खर्च १ अर्ब ११ करोड ३८ लाख र प्रहरीमा ८७ करोड राखेका छौँ । यसमध्ये धेरै खर्च नयाँ नयाँ शस्त्र अस्त्रहरू किन्नमा जान्छ । सालसालै नयाँ नयाँ शस्त्र अस्त्रहरू आखिर किन कोसँग लड्न यसले न चीनसँग लड्न पुग्छ न भारतसँग लड्न पुग्छ । तसर्थ हाम्रो निम्ति रक्षाको ग्यारेन्टी गर्नेबाटो हो यी दुईवटै देशहरूसँग मैत्री सम्बन्ध राखेर अनावश्यक सन्धि गर्नु । आजकल कुनै देशमाथि कुनै

देशले आक्रमण गरेको अन्तर्राष्ट्रियले सहँदैन पनि साथै सुरक्षाको मूल ग्यारेन्टी जनचेतना हो । यसलाई जगाएर हामीले फौजी रकम कटाउन सकिन्छ र कमसेकम ५०/६० करोड यहाँबाट औद्योगिक विकासको निम्ति खर्च निकाल्न सकिन्छ । देशलाई आपत परेको वेला कल कारखानाका मजदुरहरू स्वयं एउटा सशक्त फौजको रूपमा देखापर्नेछ । यसरी सारा क्षेत्रबाट जोगाएर देशमा औद्योगिक विकासको निम्ति अर्थ सङ्कलन गरियोस् ।

औद्योगिक विकासको मूल आधार राष्ट्रिय उद्योगहरूलाई बनाइयोस् । सहयोगी उद्योगहरूलाई पनि प्रोत्साहन गरियोस् । जहाँ फ्री-कम्पेटिसनको सवाल छ यो हाम्रो अर्थ व्यवस्थाको निम्ति खतरनाक छ । भारतका परराष्ट्रमन्त्री गुजरालको प्रस्ताव स्वागत योग्य जसमा भनिएको छ, नेपालले भारतमा आफ्नो सामान फ्री बेच्न पाउने र भारतीय सामानमा नेपालले भन्सार लाउन पाउनेछ । नेपालको कमजोर आर्थिक स्थितिमा भारतको यो नीति सराहनीय छ । यदि यसले व्यावहारिकता पाउँछ भने जहाँसम्म संयुक्त लगानीको सवाल छ यसबाट नेपाललाई नोक्सान नै भएको छ ।

मोरङ कटन मिल्स संयुक्त लगानीमा स्थापना भएको ५१ प्रतिशत नेपाली पूँजी र ४९ प्रतिशत मात्र भारतीय पूँजी लगानी गरेर स्थापना भएको सो मोरङ कटन मिल्सको सम्पूर्ण सेयर आज पहिले ४९ प्रतिशत लगानी गर्ने पूँजीको हातमा गएको छ । म्याग्नेसाइट खानी उद्योगमा ८० करोड पूँजीमध्ये ७० करोड सरकारको जमानतमा ऋण दिने प्रबन्ध छ भने ६ करोड मोहन खेतानको र ४ करोड भारतको झुनझुनवालाको रहेको छ । यो ४ करोड लगानी नगद रकम लगानी नभएर झुनझुनवालाले मेसिन राखेको छ तर सो मेसिन सही स्थितिको नभएर खराब हालतको छ भन्ने सुनिन्छ । यसबापत झुनझुनवालले अनेक सहुलियत लिइसकेको छ । र करिब ४० करोड ऋण लिइसकेको छ । जबकि त्यो खानीको कुल इस्टमेट १४ करोडको मात्र थियो । यो ४ करोडको लगानी किन चाहियो ? बरु ७० करोड रूपैयाँ बैंकमा जमानत दिन सक्ने सरकारले त्यो ४ करोड र अन्य केही सेयर सरकारकै लगानीको रूपमा किन नलगाउने ?

यस्तै बनेपा धागो उद्योगको प्रस्ताव आएको छ। आज यसलाई पनि एकातिर बैंक ग्यारेन्टी दिएर यो उद्योग चलाउन लगाउनु आवश्यक छ भने अर्कातिर यसमा पनि सरकारको यथोचित सेयर रहोस्। यसरी नै बिस्तारै नेपालमा निजी उद्योगका साथै राष्ट्रिय उद्योग र उद्यमहरू पनि विकास भएर आउनेछन्।

नेपालको उद्योग फस्टाउन नसकेको एउटा मूल कारण हो नेपालमा चलेको भ्रष्टाचार। राष्ट्रिय उद्योगपति त्यहाँको जिम्मेदारी निभाउने सट्टा भ्रष्टाचार गरेर राष्ट्रिय सम्पत्तिको रूपमा खडा भएको कारखानाहरू नोक्सानमा गइरहेको छ र राष्ट्रिय कारखानाहरू सफल हुँदैनन् भन्ने कुरा देखाएर निजी क्षेत्रलाई मात्र प्रोत्साहन दिनुपर्छ भन्ने भावना फैलाइएको छ।

आजको स्थितिमा जहाँ निजी धनलाई कालाबजारी तस्करी र अन्य गलत काम लगाउने। घर बनाएर भाडा लिने अनि व्यापारमा घाँटी कटुवा होड गर्ने। लगाउने कार्यमा कार्य हुँदैछ, त्यसको सट्टा ज्यादा भन्दा ज्यादा धन औद्योगिक पूँजीमा लगाउनुपरेको छ। औद्योगिक विकास गरेर नै देशमा जनताले काम पाउनेछन्। साथै राष्ट्रिय स्तरको कारखानाहरू बढाउनेतिर पनि उत्तिकै ध्यान दिनुपर्नेछ। कारखाना खोल्नेहरूले नाफा बढ्ता आउने तर जनतालाई त्यति फाइदा नगर्ने कारखाना खोल्ने सट्टा राष्ट्रिय विकासमा मद्दत गर्ने र जनतालाई आवश्यक वस्तुहरूको कारखानाहरूमा बढ्ता ध्यान दिनु आवश्यक छ। आज ठाउँ ठाउँमा मादक पदार्थ र बियर बनाउने कारखानाहरू खोलिराखेको छ। उद्योगपतिहरूले यस्तो कारखानाहरूमा ध्यान दिने सट्टा र सरकारले यस्तो कारखानाहरूको निम्ति लाइसेन्स र अरु सुविधाहरू दिने सट्टा जनतालाई नभई नहुने कपडा कारखाना, धागो कारखाना, कपडा कारखानामा मिहिन कपडाहरू र उनी कश्मिरा कपडा। कारखानाहरूमा बढी ध्यान दिनुपरेको छ ताकि नेपाली मिहिन र उनी कपडा लगायत सबै कपडाहरूमा आत्मनिर्भर हुन सकोस्। र भरसक निर्यात पनि गर्न सकोस्।

आज नेपालले सियोसम्म पनि विदेशबाट मगाउन परेको छ। हरेक मेसिन र मेसिनको पार्ट पुर्जा बाहिरबाटै मगाउनु परेको छ।। टेक्निकल विकासको

अभावमा हामीले सबैखाले टेक्निकल बाहिरबाटै मगाउनु परेको छ ।

आजको युग टेक्नोलोजिकल साम्राज्यवादको युग हो । । मेसिन र मेसिनको पाटपुर्जा बेच्नु र टेक्नोलोजी बेच्नु शोषणको एउटा ठुलो माध्यम भएको छ । माध्यम भएको छ । विदेशी एकाधिकार पूँजीले यही टेक्नोलोजीको आधारमा उनीहरूको एक घण्टाको श्रम हामीजस्तो अविकसित देशको जनताको ७ घण्टाको श्रम तिरेर लिनुपर्छ । यो शोषण नदेखिने शोषण हो र तकनिकी साम्राज्यवादको एउटा रूप हो । जबसम्म हामीले पनि टेक्नोलोजीको विकास गर्दैनौँ र हरेक मेसिन र मेसिनको पाटपुर्जा बाहिरबाट मगाउनुपर्ने हुन्छ त्यसवेलासम्म हामी विदेशी एकाधिकारको शोषणबाट मुक्त हुन सक्दैनौँ । यस दिशामा उद्योगपतिहरूले ध्यान दिनुपरेको छ र सरकारले यस्तो कल कारखानाहरू र कारखानाहरूको पाटपुर्जाहरू बनाउने मातृ उद्योगहरू, इन्जिनियरिङ कारखानाहरू स्थापना गर्ने र आफ्ना देशका युवाहरूलाई बढी भन्दा बढी टेक्नलोजीको विकासको निम्ति विशेष तालिममा ध्यान दिनुपरेको छ ।

आधारभूत उद्योगहरू, मातृ उद्योगहरू, भारी र मध्यम उद्योगहरू सरकारले नै राष्ट्रिय स्तरमा विकास गर्ने कुरामा बढी ध्यान दिनुपरेको छ । यसरी नै राष्ट्रिय उद्योगहरूको आधार निर्माण गरेर ल्याउन सकिनेछ ।

हामीले एकातिर नेपालको सम्पूर्ण idle money निष्क्रिय बनाई निकालेर निजी कारखानाहरूको वृद्धिमा जोड दिनुपरेको छ । भने अर्कातिर राष्ट्रिय स्तरका उद्योगहरू र उद्यमहरूको विकास गरी राष्ट्रिय अर्थतन्त्रको जग पनि बलियो बनाएर ल्याउनुपरेको छ ।

आज नेपाललाई आफ्नो खुट्टामा उभ्याउने हो भने एक प्रकारको औद्योगिक क्रान्तिको जरुरत छ । जति उद्योगहरू र उद्यमहरू बढ्यो उति नै देशमा बेकारी समस्या समाधान भएर जानेछ हाम्रो व्यापार घाटा घटेर जानेछ विदेशी ऋणको आवश्यकता खतम भएर जानेछ र अर्कातिर आम्दानी रकम बढ्नेछ र हाम्रो बजेटको घाटा कम भएर बजेट सन्तुलित भएर आउनेछ ।

जहाँसम्म सम्पत्तिको सवाल छ उत्पादनशील उद्योगहरूमा लगाइएको बैंकमा जम्मा गरिएको सेक्युरिटीमा लगानी गरिएको रकममा सो सम्पत्ति कर मिना गरी बरु उत्पादनमा जोड दिई । उत्पादन करबाट आम्दानी बढाउनेतिर जोड दिनु आवश्यक छ । उत्पादन कर उत्पादन हुने बित्तिकै लगाउने सट्टा सो उत्पादन बिक्री भएपछि नै लगाउँदा उत्पादन वृद्धिमा प्रोत्साहन मिल्नेछ ।

आज उद्योग क्षेत्रलाई निजी सम्पत्तिको रूपमा राखी उद्योगहरू माथि ठुलो बोझ बढाइएको छ । या त त्यस क्षेत्रको ठाउँहरू उद्योगकै निजी क्षेत्रको रूपमा बदल्नुपर्छ । होइन भने सो क्षेत्र सरकारीकरण गरी त्यसबाट मनासीव भाडा सरकारले नै उठाउनु पर्छ । यसले पनि सरकारको आम्दानी बढाइदिनेछ । उद्योगपतिहरूको अर्को गुनासो छ उद्योगमा लाग्ने बिजुलीको दर धेरै भारी छ र अनुचित छ । खासगरी उही बिजुलीको बिजुली भारतमा १९ पैसा एक युनिटको लागेको छ भने नेपालमा यो रकम रु १ भन्दा बढी छ ।

२०४७/४८को बजेटले ।

| | |
|---|---|
| प्रहरी, कारागार र विविध गरेर | ८७,८६,२४ |
| रक्षा र विविध | १,११,३८,८८ |
| | १९९१५१२ |
| साँवाभुक्तानी | ७२,६६,८७ |
| ब्याज एक | १,५८,१३,९३ |
| | २,३०,८०,८० |
| | जम्मा रु.४,२९,९५,९२ |

जति देश सुव्यवस्थित हुन्छ मानिसहरू शिक्षित र सुसंस्कृत हुन्छ । प्रहरी कारागार र विविध खर्च कम भएर जान्छ । साथै शान्ति क्षेत्र नेपालको प्रस्ताव अब व्यावहारिक रूप दिने वेला आएको छ । शान्ति क्षेत्र नेपालमा मिलिट्री प्रयोग गरी जनतालाई दबाउने र प्रजातन्त्र नै खतम गर्ने कुरोमा अक्सर लगाइन्छ । नेपालमा जनचेतना बढाएर निश्चित रूपले आतङ्ककारी आन्दोलनको गुञ्जायस खतम गर्न सकिन्छ । पहिलेका झापालीहरू र आजको रामराजा प्रसाद सिंहले पनि अब हिंसात्मक आन्दोलन छोड्ने कबुल

गरिसकेका छन् र नेपालको राजनीतिक आन्दोलन शान्तिपूर्ण बाहेक हिंसात्मक हुन सक्दैन र हिंसात्मक आन्दोलन नेपालमा फस्टाउन सक्ने छैन ।

यसबाहेक नेपालको सुरक्षाको सवालमा जनवादी चीन र भारतसँग असल छिमेकीका रूपमा सन्तुलित र सुमधुर सम्बन्ध राख्न सकेको खण्डमा हामीलाई अन्तबाट हमलाको खतरा आउने छैन र ती देशहरूबाट पनि निश्चित रूपले हमला हुने छैन । छिमेकी देशहरूसँग सुमधुर सम्बन्ध राख्नै पर्छ र आपसमा आइपर्ने समस्याहरूलाई गोलीबाट होइन कुराकानीद्वारा सुल्झाउने परम्परालाई कायम राख्नुपर्छ । र साथै भारत र जनवादी चीन दुवैलाई ग्यारेन्टी हुनुपर्छ कि नेपालले चीनतिर लागेर भारतलाई अथवा भारततिर लागेर जनवादी चिनलाई कुनै खतरा हुने छैन नेपाल कसैको पनि फौजी अखडा बन्ने छैन । आज विश्वभरि नै शान्तिको आवाज बुलन्द भएर हतियार कटौतीमा जोड दिएर आएको वेलामा नेपाली पनि फौजी कार्यमा होइन, औद्योगिक विकासमा खर्च बढाउनु परेको छ । फौजी क्षेत्रमा कमभन्दा कम खर्च गर्ने व्यवस्था मिलाउनु परेको छ ।

यस्तो स्थितिमा नेपालले सही मानेमा शान्ति क्षेत्र भएर फौजी जवानहरूको संख्या कटौती गर्न सकिन्छ । नयाँ नयाँ हतियार किन्ने खर्च बन्द गर्न सकिन्छ । एउटा फौजी जवानलाई हुने खर्चले १० गैरफौजी कार्यमा लगाएर उही जीवनस्तरमा राख्न सकिन्छ ।

तसर्थ यस २०४७/४८को बजेटले प्रहरी कारागार र रक्षामा खर्च देखाएको छ यसबाट हामीले कम से कम रु. २२ अर्ब किफाइत गरी उद्योगमा लगाएर फौजीमा लागेका जवानहरूलाई उद्योगमा लगाएर एकजना फौजी जवानको ठाउँमा १० जना युवकहरूलाई लगाउन सकिन्छ ।

यस्तै हामीले यो साल मात्र २ अर्ब ३० करोड ८० लाख ८० हजार सावा ब्याज भुक्तानी गर्नु छ, यो रकम पाँच वर्षलाई मिनाहा लिएर करिब १२ अर्ब औद्योगिक विकासमा लगानी गर्न सकिन्छ ।

बजेटमा देखाए अनुसार हामीले विदेशी ऋण concessional सहुलियत दरमा पाएका छौँ । ब्याजको दर ७५% १०० कडा ७५ पैसा देखि ३% सम्म देखाएको

छ । त्यो पनि २० देखि ४० वर्षसम्ममा तिर्ने गरेर यस्तो सहुलियत र दरमा ऋण पाएर पनि हामीले यस सालमा मात्र तिर्नुपर्ने ब्याज १ अर्ब ५८ करोड पुगिसकेको छ र यो ऋण ३३.८% ले वृद्धि हुँदैछ । त्यसको मतलब भयो हामीले अर्को साल ब्याज ३३.८ले बढाउँदा आउने सालमा हाम्रो तिर्ने रकम ३ अर्ब भन्दा बढी भई जानेछ । २०४७ को चैत्र मसान्तसम्ममा हाम्रो वैदेशिक ऋण ३३ अर्ब ६९ करोड १० लाख पुगिसकेको थियो भने आन्तरिक ऋण १३ अर्ब २२ करोड २६ लाख देखाएको छ । यसरी जम्मा ऋण ४६ अर्ब ९१ करोड ३६ लाख पुगेको छ । विशाल रकम कहाँ खर्च भयो? सारा रकम अनुत्पादकहरूमा खर्च भएको छ र यसमध्ये यसको बढीभन्दा बढी रकम चुहेर गई विदेशी बैंकमा जम्मा हुन गएको । यो चुहेर गएको रकम मात्र देशको राष्ट्रिय औद्योगिक विकासमा लगाएको भए आजसम्म देशको आर्थिक विकासको ढाडको रूपमा राष्ट्रिय कारखानाहरूको जग राम्रैसँग बसिसक्ने थियो ।

यस कन्सेसन रेटमा पाएको ऋण औद्योगिक विकास खास गरी राष्ट्रिय क्षेत्रमा औद्योगिक स्थापना गर्ने कुरामा लगाउन सकिन्छ । ऋण दिँदै अनुत्पादक क्षेत्रमा खर्च गरेर ऋणको बोझ मात्र बढेर विदेशी शोषणको धापमा फस्न जाने हो जसबाट हाम्रो देश कदापि उठ्न सक्ने छैन ।

२०४७/४८ को बजेटले जहाँ रासायनिक मल किन्न ३० करोड रूपैयाँ अनुदानको प्रबन्ध गरी गरिएको छ । कसरी पटक्कै पिछे ३० औँ करोड अनुदान दिने र बाहिरबाट मल झिकाउने सट्टा रासायनिक मल कारखाना खोल्नेतिर सरकारले कुनै ध्यान दिएको देखिन्न ।

आफ्नै देशमा मल कारखाना खोलेर विदेशीको निम्ति शोषण गर्ने बजार र सालसालै मल किन्नेको निम्ति । ऋण लिएर यस ऋणमा लाग्ने ब्याजबाट हुने शोषण मुक्त हुने हो भने नेपालले सालसालै मल किन्ने माध्यम दिने सट्टा आफ्नै मल कारखाना खोल्ने कुरोमा ध्यान दिन अत्यावश्यक छ । यसले एकातिर व्यापार घाटा घटाउनमा मद्दत गर्नेछ भने अर्कातिर बढ्दो ऋण र यसमा लाग्ने व्याजको बोझ पनि घट्न जानेछ ।

नेपालले रासायनिक मलको साथै कम्पोस्ट मल बनाउनमा पनि उत्तिकै ध्यान

दिनुपरेको छ । तराई क्षेत्रमा कम्पोस्ट मल बनाएर लगाउने सट्टा खेतमा काँचो गोबर फ्याँक्ने चलन छ । तराई क्षेत्रमा कम्पोस्ट मलको निमित्त निम्ति एउटा आन्दोलन नै चलाउनु परेको छ भने पहाडी भेगमा पनि खाल्टो खनेर व्यवस्थित ढङ्गले मल बनाउने सट्टा एक ठाउँमा थुपारेर मल बनाउने गर्छन् । यहाँ पनि कम्पोस्ट मल बनाउने तरिकामा सुधार ल्याउनु जरुरी छ ।

रासायनिक मलले उत्पादन वृद्धि गरेपनि उत्पादित वस्तुको गुणस्तरलाई घटाइदिएको छ । यसकारण कृषकहरूले बढी ध्यान कम्पोस्ट मल र यसको सहायकको रूपमा मात्र रासायनिक मल प्रयोग गर्न जरुरी देखिन्छ र यो रासायनिक मल सरकारले राष्ट्रिय उद्योगको रूपमा खोल्न सक्छ ।

हाम्रो औद्योगिक नीतिमा तीन स्तर गर्न आवश्यक छः-

क) सरकारी स्तरका राष्ट्रिय उद्योग र उद्यमहरू

ख) सहयोगी उद्योगहरू र उद्यमहरू

ग) निजी क्षेत्रको उद्योगहरू : व्यक्तिगत र जोइन्ट स्टक कम्पनीहरू

निश्चय पनि सरकारी स्तरका उद्योगहरू मार्क्सवादी चेतनाहीन कर्मचारीहरूको हातबाट चल्न सक्दैन भ्रष्ट कर्मचारीहरूको कारण सरकारी स्तरको उद्योग र उद्योगहरू जहिले पनि घाटामा नै गएको हुन्छ । यदि इमान्दार र लगनका साथ काम गरी दिएको खण्डमा राष्ट्रिय उद्योगहरू फस्टाउन नसक्ने कुनै कारण छैन । चेतनशील मजदुरहरू र उनीहरूको इमान्दार प्रतिनिधिहरू मानेजिङ बोर्डमा समावेश गरेर त्यस उद्योग र उद्यमहरूको मुनाफाको आम्दानीबाट खास प्रतिशत मजदूरहरूमा बोनसको रूपमा वितरण गर्दा हुन सक्छ राष्ट्रिय उद्योग र उद्यमहरू सम्हालिन सक्नेछन् । राष्ट्रिय उद्योगको सफलताको निम्ति देशभक्त इमान्दार र कुशल प्रवर्धकको जरुरत छ को अपरेटर अपरेटिभ कारखानाहरूको सफलताको निम्ति पनि एक हदसम्म नयाँ संस्कार र संस्कृतिको आवश्यकता छ । होइन भने आपसमा शंका र निजी स्वार्थको तानातानीले यसलाई पनि सफल हुन दिँदैन ।

यस्तो स्थितिमा आज निजी क्षेत्रलाई पनि अवहेलना गर्न सकिन्न । अनुत्पादक

भएर बसेका रकम बाहिर ल्याएर औद्योगिक विकास गर्नको निम्ति र उद्योगहरूमा राम्रो रेखदेखको निम्ति आज निजी क्षेत्रको उद्योगहरूलाई नकार्ने स्थिति छैन ।

राष्ट्रिय उद्योग र उद्यमहरू र सहयोगीको (Coopreative) उद्योग र उद्यमहरूको निम्ति नयाँ संस्कृति र संस्कारको निर्माण २५ गर्ने कुरामा विशेष ध्यान दिनको साथै निजी उद्योग र उद्यमीलाई पनि प्रोत्साहन दिएर । दिएर द्रुततर बेगले देशमा औद्योगिक विकासमा जोड दिएर नेपालले आत्मनिर्भर आर्थिक विकास गरेर जानुपरेको छ ।

आज हाम्रो देशको औद्योगिक विकासको निम्ति एकातिर इमान्दार र देशप्रति वफादार र साथै सुयोग्य र कुशल प्रबन्धक अरुको आवश्यकता छन् भने अर्कातिर काममा जाँगरिलो मजदुरहरूको पनि आवश्यकता छ ।

गएको पञ्चायत सरकारले साम्राज्यवादीहरूको हावामा मानिसहरूको सामाजिक र नैतिक जिम्मेदारीलाई तोडिदिएको छ र उत्पादनशील काममा लागेर आम्दानी गर्न छोडाएर खर्चालु बानी बसाइदिएको छ र मानिसहरूको मनोवृद्धि उत्पादनशील कार्यमा श्रम गरेर कमाउनु भन्दा पनि सजिलो तरिकाले बिना श्रम कमाउने तिर लगाइदिएको छ । हुन त गरौँ, कमाऊँ भन्ने भावनालाई मारिदिएको छ । महिनाको रु ३००० कमाएर लान्छन् हाम्रो देशको मजदुरहरूले । उनीहरूसँग कम्प्लिट गरेर आफूले पनि कमाउने सट्टा महिनामा १०००-१२०० रूपैयाँ कमाएर सन्तोष भएर जीवन बिताउँछन् ।

हाम्रो देशमा औद्योगिक विकासको निम्ति हाम्रा युवकहरूलाई एकातिर तीव्र रूपले तालिम गर्ने प्रबन्ध मिलाउन जरुरी छ भने अर्कातिर जसरी भएपनि कमाउने सट्टा आफ्नो उत्पादनशीलता बढाउने दिशामा प्रोत्साहन दिनुपरेको छ ।

नेपालमा कयन यस्ता कारखानाहरू छन् जो आफ्नै देशको कच्चा पदार्थले बनाएर आफ्नै देशमा बजार बनाएर विकास गर्न सकिने छन् नेपालका उद्यमीहरूमा पनि आफ्नो जिम्मेवारी पूरा गर्ने सट्टा जसरी भएपनि दुई नम्बर धन्दा गरेर पनि कमाउने प्रवृत्ति नै व्याप्त देखिन्छ ।

निर्माण कार्यको ठेकदारी प्रताप पनि गलत ढङ्गले चलिरहेको छ । तहतह पैसा खुवाएर ठेक्का लिनुपर्ने पर्ता परोस् वा नपरोस सबभन्दा तल्लो रेटमा ठेक्का स्वीकार गर्नुपर्ने अनि यी सबै सर्तहरू पूरा गरेर ठेक्का लिएपछि आफूलाई दुई पैसा बचाउनको निम्ति बेइमानी गरेर ठेक्काको काम जसो तसो पूरा गर्ने सिवाय बाटो नै के रहन्छ ? मैले देखेको थिएँ मेरो पूर्वीय क्षेत्रको भ्रमणमा जाँदा एउटा सडकमा पिच बन्दै थियो ४ महिनापछि सोही ठाउँमा फेरि भ्रमणमा जाँदा सो सडक बनेर पनि बिग्रेर सडकमा खाल्टो खाल्टो भइसकेको थियो । कस्तो निर्माण हो यो ?

यस्तै मलाई थाहा छ काठमाडौँमा सम्मेलनको तयारीको वेला सडक छेउका जो पर्खालहरू बने त्यसमा १३ भाग बालुवा र एक भाग मात्र सिमेन्ट राखेर बनाएको छ । एकातिर यो गैर जिम्मेदारी तरिका हो भने अर्कातिर ठेकदारहरू माथि तह तह गरी पैसा खुवाउनुपर्ने र बैंकमा ऋण लिँदासम्म पनि बैंकलाई तिर्ने व्याज मात्र होइन कर्मचारीहरूलाई समेत १०% कमिसनको रूपमा घुस दिनुपर्ने चलनको फल हो । यो सारा गलत चलन माथि प्रहार गरी एकातिर ठेकदारहरूलाई पनि मनासिप रकम बेच्ने र अर्कातिर उनीहरूको कार्य पनि जिम्मेदारीपूर्ण बनाउनुपरेको छ र यसरी प्रबन्ध गरेर पनि गैर जिम्मेवारी तरिकाले काम गर्ने ठेकदारहरू माथि र यस्ता कच्चा काम पास गर्ने इन्जिनियरहरू माथि पनि कडाईका साथ कार्बाही हुनुपर्नेछ ।

म एकातिर ठेक्कापट्टा इत्यादिमा दिइने निर्माण कार्य नेपाली नागरिकहरूको हातबाट होस् र उनीहरूलाई चाहिने सुविधा र मनासिव रेट तोकियोस् र घाँटी कटुवा होडमा काम गर्न नपरोस् भन्ने पक्षमा छु । भने अर्कातिर यस्तो सौले दिँदादिँदै पनि खाली झारा तार्ने कच्चा काम गरी धोका दिनेहरू माथि कडाभन्दा कडा कारबाही गरियोस् भन्ने पक्षमा छु । यस्ता गैर जिम्मेवारी लालचीहरूलाई सिधै जेल र भारी रकम दण्ड गर्नुभन्दा अरु बाटो छैन । हाम्रा उद्यमीहरूलाई एकातिर प्रोत्साहन गर्नु छ भने अर्कातिर उनीहरूमाथि कडाई पनि गर्नुछ र यस्तो कच्चा काम पास गरिदिने इन्जिनियरहरू माथि पनि कडा कारबाही गर्नु करै लाग्छ ।

हाम्रा देशका उद्योगपतिहरूमा पनि बढ्ता इमान्दारिता छैन नेपालमा नरिवलको तेल बन्छ भारतमा टाटा कम्पनीले पनि नरिवलको तेल बनाउँछ टाटाको तेल भन्दा हाम्रो देशमा बनेको तेलको गुणस्तर बिल्कुल घटिया छ हाम्रो देशका उद्योगपतिले टाटाको बराबर किन गुणस्तर बनाउन सक्दैन ?

अनि हाम्रो देशका व्यापारीहरू पाम आयल मगाएर जनताको जीवन बर्बाद गर्न केही हिच्किचाउँदैनन् । अनि आफूलाई नेता भन्ने भ्रष्ट व्यक्ति यस्तो पाप आयलमा तिनैपिच्छे रु ५० खाएर पास गराउन सरकारमा दबाब दिन्छन् । यस्ता भ्रष्ट नेता वा नेताहरू र व्यापारी वा व्यापारीहरू माथि पनि कडाई कारबाही गर्नुपर्दछ ।। यस्ता भ्रष्ट नेताहरू नै देशको बर्बादीको एउटा मूल कारण हो । यस्ता नेताहरूले चन्दाको नाउँमा घुस खान्छन् र यस्तै रकमको आधारमा झुट कुराहरू प्रचार गरी जनतामा भ्रम फैलाएर चुनाव जित्छन र अनि यस्ता नेताहरू सरकारमा गएपछि थप भ्रष्टाचार गरी आफ्नो स्वार्थ सेवा गर्ने सिवाय देशको सेवा कहिल्यै गर्दैनन् । यसैकारण मैले जोड दिएर आएको छु । चुनाव खर्च सीमित गरियोस् र यो खर्च सरकारले बेहोरोस् । भ्रष्ट नेताहरू माथि कडा कारबाही गरियोस् ।

अहिले यो लाइन लेख्ने वेला पनि रक्सोलमा नेपाल भित्र्याइने पाम आयल तयार भएर बसेको छ । नेपालमा पाम आयल र यस्तै पदार्थहरू आउँछन् भने निश्चित रूपले यसमा छानबिन हुनुपर्छ र भ्रष्टाचार गराउने व्यापारी मात्र होइन भ्रष्टाचारमा संलग्न कर्मचारी र यस्तो भ्रष्टाचारको भागीदार नेताहरू माथि पनि कडा कारबाही हुनुपर्दछ । भ्रष्टाचार नै नेपालको अधोगतिको मूल कारण हो ।

व्यापारीहरूलाई मेरो भनाइ छ यस्ता दुई नम्बरी धन्दा गर्ने सट्टा केही पैसा औद्योगिक विकासमा किन नलगाउने आजको सरकारले औद्योगिकहरूलाई यथोचित सहुलियत दिएर प्रोत्साहन दिनुपरेको छ ।

हाम्रो देशमा गार्मेन्ट बन्छ तर कपडा भारत र पाकिस्तानबाट आउँछ आफ्नो गार्मेन्ट उद्योगलाई चाहिने कपडाको कारखाना किन नेपालमा नबन्ने कतिपय गार्मेन्ट कारखाना बजारको प्रभावमा बन्दछ । यस्ता कारखानाहरूको

सफलताको निम्ति अन्तर्राष्ट्रिय बजारको प्रबन्ध सरकारले गरिदिनु जरुरी छ । बजारको प्रबन्ध नहुँदा बजारको खोजीमा बाहिर विदेशबाट आएकाहरूसँग संयुक्त लगानी गर्छन् । विदेशीले अनि धोका दिएर पैसा पोको पारेर भाग्छन् । यस्तो संयुक्त लगानी भन्दा पूर्ण रूपले राष्ट्रिय उद्यमीहरूबाट राष्ट्रिय उद्योगको विकास गर्ने कुरोमा हामीले जोड दिनुभएको छ ।

यो २०४७/४८को बजेटले सम्पत्ति कर लगाउने चलन चलाएको छ । सम्पत्ति कर लगाउँदा निष्क्रिय सम्पत्ति र सक्रिय सम्पत्तिमा भेद गरेर कर लगाउँदा नै बेस होला । आज धेरैले कमाउन कमाउने सजिलो बाटोको रूपमा धेरैजसो लगानी घर र जग्गामा लगाइएको छ । जग्गा खरिद आवश्यकताले होइन धेरै जग्गा ओगटेर पनि बढी मोलमा बेच्नको निम्ति किनिराख्ने गरेको पाइन्छ ।

अनि कतिले आफ्नो लगानी व्याज खाने र कालाबजारी र तस्करीमा लगाएको देखिन्छ यस्तो सम्पत्तिमा बढीभन्दा बढी कर लगाउनु बेमनासिप होइन यताबाट सो सम्पत्ति औद्योगिक विकासमा लगाइयोस् भन्ने हेतुले सम्पत्ति कर लगाउँदा उद्योगहरू र बैंक व्यालेन्समा छुट दिन आवश्यक देखिन्छ । कारण बैंक व्यालेन्स पनि औद्योगिक विकासको निम्ति पूँजीको स्रोत हो ।

यो २०४७/४८को बजेटमा कुल राजस्व १० अर्बमध्ये ३ अर्ब भन्सार महसुलबाट आउने देखिन्छ अनि अर्को रकमहरू बिक्री करबाट १ अर्ब ८६ करोड देखाइएको छ । ११ करोड होटेल करबाट आउँछ यसरी ५ करोड जति व्यापारसँग सम्बन्धित छ यसरी हाम्रो राजस्वको झन्डै आधा व्यापारबाट प्राप्त हुन्छ । यसले हाम्रो देशको आर्थिक स्थितिको चित्रण गर्दछ अब हेरौँ कसैले कार मगायो भन्सार लगायो राजस्व आम्दानी भयो । के यो सही मानेमा राष्ट्रिय आय हो यो त नेपालको धन एक हातबाट अर्को हातमा हस्तान्तरण मात्र हो । यो आम्दानी होइन दायाँ हातले बायाँ हातमा हातलाई पैसा दिन्छ भने यसले सो व्यक्तिले आम्दानी गऱ्यो भन्ने कुरो जनाउँदैन । बरु यो भन्सार रकमले अरु पनि हाम्रो खर्चलाई जनाउँछ ।

यहाँ एउटा जापानी कथा याद आउँछ दुईजना साथीले दुई कनिष्टर रक्सी बेच्नै बजार गएछन् । बाटोमा थकाई लागे र दुवै रुखमुनि बसेछन् एउटासँग

एक रूपैयाँ रहेछ । उसले त्यो रूपैयाँबाट साथीसँग रक्सी किनेर खाएछ । अर्कोले त्यो रूपैयाँ पायो । । उसलाई पनि रक्सी खान सक्छ लाग्यो उसले पनि त्यो पैसाले अर्को साथीसँग किनेर एक ग्लास रक्सी खायो । एक ग्लास खाएपछि झन् सकसक लागेछ । पालैपालो एकले अर्कोसँग किनेर रक्सी खान थाल्यो । आखिर दिनभरिको व्यापार भयो रक्सी सिद्धियो अनि अन्तमा खाली कनिष्टरहरू र त्यो रु १ लिएर घर फर्कियो । दिनभरिको व्यापारले आम्दानी कति गरायो ?

रामबहादुरले श्यामबहादुरलाई खेत बेच्यो यो खेत किनबेच मिलाउने हरिबहादुरले कमिसन पायो । यस्तै कारोबारमा हरिबहादुरले १० लाख कमायो रामबहादुरले पनि यस्तै आफ्नो खेतहरू बेचेर २० लाख कमायो अनि हरिबहादुर र रामबहादुरले कारहरू र टिभीहरू मगाए भन्सार तिरे सरकारी राजस्व बढ्यो अनि राष्ट्रिय आम्दानी कति बढ्यो त ?

यसरी राजस्व कमाएर देश चलाएर पनि देश उन्नति हुने हो ? यो देशको अधोगतिको लक्षण मात्र हो । आफ्नो मासु आफैं खाएर कोही मोटाएर आउँदैनन् । कृषि विकास गरेर र साथै औद्योगिक विकास गरेर यसबाट हुने आम्दानीमा आयकर अन्तःशुल्क, मालपोत इत्यादिबाट उठेका राजस्व नै स्वस्थ राजस्व साबित हुनेछ ।

यो बजेटले प्रमाणित स्वावलम्बन विकास कोष भनेर १ करोड छुट्याएको छ हाम्रो देशको १ करोड ७० लाख जनतामध्ये १ करोड ५० लाखभन्दा बढी जनता ग्रामीण क्षेत्रमा नै बसोबास गर्छन् । यो १ करोड रूपैयाँ जनही रु १ पनि पुग्दैन । यस्तो रकम हात्तीको मुखमा जिरा भनेझैँ कहाँ जान्छ जान्छ र गाउँको टाठाबाठाले बाठाले सिवाए यसको फाइदा सर्वसाधारण जनताले पाउने होइन स्पष्ट यसले आमीण जनतालाई स्वावलम्बन गराउन सक्ने छैन ।

ग्रामीण जनतालाई स्वावलम्बन बनाउने हो भने गाउँघरमा खेतमाथि जनसङ्ख्याको चाप घटाउनु आवश्यक छ ।

पञ्चायत सरकारले यसको उपायको रूपमा परिवार नियोजनलाई नै देखाएको छ परिवार नियोजनले मात्र गाउँघरको । जमिनमा जनसङ्ख्याको चापलाई

घटाउन सक्दैन । जमिनबाट जनसङ्ख्याको चाप घटाउने उपाय हो अन्य उद्योगहरू र उद्यमहरूको विकास । हामी आफ्नो देशलाई कृषिप्रधान देश भनेर मख्ख छौँ । जबसम्म देशमा कृषि उद्योग र उद्यमहरूको सन्तुलित रूपले विकास गर्न सकिन्न र कृषि प्रधानबाट उद्योग प्रधान देशमा बदल्न सकिन्न । देशको आर्थिक समस्या कदापि समाधान गर्न सकिन्न । तसर्थ जहाँ कृषि विकासमा जोड दिनु छ र वैज्ञानिक तरिकाले भूमिसुधार गरी काम गरी खाने किसानहरूलाई सामन्तीहरूको खेतहरू वितरण गरी उनीहरूलाई आफ्नो काम गरी खाने जमिनको मालिक बनाएर यसलाई सहयोगी खेतमा बदलेर नै कृषि उत्पादनलाई बढाउन सकिनेछ । साँच्चै नै वैज्ञानिक तरिकाले कृषि विकास गर्ने हो भने कृषिको निम्ति काम गर्ने किसान २५ लाखभन्दा बढी चाहिँदैन तर यसको निम्ति चाहिने उपकरणको निर्माणको निम्ति हाम्रो देशमा भारी उद्योगहरू मातृ उद्योगहरूको विकास गर्न जरुरत छ । होइन भने कृषि विकासको निम्ति चाहिने रासायनिक मल मेसिनहरू बाहिरीबाट मगाउँदै काम गर्नु पर्‍यो भने जति कृषि उत्पादनमा वृद्धि हुने हो त्यो सबै दिएर नपुगी उल्टै घाटा पर्न सक्छ । यसकारण जहाँ कृषि उत्पादन वृद्धिमा जोड दिनु छ अर्कातिर जबसम्म यता उत्पादनको निम्ति चाहिने रासायनिक मलदेखि लिएर कृषि औजारहरू ट्याक्टर इत्यादि नेपालमा नै बनाउने काम हुँदैन कृषि उत्पादन बढे पनि यो सबै उत्पादनले विदेशी पुजीलाई पोस्न पनि नपुग्ने हुन जान्छ ।

अहिलेसम्म हाम्रो मनोभाव नै यस यस्तो छ कि हामी कहाँ न रासायनिक मल बन्न सक्नेछ न ट्याक्टर इत्यादि नै बन्न सक्नेछ । यो गलत मनोभावलाई निकालेर फ्याक्नु परेको छ । सोभियत संघले वीरगञ्ज कृषि औजार कारखानामा नेपाल पहाडी भेगमा चल्ने साना खालको ट्याक्टर उत्पादन गरी दिने प्रोग्राम दिएको थियो । तर पन्चे सरकारले यस प्रोग्राममा मन्जुर गरेन । तसर्थ नेपालमा यस्तो औजारहरू बन्न नसक्ने होइन जहाँ सानो ट्याक्टर बन्न सक्छ उहाँ ठुलो ट्याक्टर र अरु मेकानिकल संयन्त्रहरू पनि बन्न नसक्ने होइन ।

यसकारण कृषि विकासको साथै हाम्रो औद्योगिक विकास जोडिएको कुरा हो । र जति औद्योगिक विकास हुनेछ अरु उद्यमहरू बढेरै जानेछ र देशमा उद्योग

र उद्यमहरू जति बढेर जानेछ खेतीमा निर्भर किसानहरूको जनसङ्ख्याको चाप घटेर जानेछ । र यसले नै किसानहरूको जीवनस्तर उठेर आउनेछ । ग्रामीण स्वावलम्बन विकास कोषमा १ करोड पन्छाएर ग्रामीण समस्या समाधान हुने छैन । जरुरत छ वैज्ञानिक भूमि सुधार अनि वैज्ञानिक तरिकाले कृषि विकास र साथै द्रुत गतिले उद्योग र उद्योगहरूको विकास पनि उत्तिकै जरुरत छ ।

जमिन कसको जोत्नेको ? नाराले एउटा अपाङ्ग होस् बालक होस् विधुवा होस् साधारण कर्मचारी होस् वा व्यापारी होस् सबैको जमिन खोसेर जसले जोतेर आएको छ उसलाई दिने सवाल आउँछ । यसले एकातिर ती अपाङ्ग होस् वा बालक विधवा साना कर्मचारी अथवा साना व्यापारी सबैलाई आर्थिक सङ्कटमा फसाइदिन्छ । भने अर्कातिर अनुचित ढङ्गले धेरै जमिन कमाइ राख्ने धनी किसानलाई पोस्दछ जबकि खेतहिन र गरिब किसान जहाँको त्यही रहन्छन् र उनीहरूको जीवनमा विशेष परिवर्तन ल्याउन सक्ने छैन ।

आजको आवश्यकता हो सामान्त जमिन खोसेर खेती किसान र गरिब किसानलाई उनीहरूले जोत्न सक्ने जमिन दिनु । सामन्ती जमिन मात्र होइन खेतीयोग्य प्रति जमिन पनि खेतहीन र गरिब किसानलाई नै दिनुपर्छ । आज सुकुम्बासी किसानहरूलाई जमिन दिने सट्टा यो संयुक्त सरकारले पनि उनीहरूलाई जङ्गल फाँडेर बस्यो भनेर उनीहरूको निम्ति बसोबासको कुनै प्रबन्ध नगरी बसेको ठाउँबाट जबरजस्ती उठाउँदैछ । यो गलत नीति अन्तरिम सरकारले त्यागेर उनीहरूलाई कहिँबाट उठाउँछ भने उनीहरूलाई कहाँ बसाल्ने हो र के काम दिने हो प्रबन्ध गरेर मात्र उठाउनुपर्छ । वाम मोर्चाबाट गएका मन्त्रीज्यूले यसमा आवश्यक ध्यान दिनुपर्छ । यसको जिम्मेदार मन्त्रीज्यू नै हुनेछन् भूमि सुधार गर्दा जोत्नेलाई जमिन दिने नाउँमा एउटा अपाङ्ग एउटा विधवा साधारण कर्मचारी अथवा साधारण व्यापारीको पनि जमिन किसानलाई दिने सवाल आउँदैन आफ्नो परिवार पाल्नसम्म पुग्ने जमिन मध्यम वर्ग होस् वा सामन्ती होस् उनीहरूसँग खोस्ने सवाल आउँदैन । सामन्तीहरूको बढी जग्गा खोसेर बिना मुआब्जा खेतहीन र गरिब किसानहरूलाई वितरण हुनुपर्छ प्रति जमिन खेती र गरिब किसानहरूमा वितरण हुनुपर्छ यस्तो किसानहरू माथिको ऋण पनि खारेज हुनुपर्छ र चक्र वृद्धि ब्याजको चलन बन्द हुनुपर्छ ।

किसानहरूलाई बाख्रा पालन गाईपालन, माछापालनलाई दिएको ऋणमा उनीहरूको काम बिग्रेमा विचार पुऱ्याएर उनीहरूलाई आफ्नो खुट्टामा उभिन सक्ने बनाउनु परेको छ ।

हाम्रो तराई र जङ्गल क्षेत्रमा अक्सर सहयोग कडौँ गाई पाल्ने गर्छन् दुध भने एक दुई माना मात्र पाउँछन् । बाँकी खेतको निम्ति गोबर लिने गर्छन् यो प्रथालाई हटाएर दूध दिने गाई पालन गर्नमा प्रोत्साहन गर्नुपरेको छ ।

नयाँ खोलिने उद्योग र उद्यमहरूमा सुकुम्बासी किसानहरूलाई र गरिब किसानहरूलाई बढी आयता दिनुपरेको छ । साथै हाम्रो देशका युवाहरू जो काम नपाएर बेकारीमा बसेका छन् अथवा जे पायो उही काम गरेर हिँडेका छन् उनीहरूलाई पनि यथोचित तालिम दिएर यस्तो उद्योगहरू र उद्यमहरूमा लगाएर उनीहरूको बेकारी समस्या हल गर्नु परेको छ ।

यसको निम्ति सुकुम्बासी र गरिब किसानहरू र युवाहरूको निम्ति Employment Exchange खोलेर उनीहरूको नाउँ दर्ता गरी राख्नु आवश्यक छ । ताकि जहाँ जहाँ कामको निम्ति मानिसको आवश्यकता हुन्छ त्यहाँ सुकुम्बासी किसानहरू गरिब किसानहरू र काम नपाएर बेकारीमा परेका युवक युवकहरूलाई काममा लगाउन सकियोस् ।

औद्योगिक विकासमा खासगरी निजी क्षेत्रमा एकातिर मजदुर वर्ग हुन्छ भने अर्कातिर उद्योगमा पूँजी लगाउने पूँजीपति वर्ग हुन्छ । पूँजीपति वर्गले पूँजी नाफाको निम्ति लगाउँछ १ करोड लगाएर एकै करोड मात्र पाउँछ अथवा आफ्नो सम्पत्ति १ करोडको एकै करोड भइरहन्छ भने निश्चित रूपले आफ्नो पैसा लगाउँदैन । नोक्सान हुन्छ भने त झन् पैसा लगाउन भन्ने सवालै आएन अर्कोतिर मजदुरको श्रम बिना पूँजीपतिले जति पैसा खनाए पनि कुनै कुरो उत्पादन हुन सक्दैन । मजदुर वर्गको श्रमशक्ति नै त्यो शक्ति हो । जसले कुनै कुराको उत्पादन गर्न सक्दछ । रोबर्ट नै लगाए पनि रबर्ट स्वयं मानिसको मानसिक र शारीरिक शक्ति प्रयोग गरेर बनाएको हो । तसर्थ मानिसको श्रम शक्ति नै विश्वको सम्पूर्ण पदार्थहरूको निर्माता हो ।। यो श्रम शक्तिलाई शोषण र दमनबाट मुक्त गरेर नै कुनै पनि देश द्रुत गतिले अगाडि बढ्न सक्नेछ ।

तसर्थ जहाँ श्रमिक जनताले आफ्नो श्रमको उचित मूल्य पाउनुपर्छ । अर्कातिर पूँजीपति वर्गले निजी क्षेत्रमा लगाएको पूँजीमा मनासिभ नाफाको पनि केही हदसम्म ग्यारेन्टी हुनु आवश्यक छ । मजदुर वर्गसँग आफ्नो पूँजी नहुँदा उहाँहरूले पूँजीपति वर्गद्वारा निजी क्षेत्रमा स्थापना गरेको उद्योगहरूमा काम गर्ने करै लाग्छ । यसै कारणले मेरो विचारमा ८% नाफा एक चक्र (Trun over)मा ग्यारेन्टी गरी सालमा २५% सम्मको नाफाको सिमाना राखी त्योभन्दा बढी नाफाबाट केही रकम अरू थप औद्योगिक विकासमा र केही रकम मजदुरहरूको सुख सुविधाको निम्ति खर्च गर्नु जरुरत छ मजदुर मजदुरहरूलाई काममा प्रेरित गर्नको निम्ति नाफाको केही खास प्रतिशत मजदुरहरूमा बोनसको रूपमा बाँड्न पनि जरुरी छ । यसले मजदुरहरूको सक्रियता र उत्पादकतालाई बढाएर स्वयं पूँजीपति वर्गलाई पनि फाइदा गर्नेछ ।

८ प्रतिशत नाफा भयो कि पछि २५% नाफा भयो हिसाब नलुकाउन पाउँ भनेर प्रबन्धक बोर्डमा मजदुरहरूले चुनेको प्रतिनिधि दुईजना पनि राखेको खण्डमा मजदुरहरूमा विश्वास बढ्न गई चाहिने नचाहिँ हड्ताल गर्ने हिम्मत आउँदैन । यसकारण यसबारे पनि सोचविचार गरी कारखाना मालिकले स्वयं मजदुर प्रतिनिधिलाई किन्न नपाओस् भनेर सालसालै चुनाव गराएर प्रतिनिधि पठाउने र आफ्नो विश्वास गुमाएका प्रतिनिधिलाई वापस बोलाउने मजदुरहरूको अधिकार अक्षुण रहनु पर्दछ ।

क्षेत्रमा हाम्रो देशका राष्ट्रिय पूँजीपतिहरूको पूँजी लगानी गरेर जुन उद्योगहरू खोलिन्छ त्यसले मात्र देशको सम्पूर्ण आर्थिक समस्या समाधान गर्ने छैन कारण ती उद्योगहरू नाफामुखी हुन्छन् । यस्ता उद्योगका उद्योगपतिहरूले आफ्नो नाफाबाट केही हदसम्म परोपकारी कार्यहरूमा आफ्नो पैसा लगाएर जनतालाई केही राहत दिन सक्दछ स्कुल कलेज अस्पताल इत्यादि बनाएर मद्दत गर्न सक्छ तर यसले मात्र सबैको आर्थिक समस्या समाधान हुन सक्तैन ।

हाम्रो देशका बुढाबुढीहरू छन् उनीहरू सबैको हेरचाह गर्नुपर्‍यो । उनीहरूको लालनपालन स्याहार सुसार र बसोबासको प्रबन्ध गर्नुपर्‍यो देशका सम्पूर्ण

युवकहरूलाई तालिम दिएर कामको ग्यारेन्टी गरी बेकारी समस्यापूर्ण रूपले निर्मूल गर्नुपऱ्यो ।। विधवा महिलाहरू होलान् गर्भवती र सुत्केरी महिलाहरू होलान् लुला लङ्गडा अपाङ्गहरू होलान् लामो बिरामी भएर काम गरेर कमाउन नसक्ने होलान् अनि हाम्रो देशका बालक बालिकाहरू छन् । आमाबुबा नभएका अनाथ बालबालिकाहरू हुन्छन् यी सबैको समस्याहरू कसले हेर्ने । जसको छोराछोरी राम्रा छन् ती बुढाबुढीहरूको त समस्या हुँदैन आमाबुवा हुने र आमाबुवाको आम्दानी राम्रा हुने बालबालिकाहरूको पनि समस्या हुँदैन । राम्रो लोग्ने भएका महिलाहरूको पनि समस्या नहोला बाँकी सबैको समस्या हुन्छन् । दान दातव्यले यी समस्याहरूको एक छेउ मात्र समाधान हुन सक्छ । त्यो पनि दानको रूपमा आफ्नो हक अधिकारको रूपमा होइन तसर्थ यी सबै समस्याहरूको जिम्मेवारी राष्ट्रिय सरकारको हुन्छ । राष्ट्रिय सरकारी यी सबै समस्याहरू कसरी समाधान गर्ने यसको निम्ति पनि सरकारलाई आम्दानी दिने उद्योगहरूको जरुरत पर्दछ ।। अर्कातिर कति यस्ता उद्योगहरू जो हाम्रो देशका राष्ट्रिय पूँजीपतिहरूले मात्र सम्हाल्न सक्दैनन् । हाम्रो देशमा त्यति ठुलो पूँजीपतिहरू पनि छैनन् जसले ठुलाठुला उद्योग र उद्योगहरू आफ्ना हातमा लिन सकोस् । कति यस्ता उद्योग र उद्यमहरू हुन्छन् जसलाई नाफा नोक्सानको प्रवाह नगरी चलाउनुपर्ने हुन्छ । कति उद्योग र उद्योगहरू आफ्नो राष्ट्रिय हितलाई ध्यानमा राखेर सरकारले नोक्सान सहेर चलाउनुपर्ने हुन्छ । एउटा राष्ट्रिय अर्थतन्त्र बिना यो सम्भव हुँदैन एउटा व्यापारीले पनि कुनै न कुनै वस्तुमा घाटा खाएर आहकहरूलाई थामी राखेको हुन्छ र अरु वस्तुबाट आउने नाफाबाट आदिको घाटा सहेर लिन्छ एउटा व्यापारी एक रूपैयाँको घाटाको हिसाब गरी आफ्नो आहकबाट पछि हुने सय रूपैयाँको नाफा हुने कामलाई बिअन दिँदैन ।

यस्तै राज्यले कुनै न कुनै उद्योग र उद्यमहरूमा घाटा सहेर पनि यसको घाटालाई अरु उद्योग र उद्योगहरूबाट हुने आम्दानीसँग सालाखाला मिलाई लिनुपर्ने हुन्छ । खासगरी जनतालाई दिइने राशनमा सरकारले घाटा सहनुपर्ने हुन्छ ।

समाजवादी व्यवस्था अन्तर्गत सोभियत संघमा खाद्य पदार्थ र जनताको निम्ति

नभई नहुने अरु सामानहरूमा घाटा सहेर वितरण गर्ने चलन थियो ।

यसैकारण साराका सारा उद्योगहरू निजी क्षेत्रमा चलाएर राष्ट्रिय अर्थतन्त्रको निर्माण हुन सक्दैन राष्ट्रिय अर्थतन्त्र निर्माणमा निजी क्षेत्रले राष्ट्रिय अर्थतन्त्रको सहायताको रूपमा काम गर्न सक्छ भने देशको अर्थतन्त्रको मूल आधार सरकारी स्तरमा चल्ने राष्ट्रिय उद्योग र उद्यमहरूलाई नै बनाउन परेको छ ।

केही तत्त्वहरू अक्टोबर क्रान्तिकै बदनाम गरी लेनिन स्ताच्यु पनि उखाडेर सोभियत सङ्घलाई पूर्ण पूँजीवादी व्यवस्थामा फर्काउने पक्षमा छन् र अमेरिकाको संस्कृति र सोभियत संस्कृतिको बीचमा भेद मेटाउने पक्षमा छन् यदि उनीहरूको प्रयास सफल हुन्छ भने सोभियत सङ्घ पूँजीवादमा मात्र फर्कने छैन । यसले आफूलाई छुट्टै साम्राज्यवादीको चरित्र अपनाएर लिनेछ ।

सोभियत सङ्घ जो आजसम्म मानवताको रक्षक भएर आएको छ मानवताको भक्षक हुन जानेछ ।

अमेरिकी साम्राज्यवाद अक्सर निजी क्षेत्रमा नै जोड दिन्छन् सोभियत सङ्घ जस्तो देशलाई पनि त्यहाँको उद्योग र उद्यमहरू निजी क्षेत्रमा चलाउने कुरामा जोड दिँदैछन् । र त्यहाँ अक्टोबर क्रान्तिले उखाडेको कुलका सन्तानहरू पनि निजी क्षेत्र फर्काउने कुरोको संवाहकको रूपमा जोड तोडसँग लागेका छन । अर्थतन्त्रले निश्चित रूपले मुठीभरको आम्दानी बढ्नेछ तर जनजीवनलाई सत्यानास गरेर छाड्नेछ ।

निजी क्षेत्रमा मात्र भरपर्ने अमेरिका विश्वको सबभन्दा धनी र शक्तिशाली देश भएर पनि त्यहाँ एक करोड जनता पूर्ण रूपले बेकारीको सिकार छन् भने ३ करोड जनता गरिबीको रेखामुनि बाँचिरहेका छन् लाखौँ लाख मानिसहरू जाडोमा कागजका ठुलाठुला बाकसमा सुत्ने गर्दछन् र त्यहाँ उनीहरू जाडो खप्न नसकेर मरेर गएका गएको हुन्छ के यो मानवतावादको लक्षण हो ?

हामी निश्चित रूपले अमेरिका विरोधी होइन । हामी कुनै हालतमा अमेरिकी जनताको टाउकोमा आटम्बम न्युक्लियर बम र सैनिक अस्त्र खसोस् भन्ने पक्षमा छैन । हामी अमेरिकी जनता कसैको गोलीको सिकार होस् भन्ने पक्षमा

छैन जनता जनता भयो राष्ट्रपति बुसमाथि पनि यस्तो कुनै घातक । प्रहार होस् भन्ने पक्षमा हामी छैनौँ ।

तर हामी अमेरिकी साम्राज्यवादले लिएको आफ्नै जनतामाथिको शोषण दमन र अविकसित देशहरूमाथि लिएर आएको शोषण दमन र नव उपनिवेशवादी नीतिको विरोधी छौँ । जुन नीतिले गर्दा नै आज पिछडिएको देशको गरिबी झन् झन् बढ्दै गइरहेको छ । जुन नीति अन्तर्गत पिछडिएका देशहरूलाई मद्दतको नाउँमा ऋणमा फसाइएको छ र ती देशहरूको अर्थव्यवस्था बर्बाद गर्ने काम हुँदैछ ।

हामी अमेरिकी जनतालाई शान्ति मिलोस् उनीहरू पनि सुखी रहुन् उनीहरूको जीवन निश्चित रहुन् र त्यहाँको जनता पनि बेकारीको सिकार हुन नपरोस् र उनीहरू कोही पनि गरिबीको रेखामुनि बाँच्न नपरोस् भन्ने पक्षमा छौँ । तर साथै कुनै देशमा अमेरिकी साम्राज्यवादी हस्तक्षेप नहोस् भन्ने पक्षमा छौँ । र अमेरिकाप्रति पनि बाँच र बाँच्न देऊ भन्ने नीति अवलम्बन गरोस् भन्ने पक्षमा छौँ ।

हामी आफ्नो देशबाट बेकारी समस्यालाई उन्मुलन गर्ने पक्षमा छौँ । हाम्रो देश पनि समुन्नत देशको दाँजोमा पुगोस् हाम्रो देशको सम्पूर्ण जनताको जीवन सुखी सम्पन्न र सुनिश्चित होस् भन्ने पक्षमा छौँ । यो बुद्धको देशमा उत्कृष्ट राज खडा भई सबैको आँखामा आँसु आउन नपाओस् भन्ने पक्षमा छौँ । अनि कृष्णले भनेझैँ सबको मनमा साम्यवादमा स्थिर रही हाम्रो देश स्वर्ग होस् भन्ने पक्षमा छौँ । यशुले भनेझैँ स्वर्गको राज खडा गर्ने पक्षमा छौँ ।

यसको एकमात्र उपाय हो समाजवादी समाजको स्थापना समाजवादले नै सम्पूर्ण जनताको जीवनको सरोकार राख्दछ । यो काम पूँजीवादले कदापि गर्न सक्दैन यसकारण हामी समाजवादी अर्थतन्त्रलाई नकार्ने पक्षमा छैनौँ र निजी क्षेत्र यसको सहायक अर्थतन्त्रको रूपमा रहन र हुर्कन सक्तछ र निजी क्षेत्रलाई चाहिने सहुलियत र सुविधा दिएर यसको पनि रक्षा गर्ने पक्षमा छौँ । कारण राष्ट्रिय सम्पत्तिको रूपमा चल्ने उद्योग र उद्यमहरूले मात्र सबै कुराहरू धान्न सक्दैन र देशको निजी धनलाई निष्क्रिय राख्न पनि हाम्रो राष्ट्रको निम्ति एक प्रकारको क्षति हो ।

अमेरिकी साम्राज्यवादले भनेजस्तो निजी क्षेत्रमा मात्र जोड दिँदा यता हामीहरू साना र घरेलु उद्योगमा मात्र भर परि सधैंभरि ठुलाठुला कलकारखानामा उत्पादन हुने मेसिनहरू कार, ट्रक, बस भारी औजार अरु सामानहरूको निम्ति विदेशी सामानहरूमा नै भर परेर निरन्तर उनीहरूको शोषणको पात्र बन्नुपर्‍यो । । सधैंभरि पिछडिएर गरिबी हालतमा रहनुपर्‍यो । होइन भने बहुराष्ट्रिय । मल्टिनेसनल पूँजी भित्र्याएर हाम्रो अर्थतन्त्रको मूल आधार विदेशी एकाधिकार पूँजीलाई बनाउन दिनुपर्‍यो, र हामीले आफ्नो देशलाई नव उपनिवेशमा बदल्न दिनुपर्‍यो । यस्तो अर्थतन्त्रले हाम्रो देशको जनतालाई कदापि अर्काको गुलामीबाट मुक्त हुन दिने छैन । न त यस्तो अर्थतन्त्र अन्तर्गत हाम्रो राष्ट्रिय निजीक्षेत्र नै फस्टाउने छ ।

यसैकारण सार्वजनिक उद्योग र उद्योगहरूलाई राष्ट्रिय अर्थतन्त्रको मूल आधार बनाएर निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको सहायक अङ्ग बनाएर यसलाई राष्ट्रिय अर्थतन्त्रको सहायक अङ्गको रूपमा फस्टाउन सकिनेछ र आजको नेपालले यसै कुरोको माग पर्दछ ।

हामीले अर्कोतिर निजी क्षेत्रको सफलताको ग्यारेन्टी गर्नुपरेको छ भने अर्कातिर सरकारी स्तरको राष्ट्रिय उद्योग र उद्यमहरूलाई हाम्रो देशको अर्थतन्त्रको मूल आधार बनाएर हाम्रो देशलाई सुसम्पन्न बनाएर सम्पूर्ण जनताको जीवन सुखी सम्पन्न र सुनिश्चित बनाउन सक्नेछौँ ।

# योग, धर्मको मर्म र श्रीकृष्ण

## योग

आजकल सामन्तहरूले योगहरूलाई ३ खण्डमा बाँडेर यसलाई बेकार अनुपयोगी बनाइदिएका छन् । दुध फाटेपछि जसरी काम लाग्दैन, जसरी नुनलाई सोडियम र क्लोरिनमा फटाई दियो भने यसले विषकै काम दिन्छ यस्तै योगलाई 'ज्ञान योग', 'भक्ति योग' र 'कर्म योग' भनी अलग अलग फटाई दिँदा यो निरर्थक बन्न गएको छ । जब यो ३ वटै एउटैमा समावेश हुन्छ अनि गएर नै योगको कुनै मतलब हुन्छ ।

सामन्ती षड्यन्त्रले गर्दा कसैलाई ज्ञान योगी बनाएर यो संसार झुठो हो भनि जङ्गल बास गराई दिएको छ भने, कसैलाई 'भक्ति योग' भनि दिनरात 'हरेराम' आदि भजनमा लगाइदिएको छ अनि 'कर्म योग' भनि आ-आफ्नो काममा आँखा चिम्लेर लगाई दिएको छ र उनीहरू माथि शोषण गर्ने बाटो खोलिदिएको छ ।

योग जङ्गलमा गएर अभ्यास गर्ने कुरो होइन, न त मन्दिरमा गएर दिनभर पूजा पाठ र गानबजान गरेर हुने कुरो हो, न त कसैमाथि निश्चित भएर शोषण गर्ने र गराउने बाटो नै हो ।

ज्ञान योगको मतलब हो सम्पूर्ण मानिसहरूको आत्मा मेरै आत्मा हो भनेर अरु र आफूमा भेद नदेख्नु नै ज्ञान-योग हो । श्रीकृष्ण भन्नुहुन्छ, "समोहं सर्व भुतेषु नमे द्वैष्योऽस्ति न प्रियः अर्थात् म सबै प्राणीमा उत्तिकै छु, मेरो निम्ति मनपर्ने र मन नपर्ने कोहि छैन ।"

**"सर्वं ब्रह्म, अहं ब्रह्म'** सबै ब्रह्म हो र म पनि ब्रह्म हुँ भनी सबै प्राणीमा रहेको आत्मालाई समदृष्टिले चिन्नु नै ज्ञान योगको मूल अङ्ग हो र ज्ञान योगीले भक्तियोगमा पनि लाग्नु जरुरी हो । भक्ति योगको मतलब अब जङ्गलमा गएर

जप या तपस्या गर्नु होइन । गीताको अध्याय १२ भक्तियोगको अध्याय हो र यस अध्यायको श्लोक ४ ले भनेको छ, 'सन्नियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः । ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ।'

अर्थात् आफ्नो इन्द्रियलाई वशमा राखेर, सबै मानिस बराबर सम्झी सम्पूर्ण प्राणीको कल्याणमा निरन्तर लाग्नेले मलाई नै प्राप्त गर्दछ । स्पष्टतः सम्पूर्ण प्राणीको हित, सम्पूर्ण मानिसको हितमा लाग्नु नै भक्ति योग हो भने सम्पूर्ण प्राणी र मनुष्य जातिको हितको निम्ति निजी फाइदाको ख्याल नगरी, फलको इच्छा नगरी काममा लाग्नु नै कर्म योग हो ।

स्पष्टतः ज्ञान योग, भक्ति योग र कर्म योग एउटै शरीरका विभिन्न अङ्गहरू हुन् र यसलाई छुट्टाछुट्टै दूध फटाएर हेरे झैँ हेर्ने कुरो छैन र एउटाको अभावमा अर्को २ वटा निरर्थक भएर जान्छ ।

# धर्मको मर्म र श्रीकृष्ण

श्रीकृष्णकै समयमा धर्म के हो ? अधर्म के हो ? सब भद्रगोल भैसकेको थियो। धर्मलाई अधर्म र अधर्मलाई धर्म मान्न थालिसकेको थियो।

भगवान् श्रीकृष्ण भन्नुहुन्छ, 'किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः, अर्थात् के गर्नुहुन्छ र के गर्नु हुन्न भन्ने कुरोमा ठुलठुला विद्वान् कविहरू पनि मोहमा फसिसकेका छन्।' भनिन्छ, धर्मेण धारयते जगत् अर्थात् धर्मले नै जगतको रक्षा हुन्छ। तर साँच्चै भन्ने हो भने आज मानिसहरू धर्मको नाउँमा अधर्ममा संलग्न छन्। जुन काम गर्नाले यो जगतको रक्षा हुन्छ त्यस दिशामा आज कर्म गरिएको देखिँदैन, जुन काम गर्नाले निजी स्वार्थ सिद्ध हुन्छ अथवा निजी स्वार्थको रक्षा हुन्छ त्यसैलाई धर्म मान्न लागेको देखिन्छ।

पूजापाठ (मन्दिरमा गएर चण्डीपाठ, मृत्युञ्जय पाठ) इत्यादि यज्ञ-यज्ञादि, बाहुनलाई दान, अनि हरेराम आदिको भजन कीर्तन, गंगा स्नान आदि गरिन्छ। के यत्ति गर्नु नै धर्म भयो त ? यस कुरोलाई हामीले गम्भीरतापूर्वक सोच्नु परेको छ। के यत्तिले नै यस जगतको रक्षा हुन्छ ? यसको निचोडमा पुग्नु भन्दा पहिले हामी हाम्रै ऋषि मुनिहरूले देखाएर गएको एउटा उदाहरण दिउँ। वामन अवतारको घटना लिउँ।

भगवान् विष्णुको आठौँ अवतारको रूपमा श्रीकृष्णलाई मानिन्छ भने त्यसभन्दा अघिको पाँचौ अवतार वामनलाई मानिन्छ। त्यसवेला बलिराजाले दिनको एउटा यज्ञ गर्थे र बाहुनहरूलाई भनेजति दान दिने गर्थे। यस्तैमा श्री विष्णु भगवान्ले दुई हाते पुड्को बाहुन (वामन)को रूप धरेर बलिराजा कहाँ दान माग्न गए र महादानी बलि राजासँग केवल उनको आफ्नै पाऊले तीन पाईला जमीन मागे। त्यसवेला बलिराजा लगायत त्यहाँका सभासद्हरू तथा अरु पण्डितहरूले 'मागेपछि अलि राम्रैसँग माग' भन्न थाले तर वामनले भने,' मलाई तीन पाइला जमीन भए पुग्छ।' आखिर बलिराजाले मन्जूर गरी २ पाइला जमीन दान दिने कवुल गरे। यत्तिकैमा दुई हाते पुड्को त्यस वामनको विशाल रूप देखा पऱ्यो। उनको एक पाइलाले पृथ्वी ढाके, अर्को पाइलाले

स्वर्गलोक, बाँकी एक पाइला राख्ने ठाउँ नभएर कहाँ राख्ने भनि बलिराजासँग सोध्दा बलिराजाले अर्को ठाउँ दिन नसकी आफ्नो शीर थापी दिए। त्यसपछि वामनले बलिराजालाई पातालमा धसाई दिए।

अब सवाल आउँछ, त्यत्रो धर्म गर्ने राजा जसले नित्य एउटा यज्ञ गर्थे र बाहुनहरूलाई भने जति दान दिन्थे, त्यस राजालाई पाताल किन धसाएको होला ? कुअन्नमा पालिएका एक थरी सामन्ती पण्डितहरू बलिराजाको समर्थनमा यस्तो भन्छन् कि बलिराजा अति दानी भएकोले बिग्रेको हो। उनीहरू भन्छन्, 'अति दानात् बलि बद्धौः।'

के सत्य कुरा यही हो त ? होइन। स्पष्टताको निम्ति त्यसपछि बलि र वामनको बीच भएको कुरो सुनौँ। बलिराजाले अर्ति कल्पेर वामनसँग आफ्नो उद्धार गरियोस् भनि मागे, गिडगिडाए। वामनले भने 'मसँग तिमीलाई उद्धार गर्ने शक्ति नै छैन।' तिमी आफ्नो उद्धार चाहन्छौ भने 'लोकेश्वरको शरणमा जाऊ।" यहाँ एक प्रश्न उठ्छ, विष्णु भगवान्ले उद्धार गर्न नसक्ने, ' लोकेश्वरले उद्धार गर्न सक्ने, यी 'लोकेश्वर' को हुन् त ?

'लोक एव ईश्वरः' लोक नै ईश्वर हुन्। यहाँ लोक भन्नाले सम्पूर्ण जनता हो। सम्पूर्ण मानव जाति हो। अतः मानवतालाई बिर्सी। जनताहरूलाई वास्ता नगर्नेलाई रक्षा गर्ने सामर्थ्य स्वयम् भगवान् विष्णुसित पनि छैन भन्ने कुराको यो प्रमाण हो।

बलिराजाले देशबासी जनताहरूलाई के गरिराखेको थियो, यो पनि हेरौँ। वामनले जो ३ पाइला जमीन आफु निश्चिन्तसँग सुत्न बस्नको निम्ति मागे यसबाट प्रमाणित हुन्छ कि त्यसवेला जनता यत्ति दरिद्र हालतमा थियो कि, उनीहरूसँग आफूलाई निश्चित भई बस्ने ३ पाइला जमीन पनि थिएन। यदि सबैसँग सुत्न, बस्नसम्म पनि जमीन भएको भए वामनले ३ पाइला जमीन माग्नु पर्ने थिएन र बलिराजाले वामनलाई भन्ने थियो 'निश्चितसँग सुत्न, बस्न आफ्नै जमीन छँदै छ नि।' वामनले ३ पाइला जमीन मागेकोले स्पष्ट गर्दछ कि बलिराजाको राज्यमा जनताहरूसँग आफ्नो एउटा शरीरसम्म पनि निश्चित

भई सुत्ने, बस्ने जमीन थिएन ।

जनतालाई त्यस्तो दरिद्र हालतमा राखी नित्य एउटा यज्ञ र बाहुनलाई मागे जति दान दिने बलिराजाको धर्म अधर्ममा आधारित थियो ।

यस कथाले हिन्दु धर्ममात्र होइन, सम्पूर्ण मानवधर्मलाई प्रतिनिधित्व गर्दछ । स्पष्टता मानव मात्रको पीर, मर्का, दीन, हीनतालाई वास्ता नगरी जुनसुकै धर्म गरे पनि त्यस धर्मले मानिसलाई स्वर्ग होइन, नरकमा नै गाड्ने छ भन्ने कुरा माथि वामनले बलिराजालाई पाताल धसाएकोबाट स्पष्ट भइसकेको छ । अतः आम जनताको कल्याणसँग सरोकार नराख्ने धर्म, साँचो अर्थमा धर्म होइन, यो धर्मको आडम्बर मात्र हो, अधर्म हो ।

आज धर्मको ढौँग गर्नेहरूले धर्मको यस मूल मर्मलाई बिर्सिसकेको छन् । आज धर्म र अधर्म छुट्याउनमा ठुलठुला विद्वान् विदुषी कविहरू पनि भ्रमजालमा फँसिसकेका छन् ।

आफ्नो स्वार्थमा धक्का नपर्ने सजिलो धर्ममा मानिसहरू आज लागेका छन् । ठुलठुला सामन्तहरू पूजा-पाठ गर्छन्, आफ्नो फुसर्द नभए पण्डित लगाएर यो काम गराउँछन् । अनि आफु गरीब जनताको खेतिबारी, घर-द्वार, गाईभैँसी कसरी हात पार्ने भन्नेमा दिनरात एक गरी लागेका हुन्छन् । यस्तै ठुलठुला पूँजीपतिहरू मन्दिर बनाउँछन् पण्डितको खर्च पुऱ्याउँछन् तर मेहनतकश जनताको श्रम चोरि गरेर उनीहरूको बाँच्ने बाटोसम्म पनि खोसेर आफ्नो कब्जामा राख्ने गर्छन् । आदिकालको सत्य यज्ञ, ऋतु यज्ञसँग आज मतलब छैन, कारण यस्तो यज्ञमा सबैको मेहनतबाट उत्पादित वस्तु एक ठाउँमा जम्मा हुन्छ, अनि भाग शान्ति समाजका सम्पूर्ण सदस्यहरूलाई समान भागमा बाँडिन्थ्यो । आदिकालको साम्यवादी समाजको यही चलन थियो । आजकल यज्ञ यजमान बस्यो, पूरोहित बस्यो, मनका मन घ्यू, अन्न स्वाहा गऱ्यो । अनि भन्ठान्यो हामीले खूब धर्म गऱ्यौँ । पुराना ऋषिमुनिहरूको खाने मन्त्र थियो, ॐ सहना भवतु, सहनौ भुनक्तु सह वीर्यं कर वा वहै, तेजस्वीना वधित मस्तु मा विद्विषा वहै ।' यो साम्यवादी मन्त्र हो । यसमा सबै सँगै बस्ने, सबै

मिलेर खाने र सबै मिलेर काम गर्ने, सबैको तेज पराक्रम चाहने र आपसमा द्वेषभाव नराख्ने कामना गरिएको छ । यो मन्त्र आजकलको शोषक समाजमा काम लागेन । आज एउटाले काम गर्ने अर्कोले खाने समाज छ । यसै निम्ति पण्डितहरूले यस समाजलाई सुहाउने नयाँ मन्त्र बनाई दिएको छ,'अन्नो ब्रह्मा, रसो विष्णू, भोक्ता देवो महेश्वरः" अन्न ब्रह्मा भयो, यसको रस विष्णू भयो, खाने महादेव,'यहाँ एक्लैले खाए पनि भयो । आफूले ८४ व्यञ्जन खाएर अर्कालाई जुठो खुवाए पनि भयो ।

यस्तै ब्रह्म गायत्री 'ॐ भूर्भुवः स्व तत्सवितु.. भन्ने साम्यवादी मन्त्र थियो भने, अर्को गायत्री,' ॐ शिखानाथाय' व्यक्तिवादी गायत्री मन्त्र हो र अरु कसैलाई दिएको गायत्री' ॐ नमोवागीश्वराय," ठग मन्त्र हो ।

यसरी समय वित्नाको साथै सामन्ती कुअन्नमा पल्केका पण्डितहरूले धर्मलाई पनि तोडमोड गर्दै आजको स्थितिमा पुऱ्याए । भनिन्छ 'सर्वे धर्मान्राजनीतै प्रविस्ता' सारा धर्म राजनीतिमा घुसेको हुन्छ र सामन्ती राजनीति चलेका ठाउँमा धर्म पनि सामन्ती स्वार्थ अनुकुल नै बनाई दिएको हुन्छ ।

महाभारतको युद्धपछि शर-शैयामा लेटिरहेका भिष्मपितामहलाई द्रौपदीले भनिन्,'जुन वेला दुष्ट दुशासनले भरी सभामा चीरहरण गरी मेरो बेइज्जत गर्न लागेको थियो त्यसवेला हजुर जस्तो पुरुषार्थी र विद्वान् व्यक्तिले एक शब्द पनि वोलिबक्सनु भएन ।' यसमा भिष्मपितामहले भने,'के गर्ने, मैले त्यसवेला दुष्ट दुर्योधनको कुअन्न राखेको थिएँ, यस कुअन्नले बनेको मेरो कुबुद्धिले गर्दा मैले तिमीमाथि भएको अन्यायको बिरोध गर्न सकिन । अब मैले यस्तो कुअन्न नखाएको ३ महिना भयो, यसै निम्ति म अहिले भन्न सक्छु कि तिमीमाथि अन्याय भएको हो ।'

कुअन्नको प्रभाव कति कडा हुन्छ भन्ने कुरो यसले स्पष्ट गर्दछ ।

खास गरी जब विद्वान्हरूले सामन्ती शोषकहरू अथवा पूँजीवादी शोषकहरूद्वारा दिइने कुअन्नमा आफ्नो जीविका चलाउनु पर्ने हुन्छ अनि उनीहरूको मति भ्रष्ट हुन्छ भन्ने कुरो महाभारतको शान्ति पर्वमा भीष्म पितामहले द्रौपदीलाई भनेको

उपरोक्त कुराले स्पष्ट गर्दछ । सामन्ती शोषकहरूद्वारा पोषिएका विद्वान्हरूले सही धर्मको सट्टा गलत धर्म देखाएर अधर्ममा फसाएका हुनाले नै श्रीकृष्णले भनेका हुन् ।

‘सर्व धर्मान् परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥

भगवान् श्रीकृष्ण भन्नुहुन्छ,‘सारा धर्मलाई छोडिदेऊ, म एउटाको शरणमा आऊ, अनि तिम्रो सम्पूर्ण पापदेखि म तिमीलाई मुक्त गरिदिनेछु ।’ यसको अर्थ के हो ? कृष्णले ‘म भनेर केलाई भनेको हो ? के कृष्णले व्यक्तिगत रूपले आफूलाई म भनेको हो ? होइन ।’ ब्रह्मज्ञान भएको मानिसको निम्ति अहम् (मँ) र त्वम् (तिमी) भन्ने भावना खत्तम भइसकेको हुन्छ । उनीहरू भन्दछन्, तिमी भनेर जो भेद संसारमा देखिरहको छ त्यो अध्यासमय हो, काल्पनिक हो, लौकिक व्यवहार हो र मिथ्या (झुठ) हो । रसो वै ब्रह्म, अहं ब्रह्म यही सत्य हो । सबै ब्रह्मा हो, म ब्रह्मा हुँ यही परमार्थ, यही मूल तत्त्व हो । ब्रह्मसूत्र शाङ्कर भाष्यमा के छ ? भन्ने देखिएको भूमिकामा शहीद श्री शुक्रराज शास्त्रीले यस कुरोलाई स्पष्ट गर्नु भएको छ । स्पष्टतः जसले सबैमा ब्रह्मा देख्दछ उसैले आफूलाई ब्रह्म हूँ ‘अहं ब्रह्म’ भन्न सक्दछ । कृष्णोऽहं सर्वव्यापिषु हो । मानव मात्रको साझा हो, सम्पूर्ण जनता हो । कृष्ण आफु एउटालाई ईश्वर भन्ने पक्षमा छैन । कुनै व्यक्ति-विशेष चाहे सो व्यक्ति राजा, वादशाह वा जो सुक किन नहोस्, जसले आफूलाई नै भगवान् ठान्दछन्, भने यस्तो व्यक्ति देवता होइन, दानव हो र यस्तो व्यक्ति अन्ततोगत्वा पतन भै नरकमा खस्तछ भन्ने कुरा श्रीकृष्णले गीताको १६ औँ अध्यायको १३ औँदेखि १६ औँ श्लोकमा स्पष्टसाथ भनिदिएका छन् । ‘मैँले आज यति कमाएँ मेरो यो मनोरथ पूरा हुन्छ, मलाई अझ यति धन हुनेछ, आज मैले यो यो शत्रु मारेँ, अब अझ म अरुलाई पनि मार्नेछु, मै इश्वर हुँ, संसार मेरो भोगको निम्ति हो । म बलवान र सुखी छु, म उच्च कूलमा जन्मेको कुलीन हुँ र म जस्तो अरुको छ ? भन्ने यस प्रकारको अज्ञान, मोह र भ्रान्तिमा परी विषय भोगमा आसक्त मानिसहरू नरकमा पर्छन ।’

यस्ता कुराहरू संसारको प्रत्येक कुनाकाप्चामा पनि नभएका होइनन् । बेलायतको इतिहासको पन्ना पल्टाए यस्ता कुराहरू नपाइने होइन, त्यहाँका राजाहरूले पहिले भन्ने गर्थे,'हामीलाई ईश्वरले संसारमा भोग गर्न पठाएको हो, जनताको काम हाम्रो सेवा गर्नु हो ।' बेलायतका यस्ता राजाहरूलाई त्यहाँका क्रान्तिकारी जनताले नरकमा नै पठाई दिए । हाम्रो इतिहासमा 'हिरण्यकश्यप महाराज यस्तै थिए । उनी भन्ने गर्थे,'मैँ ईश्वर हुँ ।' प्रह्लादको दलको भनाइ हो' सम्पूर्ण जनता नै ईश्वर हो यसै निम्ति जहाँ हिरण्यकश्यप आफ्नो आफ्नो कल्याणको लारा दिन्थे, प्रह्लादको नारा थियो, 'नमो वासुदेवाय' अर्थात् वासुदेवलाई नमस्कार नमस्कार ।

यी वासुदेवको हुन ? गीताको ७ औँ अध्यायको १९ सौँ श्लोकले यस कुरालाई स्पष्ट गर्दछ । 'वासुदेवः सर्वमिति ।' अर्थात्, सबै मानव जाति नै वासुदेव हुन् । यस सङ्घर्षमा प्रह्लादले अनेक कष्ट सहनु पऱ्यो, पहाडबाट खसालियो, आगोमा होमियो, हात्तीद्वारा कुल्चाइयो । यी सबै कष्टहरू प्रह्लादले दृढताका साथ झेले, आखिर अन्तमा विजय प्रह्लादकै भयो । मलाई कसैले मार्न सक्तैन भनी घमण्ड गर्ने हिरण्यकश्यपलाई नृसिंहले नष्ट गरि दिए । यहाँ नृसिंह भन्नाले एक व्यक्ति मानिस र सिंहको मिश्रित रूप नभई सिंहका रूपमा उठेका सम्पूर्ण जनता हुन् भन्ने कुरानरसिंह पूर्वतापिन्युपनिषत्को द्वितीय खण्डमा स्पष्ट हुन्छ । त्यसमा नरसिंह एक्लो नभई नरसिंहको विशाल र भयंकर सेनाले हामीलाई हमला नगरोस् भनिएको छ । स्पष्टतः यो विशाल र भयंकर क्रान्तिकारी जनता नै वास्तविक नरसिंह हुन् । नरसिंह बारे त्यसै भागमा भनिएको छ,'नरसिंह सबै मानिसहरू र देवताहरूमा व्याप्त छ ।' नरसिंहलाई सर्वतोमुखी किन भनिन्छ भन्दा यस उपनिषद्मा भनिएको छ,'सर्वाणि भूतानि ।' सबै मानिसहरू भएकोले, 'यष्मात् सर्वेषां भूतानां ना वीर्यतमः श्रेष्ठतमश्च सिंहो वीर्यतमः श्रेष्ठतमश्च । तस्मात् नरसिंह अ सीत्परमेश्वरो अ सीत्परमेश्वरो जगद्धितं....'

मानिस र सिंह जस्तो वीर पराक्रमी र उच्च अरु हुँदैन यसै निम्ति जगतको हितमा सिंह जस्तै पराक्रमी भएर उठेका जनता नै नरसिंह हो र यही नै

भगवानको रूप हो । हिरण्यकश्यप जस्ताले नै आफु एक्लैलाई ईश्वर र अरु बाँकीलाई तुच्छ सम्झन्छ र उनीहरू माथि नीच व्यवहार गर्ने गर्दछन् । तर वासुदेव भन्नाले सम्पूर्ण जनता हो र जब यही जनता सिंह भए उठ्छ अनि यसैलाई नरसिंह अवतार भनिएको हो । यस्तो नरसिंहले सबै मानव जातिलाई रक्षा गर्ने र दुष्टहरूलाई नाश गर्ने गर्छन, यसैले यसलाई उअ पनि भनिन्छ ।

वामन अवतार बारे मानिसहरूले प्रश्न उठाउन पनि सक्तछन् की एउटा पुड्को बाहुन कसरी यत्रो ठुलो भयो ? श्रीकृष्ण भन्नुहुन्छ 'हर चीज तत्त्वज्ञानबाट ज्ञान ।' तत्त्वज्ञान हुनु अति आवश्यक छ । याद गर्नु पर्ने कुरो वामन एउटा ब्राह्मण हो । ब्राह्मण कसलाई भनिन्छ ? ब्राह्मण उही हो जसले ब्रह्म ज्ञान प्राप्ता गरेको हुन्छ । अर्थात् जसले सम्पूर्ण मानवको आत्मा एकै हो, सबै मानिस बराबर हुन्, सबैको दुःखसुख एउटै हो भन्ने कुरामा दृढ ज्ञान प्राप्त गरी आफु र अरुको बीच कुनै भेद ठान्दैनन् । यस्तो ब्रह्म ज्ञानीले सम्पूर्ण जनताको दरिद्रता बिर्सी आफु एक्लैको निम्ति तीन पाइला जमीन माग्न जाँदैन । वामनले जो मागे सम्पूर्ण जनताको निम्ति मागे । सम्पूर्ण जमीन सामन्तीहरूले ओगटी सकेको हुनाले बलिराजासँग ती जनतालाई तीन पाइला जमीन दिने ठाउँसम्म पनि बच्न गएन र ती सम्पूर्ण दरिद्र जनता नै वामन हुन् र जसलाई वामन भनियो दरिद्र जनताको नेतृत्व मात्र गरेका हुन् र यी सम्पूर्ण जनता मिलेर नै उनको विशालकाय (शरीर) बनेको हो, उनी एक्लैले संसार ढाकेको होइन । यही जनताको पाउ पर्ने आदेश वामनले बलिराजालाई दिएको हो ।

श्रीकृष्णले एक कुरा सही भन्नु भएको छ,'जब जब धर्म लोप हुन्छ, तब तब धर्मको स्थापनार्थ म आफूलाई सृष्टि गर्छु ।' क्रान्तिकारी नरसिंहको अवतार बराबर भएकै देखिन्छ, जब जब अन्याय बढ्छ, न्यायको निम्ति नरसिंह भएर जनता उठ्छ, त्यसवेला यो नरसिंहलाई कसैको कुनै अमोध शस्त्र अस्त्रले पनि छुन सक्तैन ।

भगवान् कुनै मानिसमा बढी र कुनैमा कमी हुँदैन । कृष्णको भनाई हो 'समोहं सर्व भूतेषु न मे द्वेषोऽस्ति न प्रियः अर्थात् म सबैमा बराबर छु र मेरो निम्ति बढ्ता मनपर्ने वा मन नपर्ने कोही छैन ।

अब हामी कृष्णको म शब्दमा जाउँ । यो म सबैमा छ र कृष्णले आफु र अरु सबै एउटै हो भन्ने पूर्ण भावना र यही अनुरूप काम गर्ने शक्ति प्राप्त गरिसकेका थिए । कृष्णले अरुलाई र आफूलाई फरक नसम्झीकन एउटै भन्नसकेका छन् । त्यसै निम्ति कृष्णको भनाई 'सर्व भूतश्वचामात्मानं सर्व भूतानिचात्मनि ईक्षते योगयुक्तात्मा सर्वत्र सर्व दर्शनः अर्थात् योग सिद्ध भइसकेको मानिसले आफूलाई सबैमा देख्दछ र अरु सबैलाई आफुमा देख्दछ । यसै निम्ति आफु समेत अरु सबैलाई एउटै हो भन्ने दृष्टिले देख्दछ । यसै अर्थमा कृष्णले यो पनि भनेका थिए कि, 'यो मां पश्यति सर्वत्र, सर्वत्रमयि पश्यति । तस्याहम् न प्रणश्यामि स चः मे न प्रणश्यति ।' जसले आफूलाई सबैमा देख्दछ र सबैलाई आफुमा देख्दछ त्यसको निम्ति ईश्वर नाश हुँदैन र ईश्वरको निम्ति उनी नाश हुँदैनन् । कृष्णको भनाई हो, 'सम सर्वेषु भुतेषु, तिष्ठतम् परमेश्वरम् । विपश्यत्स्वविनस्यन्तं यः पश्यति स पश्यति । अर्थात् परमेश्वर सबै मानिसहरूमा समान रूपले रहेका हुन्छन् र व्यक्तिगत रूपले मरे पनि सम्पूर्ण मानवमा रहेको त्यो परमेश्वर अर्थात् मानव जाति कहिले नाश हुँदैन । यो कुरो जसले देख्न सक्छ उसैले मात्र देख्न सक्छ । जसले आफु र अरु एउटै हो भन्ने पूर्ण ज्ञान प्राप्त गरिसकेको हुन्छ उसले नै आफ्नो निजी स्वार्थ नखोजी र आफ्नो कामको फल भोग्ने आशा नगरी सम्पूर्ण मानवको हितमा लाग्न सक्छ ।

मानवतावाद नै श्रीकृष्णको दर्शनको मूल सिद्धान्त हो भन्ने कुरो कृष्ण बारेका २ घटनाहरूले स्पष्ट गर्दछ । एक घटना हो श्रीकृष्णको रुक्मणिसँगको विवाह । राजाकी छोरी रुक्मणि सामाजिक व्यवहार राम्ररी गर्न चाहन्थिँ, तर क्रान्तिकारी कृष्णसँग यति धन थिएन कि यी सबै व्यवहारहरू राम्ररी गरुन्, यसै सन्दर्भमा रुक्मणिलाई श्रीकृष्ण भन्नुहुन्छ, 'विदर्भ राजकुमारी ! तिमीले मसँग विहे गरेर ठुलो भूल गर्‍यौ । म जरासन्ध आदि राजाहरूदेखि डराएर समुद्रको शरणमा आएर बस्नु परेको छ । अरुलाई मानिस नगन्ने ठुल-ठुला बलवानहरूसँग मेरो शत्रुता छ । मँसग कुनै राज्य छैन । म कुन सिद्धान्तमा लागिरहेको छु, मेरो सिद्धान्त के हो, यो पनि मानिसहरूलाई थाहा छैन । हामीहरू समाजमा चलिरहेका लोकव्यवहार (भित्री व्यवहार) पनि राम्रोसँग

गर्दैनौँ । हामी स्त्रीहरूसँग अनुनय-विनय गरेर रिझाउन पनि जान्दैनौँ । जुन स्त्रीले हामी जस्तो मानिसको साथ दिन्छ, उनीहरूले अक्सर दुःखै भोग्नु पर्छ । सुन्दरी ! म त सधैँको धनहीन हुँ । मसँग न कहिले केही थियो, न हुनेछ । यसै त गरीबहरूसँग म प्यार गर्दछु । उनीहरू पनि मलाई प्यार र माया गर्छन् । यस कारण आफूलाई धनी सम्झनेहरूसँग प्रेमभाव राख्दैनन् र मेरो वास्ता गर्दैनन् ।' श्रीकृष्ण फेरि भन्नुहुन्छ, 'म स्त्री, सन्तान र धनको लोभी होइन ।' श्रीकृष्णबारे पञ्च पाण्डवहरूकी आमा कुन्ती भन्नुहुन्छ, 'श्रीकृष्ण आफु र अरुमा फरक नदेख्ने, जगतको परम हितैषी र मित्र हुन् । साथै अनाथ र कमजोरहरूको एक मात्र सहारा र सबैलाई उत्तिकै माया गर्ने हुन् ।'

श्रीमद्भागवत् दशम स्कन्दमा उल्लिखित अर्को घटनाले श्रीकृष्णको दर्शनलाई अझ स्पष्ट गर्दछ । एक दिन ग्रिष्म ऋतुको वेला, घोर ताप दिएर घाम लागिरहेको थियो । त्यसवेला श्रीकृष्ण वृन्दावन नाघेर घोर जङ्गलबाट साथिहरूसँगै यमुना नदीतिर गइरहेका थिए । त्यसबेला श्रीकृष्णले रुखहरूलाई देखाएर भन्नुहुन्छ, 'सार्थक जीवन उनीहरूकै हो, कारण यी रुखहरूले जीवनभर मानवताको सेवा गरेको हुन्छ, छाँया दिएर, फूल दिएर, सुगन्ध दिएर, फल दिएर, पातहरू दिएर, पछि लकडीको रूपमा आगो दिएर अनि गोल भइसकेपछि पनि आगोको रूपमा मानिसहरूलाई गर्मी दिएर ।'

मानिसहरू अक्सर श्रीकृष्णले आफ्नो सेवा गर भनेको भनि भन्छन् । श्रीकृष्णले कहिल्यै आफ्नो सेवा खोजेनन्, उनले चाहेको हो मानवताको सेवा । सम्पूर्ण मानव तथा प्राणीहरूलाई आफैँ सम्झन्छन् र सम्पूर्ण प्राणीको सेवा अथवा कल्याणको निम्ति काम गर्नु नै श्रीकृष्णको आफ्नै निम्ति गरेको सेवा वा कल्याण कार्य सम्झन्छन् । श्रीकृष्णले गीतामा वेला बखतमा म शब्द प्रयोग गरेका छन् । तर त्यो म आफु एक्लोको म नभई सबै प्राणीमा व्याप्त साझामुको ठाउँ-ठाउँमा कृष्णले यही साझा मलाई म भनेका छन् । संसारमा सबभन्दा ठुलो ज्ञान अथवा ठुलो दर्शन, तर आफु र अरु एउटै हो भन्ने भावनाले ओतप्रोत हुनु सबभन्दा गाह्रो कुरो हो ।

जब मानिसले दायाँ हात र बायाँ हातमा कुनै फरक नदेखे झैँ आफु र अरुमा कुनै फरक देख्दैनन्, तब त्यस्तो मानिसबाट न कुनै पाप कर्म गरिएको हुन्छ, न उसलाई पापले नै छुन सक्नेछ । यसै मानेमा श्रीकृष्णले सारा धर्म छोडेर म भन्ने एक कुरोको शरणमा आऊ म तिमीलाई सबै पापबाट मुक्ति गरिदिन्छु भनेका हुन् । यो कुरो भन्नु भन्दा अघि श्रीकृष्णले भनिसकेका थिए कि,

'ईश्वरः सर्वभूतानां हृद्देश्येऽर्जुन तिष्ठति !
भ्रामयन् सर्वभूतानि यन्त्रा रुढानिभाषया ।
त्वमेव शरणं गच्छ सर्व भावेन भारत !
तत्प्रशादात् परां शान्ति स्थानं प्राप्यसि शाश्वतम् ।'

अर्थात्'इश्वर सबै प्राणीको हृदयमा बसेको छ, उही ईश्वरले यन्त्रमा चढेको मान्छे घुमाए झैँ सबैलाई घुमाउँछन् । त्यो ईश्वर सबैमा छ भन्ने भावना लिएर त्यसकै शरणमा जाऊ, उनैको प्रसाद वा कृपाले तिमीले ठुलो शान्ति र शाश्वत पद प्राप्त गर्नेछौ ।

यसरी हर तरिकाले श्रीकृष्णले मानव मात्र ईश्वर हो भन्ने सम्झाई सकेपछि, आफु र अरु सबै एउटै हो भन्ने बुझाई सकेपछि नै त्यो साझा म को रूपमा मेरो शरणमा आऊ भनेर भनेका हुन् ।

स्पष्टतः यसरी आफु र अरुलाई एउटै सम्झेर निस्वार्थ भावले सम्पूर्ण मानवको हितको निम्ति काम गर्नु नै सर्वश्रेष्ठ धर्म हो भन्ने कुरो श्रीकृष्णले सम्झाएका छन् ।

आफुसँग पैसा छ भने एक हजार ब्राह्मण बोलाएर ब्राह्मण भोजन गराएर अथवा सौ-पचास गरीबलाई ख्वाएर उनीहरूलाई सौपचास कम्मल बाँढेर धर्म गर्नु कुनै गाह्रो काम होइन । यस्तो धर्म तामसी धर्मभन्दा माथि उक्लेको धर्म होइन । तर सम्पूर्ण मानवलाई आफैँ सम्झेर निरन्तर उनीहरूको जीवन सदाको निम्ति सुखमय बनाउने कार्य दुष्कर कर्म हो । यस्तो मानिस सत्व, रज, तमबाट माथि उठिसकेको हुन्छ, निष्काम कर्मद्वारा जीवन मुक्त भइसकेको हुन्छ । यस्तो मानिसको निम्ति धन, मान, प्रतिष्ठा वा स्वर्ग जाने लोभ सारा

नष्ट भइसकेको हुन्छ र आफु मुक्त भएर निर्वाण पद प्राप्त हुन्छ कि हुँदैन भन्ने कुरो पनि बिर्सिसकेको हुन्छ । श्रीकृष्णले गीताको ५ औँ अध्यायको २५ औँ श्लोकद्वारा भन्नु भएको छ,'मनमा पाप नभएको, दोमन नभएको र आफ्नो मनलाई आफ्नो वशमा राख्न सक्ने मानिसले नै सम्पूर्ण मानवको हितमा लाग्न सक्छ र यस्ता मानिसहरू नै ऋषि हुन् र उनीहरू जीवनमुक्त भएर उनीहरूले नै ब्रह्म निर्वाण प्राप्त गर्दछन् ।'

यस्तो मानिसलाई पानीले कमलको पातलाई छुन नसके झैँ कुनै दुःखले छुन सक्दैन । कार्ल माक्सले एक ठाउँमा भनेका थिए,'जब मानिसले सम्पूर्ण मानवको निम्ति काम गर्न थाल्छ उनको निम्ति कुनै बोझ पनि बोझ महशुस हुँदैन ।' श्रीकृष्णले मुक्तिको बाटो मानवताबाट अलग भगवान् पूजा गरेर होइन, मानवताको सेवाबाट प्राप्त हुन्छ भन्ने कुरामा जोड दिँदै भन्नुहुन्छ, 'ब्रह्मत्व प्राप्त गरेको मानिसले हर बखत प्रसन्न चित्त भएर न कुनै कुराको अफशोच गर्छ, व्यक्तिगत रूपले न कुनै कुराको इच्छा राख्दछ, उनले सबै प्राणीमा समभाव राखेर भगवानको परम भक्ति प्राप्त गर्दछ ।' साथै कृष्णको भनाइ हो 'ईश्वर सबै प्राणीको हृदयमा बास गर्दछ र उही ईश्वरले सबै प्राणीलाई आफ्नो मायाको यन्त्रले चलाए झैँ चलाउँछ त्यसैकारण कृष्णले अर्जुनलाई भन्नुहुन्छ, सबैमा व्याप्त उही ईश्वर सबैमा छ भन्ने भावना लिएर उनैको शरणमा जाऊ र उनैको प्रसादले शाश्वत पद प्राप्ती हुनेछ ।' स्पष्टतः मानव मात्रको सेवा नै धर्मको मूल हो र अरु अग्रम् बग्रम् धर्म गरेर धर्म हुने होइन ।

सवाल छ, मानव सेवाको तात्पर्य के भयो ? के जनता चूसेर, दमन गरेर जनतालाई बेकारी तथा भुखमरीको सिकार बनाएर, बलिराजाले झैँ जनतालाई कहाँ बसौँ, के गरुँ भन्ने समस्या उत्पन्न गरेर अनि विश्व शान्ति होस् भनी यज्ञ गरेर अनेक देवी देवताको मन्दिर चहारेर दिनभरी हरेराम कीर्तन गाएर, गालामा लागेको दही चाटेर, दुध, दही र फलफूलले मस्त भएर ईश्वरको नाउँ लिदैँ नाँच्दै गरेर अथवा सानातिना कुराहरूमा परोपकार गरेर गरीबहरूलाई कहिलेकाँही खुवाएर अथवा कम्मल बाँढेर मात्रै धर्म हुने हो ? के जनसेवाको यही रूप हो । पहिले जनतालाई चुसेर धन जम्मा गऱ्यो, अनि त्यही धनको

एक अंश दान दातव्य वा परोपकार गरेर जनताको सेवा हुने हो ? अथवा कल्याणकारी राज्यको नाउँमा जनता माथिको शोषण र दमन यथावत राखेर जनतालाई एकाध सहुलियत दिएर मानवप्रतीको कर्तव्य पूरा हुने हो ? निश्चय नै यस्तो कार्य राक्षसहरूले मानिसको रगत चुसेर अनि त्यस घाउ माथि मल्हमपट्टि लगाई दिने जस्तो मात्र हो । यदि सम्पूर्ण मानिस नै वासुदेव हो अथवा ईश्वर हो भने उनीहरू माथिको शोषण, दमन, निर्मूल गर्नु नै सही अथवा मानवको सेवा वा धर्म हो ।

जनतालाई शोषण, दमनबाट मुक्ति दिलाई सामाजिक आर्थिक एवम राजनीतिक आदि सबै क्षेत्रमा जनतालाई देशको मालिक बनाउने कार्यमा निस्वार्थ भावले निरन्तर संलग्न रहनु नै धर्मको मूल हो, ब्रह्म प्राप्त गरी मुक्ति हुने बाटो हो ।

कृष्णको भनाई छ 'परित्राणाय साधुनाम् विनाशाय च दुष्कृताम्.... अर्थात् अर्कालाई दुःख नदिने मानिसहरूको रक्षा गर्नको निम्ति र मानिसहरू माथी शोषण दम अत्याचार गर्ने र दुःख दिने दुष्टहरूको नाश गर्नको निम्ति म वेला वेलामा अवतरित हुनेछु, 'अर्थात् बारम्बार नरसिंह भएर अवतार लिनेछु । बराबर हुँदै आएको क्रान्तिकारी विष्फोट यसैको लक्षण हो । यस कुरोलाई मानिसहरूले तत्त्वज्ञानद्वारा बुझ्ने गर्छ । यस दृष्टिकोणबाट कृष्ण एउटा ठुलो दार्शनिक मात्र नभई एक महान् क्रान्तिकारी पनि हुन् । उहाँको जन्मकाल देखि ठुलो सङ्घर्ष गरेर आउनु पर्‍यो । जन्म भयो-जेलमा । जन्मने बित्तिकै मार्ने भयले जमुनामा बढेको वर्षाको बाढीको सामना गरी मथुराबाट गोकुलमा राख्न लगियो र उहाँलाई आफ्नै माता पिताले होइन अरुले हुर्काए । श्रीकृष्णलाई मार्ने बीच बीचमा अनेकौँ दाउ पेच र षड्यन्त्रहरू चलि नै रह्यो । उहाँलाई मार्ने आफ्नै मामा कंशले कम कोशिस गरेको होइन, आखिर अत्याचारी कंश महाराज श्रीकृष्णकै हातबाट खत्तम भयो । जरासन्ध राजाले उहाँलाई उत्तिकै दुःख दियो । भूमिगत भै गाउँमा बस्दा जरासन्धले सारा गाउँलाई नै सताउन थाल्यो, अनि उहाँले त्यो गाउँ छोडि पहाडमा लुकेर बस्न जानु भयो । श्रीकृष्ण त्यस पहाडमा छन् भन्ने थाहा पाई त्यस पहाडको चारैतिर आगो बाली उहाँलाई जिउँदै डढाउने कोशिस भयो र उहाँले सो आगो नाघेर कुदेर

भाग्नु पर्‍यो । यस्तो अनेकौँ आपत र कष्ट भेल्दै उहाँ अगाडि बढे । उहाँको यो क्रान्तिकारी जीवनलाई बदनाम गर्न र उहाँको चरित्र हत्या गर्न सामन्ती पण्डितहरूले उहाँलाई मख्खन चोर, १६ हजार गोपिनी राख्ने इत्यादि प्रचार गरे, किताबहरू लेखिए र सामन्तहरूले श्रीकृष्णको भुठा उदाहरण लिएर आफूले महिलाहरूको जीवनसँग खेल्ने र अनेक कुकर्म गर्ने बाटो खोले ।

मख्खन भर्दै सामन्तहरू कहाँ सलामी (नजराना) लैजाने मख्खनको मट्का (भाँडो) उहाँले अवश्य पनि तोडे । कारण उहाँ यस्तो सामन्ती शोषणको बिरोधी थिए । कृष्णले गोपिनीहरूलाई इन्द्रको पूजा गर्नुको सट्टा सबैको गाई चराउनु पर्ने गोर्बधन पहाड पूजा गर्न लगाए ।

श्रीकृष्णलाई चरित्रहिन साबित गर्न १६ हजार गोपिनीहरूलाई कृष्णको रखेलको रूपमा चित्रण गरिन्छ । तर याद गर्नु पर्ने कुरो श्रीकृष्ण योग सिद्ध पुरुष हो, जसले आफ्नो मनलाई वशमा राख्न सक्दछन् र महादेवले भैँ काम वासना माथि विजय प्राप्त गरेका व्यक्ति हुन् । उहाँले गीतामा बारम्बार ब्रह्मचर्य माथि जोड दिनु भएको छ ।

योग अभ्यास गर्दा उहाँ भन्नुहुन्छ, 'प्रशान्तात्मा विगत भी ब्रह्मचारी व्रतेस्थितः । मन संयम्यमच्चितोयुक्तआसीत मत्पर । मतलब हो पूर्ण शान्त र निर्भय भएर ब्रह्मचर्य व्रतमा दृढ भएर मनलाई वशमा राखी समस्त प्राणीमा व्याप्त ईश्वरमा ध्यान लगाऊ । यस्ता मानिसले आफ्नो आफ्नो मनलाई काबुमा राखेर आफ्नो आत्मा र अर्काको आत्मा एउटै हो भनी मिलाउँछन्, उसले शान्ति प्राप्त गरी मोक्ष प्राप्त गर्दछ । काम वासना, क्रोध, लोभलाई उहाँ पापको घर भन्नुहुन्छ । गीताको अध्याय १२ श्लोक ४ मा उहाँ भन्नुहुन्छ, 'आफ्नो सम्पूर्ण इन्द्रियलाई वशमा राखी, सबै मानिसहरू बराबर हुन् भन्ने ठानी, सम्पूर्ण प्राणीको हितमा लाग्नेले नै ईश्वर प्राप्त गर्दछ । 'काम वासना र क्रोध माथि विजय प्राप्त गर्ने कुरामा श्रीकृष्णले बारम्बार जोड दिएका छन् ।

श्रीकृष्ण न धेरै खाने पक्षमा छन् न उपवास बस्ने पक्षमा । विहारमा पनि उचित हुनु पर्छ भन्ने श्रीकृष्ण अति ज्यादा भोगको विरोधी हुनुहुन्छ । श्रीकृष्ण

भन्नुहुन्छ, 'यो चन्चल मन जतातत‌ै जान खोज्छ, यसलाई खिचेर आफ्नो वशमा राख ।'

श्रीकृष्ण सबैलाई मित्रवत् ठान्ने र कसैको दु:ख हेर्न नसक्ने र सबैप्रति करुणा भावले ओतप्रोत व्यक्तित्व हुनुहुन्छ । उहाँ घमण्डको लेश मात्र पनि नभएको विनम्रभन्दा विनम्र व्यक्तित्व हुनुहुन्छ भने कुरो महाराज युधिष्ठिरको राजसुय यज्ञमा उहाँले लिएको कामले देखाउँछ । अरुहरूले ठुलठुला कामको जिम्मा लिए, तर श्रीकृष्णले सम्पूर्ण पाहुनाहको पाउ धुने काम लिनु भएको थियो । दुष्ट बुद्धि राख्ने दुर्योधन महाराज कहाँ ८४ व्यञ्जनले युक्त भोजन छाडि विदुर कहाँ आएर केराको बोक्रा पनि खुसी भएर खाने श्रीकृष्ण, अनि वनवासी द्रौपदी कहाँसँगको त्यान्द्रो खाई सन्तुष्ट हुने श्रीकृष्णलाई ऐयासी भनि प्रचार प्रसार गर्नेहरू शोषकहरूको कुअन्नले पोषेका विद्वान्हरू भएर पनि कुबुद्धिले भरेका दलालहरू मात्र हुन् भन्ने कुरामा केही शंका छैन । श्रीकृष्ण ऐयासी होइन, उहाँ भोग विलासमा डुब्ने व्यक्ति होइन साथै उहाँको सम्पूर्ण जीवन आफ्नो निजी फाइदाको निम्ति होइन, सम्पूर्ण मानव मात्रको जीवनमा क्रान्तिकारी परिवर्तनको निम्ति अर्पित थियो भन्ने कुरो गीताको दोस्रो अध्यायको ४३ औँ र ४४ औँ श्लोकले स्पष्ट गर्दछ ।

श्लोक ४४मा श्रीकृष्ण भन्नुहुन्छ,'भौगैश्वर्य प्रसक्तानां तयापहृतचेतसाम् व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ।' भोग ऐश्वर्यमा डुब्ने मानिसको बुद्धि यही भोग ऐश्वर्यले गर्दा नष्ट भएर जान्छ र आफ्नो निजी फाइदाको निम्ति काम गर्ने मानिसको बुद्धिले समाधि प्राप्त गर्न सक्तैनन् अर्थात स्थिर बुद्धिको हुन सक्तैन । यस्तो उच्च आदर्शले युक्त पुरुषलाई १६ हजार गोपिनीहरूसँग अनैतिक सम्बन्ध राख्ने रूपमा चित्रण गर्नु सामन्ती कुअन्नबाट उत्पन्न भएको कुबुद्धिको द्योतकभन्दा अरु भन्न सकिँदैन । गोपिनीहरूसँग श्रीकृष्णको सम्बन्धमा एउटा सङ्गठनात्मक सम्बन्ध बाहेक अरु हुन सक्दैन, क्रान्तिकारी श्रीकृष्णलाई महिलाहरूको सङ्गठनको पनि त्यत्तिकै जरुरी थियो, जतिको पुरुषहरूको । उहाँको क्रान्तिकारी सङ्घर्षको लक्ष्य साम्यवाद नै हो भन्ने कुरो गीताको ५ औँ अध्यायको १९ औँ श्लोकले स्पष्ट गर्दछ ।

गीता सम्पूर्ण माओन एकै हो, सबैको सुख, दु:ख एउटै हो र प्रत्येक मानिसले आफु र अरु एउटै हो भन्ने साम्यवादी भावनाले ओतप्रोत छ । फेरि पनि यस श्लोकले अझ स्पष्ट रूपमा भनेको छ कि, 'इहैव तैर्जितः सर्गो येषां साम्ये स्थित मनः ।' अर्थात् जसको मन साम्य भावनामा स्थिर छ, उनीहरूले यही संसारमा सबै कुरा जितेका हुन्छन् । अर्थात् साम्यवादी भावना राख्ने (साम्यवादीहरूले) यसै संसार (धरती)लाई स्वर्ग बनाई दिन्छन् । साम्यवादको यस उच्च आदर्शप्रति स्वयम् श्रीकृष्ण पनि समर्पित थिए ।

यसै उच्चादर्शको निम्ति श्रीकृष्णले आफ्नो सम्पूर्ण जीवन लगाए, भोग ऐश्वर्यमा डुब्ने अथवा आफ्नै सुख ऐश्वर्य प्राप्तिको निम्ति होइन । श्रीकृष्ण आफ्नै सुख-दु:ख, मानापमान सबैलाई एक समान ठान्नु हुन्छ । उहाँको कसैप्रति कुन द्वेष छैन, सबैसँग मैत्री व्यवहार गर्नु हुन्थ्यो ।

सम्पूर्ण मानवलाई आफु सम्झनु र आफू र अरुमा कुनै भेद नदेख्नु र सम्पूर्ण मानवको जीवनमा क्रान्तिकारी परिवर्तन परिवर्तन ल्याउनु, मानिस माथिको शोषण दमनको बिरोध गर्नुको निम्ति आफ्नो जीवन अपर्ण गरी मानवताको रक्षाको निम्ति दुष्टजनको संहार गर्नु र यी काम गर्दा आफ्नो निजी फाइदाको कुनै वास्ता नगर्नु आदी दैवीगुणले युक्त श्रीकृष्ण निश्चय नै पूजनीय हुन् ।

अब कुरो उठ्छ पूजा कसरी ? श्रीकृष्ण आफूलाई पूजा गरोस् भन्ने चाहँदैनन् । उहाँको निम्ति मानापमान बराबर छ । पूजा गर्‍यो भन्दैमा उहाँ खुसी हुने कदापि होइन । सम्पूर्ण मानव मात्रको सेवा नै उहाँको सेवा हो, उहाँको पूजा हो ।

मानव जाति माथि भइरहेको अन्याय, अत्याचार, शोषण र दमनको बिरोध गरी समग्र मानव जीवनलाई नै शोषण, दमनबाट मुक्त हुने कार्यमा डर, त्रास, भय नमानी निश्वार्थ भावले आफूलाई समर्पित गर्नु नै उहाँप्रतीको पूजाको सही रूप हो । 'सर्व भूत हिते रतः समग्र प्राणीको हित कार्यमा लाग्नु नै उहाँप्रतीको पूजाको सही रूप हो ।

प्रत्येक मानवले गर्नु पर्ने मानवप्रतीको यस कर्तव्य वा धर्मलाई बिर्सी उहाँको

मूर्ति पूजा गरेर, हरेराम हरेकृण भन्दै उफ्री उफ्री नाचेर गालामा लागेको दही चाटेर, रात काटेर धर्म कमाएँ भन्ठान्नेहरूसँग बलिराजासँग कुपित भए झैँ भगवान् कुपित हुने सिवाय प्रसन्न हुने कदापि होइन ।

मानिसहरू गरीबलाई दुई पैसा दान दिएर, गरीबलाई एक छाक खुवाएर, गरीबहरूमा कम्मल बाँडेर वा वाहुनलाई दान दिएर धर्म कमाएँ भन्न थाल्दछन् । के यस्तो दुई पैसा माग्नु पर्ने, परमुखापेक्षी भै अर्काले दिएको एक छाक खानु पर्ने, जाडो टार्न अर्काले दिएको कम्मल हात थाप्नु पर्ने स्थितिलाई नै सधैँको निम्ति उन्मूलन गर्नु धर्मको मूल होइन र ? बाहुनलाई दान दिनुभन्दा बाहुनलाई दानै लिन नपर्ने स्थितीको सिर्जना गर्नु के धर्मको मूल होइन ?

निश्चय पनि धर्मको मूल हो एक यस्तो नयाँ समाजको सिर्जना गर्नु जुन समाजमा कसैले पनि परमुखापेक्षी भै भाग्न नपरोस्, लाचार भैकन अर्काको अगाडि हात थाप्न नपरोस्, बाहुनले पनि दानकै मुख ताकेर बस्न नपरोस् र यसै निम्ति सम्पूर्ण देशवासी जनताहरूको जीवन सम्पन्न, सुखी र सुनिश्चित हुने खालको एक नयाँ समाजको निर्माण गर्नु जहाँ जनता स्वयम् देशको सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्रमा मालिक भै देशको निरन्तर विकास गरी आफ्नो देशलाई एक समुन्नत देश बनाउने बाटो खुलोस् र देशको उन्नतिको फल सम्पूर्ण जनताले समाज रूपले उपभोग गर्न पाउन, जहाँ टुहुरा बालक बालिकाले मेरा आमाबाबु कोही छैन मैले के गर्ने, कसले पढाई (शिक्षा दीक्षा) दिने भन्नु नपरोस्, जुन समाजमा असक्त बुढाबुढीले हामीलाई कसले हेरचाह गर्लान् अथवा विरामी भयौँ अब कसले उपचार गरिदिन्छ, कसरी बाँच्ने भन्ने चिन्ता लिनु नपरोस्, जहाँ प्रत्येक युवाहरूले कहाँ रोजगार पाउने, परिवार कसरी पाल्ने भन्नु पर्ने स्थिति नै नआओस् ।

यी सबै समस्याहरूको समाधान साम्यवादी समाजको स्थापना गरेर नै हुन्छ । अतः साम्यवादी समाजको स्थापना गर्ने कार्यमा निरन्तर निस्वार्थ भावले लाग्नु नै जगतलाई धारण गर्ने सर्वश्रेष्ठ धर्म होइन र ?

एक याद गर्नु पर्ने के हो भन्दा कुनै पनि धर्म राजनीतिबाट अलग्गिएर

रहन सक्दैन । 'सर्वे धर्मा राजनीतै प्रविस्ता ।' अर्थात् 'राजनीतिमै सबै धर्म प्रवेश गरेको छ ।' स्पष्टतः राजनीति स्वयम् एक धर्म हो, यदि यो राजनीति सम्पूर्ण जनताको निम्ति निस्वार्थ भावले गरिन्छ भने ।

राजनीतिमा लाग्ने अथवा राजनीतिसँग सम्बन्धित व्यक्ति वा व्यक्तिहरूले राजयोगी पनि बन्न सक्नु पर्छ । राजनीति आफ्नो कुर्सी बचाउन, आफ्नो सुख, सयल, मोज मज्जा वा बैँक बेलेन्स बढाउनको निम्ति नभई सम्पूर्ण जनतामा समभाव राखी सबै जनताको जीवनमा एक नयाँ परिवर्तन ल्याउनको निम्ति हुनु परेको छ । राजनीतिज्ञले धनको लोभ गर्दैन, बैँक बेलेन्स बढाउँदैन । आफूलाई चाहिने दैनिक खर्चभन्दा बढी धन कमाउने २ नं.को बाटो खोज्दैन र आफ्नो सम्पूर्ण श्रम तथा साधन जनसेवामा लगाई जनता माथिको शोषण दमन, अन्याय, अत्याचार निर्मूल गरी जन-जीवन सुनिश्चित गर्नको निम्ति नै कार्यरत रहन्छ र यस्तो कार्यबाट मात्रै जगतको धारण पनि हुन्छ, अन्यथा धर्मको नाउँमा गरिने अरु कुनै प्रकारको कामले जगतको धारण हुन सक्दैन । यसैले धर्म गरौँ, सम्पूर्ण मानव समाजका क्रान्तिकारी परिवर्तन ल्याएर सबैको जीवन, सुखी सम्पन्न तथा सुनिश्चित बनाउनको निम्ति यसै अनुकूल कार्यमा हामी सबै संलग्न होऔँ र सबैले निरन्तर सत् कार्य गरौँ ।

सही धर्म यही हो र श्रीकृष्णको यही सदीच्छा हो र यसै अनुकूल काम गर्नु नै श्रीकृष्णको सही पूजा हो ।

# विश्व हिन्दु महासम्मेलन : उपादेयता र उपयोगिता

## हिन्दु धर्म र वर्णाश्रम व्यवस्था

भनिन्छ," धर्मेण धार्यते जगत्" अर्थात् यो जगत धर्मले नै थामेको छ । यो पनि भनिन्छ" हिन्दु धर्म संसारको सबैभन्दा उच्च धर्म हो ।" यस्तो उच्च हिन्दु धर्मले हिन्दुहरूलाई किन बचाउन सकेन ? हिन्दु राजाहरू विष्णुको अवतारमा गनिन्छन् । अनि हिन्दु धर्मावलम्बी ती भारतका सम्राटहरू किन मुसलमान आक्रमकहरूको सामुन्ने टिक्न सकेनन् ? यो हिन्दु धर्मले जगतको के कुरो स्वयम् धर्मभीरु हिन्दुहरूलाई किन बचाउन सकेन ? हिन्दुहरूको सबैभन्दा ठुलो देवता सोमनाथ तथा काशी विश्वनाथले आफैलाई पनि किन रक्षा गर्न सकेनन् र मुसलमान आक्रामकको हातबाट टुक्रा–टुक्रा भई कसरी इनारमा फाल्न लाइयो ? स्वयम् पशुपतिनाथलाई मुसलमान आक्रमणले कसरी भङ्ग गर्न सक्यो ? हिन्दु धर्मबारे यी जटिल प्रश्नहरू हाम्रा अगाडि छन् ।

के आज प्रचलित हिन्दु धर्म साँच्चै नै जगतको रक्षा गर्न सक्ने स्थितिमा छ ? हिन्दुहरूले मुसलमान आक्रमकहरूबाट मार खाए अनि मुसलमान वादशाहहरू र हिन्दु राजाहरूले अङ्ग्रेज साम्राज्यवादको अगाडि हार खाए । किन ? हिन्दुहरूलाई रक्षा गर्न सक्ने धर्म कहाँ गयो ? ९२ वर्षको उमेरमा दिवंगत ज्ञानबहादुर नेवाज्यूले एक सवाल उठाउनु भएको थियो र भन्नुभएको थियो," के हामीहरू साँच्चै नै धर्मको बाटोमा छौँ ?" निश्चय पनि सबैले सोच्नु परेको छ, के हामीहरूले साँच्चै धर्मको मार्ग अपनाएका छौँ ? धर्म के हो ? अधर्म के हो ? के हामीले सोचेका छौँ ? जगतगुरु मानिएका शङ्कराचार्य स्वरूपानन्द सरस्वती भन्नुहुन्छ," प्रत्येक जीवात्मा सुख, शान्ति चाहन्छ र परमात्मा प्राप्तिबाट मात्र मनमा अखण्ड सुख मिल्न सक्छ ।" हजारौँ वर्षदेखि

परमात्मा खोजी गरेर आएका हिन्दुहरूले आज के सुख भोग गर्दैछन् ? के उनीहरूको मनमा शान्ति छ ? आज करोडौँ करोड हिन्दु बालबालिकाहरू भोका छन्, नाङ्गा छन्, बस्ने बास छैन । किन ? के यही सुख र शान्तिको नमुना हो ? होइन भने यो सब हुनाको कारण के हो ? हिन्दुहरूको भगवान्ले उनीहरूलाई किन रक्षा गरेनन् ? किन हिन्दु धर्मले उनीहरूको रक्षा गरेन ? बुझिन्छ, आजको हिन्दु धर्म बाटो बिराएर सही धर्मको मार्गबाट धेरै टाढा पुगिसकेको छ । २६०० वर्ष अगाडि श्रीकृष्णले अर्जुनलाई भनेका थिए, "किं कर्म किम कर्मेति कवयोऽप्यत्र मोहिताः अर्थात् गर्नुपर्ने काम के हो ? गर्नु नहुने काम के हो ? यस विषयमा ठुल्ठुला कवि (विद्वान्)हरू पनि भ्रममा परेका छन् ।" पुरानो धर्म आर्य धर्म हो । राम, कृष्ण, बुद्ध इत्यादिले आफूलाई हिन्दु होइन, आर्य भन्ने गर्थे । यही आर्य धर्मको शाखा–हाँगाको रूपमा हिन्दु धर्म, बौद्ध धर्म, जैन धर्म, सीख धर्महरू निक्ले । समाज विकासको क्रममा आर्य धर्मले ३ चरण नाघ्यो र तेस्रो चरणमा यसलाई हिन्दु धर्म भनियो । पहिलो चरण हो "साम्यवादी चरण" जसमा **ॐ सहनाववतु सहनौ भुनक्तु । सहवीर्यं करवावहै । तेजस्विनावधीतमस्तु । मा विद्विषावहै** अर्थात् "हामीसँगै बसौ, सँगै बसेर खाऔँ, सबै मिलेर काम गरौँ । हामी सबैको तेज र पराक्रम बढोस् र एकआपसमा द्वेषभाव नराखौँ ।" यस्तो मन्त्र चल्यो । यो थियो साम्यवादी मन्त्र । साम्यवादी व्यवस्थाको प्राप्तिका लागि यहाँ ठुला, साना, नोकर–मालिक, जातजातिहरूप्रति कुनै भेदभाव थिएन । सबैसँगै खाने, सँगै बस्ने, सँगै काम गर्नेहरू थिए । यस समाजमा तिमीले काम गर, आम्दानीजति मलाई बुझाऊ भन्ने थिएन । ब्राह्मण, क्षेत्री, वैश्य, शुद्रमा समाज विभाजित थिएन । "समानो प्राणः सह वो अन्नभागः अर्थात् सबैको प्राण समान हो र पिउने कुरो र खाने कुरो सबैलाई बराबर हुनुपर्छ ।" यसरी समानता कायम गरिएको हुन्थ्यो । गायत्री मन्त्रले पनि साम्यवादकै भावनालाई टेवा दिन्छ," ॐ भूः भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो योनः प्रचोदयात् अर्थात् स्वर्ग, मर्त्य र पाताल तीनै लोकका सृष्टिकर्ता (सृष्टिका कारण) सूर्यको ग्रहण गर्न योग्य तेजलाई हामीले धारण गरौँ । जसको प्रकाशले हाम्रो बुद्धिलाई असल कामका लागि प्रेरित गरून् ।"

यस मन्त्रमा सूर्यले नै प्रेरित गरून् भनेर किन भनिएको हो ? यसको कारण हो कि सूर्यको जस्तो राम्रो बुद्धि, जसले सानो र ठुलो भन्ने भेद नगरेर सबैलाई एक समान कल्याण गर्ने गर्दछ र यसरी कल्याण गर्दा आफ्नो निम्ति कुनै स्वार्थ राख्दैन–राखेको हुँदैन । गायत्री मन्त्रले सबैको बुद्धि यस्तै कल्याणकारी होस् भन्ने कामना गर्दछ ।

गीताको चतुर्थ अध्यायको पहिलो श्लोकमा कृष्ण भन्नुहुन्छ, "यस्तो निष्काम कर्म योगलाई अव्यक्तले सूर्यलाई भने, सूर्यले मनुहरूलाई भने, मनुहरूले ईक्ष्वाकु राजाहरूलाई भने । यसरी परम्पराबाट राजर्षिहरूले सिके र कालान्तरमा यो योग लोप भएर गयो ।"

यहाँ सूर्यले मनुलाई भने भन्नाले घडिले केटाकेटीहरूलाई स्कुल जाने वेला भयो भनेर भने जस्तो हो । सूर्यको मुख छ र सूर्यको मुखले भनेको होइन । यो निःस्वार्थ कर्म योगलाई हिन्दुहरूले बिर्सिसकेका छन् । आजको हिन्दु धर्ममा यस्तो साम्यवादी विचारको कुनै स्थान छैन ।

यज्ञ स्वयम् पुरानो साम्यवादी युगको एक व्यवस्था हो । त्यसवेला उनीहरू आगोलाई सबैभन्दा शक्तिशाली मान्थे र यो विश्वब्रह्माण्ड र सूर्य पनि आगोले सृष्टि गरेको भन्ठान्थे । यसै आगो पूजा गर्थे र सबैको परिश्रमबाट जुटेको खाद्यान्न, दुध, घिउ, मासु इत्यादिसँगै बसेर खान्थे र पछि समाज बढ्दै गएपछि यी समाजका जनहरू आपसमा समान रूपले बाँडेर लिने गर्थे । यसलाई नै यज्ञ माग भनेर भनिन्थ्यो । यो समाज ब्राह्मण, क्षेत्री, वैश्य, शुद्रमा विभाजित थिएन । महाभारत वन पर्व अध्याय–१०८ मा भनेझैँ, "एक वर्णामिदं पूर्वं विश्वमासीद्युधिष्ठिर" अर्थात् "हे युधिष्ठिर पहिले यो विश्वमा एउटै वर्ण थियो ।"

## वर्णविभाजन र विभेदको सिलसिला

आर्यहरूको साम्यवादी यज्ञ प्रथामाथि असुरहरूको प्रहार हुन थाल्यो । वृत्रासुरले हमला गरी हराएर ऋषिहरूलाई पनि पत्री दास बनाउन थालियो । लडाइँमा हारेकाहरूलाई जित्ने पक्षले दास बनाउन थाले । यसरी भारतमा दास प्रथाको

सुरूआत भयो । यिनै दासहरू पछि शुद्र भनिए । पछि गएर ऋणमा परेकाहरू पनि दासमा परिणत भए । यसरी समाजमा दुई वर्गहरू देखापरे । दासका मालिकहरू जसलाई द्विज भनियो र दासहरूलाई शुद्र भनियो । शुद्रको काम द्विजहरूको सेवा गर्नु हो, उनीहरूको जूठो पूरो खानु हो, उनीहरूको भुत्रो जडौरी लुगा लाउनु हो । भुत्रो बिछ्यौनामा सुत्नु हो । अनि आफ्नो परिश्रमले कमाउन सके पनि धनको सङ्ग्रह नगरी गरीबका गरीब नै रही द्विजहरूको सेवा गर्नु हो । यसैलाई शुद्रको धर्म भनियो । यसैलाई शुद्रहरू स्वर्ग जाने बाटो यही भनियो । यसरी पुरानो साम्यवादी धर्ममा अब विकृति सुरू भयो । मानिस–मानिसमा भेद हुन थाल्यो । मानिस मालिक र नोकरमा विभाजित भयो । अब साम्यवादी मन्त्रले दासहरूलाई छोड्न थाले । मालिकहरूका बिचमा मात्र समानता रहन गयो, समाज यसरी नै बढ्दै गयो ।

यही दास समाजपछि सामन्ती समाजमा बदलियो । कालान्तरमा द्विजहरू ३ वर्णमा देखापरे । वेदाध्ययन गर्ने, यज्ञ गर्ने गराउने, पढ्ने, पढाउने र बुद्धिले काम गर्ने ब्राह्मण भयो । समाजको रक्षाको निम्ति दुश्मनसँग लड्ने र बलले कामग गर्ने क्षेत्रीय भए । जब समाजमा काम बढ्दै गयो, कृषि, गौपालन, व्यापार इत्यादि बढ्दै जाँदा यिनै द्विजहरूको बिचबाट एउटा नयाँ वर्ग या वर्ण सुरू भयो, जसलाई वैश्य भनियो । शुद्र पहिले नै बनिसको थियो । यसरी कामको भेदले ४ वण बन्न थाल्यो ।

अनि फेरि भनिएको छ, “कर्मक्रिया विभेदेन चातुर्वण्यं प्रतिष्ठितम् । सर्वे वै योनिजाः मर्त्याः सर्वे मूत्रपुरीषजाः अर्थात् “सबै मनुष्य योनीबाट नै जन्मन्छन्, मलमूत्रका स्थानबाट नै निस्कन्छन् । कामको भेदले नै चार वर्ण (ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र) बनेको हो ।” यसै नियमलाई जन्मेदेखि नै जाति मान्नु गलत हो ।

“शुद्रोऽपि शीलसम्पन्नो गुणवान् ब्राह्मणो भवेत् । ब्राह्मणोऽपि क्रियाहीनः शुद्रात्प्रत्यवरो भवेत् अर्थात् “जसको शील स्वभाव राम्रो छ, गुणी छ, जो मानिस शुद्रकुलमा जन्मे पनि ब्राह्मण हुन्छ, ब्राह्मण पनि यदि क्रियाहीन हुन्छ र नीच काम गर्छ भने शुद्रभन्दा पनि नीच हुन्छ ।”

यसरी चार वर्णभेद सुरू हुँदा जाति प्रथाको कट्टरता थिएन । शुद्र ब्राह्मण हुन र ब्राह्मण शुद्रमा पतन हुन्थ्यो ।

“न जात्या ब्राह्मणाश्चात्र क्षेत्रियो वैश्य एव न । न शुद्रो न च वै म्लेच्छो भेदिताः गुणकर्मभिः अर्थात् ‘जन्मले कोही ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र वा म्लेच्छ बन्दैन । गुण र कर्म अनुसार नै वर्ण विभाजन भएको हुन्छ । “जन्मना जायते शुद्र संस्काराद्द्विज उच्यते अर्थात् जन्मले सबै शुद्र हुन्छन्, संस्कारले नै द्विज बनाउँछ ।” “ब्रह्म जानातीति ब्राह्मणः” अर्थात् “ब्रह्मज्ञान भएकालाई नै ब्राह्मण भनिन्छ ।” सुरूमा यसरी चार वर्ण बने तापनि जब द्विजहरूमा नै धनी–गरिब दखापरे र निजी सम्पत्तिले समाजमा बलियो स्थान लियो, अनि गुण र कर्म अनुसार जात नभएर जन्मले जात बन्न थाले । अब संस्कार भन्नाले उसको बुद्धि, विवेक, ज्ञान र चरित्र साथै कामको विकास नभई चूडाकर्म, व्रतबन्ध इत्यादिलाई संस्कार मानियो र यति गरिदिएपछि जस्तोसुकै स्वभावको भए पनि ब्राह्मणको छोरा ब्राह्मण नभए पनि ब्राह्मण, क्षेत्रीको छोरा चोर भए पनि क्षेत्रीय नै, वैश्यको छोरा डाँका भए पनि वैश्य नै मानिन थाल्यो । शुद्रलाई कुल्चेको कुल्च्यै पठन-पाठनको अधिकारबाट वञ्चित गरियो । कट्टरपन्थी सामन्ती वर्णव्यवस्थालाई नै हिन्दु धर्म भनियो ।

### अब नयाँ नियम सुरू भयो

“विद्या विवादाय, धनं मदाय, शक्तिः परेषां परिपीडनाय । खलस्य साधो विपरीतमेतत्, ज्ञानाय दानाय च रक्षणाय” अर्थात् मुर्खहरूका लागि विद्या भनेको वाद-विवाद, जालझेल गरेर अर्कालाई मुर्ख बनाउनका लागि, धन भनेको रवाफ देखाएर घमण्डले मात्तिनको लागि, शक्ति भनेको मानिसहरूलाई दुःख दिएर शोषण दमन गर्नका लागि हो । साधुहरूका लागि विद्या ज्ञानका लागि, धन दानका लागि र शक्ति असक्तहरूको रक्षाका लागि हुन्छ ।” यस्तो विषयको प्रयोग “विद्या विवादाय, धनं मदाय, शक्तिः परेषां परिपीडनाय अर्थात् विद्या भनेको वाद-विवाद, जालझेल गरेर अर्कालाई मुर्ख बनाउनका लागि, धन भनेको रवाफ देखाएर घमण्डले मात्तिनका लागि, शक्ति भनेको मानिसहरूलाई दुःख दिएर शोषण दमन गर्नका लागि” भन्नेमा सीमित पारियो । क्षेत्रीको

काम समाजको रक्षा गर्नको निम्ति नभए र अर्कालाई दुःख र दवाएर आफू माथि बस्ने र हैकम चलाउनेको निम्ति भएर गयो । यही सामन्ती व्यवस्थाको पराकाष्ठा हुन गयो ।

मनुको नाउँमा बनेको मनुस्मृतिले आजकलको हिन्दु धर्मलाई प्रतिनिधित्व गर्दछ । यो मनुस्मृति स्वयं मनुले बनाएको होइन, सामन्ती समाजको जगलाई मजबुत गर्ने सामन्तहरूको सैद्धान्तिक हतियार हो र यसलाई हिन्दु धर्मको सर्वोच्च पुस्तक भनेर मानियो । यसमा भनिन थाल्यो, क्षेत्रीले गरीब भएर आपद्मा परे पनि ब्राह्मणले गर्ने काम नगर्नू बरु वैश्यले गर्ने काम गर्नू । वैश्य बिग्रे शुद्रले गर्ने काम गर्नू । शुद्रले ब्राह्मण, क्षेत्री र वैश्यले गरेर आएको काम नगर्नू भनेर मनुस्मृतिमा भनिएको छ । (अध्याय १, १२३) "ब्राह्मणको सेवा गर्नु नै शुद्रको सर्वोत्तम काम हो । योभन्दा अरु काम गऱ्यो भने यसको काम निस्काम हुन्छ । (मनुस्मृति अध्याय १, श्लोक १२२) शुद्रले स्वर्ग प्राप्त गर्नको लागि र यो संसारमा सुख पाउनको निम्ति ब्राह्मणको सेवा गर्नू । अनि यसै अध्यायको श्लोक १२५ मा भनिएको छ, अनि ब्राह्मण वा अन्य द्विज मालिकले शुद्रलाई जुठो अन्न, पुराना वस्त्र, सारहीन अन्न, पुरानो ओड्ने कुरा र बिछ्यौना दिनुपर्छ । श्लोक १२६मा भनिएको छ," शुद्रको कुनै संस्कार हुँदैन, धर्म कार्यमा उसको कुनै अधिकार हुँदैन ।" जब आर्यहरूको समाज साम्यवादी समाज थियो, यसमा स्त्रीहरूको प्रधानता थियो । घरको काममा मात्र होइन, लडाइँको मैदानमा पनि नायिकाहरू दुर्गा, भगवती, कालीजस्ता स्त्रीहरू थिए । धनको मालिक लक्ष्मी र विद्याको नायिका सरस्वती थिइन् । त्यसवेला नारीको पूजा हुन्थ्यो । "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः" अर्थात् "जहाँ नारीहरूको पूजा हुन्छ, त्यहाँ देवताहरू खुसी रहन्छन्" भनिन्थ्यो । नारीलाई एउटा फूलले पनि नपिट्नु भनिन्थ्यो ।

यो साम्यवादी समाज जब दास समाजमा बदलियो, नारीहरूको प्रधानता मात्र खतम भएको होइन, नारीहरूलाई पनि दासमा बदल्ने कम भयो । नारीहरू अब नेता भएनन्, दासी भए । सरस्वतीको सट्टा नारीहरूले पढे पाप लाग्ने भयो । नारीहरू यताउति जालान् भनेर अब उनीहरूको खुट्टा फल्याकमा दुई

वटा प्वाल बनाएर यसभित्र राखेर हिँड्नु पर्ने बनाइयो । नारीलाई पूजा गर्नुको सट्टा उनीहरूलाई पनि शुद्रको तहमा खसालेर "ढोल, गँवार, शुद्र, पसु , नारी, ये सब ताडन के अधिकारी" ढोलकलाई, गाउँलेलाई शुद्रलाई पशुलाई र नारीहरूलाई नपिटी तह लाग्दैनन् भन्न थालियो । दास समाजमा परिवर्तन आएर पनि नारीहरूलाई दासताबाट मुक्त भयो र सामन्तहरूले उनीहरूको यातना साधनहरू गहनामा बदलिदिए । फल्याकको सट्टा अब कल्ली भयो । हतकडी चुरी भयो । नाकको नत्थी ठुल्ठुला सुनको नथ बन्यो, जो आजकल नाकको फूलीमा बदलियो । नारीहरू परम्परागत बानीले आज पनि यस दासताका चिन्हरूको निम्ति आफैले लडाइँ–झगडा गरेर लाउने गर्दछन् । समान्ती फटाहाहरूको षड्यन्त्रको आदि अन्त्य छैन । यिनीहरूले भवगती, काली, दुर्गालाई पनि नथ अथवा नाकको फूली लाएको चित्र बनाएका छन् । अनि जहाँसम्म महिलाहरूको अधिकारको कुरो छ सामन्ती हिन्दु धर्मको सर्वश्रेष्ठ ग्रन्थ मानिएको मनुस्मृतिले आदिकालका जगदम्बा, भगवती, दुर्गा र कालीको अवतारहरू आजका महिलाहरूलई शुद्र (दास)को तहमा गिराइदिएको छ । मनुस्मृतिको अध्याय ५ श्लोक १३९मा भनिएको छ," शरीरको शुद्धि गर्न पुरुषले पहिले नै ३ पटक आचमन गरी २ पटक मुख धुनू तर स्त्री र शुद्रले एक–एक पटक यसो गर्नू ।

श्लोक १४०मा शुद्रले द्विज मालिक वर्गको जुठो–पूरो खानू भन्यो । स्त्रीले पुरुषको जुठो–पूरो खाने चलन चल्तीकै कुरो भयो । हामी जुन घरमा थियौँ, मैले एउटा बाहुनको घरमा यो पनि देखेँ कि बाहुनीले हतार–पतार एउटा कचौरामा पानी लिएर आइन् । आफ्नो लोग्नेको खुट्टा समाएर त्यस खुट्टाको औँला ल्याएर पानीमा चोपिन् । पानी लिएर गइन् । खुट्टा र खुट्टाको औँला अवश्य फोहर थियो । त्यो पानी ती बाहुनीको निम्ति पिउने पवित्र गङ्गा जल हो ।

यो हो आजको हिन्दु धर्मको नमुनाहरू । यहाँ साम्यवादको भागहरू-समानता गायब छ । लोग्ने र स्वास्नी एउटै शरीरको दुई अङ्ग हुन् र यसै कारण बरारबर हुन् भन्ने कुरो गायब छ । स्त्रीलाई सरस्वती र भगवती, दुर्गा र

काली हुने त कुरै छोडौँ, अक्षर पढ्नु हुन्न, पढेपछि आइमाई बिग्रिन्छन् भन्न थालियो। स्त्रीले हातहतियार, छुने कुरै भएन। लडाइँमा जाने कुरै भएन। हो, आज स्त्रीहरूले फेरि पढ्न थालेका छन्, आफ्नो हक खोज्न थालेका छन्। तर यो कुरो हिन्दु धर्मको देन नभई, संस्कृत शिक्षाको देन नभई पाश्चात्य संस्कृतिको देन हो।

### मार्गदर्शन विपरीत पाखण्डी व्यवहार

उपरोक्त पुराणपन्थीको विरोधमा अङ्ग्रेजी शिक्षा प्राप्त समाज सुधारक राम मोहन राय, स्वमी विवेकानन्द, स्वामी दयाननन्द सरस्वती, स्वामी श्रद्धानन्दहरू देखापरे। संस्कृत विद्याले आदिम साम्यवादी व्यवस्था, दास प्रथा र सामन्ती व्यवस्था सम्मको मार्ग दर्शनको रूपमा काम गर्न सक्दछ। यसपछि संस्कृत विद्या अन्धकारमा छ। जसले पनि हिन्दु धर्ममा सुधारको कुरा ल्याए, उनीहरू पाश्चात्य विद्याका पनि ज्ञाता थिए। हिन्दु धर्म मानव समाजलाई अँगाल्ने साम्यवादी दर्शनबाट धेरै टाढा पुगिसेकेको छ। गायत्री मन्त्रको भावनाबाट धेरै टाढा पुगिसक्यो। हिन्दु धर्म सबमा व्याप्त ब्रह्मज्ञानमा सङ्लग्न हुनुको सट्टा एक व्यक्तिवादी काल्पनिक ईश्वरको भजन कीर्तन, चाटुकारिता, पूजापाठ आदि अर्थ न वर्थ गरी गायत्री जप, होम–यज्ञको ठाउँमा समाजमा उत्पादित वस्तुहरूको समान वितरणको सट्टा आगोमा पोलेपछि देवताहरूको पेटमा जान्छ भन्ने अन्धविश्वासमा हजारौँ मन अन्नहरू स्वाहा गर्ने काममा सीमित हुन थाल्यो। अनि हिन्दु संस्कृति चुडाकर्म, व्रतबन्ध आदि कर्मकाण्डमा सीमित हुन थाल्यो। अनि दर्शनको नाउँमा “ब्रह्म सत्यं जगन्मिथ्या” अर्थात् ब्रह्म मात्र साँचो हो, यो संसार केही होइन” भन्दै मानिसहरूमाथि शोषण गरेर दरिद्र बनाएर पनि शान्त राख्ने बाटो निकालिन थाल्यो। जब जगत नै मिथ्या छ भने मिथ्या जगतको निम्ति किन आफ्नो रगत बगाउनु ? भगवान्को पूजा गरे अर्को जन्ममा सुखी बनाइहाल्ने भएपछि खतराको काम किन मोल्ने ? शोषण गरे गरोस्, दमन गरे गरोस्, अर्काले जिते जितोस्, आखिर कपालमा लेखेको कहीँ जाँदैन, त्यही भइहाल्छ भन्ने धारणा आम जनतामा भर्न थालियो। यस्तो दर्शनले एकातिर जनतालाई थिचि राख्न, शोषण र दमन गरिराख्न मद्दत

दिन्छ भने सम्पूर्ण राष्ट्रमाथि आपद् आइपर्दा यसले धोखा नै दिन्छ ।

एकातिर यस्तो सामन्ती दर्शन, अर्कातिर बहुसंख्यक जनतालाई राजनीतिसँग मतलब नै छैन, पढाइ लेखाइसँग मतलब नै छैन । विद्या जान्ने बाहुनको एकाधिकार, शुद्रले पढ्यो अथवा सुन्यो भने पनि कानमा सीसा पगालेर शास्ती दिने, शस्त्र–अस्त्र जान्ने क्षेत्रीको एकाधिकार, बहुसंख्यक जनता वैश्य र शुद्रको यसमा कुनै मतलबै छैन र बाँकी जनता राजनीतिसँग सम्बन्ध नभए र" जोसुकै राजा होस् हामीलाई के" भन्ने र चार वर्ण ३६ जातमा खण्ड–विखण्डमा विभाजित हिन्दुहरू, शोषण र दमनमा परेर छट्पटिएका जनताहरू यस्तो हिन्दु समाजमाथि एकजना मुसलमान आक्रामककारीले विजय गर्नु कुनै गाह्रो काम भएन ।

स्पष्टतः मुसलमानहरूको विजय आफ्नो समाजलाई खण्ड–विखण्डमा विभाजित राख्ने सामन्ती हिन्दुवादमाथि सुसङ्गठित, अविभाजित र आपसमा सामाजिक रूपले भेद नदेख्ने मुसलमानहरूको विजय थियो ।

दास प्रथाको विरोधमा निक्लेका मुसलमानहरू पनि सामन्ती समाजमा पुगेपछि उहीँ अड्किए । मुसलमानहरूमा पनि ऐश–आराममा मग्न रहने नबावहरू देखापरे, अनि हिन्दु र मुसलमान सामन्तवादी समाजमाथि पूँजीवादी अङ्ग्रेजको विजय उत्तिकै सजिलोसँग भयो ।

अङ्ग्रेज साम्राज्यवादको आक्रमणहरूलाई न सामन्ती हिन्दु धर्मले बचाउन सक्यो, न सामन्तवादमा अड्केको इसलामले बचाउन सक्यो । यदि "धर्मेण धार्यते जगत्" भन्ने उक्ति सही हो भने अङ्ग्रेज साम्राज्यवादको विजयले सावित गरी दियो कि न हिन्दु धर्म सही बाटोमा छ, न इसलाम धर्म । दुईवटैले आफ्ना स्वार्थकै रक्षा गरिरहेका थिए । यिनीहरूले मानवतावादको रक्षा गरिरहेका थिएनन् ।

मानव मानवमा भेद देख्ने, एउटाले अर्कामाथि शोषण र दमन गर्ने, आफू र अरुमा समानभाव नराख्ने, जनतालाई धनी र गरिबमा बाँडेर बाँच्ने बाटोसम्म पनि खोस्ने धर्मले तथा जनताको अधिकार खोसेर उनीहरूलाई दबाएर

राख्ने कुरो सिकाउने धर्मले जगतको रक्षा गर्न सक्दैन भन्ने कुरो आज घामझैं छर्लङ्ग हुन आएको छ । जुन धर्मले साम्यवादी भावनाको प्रतिनिधित्व गर्न सक्दैन, त्यो धर्म धर्म नै होइन । ईश्वर एउटा कुनै सामन्त होइन कि हाम्रो प्रार्थनाले खुसी होस्, ईश्वर कुनै घुस्याहा सामन्त होइन कि हामीले बनाइदिएको मन्दिरले खुसी होस् अथवा हामीले चढाएको मेवामिष्ठान्ले खुसी होस् र हाम्रो पूजापाठ चाकडी, चाप्लुसी र चाटुकारिता खोजून् । श्रीकृष्णले गीतामा भनेझैं ईश्वरले कसैलाई न पाप दिन्छ, न धर्म दिन्छ ।

## गीता ज्ञानको सार

“नादत्ते कस्यचिद् पापः नचैव सुकृतं विभूः । अज्ञानेन कृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः” अर्थात् “मानिसहरूको ज्ञानलाई अज्ञानले ढाकिदिँदा नै मानिसहरू सोच्छन् कि धर्म-पाप, सुख-दुःख, ईश्वरले दिने हो ।” यसै कारण २६०० वर्षअघि नै श्रीकृष्णले भनेर गएका थिए, “सर्व धर्मान् परित्यज्य मामेकं शरणं व्रज” अर्थात् “सबै धर्महरूलाई छोडिदेऊ, म एउटैको शरणमा आऊ ।” यहाँ पनि सामन्ती पण्डितहरूले “म” लाई व्यक्तिगत रूपले श्रीकृष्णसम्म सीमित गर्ने प्रयास गरेको देखिन्छ । सामन्ती पण्डितहरू भन्दछन् कि “श्रीकृष्णजीले व्यक्तिगत रूपमा शरणमा आऊ भनेको हो ।” श्रीकृष्णले भनेको “म” श्रीकृष्ण आफू मात्र होइन, यो साझा “म” हो जो सबैमा छ । सबैले आफूलाई “म” भन्ने गर्दछन् । यस कारणले नै “म” सँग “माम् एकम्” भनेर “म”लाई एउटैको भन्ने गरेको छ । सबैको “म” एउटै हो । यो कुरो गीता अध्याय १८को श्लोक ६६को हो भने यसभन्दा पहिले नै श्रीकृष्णले सम्पूर्ण मानव ईश्वर हो भन्ने कुरो श्लोक ६१, ६२मा भनिसकेका थिए । श्रीकृष्णले श्लोक ६१मा भनेका थिए, “ईश्वर सबै प्राणीहरूको हृदयमा रहन्छन् ।” अनि श्लोक ६२मा भनेका छन्, “उही सम्पूर्ण मानवको हृदयमा बास गर्ने ईश्वरको शरणमा जाऊ र यस ईश्वरको प्रसादले नै तिमीलाई परम् ज्ञान मिल्नेछ, शाश्वत पद प्राप्त गर्नेछौ । यसैलाई श्रीकृष्णले श्लोक ६३ मा गुह्यभन्दा पनि गुह्य ज्ञान भनेको छ । अनि “म” को अर्थ श्रीकृष्ण आफू नभई व्यापक रूपले मानिसमा भएको साझा “म” हो भन्ने कुरोमा के शंका रहन्छ र ?

भरतमाथि जब आक्षेप लाग्यो कि "भरतले गर्दा नै राम वनवास जानु परेको हो ।" त्यसपछि भरतले भने, "यदि मैले रामलाई वनवास पठाएको भए सम्पूर्ण जनताको विरोध गरेको पाप मलाई लागोस् ।" अर्को कुरो जब वामनले बलिराजालाई पातालमा धसाइदिए, बलिराजाले मलाई उद्धार गर्नुहोस् भने । त्यसवेला वामनले भने," तिमीलाई उद्धार गर्ने शक्ति ममा छैन । यदि तिमी उद्धार चाहन्छौ भने लोकेश्वरको (लोक एव ईश्वरः लोकेश्वर) शरणमा जानू । सम्पूर्ण लोकभैँ लोकेश्वर हो । स्पष्टतः ईश्वर कहीँ छैन, सम्पूर्ण मानवमा छ । तर आजको हिन्दु धर्मले यस परम गुह्य कुरोलाई नै बिर्सेको छ ।

आज हिन्दु धर्मले यस गुह्य ज्ञानलाई बिर्सिसकेको छ, साम्यवाद भनेपछि कपाल दुख्ने भइसकेको छ । निष्काम कर्मयोग बिर्सिसकेको छ । कृष्णले भनेको "विद्या विनयसम्पन्ने ब्राह्मणी गविहस्तिनी । शूनी चैव स्वपाके च पण्डिताः समदर्शिनः" अर्थात् विद्या विनयसम्पन्न ब्राह्मणीमा, गाईमा, पोथी हात्तीमा, कुकुर्नीमा, कुकुरको मासु खानेमा सबैप्रति पण्डितहरू समदर्शी अर्थात् समानभाव राख्दछन् ।" यस्तो पनि बिर्सिसकेको छ । पण्डितहरूले खुब अर्थ ल्यायो भने मनले मात्र समान देख्ने, राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा व्यावसायिक रूपले समान नदेख्ने र समान हक–अधिकार उपभोग गर्न नदिने कुरो नै हिन्दु धर्मले आज सिकाइरहेको छ । यही कारणले आज हिन्दु धर्मले ग्रीसको अलेक्जेण्डर, मुसलमान आक्रामकहरूबाट रक्षा गर्न नसकेको हो ।

## साम्प्रदायिक सङ्कीर्णतावाद हाबी

धार्मिक सङ्कीर्णतावादको फलस्वरूप भारतमा जग हालेर बसेको अङ्ग्रेज सम्राज्यवादको विरोधमा कट्टरपन्थी हिन्दुहरू होइन, नयाँ हावा लिएर आएका व्यक्तिहरूले कट्टर हिन्दुवादको विरोधमा आवाज उठाउँदै निक्लनु पर्‍यो । कट्टर हिन्दुहरूले ठुलाठुला टिका लगाउन सक्दछन्, निधारभरि विभूति लाउन सक्दछन्, काल्पनिक भगवान्को पूजा गर्न सक्दछन्, होम-यज्ञ गरेर अन्न, घिउ र अन्य खाद्य पदार्थहरू बर्वाद गर्न सक्दछन् । यिनीहरूको धर्म यहीँसम्म सीमित रह्यो । उनीहरूले आफ्नो देशलाई साम्राज्यवादको हातबाट मुक्त गर्न सकेनन्, जनतालाई रक्षा गर्न सकेनन् । यिनीहरूकै सिद्धान्त चल्ने हो भने भारत

फेरि पनि परतन्त्र हुने कुरामा कुनै शंका छैन । भारतको स्वतन्त्रताको निम्ति नयाँ सिद्धान्तको आवश्यकता थियो । दयानन्द सरस्वतीजीले वेदको आधारमा आर्य समाजी धर्म चलाए । छुवाछुतको विरोध गरे । अछुत बनाइएकाहरूलाई पनि जनेउ (जनै) लगाइदिए । स्त्री र पुरुष बराबर हो भन्ने नारा दिए । स्त्रीहरूलाई पनि जनेउ (जनै) लगाइदिए । अरु धर्मावलम्वीहरूलाई पनि यज्ञमा पवित्र पारी हिन्दु बनाउने काम गरे । फेरि पनि कट्टरपन्थी हिन्दुहरूका लागि यो कुरा सह्य भएन । अङ्ग्रेज साम्राज्यवादीहरूका निम्ति पनि यो कुरो बिखै थियो । अङ्ग्रेज साम्राज्यवाद भारतमा रहेरहोस्, कट्टरपन्थी हिन्दुहरूका लागि कुनै पर्वाह थिएन । पण्डितहरू, पुजारीहरू, शङ्कराचार्यहरू कसैलाई भारत अङ्ग्रेजी साम्राज्यवादको हातबाट स्वतन्त्र पार्नुपर्छ भन्ने चिन्ता थिएन । धेरैजसो राजारजौटाहरू अङ्ग्रेज साम्राज्यवादप्रति सन्तुष्ट थिए । १८५७मा जब भारतमा फौजी विद्रोह भयो, राणाशाही अन्तर्गतको हिन्दु नेपालले फौजी विद्रोह दबाउन अङ्ग्रेजको साथ दिए । विश्वयुद्धहरूमा राणाशाही अन्तर्गतको हिन्दु नेपालले अङ्ग्रेज साम्राज्यवादकै हिफाजत गरे । आर्य समाजी धर्म स्वयं फेरि पनि हिन्दु सङ्कुचितवाद (सङ्कीर्णता–सं.)मा सीमित थियो । धर्मको मुनि सम्पूर्ण जनतालाई गोलबन्द गर्नु सम्भव थिएन । तिलकले गीताको आश्रय लिए । महात्मा गान्धीले यसलाई अझ अघि बढाए । सम्पूर्ण भारतवासीहरू चाहे मुसलमान हुन्, सीख हुन्, क्रिश्चियन हुन्, महात्मा गान्धीले सबैसँग बराबर व्यवहार गरे । ईश्वर र अल्लाह (हिन्दुहरूको ईश्वर र मुसलमानहरूको अल्लाह) एउटै हो भन्ने सिद्धान्त अगाडि ल्याए । गीताले मानव मात्र एउटै हो, मानव – मानव सब बराबर हो, सबै ब्रह्मकै रूप हुन् । यसै कारण ब्रह्ममा कुनै दोष छैन भनी मानवतावादको व्यापक नारा दिए । वर्णविहीन, वर्गविहीन समाज बनाउने नारा दिए । सामन्ती व्यवस्था खत्तम गरी किसानलाई जमिनको मालिक बनाउने नारा दिए । यसरी कट्टर हिन्दु धर्मको परिधिबाट महात्मा गान्धी बाहिर निस्केर भारतवासीहरूलाई सुसङ्गठित गरे र भारतवासीहरूको सङ्गठित जनबलद्वारा अङ्ग्रेज साम्राज्यवादलाई भारतबाट निकाली छोडे । यसले भारत र भारतवासीहरूलाई रक्ष गर्ने शक्ति कहाँ रहेछ भन्ने देखाए । करोडौँ करोड निरिह किसानहरूमा यो शक्ति रहेछ । जनता साँच्चै जनार्दन

रहेछन् भन्ने पुष्टि भयो। भारत स्वतन्त्र भएपछि कट्टर हिन्दु धर्मावलम्बीहरूको हातबाट महात्मा गान्धीको हत्या भयो।

भारत मुक्त भयो। कसको हातबाट मुक्त भयो ? के कट्टर हिन्दु धर्मावलम्बीहरूको हातबाट भारत मुक्त भयो ? के शङ्कराचार्यहरू अथवा कट्टर हिन्दु पण्डितहरू, मठाधीशहरू, मुल्लाहरू, स्वामी र साधुहरूको पराक्रमले भारत स्वतन्त्र हुन सक्यो ? यिनीहरू सबका सब अङ्ग्रेज साम्राज्यवादको पृष्ठपोषक बनिसकेका थिए।

यहाँ सवाल उठ्छ, धर्मले जगतलाई थामेको हुन्छ, बनाएको हुन्छ। अनि कुन चाहिँ हिन्दु धर्मले यसलाई बचायो त ? श्रीकृष्णले अघि नै भनेझैँ भारतको ठुलाठुला पण्डितहरू, शङ्कराचार्यहरू पनि के गर्नु हुन्छ, के गर्नु हुन्न भन्ने मोहमा फँसिसकेका थिए। मानव मात्र एउटा हो, सबैको सुख दुःख एउटै हो, सबै बराबर हुन्, राजनीतिक, आर्थिक र सामाजिक सबै क्षेत्रमा सबैको बराबर हक हुन्छ भन्ने साम्यवादी पर गए। त्यसैले देश र जनताको त के कुरा आफ्नो पनि रक्षा गर्न सक्दो रहेनछ भन्ने कुरो स्पष्ट छ। श्रीकृष्णले गीतामा जे भनेका थिए, त्यसै गरी साम्यवादीहरूले यसै पृथ्वीलाई स्वर्ग बनाउँछ। उनीहरूले यसै संसारमा सबै कुरा जितिसकेको हुन्छ भने हाम्रा धर्मगुरुहरू साम्यवादबाट कोसौँ टाढा पुगिसकेका छन्। अनि वहाँहरूले प्रचार प्रसार गरेको धर्मबाट कसरी जगतको रक्षा हुने हो ? यस्तो धर्म एक काल्पनिक धर्मले जगतको कसरी रक्षा हुन्छ ? विदेशी आक्रामणहरूबाट कसरी रक्षा हुन्छ ? अनि विश्वनाथकै पनि अथवा पशुपतिनाथकै पनि रक्षा कसरी हुन्छ ? मुसलमानहरूको आक्रमणका वेला हिन्दु भक्तहरूले ठाने सोमनाथले तीन नेत्र खोलेपछि आक्रमणहरू आफै बन्द भएर जान्छ। मुसलमानहरूको घन र तरवार प्रयोग हुँदा पनि न विश्वनाथले तीन नेत्र खोले, न पशुपतिनाथले। तलवारको जवाफ आक्रामकहरूको विरोधमा तलवारले नै दिनु पर्थ्यो, जप मालाले होइन। स्वयम्भु, शिवजीले तारकासुर दैत्य आफ्नो तीन नेत्र खोलेर मारेको होइन, एक भौतिक पदार्थ त्रिशुलको प्रयोग गरी मारेका हुन्। अनि जगत मिथ्या हो, भौतिक पदार्थ मिथ्या हो भन्दै करोडौँ

जाने आशनमा बसी मानवको सुख–दुःख र विभिन्न समस्याहरूलई बिर्सी सामन्ती भगवान्लाई सम्झी मनमनै रमाएर यस्तो धर्मले विश्वको रक्षा गर्न सक्दैन । भौतिक पदार्थको विकास नगरी, विद्वान्को विकास नगरी, साम्यवादी विचारको आधारमा सबैको सुख-दुःख एउटै हो भन्ने सिद्धान्तको आधारमा सबैलाई एक समान व्यवहार गरी भौतिक जीवनको विकास नगरी कुनै जाति वा धर्मको रक्षा हुन सक्दैन ।

**अबको बाटो के त ?**

आज हर देशले विकास गर्नु छ । साम्यवादी भावना लिएर विकास गर्नु छ । सम्पूर्ण जनताको मनमा भर्नु छ, यो देश मेरो हो, यसको श्रीसम्पत्ति मेरो हो, यसको विकासको फल मैले वा मेरो बन्धु–बान्धव मानव जातिले भोग गर्ने हो । यस देशको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रको मालिक पनि म र मेरो भाइ–बान्धव आमजनता हो । यस्तो व्यवस्था स्थापना गरेर नै मानिसले देशको द्रुत विकास गर्नेछ र आततायीहरूबाट देशको रक्षा गर्न सक्ने छ, पशुपतिनाथको पनि रक्षा गर्न सक्नेछ । पशुपतिनाथ एक प्रतीक मात्र हो । यो प्रतीकले जनताको रक्षा गर्न सक्दैन, बरू जनता ससक्त भएमा पशुपतिनाथकै रक्षा गर्न सकिने छ । मुसलमान आक्रमणहरूले पढाएर गएको पाठले स्पष्ट छ, शक्ति भगवान्को प्रतिमामा होइन, भगवान्को प्रार्थनामा होइन, शक्ति जप र ध्यानमा होइन, शक्ति सुसङ्गठित मानवको हातमा छ ।

भगवान्हरूका प्रतिमाबाट, ठुल्ठुला वीरहरूको तस्वीरबाट उनीहरूले गरेर गएको ऐतिहासिक कार्यबाट प्रेरणा मात्र लिन सकिन्छ । जप, ध्यान मानसिक कसरत मात्र हो । जसले मनोबल विकासमा मद्दत पुऱ्याउँछ । आसनले शरीरलाई पुष्ट गरेझैँ प्राणायामले फेफडा र शरीरका नशाहरू र दिमागलाई पुष्ट गर्दछ । ध्यानले मनलाई शान्त गर्न मद्दत गर्दछ । तर यसले नै यो संसारलाई रक्षा गर्न सक्तैन । मानिसले भौतिक पदार्थको विकास गरेर सम्पूर्ण मानव बरारबरीको आधारमा मिलेर नै यो विश्वको रक्षा हुन सक्दछ ।

विश्वका विभिन्न धर्महरू सामन्तवादमा आएर अड्केको छ । इसलाम धर्म दास समाजको विरोधमा देखापरे तर यो धर्म पनि सामन्ती समाजमा आएर

अड्क्यो। अहिले त धनको लोभमा फसेका मुसलमान सामन्त र पूँजीपतिहरूले कुरानलाई एक न्याकमा राखेर बाल–बालिकाहरूको श्रम शोषण गर्न थालेका छन् । ठुला, साना सबै मुसलमान श्रमिकहरूमाथि तीब्र शोषण चल्दैछ र उनीहरूमाथि दासको रूपमा व्यवहार गरिँदैछ। पाकिस्तान, जसले आफूलाई इसलामिक देश भन्ने गर्दछ, उही मुसलमान जनतामाथि शोषण–दमन चलाउँछ र श्रमिकहरूलाई दासको यो रूपमा व्यवहार गरिँदैछ।

समाज बदलिन्छ, धर्म बदलिन्छ । हिन्दु धर्म आदिमसाम्यवादबाट दास समाजमा प्रवेश गर्दै र यसलाई पनि नाघी सामन्ती समाजसम्म आएको छ र यही आएर यो अड्केको छ। कुनै धर्म, हिन्दु होस् या इसलाम, यसभन्दा अगाडि समाजलाईबाटो देखाउन सकेन र सक्दैन पनि। पूँजीवादी ब्रिटिस साम्राज्यवादले हिन्दु धर्मावलम्बी र इसलाम धर्मावलम्बीहरूमाथि विजय प्राप्त गऱ्यो । आज समाज अघि बढ्दै पूँजीवादलाई पनि नाघेर समाजवादमा पुगिसकेको छ । यस्तो वेलामा हिन्दु, इसलाम, क्रिस्चियन, बौद्ध आदि धर्ममा आफूलाई सीमित राख्नु समाजको प्रगतिमा वाधा दिनु हो र फर्केर सामन्ती समाजमा लैजाने प्रयास गर्नु हो। सामन्ती समाजमाथि पूँजीवादको विजय निश्चित छ र पूँजीवादी समाजमाथि समाजवादको विजय पनि उत्तिकै निश्चित छ। यस कालचक्रलाई कसैले रोक्न सक्दैन।

बुद्धले भनेझैँ दुई चीज परिवर्तनशील छ, मनुष्य र समाज। यसै कारण धर्म पनि परिवर्तनशील छ। आज कुनै एक जातीय वा स्थानीय धर्मको आवश्यकता होइन, आजको आवश्यकता हो– मानव धर्म, मानिसले मानिसप्रति आफ्नो कर्तव्य निभाउने मानव धर्म। सबैले सबैप्रति मैत्री र करुणाले भरेको मानव धर्म। विश्वका सम्पूर्ण मानव नै मित्र र सम्पूर्ण मानवप्रति करुणा, उनीहरूको दुःख–तकलीफमा आफूले पनि दुःख–तकलीफ महसुस गर्नु नै मानव धर्म हो। श्रीकृष्णले भनेझैँ आज हामीले सारा प्रकारका धर्महरूलाई त्यागेर सम्पूर्ण मानवलाई एउटै भाइ–बन्धुको रूपमा व्यवहार गर्ने सिद्धान्त चाहिएको छ।

सम्पूर्ण मानवलाई नै ईश्वरको रूपमा देख्न सक्नु परेको छ। केही मानिसले मानिसमाथि गर्दै आएको थिचोमिचो, शोषण-दमन निर्मूल पार्नलाई जरैदेखि

उखेल्नु परेको छ । आजै निष्काम कर्मयोगीको रूपमा देश र जनताका लागि निरन्तर काम गर्नु परेको छ । विश्वभरिको मेहनतकश जनताले एक भएर शोषक र भ्रष्टाचारीहरूको रजाइ खतम गर्नु परेको छ, विश्वभरि नै मजदुर वर्गको नेतृत्वमा तमाम मेहनतकश जनताको राज्य खडा गर्नु परेको छ र क्रमशः साम्यवादी समाज निर्माण गर्दै लाने दिशामा कदम चाल्नु परेको छ । यसरी नै विश्व ब्रह्माण्डको रक्षा हुन सक्नेछ । विश्व भरिबाट नै दुःख र दरिद्रता नाश भएर सम्पूर्ण मानवको जीवन सुखमय बनाउन सकिनेछ । एकले अर्कामाथि हमला गर्ने र जित्ने काम विगत इतिहासको कुरा भएर जानेछ । अनि श्रीकृष्णले भनेझैँ यसै पृथ्वीमा स्वर्ग बन्नेछ ।

## हिन्दु धर्मको साम्यवादी सार

आदिकालका ऋषिमुनिहरू र श्रीकृष्णले पनि साम्यवादी व्यवस्थाको स्थापना गर्ने इच्छा व्यक्त गरेर गए । फेरि पनि वहाँहरूको इच्छा मनको मनैमा रह्यो र यसले व्यावहारिक रूप लिन सकेन । मार्क्सले भने, मुख्य कुरो परिवर्तन हो र मार्क्सले आजको यस भ्रष्ट संसारलाई कसरी परिवर्तन गर्ने हो भन्नेबाटो देखाएर गए । उनकै शिक्षालाई व्यवहारमा लागू गरेर आज संसारको एक तिहाई जनसङ्ख्या शोषण र दमनबाट मुक्त भइसकेको छ । कतिपय देशहरूले समाजवादलाई पूरा गरी साम्यवादतिर पाइला चाल्दैछन् र आफ्नो देशको जनजीवनमा आमूल परिवर्तन ल्याई सुखमय बनाइदिएको छ । मार्क्सवादले ती देशहरूको जनजीवन मात्र सुखमय बनाएको होइन, ती देशहरूलाई यति शक्तिशाली बनाइदिएको छ कि अब कुनै आक्रामकहरूले ती देशहरूमाथि आँखा उठाएर हेर्न पनि सक्दैनन् ।

अब सवाल आउँछ, जगतको रक्षा कसले गर्दो रहेछ, कट्टर सामन्ती धर्मावलम्बीहरूले अथवा साम्यवादी सिद्धान्त अपनाउनेहरूले ? अथवा मार्क्सवादी–लेनिनवादी सिद्धान्त नै यस्तो सिद्धान्त हो, जसले सही तरिकाले जगतको रक्षा गर्न सक्दछ ।

भनिन्छ, मार्क्सवादीहरू अनीश्वरवादी हुन् । हाम्रो हिन्दु दर्शनको प्रमुख दर्शन मानिएको छ दर्शन (षट् दर्शन)मा साङ्ख्य, योग, मीमांसा, वैशेषिक गरी ४

वटै दर्शनहरू अनीश्वरवादी दर्शन हुन् । साङ्ख्य दशर्नका प्रणेता कपिल मुनि हुन् जसलाई विष्णु भगवान्का २४ अवतारमध्ये एउटा मानिन्छ । श्रीकृष्णले योगमा नै विशेष जोड दिएका छन् र एउटा अलग्गै आफ्नो पूजा खोज्ने ईश्वरको सट्टा सम्पूर्ण मानव नै ईश्वर हो भनेका छन् । आफू र अरुमा भेद नगर्ने शिक्षा दिन्छन् । वशिष्ठले रामलाई सिकाए कि यस संसारमा ईश्वर भन्ने छैन र जसले पुरुषार्थ गर्दछ उही ईश्वर हो । ईश्वरलाई अलग सम्फी पूजा गर्ने परम्परा सामन्ती परम्परा हो । महोपनिषद् चतुर्थ अध्याय, श्लोक ७४मा भनिएको छ," ईश्वरः भ्रान्तिमाश्रित अर्थात् ईश्वर भ्रममा आधारित छ ।" त्यस्तै "जीव विभ्रान्तिमाश्रितः अर्थात्" जीव अथवा आत्मा पनि विभ्रान्तिमा नै आधारित छ ।" अनि श्लोक सङ्ख्या ७५मा भनिएको छ, "त्यसै कारण मुक्तिको इच्छा गर्ने मानिसले जीव र ईश्वरको वादविवादमा फसेर आफ्नो बुद्धिलाई भ्रमित नगरून् ।" स्पष्टतः मार्क्सवाद अधर्मवाद होइन, मानववाद हो, मानव मात्रको कल्याण गर्ने र उनीहरूको जीवनबाट सदासदाको निम्ति दुःख–दरिद्रतामुक्त, शोषण, दमन, अशान्तिलाई निकाल्ने र सम्पूर्ण मानवजातिको जीवनमा निरन्तर विकासको बाटो खोल्ने सिद्धान्त हो । यो "आफै खाऊँ, आफै लाऊँ" भन्ने यान्त्रिक भौतिकवाद होइन । मानव मात्रको जीवनलाई सारा बन्धनबाट मुक्त गर्ने, द्वन्द्वात्मक भौतिकवाद हो । विश्वमानवलाई नै एकबद्ध गरी आत्मीयता कायम गरेर परस्पर सहयोगका माध्यमबाट विश्वकै रक्षा गर्ने सिद्धान्त हो । स्पष्टतः आजको युगमा जगतको रक्षा गर्न सक्ने क्षमता छ भने त्यो मार्क्सवादमा छ । तर मार्क्सवादले आफूलाई कुनै एक विशेष धर्मको रूपमा लिँदैन र नानाथरिको धर्म हिन्दु होस् या इसलाम अनि इसाई होस् या बौद्ध, अलग–अलग दुकान थापेर मानवजातिको कल्याण हुन सक्दैन । मानिसको निरन्तर विकासशील छ । यस ज्ञानले कुनै एउटा धर्मको परिधिभित्र घेर्नाले यसको विकास कुण्ठित हुन थाल्दछ । मानवका विकासको द्वार खोल्नु पर्छ । मार्क्सवाद पनि आफ्नै घेराभित्र रहन चाहँदैन । यसै कारण सबैबाट सिकौँ र मानवजातिको विकासको निम्ति प्रयोग गरौँ, धर्मको एउटै घेराभित्र मात्र सीमित भएर नबसौँ । यही मुक्तिको मार्ग हो, यही नै मानव धर्म हो ।

## विश्व हिन्दु महासम्मेलन : सही दिशा लिन सक्छ ?

नेपालमा यही आउने ...चैत्र १३ गते राम नवमीको दिन दोस्रो विश्व हिन्दु महासम्मेलन हुँदैछ । यसमा दुई फ्याँक देखिन्छ । एउटा योगी नरहरिनाथ नेतृत्वको र अर्को भूतपूर्व प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजाल नेतृत्वको ।

यसले साम्प्रदायिक रूप लिने हो कि, धार्मिक रूप लिने हो ? भन्नलाई त भनिएको छ, यो सम्मेलनले मानव कल्याणको भारी सन्देश फैलाउनेमा योगदान दिनेछ ।

हिन्दु शब्द स्वयं एक सङ्कुचित शब्द हो । जहाँ आर्य भन्नाले बौद्ध र जैन पनि पर्दछ । हिन्दु धर्मले बौद्ध र जैनलाई आफ्नो परिधिबाट अलग्याएको छ । यसै कारण यहाँ शङ्कराचार्यहरू बढी छन्, जैन मुनिहरू र बौद्ध भिक्षुहरू अथवा बौद्ध विद्वानहरू कमै छन् । हुन त आज संसारमा हिन्दु, बौद्ध, जैन मात्र होइन, इसलाम र क्रिश्चियन धर्मावलम्बीहरू पनि छन् ।

हिन्दु धर्म भन्नाले यी सबै धर्महरूबाट आलग प्रकारको धर्म जनाउँछ । निश्चित रूपले विश्व हिन्दु सम्मेलनले आफ्नो सङ्कुचित दायरालाई बोध गराउँछ ।

हुन त विश्वका सबै धर्महरू मानव कल्याणका लागि निक्लेका हुन् तर पछि क्रमशः सबै धर्महरू शोषण र दमनकारी शक्तिहरूको नैतिक हतियार हुन पुगे । यही कारण हो आज विभिन्न धर्महरूले आ-आफ्नो सङ्कुचित दायराभित्र बसेर काम गर्नु परेको छ । सबैलाई डर छ, कि यी विभिन्न धर्महरूमा नयाँ कुरो समावेश नहून् । नयाँ कुरो मात्र होइन, पुरानै कुरो पनि यदि जनताको पक्षमा छ भने यसलाई अगाडि नल्याऊन् ।

यी सबै धर्महरू हजारौँ वर्ष पुराना भइसकेका छन् । त्यसवेलाको समाजलाई हेरेर यी धर्महरू निक्लेका हुन् । आज समाज बदलिँदा बदलिँदा कहाँ पुगिसक्यो । समाजको अगाडि नयाँ–नयाँ समस्याहरू आइपरेका छन् । मानवतालाई कसरी जोगाउने भन्ने समस्या छ । मानव मात्रलाई कसरी सुखी र सम्पन्न गराउने र विश्वको सम्पूर्ण मानव कसरी एउटै परिवारको रूपमा सबैको दुःख–सुखमा समान भागिदार भई शान्तिपूर्वक जीवन बिताएर यस

विश्व ब्रह्माण्डकै कसरी विकास गर्ने भन्ने सवाल आज मानवजातिको अगाडि खडा छ ।

यो कार्य आज विश्वका कुनै धर्मले गर्न सक्ने स्थिति छैन । हिन्दु भन्ने बित्तिकै इसलाम विरोधी, क्रिश्चियन विरोधी, बौद्ध विरोधी, जैन धर्म विरोधी भएको आभास हुन्छ ।

नेपालको इतिहास हेर्ने हो भने शङ्कराचार्यहरूको हातबाट कैयन बौद्ध विद्वान्हरूको ज्यान गयो । उनीहरूका पुस्तकहरू नष्ट गरिए । भारतमा हिन्दु र इसलाम धर्मको अनुयायी मुसलमानका बिच काटमार चले । यहुदी धर्मावलम्बीहरूले क्राइस्टको ज्यान लिए । क्रिश्चियन धर्मको नाउँमा कैयन वैज्ञानिकहरूको ज्यान लिइयो ।

कुनै धर्मले भनेन कि विश्वमानव एउटै परिवारको हो । सबैको दुःख, सुख एउटै हो । सबै मिलेर बस्नु पर्छ । सबै धर्मले विश्व भातृत्व र मानवतावादलाई बिर्सिदिएको छ ।

हुन त विभिन्न धर्महरूको पछाडि रहेको दर्शन मानवज्ञानको विकासको दौरानमा देखापरेका ज्ञानको एक चरण हो । तर सबै धर्मले त्यस दर्शनलाई रोकिदिए । यति मात्र होइन, अझ उल्टो त्यसवेलाको शासक वर्गको स्वार्थ अनुकूल दबाउनु पर्ने दर्शन दबाएर आफ्नो स्वार्थ अनुकूलको दर्शन मात्र अगाडि ल्याए । यसरी ज्ञानको क्षेत्रमा यी धर्महरूले मानवज्ञानलाई कुण्ठित गरे । हिन्दु धर्मले त्यसवेला जोड पक्र्यो जब भारतमा सामन्ती समाज चढ्दो अवस्थामा थियो । यस सामन्ती समाजलाई सुदृढ गर्नु नै यसले बौद्ध धर्मसँग सङ्घर्ष गरी बौद्ध विद्वान्हरूको हत्या गरे । हिन्दु धर्म र बौद्ध धर्म बिचको सङ्घर्ष धार्मिक सङ्घर्षभन्दा पनि वर्ग सङ्घर्ष थियो ।

बौद्ध दर्शन–बौद्ध धर्मले जहाँ आदिम साम्यवादी समाजको प्रतिनिधित्व गरे । त्यसवेलाको हिन्दु दर्शनले सामन्ती व्यवस्था अनुकूलको दर्शन अपनायो ।

हिन्दु धर्म स्वयं पनि आदिम साम्यवादी दर्शन र आदिम साम्यवादी समाजबाट सुरू भएको हो । स्वयं आदिम साम्यवादी व्यवस्थाको प्रतीक हो, जसको

स्वरूप सामाजिक परिवर्तनको साथै बदलिएर गयो ।" हामीसँगै बसौँ,सँगै खाऔँ, सँगै मिलेर काम गरौँ, हामी सबैको तेज र पराक्रम बढोस् र आपसमा द्वेषभाव नराखौँ" भन्ने वैदिक मन्त्रले त्यसवेलाको साम्यवादी समाजलाई नै दर्शाउँछ ।" समानौ प्रजाः सहवो अन्नभागाः अर्थात् हामी सबैजना समान हौँ, सबैको खान-पान बराबर होस्" भन्ने मन्त्र पनि आदिम साम्यवादकै प्रतीक हो । गायत्री पनि साम्यवादी मन्त्र हो, जसको अर्थ हो," स्वर्ग, मर्त्य, पातालको सूर्य, जुन सूर्य वरण गर्न लायकको छ, लोकको कल्याण गर्ने बुद्धिले युक्त देवता, ती देवताको बुद्धिले हामीलाई पवित्र पारून् ।" स्पष्टतः एक सवाल उठ्न सक्छ, सूर्यले नै पवित्र पार्ने प्रार्थना नगरी सूर्यको बुद्धिले पवित्र पारून् भनेर किन भनेको ? त्यो बुद्धि कस्तो हो ? त्यो बुद्धि हो सबैको कल्याण गर्ने (भर्गो देवस्य धीमहि) त्यस बुद्धिले हामीलाई पवित्र पारून् अर्थात् हामी पनि सबैको कल्याण गर्ने बुद्धिले युक्त होऔँ ।" निश्चय पनि सबैको कल्याण गर्ने बुद्धि पवित्र नै हुन्छ ।

आर्य दर्शनमा सबैभन्दा उच्च दर्शन गीताले पनि मानव–मानव बिचको समानता, एकले अर्कालाई आफ्नै ठान्ने, आफू र अरुमा भेद नगर्ने, सबैको हृदयमा ईश्वर छ भन्ने कुरो सिकाउँछ । गीतामा यो पनि भनिएको छ, जुन मानिसहरूको मन साम्यमा बसेको छ अर्थात् साम्यवादी विचार राख्नेहरूले यही पृथ्वीमा सबै चीज जितेको हुन्छ, यसै पृथ्वीमा स्वर्ग स्थापना गर्दछ ।

शंकराचार्यले बौद्ध दर्शनको विरोध गर्दा आदिम साम्यवादी मन्त्रहरू अगाडि राखेनन्, न त गीताको दर्शनलाई नै अगाडि सारे । उनले आफ्नै ढङ्गको दर्शन अगाडि सारे । ईश्वर र मानवलाई अलग बनाए । जहाँ कृष्णले सबै प्राणीमा ईश्वर छ, सबै ब्रह्म हो भन्ने कुरोमा जोड दिए, त्यहीँ शङ्कराचार्यले "द्वैताद्वैतवाद"मा जोड दिए । मानिसमा ईश्वर छ नभनी मानिस ईश्वरको प्रतिबिम्ब मात्र हो भन्न थाले । सूर्य अलग हो, सूर्यको घडाबाट निक्लने प्रतिबिम्ब जस्तै ईश्वर अलग हो र मानिसहरू त्यही घडाको प्रतिबिम्ब जस्तै मात्र हो भन्न थाले । शङ्कराचार्यले धर्मको साथसाथै तरवार चलाए । शास्त्रार्थमा हार्ने बौद्ध विद्वान्हरू मारिए । शङ्कराचार्यले धर्मलाई स्वेच्छामा छोडेनन् ।

अमरकोषका रचयिता विद्वान् "अमर सिंह"लाई जालझेल गरी शास्त्रार्थमा हराए र आखिर अमरकोष बाहेक सबै कीर्तिहरू जलाएर निजलाई पनि कतल गरेर पठाए । यसरी हिन्दु धर्मको जगमा सामन्ती धर्म स्थापना भयो ।

**धर्म र ईश्वरको सामन्तीकरण**

सबै मानिस ईश्वरको हो भन्नाले साम्यवादी व्यवस्था अगाडि आउँछ । अब सबै मानिस घडामा सूर्यको प्रतिबिम्बझैँ ईश्वरको प्रतिबिम्ब भन्नाले मानिस र ईश्वरलाई अलग गरी मानवतालाई छोडेर उनीहरूमाथि मनपरि व्यवहार गरे पनि भयो । यस्तो दर्शन सामन्ती व्यवस्था अनुकूलको दर्शन हो ।

आजकल मनुस्मृतिलाई हिन्दु धर्मशास्त्रमा सबैभन्दा माथिल्लो ग्रन्थ मानिन्छ । मनुको नाउँमा यो मनुस्मृति बनेको छ । मनुस्मृति पढ्यो भने स्पष्टतः यसले एउटा आदर्श सामन्ती व्यवस्थालाई नै मार्गदर्शन गराउँछ । यहाँ मानिसको समानतामा होइन, यसले सदा–सदाको लागि असमानतालाई दिगो गर्ने कुरोमा जोड दिन्छ । सम्पूर्ण शुद्रहरू बाहुन, क्षेत्री र वैश्यको सेवा गर्न सृष्टि भएको हो र उनीहरूले बाहुन, क्षेत्री, वैश्यको सेवा गर्ने काम नपाए कालिगडी काम गरी उनीहरूको सेवा गर्ने शिक्षा दिएको छ । भनिएको छ, यस सेवाले नै उनीहरू मुक्ति हुन्छन रे । सबैभन्दा उच्च बाहुन त्यसपछि क्षेत्री अनि वैश्य । बाहुनको काम पढ्ने, पढाउने, क्षेत्रीको काम जनताको रक्षा गर्ने, वैश्यको काम खेतीपाती गर्ने, गाई पाल्ने र बाहुनलाई दान दिने, क्षेत्रीलाई करद्वारा पेट भर्ने । शुद्रलाई सबैले जुठो खुवाउने, पुरानो वस्त्र दिने, सारहीन अन्न खुवाउने, पुरानो झुत्रो वस्त्र ओड्न र बिछ्याउन दिने । शुद्रलाई चुडाकर्म व्रतबन्ध नगर्ने प्रावधान गरिएको छ । मनुस्मृति अध्याय १० श्लोक १२६ले भन्छ, धर्मको कार्यमा उसको कुनै अधिकार छैन । अनि श्लोक १२९ले शुद्रले धन सञ्चय गर्नसके पनि धन सञ्चय गर्न नहुने भनिएको छ । यस्तो किन भने धन पाएपछि शुद्रले बाहुनलाई पनि कज्याउन थाल्दछ । मनुस्मृति अध्याय ५ श्लोक १४०ले शुद्रलाई द्विजको जुठो-पूरो खानु नै कर्तव्य हो भनेको छ । साथै, श्लोक १३९ले स्त्री र शुद्र दुवैलाई एउटै दर्जामा राखेको छ । मनुस्मृतिले स्त्रीलाई पनि अर्को दासकै रूपमा राखेको छ । यो हो मनुस्मृतिको नमुना, जसलाई हिन्दु धर्मको सर्वोच्च

ग्रन्थ भनिन्छ । यो ग्रन्थ मनुले बनाएका होइनन्, सामन्ती व्यवस्थालाई सुदृढ गर्न बनाइएको हो भन्ने कुरा स्पष्ट छ । यस ग्रन्थमा राजा हरिश्चन्द्रको पालाको "भोकले सताइएको बाहुन अजिगर्तले आफ्नो छोराको बलि दिन तयार भएको" उदारहण दिएको छ । अनि, भोकले सताइएका विश्वामित्र ऋषिले चाण्डालको हातबाट कुकुरको फिलाको मासु खान तयार भएको कुरो उल्लेख गरेको छ । (अध्याय १० श्लोक १०५-१०८) यी श्लोकहरूले या त मनु महाराज हरिश्चन्द्रभन्दा पछिको राजा हो भन्ने बताउँछ, होइन भने यो ग्रन्थ मनुले बनाएको होइन । मनुको मुकुन्डो लाएर सामन्ती व्यवस्था सुदृढ गर्न त्यसवेला अरुले रचेको ग्रन्थ हो भन्ने कुरो स्पष्ट गर्दछ । हरिद्वार रणधीर बुक सेल्सले प्रकाशित गरेको मनुस्मृतिको भूमिकामा यस ग्रन्थबारे भनिएको छ, "मनुस्मृति आजभन्दा हजार, डेढ हजार वर्षअघि एउटा किताबको रूपमा एकत्रित गरिएको हो । त्यसवेला भारतमा निश्चित रूपले सामन्ती व्यवस्थाकै दबदबा थियो ।

स्पष्टतः जसलाई आज हिन्दु धर्म भनिन्छ, त्यो आदिम कालदेखि आएको आर्य धर्म होइन । आर्य धर्म भित्र वेद, उपनिषद्हरू, योग, साङ्ख्य, मीमांसा, वेदान्त, न्याय वैशेषिक जस्ता ६ वटा दर्शनहरूका साथै बौद्ध, जैन र चार्वाक, दर्शनहरू पनि आउँछन् । हिन्दु दर्शन भन्ने बित्तिकै पछिल्लो ३ दर्शनहरूलाई नकार्दछ र ६ दर्शनमध्ये वेदान्त दर्शनमा नै बढी जोड दिन्छ । यसले ईश्वरलाई मानिसभन्दा अलगैको शक्तिको रूपमा देखाउँदछ ।

हिन्दु शब्द स्वयं त्यसवेला सृष्टि भयो जब भारतमा सामन्ती व्यवस्थाले जोड पक्रिसकेको थियो । खासगरी यो शब्द विदेशी आक्रामकहरूले "सिन्दु" भन्न नसकेर "हिन्द" भने र त्यहीँबाट हिन्दु शब्द बनेको हो । हिन्दु भन्नाले सामन्ती व्यवस्था अन्तर्गतका भारतवासीहरूलाई जनाउँदछ । भारतमा पनि जनजातिहरूले आफूलाई हिन्दु भन्दैनन् र उनीहरूले बाहुन, क्षेत्री, वैश्यसम्मलाई हिन्दु भन्ने गर्दछन् ।

त्यसै गरी आर्य धर्म ३ चरणबाट गुज्रेको छ, (क) आदिम साम्यवादी (ख) दास समाज (ग) सामन्तवादी । यो धर्म सामन्तवादमा आएर अड्केको छ । त्यसरी

त विश्वको सबै धर्म सामन्तवादमा आएर अड्केको छ । क्रिश्चियन धर्मको प्रोटेस्टेन धर्म पूँजीवादमा आएर अड्केको छ ।

हाल भएको हिन्दु सम्मेलनले साम्यवादको गन्ध आउने पुरानो सनातन आर्य धर्मको नामसम्म पनि लिन जरुरत देखेन । योग, साङ्ख्य, मीमांसा, वैशेषिक वेदान्त, न्याय इत्यादि दर्शनहरूको उपयोगिताबारे छलफल गर्ने कुनै जरुरत ठानेन । बौद्ध र जैन धर्मलाई पनि हिन्दु धर्मभित्र गाभेर यिनीहरूबारे पनि छानबिन गर्ने काम भएन, न त कुनै नयाँ दर्शन अगाडि बढाउने काम भयो । हिन्दु धर्मले आफूलाई रक्षा गर्न सक्दैन भन्ने कुरो मुस्लिम आक्रमणको वेला नै साबित गरिसकेको छ । आफ्नो समाजलाई चार वर्ण छत्तिस जात इत्यादि अनेकौँ टुक्रामा बाँडी विद्याजति बाहुनको एकाधिकार, शस्त्र जति क्षेत्रीको एकाधिकार गरी बाँकी जनतालाई दबाइराख्ने हिन्दु धर्मलाई इसलामको नाउँमा एकगठ रहेको र सबै मुलसमान एउटै समाजमा सङ्गठित रहेका मुसलमानहरू कम सङ्ख्यामा भएर पनि हिन्दूहरू माथि विजय हासिल गरे ।

अनि हिन्दु र इसलाममा बाँडिएको विशाल सामन्ती भारतमा माथि सानै भएर पनि पूँजीवादी बेलायतले आफ्नो अधनीमा लिन सफल भयो । स्पष्ट छ, यो आज प्रचलित हिन्दु धर्मले हिन्दु समाजको स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्ने बाटो देखाउन सक्दैन । यसले हामीलाई सामन्तवाद र पूँजीवादबाट मुक्त हुनेबाटो पनि देखाउन सक्दैन, बरु आज प्रचलित धर्महरूले हाम्रो समाजलाई साम्राज्यवादको सेवामा लगाइराखेको अवस्था छ र देशलाई नवउपनिवेशी बनाएको छ ।

आर्य समाजले वेदको आधारमा सम्पूर्ण हिन्दुलाई जातपातको भेद नगरी स्त्री–पुरुषको भेद नगरी एउटै हिन्दु धर्मको सूत्रमा बाँध्ने चेस्टा गरेको थियो । कट्टरपन्थीहरूले यसको विरोधमा जिहाद (धार्मिक युद्ध) छेडे । कट्टरपन्थी राणाहरूले नेपालमा माधवराज जोशीको नेतृत्वमा आएको आर्य समाजमाथि निर्मम प्रहार गरे । माधवराजलाई शास्त्रार्थ गर्न सिंहदरबारमा बोलाएर शास्त्रार्थमा हराउन नसकेपछि त्यसवेलाका श्री ३ महाराज चन्द्र शम्शेरको हुकुम प्राप्त गरी सारा पण्डितहरूले रक्ताम्य हुने गरी पिट्ने काम गरे, अनि घिसार्दै काठमाडौँ सहर घुमाएर जेल पठाइ दिए ।

सामन्ती प्रतिक्रियावादीहरूको दमनले गर्दा आर्य समाज धेरै अगाडि बढ्न सकेन दयानन्द सरस्वतीजीलाई पनि दयानन्दको भान्छेलाई हात लिएर अङ्ग्रेज शासकहरूले काँचको धुलो मिसाइएको दुध खुवाएर मार्ने काम गरे । अङ्ग्रेजलाई हिन्दु धर्मसँग प्रेम भएर यो गरेको होइन, प्रचलित धर्मअन्तर्गत विभाजित हिन्दुहरूलाई सदाका लागि विभाजित राख्नु नै अङ्ग्रेज साम्राज्यवादको उद्देश्य थियो ।

कट्टर हिन्दु धर्मावलम्बीहरूले भारतलाई अङ्ग्रेज साम्राज्यवादको हातबाट मुक्त गर्न सकेन, बरु अङ्ग्रेज साम्राज्यवादलाई नै सघाएर आए । बेलायतको राजाबारे लेख्न थाले, "बालकै भए पनि राजाको अपमान गर्नु हुँदैन" भनेर अङ्ग्रेज वादशाहको विरुद्धको सङ्घर्षलाई शिथिल पार्ने काम गरे । न पण्डितहरू, न शंकराचार्यहरू, न राजा–रजौटाहरूले भारतको स्वतन्त्रता सङ्ग्राममा भाग लिए, न यसलाई समर्थन गरे । विश्वविजयी भारतले आजको प्रचलित हिन्दु धर्म अन्तर्गत सदाको निम्ति अङ्ग्रेजको दासता स्वीकार गऱ्यो । कट्टर हिन्दु धर्मावलम्बी राणाहरूले आफ्नो अस्तित्वको निम्ति अङ्ग्रेज साम्राज्यवादकै भरोसा गरे ।

अङ्ग्रेज साम्राज्यवाद विरोधी सङ्घर्षको दौरान दयानन्द सरस्वतीको नेतृत्वमा कट्टरपन्थी हिन्दु धर्मको विरोधमा "आर्य समाज" निक्ले । महात्मा गान्धीले देखे "आर्य समाज" पनि भारतको स्वतन्त्रता सङ्ग्राममा बाटो देखाउने कुरोमा अधुरो छ । कारण, यसले सबै हिन्दुहरूलाई एकगठ गर्ने गरे पनि यसमा भारतको बौद्ध धर्मावलम्बीहरू, जैनहरू, मुसलमानहरू र क्रिश्चियनहरूलाई एक सूत्रमा बाँध्न सत्तैन । भारतको स्वतन्त्रताको निम्ति सङ्कुचित हिन्दुवाद "आर्य समाज" कै रूपमा पनि यथेष्ट थिएन । स्वतन्त्रता सङ्ग्राममा विजय हासिल गर्न यस धार्मिक सङ्कुचितताबाट बाहिर आएर सम्पूर्ण भारतवासीलाई एक गर्नु आवश्यक थियो ।

महात्मा गान्धीले भारतको दर्शनमा सबैभन्दा उच्च दर्शन गीताको अनुसरण गरे । भारतको स्वतन्त्रताको निम्ति जनताको एक मात्र हतियार हो– सम्पूर्ण जनताको एकता । जनता एक भएपछि संसारको कुनै शक्तिले यसलाई दबाउन सक्दैन । यही कारण हो प्रतिक्रियावादी शक्ति जनतालाई मिल्न दिन

चाहँदैन, सङ्गठित हुन दिन चाहँदैन । यसै उद्देश्यले उनीहरू जनताको बोल्ने, लेख्ने र सङ्गठित हुने अधिकार खोसिराख्ने काम गर्दछन् ।

**आजको आवश्यकता सर्वधर्म समभाव**

गीता एउटा यस्तो दर्शन हो, जसले सम्पूर्ण मानव बिचको भेदभाव मेटाउँछ । गीताले भन्छ, "पण्डित उही हो, जसले विद्या र विनय (नम्रता)ले सम्पन्न ब्राह्मण, गाई, हात्ती, कुकुर र चाण्डाल सबैलाई समदृष्टिले हेर्न सक्दछ ।" गीतामा भनिएको छ, "सबै ब्रह्म हो, त्यस कारण उनीहरूमा कुनै दोष छैन ।" गीताले भनेको छ, "सबै प्राणीको हृदयमा ईश्वर बसेको छ, त्यस कारण सबै प्राणीको हृदयमा बसेको ईश्वर सबै ठाउँमा छ, सबै प्राणी र मानिसमा छ भन्ने भावना लिएर उसकै शरणमा जाऊ र उही ईश्वरको प्रसादले तिमीलाई परम् शान्ति मिल्नेछ र शाश्वत पद प्राप्त गर्नेछौ ।" अगाडि भनिएको छ, "जसले आफूलाई अरुमा देख्न सक्दछ, सबैलाई आफूमा देख्न सक्दछ, त्यसको निम्ति ईश्वर जहाँतहीँ हुन्छ र ईश्वरको निम्ति पनि ऊ कहिल्यै नाश हुँदैन ।" यसरी मानव मात्र विनाभेदभाव आफै सम्फेर व्यवहार गर्ने कुराको शिक्षा गीताले दिएको छ । यहाँ हिन्दु, मुसलमान, बौद्ध, जैन, सिख भन्ने भेदभाव छैन र गीता "ज्ञान"मा जोड दिन्छ । भन्छ, "ज्ञान जस्तो पवित्र यो संसारमा केही छैन ।" अनि एक अर्को ठाउँमा भन्छ, "यी विभिन्न प्रकारका धर्महरू, सबै प्रकारका धर्महरू छोडिदेऊ र मलाई चिन ।" भन्नाले कृष्णको व्यक्तिगत "म" नभएर सबै प्राणीमा रहेको साफा "म" हो, अर्थात् आफू र अरु एउटै हो भन्ने चिन । गीताले "ध्यान" गर्दा उही सबैमा भएको "म"को ध्यान गर्छ र आफूलाई अरुमा, अरुलाई आफूमा लीन गर्ने व्यावहारिक कुरो सिकाउँदछ ।

यसै दर्शनको आधारमा जातीय र धार्मिक भेदभाव नराखी सम्पूर्ण जनतालाई सङ्गठित गरेर नै भारतले त्यो विशाल तथा महाशक्तिशाली अङ्ग्रेज साम्राज्यवादलाई भारतबाट धपाउन सफल भयो । सङ्कुचित सामन्तवादी हिन्दु धर्मावलम्बीहरूले यो काम गर्न सकेनन्, बरु उनीहरू भारतको स्वतन्त्रता आन्दोलनमा अडङ्गा (अवरोध ?) कै रूपमा रहे । यस्तै इसलामका अन्धचेलाहरू पनि पाकिस्तानको नारा दिएर इसलाम धर्मको

नाउँमा स्वतन्त्रताको आन्दोलनमा रोडा अड्काउने नै काम गर्दै गए । भारत विभाजित भएर स्वतन्त्र भएपछि पनि हिन्दु धर्म र इसलामको आडमा एकले दोस्रोमाथि प्रहार गरी लाखौँ लाखको ज्यान लिए र करोडौँ जनताको जीवन सङ्कटमा पारिदिए ।

यसै कारण धार्मिक अन्धविश्वासले मानिसहरूलाई सद्गति होइन, दुर्गतिमा नै पुऱ्याउने गर्दछ । धर्म मानिसको जीवनमा मार्गदर्शक हुनु पर्दछ । मनुष्य समाजको विकासमा सहायक हुनु पर्दछ, न कि वाधक ।

एक समयको धर्म थियो, "हामीसँगै बसौँ,सँगै खाऔँ,सँगै मिलेर काम गरौँ, हामी सबैको तेज र पराक्रम बढोस्, आपसमा द्वेषभाव नराखौँ ।" यो थियो सनातन धर्म, सत्य युगको धर्म, जुनवेला साम्यवादी समाज थियो ।

यो समाज बदलिएर दास समाज आयो । वृत्रासुरले दास समाज सुरु गऱ्यो । लडाइँमा हारेकाहरू दास बनाइए, जित्नेहरू मालिक बने । दासहरूमाथि घोर अन्याय र अत्याचार चले । यो समाज बदलेर जब सामन्ती समाजको स्थापना भयो । यही दासहरू शुद्र बने । दासका मालिकहरू ब्राह्मण, क्षेत्री र वैश्यमा विभाजित भए । पहिले बुद्धिले काम गर्ने र बलले काम गर्ने दुई फ्याक भए । बुद्धिले काम गर्ने ब्राह्मण भए, बलले काम गर्ने, सत्रुसँग लड्ने-भिड्नेहरू क्षेत्री बने । जब खेतीबारी, पशुपालन र व्यापारको वृद्धि भयो, तब अर्को एउटा वर्ग देखा पऱ्यो, उनीहरूलाई वैश्य भनियो । यस सामन्ती समाजलाई आजकलको हिन्दु धर्मले प्रतिनिधित्व गर्दछ र यसै समाजको रक्षार्थ यस सामन्ती धर्मले काम गर्दछ । स्वभावतः हिन्दु धर्मले पूँजीवादी विकासको बाटो देखाउन सकेन । समाजवादको बाटो देखाउने कुरै भएन ।

यसरी हिन्दु धर्म सामाजिक परिवर्तनको प्रयासमा बाधक बन्यो । हिन्दु धर्म जनसाधारणबाट अलग्गिएर चूडाकर्म, व्रतबन्ध, श्राद्धकर्म र पूजा–पाठमा मात्र सिमित हुन गयो, भजन मण्डलीमा सीमित हुन पुग्यो । भर्खरै हिन्दु महासम्मेलन जो भयो, यसले समाजलाई अगाडि बढाउने कुनै बाटो देखाउन सकेन । यो सङ्कुचित हिन्दु साम्प्रदायिकतामा सीमित भएर रह्यो । यसको कार्य समाजको उत्तरोत्तर विकासतिर नभई राम जन्मभूमिबाट मस्जिद हटाउने,

मथुरामा कृष्ण मन्दिरबाट मस्जिद हटाउने र हिन्दुहरूको मात्र एक आवाज गर्ने र यसको निम्ति छिट्टै खबर गर्न दुरसञ्चारको इन्तजाम गर्ने कुराहरू सभामा सीमित रहे ।

भारतको एकता र अखण्डताको निम्ति सबै धर्मप्रति समान व्यवहार गर्ने धर्मनिरपेक्ष राज्यको आवश्यकता थियो र छ पनि । हिन्दु महासम्मेलनले यस धर्मनिरपेक्षतामाथि प्रहार गरे र यसरी भारतलाई फेरि खण्ड–विखण्ड गरी कमजोर पार्ने सिद्धान्त अगाडि ल्याए ।

धर्मनिरपेक्ष राज्यमा नै भारत अखण्ड रहन सक्नेछ । भारतमा हिन्दुराज्य खडा गरी अरुमाथि राज गर्नु असम्भव छ । अरु त अरु भारतका ब्राह्मण, क्षेत्री बाहेक अरु जातिहरूले यसलाई कदापि मान्ने छैनन् । अर्को कुरो, हतियार आजकाल क्षेत्रीको हातमा सीमित छैन, न त विद्या नै ब्राह्मणहरूको हातमा सीमित छ । वेद र स्मृतिहरूको आधारमा आजको समाज चल्न सक्दैन । न त शङ्कराचार्यहरूको बुद्धिले आजको समाज चल्न सक्दछ ।

यस्तो वेलामा नेपालले राम जन्मभूमि, कृष्ण मन्दिरको बखेडामा हिन्दु साम्प्रदायिकताको पक्ष लिनु आत्मघाती काम हुनेछ । यो भारतको आफ्नो भित्री मामिला हो । यसमा नेपालले हस्तक्षेप गरेर पार लाग्ने छैन । न त भारतमा हिन्दु–मुसलमानको दङ्गामा हामीले हिन्दु सम्प्रदायको पक्ष लिएर लड्न नै सक्ने छौँ । यस्तो कार्यले नेपाललाई विश्वभरिको दुस्मनी मोल्न करै लाग्नेछ ।

स्पष्टतः आजको आवश्यकता सम्पूर्ण मानवलाई एक बराबर सम्भने साम्यवादी मानव धर्म धर्मकै आवश्यकता छ, यस्तो धर्मले नै विश्वशान्ति कायम गरी मानवमात्रप्रति प्रेमभाव राखी मानव समाजको उत्तरोत्तर विकास गरी श्रीमद्भगवद्गीतामा श्रीकृष्णले भनेभैँ यसै संसारलाई स्वर्ग बनाउन सक्नेछौँ । गीतामा श्रीकृष्णले भनेभैँ सम्पूर्ण मानवजातिलाई आफै बराबर सम्भी अनेकन प्रकारका धर्महरूलाई त्यागी मानवतावादलाई अँगाल्नु नै आजको आवश्यकता हो । यही राज्य सनातन धर्म हो भन्ने कुरो गीताको विभिन्न अध्यायहरूले स्पष्ट गर्दछ ।

# शहीद श्री शुक्रराज शास्त्रीको एक परिचय

नेपालको प्रजातान्त्रिक आन्दोलनको सूत्रपात श्री शुक्रराज शास्त्रीका बुबा महर्षि श्री माधवराजकै पालोमा भइसकेको थियो। माधवराज आर्य समाजको सन्देश लिएर नेपाल पसेका थिए। माधवराजको नेतृत्वमा आर्य समाज नेपालमा धेरै नै फैलिसकेका थिए। आर्य समाज हिन्दू-रुढीवाद र अरु विभिन्न गलत धर्म र मतमतान्तरको खण्डन गर्दै वेदलाई मूल आधार बनाएर आएको धर्म हो। यी पाखण्डपूर्ण रीतिरिवाजको विरोधी थिए र एक मात्र ईश्वर परमात्मालाई मान्दथे र मूर्ति पूजाका पनि बिरोधी थिए। हुन त आजकल आर्य समाज भारतको पूँजीपति वर्गको खेलौना भइसकेको छ। फेरि पनि महर्षि स्वामी दयानन्द सरस्वतीले यो मत निकाल्दा पूँजीपति वर्गको सेवामा निकालेको थिएन। यो भारतको प्रजातान्त्रिक आन्दोलनको धार्मिक आधारको रूपमा निक्लेको थियो। जबसम्म हिन्दु समाजको रुढीवाद रही जातपात, अन्ध विश्वास र यस्तै अरु अनेकौँ कुराहरूको व्यवधान हट्दैन् हिन्दु समाज र भारतीय जनतालाई एक सूत्रमा बाँध्नु असम्भव थियो। यसै निम्ति यसलाई भारतको प्रजातान्त्रिक आन्दोलनको एउटा धार्मिक आधार भने हुन्छ।

श्री माधवराज जोशी आकृष्ट भएर यसमा गहन अध्ययन गरी नेपाली जनतामा यसले प्रचार गर्न थाले। यसले गर्दा राजगुरु, राजपूरोहितहरूको आम्दानीमा असर पार्न थाले अनि नेपालका राजगुरुको नेतृत्वमा श्री माधवराजलाई शास्त्रार्थको हाँक दिन थाले। पहिले माहिला गुरुज्यूको घरमा शास्त्रार्थ भयो, पण्डितहरू नाजवाफ भए। अर्को दिन चन्द्र शमशेरको बैठक उनकै अगाडि शास्त्रार्थ भयो। सारा पण्डितहरू नाजवाफ भएपछि स्वयम् त्यसवेलाको

तानाशाह चन्द्र शमशेरले सवालहरू गर्न थाले उनका सवालहरू मध्ये एउटा सवाल राजनीतिक व्यवस्था बारे थियो ।

त्यसवेला सम्पूर्ण शक्ति राणा प्रधानमन्त्रीको हातमा थियो र राणा प्रधानमन्त्री मात्र नभै सम्पूर्ण राज्य शक्तिको केन्द्र थियो र राणा प्रधानमन्त्रीलाई राजा मात्र होइन महाराजा भनिन्थ्यो । चन्द्र शमशेरलाई श्री ३ महाराज चन्द्र शमशेर भनिन्थ्यो । त्यसवेला नेपालमा उनकै हुकुम चल्थ्यो र चन्द्र शमशेर नेपालको निरंकुश तानाशाह थियो र उनकै बोलिमा देशको संविधान र कानून थियो र राणाहरू भन्दथे "हाम्रो बोलि नै कानून हो ।"

यस प्रकारको तानाशाह चन्द्र शमशेरको सवाल थियो'राजालाई के गर्नुपर्छ ? चन्द्र शमशेरले राजा आफैँलाई भनेको हो । श्री माधवराजको भनाई महर्षि स्वामी दयानन्द सदस्वतीले लेखेको 'सत्यार्थ प्रकाशको छैठौँ अध्यायमा उल्लिखित राजधर्मको व्याख्याकै अनुरूप हो । त्यसमा भनिएको छ' कुनै एकजनालाई स्वतन्त्र रूपले आफुखुसी राज्य गर्ने अधिकार दिनुहुन्न ।' त्यसमा भनिएको छ, 'सभापतिको अधीनमा हुनुपर्छ र प्रजा राजसभाको अधीन अर्थात् प्रजापति बफादार र प्रजाको कन्ट्रोलमा रहने सभाले बनाएको ऐन कानून बमोजिम जनताले चल्नु पर्छ ।'

मोटामोटी रूपमा यो प्रजातन्त्रको रूपरेखा हो । सत्यार्थ प्रकाशमा फेरि भनिएको छ 'प्रजाबाट स्वतन्त्र स्वेच्छाले काम गर्ने राजासँग हुन्छ भने (राष्ट्रमेव विश्या हन्ति) यस्तो राजाले राज्यमा प्रवेश गरेर प्रजाको नाश गर्छ र एक्लो राजाले स्वाधीन वा उन्मत्त भएर (राष्ट्री विशं धातुकः) प्रजाको नाश गर्ने हुन्छ अर्थात् (शिमैव राष्ट्रिय द्यां करोति) त्यस राजाले प्रजालाई खाई जान्छ (अत्यन्त दुःख दिन्छ) । यसैले कुनै एकजनालाई राज्यमा आफ्नो स्वेच्छाले काम गर्ने अधिकार दिनु हुन्न । जनताको अनुशासनमा नरहने स्वतन्त्र राजाले प्रजाको नाश गर्छ, मनुस्मृतिलाई उद्धरण गरी सत्यार्थ प्रकाशमा भनिएको छ 'लोके वर्तेत पितृवन्नुषु अर्थात् जनतालाई बाबु बराबर व्यवहार गरियोस् । स्वेच्छाधारी राजाले पहिले जनतालाई खान्छ, पछि आफैँलाई पनि खाई लाग्छ । प्रजातन्त्र जनताको स्वाभाविक अधिकार हो र जनता नै देशको मालिक हो भन्ने कुरो

स्वयम् वेदले प्रमाणित गरेको कुरो हो ।

तानाशाही चन्द्र शमशेरलाई यी सब कुराहरू कसरी पच्थे । चाहे वेद, मनुस्मृति इत्यादि कुनै पनि धर्मशास्त्रमा जेसुकै लेखिएको होस् तानाशाही सरकारलाई तानाशाही व्यवस्था नै मन पराउँछ । यी कुराहरू तानाशाही सरकारलाई तानाशाही व्यवस्था नै मन पराउँछ । यी कुराहरू तानाशाहको चाप्लुसी गरी स्वार्थ सिद्ध गर्नु पर्ने राजपुरुषहरूलाई पनि मन पराउँदैन । वेद, पुराण, गीता इत्यादि शास्त्र त्यसवेलासम्म तानाशाहीहरूले मन पराउँछ जहिलेसम्म यसको अर्थको अनर्थ गरी आफ्नै स्वार्थ सेवा गर्न यिनीहरूको उपयोग गर्न सकिन्छ । शास्त्रार्थको अन्तमा श्री माधवराज जोशीलाई पशुपतिनाथलाई ढुङ्गा भन्नेलाई पिट्न पाउँ महाराज भनी माहिला गुरुज्यूले भनेपछि चन्द्र शमशेरको हुकुमले सम्पूर्ण पण्डितहरूले श्री माधवराज जोशीलाई पिट्नसम्म पिटी रक्ताम्य बनाई दिए, अनि ४ जना आठ पहरियाले घसिट्दै काठमाडौँ शहर घुमाएर २ वर्षको कैदको सजायँ दिइए । निरपराध यी माधवराज जोशीलाई पिट्ने र पिटाउनेहरू दैवी प्रकोप भन्ने हो बा के भन्ने हो, एक-एकको दुर्दशामा अन्त भए । तिनीहरू मध्ये कति बहुलाए, कोही रानीपोखरीमा हाम फालेर मरे, कोही चोरी मुद्दामा परी अनेक बेइज्जति भएर मरे । यस बारे विस्तृत जानकारी पं. माधवराज जोशीको जीवनी पढे स्पष्ट हुन्छ । चन्द्र शमशेर स्वयम् पनि अति कष्ट सहेर मरे ।

उहाँले डेढ वर्षको कठोर काराबासपछि जेलबाट भाग्न सफल भए र भारतमा अनेक दुःख सहेर जीवन बिताए । श्री शुक्रराज शास्त्री पं. माधवराज जोशीका द्वितीय सुपुत्र हुनुहुन्छ । वहाँको जन्म विक्रम संवत् १९५० साल श्रावण पूर्णिमा (भाद्र १३ गते) को दिन बनारसमा भएको थियो ।

जहाँ श्री माधवराज र यहाँको जेष्ठ पुत्र अमर राजले आफ्नो सम्पूर्ण समय आर्य समाजको निम्ति लगाउनु भयो । यी शुक्रराज शास्त्रीले आफ्नो जीवन सामाजिक सेवा तथा राजनीतिक परिवर्तनको निम्ति लगाउनु भयो । १९६२ तिर पं. माधवराजले चन्द्र शमशेरको अगाडि रुढिवादी पण्डितहरूलाई हराई सकेपछि, वहाँलाई रक्ताम्य हुने गरी पिटे र कठोर जेलयातना दिइ राखेको

वेला श्री माधवराजका दुई छोरा अमरराज र शुक्रराज, जो त्यसवेला दर्वार स्कुलमा पढ्दै थिए, लाई जेलखानामा पर्नेका जहान छोराछोरीको पानी चल्दैन भनेर त्यसवेलाको हेडमास्टर बटू बाबुले शुक्रराज र उनका दाइ अमर राजलाई दर्वार स्कुलबाट निकालि दिए । डेढ वर्ष जेल काटिसकेपछि पं. माधवराज भारत भागेर वहाँले आफ्नो जहान छोरा छोरीहरूलाई भारतमा राखे । भारतमा रहँदा श्री शुक्रराजले भारतको गुरुकुल विद्यालयमा अध्ययन गरी शास्त्री पास गर्नुभयो । हुन त पछि वहाँले अङ्ग्रेजीमा बि.ए.को जाँचको निम्ति पनि तयार गर्दै हुनुहुन्थ्यो ।

वहाँले शास्त्री पास गऱ्यो भन्ने मात्र सवाल होइन । त्यसरी त शास्त्री पास गरेका अरु पनि पण्डितहरू पाइन्छन् । बि.ए. (डिप्लोमा) पढ्ने र पास गर्नेहरू पनि धेरै छन् । तर ती शास्त्रीहरू र डिप्लोमा पास भएकाहरूमा र कहाँ आकाश पातलको फरक छ । वहाँ उच्च आकाशको भने अरु शास्त्रीहरू पाताल हुन् । अरु शास्त्रीहरूको ज्ञान मूर्ख पण्डितहरूको ज्ञान झैँ सीमित र अनर्थकारी ज्ञान हुन जसले समाजलाई अगाडि बढाउने सट्टा पछिल्तिर नै धकेल्ने गर्छन् । उनीहरूको पढाईको एक मात्र उद्देश्य देश र जनताको सेवा गर्ने नभै एउटा नोकरी गरी आफ्नै स्वार्थ सेवा गर्नु हो ।

एक त वहाँको ज्ञान असीमित छ, अनि यो ज्ञान मानव कल्याणको निम्ति हो र मानव समाजलाई उत्थान गर्न सक्ने खालको हो । वहाँले नेपाल भाषाको सेवामा नेपाल भाषा व्याकरण लेख्नुभयो भने नेपालीमा ‘स्वर्गको दर्वार’ लेख्नु भयो । यसले वहाँहरू भाषाप्रति समान आदर गर्नुहुन्छ भन्ने स्पष्ट गर्दछ र साथै वहाँको जीवन वैदिक दर्शनमा आधारित छ भन्ने कुरो स्पष्ट गर्दछ । वहाँलै वेदलाई विशेष मान्यता दिँदा दिँदै पनि गीताको अध्ययन गर्नुहुन्छ । गीता एउटा मानवतावादी दर्शन हो र यसले साम्यवादी भावनामा जोड दिन्छ ।

आश्चर्य छैन कि वहाँको नेपाल भाषाका बालोपयोगी पाठ्यपुस्तकहरू र स्वर्गको दर्वार पनि मानवतावादी भावनाले ओतप्रोत छ । वहाँको बारे वहाँको बहिनी चन्द्र कान्ताजी लेख्नु हुन्छ ‘शास्त्रीजी जेलमा हुँदा जब वहाँलाई आफ्ना नव विवाहिता पत्नी तथा नवजात पुत्रीको मृत्युको समाचार सुनाईयो, सबै कुरो

सुनेर पनि शास्त्रीजी हिमालय भैँ आफ्नो धैर्यमा दृढ रहनु भयो र आफ्नो मुख अलिकति पनि मलिन गर्नु भएन, नेपाली जनताको र साथै आफ्नो राष्ट्रको दुर्दशा देखेर अति चिन्तित हुनुहुन्थ्यो भन्ने कुरो वहाँको स्वर्गको दर्वारमा लेखिएको कुरोले स्पष्ट गर्दछ । एकातिर वहाँ बाल विधवाहरूको दुर्दशा देखेर तड्पनु हुन्छ, अर्कातिर पुरुषहरूको हालत बारे लेख्नु हुन्छ,'सयकडा ९० भन्दा बढ्ता नेपालका मानिसहरू बेकारैमा आफ्ना आफ्ना जीवन बिताउँदैछन् । कुनैले एक दुई पैसाको भट्टमास, मकै अथवा उसिनेको आलु आदि खाई, कुनैले एकछाक मात्रै खाई, भोकै बसी पच्चिस, त्रिपासा आदि खेली आफ्ना आफ्ना अमूल्य जीवन (बर्बाद-गरी) बिताइरहेका छन् ।' अनि रोपवेले गर्दा बढेको बेकारीलाई लिई वहाँ भन्नुहुन्छ 'तर यसले हजारौँ कुल्लीहरू बेकार भएर दुःखित भई हिन्दुस्थानतिर आई दर्बान, चपरासी तथा कुल्लीको काम गरी येन केन जीवन निर्वाह गर्दैछन् । अरु अरु धेरै भाइहरू त यस्तो यस्तो काम पनि नपाई यता उती भटको रहने पनि अनेक छन्, यसको परिणाम यो हुँदै कि ऐले नेपालका राष्ट्र सङ्गठित नभई बिच्छिन्न भइरहेको छ । यो दुःखको विषय हो ।'

वहाँको यस भनाईले वहाँको मानवतावादी तथा साम्यवादी दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ । वहाँ नेपालको सम्पूर्ण जनतालाई आफ्नै दाजुभाइ सम्भनु हुन्छ र उनीहरूको दुःखमा वहाँ धेरै नै दुःखित हुनु हुन्छ । साथै यसले देश र जनताको बिग्रँदो स्थितिप्रति वहाँ कत्तिको चिन्तित हुनु हुन्छ भन्ने कुरो पनि स्पष्ट गर्दछ । यसै कारण वहाँले दार्जिलिङ्ग, खर्साङ्ग, पटना, कलकत्ता, देहरादून आदि नेपाली बस्ती धेरै भएका इलाकाहरूमा घुमि घुमिकन सङ्गठन गर्न लागे । यही सिलसिलामा वहाँ सिक्किम र भुटान पनि पुगे । संवत् १९०४ सालको फाल्गुण महिनामा वहाँले नेपाली जनतालाई नागरिक अधिकारको ज्ञान दिन र यसको प्राप्तिको निम्ति 'नागरिक अधिकार समिति'को सङ्गठन गर्नु भयो ।

विक्रम संवत् १९९४ इस्वी सन् १९३८ मार्च महिनामा महात्मा गान्धी कलकत्ता आएको वेला शुक्रराज शास्त्रीकै नेतृत्वमा कलकत्ता बसिरहेका नेपालीहरूको

एउटा प्रतिनिधि मण्डल गान्धीजीसँग भेट्न गएका थिए यस प्रतिनिधि मण्डलमा श्री विश्वेश्वरजी पनि हुनुहुन्थ्यो । महात्मा गान्धीकै सुझाव अनुसार श्री शुक्रराजले भोलिपल्ट भारतीय काँग्रेसको अध्यक्ष सुभाषचन्द्र बोससँग सन् १८.३.३८मा भेट गरी नेपालको स्थिति बारे कुराकानी गर्नु भएको थियो ।

श्री शुक्रराज शास्त्री काठमाडौँ फर्केपछि यही अभियोगमा वहाँलाई काठमाडौँ उपत्यकाका चार भञ्ज्याङ्ग भित्र नजरबन्द गरिए । यसरी नजरबन्दिमा रहँदा शुक्रराजले वि.सं. १९९५ साल मार्गमा नागरिक अधिकार समितिद्वारा आयोजना गरिएको आमसभामा जनतामा नागरिक अधिकारको चेतना दिन बोलेका थिए । राणा सरकारको आलोचना गर्न राजधानीमा आयोजना गरिएको यो पहिलो आमसभा थियो । यसमा राणा सरकारको आलोचना गरे बापत वहाँलाई भोलिपल्टै गिरफ्तार गरी सदर सेन्ट्रल जेलमा थुनिए ।

वहाँ जेलमा परेको २ वर्ष १ महिनापछि प्रजा परिषद् काण्डमा गंगालाल, धर्मभक्त, दशरथ चन्द्र, रामहरि शर्मा, टंक प्रसाद आचार्य र चुडा प्रसाद शर्मा आदि माथि पनि मुद्दा चल्यो । तर श्री ३ महाराज जुद्ध शमशेरले यी सबैमा शुक्रराज शास्त्रीलाई नै गुरु मानी भनेका थिए कि ‘यही शास्त्रीले क्रान्ति ल्याउन सक्दछ, तुफान मचाउन सक्दछ र सत्ता चकनाचूर गर्न सक्दछ, त्यसकारण उसलाई जेलबाट ल्याउ भनी मगाएर सवाल सोद्धा शास्त्रीजीको जवाफबाट श्री ३ जुद्ध शमशेर रीसले चूर भएर ‘बन्दुक ल्याउ अहिले यसलाई मार, भनि मृत्युदण्डको साथै सर्वस्व गर्ने हुकुम दिए ।

कतिले शास्त्रीलाई माफी माग्ने सल्लाह दिए तर वहाँले माफी माग्दिन भनि जवाफ दिनु भयो र भन्नु भयो, मैले के अपराध गरेको छु । अपराध गरेको भए सजाय देऊ, झुण्डिन, गोली खान तैयार छु, कहिले नमर्ने भए माफी मागुँ एक दिन त अवश्य मर्नु छ भने किन माफी मागुँ । यसरी वहाँलाई सिंहदरबार र जेल गरी आठ चोटी लगियो र बयान गराइयो, वहाँलाई जेलबाट सिंहदरबार लग्दा सिक्रीले हातखुट्टा र घाँटीमा नेल लगाइन्थ्यो । १९९७ साल माघ ९ गते नवमीका दिन साँझ घरबाट रोटी पकाई ल्याएकोमा दुधसँग खान लाग्दा सिपाहीले खान नदिई बाहिर ल्याई राती १२ बजे लहरीमा सिपाहीहरू भरेर

आएर अर्को मोटरमा नर शमशेर आए मोटरमा शास्त्रीजीलाई बाँधी लगे । शास्त्रीजीले परमेश्वरको नाम याद गरी गीता पाठ गर्न लागे र वागमतीमा स्नान गरी फेरि सन्ध्या र गीता पाठ गरि आफैँले गलामा फाँसी हाली तल राखेको इँट आफ्नै लातले हटाएर ॐ उच्चारण गरी देहान्त हुनुभयो ।

दोस्रो दिन निज शुक्रराजका भतिजा प्रयागराज जोशीलाई १६ जना मिलिटरीले घेरी लग्यो । तिम्रो माहिला बाबुलाई कृयाक्रम गर, भनी डोरी काट्न लगाई वागमती र विष्णुमतीको दोभान पानीमा कृया गर्न लगाएर भोलिपल्ट बडा गुरुज्यूबाट झुण्डिएको कृया गरेबापत पत्यापूजि लिन लगाएका थिए । शुक्रराज शास्त्रीलाई फाँसी दिँदा वहाँको गलाबाट एउटा नोटिस बोर्ड झुण्ड्याई दिएको थियो । सारा देशलाई भड्काउने, सबैको गुरु, राजद्रोह गर्ने र गाथगद्दी सकिनेलाई यस्तै दण्ड दिइनेछ ।'

बिहान सबेरैदेखि वहाँको झुण्डिएको लासको वरिपरि भीड कोहि राणा सरकारलाई गाली गर्दै थिए र कोहि आपसमा गाइँगुइँ गर्दै थिए, कोही धुरु धुरु रुँदै थिए । यसै भिडको बिचमा ८२ वर्षका वहाँका पिता श्री माधवराज जोशी लट्ठि टेक्दै त्यहाँ आई पुग्नुभयो । श्री माधवराजले झुण्डाएर शहीद भएको आफ्नो छोरालाई नमस्कार गर्दै श्रद्धाञ्जली चढाउनु भयो । प्राण गइसकेको छोरालाई सम्बोधन गर्दै वहाँले भन्नु भयो 'स्याबास बेटा तुम धन्य हो । तुमने माँ बापका ही नही देशका गौरब बढाया हे, बेटा होना तो ऐसा होना ।' वहाँलाई मृत्युदण्ड दिइएको दिन सन् १९४१ वि.सं. १९९७ माघ ९ गते रोज ४ थियो । राणा कमाण्डरले पछि भनेका थिए तलवारको बलले लिएको यो राज्य म अर्को ५० वर्ष तलबारकै बलले चलाउँला ।

२००७ सालमा राणा शाहीको बिरोधमा सशस्त्र सङ्घर्ष शुरु भयो । राणा शाही ढले, उनीहरूको ५० वर्ष तलवारको बलले राज गर्ने स्वप्न १० वर्षमै चूर भयो । तर आज शुक्रराज शास्त्री अमर छन् ।

# स्व. गेना पटेल समवेदना

नेपाल कम्यनिष्ट पार्टीको केन्द्रिय समितिको मानार्थ सदस्य का. गेना पटेलको ९५ वर्षको उमेरमा यही २०५० आषाढ १४ गते देहावसान भएकोमा हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी, र हाम्रो पार्टीको भ्रातृ संस्था अखिल नेपाल किसान संघ वहाँ प्रति श्रद्धाञ्जली अर्पण गर्दछ र वहाँको दिवंगत आत्माको चिरशान्ति र वहाँको शोक संतप्त परिवारलाई यस दुःखद् घटनामा धैर्य धारण गर्न सकुन् भन्ने कामना गर्दछौँ । गेनाजीको नामले वहाँ वारा, रौतहट, सर्लाही ३ वटै जिल्लाहरूमा घर घर थाहा नपाउने बिरलै होलान् र पार्टी नेताको रूपमा नेपाल कम्युनिष्ट पार्टीका हरसदस्यका बीच उत्तिकै प्रचलित नाउँ हो । वहाँ एक सम्झदार, लोकप्रिय किसान नेता हुनुहुन्छ र २००९ सालको त्यो ऐतिहासिक किसान आन्दोलनको अग्रणी नेता हुनुहुन्छ र अरू पनि किसान आन्दोलनहरूमा वहाँले अग्रणी भूमिका खेलेर आउनु भएको हो । वहाँ एउटा प्रभावशाली सङ्गठनकर्ता हुन् हुन्छ र ९० वर्षको बुढेसकालमा पनि वहाँ कोसौँ हिँडेर काम गर्नुहुन्थ्यो । वहाँ सिद्धान्तको पक्का, कुनै लालचमा नफस्ने व्यक्तित्व हुनुहुन्छ । वहाँलाई पथभ्रष्ट गर्न लाखौँ रूपैयाको र पदको समेत लालचहरू दिन नल्याएका होइनन्, नेपाल त नेपाल, भारतका अधिकारीहरू समेत नाता जोडेर वहाँलाई किन्ने कोशिश भएको थियो । वहाँको जवाफ थियो यस्तो पैसामा म थुकि दिन्छु । वहाँलाई कसैले विचलित गर्न सकेन । आफ्नै परिवारमा पनि कसैको वहाँमाथि पार्टी छोड्न ठुलो दवाव परेको थियो, वहाँलाई अपमानित गर्ने कार्य भएको थियो । यस्तो दवाव र अपमानको कुनै वास्ता नगरि वहाँ दृढताका साथ पार्टी कार्यमा संलग्न रहनु भयो र वहाँ पार्टीको हाम्रो एक मजबूत खम्बा थियो र वहाँ अब यो संसारमा नभएता पनि वहाँको नाउने पार्टीको वृद्धिमा एक ठुलो महत्त्व राख्दछ । पार्टीमाथि पञ्चायतले लगाएको प्रतिवन्ध हटेपछि २०४७ साल पौष महिनामा भएको हाम्रो पार्टीको राष्ट्रिय सम्मेलनले वहाँलाई पार्टीको केन्द्रिय कमिटीमा चुनेको

थियो र २०४९ साल चैत्र महिनामा सम्पन्न पार्टीको चतुर्थ महाधिवेशनमा वहाँ शारीरिक कमजोरिले गर्दा उपस्थित हुन सक्नु भएन र फेरि पनि वहाँलाई पार्टीको केन्द्रीय कमिटीको मानार्थ सदस्यमा सर्वसम्मतिले चुन्ने काम भयो ।

नेपाल कम्युनिष्ट पार्टीले वहाँलाई हरबखत याद गर्ने छ र आदर गरि नै रहने छ । वहाँको जन्म रौतहट जिल्लाको गा.वि.स. इनरवारीको वार्ड नं. ५ मा भएको थियो र वहाँकै क्रियाशीलताले गर्दा इनरवारी गाउँ हाम्रो किसान आन्दोलनको केन्द्र मानिन्छ ।

वहाँका श्रीमती, २ छोरा, २ छोरी र २ बुहारीहरू र ६ नाति र ३ नातिनीहरू छन् ।

का. गेना पटेल अमर रहुन् !

तुल्सीलाल अमात्य

महासचिव, नेपाल कम्युनिष्ट पार्टी, तथा

अध्यक्ष, अखिल नेपाल किसान संघ, तथा ने. क. पा. ता.अ. ने. कि. संघका सम्पूर्ण सदस्य

*(२०१९ बैशाख ४-५ वनारसमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टीको तृतीय महाधिवेशनको प्रमाणित प्रतिवेदनबाट उद्धृत अंश)*

# राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम

**दोस्रो संस्करणको भूमिका**

हामीले प्रथम संस्करणको भूमिकामा भनेका थियौँ, "यस कार्यक्रम माथि देश र जनताप्रति वफादार भएर वैज्ञानिक दृष्टिकोणले गरिने आलोचना नेपाल कम्युनिष्ट पार्टीद्वारा सहर्ष स्वीकार गर्ने छ ।" वैज्ञानिक विश्लेषणको आधारमा त यसमाथि कुनै आलोचना आएन, तर हालसालै केही गुमनाम व्यक्ति वा व्यक्तिहरूबाट टी.एल. को नाममा खुला पत्र भनि एक लेख निकालेका छन् । यस लेखमा सैद्धान्तिक र राजनैतिक विश्लेषण गरेर कुनै सत्य र तथ्यलाई अगाडि ल्याएका छैनन् तर टी.एल.को चरित्र हत्या गर्ने उद्देश्यले रीस, इवि र डाहले युक्त गालि गलौज भने प्रशस्त मात्रामा पाइएको छ । विश्व प्रतिकृयावाद र एकतन्त्री हुकूमतका सेवकहरूद्वारा पोखिन पर्ने रीस, इवी, दाह र झूठा आरोपमा आधारित बदनाम गर्ने प्रयासमा कुनै कसर छोडिएन । यसरी त्यस गुमनाम दलले विश्व प्रतिकृयावाद प्रति र यस एकतन्त्री हुकूमत प्रति आफ्नो वफादारीमा कुनै कमी आउन दिएनन् । अस्तु०

यस लेखको सम्पूर्ण जवाफ अलग दिइनेछ यहाँ कार्यक्रमसँग सम्बन्धित एक-दुई सवालहरूको स्पष्टीकरण गरिनेछ ।

यो कार्यक्रम बारे उनीहरूको भनाई छ, "यसलाई आफै सही र सर्वमान्य भन्नु घिनलाग्दो आत्म प्रशंसा हो ।"

गणितको सवाल ठीकसँग निक्ल्यो र यसपछि" हिसाब त ठीक निक्ल्यो" भनिन्छ भने के यो कुरा घिनलाग्दो आत्म प्रशंसा भयो ?

यसो भन्नु आत्मप्रशंसा होइन, आत्मविश्वासको अभिव्यक्ति मात्र हो । साँच्चै भन्ने हो भने सामन्तवादका सेवकहरू र पूँजीवादका चाकडीबाजहरूको निम्ति

राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको कुरो उठाउन पनि रीस उठ्दो कुरो हो । यही रीसले गर्दा उनीहरूले मप्रति घृणा व्यक्त गर्नु पनि स्वाभाविक हो । यिनीहरूले राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीति प्रति जो रोल खेलेर आए त्यो रोलले साफ जाहेर गर्छ कि यिनीहरू राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको मित्र शक्ति होइनन्, बरू भित्री घटकहरू (Saboteurs) हुन् । यस्ता तत्त्वहरूको रीस, इवी र डाहले युक्त गाली गलौज स्वयम् हाम्रो राजनीति सही छ भन्ने कुरोको प्रमाण मात्र हो । निश्चय पनि नेपाल कम्युनिष्ट पार्टी यत्तिकैमा सन्तोष भएर बस्ने छैन । पार्टीले आफूले लिएको सिद्धान्त, राजनीति, कार्यक्रम र सङ्गठनको तरिकामा बार-बार सिंहावलोकन गरेर हेर्ने छ र पाइएका गल्तिहरूलाई सच्चाउँदै जानेछ ।

राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिका भित्रीघाटकहरूको अर्को भनाई छ कि राजनीतिलाई स्पष्ट गर्नु र स्पष्ट कार्यक्रम प्रस्तुत गर्नु गफ हाँक्नु हो र आज यसको जरूरत छैन । यसै सन्दर्भमा उनीहरूको अर्को सवाल छ, "आज तपाईंलाई सरकार चलाउनु छ कि क्रान्ति गर्नु छ ?" निश्चय पनि हरेक कम्युनिष्टको पहिलो कार्य क्रान्ति पूरा गर्नु हो । यस निम्ति हामीले त्यो कार्यक्रम दिइरहेका छौँ जो क्रान्ति पूरा गरेर लागू गर्ने हो । हामीले क्रान्ति पूरा नगरीकन नै राजालाई रिझाएर देशभक्त र जनतान्त्रिक तत्त्वहरूको सरकार माग गरी तात्कालिक कार्यक्रमको नाउँमा सामन्तलाई बँचाउने र पूँजीवादको सेवा गर्ने जस्तो रानाको नीतिसँग मिल्दोजुल्दो कार्यक्रम पेश गरिरहेका छैनौँ । आफूलाई क्रान्तिकारी भन्ने भित्रीघाटकहरूको राजनीति लेनिनको राजनीतिसँग होइन, रूसको क्रान्तिभन्दा पहिलेका संशोधनवादीहरू प्लेखानोव, मार्टोव, मार्टिनोव, अक्जेलरोड जस्ताहरूको राजनीतिसँग मेल खान्छ, जसले दैनिक सङ्घर्षहरू बढदै गएर क्रान्ति हुन्छ भन्ने भ्रम दिएका थिए र अन्तिम लक्ष केहि पनि होइन भन्दथे ।

हरेक क्रान्तिको लक्ष हुन्छ । लक्षलाई स्पष्ट नगरी पहिले क्रान्ति गराउनु जनतालाई अन्तमा घोखा दिने पूँजीवादी तरिका हो ।

का. स्तालिनलाई उद्धृत गरी का. माओले लेख्नु भएको छ :

"क्रान्तिकारी सिद्धान्तबाट बाटो छर्लङ्ग्याइएन भने व्यवहार अन्धकारमय हुन्छ ।" यसै सन्दर्भमा का. माओ लेख्नुहुन्छ, "भविष्य प्रति स्पष्ट दृष्टिकोण तथा दूरदर्शिता नभएका र अँध्यारोमा छामछाम छुमछुम गर्ने "व्यावहारिक मान्छे" लाई "संकुचित व्यवहारवाद"को कल्कि लाइदिए हुन्छ

माओवादको घकोशला गरी नेपाली जनतालाई घोखा दिन चाहने भित्रीघाटकहरूले अक्सर का. माओको उपरोक्त भावनाको विपरीत हाम्रो पार्टीले पहिल्याएको क्रान्तिकारी सिद्धान्त र कार्यक्रमलाई गफको संज्ञा दिई नेपाली जनतालाई क्रान्तिकारी सिद्धान्त र कार्यक्रमबाट मुख मोडाएर उनीहरूलाई फेरि एकपटक राजनीतिक चेतना बिहीन बनाउने चेष्टा गर्दै छन् । यिनीहरूले नेपाली जनतालाई कहाँ लैजाने हो पत्तो छैन । यिनीहरूले नेपाली जनतालाई 'निशाना नराखी वाण हान्ने कुरो सिकाई रहेका छन् ।" निशाना बिनाको बाण खेर जाने सिवाय अरू काम आउँदैन ।

क्रान्तिकारी कार्यक्रम हाम्रो क्रान्तिको निशाना हो । निशाना स्पष्ट भएन भने बाण कहिल्यै ठीक ठाउँमा लाग्न सक्तैन । यसै कारण यी भित्रीघाटकहरू सामन्तवाद विरोधी, साम्राज्यवाद, नव उपनिवेशवाद विरोधी विदेशी पूँजी विरोधी र गैर पूँजीवादी हाम्रो निशाना चुकाएर सामन्तवादको रक्षा गर्ने, पूँजीवादको सेवा गर्ने कार्यमा जिउ ज्यान दिएर लागेका छन् ।

निश्चय पनि कार्यक्रम लेखेर त्यसै थन्क्याई दियो भने यसको कुनै महत्त्व हुँदैन । दक्षिणपन्थी अवसरवादीहरू अक्सर हात्तीको दाँत जस्तै देखाउनको निम्ति एउटा कार्यक्रम तयार गर्छन् र त्यसपछि यसलाई थन्क्यायर तात्कालिक कार्यक्रममा विशेष जोड दिई विल्कुल आत्मसमर्पणवादी राजनीति लिएर आफूलाई क्रान्तिकारी हुँ भन्ने ढ्वाङ्ग फुकेर हिँड्छन् ।

नेपाल कम्युनिष्ट पार्टी यस नीतिको बिल्कुल विरोधी छ र तात्कालिक कार्य बारे नेपाल कम्युनिष्ट पार्टीको पाँचौँ राष्ट्रिय कार्यकारिणी समितिद्वारा पारित प्रस्तावले साफ गरेको छ ।

यस प्रस्तावले देखाएको बाटो हो, "हामीले जनतामा आफ्नो सिद्धान्त, मूल राजनीति तथा कार्यक्रमलाई व्यापक रूपमा निरन्तर लगी राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्न आजदेखि नै व्यापक बहस, प्रचार, प्रसार तथा छलफल गरी यस राजनीति र कार्यक्रमको वरिपरि पार्टीलाई सङ्गठित गरी यथा समय निर्णायक क्रान्ति सफल पार्नका निम्ति क्रान्तिकारी ताकतको निर्माण गरेर ल्याउनुछ । यसै उद्देश्यलाई पूरा गर्नका निम्ति पार्टीले जनताका दैनिक समस्याहरू, स्थानीय समस्याहरू लिएर हुने जनताको दैनिक सङ्घर्षहरूमा साथ दिई उनीहरूको सुतेको लडाकु भावना जगाएर ल्याउने काममा पनि संलग्न हुनेछ ।

नेपाल कम्युनिष्ट पार्टी लेनिनले भने झैँ आफ्नो क्रान्तिकारी कार्यलाई एक मिनट पनि बिर्सने पक्षमा छैन । तसर्थ नेपाल कम्युनिष्ट पार्टीले आजैदेखि एकातिर आफ्नो मुख्य क्रान्तिकारी सङ्घर्षमा सफलता हासिल गर्नका निम्ति सैद्धान्तिक, राजनैतिक तथा सङ्गठनात्मक रूपले तयारि गरेर जानेछ भने अर्कातिर जनताको दैनिक सङ्घर्षहरूमा सक्रिय रूपले भाग लिई यी सङ्घर्षहरूलाई सफल पार्ने कुरामा पनि उत्तिकै ध्यान दिएर जाने छ । यही हाम्रो तात्कालिक कार्यनीति र रणनीतिको सम्बन्ध हो ।

यसै निम्ति आज पार्टीले भित्रीघाटकहरूसँग सतर्क रही सही सिद्धान्त, सही राजनीति र सही कार्यक्रमलाई स्पष्टसँग पक्री यिनीहरूले लगाउने छेडकी प्रति सतर्क रही नेपालमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्न सबै साथीहरूले दृढताका साथ एक जिउ एक प्राण भएर अगाडि बढ्नु छ ।

साथीहरू, भित्रीघाटकहरूलाई चिनौँ, पार्टी फोड्न चाहनेहरूसँग सावधान रहौँ, पार्टी एकतालाई आँखाको नानी झैँ बचाऔँ र हामी सबै एक जिउ एक प्राण भएर अगाडि बढौँ । नेपाली जनतालाई जागृत गरौँ र लाखौँ लाख क्रान्तिकारी हात सङ्गठित गरौँ । राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको विजय निश्चित छ ।

*२०३५ आषाढ ९*
*तुल्सीलाल अमात्य*

**भव्य नेपाल**

हाम्रो देशको पुरानो नाउँ रत्नगर्भा हो । काठमाडौँ उपत्यका भित्रको शहरको नाउँ हो सुवर्णपुरी । साच्चै भन्ने हो भने नेपाल सुन र रत्नहरूले भरेको देश हो । हाम्रो देश क्षेत्रफलमा कम छ, तर प्रकृतिले यस देशभित्र सम्पूर्ण मूल्यवान र महत्त्वपूर्ण पदार्थहरूले भरिदिएको छ । यस देशमा के छैन ? यस देशको सेती, कर्णाली, धवलागिरी, गण्डकी, वागमती अञ्चलहरूमा गरी ६ ठाउँहरूमा सून खानीहरू भेटाइएका छन् । नेपालको विभिन्न भागहरूमा पेट्रोल र प्राकृतिक गैस भेटाइएको छ । अनि १७ ठाउँहरूमा फलाम खानी र ३० ठाउँहरूमा तामा खानीहरू पाइएको छ । यस्तै ठाउँ ठाउँमा कोइला, सिसा, चाँदी, माइका (अभ्रख), गन्धक, पोटाश, जस्ता, चिनी मिटटी, निकेल, कोवाल्ट, गिप्सम, आफाइट, बेरिल स्लेट, र अरू अनेकौँ पदार्थहरूको खानी भेटिएको छ ।

यस वाहेक कागज कारखानाको निम्ति चाहिने बाबियो र बाँस नेपालमा जति भने पनि पाइन्छ । सीमेन्ट कारखानाको निम्ति चूना ढुङ्गा पनि यथेष्ट छ । अनि कपूर, हींग, पिपला, नारियल, सुपारीको बोटहरू नेपालमा प्रशस्त मात्रामा पाइन्छ । नेपालमा ४५ प्रकारका जडीबूटी पाइन्छ । जसबाट अनेक औषधिहरूको कारखाना खुल्न सक्छ ।

२ यी तमाम कुराहरूको राम्रो सर्वेक्षण गरी देशमा अनेकौँ कलकारखानाहरू खोली नेपालभित्र र बाहिर रहेका डेढ करोड नेपालीलाई जति पनि काम दिन सकिन्छ । यो कारखानाहरूबाट हुने आम्दानी मेहनतकश जनताको परिश्रम अनुसार बाँड्ने हो भने हरेक नेपालीको जीवन सुखी र सम्पन्न बनाउन सकिन्छ ।

साथै यी जमीनहरूको सिँचाइको प्रबन्ध गर्न, कोशी, गण्डकी, कर्णाली यस बाहेक नेपालमा ३ करोड एकड कृषियोग्य जमीन छ र जस्तो ठुलाठुला

नदीहरू छन्, ठुलाठुला तालहरू छन् । यिनीहरूबाट हाम्रो खेतवारीहरूलाई पानीको प्रबन्ध गर्नका साथै यही पानीमा यथेष्ट माछा पाल्ने र यसबाट सम्पूर्ण देशलाई प्रशस्त पुग्ने बिजुली निकाल्न सकिन्छ ।

अनि उत्तरमा चीसो हिउँको लेखहरू छन् भने दक्षिणमा गरम तराई छ । बीचमा न ज्यादा गरम, न ज्यादा ठण्डा हरियो पहाड छ । जसले गर्दा नेपालमा धान, गहूँ, मकै, ऊँखू, तम्माकू, चाय, आलू, सनपातको अलावा ठाउँ हेरी कहीँ सेव बगान, कहि सुन्तला, अङ्गुर अनारका वालीहरू लगाउन सकिन्छ ।

यी तमाम कुराहरूको राम्रो प्रबन्ध गरी जनताको परिश्रम अनुसार बगानहरू, खेतहरू, खानीहरू अथवा कलकारखानाहरूको आम्दानी नेपाली जनतामा बाँटिएको खण्डमा नेपालको हरेक जनताको जीवन सुखी र सम्पन्न बन्ने थियो । नेपाल संसारको उन्नत मुलुकहरूको दाँजोमा पुगी नेपाली जनताले संसारको कुनै जातिको अगाडि शिर निहुराएर हिँडनु पर्ने थिएन र नेपालीले आफ्नो पेट पाल्नका निम्ति गाउँघर छोडी विदेश लागि, कसै न कसैको चौकीदार, चपरासी, खानसामा, ड्राईवर इत्यादि भएर जिउन पर्ने थिएन । अर्काको कुकुर घुमाएर हिँडनु पर्ने थिएन । नेपाली महिलाहरूले आफनो जहान बच्चा त्यागी अर्काको बच्चा स्याहारेर आया भएर हिँडनु पर्ने थिएन । बम्बईको रण्डी कोठीहरूमा २२ हजार नेपाली दिदी, बहिनीहरू बिक्ने थिएन र “नेपाल चौकीदारहरूको देश हो” भनेर भन्ने हिम्मत कसैलाई पर्ने थिएन । नेपालमा यत्तिको सम्पत्ति भएर पनि नेपालीले न आफनो देशको खेत खनी अनेक बगानहरू बनाएर उन्नति गरेर खाने हक छ, न त हाम्रो देशको खानी खनी यसबाट अनेक कलकारखानाहरू खोली यसको मालिक भएर काम गर्ने हक छ । हाम्रो देशको सरकार नेपाली जनतालाई यी तमाम प्राकृतिक साधनहरू, खेत, खानी र कल कारखानाहरूको मालिक बन्न दिने पक्षमा छैन ।

आज देशको तमाम खेत सामन्तहरूको हातमा छ । कमाई गरी खाने जनताको हातमा सो खेत छैन अथवा सालभर खान पुग्ने खेत छैन, खानीहरू र कलकारखानाहरू जनताले छुन पाउने होइन । अनि जनताले देशमा के गरी

खाने ? कसरी टिक्ने ?

## नेपालको प्रकृतिक साधनको हकदार को ?

के यो जग्गा जमीन, खानी, वन जङ्गल हामी नेपाली जनताले कमाइ खाउ भनेर सृष्टि भएको होइन ? के यी जग्गा जमीन, खानी इत्यादि मुट्ठीभर सामन्त शोषकहरूको निम्ति मात्र सृष्टि भएको हो ? प्रकृतिले जहिले पनि कुनै चीज सृष्टि गर्छ सबैको निम्ति सृष्टि गरेको हुन्छ । घाम, पानी, हावामा सबैको उही हक छ अनि सबैको पेट भर्नु पर्ने यो जग्गा जमीन र सबैले बस्नु पर्ने यो पृथ्वी पनि सबैको निम्ति सृष्टि भएको हो । तर हाम्रो देशको सामन्तहरू, ठुलाठालूहरू, जाली फटाहाहरूले अनेक जालझेल गरी यस देशको जग्गा जमीन आफ्नो पारिलिएको छ र मेहनत गरी खाने जनतालाई न बस्ने बासको ठिकाना छ, न एक माना कमाई खाने जग्गाको इन्तजाम छ ।

देशको तमाम जग्गा जमीन आवाद गरी खेती योग्य बनाउने काम गरीब जनताले गर्छ, तर कालान्तरमा सो खेत, जग्गाको मालिक सो जग्गा आवाद गर्ने गरीब जनता नभै यसको मालिक जाली, झेलीहरू हुन जान्छन् । उदाहरणार्थ, दाङको कुरा लिउँ । दाङको जग्गा तहाँका थारु किसानहरूले अनेक दुःख तकलीफ सहेर आवाद गरे । ती थारु किसानहरूलाई त्यस वेलाको राणा सरकारले सो जग्गा दर्ता गरिदिएन । उल्टै वन जङ्गल फाँड्यो भनी पुलिस पठाएर त्यो जग्गा आवाद गर्ने थारु किसानहरूलाई पकडी थुनी मार पीट गरी वहाँबाट भगाएर पठाए । कतिपय थारु किसानहरू अनेक यातना सहेर तहीं बसे । उनीहरू माथि राणा सरकारले ५ कुर मालपोत लगाई दिए । अर्थात् उपजको ५ भागमा एक भाग मालपोत लगाई दिए । थारु किसानहरूले यसलाई सहर्ष स्वीकार गरे । तर राणा सरकारले ६ वर्षसम्म मालपोत उठाउन पठाएन । यसरी ६ वर्षको मालपोत थुप्री पूरा वर्षको उपजा तिरेर पनि नपुग्ने भयो । ६ वर्षपछि एकै चोटि मालपोत उठाउन पठाउँदा निश्चय पनि ती थारू किसानहरूले ६ वर्षको एक चोटि मालपोत तिर्न सकेन । अनि राणा सरकारले सो जग्गा लिलाम गरे । धनी सामन्तहरू आई सो जग्गा स्वीकार गरे । यसरी दाङ आवाद गर्ने थारू किसानहरूको हातबाट धेरै जसो जग्गा सामन्तहरूको

हातमा गयो। यो काम भगवान या भूतले गरेको हो ?

स्पष्ट छ, यो काम सामन्तहरूको षडयन्त्र हो र राणाशाही सरकार सामन्तहरूको सरकार भएको हुँदा त्यस सरकारले किसानहरू माथि मारपीट गरी, जेल दिई, षडयन्त्र गरी सो जग्गाको मालिक सामन्तहरूलाई बनाएको हो।

राणाशाहीको पालामा देशको कुना कुनामा किसानहरू माथि मार-पीट गरी यातना दिई शोषण गरी बरवाद गरिन्थ्यो।

राणाशाही गयो यस बीचमा अनेक सरकारहरू आए। तर कसैले पनि किसानहरूलाई जग्गा दिई उनीहरूलाई जग्गा जमीनको मालिक बनाउने काम गरेन।

**जन विरोधी सरकार नै जनताको जीवनको बरवादीको मूल कारण हो।**

हजारौँ वर्षदेखि चलि आएको सामन्ती शोषणले नेपालको मेहनतकश जनताको जीवन बरवाद गरे भने १०४ वर्षको राणाशाही शासनले यस बरवादीलाई अझ तीव्र पारे। २००७ सालमा नेपाली जनताले सशस्त्र सङ्घर्ष गरी राणाशाहीलाई उखाड्न सफल भए। तर यसको बदला जनताको स्वार्थको प्रतिनिधित्व गर्ने प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने सट्टा राणाशाहीको बदला राजाको एकतन्त्री हुकूमत स्थापना गर्ने जग नै बसालिए।

२००७ सालको क्रान्तिको नेतृत्व नेपाली काँग्रेसले गरेको थियो। नेपाली काँग्रेस एक पूँजीवादी पार्टी भएको हुँदा यसले त्यस क्रान्तिलाई अन्तसम्म लैजाने काम गर्न सकेन। र सो क्रान्ति आाखिर सम्झौतामा टुङ्गियो। जसको फलस्वरूप शक्ति क्रमशः राणाशाहीको हातबाट राजाको हातमा जम्मा हुन गयो र अन्तमा गएर राजाले जनताको रहेसहेको सम्पूर्ण अधिकार खतम गरी आफनो एकतन्त्री हुकूमत स्थापना गरे। नेपाली काँग्रेसको कमजोर वर्ग चरित्र तथा यसको साम्राज्यवाद परस्त नीतिको फल हो कि नेपालमा एक पटक फेरि प्रतिक्रियावादी एकतन्त्री हुकूमत स्थापना भयो।

यस बीचमा नेपालमा अनेकौँ सरकारहरू स्थापना भए। कहिले राणा र

नेपाली काँग्रेसको संयुक्त सरकार, कहिले काँग्रेसको एकलौटी सरकार कहिले सल्लाहकार शासनको रूपमा राजाको सीधा हुकूमत, कहिले डा.के.आई सिंहको सरकार, कहिले टंकप्रसाद आचार्यको एकलौटी सरकार, कहिले गोरखा परिषद, नेपाली काँग्रेस, प्रजा परिषद इत्यादि विभिन्न पार्टीहरूको मिलीजुली सरकार, कहिले नेपाली काँग्रेसले बहुमत प्राप्त गरेको संसदीय प्रजातन्त्र । नेपाली जनताले यसरी विभिन्न सरकारहरूको शासनको अनुभव गरे तर कसैले पनि जनताका मूल समस्याहरू समाधान गर्न सकेनन्, जनताको बरवादी रोक्न सकेन अन्तमा यसै बहानामा २०१७ साल पौष १ गते तत्कालीन राजा महेन्द्रले संसदीय व्यवस्था खतम गरी आफ्नो पारिवारिक एकतन्त्री हुकुमत स्थापना गरे । त्यसवेला राजा महेन्द्रले भनेका थिए, अरूले सयकडौँ वर्ष लगाएर गरेको उन्नति म १०–२० वर्षमै गरूँला । राजाले जनतालाई त्याग, तपस्या बलिदान दिने अमर वाणी बक्से । राजाले नेपालमा आफनो एकतन्त्री हुकूमत व्यवस्था स्थापना गरेको १६ वर्ष नाघ्यो । राजा महेन्द्र देहावसान भए, राजा विरेन्द्र राजगद्दीमा बसेको पनि ४ वर्ष नाघिसकेको छ ।

यस १६ वर्षको एकतन्त्री हुकूमतमा जनताको जीवन झन्झन् बरवाद हुने सिवाय बन्न सकेन । जनताको अर्थ सङ्कट बढ्दै छ । जनतामा बेकारी, भुखमरी व्याप्त छ । ठाउँ ठाउँमा अनिकाल व्याप्त छ । चितवनको खबर छ कि त्यस जिल्लाका ६ वटा पंचायतहरू जो पहाडी इलाकामा पर्छन् ठुलो अनिकालको चपेटमा परि तहाँको जनताले आफनो मालहरू बेचेर नपुगी जङ्गली कन्दमूल गिट्ठा, भ्याकुर पनि सकेर अब खाने कुरो केहि नपाएर छटपटाएर कुनै कुनै मानिसले पेटको आगो शान्त पार्नका निम्ति माटो खाएर मर्न थालेका छन् । (अर्पण साप्ताहिक २०२६ वैशाख २ गते) यस्तै पश्चिम पहाडका जनता पनि २०२६ श्रावणतिर अनिकालको चपेटमा आएर हजारौँको तादातमा मरे । एकातिर यसरी भुखमरी व्याप्त छ अर्कातिर यस सरकारले ठाउँ ठाउँबाट जनतालाई आफनो घर खेत बारीबाट बेदखल गरी जानि बुझीकन बरवाद गर्दैछ । यही १९७२ को अप्रेल १३को समीक्षाको रिपोर्ट अनुसार यस सरकारले कोशी र मेची अन्चलका विभिन्न झोराहरू कयन साल

अघिदेखि फाँडेर बसेका जनता माथि एक्कासी उठेर जाने आदेश दिए । अब कहाँ जाने हो के गर्ने हो भनि अलमलमा परेका जनता माथि गोली चलाउने काम गरे । काठमाडौँबाट प्रकाशित साप्ताहिक समीक्षाको भनाई अनुसार त्यस गोली काण्डमा ७५ जना मरेका छन्, महिलाहरूका दूध काटिएका छन्, महिलाहरू माथि पुलिस फौजले बलात्कार गरेका छन्, बालकहरूको समेत हत्या गरेका छन् । यसै काण्डमा ६-७ हजार जनताको भीडलाई फौजले घेरी फरेस्ट गार्डले अटोमैटिक गन चलाएका थिए । अन्यत्र पनि खोलाको दोभानमा मानिसहरूलाई घेरामा हाली पछाडिबाट गोली चलाए जसमा जनता भाग्ने भागे, मर्ने मरे । मैशार झोरामा मात्र तीन जना मरे, तारावारीका ६ जना मरे १२ जना आईमाई मरे तथा ११ जना बालकको हत्या गरे ।

यता गरीब जनताले जग्गा पाउनुको बदला विभिन्न यातना नै पाए भने गौरादह (दमकबाट ६ मील पर दक्षिण)मा केन्द्रका ठुला बडा कर्मचारीहरू, जरनेलहरू, मन्त्री र सहायक मन्त्रीहरू, राजगुरुजुका छोराहरू आादिले हजारौँ विघा जमीन बकस पाएका छन् । यसै चितौन टिकौलीको आवादी जग्गाबाट जनतालाई उठाएर यस तानाशाही सरकारले सो जग्गा १०-१० एकडको हिसावले राजा महेन्द्रको सचिव सरदार हंसमानको सिफारिसमा राजाको कृपा-पात्र सरकारी कर्मचारीहरूलाई दिने काम भयो ।

गरीब जनतालाई बरवाद गर्ने यो नीति यस हुकूमशाही सरकारले पूर्वमा कोशी र मेची अञ्चलका विभिन्न झोराहरूमा मात्र होइन पश्चिम कञ्चनपुर जिल्लाका विभिन्न ठाउँहरूबाट पनि भालुभूत्ते पल्टन लगाएर जनतालाई उठाएर पठाउने काम गरेको छ । कतिपय जनतालाई हात्तीको खुट्टामा बाँधी घिसारेर मारेको छ । उही जिल्लाको कोटाहाबाट ७७० घर भत्काएर उनीहरूको घरमा आगो लगाई जलाई दिएको छ । त्यस आगोमा कतिपय जनताको हल बैल पनि झिक्न नपाएर मरेको छ । कहीँ कहीँ केटाकेटीहरू समेत सो आगोमा परी मरेका छन् ।

ठाउँ ठाउँबाट गाउँका गाउँ जनतालाई शाही सेना, पुलिस थाना, अञ्चल

गार्ड, वन विभाग मिली संयुक्त रूपले किसानहरूको घर लुटी श्रीसम्पत्ति नष्ट गरी, घरमा आगो लगाएर जलाई दिएको छ । वनकट्टीबाट हालसालै गाउँहरू उठाउँदा ३ जना मानिसहरूलाई गोली चलाएर मारेको थियो ।

यस सरकारले जनतालाई ठग्ने एक नयाँ चाल चलेको छ । सर्व प्रथमतः सरकारले गरीब जनतालाई जङ्गल आवाद गरी बस्न प्रोत्साहन गर्छ । सीधासाधा जनताले आफनो भएभरको श्री सम्पत्ति खर्च गरी आफनो शरीरको रगत सुखाएर वर्षौं लगाएर जग्गा आवाद गर्दछन् । चार छ सालपछि जब सो जग्गा राम्रो आवाद भई सक्छ र कृषियोग्य बन्द छ अनि सरकारले पुलिस, फौज, वन रक्षक, अञ्चल गार्डहरू पठाएर एक एक बहानामा ती आवाद गरेर बसेका जनतालाई उठेर जाने आदेश दिइन्छ र नमान्नेहरू माथि गोली चलाउने, पकडेर जेल दिने, नङमा सियो घोपने र हात्ती लगाएर घर भत्काउने र घरहरू जलाई दिने गर्दछन् ।

यसरी नयाँ आवाद गरी बसेकाहरू मात्र होइन, पुस्तौँ अघिदेखि बसोवास गरिआएका उही कोटाहा इलाकाबाट १०० घर सीधासाधा थारू किसानहरूलाई विदेशी भनी उठाएर पठाई उनीहरूको जग्गा तहाँको सरकारी कर्मचारीहरूले आपसमा बाँडेर लिएका छन् । ती थारूहरूलाई नेपालबाट उठाएर पठाउँदा उनीहरू भारतमा नैनीताल हल्दवानीमा गएर बसेका छन् । याद रहोस् थारूहरू भारतवासी होइनन् हाम्रो देशको तराई क्षेत्रको सबभन्दा पुरानो बासिन्दाहरू हुन् र भित्री मधेस र तराई क्षेत्र आवाद गर्नमा सबभन्दा ज्यादा हात उनीहरूकै छ ।

## राजाको भूमि सुधार

राजाले यस बीचमा भूमि सुधारको ढकोसला पनि गरे । तर यस भूमि सुधार अन्तरगत गरीब जनताले खेत पाएनन् । बरू विदेशी पूँजीपतिहरूले जति जमीन लिए पनि हुने र सरकारले स्वयं जग्गा दिलाई दिने कानून बनाइए । यी विदेशी पूँजीपतिहरूका निम्ति ठाउँ ठाउँबाट जनतालाई उठाएर पठाइए । भारतको पूँजीपति गोल्छाको उनी कारखाना खोलाउने भनी बालाजूका

जनतालाई उठाएर पठाए । जान नचाहनेहरूलाई मिलेट्री पठाएर, बन्दुकको कुण्दाले हिर्काएर घिसारेर बाहिर धपाइए । उनीहरू कहाँ गए के भए सरकारले कुनै वास्ता गरेन । यस्तै पश्चिम जर्मन पूँजीपतिको निम्ति सिमेन्ट कारखाना खोल्नको निम्ति चोभारबाट मानिसहरूलाई उठाएर पठाए । सेव खेती गर्ने रे भनी ककनीबाट ३ पंचायतको करीब ११००० जनता उठाएर पठाए । उनीहरू तहाँबाट जुगेडी जङ्गल र तेलेकान जङ्गलमा वास बस्न गए । यस्तै पूर्व २ नं० जिरी इलाकाको १६ कोस गिर्दाबाट जनतालाई उठाएर पठाए । अनि पश्चिममा ढोरपाटनबाट तहाँको जनतालाई उठाएर पठाए र तहाँ तिब्बतबाट भागेर आएका खम्पाहरूलाई बसाल्ने काम भयो । यस्तै चित्तौनबाट यस सरकारले तहाँ महेन्द्र मृगकुन्ज बनाउने रे भनि जनतालाई भालूभूत्ते पल्टन लगाएर उनीहरूको बस्ती जलाइदिए र ती जनतालाई तहाँबाट धपाएर पठाए । तहाँको निस्सहाय जनता चित्तौन माडी र राप्तीको बीचको जङ्गलमा लोहत्तर खोलाको तीरमा वास बस्न गए, जहाँबाट उनीहरू विस्तार विस्तारै यत्रतत्र लागे । यी तमाम जनताको जीवन बनाउन किसानहरूलाई चाहिने मदत गरी उनीहरूको जीवन सुरक्षित गरिदिने सट्टा उनीहरूलाई उठेर जाने आदेश दिए । आखिर जनता जाओस् त कहाँ जाओस् । यस सरकारले उनीहरूलाई कुनै कुरोको बन्दोबस्त नगरी उठाएर पठाउन लागिरहेछ । नगएकोमा ती किसानहरू माथि गोली चलाएर सयकडौँ किसानहरूलाई मार्ने काम गरे । अरू पनि कतिपय जनतालाई पकडी थुन्ने र पिट्ने काम गरे ।

यी तमाम काण्डहरूले स्पष्ट छ यो सरकार एक राक्षसी तानाशाही सरकार हो जसले जनताको तमाम अधिकार खोसी नेपालभित्र बाँच्न पनि नदिने काम गर्दै छ । यही कारण हो आज नेपाली जनता आफ्नो देशमा बस्न नसकी विदेशमा गई अनेक दुःख कष्ट सहेर अर्काको नोकरी गरी जिउन परेको छ ।

यस सरकारले जनतालाई नजानेको कुरो सिकाएर चाहिने मदत गरी जग्गा नहुनेलाई जग्गा दिई देशको खानी खोली कलकारखानाहरूको इन्तजाम गरी आफ्नो देशमा टिकाउने सट्टा उनीहरूलाई जसरि भए पनि उठाएर पठाउने नै काम गर्दै छ । यस सरकारले जहाँ जनताको निम्ति २५ विघाको हदबन्दी गरे,

विदेशीहरूले कम्पनीको नाउँमा जति जमीन चाहे पनि राख्न पाउने गरेको छ । अनि जनतालाई आफ्नो घर-खेत जग्गा जमीन थाम्न नसक्ने परिस्थितिको निर्माण गर्दैछ । सर्वप्रथम त खेतमा मालपोत बढाएर बीघाको ७ रुपियाँको बदला ५१ रुपियाँ गरी दिएको छ । अनि शिक्षाकर भनी १५ रुपिया बढी लिने गरेको छ । त्यसपछि सो खेतमा उपजोस बान ऊपजोस बीघा पीछे १ मन धान अनिवार्य बचत भनि जबरदस्ती उठाउने गरेको छ । साथै जनताको आफनो बारीको रूख काटन न पाउने गरेको छ । पोखराको सुन्तला बारीमा प्रत्येक बोटमा ५० रुपिया टाक्स लगाइएको छ । अनि घरमा टाक्स, बाटो घाटोमा टाक्स, नदीमा माछा मार्नका लागि कर, जङ्गलमा गाईभैंसी चराउनलाई कर, हुँदा हुँदा आइमाईको चुल्ठोमा समेत कर लगाएर नेपाली जनतालाई आफनो देशमा टिक्न नसक्ने स्थिति पैदा गरेको छ ।

**विदेशी पूँजी र जनजीवनमा यसको असर :**

यस बाहेक यस सरकारले आफनो देशका खेतवारीहरू, खानी र कलकारखानाहरू साम्राज्यवादी विदेशी पूँजीको हातमा सुम्पने काम गर्दैछ । राजाले आफनो हातमा शक्ति लिने बित्तिकै सर्वप्रथम २०१७ पौष २२ गतेको घोषणामा विदेशी पूँजीलाई निम्त्याउने कार्य गरे । यसै घोषणामा राजा महेन्द्रले भने “अरूले शताब्दी लाएर गरेको विकास हामीले १०-२० वर्षमैं गर्नु पर्ने खण्ड परेको छ ।”

राजाले यी कुराहरू भनेको १६ वर्ष नाघि सक्यो तर देश झन्झन् बरवाद हुने सिवाय बनेन । राजाको घोषणा अनुसार अहिलेसम्ममा नेपाल रूस, चीन, जर्मन जनवादी गणतन्त्र, उत्तर कोरिया इत्यादि मुलुकहरू जति विकास भैसक्नु पर्ने हो तर हामी के देख्छौँ ? नेपाल र नेपाली जनताको उन्नति होइन झन्झन् बर्बाद भएर गैरहेको छ । विदेशी पूँजी कहीँ कुनै देशमा त्यो देश उन्नति गर्नको निम्ति पस्दैन । जब पनि विदेशी पूँजी कुनै देशमा पस्छ त्यस देशको खेत, खानी, कलकारखाना माथि कब्जा गरी त्यस देश माथि निर्मम शोषण गर्नको निम्ति नै पस्ने हो यस्तो नीतिले हाम्रो देशको जनताको

जीवन मलाया, कांगो इत्यादि नव उपनिवेसिक देशहरूको जनताको जीवन जस्तै बरवाद नै गर्दै जानेछ ।

जहाँ जनता माथि देशमा टिक्न मुसिकल हुने गरी अनेक करहरू लगाउने र श्रमदान लिने नीति यो सरकारले लिएको छ भने अर्कातिर हाम्रो देशको आम्दानीको सम्पूर्ण स्रोतहरू विदेशीको हातमा सुम्पी उनीहरू माथि १० वर्षसम्म कुनै कर नलगाउने नीति लिएको छ । स्पष्टतः यो सरकार जनताको जीवन सुरक्षा गर्नको निम्ति होइन, जनताको जीवन बरवाद गरी स्वदेशी प्रतिक्रियावादी शोषकहरू र विदेशी पूँजीपतिहरू पोस्ने र साम्राज्यवादीहरूको सेवा गर्नका निम्ति जन्मेको हो ।

यो नेपाली जनता कम से कम आर्थिक क्षेत्रमा अहिलेसम्म आफ्नो देशमा जति सुकै गरीब भएतापनि अर्काको दासको रूपमा छैन । तर विदेशी पूँजीले हाम्रो देशको खेत, बगान, खानी, र कलकारखानाहरू कब्जा गरिसकेपछि नेपाली जनताको निम्ति नेपालभित्र पनि ती विदेशी पूँजीपतिहरूको चौकीदार, चपरासी, खानसामा, ड्राइवर र घरेलु नोकर र ज्यालादारी दासको रूपमा मजदूर भएर काम गर्ने सिवाय अरु काम बाँकी रहने छैन र नेपाली जनताले आफ्नै देशमा पनि अर्कालाई मालिक थापेर बाँच्नु पर्ने छ । हाम्रो देशका दिदीबहिनीहरू आफ्नै देशमा आया भएर जिउनु पर्नेछ । विदेशी पूँजीले कुनै देशको आम मेहनतकश जनतालाई मात्र होइन आजका सामन्तहरू, मध्यम वर्ग र राष्ट्रिय पूँजीपतिलाई पनि दरिद्र हालतमा पुऱ्याई दिनेछ, कारण मत्स्य न्याय चलाउने पूँजीवादी समाजमा विदेशी एकाधिकार पूँजीपतिहरूको होडमा हाम्रो देशको सामन्तहरू र राष्ट्रिय पूँजीपतिहरू पनि टिक्ने छैन । आजै पनि हाम्रो देशको बजारमा नजर दौडाउने हो भने आजको मूल व्यापार हाम्रो देशको राष्ट्रिय पूँजीपति वर्गको हातमा छैन, सम्पूर्ण रूपले भारतीय पूँजीपति वर्गको हातमा छ । यिनीहरूले नेपालको आर्थिक शोषण मात्र गरेको होइन, यिनीहरूले नेपालको नागरिकता पाएर नेपालको राष्ट्रिय एकतामा जोड दिने सट्टा तराई क्षेत्रमा साम्प्रदायी भाव फैलाउने षडयन्त्रमा मूल हात यिनीहरूकै छ । स्पष्टतः विदेशी पूँजीलाई आफ्नो देशभित्र प्रोत्साहन दिने

नीति आफ्नो देशलाई विदेशीको दास बनाउने नीति हो । आफ्नो देशको श्री सम्पतिको मालिक आफ्नो देशको जनतालाई बनाउन दिने सट्टा आफ्नो देशको सम्पति कारोवार, उद्योग, कलकारखाना, खानी र बगानहरू अर्काको हातमा सुम्पी आफ्नो देशको जनता उनीहरूको दास बनाउने नीति हो । हो अवश्य सरकारमा बस्नेहरूले आफ्नो देश र जनतालाई बरवाद गरी विदेशी पूँजीपतिहरूद्वारा दिइने दलाली भाग भने अवश्य पाउने छन् ।

अमेरिकी साम्राज्यवाद विश्वको सबभन्दा ठुलो साम्राज्यवादी शक्ति हो र विश्व पूँजीवादको अगुवा हो । आधुनिक नव-उपनिवेवादको गढ पनि यही हो । भारतीय जनता आफ्नो देशबाट एकाधिकार पूँजी खतम गर्ने पक्षमा छन् । तर हाम्रो देशको नासम्झ नेताहरू भारतबाट धपिन लागेको पूँजी नेपालमा ल्याउने पक्षमा छन् । भारतमा समाजवादको नाराले जोड पकडेको छ, तर पनि भारतीय पूँजीले आर्थिक र राजनीतिक क्षेत्रमा नव-उपनिवेशवादकै काम गर्दछ । यसले नेपालको राष्ट्रिय पूँजीलाई व्यापारिक तथा औधोगिक क्षेत्रमा कुण्ठित गरेको छ र हरबखत हाम्रो देशको प्रतिक्रियावादी शक्तिलाई बल पुऱ्याउने काम गरेको छ र नेपालको प्रगति मार्गमा बाधक साबित भएको छ । अमेरिकी साम्राज्यवाद सबभन्दा खतरनाक नव-उपनिवेशवाद हो, विश्व मानवको सबभन्दा खूंखार दुश्मन हो । विदेशी पूँजी नव उशनिवेशवादको एक प्रमुख अङ्ग हो, चाहे त्यो पूँजी भारतबाट आएको होस् या अमेरिकाबाट आएको होस् । विदेशी एकाधिकार पूँजीले राष्ट्रिय पूँजीलाई कदापि उठन दिँदैन । ठुलो माछाले सानु माछा निले झैं ठुलाठुला विदेशी पूँजीको अगाडि हाम्रो राष्ट्रिय पूँजीले खतम भएर जानु पर्छ । विदेशी पूँजीले हाम्रो व्यापारिक क्षेत्रमा आफ्नो प्रभुत्व जमाए झैं हाम्रो खेत, बगान, खानी र कलकारखानाहरूमा कब्जा गरि सकेपछि यस क्षेत्रमा फेरि नेपालको राष्ट्रिय पूँजीले कदापि विकास गर्न सक्ने छैन । यसै निम्ति विदेशी पूँजी हाम्रो देशको राष्ट्रिय पूँजीपति वर्गको पनि स्वार्थ विपरीतको कुरो हो । जुन विदेशी पूँजीले हाम्रो देशको प्रार्थिक क्षेत्रमा कब्जा जमाउँछ, उसले हाम्रो देशको राजनीतिमा पनि दखल दिने गर्दछ । जुन पूँजीले हाम्रो देशको राजनीतिक तथा आर्थिक क्षेत्रमा कब्जा गर्दछ, त्यसले

हाम्रो राष्ट्रिय संस्कृतिलाई पनि कुण्ठित गर्दछ । स्पष्टतः विदेशी पूँजी अर्थात् नव-उपनिवेशवादी पूँजीले नेपाल र नेपाली जनतालाई आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा आफ्नो दास बनाउने छ ।

विदेशी पूँजीको भरोसामा देश विकास गर्न खोज्नु विदेशी पूँजीपतिको हातमा देश बेच्ने नीति हो र यस्तो नीतिले देश विकास हुने सट्टा हाम्रो स्वतन्त्र मुलुकलाई एक नव-उपनिवेसिक देशमा नै परिणत गर्ने छ । यस नीति अनुसार बाग, बगैंचा, बगानको नाउँमा हाम्रो देशको ठुलाठुला चकला जमीनको मालिक विदेशी पूँजीपतिलाई बनाउने छ । यस्तो जमीनलाई हदबन्दीबाट मुक्त गरी १० सौँ लाख एकड जमीन एक एक गरि विदेशी कम्पनीले कब्जा गर्न दिने बाटो यस सरकारले खोलेको छ । यो सरकारले नेपाली जनता उखाडी विदेशी पूँजीपतिहरूलाई चाहिने जति जमीन दिलाई दिने कानून बनाएको छ । हाम्रो देशको जग्गाको मालिक विदेशी पूँजीपतिहरू, हाम्रो देशको खानीहरू र कल-कारखानाहरूको मालिक विदेशी पूँजीपतिहरू भएपछि नेपाली जनताको निम्ति आफनो देशमा यी विदेशी पूँजीपतिहरूको चौकीदार, दरबान, ड्राईवर र घरेलु नोकर भएर बाँच्ने सिवाय अरु के काम बाँकी रहने छ ?

यो कुरो आज निर्विवाद सत्य सावित भइसकेको छ कि कुनै पनि देशभित्र विदेशी पूँजी निम्त्याउनुको मतलब हो आफनो देशको स्वतन्त्र अस्तित्व गुमाउनु र राष्ट्रलाई दिवालिया गर्नु हो । यस्तो नीतिले त्यस देशलाई कदापि उठन दिने छैन र झन्झन् अरु साम्राज्यवादी तथा नव उपनिवेशवादी मुलुकको भरोसामा बाँच्नुपर्ने तुल्याउँछ । यसले मुट्ठीभर प्रतिक्रियावादी शोषकहरूले विदेशी पूँजीको सेवा गरी दलाली भागको रूपमा केहि हदसम्म कमाउने मौका पाएता पनि आम जनताको जीवन बरवाद नै गर्नेछ । विदेशी पूँजी देशभित्र निम्त्याउने नीति आफ्नो देश र जनतालाई अर्काको दास बनाउने नीति हो । यस्तो नीतिले हाम्रो देश र जनताको जिन्दगी कदापि बन्ने छैन ।

## एकतन्त्री हुकूमतको राक्षसी प्रवृत्ति

आज साम्राज्यवादको आशीर्वाद पाएर हाम्रो देशभित्रको प्रतिकृयावादीहरूले

जनता माथि मनोमानी अत्याचार गर्न लागेको छ । यस कुरोलाई निम्न उदाहरणबाट स्पष्ट गर्न सकिन्छ । गएको २०२८ साल फाल्गुन महिनामा बर्दिया जिल्ला मनाउ पंचायत मौजा लाड्पुर्वा डिमार्केशनभित्र बसोबास गरेको र सरकारले पास गरिदिएको जग्गामा २०२८ साल चैत्र महिनामा सुव्वा पृथ्वीबहादुर शाहीको हात्तीले तहाँको १० एकड जमीनमा ३ दिनसम्म चरी गहूँ खाईदिँदा तहाँको किसानहरूले हात्तीको मालिकसँग भन्न जाँदा सीधै हप्काएर भनियो कि, हात्तीले गहूँ धान नखाए के खान्छ ।" त्यसपछि पंचायतमा उजूर गर्न जाँदा प्रधानपंचको घरमा डाँका आयो भनियो र डाँका भन्ने हल्ला मच्चाएर उजुर गर्ने माथि लाठी टेंगारीले हमला गरी उजुर गर्न गएकाहरू मध्ये २ जनालाई बाँधी उल्टै उनीहरूलाई राजापुर थानामा सुम्पिदिए । न त जख्मी गरेकोमा कुनै सुनुवाई भयो, न त उनीहरूको इलाजको इजाजत दिइयो । घाउ जाँच गराउनेसम्म इजाजत नदिई उनीहरूलाई अराष्ट्रियतत्त्व भनी थुनी आखिर उनीहरूलाई उल्टै यस्तो बबाल उठाउने छैन भनि कागज लेखाई दुई दिनपछि छोडी दिए । जनता माथि रोजै यस्ता अनेकौँ अन्याय भइरहेको छ ।

जुनवेलादेखि यो तानाशाही एकतन्त्री हुकूमत खडा भयो, त्यसवेलादेखि जनतालाई निरन्तर एक न एक ठाउँबाट उठाइँदै छ । हाल सेती अञ्चल, कैलाली, पाताभारबाट २२ हजार जनता उठाएर पठाएको छ । जनताको घर भत्काउनको निम्ति ३ वटा हात्ती निरन्तर लगाएको छ र भालुभुत्ते पल्टनद्वारा हात्ती लगाएर घर भत्काई आगो लगाई दिने काम निरन्तर चालु छ । यही गएको महिनामा बढचौरको बजार उखाडने काम भयो । यसरी यो तानाशाही सरकारले ठाउँ ठाउँबाट जनतालाई उखाडदै बर्बाद गर्दै छ । देशभित्र कसैको ज्यान माल सुरक्षित छैन ।

देशभित्र सामन्त, जालि फटाहा र लूटाहाहरूको मनमानी राज छ । सामन्तहरूले गरीब जनतालाई पिटेर ३ ओटा छडि चूर चूर भयो भनी उल्टै फलामलाई पिटेर ३ वटा छडी चूर चुर भयो, यस बापत ६० रुपिया भराई पाउँ भन्ने उजूर गरिन्छ । अर्कातिर गरीब जनताले आफूलाई पिटेकोमा उजूर गर्न जाँदा सुन्नेवाला कोही छैन । यो हो यो एकतन्त्री राजमा आज भैरहेको मनमानी

राज । यसरी यो सरकारले गरीब निरीह जनता माथि बलियाले जे पनि गर्न पाउने अराजकतावादी क्रूर शासन चलाउँदै छ ।

आज हाम्रो देशमा स्वदेशी प्रतिक्रियावादी र विदेशी शोषकहरूको लूट चलेको छ। देशको तमाम सम्पति सोहरेर आ-आफनो ढुकूटी भर्ने कार्य राजादेखि लिएर तल मन्त्रीहरू, अञ्चलाधीशहरू, सि०डी०ओ० (प्रमुख जिल्ला अधिकारीहरू), प्रधानपञ्चहरू र स्थानीय शोषक सामन्तहरू, जालि फटाहाहरूले गर्दैछन् । सम्पूर्ण देशमा आज लूट खसोट र दमनको राज छ । जसले यस लूट खसोटको विरोध गर्ने हिम्मत गर्दछ, उनीहरूलाई अराष्ट्रियतत्त्व भनी पकडी थुन्ने र मारपीट गर्ने, गोली चलाउने, हात्तीको खुट्टामा बाँधी घिसार्ने र अरु अनेकौँ यातना दिने चलन यस सरकारले चलाएको छ ।

अब सामन्तहरूले किसानहरू माथि निर्धक्कसँग कोर्रा चलाउने चलन फेरि चालू हुन थालेको छ। बर्दिया जिल्ला राजापुरका ती विद्यार्थीहरू माथी जसले काला बजारीको विरोध गर्न खोजे उनीहरूलाई रात्रि ८ बजे छात्रावासमा गई त्यस इलाकाको खूंखार सामन्त, प्रधानपंच, पुलिस इन्सपेक्टर र हेड मास्टर समेत भई बेतले पीटी ३ वटा छडी चूर-चूर पारेका थिए। यस्तै प्यूठानका ४ स्कूलका विद्यार्थीहरूलाई चौरमा भेला गरी पुलिसले घेरी विद्यार्थीहरूलाई एकएक गरी ल्याई पुलिसको दोहरो लाइनको बीचमा ल्याएर बूटले हानि एक लाइनबाट अर्को लाइन, अर्को लाइनबाट पहिलो लाइन गरी फुटवल खेलेर सो लाइन पार गरी ६-६ दिनसम्म उठन नसक्ने गरी यातना दिएको थियो। अनि विद्यार्थीहरू माथि दमन गर्ने काममा पुलिसले वेधदक त्रिचन्द्र कलेजको प्रिन्सिपलको अफिसको ढोका फोडी भित्र गई लाठी चलाएर विद्यार्थीहरूको टाउको पटापट फोडी सो अफिसमा रक्तको खोलो बगाउने कार्य यो सरकारले गराएको थियो। यस काण्डमा प्रिन्सिपल प्रसन्न मानसिंले समेत आफ्नो अफिसमा पुलिसको लाठी खानु परेको थियो । यो सरकारले जोगराम चौँधरीलाई भारत सीमा नाघी छोपेर लगी मारिदिएको छ। रामचन्द्र इमाललाई जेलैबाट बेपत्ता पारि दिएको छ। सरकार फासिस्ट सरकार होइन भने अरु के हो ?

यस तानाशाही राक्षसी राजमा सरकारी अफिसरहरूलाई जनता माथि अत्याचार गऱ्यो भनेर हटाइन्न, भ्रष्टाचार गऱ्यो घूस खोरी गऱ्यो भनेर हटाइन्न । ठुला अफिसरले साना कर्मचारीहरू माथि रीस इबि साँध्नू पऱ्यो भने यस्तो आरोप अवश्य लगाइन्छ । तर आमरूपले आज जो भ्रष्टाचार व्याप्त छ, ती तमाम कुराहरू त्यसवेलासम्म माफ छ जुन वेलासम्म उनीहरूले जनतामाथि घोर दमन गरी जनतालाई आफ्नो काबुमा राख्न सक्तछन् । जनतामाथि काबू गर्न नसकने अधिकारीहरू नै कामबाट बर्खास्त हुन्छन् ।

यो तानाशाही अत्याचारी सरकार जति दिन टिक्ने छ उत्ति नै हाम्रो देशको जनता दिन प्रतिदिन बरवाद भएर जानेछन् । यस्तो सरकारको मातहतमा देशको उन्नति कदापि पनि हुन सक्ने छैन । कुनै पनि देशको आर्थिक तथा सामाजिक व्यवस्था त्यस देशको राजनीतिक व्यवस्थाको विस्तृत रूप मात्र हो । कुनै पनि देशमा जुन प्रकारको सरकार रहन्छ त्यस देश र तहाँको जनताको दशा पनि प्रकारको हुन्छ । भनिएको छ, “कुराजान्तानि राष्ट्राणी” खराब राजा भएपछि देश मासिन्छ । आज हाम्रो देश उन्नति गरेर गइरहेको छैन, हाम्रो देशको जनता झन् झन् वरवाद भएर गइरहेको छ ।

## नेपालमा नवउपनिवेशवाद

राजाका दलालहरूको प्रचार छ, राजाले नेपाललाई बेलायत जस्तो बनाएको छ । जुन देशको उन्नति हुन्छ, त्यस देशको जनता कदापि यसरी बरवाद भएर जानु पर्दैन । खास गरी कुनै पनि कम्युनिष्ट देशहरूको जनता आफ्नो देशमा काम नपाएर अर्काको देशमा गई बर्बाद हुनु पर्दैन । ती देशहरूका जनता कहिले पनि भूखमरी र बेकारीको सिकार हुनु पर्दैन । कुनै देशको अनिकाल, भूखमरी, बेकारी त्यस देशको दुष्ट शासनको देन हो । हाम्रो देशको ठाउँ ठाउँमा फैलिएको व्यापक भूखमरी र अनिकाल दैवीदेन नभई हाम्रो देशमा चलेको भ्रष्ट शासनको देन हो ।

सारा देशमा भ्रष्टाचार, घूसखोरी, नातावाद, कृपावाद, लूट खसोट व्याप्त छ । राजाको यस एकतन्त्री हुकूमतमा राजाका कृपापात्रहरूले भने आफ्नो

ऐश आरामको जिन्दगी बनाउने पूरा मौका पाएका छन् । राजाका मन्त्रीहरूले ठुलाठुला महल बनाएर यसबाट भाडा कमाउने मौका पाएको छ । अनेक कारहरू किन्ने र जमीनहरू जोड्ने मौका पाएको छ । लाखौँ लाख कमाउने मौका पाएको छ । राजा र राजपरिवारले पनि हाम्रो देशको ढुकुटीबाट सालाना करोडौँ पाउने कानून बनेको छ, जसलाई राजपरिवार खर्च व्यवस्था ऐन भनिन्छ । यस बाहेक राजाले आफ्नो आम्दानीको अरु पनि बाटोहरू निकालेका छन् । विदेशी सहायतालाई राम्ररी देश निर्माणमा लगाउने सट्टा सर्वप्रथम राजाले यसको ६ भागको एक भाग राजस्व भनि लिने गरेको छ, अनि तह तह गरी विभिन्न पदाधिकारीहरूले दाउ मार्नु स्वाभाविक हो र रिढीको पुल बनाउँदा झैं ४ लाख निकासी भएकोमा ५० हजार खर्च गरी बाँकी वेपत्ता हुनु स्वाभाविकै हो । जनतालाई त्याग, तपस्या र बलिदानको पाठ पढाएर आफ्नो परिवार, भाइ भारदारहरू, मन्त्रीहरू, अञ्चलाधीशहरू, प्रधान जिल्ला अधिकारीहरू, र गाउँ घरको सामन्तहरू र अरु राजाका दलालहरूले देश र जनतालाई लुटेर ऐश आराम गर्ने प्रबन्ध नै राजाले यो १६ वर्षको राजमा मिलाएको छ ।

यस राजमा जहाँ एकातिर विदेशी पूँजीको कब्जा जम्दै अर्कातिर नेपाली जनता भने उखड्दै गैरहेको छ । देशमा अर्थ सङ्कट बढ्दैछ, बेकारी र महङ्गी बढ्दैछ । अनि राजाको यो हुकूमशाही व्यवस्था अन्तर्गत विश्व मानव जातिको सबभन्दा ठुलो दुश्मन खुंखार अमेरिकी साम्राज्यवादले हाम्रो देशमा खेल्ने पूरा मौका पाएको छ । हाम्रो देशको विभिन्न सरकारी विभागहरू, खासगरी शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, रक्षा विभागहरूमा आज अमेरिकी साम्राज्यवादको कब्जा छ । अमेरिकी षड्यन्त्र हो कि आज हाम्रो देशको जग्गा जमीनमा विदेशीहरूले कब्जा गर्ने मौका पाएको छ । अमेरिकी षडयन्त्र हो कि आज हाम्रो देशको सैकडा ३ पनि विद्यार्थी पास हुन पाउँदैनन् । अमेरिकी षडयन्त्र हो कि आज एक तथाकथित नयाँ शिक्षा प्रणाली लागू हुँदैछ अमेरिकी षडयन्त्रले गर्दा नै यो एकतन्त्री हुकूमत पनि नेपालमा स्थापना भएको छ ।

१९६०को अघि पछि विभिन्न देशहरूका प्रजातान्त्रिक सरकारहरू माथि हमला

गरी ती देशहरूमा स्थापना भएको विभिन्न फौजी हुकूमशाही व्यस्थाहरूको अङ्गको रूपमा राजाको यो हुकुमशाही व्ययस्था पनि खडा भएको हो । पाकिस्तान यात्राको दौरानमा राजा महेन्द्रद्वारा भनिएको कुराले स्पष्ट छ, “पाकिस्तानमा अयूब खाँले स्थापना गरेको फौजी हुकूमतबाट प्रेरित भएर खडा गरिएको यो व्यवस्था हो ।”

के पाकिस्तान (अयूब खाँ र याया खाँको पालोको), के ईरान, के नेपाल सबै ठाउँहरूमा एकै प्रकारको व्यवस्था स्थापना गरिएको छ । उही हुकूमी शासन, जसमाथि पर्दा हाल्न नेपालमा पंचायती व्यवस्था स्थापना गरिए भने, ईरानमा मजलीस व्यवस्था स्थापना भए । तर शक्ति भने यी देशहरूको राजाहरू अथवा फौजी शासकहरूको हातमा रह्यो । यी सर्व देशहरूमा नक्कली भूमि सुधारहरू गरिए । विदेशी पूँजीलाई पूरा छूट दिइयो, जनताको प्रजातान्त्रिक हक खोसियो । अमेरिकी साम्राज्यवादको पूरा कब्जा रहयो ।

यस्तो हुकूमशाही व्यवस्था अन्तर्गत देशले कदापि उन्नति गरेर खान सक्तैन । जनताको समस्या कदापि हल हुने छैन । जनतामा राजा र राजाका दलालहरू मार्फत् जनताको दुःख माथि दुःख थपी देशलाई बरवाद गर्ने कार्य नै यस व्यवस्थामा हुन्छ ।

यस व्यवस्थामा राजा भगवान्को अवतार हो भन्ने झूठा प्रचार खुबै फैलाएको छ । जनतामा अन्य विश्वास, डर, भय, त्रास फैलाइँदैछ । जनतामा रक्सी, जुवाको खुबै प्रचार गरिएको छ । अलि प्रगतिशील देखिएकाहरूलाई रक्सीको आदत डाल्ने र राम्रा-राम्रा तरुनीहरूमा भुलाउने काम गर्दैछन् । सरकारले आफूले पैसा दिएर चरित्रहीन आईमाई लगाएर चरित्र विगार्ने आदत डालने काम गर्दैछन् । रक्सीमा भुलाउन आफ्नो पैसा खर्च गरेर, अरे आजकल त ठुलाठुलाले पनि खान्छन् भनेर आदत गराऊँछन् । जनताको नैतिकस्तरलाई खुबै गिराएर देश र जनताप्रतीको जिम्मेदारी बिर्साई दिएको छ । आफु कुशल त जगत कुशल भन्ने स्वार्थ बुद्धिले घर गराएको छ । यस्तो स्वार्थ बुद्धिलाई बढाउने सिवाय घटाउने कार्य यस व्यवस्थाले कहिल्यै गरेन ।

राजाले वर्ग समन्वयको फासिस्टवादी नारा दिएर मेहनतकश जनतामाथि शोषण र दमनलाई बढाउँदै लाने कार्य गरेको छ। जनतामाथिको शोषण र दमनको विरोधमा चूँ पनि बोल्न नपाउने गरेको छ।

स्पष्टतः यो व्यवस्था प्रतिक्रियावादको स्वार्थ रक्षा गर्न स्थापना भएको व्यवस्था हो। साथै यस व्यवस्थाले साम्राज्यवादको सेवा गरी विस्तार विस्तारै हाम्रो देशलाई साम्राज्यवादीहरूको हातमा सुम्पने कार्य गरेको छ। यो एक नव-उपनिवेशवादी व्यवस्था हो, जहाँ बाहिरबाट हेर्दा आफ्नै देशको राजा, आफ्न देशको मन्त्रीहरू आफ्नै देशको पंचायत सदस्यहरू, आफ्नै देशको अञ्चलाधीश र जिल्ला अधिकारीहरू भएर पनि भित्रबाट नदेखिने गरी देश माथि कब्जा गरी राजादेखि तलसम्म सबै शासनयन्त्रलाई कठपुतली नचाए झैं नचाउने अमेरिकी साम्राज्यवाद हो। अमेरिकी साम्राज्यवादको छत्रछायामा नै यो शासन चलेको छ। र हाम्रो देशको कुना कुनामा प्रतिक्रियावादी शोषकहरूले देश र दुनियाँ माथि लूट खसोट गर्ने मौका पाएको छ। अमेरिकी साम्राज्यवादको षड्यन्त्रको फलस्वरूप स्थापना भएको यो एकतन्त्री हुकूमतले आज विश्वका तमाम प्रतिकृयावादीहरू र विश्वपूँजीवादलाई देशभित्र घुसाएर आफ्नो देश र जनतालाई लुट्ने पूरा छूट दिँदैछ।

यस्तो व्यवस्था जति दिन टिक्ने छ, उत्ति नै हाम्रो देशको जनता झन् झन् बरवाद भएर जाने छ, हाम्रो देशको खेत, खानी र कलकारखानाहरूमा विदेशी पूँजीको कब्जा बढ्दै जानेछ र हाम्रो शासन यन्त्रमा साम्राज्यवादीहरू र नव-उपनिवेशवादीहरूको कब्जा बढ्दै जानेछ।

## राज्य सत्ता र जनक्रान्ति

जनता नै देशको सार्वभौम हो र देशमा कुन व्यवस्था स्थापना गर्ने हो भन्ने कुरो जनताको अक्षुण्ण अधिकार ही। यो नेपाल एक जना राजाको निम्ति सृष्टि भैराखेको होइन। नेपालको खेत खानी, वन जङ्गल राजा र राजाका दलालहरू र विदेशीहरूले लुटोस् भनेर बनिराखेको होइन। नेपालको एक-एक टुक्रा माटो, एक-एक थोपा पानी नेपाली जनताको निम्ति सृष्टि भएको हो।

यो सामन्ती प्रतिक्रियावादी सरकार चाँदैन कि नेपालको जमीनको मालिक नेपाली जनता बनोस् । यो सरकार चाहंदैन कि हाम्रो देशको खानी, खेत, जङ्गल र कल-कारखानाहरूको मालिक नेपाली जनता होस् । नेपालको खेत, खानी, जङ्गल र कल-कारखांनाहरूको मालिक नेपाली जनतालाई बनाएर नै नेपाली जनताको निम्ति एक नयाँ जीवनको निर्माण गर्न सकिन्छ । तर यो सामन्ती प्रतिक्रियावादी एकतन्त्री हुकूमत हाम्रो देश र जनताको मुक्ति, प्रगति र स्वतन्त्र विकासको बाटोमा रोडा भएर एक निर्मम र प्रति नीच हिंस्रक राक्षसी शक्तिको रूपमा खडा छ ।

यस राक्षसी शक्तिको विरोधमा अन्तसम्म सङ्घर्ष गरी यस माथि विजय प्राप्त गरेर नै नेपाल र नेपाली जनताले आफ्नो देशको खेत, बगानहरू, खानीहरू र कल-कारखानाहरूको मालिक भएर स्वतन्त्र रूपले देशको विकास गरी सम्पूर्ण नेपाली जनताको निम्ति एक सुनिश्चित र सुरक्षित जीवनको निमार्ण गर्न सकिने छ ।

नेपाली जनताको अक्षुण्ण अधिकार हो कि जन-विरोधी सरकारलाई उखाडेर फ्याँक्नु । यो अधिकार नयाँ अधिकार होइन, यो हो परापूर्व कालदेखि चलिआएको अधिकार । २२०० वर्ष अघि पाटनको किराती राजा स्थुन्कोको अत्याचारको विरोधमा पाटनका जनताले माहुरि उठे भैं उठेर स्थुन्कोलाई भगाएर पठाएका थिए । राजा स्थुन्को गोकर्णको जङ्गलमा लुक्न गए । करिव ८०० वर्ष अघि भक्तपुर र पाटनको राजा हरिदेवलाई पनि पाटनको जनता र फौज मिली विद्रोह गरेको थियो । जनताको विद्रोहलाई दबाउन राजा हरिदेव र उनका मन्त्रीहरूले काठमाडौँको फौज ल्याएर दबाउन चाहे । तर जनताको विद्रोहलाई राजा हरिदेव, उनका मन्त्रीहरू र काठमाडौँबाट ल्याएको फौजले हराउन सकेन र राजालाई लखेतेर थँबहिल (थमेल) पुऱ्याइदिए ।

जनताको समर्थन नपाएका राजा हरिदेवलाई पछि पाल्पाली राजा मुकुन्दशेनले हराएर कर्णाटकी राजवंशको अन्त भयो ।

मुकुन्दशेनले स्वयं नेपालमा राज गर्न खोजे । तर उनी स्वयं एक अत्याचारी

राजा थिए । राजा मुकुन्दशेन र उनका फौजले जनतामाथि अनेक अत्याचार गर्न थाले । राजा मुकुन्दशेन बहादुर थिए र उनीसँग असंख्य फौज थियो । फेरि पनि जनता उनको अगाडि झुकेनन् । र जनताले उनीप्रति असहयोग गर्न थाले । धान पाक्न भन्दा अगाडि नै काटेर जमीनमा लुकाउन थाले । मूला पनि उखाडेर जमीनमा खाल्तो खनी गाडेर राख्न थाले । त्यसवेलादेखि काठमाडौँमा हाकुवा (कालो धान) र सिके (अमिलो मूला)को चलन चलेको हो । अस्तु०

जनताको सहयोग नपाएको राजा मुकुन्दशेन र उनका फौज भौके मर्न थाले र जथाभावी खान थालेपछि राजा मुकुन्दशेनको सम्पूर्ण फौज १५ दिनभित्र नै पखाला लागेर मरे । जन-विरोधी राजा मुकुन्दशेन स्वयं सन्यासी भेष धारण गरी पूर्वतिर भागे । पछि लुकेर पाल्पा फर्कदा उनी देविघाटमा मरे । जन-विरोधी राजा कुनै हालतमा पनि टिक्न सक्तैन भन्ने कुराको यो प्रत्यक्ष प्रमाण हो ।

करिब ४०० (चार सय) वर्ष अघि राजा सदाशिव मल्ल यस्तै अत्याचारी राजा थियो । उनको घरै घोडा थियो र उनले आफ्नो घोडा जनताको खेतमा वाली खान, चर्न जान दिन्थे । जनता उनीसँग असन्तोष थिए । यस वाहेक उनी एक दुश्चरित्र राजा थिए । जात्रा हेर्न आउने राम्रा तरूनीहरू बिगार्ने काम गर्थे । यो राजा सदाशिव मल्लको विरोधमा पनि जनताले विद्रोहगरी राजा सदाशिव मल्ल पाटन मनोहरामा नुहान जाँदा तहीँबाट लखेटेर भक्तपुर (भादगाउँ) भगाएर पठाए । भादगाउँमा पनि उनीलाई कोठाभित्रै थुनेर राख्ने काम भयो । जनताले सदाशिव मल्ललाई धपाएर उनका भाइ शिवशिव मल्ललाई राजा बनाए ।

स्पष्टतः राजाको विरोधमा विद्रोह गरी आफ्नो खुशीको राज्य व्यवस्था खडा गर्नु जनताको अधिकार हो र जनताको यो अधिकार खोस्ने कसैको हक छैन ।

देशमा कुन व्यवस्था स्थापना गर्ने हो भन्ने कुरो जनताको अक्षुण्ण अधिकार हो । संसारको विभिन्न देशहरूको जनताले राजतन्त्रको विरोधमा क्रान्ति गरी, मनमानी प्रत्याचारी शासन खतम गरी आफ्नो देशमा जनताले चुनेका

प्रजातान्त्रिक देशहरू स्थापना गरेका छन् । राणाशाहीको विरोधमा क्रान्ति गरी नेपाली जनताले २००७ सालमा यस व्यवस्थालाई खतम गरी राणाशाहीको बदला प्रजातान्त्रिक व्यवस्था स्थापना गरेका थिए । आज राजाले प्रजातान्त्रिक व्यवस्था खतम गरी आफ्नो मनमानी हुकूमतशाही चलाएर जन-जीवनलाई बर्बाद गर्दै छन् । जनताको अक्षुण्ण अधिकार हो यस्तो हुकूमतशाही व्यवस्थालाई उखाडेर यसको सट्टा जनताको प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नु ।

कुनै पनि सरकार जसले मेहनतकश जनताको हितको प्रतिनिधित्व गर्दैन उसले त्यस देशमा शासन गर्ने अधिकार हुँदैन । जनता नै देशको सार्वभौम हो । यो जनविरोधी सरकार गैरवैधानिक, गैरकानूनी र गैरजिम्मेदार व्यवस्था हो । यसले जनता माथि निर्मम रूपले बिना कारण हिंसात्मक प्रहार गरेको छ । यस सरकारको प्रतिक्रान्तिकारी हिंसात्मक कार्यवाईलाई जनताले पनि हिंसात्मक जवाब दिएर नै यो सरकार माथि जनताले काबू पाउन सक्नेछ । जब जनताको घर, द्वार हात्ती लगाएर भत्काएर जलाई दिने र आफ्नो घर, द्वार छोड्न नचाहनेहरू माथि लाठी गोली चलाउने, शान्तिपूर्ण जनतामाथि मनमानी लाठी प्रहार गर्ने, फुटबाल खेल्ने, शिर फोड्ने र गोली ठोक्ने, मान्छेलाई छोपेर मार्ने, जेलबाट मान्छे बेपत्ता पार्ने काम गरिन्छ भने जनताको अगाडि पनि एउटै बाटो रहन्छ यस राक्षसी अत्याचारी तानाशाही सरकारको जनविरोधी हरकत रोक्न र यस तानाशाही सरकारको क्रूर शासनलाई उखाडेर फ्याँक्नका निम्ति नेपालको तमाम क्रान्तिकारी तथा प्रजातान्त्रिक मेहनतकश जनताले एकजूट भएर यस सरकारको हिंसात्मक कार्यवाईलाई हिंसात्मक क्रान्तिद्वारा चकनाचूर गर्नु ।

जनताको अक्षुण्ण अधिकार हो कि तमाम मेहनतकश जनताको हितको प्रतिनिधित्व गर्ने राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नु ।

## एकतन्त्री हुकूमत विरोधी शक्तिहरू

यस एकतन्त्री हुकूमतको विरोधमा दुई शक्ति छन् । एक हो पूँजीवादी शक्ति जसको प्रतिनिधित्व नेपाली काँग्रेसले गर्दछ । अर्को हो राष्ट्रिय प्रजातान्त्रिक शक्ति जसको प्रतिनिधित्व नेपाल कम्युनिष्ट पार्टीले गर्दछ ।

## नेपाली काँग्रेस

नेपाली काँग्रेसको शासन नेपालको निम्ति कुनै नौलो शासन होइन । नेपालको जनताले नेपाली काँग्रेसको शासनलाई पनि चाखिसकेको छ ।

नेपाली काँग्रेस एक पूँजीवादी पार्टी हो । नेपालको पूँजीवादी वर्ग एक बिलकुल कमजोर पूँजीपति वर्ग भएको हुँदा नेपाली काँग्रेसले नेपालको पूँजीपति वर्गको भरोसामा टिक्न सक्तैन । बेलायत, अमेरिका, फान्स र पश्चिम जर्मनीमा पूँजीको धेरै विकास भइसकेको हुँदा ती देशका पूँजीवादी पार्टीहरूले आफ्नो देशको पूँजीपति वर्ग के भरोसामा बाँचेको हुन्छ । तर नेपालमा यस्तो पूँजीपति वर्ग नहुँदा नेपाली काँग्रेस हाम्रो देशको सामन्ती शोषकहरूसँग सम्भौता गरी विदेशी पूँजीपतिहरू र साम्राज्यवादीहरूकै भरोसामा बाँच्नु पर्छ । जुन पार्टी यसरी सामन्ती शोषकहरू र साम्राज्यवादीहरू, विदेशी पूँजीपतिहरूको भरोसामा बाँच्नु पर्छ, त्यस पार्टीले सामन्ती व्यवस्था खतम गरी किसानलाई जमीन दिन, किसानहरूलाई ऋणबाट मुक्त गर्न र सामन्ती शोषण र दमन खतम गर्ने कार्य गर्न सक्तैन । यसै निम्ति काँग्रेसी शासन कालमा किसान र सामन्तको बीचको भगडामा किसानको पक्ष लिएर सामन्तहरूलाई दवाउने सट्टा सामन्तहरूको पक्ष लिएर किसानहरूलाई दवाउने काम नै भयो । २००६ सालको बारा, रौटहत, सर्लाहीको कागज फत्ता आन्दोलनलाई सफल पार्ने सट्टा यसलाई दबाउने कार्य नै नेपाली काँग्रेसको सरकाले गरेको थियो । दाङमा आफ्नो मोहियानी हक छोड्न नचाहने किसानहरूमाथि काँग्रेस सरकारले नै गोली चलाएर ३ जना किसानहरू मारेको थियो ।

जुन रफ्तारमा देशबाट जनता बरवाद भई विदेश लाग्नु परेको थियो, त्यो रफ्तार काँग्रेसी राजमा पनि चल्दै गयो । काँग्रेसी राजमा काँग्रेस पक्षका व्यापारीहरूले सिवाय अन्य व्यापारीहरूले कोटा कंट्रोलको काम छुन पनि पाउँदैन थे । विद्यार्थीहरूमा पनि अकाँग्रेसी विद्यार्थीहरूले सरकारी छात्रवृत्ति पाउने सम्भव थिएन । न त उनीहरूलाई विदेशमा पढ्न जाने मौका नै दिइन्थ्यो । राष्ट्रिय हितलाई ध्यानमा राखेर विद्यार्थीहरूको योग्यताको आधारमा

निष्पक्ष भावले सरकारी छात्रवृत्ति दिने र विदेशमा अध्ययनको निम्ति पढ्न पठाउने सट्टा काँग्रेसी सरकारले आफ्नै पिट्ठ्युँहरूलाई नै यो कुरोहरूमा प्रोत्साहन दिन्थ्यो ।

राणा शासन कालमा राणाको चाकडीबाजले मात्र मौका पाए जस्तै हालको हुकूमी राज्यमा यस व्यवस्थासँग सम्बन्धित व्यक्तिहरूले मात्र मौका पाए जस्तै काँग्रेसी राजमा पनि काँग्रेसिया भएमा अनेक सहूलियत पाउँथे ।

नेपाली काँग्रेस नै त्यो सरकार हो जसले कोशी र गण्डकी जस्ता ठुलाठुला नदीहरू सम्पूर्ण रूपले भारतको हातमा बेच्ने काम गऱ्यो । गण्डकी सम्झौतामा जहाँ नेपालले साढे तीन प्रतिशत मात्र पानी पाउँछ साढे छयानब्बे प्रतिशत पानी भारतलाई दिने गरि नेपाली काँग्रेसले देशको आर्थिक स्वार्थमा प्रत्यन्त ठुलो क्षति पुऱ्याएको छ अनि यो सम्झौतामा यहाँको माछा पनि सम्पूर्ण रूपले नेपालले छुन नपाउने गरेको छ र हाम्रो राष्ट्रको एकठुलो आम्दानीको स्रोत भारतलाई नै सुम्पने कार्य गरेको छ । नेपाली काँग्रेसले यसरी राष्ट्रको स्वार्थप्रति एकरत्ती ध्यान नदिई हाम्रो देशको अगाडि सदाको निम्ति एक ठुलो समस्या पैदा गरिदियो । जहाँ गण्डकीले ४१ लाख एकड जमीन सिञ्चाई गर्न सकिन्थ्यो, यो सम्झौता अनुसार एक लाख एकड जमीनको निम्ति मात्र नेपालले पानी पाउने भएको छ । एक लाख एकड जमीनको सिचाईले नेपालको सिचाईको समस्या समाधान हुनेछैन । यस सम्झौताले नेपालको खेती बारीको सिञ्चाईमा सदाको निम्ति एक जटिल समस्या पैदा गरी दिएको छ ।

यस्तै एक एक गरी नदीहरू भारतको हातमा सुम्पिँदै गएमा नेपालले वैज्ञानिक खेती गरी कृषिको उन्नति गरेर कदापि खान सक्ने छैन ।

नेपालले आफ्नो देशको राम्रो उन्नति गर्ने हो र आफ्नो देशको खानी, कलकारखानाहरू आफ्नै राष्ट्रको सम्पत्तिले विकास गर्ने हो र साथै जनताको जीवनस्तर राम्ररी ऊँचा गर्ने हो भने हाम्रो आम्दानीको सबैभन्दा ठुलो स्रोत हो खेती । हाम्रो देशको ३ करोड एकड जमीन माथी वैज्ञानिक तरिकाले खेती गरी यसको उब्जा बढाएर नै नेपाली जनताको जीवनस्तर ऊँचा पार्नका साथै

अरू आर्थिक विकासहरूको निम्ति हामीले प्रशस्त पैसा निकाल्न सक्नेछौँ ।

बिना पानी खेतीको उन्नति हुन सक्दैन । पानी पाएमा ने आज सालको एक वाली पनि नउब्जने ठाउँमा पनि हामीले सालको तीन बाली उब्जाएर लिन सक्छौँ तर कोशी, गण्डकी जस्ता ठुलठुला नदीहरू भारतको हातमा सुम्पी सकेपछि हाम्रो आफ्नो देशको कृषि विकास गर्नमा एक ठुलो अड्चन पैदा भएको छ । तसर्थ नेपाली काँग्रेसको सरकारले कोशी र गण्डकी भारतको राष्ट्रिय हितमा एक भयङ्कर नोक्सान हातमा सुम्पेर हाम्रो देशको पुऱ्याएको छ । यसको विरोधमा जनताले आन्दोलन गरे तर नेपाली काँग्रेस सरकारले आन्दोलन कर्ताहरूलाई जेल दिने नै कार्य गरे । संसदभित्र यस सम्झौता वारे छलफल हुने वेला नवोलोस् भनेर नेपाली काँग्रेस सरकारले यस वारे सबाल उठाउने संसद सदस्यलाई बहस गर्ने वेला जेलमा थन्क्याई दियो ।

कुनै पनि सरकार जसले आफ्नो राष्ट्रिय हितको ख्याल नराखि आफना निजी स्वार्थ मात्र हेर्छ भने त्यस्तो सरकार जति दिन देशमा रहने छ त्यति नै त्यस देशमा स्थाई रूपले नोक्सान पुऱ्याएँदै जाने छ भन्ने कुरा स्पष्ट छ ।

नेपाली काँग्रेस पूँजीवादी पार्टी हो । तर नेपालमा राष्ट्रिय पूँजीवादको विकास नभई सकेको र हुन पनि नसकने हुँदा यसले पूँजीवादको नाउँमा विसर्जनवादी व्यवस्थाको नै प्रतिनिधित्व गर्दछ । तसर्थ यसले राष्ट्रिय पूँजीको विकास नगराईकन यसको बदला नेपालभित्र विदेशी पूँजीलाई निम्त्याएर नेपालमा एक नव-उपनिवेशवादी पूँजीवादी व्यवस्था नै कायम गर्ने छ ।

नेपालभित्र विदेशी नव-उपनिवेशवादी पूँजीलाई हुलाउने योजना संसदीय व्यवस्था अन्तरगत नेपाली काँग्रेसको सरकारले बनाएको थियो । ५०,००० रूपैयाँसम्मका कलकारखानाहरू नेपाली पूँजीले चलाउने, त्यसभन्दा बढी तीन लाखसम्मका कारखाना स्वदेशी पूँजी र विदेशी पूँजी मिलेर चलाउने र ३ लाखभन्दा बढी पूँजी चाहिने कलकारखानाहरू पूरा विदेशी पूँजीपतिद्वारा चलाउने योजना बनाएर यसको सूचना संसद सदस्यहरूलाई नेपाली काँग्रेसले दिइसकेको थियो र व्यवहारमा यही अनुसार काम गर्न थालिसकेको थियो ।

बिडलालाई नेपालभित्र ल्याउने योजना नेपाली काँग्रेसले बनाइसकेको थियो । एकातिर भारतमा स्वयम् सरमायादार पूँजीको विरोधमा जनसङ्घर्ष बढ्दै छ भने अर्कातिर नेपालमा भारतको होस् या अरू कुनै देशको विदेशी सरमायादार पूँजी लगाएर नेपाल माथि उनीहरूको कब्जा जमाउन दिने योजना आफूलाई प्रजातान्त्रिक समाजवादी पार्टी भन्ने नेपाली काँग्रेसको सरकारले बनाएको थियो ।

नेपाली काँग्रेसले सुरू गर्न लागेको यो अर्थनीति नै राजा महेन्द्रले पनि चालू गरेको हो, यसको असर नेपाली जनताले आज भोग्दैछन् र यसको फलस्वरूप नेपाली जनता बरवाद भएर जाँदै पनि छन् ।

राजा महेन्द्रले लिएको अर्थनीति तथा २०२९को वैशाखमा भारत भ्रमणमा कीर्तिनिधि विष्टले बोलेको अर्थनीति र नेपाली काँग्रेसले अनुसरण गरेको अर्थनीति कुनै मानेमा पनि फरक छैन । चाहे भूमिको सवाल होस् या विदेशी पूँजीको सवाल होस् यो एकतन्त्री हुकूमतले चलाएको नीति र नेपाली काँग्रेसको नीतिमा फरक देखिँदैन जबसम्म कसैले नेपालमा पूँजीवादी व्यवस्था स्थापना गर्ने स्वप्न देख्नेछ त्यस्तो पार्टी या व्यक्तिले देशलाई अगाडि बढाउन सक्ने छैन ।

नेपाली काँग्रेसकै पालोमा अमेरीकी साम्राज्यवादले देशभित्र पसी अनेक सहुलियत प्राप्त गर्न थालेको थियो । आज भइरहेको जति पनि साम्राज्यवादी पक्षीय कार्यहरू छन् सबै कुरोहरू नेपाली काँग्रेसले सुरु गरेका हुन् र राजाले उही नीतिलाई चालू राखेका हुन् । नेपाली काँग्रेसको मातहतमा स्थापना हुने संसदीय व्यवस्थामा नेपाल र नेपालीको दशा कुनै मानेमा फरक पर्ने थिएन । अङ्ग्रेज साम्राज्यवादको फौजमा नेपाली जनतालाई बेच्नको निम्ति बनेको धरान तथा भैरहवाको पकलीहवाको फौजी भर्ति केन्द्रहरू कै कुरो लिऊँ नेपाली काँग्रेसको राजमा जस्तोको तस्तै चलेको थियो ।

गण्डकीकै कुरा लिउँ नेपाली काँग्रेसले यसलाई भारतको हातमा दिने सम्झौता गरे तर राष्ट्रवादको धकोसाला गर्ने राजाले व्यावहारिक रूपमा यसको उद्घाटन गरे ।

स्पष्टतः नेपाली काँग्रेस आफूलाई पूँजीवादी पार्टी भनेर पनि साम्राज्यवादी विदेशी पूँजीको सेवा गर्ने सामन्तपरस्त पार्टी हो । जसले नेपाल र नेपाली जनताको सेवा गर्ने सट्टा आफ्नो राष्ट्रिय हितको विपरीत गएर साम्राज्यवादी विदेशी एकाधिकार पूँजीको सेवा गर्ने हो । यस निम्ति नेपाली काँग्रेसको शक्तिको स्रोत नेपाली जनता नभै, अमेरीकी साम्राज्यवाद र विदेशी एकाधिकार पूँजी हो र गाउँघरको सामन्तहरू हुन् ।

विदेशी पूँजी चाहे राजा महेन्द्रले नेपालभित्र हुलाओस्, चाहे कीर्तिनिधि विष्टले बोलाओस् अथवा चाहे नेपाली काँग्रेसले भित्र ल्याओस् यसको फल हाम्रो देशको खेत, बगान, खानी, कल-कारखानाहरूको मालिक हाम्रो देशको जनतालाई बनाउने सट्टा विदेशी पूँजी नै बन्न जाने छ ।

यसले स्पष्ट गर्दछ राजा तथा कीर्तिनिधि विष्टले झनै नेपाली काँग्रेसका नेताहरूले पनि पूँजीवादको नाउँमा हाम्रो देशको पूँजीपति वर्गको होइन, विदेशी पूँजीपति वर्गको स्वार्थको प्रतिनिधित्व गर्दछ । यसै निम्ति नेपाली काँग्रेसलाई सीधै पूँजीवादी पार्टी मात्र नभनी नोकरशाही पूँजीवादी पार्टी अथवा नव उपनिवेशवादी पूँजीवादी पार्टी भन्न सकिन्छ । यसै निम्ति साम्राज्यवादीहरू, नव-उपनिवेशवादीहरू र विदेशो पूँजीपति वर्गसँग राजाको मात्र होइन, नेपाली काँग्रेसको पनि घनिष्ठ सम्बन्ध रहेर आएको छ ।

जुन विदेशी पूँजीले हाम्रो देशको आर्थिक क्षेत्रमा कब्जा जमाउँछ, उसले हाम्रो देशको राजनीतिमा पनि कब्जा जमाउने काम गर्दछ । जुन पूँजीले हाम्रो देशको राजनीतिक तथा आर्थिक क्षेत्रमा कब्जा गर्दछ, त्यसले हाम्रो राष्ट्रिय संस्कृतिलाई पनि कुण्ठित गर्दछ, । स्पष्टतः विदेशी पूँजी अर्थात् नव-उपनिवेशवादी पूँजीले नेपाल र नेपाली जनतालाई आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा आफ्नो दास बनाउने छ । नव-उपनिवेशवाद होशियारीको साथ पर्दाभित्र लुकेर आउने साम्राज्यवाद हो र जनतामाथि शोषण र दमनको सबभन्दा खतरनाक रूप हो । यसले हाम्रो राष्ट्रलाई प्रकृतिले दिएको आर्थिक स्रोतहरू र जनता माथि निर्मम शोषण गरी नेपाली जनतालाई आफ्नो दास बनाउँछ ।

विदेशी पूँजी र साम्राज्यवादी अथवा नव-उपनिवेशवादीहरू देशभित्र पसेपछि यसले जनतामा "फूट डाल र शासन गर" भन्ने नीति अपनाएर जनतालाई विभिन्न तरहले फुटाउने काम गर्दछ । यसले भियतनाममा नर-संहार गरी तहाँको प्रतिक्रियावादी शासक "थिउ" र "की" हरूलाई बचाउन चाहे जस्तै हाम्रो देशमा प्रतिक्रियावादी शासनलाई चिरस्थायी बनाउने यत्न गर्नेछ । स्पष्टतः साम्राज्यवादसँग साँठ-गाँठ भएको हरेक सरकार स्वभावतः प्रतिकृयावादी हुनेछ ।

बाहिरबाट हेर्दा स्वतन्त्र, भित्रबाट साम्राज्यवादले कब्जा गरिएको व्यवस्था नै नव-उपनिवेशवादी व्यवस्था हो । विदेशी पूँजीको प्रवेश नवउपनिवेशवादको पहिलो कदम हो । विदेशी पूँजीलाई स्वागत गर्ने सरकार विदेशी पूँजी अथवा साम्राज्यवादको दलाल सरकार मात्र हो । यस्तो सरकारले हाम्रो राष्ट्रिय स्वतन्त्रतालाई क्रमशः खतम गरेर पठाउने छ ।

भारत-पाक युद्धको दौरान यो कुरो स्पष्ट रूपले आएको छ कि साम्राज्यवादले कहिल्यै कुनै मुलुकलाई निःस्वार्थ मदत दिँदैन । साम्राज्यवादहरू अथवा नव उपविशवादीहरूले एक हातबाट मदत गर्छ भने अर्को हातबाट त्यस देशको मनुष्य शक्ति र आर्थिक स्रोत दुवैको निर्मम शोषण गर्दछ ।

अमेरिकी साम्राज्यवादले लैटिन अमरीकामा द्वितीय विश्वयुद्ध पछि १५ वर्षभित्र १३० करोड डलर मदत गरे, तर यसैबीच ती देशहरूबाट अमेरिकाले ती देशहरूमा आफ्नो पूँजी लगाएर तहाँबाट ८०० करोड डलर नफा कमाएर लगे । आर्थिक रूपले पिछडएिको देशमा जहाँ अमेरिकाले १९४६ मा १ डलर लगाए तहाँबाट २.५० (ढाई) डलर कमाएर लगे । अर्थात् रु० १००/ लगाएर सालको २५० कमाएर लैजाने गर्छन् । सयकडा ढाई सौ ब्याज दिनु पर्ने असामीको हालत साल साल बिग्रेर दिवालिया भए जस्तै यस्तो विदेशी पूँजीको लूट खसोटको चक्करमा परेको देश कहिल्यै उँभो लाग्ने छैन । अमेरिका तथा पश्चिमी साम्राज्यवादी मुलुकहरूले अविकसित देशहरूबाट हर साल २० लाख अरब डलर कमाएर लैजान्छ यो कुरो अविकसित देशहरूलाई दिएको मदत हो कि सीधा लूट हो ?

प्रधानमन्त्रीहरू तथा राजा, राजाद्वारा नियुक्त नेपाली काँग्रेसका नेताहरू नेपालमा विदेशी पूँजी घुसाएर यही लूट गराउन चाहन्छन् । यस्तो नीति जबतक हाम्रो देशमा चल्नेछ हाम्रो देश झन् झन् गरीब भएर जाने सिवाय धनी भएर आउने छैन । हाम्रो देशको धन सम्पति विदेशमा उड्दै जानेछ, हाम्रो देशको मेहनतकश जनता दरिद्रताको खाल्टोमा खस्तै खस्तै जानेछन्, आफनो देशमा टिक्न नसकी विदेशमा गई बरवाद भएर जानेछन् । सोवियत संघ, चीन, उत्तर कोरिया, जर्मन जनवादी गणतन्त्र इत्यादि कम्युनिष्ट देशहरूको आर्थिक इतिहासले स्पष्ट गर्दछ देशको विकासको बाटो विदेशी पूँजीलाई देश भित्र निम्त्याउने होइन । जसले विदेशी पूँजी हाम्रो देशमा निमत्याउँछ उनी हाम्रो देश र जनताको भयङ्कर दुश्मन हो ।

**नेपाली काँग्रेसको प्रजातन्त्रवाद**

प्रजातन्त्रवादको आडमा नेपाली काँग्रेस सामन्तहरूको जमीन छुन चाहन्न, अनि प्रजातन्त्रवादको रक्षा गर्न शोषण र दमनबाट मुक्त हुन चाहने जनता माथि गोली चल्छ, लाठी प्रहार हुन्छ, जेल दिइन्छ । जनतालाई जति दमन गरे पनि नेपाली काँग्रेस प्रजातन्त्रवादी नै ठहर्छ भने स्पष्ट छ यो प्रजातन्त्रवाद जनताको निम्ति होइन जनता माथि शोषण र दमन गर्ने, शोषकहरूको निम्ति मात्र हो र यो प्रजातन्त्रवाद जनताको विरोधमा सामन्तहरू र साम्राज्यवादी विदेशी एकाधिकार पूँजीको रक्षा गर्ने अर्को हुकूमशाही व्यवस्था हो । यही कारण हो नेपाली काँग्रेसले वार-वार भदन्छ, नेपालमा कम्युनिष्ट आन्दोलन रोक्न सक्ने कुन शक्ति छ भने त्यो नेपाली काँग्रेस हो ।"

साँच्चै भन्ने हो भने कुनै पनि शक्ति, समूह, या पार्टी खुलेआम त्यति कम्युनिष्ट विरोधी छैन, जति नेपाली काँग्रेस छ । नेपाली काँग्रेस कम्युनिष्ट आन्दोलन रोक्नको निम्ति साम्राज्यवादी आमाको दुधको कसम खाएर जन्मेको हो । प्रजातान्त्रिक समाजवादी पार्टी भनिएको यो नेपाली काँग्रेसले समाजवाद रूस, चीन तथा अन्य समाजवादी मूल्यहरूमा देख्तैन । नेपाली काँग्रेसको निम्ति कम्युनिष्ट देशहरू हुकूमशाही देश हुन् । कानो गोरुलाई औँसी न पूर्णे भने जस्तै नेपाली काँग्रेस हेर्न चाहँदैन कि कम्युनिष्ट व्यवस्था के हो !

नेपाली काँग्रेसको समाजवादको आदर्श नगरी हो अमरीकी साम्राज्यवादको सेबक इजराइल । नेपाली काँग्रेसको निम्ति समाजवादी मुलुकहरू हुन् अमेरीका, ब्रिटेन र अरु पश्चिमी साम्राज्यवादी मुलुकहरू ।

गान्धी शताब्दीको उपलक्ष्यमा बनारसमा भएको सभामा १९६९को अक्टोबर ६ र ७ ता०मा बोल्दै श्री विश्वेश्वरजी पश्चिमी साम्राज्यवादी मुलुकहरू बारे भन्नुहुन्छ, "विस्तारै-विस्तारै प्रगतिशीलहरूले गर्ने तमाम कुरोहरू यी धनी देशहरूमा पूरा भइसकेको छ । सामाजिक आर्थिक क्षेत्रमा अब यिनीहरूले विजय प्राप्त गर्नु पर्ने केहि छैन । वहाँ फेरि भन्नुहुन्छ, अमेरीकामा, जहाँ समाजवादलाई राजनैतिक शब्दको रूपमा घृणा गरिन्छ लोक कल्याणवाद स्पष्टसँग देखा परेको छ.... मेरो भनाई हो कि तहाँ समाजलाई परिवर्तन गर्ने प्राथमिक कार्य भन्दै पूरा भई सकेको छ, क्रान्ति पूर्ण भइसकेको छ......"

श्री विश्वेश्वरजीको भनाई छ, गान्धीको सफलताको कारण पनि पश्चिमी देशहरूको धनाढ्यता र उदार प्रजातन्त्रवाद नै हो । वहाँ दोस्रो युद्धपछि साम्राज्यवादीको कमजोरी, समाजवादी देशहरूको बढ्दो शक्तिमा यो कुरो देख्नु हुन्न न त वहाँले अङ्ग्रेज साम्राज्यवादद्वारा गरिएको जालियाँवाला बागको काण्डलाई नै सम्झनु हुन्छ, न त १८५७ को भारतको प्रथम स्वतन्त्रता युद्धलाई अङ्ग्रेजहरूले कसरी अमानुषिक ढङ्गले दमन गरेको थियो भन्ने कुरो नै याद राख्नु हुन्छ । अङ्ग्रेज, अमेरीकी साम्राज्यवादद्वारा गरिएको अमानुषिक कार्यहरू श्री विश्वेश्वरजीको नजरमा प्रजातान्त्रिक कार्यहरू हुन् । भियतनामको सवालमा नेपाली काँग्रेसले त्यहाँको स्वतन्त्रता प्रेमी जनताको साथ कहिल्यै सहानुभूति प्रकट गरेन । न त माईलाई, माइखे जस्तो राक्षसी हरकतमा नेपाली काँग्रेसलाई कुनै अफसोस लाग्छ । नेपाली काँग्रेसको नजरमा यी सब प्रजातान्त्रिक कार्यहरू हुन् । र नेपाली काँग्रेसको आदर्श मुलुक इजराइल हो, संसारको दुश्मन अमेरिकी साम्राज्यवाद आदर्श लोक कल्याणकारी देश हुन् । श्री विश्वेश्वरजीको राजनीतिले नेपाललाई दक्षिण वियतनामको "ठिउ" र" की" हरूले झैँ अमेरिकी साम्राज्यवादको एक नव-उपनिवेसिक देश मात्र बनाउनेछ । र भियतनामको झैं लाखौँ लाख जनताको

खुन बहाउने बाटो खोल्ने छ । नेपाली काँग्रेसको प्रजातान्त्रिक समाजवाद दक्षिण पन्थी प्रजातान्त्रिक समाजवादी अन्तर राष्ट्रियवादको एक अभिन्न अङ्ग हो, जसको निर्माण विश्व पूँजीवादले अन्तर राष्ट्रिय मजदूर आन्दोलनलाई भ्रम दिई गलत बाटोमा लैजानको निम्ति गरेको हो । प्रजातान्त्रिक समाजवादको उद्देश्य हो समाजवादका साथै प्रजातन्त्र जोडी अनि प्रजातन्त्रवादको आडमा सामन्ती शोषण र दमन तथा पूँजीवादी शोषण र दमनलाई चालू राख्नु । नेपाल जस्तो पिछडएिको मुलुकमा प्रजातान्त्रिक समाजवादले राष्ट्रिय पूँजीवादको पनि विकास गर्न नदिई साम्राज्यवादी विदेशी पूँजीद्वारा आफनो देशमा शोषण र दमन गराएर नेपाललाई नव-उपनिवेशवादी देश बनाउने हो ।

प्रजातान्त्रिक समाजवादको नजरमा सामन्ती शोषण र विदेशी पूँजीको विरोध गर्नु देशमा अशान्ति मच्चाउने अप्रजातान्त्रिक तानाशही कारवाही हो । नेपाली काँग्रेसको यो दृष्टिकोणले नेपाल र नेपाली जनतालाई कहिल्यै उँभो लगाउने छैन । जबसम्म कुनै देशलाई सामन्ती शोषणबाट मुक्त गरिँदैन, जबसम्म हाम्रो जस्तो पिछडिएको देशलाई साम्राज्यवादी विदेशी पूँजीको शोषण, दमन र प्रभावबाट मुक्त गरिँदैन, त्यस देशले कुनै हालतमा पनि तरक्की गरेर खान सक्ने छैन ।

**पूँजीवादी प्रजातन्त्रको चरित्र :**

नेपाली काँग्रेसद्वारा चर्चा गरिने तथाकथित प्रजातान्त्रिक समाजवाद हाम्रो देशको जनताको जीवन सुरक्षित गर्ने समाजवाद नभै स्पष्टतः हाम्रो देशलाई विदेशीको दास बनाएर नेपाली जनतालाई बर्बाद गर्ने नव-उपनिवेशवाद हो र नेपाली काँग्रेसको प्रजातन्त्रवाद जनतालाई स्वतन्त्र गर्ने प्रजातन्त्रवाद नभै सामन्ती स्वार्थ तथा नव-उपनिवेशवादीहरूको स्वार्थको रक्षा गर्ने हुकूमशाही व्यवस्था हो ।

पूँजीवादी प्रजातन्त्रले मेहनतकश जनतालाई सही मानेमा आफनो देशको मालिक बन्न दिँदैन । यस्तो प्रजातान्त्रिक व्यवस्थाले सामन्ती व्यवस्था खतमै गरे पनि यसको स्थायी फाइदा किसानको हातमा जान नदिई, क्रमशः

सामन्तीहरूद्वारा भइरहेको शोषण शक्ति पूँजीपति वर्गको हातमा राख्ने काम गर्छ । त्यसमाथि नेपाल एक अविकसित देश हुँदा नेपालको पूँजीवादी पार्टीले सामन्तसँग सम्झौता गरी उनीहरूको स्वार्थ रक्षा गर्न करै लाग्छ, ताकि पूँजीवादी पार्टीले सामन्तहरूको पनि सहयोग प्राप्त गरी आफनो शक्ति मजबूत गर्न सकुन् । साथै यस्तै पूँजीवादी पार्टीले आफनो देशको खानी, बगान र कलकारखानाको मालिक आफ्नो देशको राष्ट्रिय पूँजीपति वर्गलाई बनाउन दिने होइन । उनीहरूले नेपालको खानी, बगान, कल-कारखानाहरू र अरू श्री सम्पतिको मालिक साम्राज्यवाद, साम्राज्यवादी पूँजी र विदेशी एकाधिकार पूँजीलाई बनाउने हो र उनीहरूको आशिर्वादले आफूलाई टिकाउने हो ।

अनि मेहनतकश जनताले विदेशी पूँजीपतिहरूको निगाहमा जिउनु पर्ने र उनीहरूले काम दिए मात्र काम पाउने ज्यालादारी दासको रूपमा काम गर्नु पर्ने हुन्छ । पूँजीवादी प्रजातन्त्रले देशको बेकारी, भुखमरी र महङ्गाइलाई कदापि सहन गर्दैन । शोषक र अत्याचारीहरूले मेहनतकश जनतालाई काम दिनु अथवा नदिनु आफनो प्रजातान्त्रिक हक सम्झन्छन् र मेहनतकश जनतालाई कामबाट वञ्चित गरी भोकै मार्नु उनीहरूको अर्को तथाकथित प्रजातान्त्रिक अधिकार सम्झन्छन् । अर्कातिर मेहनतकश जनताले तिनीहरूको इच्छानुसार काम गर्नु पूँजीवादी प्रजातन्त्रमा उनीहरूको कर्तव्य सम्झिन्छ ।

पूँजीवादी समाजमा सर्वहारा वर्गको पक्ष लिनु आफत मौल लिनु हो, जहान परिवारलाई भोकै राख्ने बाटो खोल्नु हो । एकातिर मेहनतकश जनतालाई भनिन्छ कि सबैलाई राजनीतिक अधिकार छ तर सर्वहारा वर्ग अथवा मजदूर वर्गको हितमा सही मानेमा काम गर्न थालेमा कामबाट वञ्चित भएर बेकारीको सिकार हुनु पर्छ । कारण कसैलाई काम दिनु नदिनु पूँजीवादी प्रजातन्त्रमा शोषकहरूको खुशीको कुरो हो । सामन्तहरूले मेहनतकश जनता किसानलाई भोकै मार्छन् भने पूँजीपतिहरूले पनि मजदूरहरू र मेहनतकश किसानलाई भोकै मार्ने गर्छन् । यी शोषकहरूले जनताले काम गरि खान पर्ने साधनहरू अर्थात् खेत, खानी, बगान, कल-कारखानाहरू माथि कब्जा गरी आफ्नो इसारामा नचाउन मेहनतकश जनतालाई कामसमेत नदिई आर्थिक सङ्कटमा

पारी माहुतेले हात्तीलाई कन्ट्रोल गरे भैँ जनतालाई कन्ट्रोल गरि राख्तछ । हाम्रो जस्तो अविकसित देशमा गाउँ घरमा सामन्तहरूले किसानहरूलाई ऋण कर्जा नदिने, खेतबाट बेदखल गर्ने, गुण्डाहरूद्वारा मारपीट गराउने, भूठा मुकदमा लगाउने, डर त्रास देखाएर र चुनावको वेला रातारात पैसा बाँडेर पूँजीवादी पार्टीको पक्षमा भोट (मत पत्र) गिराई लिने इत्यादि कामहरू गर्दछन् । जुन गाउँबाट कम मत पाएको त्यो गाउँलाई नै तबाह गर्ने र त्यस गाउँमाथि बदला लिने काम हुन्छ, गरिन्छ । पूँजीवादी प्रजातन्त्रमा प्रचारका साधनहरू पूँजीपति वर्गकै हातमा रहन्छ र गरीब जनताको पक्ष लिने कार्यकर्ताहरूलाई मरवाउन पनि हिचकिचाउँदैन र यसरी एक पटक पूँजीवादी प्रजातन्त्र स्थापना भएपछि मेहनतकश जनताको पक्षको प्रजातन्त्र स्थापना गर्न फेरि उत्तिकै गाह्रो हुन जान्छ ।

पूँजीवादी प्रजातन्त्रमा जनताले आफ्नो हक र हितको निम्ति आन्दोलन गर्न करै लाग्छ । अनि यस्तो आन्दोलन दबाउनको निम्ति लाठी, गोली, पुलिस, फौज, न्यायालय इत्यादि उनीहरूकै हातमा छँदैछ । जब आन्दोलन ज्यादा चर्कन थाल्छ पूँजीपति वर्गले आफ्नो प्रजातन्त्रवादी मुकुन्डो उतारेर दक्षिण वियतनामको "थिउ" र" "की" हरूले जस्तो हुकूमशाही चलाएर अमानुषिक दमन शुरु गर्न थाल्दछ, देशमा एक पटक फेरि फौजी शासन कायम गर्न थाल्दछ ।

आज संसारका विभिन्न कुनाहरूमा पूँजीवादी प्रजातन्त्र असफल भएको छ । नेपालमा स्वयम् यो असफल रह्यो । यसले जनताको समस्या समाधान गर्न सकेन र सक्ने पनि छैन ।

पूँजीवादी लेखकहरूको भनाई अनुसार नेपालमा नेपाली काँग्रेसको असफलताको कारण हो त्यस पार्टीले काम गरेर देखाउनलाई प्रशस्त समय नपाउनु । यस्तो भनाई पूँजीवादी प्रजातन्त्रको कमजोरी लुकाउने प्रयास मात्र हो ।

फ्रान्समा पूँजीवादी प्रजातन्त्र भएको भण्डै दुई सय वर्ष हुन लागेर पनि यो प्रजातन्त्र स्थायी भएन र यहाँ फेरी फौजी हुकूमत स्थापना भयो । बेलायतमा

पूँजीवादी प्रजातन्त्र स्थापना भएको सवा तीन सय वर्ष भएर पनि तमाम मेहनतकश जनतालाई काम दिएर उनीहरूको जीवन सुनिश्चित गर्न सकेन, बरु तहाँ पनि आर्थिक सङ्कट बढदैनै छ र तहाँ पूर्ण बेकारीको संख्या १५ लाख भन्दा बढी हुन गएको छ । र अर्ध बेकारीको संख्या झन् बढ्ता छ । जनताको गरीबी र उनीहरू माथिको शोषण र दमन झन् झन् बढ्दै गइरहेको छ । बेलायतको हालत दिन दुना रात चौगुना बिग्रँदै नै गइरहेको छ । पूरा भारतको मालिक भएर भारतलाई चूसन पाएसम्म नै बेलायतको पूँजीवादी व्यवस्थाको चमक दमक रहयो । भारत के स्वतन्त्र भयो बेलायतको तेज ओइलाएर गयो ।

यस्तै अमेरीकामा पूँजीवादी प्रजातन्त्र स्थापना भएको झण्डै २०० वर्ष हुन लाग्यो । यस बीचमा अमेरीकामा पनि अर्थ सङ्कट शुरु भइसकेको छ । बेकारीको संख्या १ करोडभन्दा बढी छ भने अर्ध-बेकारीहरूको संख्या ३ करोड भन्दा बढी छ ।

वासिङ्गटनबाट प्राप्त २६ जनवरी १९७२ को खबर अनुसार १६७१ मा अमेरीकाको इतिहासमा अघि कहिल्यै नभएको व्यापारिक घाटा सहन परेको छ । अमेरिकाको व्यापारिक विभागको भनाई अनुसार आयात भन्दा निर्यात २ अरब डलर कम भएको छ । १८८८मा भएकोमा यसपाली २ अरब डलर पूँजीवादी मुलुकहरू मध्ये सबभन्दा ३ करोड ३० लाख व्यापार घाटा भएको छ । स्पष्टतः अमेरिका जो धनी देश हो स्वयं अर्थ सङ्कटमा फँस्न थालेको छ र यो सङ्कट बढ्दै जाने सिवाय घट्ने होइन । जसले गर्दा अमेरिकी मुद्रा डलरको भाउ घटाउन अमेरिकी सरकार बाध्य भयो । मुद्राको भाउ घटाउनको मतलब हो जनताको क्रय शक्ति कम गर्नु । सही मानेमा जनताले उत्तिकै तलब ज्याला पाएर पनि अब उनीहरूको क्रय शक्ति घट्न जाँदा उनीहरूको जीवनस्तर गिर्नु स्वाभाविक हो । विछ्याउनामा तातो पानी खन्याएर न्यानो पार्नु र मुद्रा अवमूल्यन गरेर आर्थिक समस्या समाधान गर्नु एउटै कुरो हो । मुद्रा अवमूल्यनले जनताको क्रयशक्ति घट्न गई, अमेरिकाभित्रको बजार अझ साँघुरो भएर जानेछ र त्यहाँका उद्योगहरू अझ बन्द भएर जानेछन् ।

यही १९७७ को जुलाई १३-१४ ता०को एक राती बिजुली बन्द हुँदा अमेरिकाको न्यूयोर्क सहरमा रातभर लूटपाट चल्यो । १३ ता० बुधबार राती ९.३५ बजेदेखि अन्धकारको फाइदा उठाएर रातभर लुटमार डकैती चल्यो । त्यस सहरमा रातभर १० सौँ हजार लुटेराहरूको राज रह्यो । १६ ता०मा पाट्रियोत र अरु विभिन्न अखवारहरूमा छापिएको खबर अनुसार मन्हाट्टनमा एउटा कपडा दुकान सम्पूर्ण लुटियो र तहाँ एक जोडा जुत्ता सिवाय अरू केहि बाँकी थिएन । ब्रन्कसको एउटा दुकानबाट ५० वटा नयाँ कारहरू चोरियो । अर्को दुकानमा एउटै पेनी (पैसा) बचेको थियो । दुकानका झ्यालहरूमा सजाई राखेको कपडा पनि बचेन र ती लुटेराहरू मध्ये ३००० पुलिसको पक्राउमा आए अरु कति उम्के हिसाब छैन । यही एक रातमा मनहट्टन ब्रुकलीन र ब्रोन्क्सको इलाकाहरूमा सयकडौँ दुकानहरू जलाइए र हजारौँ बेघर भए । बिहान हुँदा साराका सारा मानिसहरू आफ्नो कपाल पक्रेर निराश हालतमा थिए ।

यो अमेरिकामा चलेको निराशापूर्ण गरीबी र बेकारीले गर्दा न लूट मचेको हो र न्यूयोर्क सहरमा त्यो आतंकको राज छाएको हो । अमेरिकाका सुविख्यात गायक र कलाकार डीन रीडले यही १६७७ को जुलाई १४मा बर्लिनमा अमेरिकाको सि.आई.डी. विभाग एफ.बि.आईको रिपोर्ट उदृत गरी भनेका थिए कि त्यो रिपोर्ट अनुसार अमेरिकामा हरेक ६ मिनटमा एउटा न एउटामाथि बलात्कार गरिन्छ । हरेक ६५ मिनट अमेरिकाको सडकमा हिंसात्मक हमला हुन्छ । हरेक ५ सेकण्ड कुनै न कुनै घर फोडिन्छ र हरेक ३५ सेकण्ड एउटा न एउटा कार चोरि हुन्छ ।"

अमेरिकाका राष्ट्रपति कार्टरद्वारा चलाइएको मानव अधिकार बारे डीन रीडको भनाई छ, "के यस्तै देशमा मानव अधिकारको विकास हुनेछ ? मलाई लाग्छ हुन सक्तैन । यो देशमा मानव अधिकार सबभन्दा कम छ । इनीहरूद्वारा मानव अधिकारको पवित्रता बारे प्रचार गरेको सुन्दा मलाई पछिल्तिर हेरेर हाँस्न मन लाग्छ ।"

पूँजीवादी विचारधारा राख्ने स्वयम् एक अमेरिकीको मुखबाट निक्लेको हो कि सर्वसाधारण वेला पनि साँझ ५ बजेपछि अमेरिकाको सडकमा कोही भलाद्मी आई माई निक्लने हिम्मत गर्दैन ।

यही हो विश्वको पूँजीवादी व्यवस्थाको अग्रगण्य नेता मानिएको र विश्वको सबभन्दा धनी र शक्तिशाली पूँजीवादी मुलुक अमेरिकाको तस्बीर ;

यही १६७७ को जुलाई महिनामा छात्रहरू र नौजवानहरूका अगाडि का. भूपेश गुप्तले पेश गरेको आँकडा अनुसार पूँजीवादी व्यवस्था अपनाउने विकासशील देशहरूमा लगभग ७० करोड मानिसहरूले भूखमरि, बेकारी र शोषणको गहिरो सङ्कटको सामना गर्न परिरहेको छ। लगभग २८ करोड ३० लाख मानसिहरू बेकार र अर्ध बेकार छन्। २३ करोड बालखाहरू कुपोषणको सिकार छन्। यसले पूँजीवादी व्यवस्थाको दिवालिया पनलाई स्पष्ट गरेको छ। वहाँले स्वयम् भारतको आँकडा पेश गरी भन्नु भएको छ कि आजकल भारतमा २.६० करोड जनता बेकार छन् र यस्तै हालत रहयो भने पाँचवीं पंचवर्षीय योजनाको अन्तसम्ममा भारतमा बेकारीको संख्या ६ करोड पुग्ने छ।

स्पष्ट छ पूँजीवादी व्यवस्थाले कुनै पनि देशको जनताको समस्या समाधान गर्न सक्तैन।

तर पूँजीवादी नेताहरू एकातिर समाजवादी मुलुकहरूको बदनाम गरी अर्कातिर पूँजीवादी मुलुकहरूको तारिफको पूल बाँध्ने गर्छन्। स्पष्टतः जहाँ समाजवादी मुलुकहरूमा सम्पूर्ण जनताको जीवन सुखी सम्पन्न, सुरक्षित र सुनिश्चित छ वहाँ अर्कातिर पूँजीवादी मुलुकहरूमा जहाँ ठुलठुला एकाधिकार पूँजीपतिहरूले, हाम्रो जस्तो अविकशित देशहरूमा खासगरि विदेशी पूँजीपतिहरूले अरबौँ रुपियाँ कमाउने मौका पाउँछन्, मेहनतकश जनताले दिनभर परिश्रम गरी सुखारोटी, ठण्डा पानी पनि मुस्किलले पाउँछन्। हरेक पूँजीवादी मुलुकमा मेहनतकश जनताले गरीबि भूखमरि र बेकारीको सिकार भै अनिश्चित जीवन बिताउन करै लाग्छ।

नेपाली काँग्रेसको प्रचार छ बेलायत, फ्रान्स, जर्मन, अमेरिका आदि मुलुकहरूले पूँजीवादको बाटो अपनाएर आफ्नो देश उन्नति गरे भने नेपालले पनि पूँजीवादी बाटो अपनाएर नेपाललाई बेलायत, फ्रान्स इत्यादि जस्तो धनाढ्य देश बनाउने हो। तर याद गर्नु पर्ने कुरा यो छ कि पूँजीवादको विकासको

दौरान बेलायतको ३० लाख किसानहरूलाई उनीहरूको खेतबाट बेदखल गरी उनीहरूलाई बेकारीको सिकार बनाएर काम नपाएपछि आवारा भनी गोलीले भुनेर पठाएको थियो । यस बाहेक ड्रेक र राले जस्तो समुद्री डाकाहरू पालेर अर्काको जहाज लुटी आफनो देशमा पूँजी जम्मा गरिएको थियो, त्यस बाहेक भारत, बर्मा, कनाडा, अमेरिका, अस्ट्रेलिया इत्यादि देशहरू जिती साम्राज्य बनाएर त्यस देशको कच्चा माल, मनुष्य शक्ति र बजारमाथि कब्जा गरी, उनीहरूको शोषण गरी बेलायतले पूँजी जम्मा गरेको थियो । हर साम्राज्यवादी मुलुकले अर्काको देश जिती ती देशहरूको निर्मम शोषण गरी नै आफ्नो देशको उन्नति गर्न सकेका थिए ।

नेपोलियनको पालोका लडाईहरू, प्रथम विश्व युद्ध, द्वितीय विश्व युद्धहरू अर्काको देश कब्जा गर्नको निम्ति भएका साम्राज्यवादी युद्धहरू हुन् । यस बाहेक अरु सानातिना लडाईहरू पनि पूँजीवादले अर्काको देश कब्जा गर्नको निम्ति गरेका लडाईहरू हुन् । त्यसमाथि नेपालले अर्कालाई सक्ने सवाल छैन । यस्तो तर आज त्यो जमाना गइसकेको छ, को देश कब्जा गरी आफ्नो बजार बनाउने वेला नेपाल जस्तो अविकसित देशले पूँजीवादी बाटो गरी देश उन्नति गर्छ' भन्नु मरेको गाईको लाशबाट दूध दुहेर खाने आशा गर्नु जस्तै हो ।

यही पूँजीवादी बाटोलाई राजा महेन्द्रले पनि अपनाएको हो । यसकै फल हो कि आज नेपाल नवउपनिवेशवादी देशमा परिणत हुँदैछ र नेपालको मेहनतकश जनता व्यापक रूपले बर्बाद भै दर्दर ठोकर खाएर विदेशिन बाध्य भएको छ ।

स्पष्टतः चाहे राजा होस् या नेपाली काँग्रेस अथवा कम्युनिष्ट पार्टीको नाम धारण गरी जनवादी कार्यक्रमको पर्दा हाली पुष्पलालजी अथवा अरु कुनै चोइँटिएका तथाकथित कम्युनिष्ट गुटकै नेतृत्वमा किन नहोस् नेपालमा पूँजीवादी विकास सम्भव छैन । जसले पूँजीवादी विकासको कुरा गर्छ उसले हाम्रो जस्तो पिछडिएको देशमा देखिने अथवा नदेखिने गरी विदेशी पूँजी निम्त्याएर आफनो देशको तमाम आर्थिक स्रोतमाथि विदेशी पूँजीको कब्जा जमाउन दिने बाटो खोल्ने हो । नेपाल र नेपाली जनताको अगाडि दुई वटा

मात्र बाटो छ । या त पूँजीवादी विकासको नाउँमा देशको आर्थिक स्रोत विदेशी पूँजीको हातमा सुम्पने काम गर, होइन भने राष्ट्रिय प्रजातन्त्र स्थापना गरेर देशको आर्थिक स्रोतलाई तमाम जनताको सम्पति बनाएर गैरपूँजीवादी बाटोबाट देशको कृषि, खानी र उद्योगको विकास गरी छिटै समाजवादी समाज स्थापना गरौँ ।

जबसम्म सामन्ती या पूँजीवादी शोषण व्यवस्था रहनेछ, नेपालले औद्योगिक विकास गरेर खान सक्तैन । पूँजीवादको सफलताको निम्ति नेपालसँग कुनै यस्तो ठुलठुला उपनिवेशहरू छैन कि वहाँ लगेर आफनो देशको उद्योगहरूमा उत्पादन भएको सामान बेचौँ। विश्व पूँजीवादी खेमामा स्वयं एक दोस्रोको घाँटी काट्ने प्रतियोगिता बढ्दै गई रहेको छ भन्ने कुरो अमेरिकी साम्राज्यवादको भूतपूर्व राष्ट्रपति निक्सनले लिएको नीतिले स्पष्ट गर्दछ । यसवारे हामीले माथि नै हेरिसक्यौँ कि कसरी यस नीतिले अन्य पूँजीवादी देशहरूको अर्थ व्यवस्थामा प्रहार गरेको छ ।

यसै निम्ति नेपालमा पूँजीवादी विकासको कुरा गर्नुको मतलब विश्व पूँजीवादको अङ्गको रूपमा विदेशी साम्राज्यवादी पूँजी ल्याउने कुरो गर्नु हो । नेपाली काँग्रेसले सोचेको पनि यही हो भन्ने कुरो १६६० तिर नेपाली काँग्रेसले नेपालको संसदमा वितरण गरेको योजना, जुनमाथि जिक्र भइसकेको छ,ले स्पष्ट गर्दछ । नेपालमा पूँजीवादी विकास चाहे नेपाली काँग्रेसले गरोस् अथवा जनवादी कार्यक्रमको नाउँमा पुष्पलालजी अथवा अरु कुनै आफूलाई कम्युनिष्ट मान्नेहरूले गर्न चाहोस्, नेपालमा पूँजीवादको विकास हुन सक्तैन। स्पष्टतः यो असफलताको बाटो हो । र फलतः यसले पूँजीवादी विकासको नाउँमा विदेशी पूँजी नेपालभित्र घुसाएर नव-उपनिवेशवादी विकास मात्र गर्न सक्नेछ । जुन नीति अन्तरगत नेपालमा कारखानाहरू त खुल्ने छ, तर यसको मालिक नेपाली जनता नभै विदेशी साम्राज्यवादी पूँजी नै हुनेछ, जसले नेपाल र नेपाली जनतामाथि निर्मम शोषण गरी कँगो, मलाया इत्यादि नव-उपनिवेशिक जनतामाथि शोषण गरे झैं शोषण गरी नेपाली जनजीवन बर्बाद गर्दै जाने हो ।

त्यसमाथि नेपाली काँग्रेसले सोचेको पूँजीवाद नेपालको एक स्वतन्त्र राष्ट्रिय पूँजीवाद नभै साम्राज्यवादी विदेशी एकाधिकार पूँजीवाद हो, जसले हाम्रो देशको कच्चा माल, श्रमशक्ति र बजारमाथि कब्जा गरी नेपाललाई शोषण मात्र गर्ने छ, नेपालको उन्नति गर्ने छैन । मलेशिया, ग्वाटेमाला, काँगो, गियाना आदि देशहरूमा आफ्ना दलालहरू मार्फत् साम्राज्यवादले यस्तै पूँजीवाद स्थापना गरी उठ्न नदिए जस्तै नेपाललाई पनि कब्जा गरी उठन नदिने हो । नेपालमा पूँजीवादको विकाशगर्ने कार्य गर्नु नेपाललाई एक नवउपनिवेशिक देश बनाउनु हो ।

स्पष्टतः पूँजीवादको बाटो असफलताको बाटो हो र नेपाललाई नव-उपनिवेशवादमा परिवर्तन गर्ने बाटो हो, जुन व्यवस्था एकपटक स्थापना भएपछि हाम्रो देशलाई छोडेर जाने कुरा गर्दैन र मलेशिया, काँगो, ग्वाटेमालामा झैं जनतामाथि निर्मम दमन गरेर आफ्नो कब्जा जमाएर बस्ने हो अथवा दक्षिण वियतनाममा झैँ लाखौँ जनताको ज्यान लिएर मात्र बिदा हुने हो ।

स्पष्टतः आज नेपाललाई चाहेको प्रजातन्त्र पूँजीवादी प्रजातन्त्र होइन । पूँजीवादी प्रजातन्त्र स्थापना गरेर जनताको जीवनमा कुनै पनि परिवर्तन ल्याइने छैन । पूँजीवादी प्रजातन्त्र अन्तरगत जनताको बर्बादी जस्ताको तस्तै चालु रहने छ ।

जबसम्म कुनै देशमा मेहनतकश जनताले आफ्नो जीविकाको निम्ति सामन्तहरू या पूँजीपति वर्गले दिने काममा भरोसा गर्नु पर्छ अर्थात् जबसम्म जनताले कमाएर खाने साधनको मालिक सामन्तहरू र पूँजीपति वर्ग हुनेछ, त्यसवेलासम्म स्वतन्त्र र निष्पक्ष चुनाव सम्भव छैन । साथै जबसम्म शासनयन्त्र शोषकवर्गको हातमा रहने छ जबसम्म मेहनतकश जनताले त्यस चुनावमा बहुमत प्राप्त नै गरे तापनि मेहनतकश जनताको सरकारलाई टिक्न दिने छैन ।

पूँजीवादी प्रजातान्त्रिक व्यवस्था अन्तरगत हुने चुनाउमा सिद्धान्त र ईमानदारीको भन्दा पैसाको बलले चुनाव जितिन्छ । जसले खर्च गर्न सक्तैन उसले हार्नु पर्दछ । अमेरिकी राष्ट्रपतिको निम्ति भएको प्राथमिक चुनावमा १९७२ अप्रैल

२२ ता० को वाशिंगटनको खबर अनुसार सेनेटर मुस्किले सो चुनावबाट पछि हटेर भने कि मसँग यो चुनाव चालू राख्ने पैसा छैन ।”

१९७२ नोवेम्बरको अमेरिकी राष्ट्रपतिको चुनावमा निक्सनको प्रतिद्वन्द्वी सेनेटर मैक् गभर्नरले निक्सनमाथि आलोचना गरी भने, “झूठ, तोढ फोड, गुप्त रकम, विशेष स्वार्थपूर्ण कार्यहरू, अपराधी कार्वाइहरूले भरेको यो चुनाव अभियान सारालाई छल्ने कार्य हो । स्पष्टतः पूँजीवादी प्रजातन्त्रको ठेकेदार अमेरिकाको यो हालत छ भने अन्यत्र कुनै देशमा पनि पूँजीवादी व्यवस्था अन्तरगत सही र निष्पक्ष चुनाव हुन सक्दैन । यस चुनावमा यही विभिन्न चाल चली सेनेटर मैक गभर्नरलाई हराए पनि ।

स्पष्टतः पूँजीवादी प्रजातन्त्रमा चुनाव पैसाको बलले जित्ने हो र जनसेवाको आधारमा अति कम मान्छेले मात्र यो चुनाउमा जित्ने गर्छ । यसै निम्ति पूँजीवादी प्रजातन्त्र स्थापना भएको खण्डमा राष्ट्रिय प्रजातन्त्र या समाजवाद ल्याउनु सजिलो हुन्छ भन्ने कुरो खाली एक औसरवादी कुरो हो । पूर्वी यूरोप तथा पश्चिम यूरोपको इतिहास, उत्तरी कोरिया-दक्षिण कोरियाको इतिहास, पूर्वी जर्मनी-पश्चिम जर्मनीको इतिहासले स्पष्ट गर्दछ जहाँ पनि पूँजीवादी प्रजातन्त्र एक पटक स्थापना भए तहाँ सजिलोसँग समाजवाद आउन सकेन । न त तहाँ सजिलोसँग राष्ट्रिय प्रजातन्त्र स्थापना हुन सके । बेलायत, फ्रान्स, अमेरिका इत्यादि मुलुकहरूमा सयकडौँ वर्ष अघि पूँजीवादी प्रजातन्त्र स्थापना भएको थियो । ती देशहरूमा न पूँजीपतिवर्गको नेतृत्वमा समाजवाद आए, न त सर्वहारावर्गको नेतृत्वमा नै समाजवाद आए । अनि नेपालमा एकपटक पूँजीवादी प्रजातन्त्र स्थापना भएपछि नेपाली काँग्रेसको नेतृत्वमा समाजवाद आउँछ भन्नु अथवा चुनावमा बहुमत प्राप्त गरी जनताले जनवादी प्रजातन्त्र अथवा राष्ट्रिय प्रजातन्त्र स्थापना गर्छ भन्नु जनतालाई भ्रम दिएर पूँजीवादको सेवा गर्नु हो । पूँजीवादी प्रजातन्त्रको पैरवी गर्नु जनतामाथि गद्दारी गर्नु हो । पूँजीवादी प्रजातन्त्र स्थापना भइसकेपछि न त जनवादी प्रजातान्त्रिक या राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति नै सजिलोसँग सफल हुनेछ । यसका जिउँदा उदाहरणहरू हुन्- दक्षिण वियतनामको जनसङ्घर्ष, मलाया, ग्वाटेमाला,

दक्षिण कोरिया, फ्रान्स, बेलायत, पाकिस्तान ।

जब पूँजीवादी प्रजातन्त्र अन्तरगत जनसङ्घर्षले तीव्र रूप लिनेछ शोषक तथा प्रतिक्रियावादी वर्गहरूले ती देशहरूमा सर्वहारावर्गको नेतृत्वमा कुनै नयाँ व्यवस्था आउन दिने सट्टा पूँजीवादी प्रजातन्त्रलाई नै खतम गरी यसको बदला एक पटक फेरि फौजी हुकूमत खडा गर्ने काम गर्दछन् । फ्रान्स, पाकिस्तान, गायना, ईरान र स्वयं नेपालको इतिहास यस कुरोको प्रत्यक्ष प्रमाण हो । संसदीय व्यवस्था चालू छँदा श्री विश्वेश्वरजी स्वयं तानाशाही व्यवस्था स्थापना गर्न लालायित थिए । वहाँले स्वयं देश बनाउने नाउमा वहाँको हातमा तानाशाही व्यवस्थाको आवश्यकता बारे पार्लियामैंट लबीमा चर्चा गर्न थालेका थिए ।

पूँजीवादी प्रजातान्त्रिक व्यवस्था स्थापना भएपछि जनताको स्वार्थको प्रतिनिधित्व गर्ने राष्ट्रिय प्रजातन्त्र या जनवादी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न सजिलो हुनेछ भन्नु नेपाली जनतालाई धोखा दिई विश्व पूँजीवादको सेवा गर्नु हो । आफनो कमजोर वर्ग चरित्रले गर्दा नेपालको पूँजीवादी पार्टी नेपाली काँग्रेसले एकातिर जनतालाई भ्रम दिई आफूलाई प्रजातान्त्रिक समाजवादको ढकोसला गर्नु पर्छ भने अर्कातिर जनतालाई दबाउनको निम्ति सामन्तवर्गसँग सम्झौता गरी सामन्ती शोषण र दमनलाई कायम राख्नै पर्छ र नेपाली काँग्रेसले गर्ने भूमिसुधार पनि राजाले गरेको भूमिसुधार भन्दा कुनै मानेमा फरक हुने छैन । नेपाली काँग्रेसले पनि राजाले जस्तै आफनो मुख्य भरोसा साम्राज्यवादी तथा विदेशी एकाधिकार पूँजीलाई देशभित्र बोलाएर नेपाललाई नवउपनिवेशवादमा परिवर्तन गर्न कर लाग्छ ।

(क) राजाको एकतन्त्री हुकूमत सामन्तवर्गले विश्व पूँजीवादसँग सम्झौता गरी साम्राज्यवादी विदेशी पूँजीसँग साँठ-गाँठ गरी चलाइएको नवउपनिवेशवादी शासन व्यवस्था हो भने ।

(ख) नेपाली काँग्रेसको पूँजीवादी प्रजातन्त्र विश्व पूँजीवादी व्यवस्थाको अङ्गको रूपमा पूँजीवादले सामन्तवर्गसँग सम्झौता गरी विदेशी पूँजी, खास गरी

अमेरिकी साम्राज्यवादसँग सांठगाँठ गरी चलाइने नव-उपनिवेशवादी शासन व्यवस्था हो ।

दाल भात तरकारी भनोस् वा भात दाल तरकारी भनोस् कुरो एउटै हो ।

स्पष्टतः नेपालको ३ शक्तिमध्ये नेपाली काँग्रेसले प्रतिनिधित्व गरेको शक्ति पनि नेपाली जनतालाई वर्वाद गर्ने जन विरोधी नवउपनिवेशवादी शक्ति हो ।

**लोक कल्याणकारी राज्य कि वैज्ञानिक समाजवाद ?**

नेपाली काँग्रेसको आदर्श प्रजातान्त्रिक समाजवादी मुलुक हो- इजराइल । साच्चै भन्ने हो भने इजराइल विश्व मानवजातिको सबभन्दा ठुलो दुश्मन अमेरिकी साम्राज्यवादको इशारामा नाच्ने कठपुतली सरकारद्वारा शासित एक नवउपनिवेशिक देश हो । यहाँ शोषक र शोषितको समस्या छदैछ ।

प्रजातान्त्रिक समाजवादीहरूको अर्को आदर्श देश हो नर्वे । नर्वे कै कुरा लेउँ । तहाँ विद्यार्थीहरूले आपनो पढाई चालू राख्न ऋण लिन पाउँछन् । जब कि वैज्ञानिक समाजवादी व्यवस्थामा आफनो देशको सम्पूर्ण लड्का लड्कीहरूको पढाई लिखाईको इन्तजाम सरकारले स्वयं गरेको हुन्छ । यहाँ विद्यार्थीहरूको पढाईको दौरान ऋण बोक्नु पर्दैन । जबकि त्यो प्रजातान्त्रिक समाजवादी मुलुक भनिएको "देश" नर्वेमा विद्यार्थीहरू पनि पूँजीपतिहरूको पूँजी लगाउने र नाफा कमाउने एक क्षेत्र बनेको हुन्छ । विद्यार्थीहरूले ऋण लिएर पढ्छन्, पढिसकेपछि साहुको ऋण चुक्ता गर्न कमाउँदै साँवा व्याज तिर्दै जानुपर्छ । भविष्यमा मासु खाने आशाले खसि पाले भै भविष्यमा साँवा व्याज कमाउने आशामा विद्यार्थीहरूलाई ऋण दिइन्छ भने निश्चय पनि यो व्यवस्था समाजवादी व्यवस्था भन्न सकिन्न ।

श्री विश्वेश्वरजीको भनाई छ, 'अमेरिकामा जहाँ समाजवादलाई राजनैतिक शब्दको रूपमा घृणा गरिन्छ, लोक कल्याणवाद स्पष्टसँग देखापरेको छ । "उहाँको भनाई हो," तहाँ समाजलाई परिवर्तन गर्ने प्राथमिक कार्य "भन्दै पूरा भई सकेकोछ- क्रान्ति पूर्ण भई सकेको छ ।" यसरी नेपाली काँग्रेसको नजरमा

"प्रजातान्त्रिक समाजवाद" र लोक कल्याणवाद एउटै हुन आउँछ ।
"प्रजातान्त्रिक समाजवाद" भनोस् या "लोक कल्याणवाद" भनोस् दुवैको उद्देश्य हो मार्क्सवाद-लेनिनवादमा आधारित वैज्ञानिक समाजवादबाट मानिसको चित्त हटाएर मेहनतवश जनतालाई अलमलमा पारी पूँजीवादी शोषण व्यवस्थालाई चिर स्थायी बनाउनु । नेपालमा राष्ट्रिय पूँजीवादको विकास सम्भव नभएको हुँदा नेपाली काँग्रेसले अङ्गालेको "प्रजातान्त्रिक समाजवाद" या "लोक कल्याणकारी राज्य" विदेशी पूँजीद्वारा शोषित हुने पूँजीवादी व्यवस्था हो ।

दुवैको उद्देश्य हो शोषण व्यवस्थालाई यथावत कायम राखी मेहनतवश जनतालाई केही राहत दिई अल्मलाएर राख्नु । लोक कल्याणकारी राज्यको उद्देश्य शोषकहरूको शोषण व्यवस्थामाथि कुनै आँच आउन नदिइकन आम जनतालाई केहि हदसम्म मरहमपट्टि लगाउन मदत दिनु । बाधले गाईको खून चूसने अधिकार दिएर गाईको घाउमाथि मरहमपट्टि लगाउनु "प्रजातान्त्रिक समाजवाद" या "लोक कल्याणकारी राज्य" को नीति हो । गाई र बाघलाई उही हक दिई बलियाले निर्धालाई दबाउने हक ने "प्रजातान्त्रिक समाजवाद" मा पाइने "प्रजातान्त्रिक हक" हो । लोक कल्याणकारी राज्य बाघले बाछो खाने हक र बाछोले घाँस खाने हक दिएर सबैको कल्याण खोज्ने राज हो । अर्थात देशको खानी, खेत, बगानहरू, जङ्गल तथा कारखानाहरू स्वदेशी या विदेशी पूँजीपतिवर्गको हातमा राखेर आम्दनीको सम्पूर्ण स्रोतमाथि पोषकहरूको कब्जा जम्न दिएर उनीहरूको दया मायामा मेहनतवश जनताले जिउनु पर्ने व्यवस्था नै "प्रजातान्त्रिक समाजवाद" या "लोक कल्याणकारी राज" हो । यस राजमा देशको आर्थिक स्रोत मात्र होइन राजसत्ता पनि पूँजीपतिवर्ग कै हातमा रहेको हुन्छ । नेपालको कुरा गर्ने हो भने देशको श्री सम्पति विदेशी पूँजीपतिहरूको हातमा राखी, उनीहरूको आदेश र सरसल्लाहमा राज चलाएर जनतामाथि निर्मम शोषण र दमनको राज कायम गरी मेहनतकश जनतालाई भ्रम दिनको निम्ति यता उति सानातिना मदत र सहुलियत मात्र दिनु नै "प्रजातान्त्रिक समाजवाद" या "लोक कल्याणकारी राज्य" को नीति हो ।
प्रजातान्त्रिक समाजवाद या लोक कल्याणकारी राज मेहनतवश जनता प्रति

पूँजीवादी छल हो । यसले मेहनतवश जनतालाई आफ्नो देशको खानी, खेत, बगान, कल-कारखानाको मालिक बन्न दिने होइन । त्यो समाजवाद केको समाजवाद हो जसले देशको श्रीसम्पत्तिको मालिक मेहनतकश जनतालाई बन्न दिदैन ? त्यो प्रजातन्त्र के प्रजातन्त्र हो जहाँ पैसाको बलमा चुनावको निम्ति पूँजीपति वर्गको दया मायामा भर पर्नु पर्दछ र जहाँ मेहनतकश जनताले राजनीतिक चेतना लिनको निम्ति पूँजीपतिवर्गको डर मान्नुपर्दछ । वीरबल मन्त्रीले पालेको बिरालो झैँ हर वक्त पूँजीपति वर्गको डर र त्रास मानेर काम गर्नु परेसम्म प्रजातन्त्र प्रजातन्त्र नभै मेहनतकश जनताको निम्ति धोका नै सावित हुनेछ ।

देशमा काम गरी खाने तमाम साधनहरू अर्थात खेत, खानी, बगान, कल-कारखाना इत्यादिको मालिक सामूहिक रूपले तमाम जनतालाई बनाएर शोषकवर्गहरूको हातबाट आर्थिक र राजनीतिक दुवै क्षेत्रमा मुक्त भएर नै सही ढङ्गको समाजवाद र प्रजातान्त्रिक व्यवस्था पनि सम्भव हुनेछ । "प्रजातान्त्रिक समाजवाद" र "लोक कल्याणकारी राज्य"ले माथि उल्लिखित दुवै कुरो नामन्जूर गर्दछ ।

सर्वहारा वर्गको नेतृत्वमा तमाम मेहनतवश जनता र क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा बनाएर प्रतिक्रियावादी शासनको जड मूल उखाडेर साम्राज्यवाद तथा नवउपनिवेशवादको चंगुलबाट मुक्त गरेर नै देशमा हाम्रो राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गर्ने राष्ट्रिय प्रजातन्त्र स्थापना हुन सकनेछ र हाम्रो देशमा दोस्रो खुड्किलोको रूपमा समाजवादी समाज व्यवस्था स्थापना भई तमाम जनताको जीवन सुरक्षित गर्न सकिनेछ । गर्भमा रहेको बच्चादेखि लिएर मरणपर्यन्त तमाम जनताको जीवन सुरक्षित र सुनिश्चित गर्न सकिनेछ, मानिसले मानिस माथि गर्दै आएको शोषण दमन खत्तम हुनेछ, मानिस र मानिसको बीचमा मालिक र नोकरको भेद मेटिनेछ, सही मानेमा मनुष्य समाज मुक्त हुनेछ र हरेक व्यक्तिले आफ्नो पूर्ण विकास गर्ने बाटो खुल्नेछ । समाजवादी समाजमा देशको काम गरी खाने साधन जस्तो कि खानी, खेत, कल-कारखाना, बगान, इत्यादिको मालिक मुट्ठीभर शोषक सामन्तहरू

वा पूँजीपतिवर्ग अथवा साम्राज्यवादी विदेशी पूँजीपतिहरू नभै पूरै जनता यसको मालिक बन्नेछ र हरेकले शोषणरहित समाजको निर्माण गरी आफनो व्यक्तित्वको पूर्ण विकास गरी, आफनो मेहनतको फल आफैँ भोग गर्न पाउने छ, तमाम जनताले आफनो शक्ति र योग्यतानुसार काम गरी खाने अधिकार प्राप्त गर्ने छ, तमाम केटा केटीहरूले पढी लेखी योग्य नागरिक बन्ने मौका पाउनेछन्, बिमारी र असक्तहरूको राम्रो हेरचाह हुनेछ, बूढा बूढीहरूले अरामको जिन्दगी गुजार्ने मौका पाउने छन् र उनीहरूको निम्ति भत्ताको इन्तजाम हुनको साथै सबै बुढाबुढीहरूको देखभाल हुनेछ ।

## नेपाली जनताको भविष्य

न लोक कल्याणकारी राज्य न प्रजातान्त्रिक समाजवादले नेपाली जनतालाई आफनो देशको खेत, खानी, बगानहरू, वन जङ्गलहरू र कलकारखानाहरू र नदीनालाहरूको मालिक बन्न दिनेछ । यी दुवै व्यवस्थाहरू पूँजीवादी प्रजातान्त्रिक व्यवस्थाको विभिन्न रूपहरू मात्र हुन, जुन व्यवस्थामा हाम्रो देशको सम्पूर्ण श्रीसम्पत्तिको मालिक सामन्तहरू या पूँजीपतिवर्गलाई नै बनाएर मेहनतवश जनतालाई काम दिने नदिने अधिकार शोषकहरू कै हातमा छोडेर, मेहनतकश जनतालाई फुसलाउन उनीहरूलाई पोखेको दूध बिल्लीलाई खाने अधिकार दिए भै अथवा छाडुवा कुकुरलाई एक आध टुकडा रोटी फेंकी दिए भै एक आध वटा सहुलियतहरू दिएर फकाउने पूँजीवादी व्यवस्था नै लोक कल्याणकारी राज्य या प्रजातान्त्रिक समाजवादी व्यवस्था हो ।

स्पष्ट छ, यदि नेपाली जनताले आफनो देशको सम्पूर्ण श्रीसम्पत्तिको मालिक भएर अनेक बगानहरू, फलफूलका बारीहरू बनाएर अनि अनेक खानीहरू खोलेर देशको उन्नति गरी तमाम कुराहरूबाट हुने आम्दनी सम्पूर्ण नेपाली जनतामा आ-आफनो परिश्रमअनुसार वितरण गरी सम्पूर्ण नेपाली जनताको जीवन सुखी र सम्पन्न बनाउने हो भने महामानव कार्ल मार्क्सले देखाएको त्यो वैज्ञानिक बाटो नै एक मात्र बाटो हो, जसले नेपाली जनतालाई सही मानेमा आफनो देशको श्रीसम्पत्तिको मालिक बन्न दिनेछ ।

मार्क्स नै त्यो पहिलो व्यक्ति हो जसले विश्वको व्याख्या मात्र नगरी विश्वलाई बदलने बाटो देखाए । अस्तु ।

नेपाली जनताको आजसम्मको अनुभवले यो पनि स्पष्ट गरेको छ कि जबसम्म देशको राजनैतिक व्यवस्थामाथि शोषकवर्गको कब्जा रहनेछ, उनीहरूले जतिसुकै वाचा गरे तापनि नेपाली जनताको आर्थिक व्यवस्थामा राम्रो सुधार हुनसक्ने छैन नेपाली जनतालाई आफनो देशको श्री सम्पत्तिको मालिक बन्न दिने छैन ।

देशको आर्थिक व्यवस्थामा कब्जा गर्नु छ भने मेहनतकश जनताले आफनो देशको राजनीतिक व्यवस्थामा पनि कब्जा गर्नुपर्छ । राजनीतिक व्यवस्था शोषकहरूको हातमा छोडेर, मेहनतकश जनताले देशको अर्थव्यवस्थामा आफनो अधिकार कदापि जमाउन सकने छैन ।

राजनीतिक व्यवस्थामा कब्जा न जमाए सम्म शोषक वर्गले याँकेको टुकडामा नै नेपाली जनताले जिउनु पर्ने छ । कुनै देशको अर्थव्यवस्था त्यस देशको राजनीतिक व्यवस्थाको विस्तृत रूप मात्र हो र कुनै देशको राजनीतिक व्यवस्था त्यस देशको आर्थिक व्यवस्थाको सूक्ष्म रूप मात्र हो ।

यसै निम्ति यो हुकूमी व्यवस्था अन्तर्गत अथवा पूँजीवादी प्रजातन्त्र अन्तर्गत हामीले देशका जनताको समस्या समाधान गर्न चाहन्छौँ भने यो समस्या कहिल्यै समाधान हुने छैन । नीमको रूखमा कहिल्यै सुन्तला फल्न सकने छैन । तसर्थ जनताको समस्या वैज्ञानिक समाजवादी समाज व्यवस्था स्थापना गरेर नै समाधान हुन सक्नेछ ।

तर मानिसले चाहेर मात्र समाजवादी समाजको स्थापना हुन सक्तैन । मानिसको चेतनाले समाज बन्दैन, मानिसको सामाजिक अस्तित्वमा नै मानिसको चेतना निर्भर गर्दछ । जुन समाजमा ठुलठुला शक्तिशाली उद्योगहरू र बगानहरू स्थापना भएको हुँदैन र औद्योगिक मजदूर वर्गको विकास भएको हुँदैन तहाँ समाजवादी समाजको स्थापना हुन सक्तैन । यसै निम्ति हाम्रो जस्तो पिछडिएको मुलुकमा समाजवादी समाजको स्थापना तुरन्त हुन सक्तैन ।

समाजवादी समाज स्थापना अहिल्यै सम्भव छैन भने संशोधनवादीहरूले सोचे भैँ के हामीले नेपालमा पूँजीवादी प्रजातान्त्रिक व्यवस्था स्थापना गरी रहने जरूरी छ ?

हामीले माथि हेरिसक्यौँ, पूँजीवादी प्रजातन्त्र एक पटक स्थापना भई सकेपछि यसले फेरि नेपाल छोडेर जान मन्जूर गर्दैन, बरू यसले 'थिउ' र 'की' हरूले वियतनामी जनतालाई बर्बाद गरे भैं नेपाली जनतालाई बर्बाद गरेर पनि अफूलाई टिकाउने काम गर्नेछ । वियतनाममा भैँ फेरि घनघोर संग्राम गरी हराएपछि नै यो नष्ट हुने छ, यसले आफनो ठाउँ खुशी राजीसँग समाजवादको निम्ति छोडिदिने छैन ।

स्पष्टतः पूँजीवादी प्रजातन्त्रको चक्करमा फस्नु नेपाल र नेपाली जनतालाई एकपटक फेरि भमरिमा फसाउनु हो, जसले नेपाल र नेपाली जनतालाई खाल्टोमा जाक्नेछ ।

स्पष्टतः न आजको हाम्रो नेपालमा समाजवादी समाज सम्भव छ, न पूँजीवादी प्रजातन्त्रको जरूरत छ ।

समाजवादी समाज भोलिको व्यवस्था हो भने, पूँजीवादी प्रजातन्त्र चाहे त्यो प्रजातान्त्रिक समाजवाद या लोक कल्याणकारी राज्यको रूपमा किन न होस् बितेको जमानाको व्यवस्था हो ।

हाम्रो अहिलेको मुख्य कार्य हो- (क) सामन्ती व्यवस्था खतम गरी प्रतिक्रियावादी सामन्तहरूको जमीन खोसी बिना मुआब्जा विना बिक्री वितरण खेत नभएको अथवा खेत नपुग्ने किसानहरूमा मुफ्त वितरण गर्नु । (ख) किसानहरूलाई ऋणबाट मुक्त गर्नु । (ग) सामन्तहरूको खेती गर्ने औजारहरू र भकारीहरू कब्जा गरी व्यक्तिगत रूपमा या सामूहिक रूपमा किसानहरूमा मुफ्त वितरण गर्नु । (घ) सरकारद्वारा किसानहरूलाई चाहिने मद्दत गर्नु ।

यस कार्यले भविष्यमा सामूहिक खेतीको निम्ति बाटो खोल्ने छ र किसानहरूलाई वैज्ञानिक ढङ्गले खेती सिकाएर ठाउँ अनुसार अङ्गूर, अनार, सेव इत्यादिको बगान बनाएर तमाम किसानहरूको आर्थिक स्थितिलाई छिटै ऊँचा उठाउन

सकिनेछ र यसले कृषि क्षेत्रमा समाजवादको निम्ति भूमि तयार गर्ने छ ।

अनि हाम्रो देशलाई विदेशी पूँजीपतिहरू र साम्राज्यवादी स्वार्थबाट मुक्त गरी हाम्रो देशको खानीहरू कलकारखानाहरू सम्पूर्ण जनताको सम्पत्तिको रूपमा खोली देशको विकास छिटै गर्न सकिन्छ, जसद्वारा देशको बेकारी समस्या समूल नष्ट भएर तमाम जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित बनाउन सकिनेछ । हाम्रो देशको पूँजीपति वर्ग कमजोर पूँजीपति वर्ग भएको हुँदा उनीहरूको व्यापार र सानातिना कारखानाहरूलाई विदेशी पूँजीको होडबाट बचाएर उनीहरूलाई चाहिने मद्दत गरी ती कारखानाहरू र व्यापार सफल बनाउन सकिन्छ । अर्कातिर हाम्रो देशको भारी, मध्यम, र हल्का कारखानाहरू पनि राष्ट्रको सम्पतिको रूपमा विकास गरी गैर-पूँजीवादी तरिकाले हामीले आफ्नो देशको विकास गर्न सक्तछौँ ।

स्पष्टतः हाम्रो मुख्य दुश्मन हो सामान्त वर्ग र तिनका दलाली गर्ने प्रतिक्रियावादीहरू र साथै हाम्रो देशको श्रीसम्पत्ति माथि कब्जा जमाऊन खोने विदेशी पूँजी र साम्राज्यवादी शक्ति हाम्रो अर्को मुख्य दुश्मन हो ।

सामन्ती शोषणहरू तथा साम्राज्यवादी नवउपनिवेशवादी विदेशी पूँजीको प्रतिनिधित्व गर्ने र उनीहरूको स्वार्थ रक्षा गर्नको निम्ति जनतामाथि निर्मम हुकूमशाही चलाउने यो एकतन्त्री व्यवस्था आजको हाम्रो सबभन्दा खूंखार दुश्मन हो । यस व्यवस्थालाई खतम गरेर नै नेपालमा नयाँ स्थापना हुन सक्नेछ । हुकूमशाही राजा र नोकरशाही पूँजीपति वर्गको एउटै अर्थनीति भएको हुनाले यस्तो वर्गले जनताको आजको दुर्दशालाई एक रती पनि खत्तम गर्न सक्नेछैन र जनताको जीवन बर्बादको बर्बाद नै भएर जाने छ ।

यस्तो वर्गले प्रजातन्त्रको कुरा गर्दा गर्दै पनि विदेशी पूँजी र साम्राज्यवादको र नव उपनिवेशवाद के सेवा गर्ने हुँदा अन्तमा जनता माथि वियतनामको “थिउ“ र “की“ हरूले झैं घनघोर दमन नै चालु गर्ने हो । तसर्थ यो नोकरशाही पूँजीपतिवर्ग देश र जनताको मुक्तिको बाटोमा घनघोर दुश्मनको रूपमा खडा हुनेछ । यो नोकरशाही पूँजीपतिवर्ग पनि हाम्रो क्रान्तिको एक ठूलो बाधक हो ।

यस बाहेक हाम्रो देशमा यस्तो एक तहका पूँजीपति वर्ग छ, जसलाई दलाल पूँजीपति वर्ग भन्न सकिन्छ। यस तहका पूँजीपतिवर्ग नेपालमा राष्ट्रिय पूँजीको नै विकास गर्ने नभै पूँजीवादको नाउँमा विदेशी पूँजी र साम्राज्यवादीहरूलाई देशभित्र निम्त्याएर हाम्रो देशको खानी, खेत र कलकारखानाहरू विदेशी पूँजीको कब्जामा दिने काम गर्दछ। विदेशी पूँजीको होडमा राष्ट्रिय पूँजीले कदापि विकास गर्न सक्ने छैन।

चाहे पूँजीवादी प्रजातन्त्रको नाउँमा होस् अथवा प्रजातान्त्रिक समाजवाद अथवा लोक कल्याणकारी राजको नाउँमा होस् यस्तो दलाल पूँजीपतिवर्गले हाम्रो देशको अर्थव्यवस्थालाई विदेशी एकाधिकार पूँजी र साम्राज्यवादी अथवा नवउपनिवेशवादी शोषण व्यवस्थाबाट मुक्त गर्ने काम गर्दैन।

नेपालमा पूँजीवादी प्रजातन्त्रको माने हुनेछ- सामन्ती शोषण व्यवस्थालाई कायमै राखी विदेशी पूँजीलाई देशभित्र निम्त्याएर पूँजीवादी प्रजातन्त्रको नाउमा विदेशी पूँजी र साम्राज्यवादीहरूद्वारा थिचिएको नवउपनिवेशवादको स्थापना गर्नु र जनता बर्बादको बर्बाद नै भएर जानु।

तसर्थ हामीलाई आज यस्तो प्रजातान्त्रिक व्यवस्थाको जरूरत छ जसले सामन्ती व्यवस्थाको जड मूल उखालोस् र सामन्ती जमीन किसानहरूमा वितरण गरोस्, भविष्यमा आवाद गरिने सबै जमीन काम गरी खाने किसानहरूमा मुफ्त बाँटोस्, अथवा सामूहिक खेतीको रूपमा आवाद गराओस् जसले किसानहरूलाई सामन्ती सूदखोरी ऋणबाट मुक्त गरोस्। साथै जसले साम्राज्यवादी प्रभावबाट देशलाई मुक्त गरोस्, विदेशी पूँजीलाई देशबाट निकालोस् र राष्ट्रिय पूँजीपतिहरूलाई विदेशी पूँजीको होडबाट मुक्त गरी उनीहरूको व्यापार र उनीहरूको सानातिना कारखानाहरूलाई सफल बनाउनको निम्ति चाहिने मद्दत गर्नको साथै देशलाई गैर-पूँजीवादी तरिकाले आर्थिक विकास गर्ने कबूल गरोस्।

यो कार्य देशको मजदूर, किसान, मध्यमवर्ग, देशका बुद्धिजीवी, राष्ट्रिय पूँजीपति वर्गहरू र देशभक्त सामन्तहरू लगायत सम्पूर्ण देशभक्त प्रजातान्त्रिक

क्रान्तिकारी शक्तिहरूको व्यापक संयुक्त मोर्चा बनाएर नै पूरा हुनेछ । हाम्रो देशको सबभन्दा चेतनशील वर्ग मजदूरवर्ग भएकोले र साथै हाम्रो देशको किसानहरू नै खासगरी खेतहीन र गरिब तथा निम्नमध्यम किसानहरू नै सबभन्दा शक्तिशाली क्रान्तिकारी ताकत भएको हुँदा मजदूर किसान एकता नै यस संयुक्त मोर्चाको मुख्य आधार हुनुपरेको छ र यसमा सर्वहारा वर्गले नै सही नेतृत्व दिन सक्ने छ ।

यसै निम्ति आजको स्थितिमा सर्वहारा वर्गद्वारा नेतृत्व गरिएको मजदूर किसान एकतामा आधारित देशको तमाम देशभक्त प्रजातान्त्रिक क्रान्तिकारी शक्तिहरूको व्यापक संयुक्त मोर्चाद्वारा शासित प्रजातान्त्रिक व्यवस्था नै आज हाम्रो देशको निम्ति सबभन्दा उपर्युक्त प्रजातान्त्रिक व्यवस्था हो ।

**नेपाली जनताको दुई भवितव्य**

नेपालमा समाजवादी क्रान्तिको निम्ति भूमि तैयार छैन । कारण नेपालमा औद्योगिक मजदूरको विकास भएको छैन । मार्क्सवाद लेनिनवादले मजदूर हरूको एक मजबूत क्रान्तिकारी दलको अभावमा समाजवाद कल्पनावाद नै रहने छ ।

अनि के राजाले अथवा नेपाली काँग्रेसले सोचे जस्तो उपनिवेशवादी पूँजीको विकास गर्न दिने हो ? अथवा पुष्पलालजीले आफ्नो तथाकथित सिंहावलोकन र नयाँ जनवादी कार्यक्रममा भने जस्तो नेपालमा पूँजीवादी प्रजातन्त्र स्थापना गरी पूँजीवादी विकास गरी औद्योगिक मजदूरवर्गको सृष्टि गर्ने हो ? पार्टीबाट फुटेर गएका सबै जसो गुटहरूको प्रचार छ पूँजीवादको विकास भएपछि मजदूर वर्गको सृष्टि हुन्छ र यो मजदूर वर्ग नै भविष्यको समाजवादी क्रान्तिको ताकत हो । तर हामीले माथिनै हेरिसक्यौँ नेपालमा पूँजीवादको विकास असम्भव छ, जसले पूँजीवादी विकासको कुरा गर्छ, उसले विदेशी साम्राज्यवादसँग सम्झौता गरेर विश्व पूँजीवादको अङ्गको रूपमा नवउपनिवेशवादी पूँजीकै विकास गर्ने हो । जसले पूँजीवादी प्रजातन्त्रको कुरा गर्छ उसले नेपालमा फेरि पनि नव-उपनिवेशवादी व्यवस्था लाद्ने हो ।

हुन त पुष्पलालजी सर्वहारावर्गको नेतृत्वमा पूँजीवादी प्रजातन्त्रको कुरा गर्नुहुन्छ र तमाम सामन्तहरूलाई समेत पूँजीपति वर्गमा परिणत गर्ने कुरा गर्नुहुन्छ (वहाँको सिंहावलोकनको २ अध्यायहरू राम्ररी पढेको खण्डमा र साथै वहाँको कार्यक्रमको पन्ना ४५. को बुँदा ५ र ६ पढेको खण्डमा यो कुरो स्पष्ट हुनेछ) । तर वहाँको पूँजीवाद परस्त औसरवादी नीतिलाई वहाँको "मूलबाटो" भन्ने पुस्तिकाले अझै छर्लंगसँग राखेको थियो । वहाँले चाहे मुखले सर्वहारा वर्गको नेतृत्वको कुरा गरून्, वहाँले सर्वप्रथम पार्टीभित्र फूट डाल्नको मुख्य कारण हो नेपाली काँग्रेससँगको वहाँको सम्बन्ध । १९६२ को अप्रैल महिनामा भएको हाम्रो तृतीय महाधिवेशनमा वहाँको भनाई थियो, "नेपाली काँग्रेस नै नेपालको राजनीतिमा निर्णायक शक्ति भएको हुँदा नेपाली काँग्रेसलाई मान्य राजनीति नै हाम्रो राजनीति हुनुपर्छ ।"

यसको निम्ति नै पुष्पलालजीले हाम्रो पार्टीको तृतीय महाधिवेशनको दौरान आफनो राजनीतिलाई संसदीय व्यवस्थाको पुनः स्थापनासम्म मात्र जोड दिई राजाको मातहतमा पुरानो शक्तिहीन पूँजीवादी प्रजातन्त्रमाथि मात्र जोड दिई "राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति गर्ने" राजनीतिको मात्र होइन "सर्वशक्ति सम्पन्न सार्वभौम संसद" र "राजाको हातबाट जनताको हातमा शक्ति हस्तांतरण गर्ने" मागहरूको पनि धनघोर विरोध गर्दै आएका हुन् ।

यो भनाईले सर्वहारावर्गको नेतृत्व स्थापना गर्ने हो वा पूँजीवादी पार्टीको नेतृत्वलाई पहिले नै मानिसकेको हो स्वयम् स्पष्ट छ । पार्टी महाधिवेशनले वहाँको यो पूँजीवाद परस्त तथा पार्टीलाई पूँजीवादी पार्टीको पिछलग्गू बनाउने नीतिलाई ठकराउँदा नै वहाँले पार्टीभित्र अनेक षड्यन्त्र गरी पार्टीलाई तोडेको हो र आफ्नो पाकेट पार्टी बनाएर आफूलाई पूँजीवादी पार्टीको सेवामा अर्पण गर्न थालेको हो । अस्तु ।

स्पष्टतः नेपालमा पूँजीवाद सफल हुने छैन चाहे त्यो पूँजीवाद पुष्पलालजीको नेतृत्वमा नै किन कोशिस नगरियोस् । पूँजीवादको बाटो असफलताको बाटो हो देशलाई नवउपनिवेशवादमा परिणत गर्ने बाटो हो ।

अर्कातिर समाजवाद पनि सम्भव छैन। अनि बाटो के हो त ?

यसै निम्ति नेपालको क्रान्तिकारी वर्गहरूको अगाडि तीन बाटा छन्। या त पूँजीवादी प्रजातन्त्रदेखि डराएर हुकुमशाही व्यवस्थालाई सहयोग गरी देशमा प्रतिक्रियावादको नेतृत्वमा नव उपनिवेशवादको जगलाई मजबूत गर्दै जाऊ र जनजीवनको बर्बादी हेर्दै जाउ। निश्चय पनि यो बाटो गद्दारीको बाटो हो। जुन बाटोले नेपालमा कहिल्यै क्रान्तिकारी परिवर्तन ल्याउन सकिने छैन। न त यस नीतिले सर्वहारा वर्गको नेतृत्वमा क्रान्तिकारी ताकत नै जम्मा भएर आउनेछ। यस नीति अन्तरगत शक्तिहीन दक्षिणपन्थी औसरवादी दल नै तैयार हुनेछ, जसमाथि प्रतिक्रियावादी शक्तिले ऐन मौकामा हमला गरी चक्नाचुर गरेर पठाउने छ, अथवा यसै डरले सदा-सदा प्रतिक्रियावादको सेवा गरी यसले आफनो हाड छाला बचाएर बस्नुपर्नेछ। अनि नेपालको क्रान्तिकारीहरूको अगाडि दुईटा अर्को बाटोहरू छन्।

या त पूँजीपति वर्गको नेतृत्वमा पूँजीवादी प्रजातन्त्र स्थापना गर। यस्तो प्रजातन्त्र चाहे राजासँग सम्भौता गरी स्थापना गरोस् अथवा पूँजीवादी प्रजातान्त्रिक क्रान्ति पूरा गरेर स्थापना गर, हामीले माथि नै हेरिसक्यौँ यस्तो प्रजातन्त्रले नेपाली जनताको समस्या समाधान हुन सक्ने छैन। र पूँजीवादी प्रजातन्त्रको बाटो जनतामाथि गद्दारीको बाटो हो। २००७ सालदेखि आजसम्मको अनुभवले सिद्ध गरेको छ नेपाली जनताको मुक्तिको बाटो न त राजाको एकतन्त्री हुकूमत हो, न त पूँजीवादी प्रजातन्त्र हो, चाहे त्यो प्रजातन्त्र नेपाली काँग्रेसको नेतृत्वमा स्थापना भएको होस् अथवा नेपाली काँग्रेससँग मिलेर पुष्पलालजीले स्थापना गरेको होस् अथवा अरू पूँजीवादी पार्टी या पार्टीहरूको संयुक्त नेतृत्वमा स्थापना भएको होस्।

नेपाली जनताको जीवनलाई सफलताका साथ परिवर्तन गर्न सकिने एउटै बाटो छ, त्यो हो राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नु।

राष्ट्रिय प्रजातन्त्रको मूल चरित्र हो-

(क) सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा अरू तमाम क्रान्तिकारी वर्गहरू, जसमा देशभक्त सामन्तहरू र राष्ट्रिय पूँजीपतिहरू पनि सामिल हुन सक्तछन् । एक व्यापक संयुक्त मोर्चा बनाएर प्रतिक्रियावादी सामन्त विरोधी, सामन्ती व्यवस्था विरोधी, साम्राज्यवाद विरोधी, नवउपनिवेशवाद विरोधी, विदेशी एकाधिकार पूँजी विरोधी तथा यो एकतन्त्री हुकुमत विरोधी प्रजातान्त्रिक क्रान्ति पूरा गर्नु ।

देशभक्त सामन्त भन्नाले ती सामन्त या सामन्तका परिवारको सदस्यहरू हुन् जो साम्राज्यवाद विरोधी, उपनिवेशवाद विरोधी, सामन्ती व्यवस्था विरोधी तथा यो एकतन्त्री हुकूमतको विरोधमा क्रान्तिमा इमानदारीका साथ भाग लिनेछन् ।

(ख) राष्ट्रिय प्रजातन्त्रले गैर-पूँजीवादी तरिकाले आर्थिक विकास गर्नेछ, अर्थात देशको खानी बगानहरू र कलकारखानाहरू राष्ट्रिय सम्पत्ति अर्थात पूरै जनताको सम्पतिको रूपमा विकास गर्नेछ र आफनो देशमा नभएको पूँजीपतिवर्गलाई जन्माइ रहने कुरा गर्दैन ।

जहाँसम्म मजदूरवर्गको निर्माणको कुरो हो पूँजीपति वर्गको सम्पत्तिको रूपमा कारखाना खोलेर मात्र होइन, गैर पूँजीवादी तरिकाले कारखाना खोलेर पनि मजदूरवर्गको निर्माण हुनेछ । फरक यति हो कि पूँजीवादी व्यवस्थामा मजदूरवर्ग पूँजीपतिवर्गको दयामायामा उनीहरूको कामगरी मजदूरी कमाउने ज्यालादारी दासको रूपमा हुनेछ जसलाई पूँजीपति वर्गले आर्थिक सङ्कटमा पारी, उनीहरूको बस्ती उठाएर पठाई, पैसाको लोभ देखाई, डराई, धमकाई नभएमा जेलनेल र गोली ख्वाई आफनो कब्जामा राख्ने गर्छन् । यही कारण हो सयकडौँ वर्षदेखि पूँजीवादी प्रजातन्त्र आएको देशहरूमा आजसम्म समाजवाद आउन सकेको छैन ।

अर्कातिर गैर-पूँजीवादी बाटोबाट औद्योगिक विकास गर्दा नै देश र देशको उद्योग, कारखानाहरू र बगानहरूको मालिकको रूपमा मजदूरवर्ग बढ्नेछन् । जसले सिधै मार्क्सवाद लेनिनवादको चेतना लिएर छिटै अरू क्षेत्रहरूमा पनि समाजवाद ल्याउन एक अविभक्त शक्तिशाली दलको रूपमा विकास गरी अरू क्रान्तिकारी वर्गलाई पनि समाजवादी क्रान्ति पूरा गरी समाजवादी समाजको

निर्माणमा योग्यतापूर्वक नेतृत्व दिन सक्नेछन् ।

यहाँ एक सवाल उठाइन्छ, गैर-पूँजीवादी बाटोबाट देश विकास गर्नको लागि पूँजी कहाँबाट आउँछ ?

एक त हामीहरू आफ्नो निर्माणको सुरुको बेला केही हदसम्म निस्वार्थ मद्दत समाजवादी मुलुकहरूसँग आशा राख्न सक्तछौँ । अर्को हाम्रो देश विकासको निम्ति आर्थिक स्रोत हुनेछ- हाम्रो देशको माटो । हाम्रो देशमा करीब ३ करोड एकड आवादयोग्य जमीन छ, जसलाई वैज्ञानिक ढङ्गले खेती गरेको खण्डमा हामीलाई पूँजीको कुनै कमी हुने छैन । हाम्रो देशका खानीहरू, जङ्गल र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार पनि हाम्रो औद्योगिक विकासको निम्ति एक मजबूत आर्थिक स्रोत हुनेछ ।

जबसम्म हाम्रो देशमा सामन्ती या नवउपनिवेशवादी व्यवस्था रहनेछ, हाम्रो माटोले हाम्रो देश विकासको निम्ति चाहिने पूँजी दिने छैन र जति पूँजी निक्लन्छ, विदेश जानेछ ।

सोवियत संघ, जनवादी चीन र अन्य ठूला साना समाजवादी मुलुकहरूको आर्थिक इतिहासले स्पष्ट गर्दछ कि कसरी देशको आर्थिक विकास गर्ने हो, देश विकासको आर्थिक स्रोत के हो ।

चैंग कै शेकको पालामा चीनमा अमेरिकाले खुबै पैसा खन्याएको थियो, जसले वहाँ झन् झन् महङ्गी मात्र बढेर गयो । एक जोडा जूताको ५०,००० (पचास हजार) सम्म पर्थ्यो । सब्जी किन्नलाई एक ट्रक भरेर नोट लिएर जान पर्थ्यो । देश भने विकास भएन । जनताको जनवादी चीनमा अध्यक्ष माओको नेतृत्वमा चिनिया कम्युनिष्ट पार्टीले क्रान्ति पूरा गरे । सामन्ती व्यवस्था खतम गरे दलाल तथा नोकरशाही पूँजीलाई दफनाए, विदेशी पूँजीलाई निकालेर पठाए । चीनमा कहिँबाट पैसा आएन । उनीहरूले आफ्नो देशको उन्नतिको निम्ति मेहनत गरे, वैज्ञानिक ढङ्गले खेती गरे, अनि आफ्नो देशको उन्नति उत्तरोत्तर गर्दै गइरहेको छ ।

यस्तै उत्तर कोरिया लिउँ । यो एउटा सानै मुलुक हो । तर यसले पनि आफ्नो

उन्नति गरी आज आफनै खुट्टामा उभिएर अमेरिकी साम्राज्यवादलाई हाँक दिएर बसेको छ ।

पूर्वी जर्मनी हाम्रो जस्तो सानो मुलुक, सानो जनसंख्या, जो द्वितीय विश्वयुद्धमा चकनाचूर भएको थियो आज विश्वको एक प्रभावशाली तथा उन्नत मुलुकको रूपमा देखा परेको छ ।

सोवियत संघ जारशाहीको पालोमा के थियो ? महान् लेनिनको नेतृत्वमा १९१७ मा अक्टोबर क्रान्ति भयो र विश्वको एक छठा भागमा सर्वप्रथम मजदूरवर्गको राज स्थापना भयो । आज ६० वर्षभित्र सोवियत संघ के भइसक्यो ? कहिँबाट पैसा ल्याएर देश उन्नति गरेको होइन । जो गऱ्यो अनेक दुःख कष्ट सहेर आफ्नै देशको माटो कोरेर आफनै मेहनतले देश बनाएको हो । आज सोवियत संघ संसारको सबभन्दा शक्तिशाली राष्ट्रको रूपमा देखा परेकोछ र यसले संसारको सबभन्दा धनी पूँजीवादी मुलुक साम्राज्यवादी अमेरिकालाई थला बसाल्ने शक्ति हासिल गरेको छ ।

तसर्थ देश विकासको सवाल कहाँबाट पैसा आउँछ भन्ने सवाल होइन, व्यवस्थाको सवाल हो र राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था नै आज हाम्रो देशको निम्ति सबभन्दा उपयुक्त व्यवस्था हो, समाजवादी समाज निर्माणमा पहिलो खुडकिलो हो, "राष्ट्रिय प्रजातन्त्र" । "राष्ट्रिय प्रजातन्त्र जनताको जनवादी प्रजातन्त्र" को एक विकसित रूप हो । स्पष्टतः राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नु नै हाम्रो निम्ति एकमात्र बाटो हो ।

नेपालमा पूँजीवादी प्रजातन्त्रको जरूरत छैन । समाजवादी प्रजातन्त्र सम्भव छैन । हाम्रो निम्ति एउटै बाटो हो, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्न र हाम्रो राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गर्ने स्वतन्त्र राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नु हाम्रो देशको भौतिक स्थितिले यसै व्यवस्थाको माग गर्दछ । हाम्रो देशको सामाजिक, आर्थिक स्थितिले गर्दा हाम्रो देशको निम्ति सबैभन्दा अनुकूल व्यवस्था यही हो । हाम्रो देशको मजदूरहरू, किसानहरू मात्र होइन हाम्रो देशको शहरिया गरिबवर्ग, मध्यमवर्गहरू तथा देशभक्त सामन्तहरू र

राष्ट्रिय पूँजीपतिहरू सम्मको हित रक्षा गर्न सक्ने र सबैले बुझ्ने खालको व्यवस्था राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था नै हो ।

**राष्ट्रिय प्रजातन्त्र**

राष्ट्रिय प्रजातन्त्रलाई विभिन्न अर्थ लाउने गर्छन् तसर्थ “राष्ट्रिय प्रजातन्त्र“ के हो भन्ने कुरोमा यहाँ स्पष्ट गर्नु आवश्यक परेको छ । ६ जना अन्धो मानिसहरूले हात्तीलाई छोएर भने झैँ राष्ट्रिय प्रजातन्त्रलाई पनि विभिन्न मानिसहरू विभिन्न अर्थ लगाउँछन् । कसैले हात्तीलाई परखाल हो भन्दैमा यो परखाल (दीवार) भै जांदैन । न त कुनै अन्धोले हात्तीलाई ‘लट्ठा’ भन्दैमा यो लट्ठा हुने हो । हात्ती न परखाल हो, न लट्ठा हो न साँप हो, न त डोरी हो । अन्धो मानिसहरूले नै सम्पूर्ण हात्तीलाई हेर्न न सक्ता यसरी भन्न सक्तछन् ।

यस्तै राष्ट्रिय प्रजातन्त्रलाई पनि विभिन्न व्यक्तिहरूले विभिन्न तरिकाले व्याख्या गर्दछन् । राजाले भन्दछन, “मेरो हुकूमशाही व्यवस्था नै राष्ट्रिय प्रजातन्त्र हो” । कारण आफूभन्दा पर जान सत्तैन । बेलायतको राजाहरूको दृष्टि संसारमा क्रान्ति अघि बेलायतका राजाहरू पनि भन्ने गर्थे “मैं राज्य हूँ” । यस्तै राजाको भनाई हो, मैले चलाएको हुकुमशाही व्यवस्था नै “राष्ट्रिय प्रजातन्त्र” हो । कारण राजाले आफूलाई नै ‘राज्य सम्झन्छन्’ आफूलाई नै ‘राष्ट्र’ सम्झन्छन् । यही कारण हो राजाले आफूलाई विरोध गर्ने सबैलाई “अराष्ट्रिय तत्त्व” सम्झन्छन् । राजा नै राष्ट्र माने पछि राजालाई विरोध गर्नेहरू, राजाको मनमानी हुकुम नमान्नेहरू अराष्ट्रिय तत्त्व हुने नै भयो ।

पाटन बजारमा एउटा लडका थियो जसले घरको सम्पूर्ण असल चीज आफूले खाएर भन्थ्यो परिवारले खाए । स्पष्ट छ, त्यो लोभी लड्का नै परिवार होइन । परिवार सम्पूर्ण जहानहरू मिलेर बनेको हुन्छ । तसर्थ स्पष्ट छ, राजा स्वयं राष्ट्र होइन सम्पूर्ण जनता मिलेर राष्ट्र बनेको हुन्छ, तसर्थ सही मानेमा अराष्ट्रिय तत्त्व त्यो हो जसले जनताको सामूहिक हितको ख्याल नगरी आफ्नै दुनो सोझो गर्ने कुरो गर्दछ । यस मानेमा राजा “अराष्ट्रिय तत्त्व हो ।” कारण यो राजाको मातहतमा नेपालको तमाम जनता बर्बाद भएर गइरहेको छ ।

अर्कातिर पुष्पलालको भनाई छ, "पूँजीपति वर्गको नेतृत्वमा सम्पन्न हुने राजनीतिक व्यवस्था नै राष्ट्रिय प्रजातन्त्र हो ।" पुष्पलालको तथाकथित सिंहावलोकनको पन्ना ४२ को दोस्रो प्याराले पुष्पलालको यो भनाईलाई स्पष्ट गर्दछ ।

चीनमा चैंग के शेकले आफूलाई राष्ट्रवादी भन्दथ्यो र आज चैंग लाई नै "राष्ट्रवादी" सरकार हो भनी संसारका प्रतिक्रियावादीहरूले भन्ने गर्दछन् ।

पूँजीपति वर्ग र तिनका दलालहरू पूँजीपति वर्गलाई नै 'राष्ट्र' ठान्दछन् । उनीहरू पूँजीपतिलाई आईपरेको सङ्कटलाई 'राष्ट्रिय सङ्कट' मान्दछन् । गरिब जनता लाखौँको तादादमा मरेपनि उनीहरूले राष्ट्रिय अर्थ सङ्कट छ भनेर भन्दैन, जब पूँजीपतिहरूलाई केहि सङ्कट पर्दछ । उनीहरूले यसलाई "राष्ट्रिय सङ्कट" भयो भनेर भन्दछन् ।

पूँजीपति वर्गले देशभित्रका विभिन्न वर्गहरूको स्थितिलाई नजर अन्दाज गर्दछ । समाज विभिन्न वर्गहरूमा विभाजित छन् भन्ने कुरोलाई पूँजीपतिवर्ग बिर्साएर पठाउन चाहन्छन् । र अनि हचुआ रूपमा कुरा गरी पूँजीवादलाई नै राष्ट्रवाद भन्दछन् । र जसले पूँजीवादको विरोध गर्दछन् उनीहरूलाई "अराष्ट्रिय तत्त्व" भन्ने गर्दछन् । मानेमा पुष्पलालको व्याख्या अर्थात् "राष्ट्रिय प्रजातन्त्र पूँजीपतिवर्गको नेतृत्वमा सम्पन्न हुने राजनैतिक व्यवस्था हो" भन्नु पूँजीवादी व्याख्या हो र यस मानेमा पुष्पलालको राजनीतिक सम्झदारी एउटा पूँजीवादी राजनीतिक सम्झदारी नै भन्नु पर्छ : पुष्पलालजीले राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिलाई कहिले सिधै नेपाली काँग्रेसलाई समर्थन गरी नेपाली काँग्रेसलाई मान्य राजनीति नै हाम्रो राजनीति हुनुपर्छ भनी पार्टीमा झगडा मचाए भने कहिले यसलाई पूँजीपति वर्गको नेतृत्ववा सम्पन्न हुने व्यवस्था हो भनी राष्ट्रिय प्रजातन्त्रप्रति भ्रम दिएर जनतालाई अल्मल्याउने काम गरे । पुष्पलालको राजनीतिक व्याख्याले पूँजीवादी विचारधाराकै प्रतिनिधित्व गरेको छ । अनि कुनै आश्चर्य छैन कि वहाँले आफ्नो तथाकथित सिंहावलोकनको पहिलो दुई अध्यायहरूमा पूँजीवादी प्रजातन्त्रलाई नै "नयाँ जनवाद" नाम दिएर "पूँजीवादी प्रजातान्त्रिक" क्रान्तिलाई नयाँ

जनवादी क्रान्ति भन्ने गरेकोछ र यसरी पूँजीवादी प्रजातन्त्र स्वीकार गराउने र पूँजीवादी प्रजातान्त्रिक क्रान्तितिर आम जनतालाई लैजान भूमिका बाँधेका छन् । यस प्रयासमा सफल हुनको निम्ति वहाँले तोडमरोड गरी महान लेनिन र का. माओलाई अगाडि ल्याएका छन् ।

यसरी भूमिका बाँधी वहाँले आफनो तथाकथित "नयाँ जनवादी कार्यक्रम" मा पूँजीवादलाई विकास गर्न दिने योजना बनाएका छन् । र खूंखार सामन्तहरूलाई समेत पूँजीवादी वर्गमा परिणत गरी पूँजीवादको जग मजबूत गर्ने कार्यक्रम पेश गरेका छन् । पुष्पलालजीको नयाँ जनवादी कार्यक्रमको पन्ना ४५ मा दिएका बुँदाहरू (५) र (६)ले यस कुरोलाई स्पष्ट गर्दछ ।

तसर्थ आश्चर्य छैन कि पुष्पलालजीले "राष्ट्रिय प्रजातन्त्रलाई" पूँजीपतिवर्गको नेतृत्वमा सम्पन्न हुने व्यवस्था मानेर पूँजीवादी विचारधारा अनुसार "पूँजीपति वर्ग" लाई नै "राष्ट्र" मानेका छन् ।

स्पष्ट छ, तमाम जनता नै "राष्ट्र" हो र "पूँजीपति वर्ग" स्वयं राष्ट्र होइन, तसर्थ "राष्ट्रिय प्रजातन्त्र पूँजीपति वर्गको नेतृत्वमा सम्पन्न हुने राजनीतिक ' व्यवस्था होइन ।" अर्कातिर का. मनमोहनले पनि यस्तै अर्थ लगाएको बुझिन्छ र वहाँको भनाई छ "राजाको बुनियादी नीतिहरू राष्ट्रिय प्रजातन्त्र अनुकूल छ ।" यसरी डा. माझीले झै वहाँले पनि राजालाई सँगाएर नेपालको समाज व्यवस्थामा परिवर्तन ल्याउने कल्पना गर्नुहुन्छ । न राजालाई सँगाएर यो राष्ट्रिय प्रजातन्त्र आउनेछ, न त नेपाली काँग्रेसको पिछलग्गू भएर पूँजीवादी प्रजातन्त्र स्थापना गरेर न राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने बाटो खुल्नेछ ।

माथि नै चर्चा भइसकेको छ कि सम्पूर्ण जनता मिलेर नै राष्ट्र बनेको हुन्छ । तसर्थ जनताको स्वार्थको विरोधमा खडा हुने कुनै व्यवस्था राष्ट्रिय व्यवस्था भन्न सकिन्न । तसर्थ मजदूर किसानलगायत तमाम मेहनतकश जनताको स्वार्थलाई प्रतिनिधित्व गर्ने प्रजातन्त्र नै राष्ट्रिय प्रजातन्त्र हो । मार्क्सवाद-लेनिनवादले ती वर्गहरू र तत्त्वहरूलाई राष्ट्रिय भनेर मान्न सक्तैन जसले मजदूर किसान लगायत सम्पूर्ण जनताको स्वार्थको प्रतिनिधित्व गर्दैन र मेहनतकश जनतामाथि शोषण र दमन कायम राख्ने काम गर्दछ । तसर्थ

साम्राज्यवादीहरू र साम्राज्यवादका दलाली गर्नेहरू, नवउपनिवेशवादीहरू, सामन्ती शोषकहरू र प्रतिक्रियावादीहरू जसले आजसम्म जनतालाई सताएर दबाएर आएका छन् ती वर्गहरू अथवा व्यक्तिहरू र यो निरंकुश तानाशाहका खानदानहरू लगायत तमाम शोषकहरू र अत्याचारिहरूलाई राष्ट्रिय भनेर मान्न सकिन्न । मेहनतकश जनतालाई अथवा वर्गहरूद्वारा संयुक्त रूपले शासित व्यवस्था नै राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था हो । यस व्यवस्थाको सफलता र यहाँबाट दोस्रो खुड्किलोमा समाजवादमा जानको निम्ति राष्ट्रिय प्रजातन्त्रमा सर्वहारावर्गको नेतृत्व अति जरूरी छ, कारण सर्वहारावर्ग नै यस्तो वर्ग हो जसले अरु वर्गहरूको पनि पीरमर्का बुझेको हुन्छ र यसै निम्ति तमाम क्रान्तिकारी वर्गहरूको स्वार्थको प्रतिनिधित्व गर्दै क्रमशः समाजवादमा संक्रमणको बाटो देखाउन सक्तछ ।

यसै निम्ति सर्वहारावर्गद्वारा नेतृत्व गरिएको तथा मजदूर किसान लगायत तमाम क्रान्तिकारी वर्गहरूद्वारा संयुक्त रूपले शासित प्रजातान्त्रिक व्यवस्था नै राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था हो र यसले साम्राज्यवाद, साम्राज्यवादका दलालहरू र नवउपनिवेशवादीहरूलाई देशबाट जडमूल उखालेर पठाउनको साथै सामन्ती शोषकहरूको जडमूल उखाल्नको साथै र सामन्ती तत्त्वहरू देशका प्रतिक्रियावादी तत्त्वहरू माथि हुकम चलाउँछ ।

राजाको एकतन्त्री हुकूमतको जडमूल उखालेर नै यो राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था स्थापना हुनेछ । यो नयाँ किस्मको प्रजातन्त्र हो । यसै निम्ति यो "नयाँ जनवादी प्रजातन्त्र" पनि हो । यसले जनताको पक्ष लिंछ, यसै निम्ति यो "जनवादी प्रजातन्त्र" पनि हो । तर आज साम्राज्यवादीहरूले खुलारूपले अर्काको देशमा कब्जा गरी सिधै आफैले शासन चलाउने सम्भावना नदेख्दा ती देशभित्रका दलालहरू खडा गरी उनीहरूको मार्फत् हाम्रो देशमाथि कब्जा गरी नवउपनिवेशवाद खडा गरी हाम्रो देशमाथि शोषण र दमन कायम राख्ने जुक्ति निकाल्दै छन् । यसै निम्ति राष्ट्रिय प्रजातन्त्रले साम्राज्यवाद मात्र होइन नवउपनिवेशवादप्रति पनि सतर्क हुनको निम्ति राष्ट्रियतामा जोड दिई आफूलाई "राष्ट्रिय प्रजातन्त्र" भन्ने गरेको हो ।

साथै राष्ट्रिय प्रजातन्त्रको नयाँ लक्षण "गैर पूँजीवाद" हो । अर्थात् राष्ट्रिय प्रजातन्त्रले हाम्रो जस्तो पिछडिएको देशमा पूँजीवादको विकास गर्न दिनु कुनै आवश्यक ठान्दैन । यसले साम्राज्यवाद नवउपनिवेशवाद तथा सामन्तवाद विरोधी राष्ट्रिय पूँजीपतिवर्गसँग संयुक्त मोर्चा बनाउन मन्जूर गर्दा गर्दै पनि नभएको पूँजीपति वर्ग बना'उने र उनीहरूको विकास गर्नपर्ने कुनै आवश्यक ठान्दैन । निश्चय पनि राष्ट्रिय प्रजातन्त्र उनीहरूको व्यापारी पूँजी अथवा सानातिना कारखाना र व्यापारहरू पनि राष्ट्रियकरण गर्ने कुरा गर्दैन, बरू उनीहरूको कारखानाहरूलाई विदेशी पूँजीको होडबाट बचाएर उनीहरूलाई चाहिने सुविधाहरू दिई उनीहरूको कारोबार सफल बनाउनमा मदत गर्नेछ । नेपालमा पूँजीको विकास भई नसकेकोले हाम्रो देशको राष्ट्रिय पूँजीपतिहरूले भारी उद्योगहरू मात्र होइन, मध्यम अथवा हल्का कारखानाहरू जस्तै कपडा मील, चिनी मील इत्यादि पनि आफनो पूँजीले स्वतन्त्र रूपले चलाउन सकने स्थितिमा छैन । तसर्थ घरेलु र कुटिर उद्योग छोडी ठूलठूला कारखानाहरू, मध्यम र हल्का कारखानाहरू पनि पूँजीपतिवर्गको हातमा छोडने जरूरत छैन र यस्ता तमाम कारखानाहरू हाम्रो राष्ट्रको (तमाम जनताको) सम्पत्तिको रूपमा खडा गरेर जानु आवश्यक छ ।

नयाँ जनवादी गुटहरू सबैजसोको कार्यक्रममा राष्ट्रिय पूँजीको विकासको नाउँमा पूँजीवादको विकासमाथि नै जोडदिएको पाइन्छ । उनीहरूको अनुयायीहरूको भनाई अनुसार यो अस्थाई हो ।

सवाल छ, के पूँजीवाद धुम्रकेतु (लामपुच्छ्रे तारा) झन् एक पटक आएर फेरि बिलाएर जाने हो ? एक त पूँजीवादलाई स्थापना गर्नको निम्ति नै ५-१० वर्ष लाग्छ । अनि के स्थापना भई सक्ने बित्तिकै यसलाई खतम गर्ने हो अथवा यसलाई अझ विकास गर्न दिने हो ? पूँजीवादी विकासहरू यता खडा गऱ्यो उता बिगारेर पठाउने काम हुँदैन । यसैकारण उनीहरूको कार्यक्रम अनुसार यसलाई विकास गर्न दिनु पऱ्यो । अनि एकचोटि विकास भइसकेको पूँजीवादी व्यवस्था सजिलैसँग लोप भएर जाने कुरा गर्दैन । बरु उनीहरूले विश्व प्रतिक्रियावादको मद्दतले प्रतिक्रान्ति गरेर पनि आफूलाई जिउँदो राख्ने हो ।

नभएको पूँजीपतिलाई जन्माइ रहँदा साँप नभएको ठाउँमा अजगर र गहुमन साँप पालेर हुर्काएर बलियो पारी योसँग लडेर फेरि नष्ट गरौँ भने जस्तो हो। याद गर्नु पर्ने कुरो हो पूँजीपतिवर्ग ती साँपहरूभन्दा पनि चलाक, चुस्त र डरलाग्दो जनावर हो।

यसै निम्ति बेस यो हुन्छ कि नभएको पूँजीपतिवर्गलाई जन्मन नै नदेऊ। यसै निम्ति नभएको पूँजीपति वर्गलाई जन्माई रहने कुनै पनि जरूरत छैन।

अर्कातिर यो सोच्नु कि देशमा मौजूद सम्पूर्ण सानातिना कारखानाहरू र दुकानहरू पनि राष्ट्रियकरण गरी एकैचोटी समाजवादी व्यवस्था स्थापना गर्न खोज्नु वामपन्थी दुस्साहसवाद सावित हुनेछ। मार्क्सले सिकाएको छ मानिसको चेतनाले समाज बन्दैन अर्थात् मानिसले जे चाह्यो उही समाज तुरुन्त स्थापना गर्न सकिन्न, मार्क्सको भनाई छ- "मानिसको सामाजिक स्थितिले मानिसको चेतनालाई निर्धारित गर्दछ।" हाम्रो देशमा नवउपनिवेशवादी र सामन्ती समाज छ यसै निम्ति यहाँ मानिसको चेतना निम्न-पूँजीवादी छ। यसै निम्ति यहाँ तुरन्त समाजवादी व्यवस्था स्थापना हुन सक्तैन। समाजवादी चेतना वहाँ उत्पन्न हुन सक्छ जहाँ ठूलठूला उद्योगहरू, बगानहरूको स्थापना भएको हुन्छ। यसै निम्ति हाम्रो देशमा समाजवादी व्यवस्था स्थापना गर्नभन्दा अगाडि औद्योगिक विकासको जरूरत छ।

यो औद्योगिक विकास दुई तरिकाले हुन सक्छ। (क) व्यक्तिगत पूँजीलाई बढावा दिएर अथवा (ख) गैरपूँजीवादी तरिकाले राष्ट्रिय सम्पत्तिको रूपमा औद्योगिक विकास गरेर।

(क) पहिलो बाटोले हाम्रो अगाडि एक नयाँ चलाक, चुस्त र शक्तिशाली दुश्मन पैदा गर्दछ भने (ख) दोस्रो बाटोले यो नयाँ दुश्मन पैदा गर्न नदिई औद्योगिक विकास गरी समाजवादको निम्ति चाहिने भूमि तयार गर्ने छ र हाम्रो देशमा दोस्रो खुड्किलोमा छिटो समाजवादी व्यवस्था स्थापना भई जानेछ।

जहाँसम्म सानातिना कारखानाहरू र कारोबारको सवाल छ ती कारखानाहरू र कारोबारहरू पूँजीवादी व्यवस्थाअन्तर्गत मत्स्यन्यायको चक्करमा ठूलठूला पूँजीको

होडमा टिक्न नसकी दिवालिया भएर उडेर जानेछ भने समाजवादी व्यवस्था अन्तरगत ती कारखानाहरू र कारोबारहरू व्यवस्थित रूपले सहयोगी संस्थाहरू, समाजवादी उद्योगधन्धाहरू र कारोबारमा गाभिएर जानेछ र अन्ततोगत्वा पूर्णरूपले समाजवादी समाज स्थापना हुनेछ ।

अनि प्रतिक्रियावादी सामन्तहरूको खेत खोसी खेत नपुग्ने किसानहरूलाई वितरण गर्ने र किसानहरूलाई ऋणबाट मुक्त गर्ने कार्य राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको दौरान हुनेछ । सामन्तवर्गको खेत खोस्रनको मतलब डाक्टर, मास्टर, प्रोफेसर, सानातिना व्यापारीहरू अथवा कर्मचारीहरू जस्तो क्रान्तिकारी तत्त्वहरूको आफनो जहान पाल्न पुग्नेसम्मको खेत पनि खोसेर किसानलाई दिने कुरो आउँदैन । कारण उनीहरू हाम्रो राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको दौरान मजदूर किसान र आम मेहनतकश जनताको दोस्त हुन् र एक मानेमा डाक्टर, मास्टर, प्रोफेसर, लेखक र कलाकारहरूको काम पनि मजदूरी नै हो उनीहरूको खेतसँग सम्बन्ध र धन सम्पत्ति कमाउने लालसाले गर्दा भने उनीहरूलाई पूरै मजदूर हो भनेर भन्न सकिन्न । उनीहरू पूर रूपले मजदूर नभएपनि मजदूरवर्गको दोस्त हुन् र हाम्रो राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको साझेदार हुन् । यसै निम्ति राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको दौरान उनीहरूको जमीन पनि खोसने कार्य गरिन्न र उनीहरूलाई पनि राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिमा सरीक गराइन्छ ।

राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिले सामन्ती व्यवस्था खत्तम गरी प्रतिकियावादी सामन्तहरूको जमीन विना मुआब्जा खोसी खेतहीन तथा खेत नपुग्ने किसानहरूलाई मुफ्त वितरण गर्नाको साथै ती प्रतिक्रियावादी सामन्तहरूमाथि आम जनताको अगाडि मुकदमा चलाएर जनताको निर्णयअनुसार उचित दण्ड दिइनेछ र यस्तो सामन्तहरूलाई मतदान गर्ने र चुनावमा खडा हुने अधिकारबाट बञ्चित गरिनेछ । यस्तो सामन्तहरूलाई पुष्पलालले चाहे झैं पूँजीपतिवर्गमा परिणत गरी हाम्रो देशको कलकारखानाहरूको मालिक बनाइरहने कुनै जरूरत छैन ।

हाम्रो देशमा व्यक्तिगत रूपले तटस्थ सामन्तहरू र कुनै कुनै देशभक्त

सामन्तहरू पनि देखिन्छ । यस्तो सामन्तहरूमाथि जनताले मुकदमा चलाउने र दण्ड दिने सवाल आउदैन र उनीहरूलाई राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था अन्तरगत यथायोग्य कामको जिम्मा दिई यस व्यवस्थामा समावेश गरिलिन सकिन्छ । हाम्रो देशको सामाजिक विकासमा अडंगा नलाउञ्जेल यस तबका सामन्तहरूलाई शान्तिपूर्ण तरिकाले क्रमशः नयाँ समाजमा समावेश गरि लिन सकिन्छ ।

राष्ट्रिय प्रजातन्त्रले सामन्ती व्यवस्था खत्तम गर्नाको साथै कुनै पनि साम्राज्यवादी अथवा नवउपनिवेशवादी अवशेषलाई राख्ने छैन ।

यसरी देशका मुख्य शोषक र अत्याचारीहरू र गाउँघरको जाली झेलीहरूको जडमूल उखेली राष्ट्रिय प्रजातन्त्रले तमाम मेहनतकश जनताको निम्ति सही मानेमा प्रजातान्त्रित अधिकारको उपभोग गर्न दिनेछ । यसै निम्ति राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था मजदूर किसानदेखि लिएर मध्यमवर्गहरू तथा राष्ट्रिय पूँजीपतिवर्गसम्मको हितको रक्षा गर्ने प्रजातान्त्रिक व्यवस्था हो ।

राष्ट्रिय प्रजातन्त्र न पूँजीवादी प्रजातन्त्र हो, न त यो समाजवादी व्यवस्था नै हो, यो नयाँ प्रकारको प्रजातान्त्रिक व्यवस्था हो जसले सही मानेमा सम्पूर्ण राष्ट्रको स्वार्थको प्रतिनिधित्व गर्दछ र दोस्रो खुड्किलोमा समाजवादी समाजको निर्माण गर्दछ, र यस समाजवादी समाज निर्माण गर्ने कार्यमा बाधक हुने तत्त्वहरूलाई क्रान्तिकारी ढङ्गले सामना गरेर अगाडि बढनेछ र सही ढङ्गले समाजवादको स्थापना गर्दछ ।

सर्वहारा वर्गको नेतृत्वमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी सर्वहारावर्गकै नेतृत्वमा यथासमय राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिबाट समाजवादी क्रान्तिमा संक्रमण गरिन्छ, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति समाजवादी क्रान्तिको निम्ति नभै नहुने तयारी हो र समाजवादी क्रान्ति राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको नभै नहुने फल हो । राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरेर नै समाजवादी क्रान्ति पनि सम्भव हुनेछ र राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति जति गहिरो रूपमा जानेछ, समाजवादी क्रान्तिको निम्ति उत्तिकै राम्रो स्थिति तैयार हुनेछ ।

संशोधनवादीहरूको उद्देश्य हो उत्पीडित राष्ट्रलाई साम्राज्यवादको विरुद्धको सङ्घर्षबाट हटाएर राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिमा अडंगा हाली साम्राज्यवाद र प्रतिक्रियावादको सेवा गर्नु । दक्षिणपन्थी औसरवादी या संशोधनवादीहरू यसलाई असफल पार्न कहिले दक्षिणपन्थी संशोधनवादी नारा दिन्छन् भने कहिले हेर्दाखेरि वामपन्थी नारा दिई फेरि पनि राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति असफल पार्न अनेक अडंगा हाल्ने काम गर्दछन् । कामरेड स्तालिनले भने झैं हाम्रा दुश्मनले जब दाहिनाबाट हमला गरी असफल हुन्छ भने बायाँ (वामपन्थी) बाट हिर्काउछन् । साम्राज्यवाद, प्रतिक्रियावाद र नोकरशाही पूँजीपतिवर्गका दलालहरू जसरी भए पनि राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति असफल पार्न चाहन्छन् । न दक्षिणपन्थी संशोधनवादले यसलाई सफल हुन दिनेछ न त वामपन्थी औसरवादले यसलाई सफल हुन दिनेछ । सही सिद्धान्तमा आधारित मजबूत क्रान्तिकारी पार्टीले नै यसलाई सफल पार्न सकने छ । राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति जनताको क्रान्ति हो, यसै निम्ति जनताबाट अलग भएर होइन, सही ढङ्गले जन सङ्घर्षलाई बढाएर नै यस क्रान्तिले व्यापक जनक्रान्तिको रूप लिनेछ र यस जनआन्दोलनहरूको दौरानमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको सफलताको निम्ति सैद्धान्तिक, राजनैतिक तथा सङ्गठनात्मक क्षेत्रमा निरन्तर रूपले पार्टीले तैयारी गर्दै जान आवश्यक छ र क्रान्तिको अगाडि आफ्नो शक्तिलाई सही ढङ्गले सञ्चित गरिलिन आवश्यक छ । यसरी नै दुश्मनको चाललाई तहसनहस पारी मजबूतीको साथ दुश्मनको सामना गरी राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पनि सफल पार्न सकिनेछ ।

यो प्रजातन्त्र सर्वहारावर्गको नेतृत्वमा तमाम क्रान्तिकारी वर्गहरूद्वारा संयुक्त रूपले शासित नयाँ किसिमको प्रजातान्त्रिक व्यवस्था हो ।

१९६० सम्ममा एशिया, अफ्रिका, लैटिन अमेरिकाको अनुभवबाट सिकेर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले "नयाँ जनवाद", या "जनवादी प्रजातन्त्र" को विकसित रूपमा "राष्ट्रिय प्रजातन्त्र" लाई अगाडि ल्याएको छ । "नयाँ जनवाद" या "जनवादी प्रजातन्त्र" जस्तै "राष्ट्रिय प्रजातन्त्र" सर्वहारावर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा तमाम क्रान्तिकारीवर्गहरूलाई एकजूट

गरी देशीय सामन्तवाद, विश्व प्रतिक्रियावाद, विदेशी साम्राज्यवादको विरोधमा क्रान्ति पूरा गर्ने गरी स्थापना गरिने प्रजातान्त्रिक व्यवस्था हो ।

तर राष्ट्रिय प्रजातन्त्रले यस बाहेक विभिन्न अविकसित देशहरूमा नदेखिने गरी आफनो कब्जा जमाउने नवउपनिवेशवादप्रति पनि सजग रहनाको निम्ति राष्ट्रियतामा पनि जोड दिन्छ, र साथै यसले नयाँ जनवाद या जनवादी प्रजातन्त्रले झै राष्ट्रिय पूँजीपतिवर्गको नाममा पूँजीवादलाई बढावा दिने गर्दैन ।

नयाँ जनवाद या जनवादी प्रजातन्त्रमा मूल उद्योग र मातृउद्योगहरू मात्र राष्ट्रियकरण गरी अरू उद्योगहरू राष्ट्रिय पूँजीपतिहरूको हातमा छोडने कुरा गर्छ र यसरी केहि हदसम्म पूँजीवादलाई प्रोत्साहित गर्ने काम गर्दछ ।

तर मंगोलिया, सोवियत संघ भित्रको अन्य अविकसित एशियाली देशहरूको अनुभव, क्यूवा तथा अन्य मुलुकहरूको अनुभवले यो देखाए कि अविकसित देशहरूमा एक पटक फेरि पूँजीवादको विकास गरिरहने जरूरत छैन । नेपाल जस्तो पिछडिएको सानातिना मुलुकहरूले पूँजीवादी विकासको कुरा गर्नु नवउपनिवेशवादको ढोका खोल्नु हो ।

आज संसारमा एक मजबूत समाजवादी खेमा स्थापित भइसकेको छ । यस नयाँ स्थितिमा आज अविकसित देशहरूमा पूँजीवादलाई नाधेर गैर पूँजीवादी तरिकाले देश विकास गरी सिधै समाजवादमा प्रवेश गर्न सकिन्छ । जति गहिरो रूपमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा हुनेछ समाजवादको निम्ति उत्ति नै राम्रो भूमि तैयार हुनेछ । यसै निम्ति राष्ट्रिय प्रजातन्त्रलाई समाजवादमा जाने पूल भनिन्छ ।

आज नेपाली जनताले राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरेर नै आफ्नो देशको राष्ट्रियता, सार्वभौमिक सत्ताको रक्षा गरी सम्पूर्ण मेहनतकश जनतालाई देशको प्राकृतिक साधनहरूको मालिक बनाएर नजानेको काम सिकाएर, जानेको काम गरी जनताले आ-आफ्नो मेहनतको फल भोग्ने अधिकार प्राप्त गर्ने छ । सम्पूर्ण जनताको विभिन्न समस्याहरू समाधान गरी देशलाई उत्तरोत्तर विकास गरी उनीहरूको जीवन निरन्तर रूपले ऊँचा उठाउन सकिने छ ।

## आम सिद्धान्त

राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था नेपालमा समाजवादी व्यवस्थाको पहिलो खुड्किलोको रूपमा स्थापित हुनेछ । राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाले नेपाली जनतालाई सर्वप्रथम देश र देश भित्रका तमाम प्राकृतिक साधनहरूको मालिकको रूपमा स्थापना गर्दछ ।

आदिम साम्यवादपछि आजसम्म नेपाली जनतालाई काम गरी खाने साधनबाट वञ्चित गरी सामन्ती शोषक र पूँजीवादी शोषकहरू तथा साम्राज्यवादीहरूले आम मेहमतकश जनतालाई एक न एक रूपमा आफनो दासको रूपमा व्यवहार गरिआएको छ । आफनो देशमा काम गरी खाने साधनको अभाव, गाउँ पहाडमा चलेको सामन्ती शोषण दमन र सूदखोरी इत्यादिले गर्दा नै नेपाली जनता आफ्नो देशमा बस्न नसकी विदेशिन परेको हो र यो अवहेलनापूर्ण जीवन बिताउनु परेको हो । आज सम्म नेपाली जनतालाई आफ्नो देश र आफनो देशमा प्राप्य खानी, खेत, कलकारखानाहरू इत्यादिलाई आफ्नो भन्न नपाई अनेक दु:ख र कष्टको जीवन बिताउन परेको छ ।

तसर्थ पहिलो सवाल हो नेपाली जनतालाई आफ्नो देश र आफ्नो देशमा पाइने प्राकृतिक साधनहरू, खानी, खेत, बगानहरू र उद्योग कलकारखानाहरू र अरु काम गरी खाने साधनहरूको मालिक बनाउन देशबाट प्रतिक्रियावादी सामन्ती व्यवस्थालाई उखाली, साम्राज्यवादी र नव उपनिवेशवादी प्रभाव तथा विदेशी एकाधिकार पूँजी र नोकरशाही पूँजीबाट मुक्त गरी एक नयाँ समाजको निर्माण गर्नु, जुन व्यवस्थाको मालिक स्वयं नेपाली जनता हुनेछ ।

यो व्यवस्था पूँजीपति वर्गद्वारा शासित पूँजीवादी प्रजातन्त्र नभइकन सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा साम्राज्यवाद, नवउपनिवेशवाद, सामन्तवाद र नोकरशाही पूँजीवाद विरोधी तमाम क्रान्तिकारी वर्गहरू र पार्टीहरू तथा व्यक्तिहरूद्वारा संयुक्त रूपले वासित प्रजातान्त्रिक व्यवस्था हुनेछ ।

यसले साम्राज्यवाद विरोधी, नवउपनिवेशवाद विरोधी, सामन्त विरोधी तमाम

राजनीतिक पार्टीहरू, जनवर्गसङ्गठन एक संस्थाहरू र व्यक्तिहरूको कदर गरी राष्ट्रिय प्रजातान्त्रिक मोर्चा गठन गर्नेछ र देशको शासन व्यवस्थामा उनीहरूको सहयोग प्राप्त गर्ने छ, देश निर्माणमा उनीहरूको सलाह र सहयोगको कदर गर्नेछ ।

यस व्यवस्थाले देशको तमाम जनतालाई कामको गारेण्टी गर्ने, उनीहरूको जीवन सुनिश्चित गर्ने, बुढेसकालमा आरामको जिन्दगी बिताउने, केटाकेटीहरू तथा नवयुवकहरूको निम्ति पठन-पाठन र कला-कौशल, विज्ञान इत्यादिको तालिम प्राप्त गर्ने, बिरामी तथा असक्तको देखभाल गर्ने र महिलाहरूले राजनीतिक आर्थिक, सांस्कृतिक, शैक्षिक, सामाजिक जीवनमा पुरुष सरह अधिकार प्राप्त गर्ने र उनीहरूको गर्भावस्था र सुत्केरीको वेला चाहिँदो मदत गर्ने कुराहरूको इन्तजाम गर्नेछ ।

राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाले ती तमाम जनतालाई जातीय भेदभाव, धार्मिक भेदभाव नगरिकन समान अधिकार प्राप्त जनता सम्झने छ । नेपालभित्र बसोबास गरेर आएका अथवा नेपालभित्र चलेको हजारौँ वर्षको सामन्ती शोषण, दमन र साम्राज्यवादी उत्पीडनले गर्दा जसले अथवा जसको पुरखाहरूले नेपालमा बस्न नसकी आफ्नो जीविका चलाउन नेपाल छोडी विदेश लागेर अनेक काम गरी आफ्नो जीविका चलाउन बाध्य भएका छन् र जसले नेपाललाई आफ्नो मातृभूमि र नेपाली जनतालाई आफ्नो भाइबन्धुको रूपमा देख्न छोडेका छैनन् र जो नेपालमा बसेर सबै जनतासँग मिली देशको उन्नति गरी नेपाल र नेपाली जनताको गौरव बढाउने पक्षमा छन् ती तमाम नेपालीहरूलाई आफ्नो देशको समान अधिकार प्राप्त नागरिक सम्झिनेछन् ।

नेपालको तमाम जनता, जसले साम्राज्यवाद, नवउपनिवेशवाद, विदेशी पूँजी र सामन्तवादको दलाली गर्दैन, यस राज्य व्यवस्थामा समान हक र सुविधा प्राप्त नागरिक बन्नेछ । एक मानिस र अर्को मानिसको बीच कुनै भेदभाव नराखी सबैको समान अधिकारलाई व्यावहारिक रूप दिलाउनेछ र सबैको निम्ति योग्यतानुसार कामको प्रबन्ध गरी काम अनुसार तलब, ज्याला र आम्दानीको बन्दोबस्त गरी मानिसले मानिसमाथिको शोषण र दमनलाई खतम गर्नेछ ।

यस व्यवस्थाले पूँजीवादी शोषण व्यवस्थालाई प्रोत्साहन दिने सट्टा पूँजीवादलाई नाघेर समाजवादतिर अगाडि बढ्नेछ । सामन्ती व्यवस्था खतम गरी किसानहरूलाई खेतको मालिक बनाउनेछ, उनीहरूलाई ऋणबाट मुक्त गर्नेछ। देशको खानी, बगान र (घरेलु, कुटीर र सहयोगीस्तरको बाहेक) तमाम कल कारखानाहरू तमाम जनताको सामूहिक सम्पत्तिको रूपमा विकास गरिनेछ ।

जनताको विचार स्वतन्त्रता, भाषण, छापाखाना, सभासङ्गठनको स्वतन्त्रतालाई गारेण्टी गरिनेछ । मानिसहरूको धार्मिक स्वतन्त्रतामा हस्तक्षेप गरिनेछैन । मनुष्यतामा आधारित तथा मानव मानवमा विश्वास, सद्भावना, प्रेम बढाउने र जनतामाथिको शोषण, दमन र अत्याचारको विरोध गर्ने धर्ममाथि कुनै हस्तक्षेप गरिने छैन ।

तमाम प्रतिक्रान्तिकारीहरू, सामन्तवाद, नवउपनिवेशवाद र विदेशी एकाधिकार पूँजीका दलालहरूको राष्ट्रघातक कारवाईमाथि प्रतिबन्ध लगाइने छ। भूमिसुधार गर्दा डाक्टर, मास्टर, प्रोफेसर, सानातिना व्यापारीहरू, निम्न वैतनिक सरकारी कर्मचारीहरू र मजदूरहरू र काम नपाएका शहरिया मध्यमवर्ग तथा गरिब जनताको जीवनको ख्याल राखी उनीहरूको सालभरसम्मको साधारण खर्च पुग्ने खेत छुने छैन । यस्तै देशभक्त सामन्तहरू जो साम्राज्यवाद, प्रतिक्रियावादको विरोधमा छन् र सामन्ती व्यवस्था खतम गर्नमा मन्जूर गरी समयको तकाजालाई चिनी समाज विकासमा अडंगा हाल्दैनन् उनीहरूको जीवन पनि औद्योगिक विकास गरी सुनिश्चित नगर्न सकुन्जेल उनीहरूको जमीन पनि डाक्टर मास्टर सरह छोइने छैन ।

यसको मतलब यिनीहरूको शोषण स्थायी रहनेछ भन्ने होइन। देशको तमाम जनताको जीवन सुनिश्चित गर्ने सामाजिक सुरक्षाको वृद्धिको साथै उनीहरूको जमीनबाट प्राप्त हुने उब्जाको अंशको मात्रा किसानहरूको भागमा बढ्दै जानेछन् र सामाजिक सुरक्षाको राम्रो प्रबन्ध भएपछि उनीहरूको जमीनको सम्पूर्ण उपज मेहनतकश किसानहरूको मेहनत अनुसार किसानहरूमा बाँटिने छन् । तटस्थवादी सामन्तहरू जसले क्रान्तिकारीहरूलाई धोखा दिँदैन र क्रान्तिको विरोध गर्दैन उनीहरूलाई पनि राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था

अन्तरगत यथायोग्य समावेश गरी लिइने छ ।

तमाम जनताको संयुक्त ताकतले आफ्नो देशको स्वतन्त्रता, सार्वभौमिकताको सुरक्षा गरिनेछ ।

विश्वका तमाम ती देशहरूसँग, जो नेपालसँग समानताको व्यवहार गर्दछ, मित्रताको व्यवहार गर्नेछ । ती सबै देशहरूसँग मित्रताको सम्बन्ध रहने छ । रूस, चीन लगायत तमाम समाजवादी मुलुकहरूसँग सौहार्दपूर्ण भाइचारा सम्बन्ध राखिनेछ । छिमेकी भारतसँग पनि आपसी सद्भावना र समानताको आधारमा सौहार्दपूर्ण सम्बन्ध राखिनेछ ।

राष्ट्रिय प्रजातान्त्रिक नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति र प्रजातन्त्रको पक्ष लिनेछ र साम्राज्यवाद तथा नवउपनिवेशवादको विरोध गरी स्थायी विश्वशान्तिको निम्ति निरन्तर प्रयास गर्नेछ ।

## राष्ट्रिय प्रजातन्त्र र अन्तरराष्ट्रवाद

राष्ट्रिय प्रजातन्त्रले राष्ट्रियता, राष्ट्रिय सार्वभौमिकता, राष्ट्रिय स्वतन्त्रतामाथि जोड दिएको छ । आजको स्थितिमा नेपाल र नेपाली जनताको विकासको निम्ति नेपाली जनतामा राष्ट्रिय भावना जगाउन अति जरुरी छ । आज छिन्न–भिन्न भइरहेको नेपाली समाजलाई राष्ट्रिय भावनाले नै एकसूत्रमा बाँधिनेछ ।

कसै कसैको भनाई छ “राजा राष्ट्रिय एकताको प्रतीक हो ।” साच्चै भन्ने हो भने राजा र राजतन्त्र नै त्यो संस्था हो जसले नेपाली जनतालाई मिल्न दिँदैन र नेपाली जनतालाई सहस्रखण्डमा टुक्राई राखेको छ । जातिवाद, इलाकावाद र साम्प्रदायिकताको मूल स्रोत राजा र राजतन्त्र हो । राजा नै त्यो व्यक्ति हो जसले जनताको तमाम अधिकार खोसी जनताको बीच दिल खोलेर विचारको आदानप्रदान गर्ने तथा जनताको बीच मेलमिलाप गर्ने बाटो खतम गरी वर्ग समन्वयको नारा दिई शोषकहरूद्वारा मेहनतकश जनतामाथि निर्मम शोषणको बाटो खोलेको छ । व्यक्तिगत स्वार्थलाई बढावा दिने यस एकतन्त्री हुकूमतको अन्तरगत राष्ट्रिय एकताको भावना कदापि सृजना हुन सक्नेछैन, राष्ट्रियताको भावना कुण्ठित नै हुनेछ । नेपाल र नेपाली जनताको समान हक र हितको

रक्षा गर्ने र नेपालको उन्नतिको निम्ति नेपाली जनताले एकताबद्ध भै काम गर्न सक्ने राष्ट्रिय एकता नै हाम्रो राष्ट्रियताको प्रतीक हो। नेपाल माता स्वयं हाम्रो राष्ट्रिय एकताको प्रतीक हो, न कि राजा अथवा राजतन्त्र।

रूस, चीन तथा अरू समाजवादी मुलुकहरूमा आजको जस्तो एकता पहिले कहिल्यै कुनै राजा अथवा वादशाहको पालोमा सम्भव थिएन। राजा र राजतन्त्रलाई उखालेर जनतान्त्रिक व्यवस्थाहरू स्थापना गरेर नै ती तमाम देशहरूको जनताको बीच अभूतपूर्व एकताको प्रादुर्भाव हुन सके। नेपाल यस नियमबाट अलग हुन सक्तैन।

राजाद्वारा प्रतिपादित राष्ट्रियता तमाम नेपाली जनताको जीवन सुरक्षा गर्ने, नेपाली जनतालाई समान हक दिने र नेपाली जनतालाई नेपालको आर्थिक र राजनीतिक व्यवस्थाको मालिक बनाउने राष्ट्रवाद नभै नेपाली जनतालाई देशभित्रका प्रतिक्रियावादीहरू तथा क्रूर सामन्त वर्गको निर्मम शोषण, दमन र विदेशी साम्राज्यवादीको लूट खसोटलाई प्रोत्साहित गर्ने राजावाद सही मानेमा राष्ट्रवाद नभै राष्ट्रघातक विकृत राष्ट्रवाद हो।

जब कि राष्ट्रिय प्रजातन्त्रले सम्पूर्ण नेपाली जनताको सद्भावनापूर्ण एकतालाई राष्ट्रिय एकता भनी मान्दछ र नेपाली जनता नै सम्पूर्ण नेपालको प्राकृतिक साधनहरू, उद्योग कलकारखानाहरूको मालिक हो भन्ने कुरोलाई मानी नेपालको आर्थिक, राजनीतिक र सामाजिक व्यवस्थाको मालिक बनाउँछ र यसरी सम्पूर्ण नेपालीहरूको समान हक र हितको आधारमा नेपाली जनताको बीच एकता स्थापना गर्छ।

हामी यस मानेमा राष्ट्रवादी हौँ कि हामी आफ्नो देशको राष्ट्रिय स्वतन्त्रा, सार्वभौमिक अक्षुणताको पक्षमा छौँ र साथै आफ्नो देशको मुक्ति आफ्नै हातले गर्ने पक्षमा छौँ। कार्ल मार्क्सले कम्युनिष्ट घोषणा पत्र (नेपाली संस्करण पन्ना ५५) मा भने झैँ, "पूँजीपतिवर्गको विरुद्ध सर्वहारावर्गको सङ्घर्ष सार रूपमा नभए पनि यसको स्वरूप राष्ट्रिय सङ्घर्ष नै हो। निश्चय नै, हर देशको सर्वहारा वर्गले सर्वप्रथम आफ्नै देशको पूँजीपतिवर्गसँग फछ्र्याईं लिनु पर्छ।"

यस मानेमा हर देशको कम्युनिष्ट आन्दोलन राष्ट्रिय आन्दोलन हो र हाम्रो देशको राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलन पनि राष्ट्रिय आन्दोलन हो ।

तर साथै हर देशको मजदूरवर्ग तथा मेहनतकश जनताको समस्या अन्तर्राष्ट्रिय समस्या हो । आज कुनै पनि अविकसित देश आफ्नै देशको शोषकहरूबाट मात्र शोषित छैन । ती तमाम देशहरू साम्राज्यवादीहरू, उपनिवेशवादीहरू, नवउपनिवेशवादीहरू र विदेशी पूँजीबाट शोषित र पीडित छन् । यस निम्ति हाम्रो सङ्घर्ष राष्ट्रिय शोषकहरूसम्म मात्र सीमित नभै अन्तर्राष्ट्रिय शोषकहरूको गिरोहको विरोधमा पनि हुनु स्वाभाविक हो । अर्कातिर अन्तर र्राष्ट्रिय शोषकहरू शोषणको विरुद्ध हाम्रो सङ्घर्षमा दर्शक भएर हेरेर बस्दैन । जुन मुलुक विकसित पूँजीवादी देश हो अथवा कुनै साम्राज्यवादी मुलुक हुन्, ती देशहरूमा पनि जब मजदूर वर्ग र मेहनतकश जनताले पूँजीवादी व्यवस्थाको विरुद्ध सङ्घर्ष गर्छन् अथवा पूँजीवाद पल्टने अवस्था आइपर्छ विश्व प्रतिक्रियावाद, विश्वपूँजीवाद अथवा अन्तर्राष्ट्रिय शोषकहरूको गिरोह मजदूरवर्गको आन्दोलन (चाहे त्यो सङ्घर्ष जति सुकै शान्तिपूर्ण किन नहोस्) लाई दबाउन एक भएर प्रहार गर्न आउँछन् र जरुरत अनुसार उनीहरू कुनै प्रकारको हिंसात्मक कारबाईबाट पछि हट्दैनन् ।

ब्रिटिश गापनामा शान्तिपूर्ण तरिकाले स्थापना भएको छेद्दी जगन सरकारलाई अङ्ग्रेज अमेरिकाको जहाज ल्याई घेराबन्दी गरी फौजी कार्य गर्ने धम्की दिएर हटाइए । यस्तै ग्वाटेमालाको सरकारलाई हटाइए र चिलीमा शान्तिपूर्ण तरिकाले चुनावद्वारा स्थापना भएको अलेण्डे सरकारलाई हिंसात्मक कारबाईद्वारा हत्या गरी उखाडिए । यस काण्डको पछाडि अमेरिकी सी०आई०ए०को पूरा हात थियो भन्ने कुरो आज प्रमाणित भइसकेको छ । रूसमा १९१७ को समाजवादी क्रान्ति सिद्धिने बित्तिकै १४ वटा राष्ट्रहरू मिली हमला गरेका थिए र सोवियत जनताले उनीहरूलाई हटाउनलाई ४ वर्षसम्म लड्न परेको थियो । र यस लडाईमा सोवियत जनताले विश्व मजदूर आन्दोलनको सहयोगद्वारा नै ती हस्तक्षेपकारीहरू माथि विजय प्राप्त गर्न सकेका थिए । यसै निम्ति हर देशको

मुक्ति आन्दोलनको सफलताको निम्ति विश्व मजदूर आन्दोलनको सहानुभूति र सहयोगको जरूरत पर्दछ। हालसालै सफल भएको वियतनामी जनक्रान्तिले यस कुरोलाई स्पस्ट गरेकोछ। यसै निम्ति विश्वको मजदूरवर्ग राष्ट्रवादी हुनाको साथ अन्तर्राष्ट्रवादी पनि हुन्। र यसै निम्ति एकातिर हामी राष्ट्रवादी हौँ भने अर्कातिर अन्तर्राष्ट्रवादी पनि हौँ।

स्पष्टतः हामीले चाहेको राष्ट्रवादले अरु मुलुकहरूसँग दुश्मनी राख्तैन जबसम्म कुनै मुलुकले हाम्रो जायज राष्ट्रिय स्वार्थमा धक्का दिँदैन। अथवा अरु कमजोर मुलुक र जनतालाई दबाउने कार्य गर्दैन। स्पस्टतः यो राष्ट्रवाद साम्राज्यवाद विरोधी, नवउपनिवेशवाद विरोधी राष्ट्रवाद हो अनि विश्वका तमाम समाजवादी मुलुकहरूसँग भाइचारा सम्बन्ध बढाउने राष्ट्रवाद हो। कारण कुनै समाजवादी मुलुकले अरू देशहरू अथवा तहाँको मेहनतकश जनतामाथि थेचमिच गर्ने अथवा ती देशहरूको शोषण गर्ने कार्य गर्दैन र विश्वको तमाम मेहनतकश जनतालाई एउटै परिवारको सदस्य मान्दछन् र उनीहरूको सङ्कटको वेला हरप्रकारको मदत पुऱ्याएका छन् र अविकिसित देशहरूलाई मदत गर्ने कार्य गर्दछन् र जनताको पक्ष लिनेछन्।

स्पष्टतः राष्ट्रिय प्रजातन्त्र राष्ट्रवादको मात्र पक्षपाती नभै विश्व मानव जातिमा भाईचारा स्थापना गर्ने, एक दोस्रोलाई मदत र कल्याण गर्ने, विश्वबाट शोषण दमन खतम गर्ने अन्तर्राष्ट्रवादको पनि पक्षपाती हो। जस्तो हाम्रो देश र जनताको समस्याहरू छन् उस्तै अरु देशहरूको पनि राष्ट्रिय समस्याहरू छन्। यसै कारण राष्ट्रिय प्रजातन्त्रले आफ्नो राष्ट्रिय समस्या समाधान गर्ने कार्यमा लाग्दालाग्दै पनि अरू देशहरूको राष्ट्रिय समस्याहरू समाधान गर्ने कार्यमा तहाँको मेहनतकश जनतालाई सहयोग र समर्थन गर्दछन्। स्पष्टतः राष्ट्रिय प्रजातन्त्रले प्रतिपादित गरेको राष्ट्रवाद अन्तरराष्ट्रवादको एक अङ्ग नै भन्न सकिन्छ। यहाँ राष्ट्रवाद र अन्तरराष्ट्रवादको बीच कुनै अन्तर विरोध हुने छैन।

मोतीको गेडा उनेर नै मोतीको माला बन्द छ। राष्ट्रवाद मोतीको गेडा हो भने, विभिन्न राष्ट्रहरूको आपसी मेल र सद्भावनामा आधारित अन्तर्राष्ट्रवाद

मोतीको माला हो । राष्ट्रवाद अनारको एक गेडा हो भने अन्तरराष्ट्रवाद अनारको एक सिँगै फल हो । जसरी अनारको सम्पूर्ण गेडाहरू सडाएर एक दाना अनार सुरक्षित रहन सक्तैन, यस्तै विश्वको तमाम मुलुकहरूलाई नष्ट गरी एउटै देश उन्नति गरेर जान सक्तैन । हर देशको आफतकालमा सुरक्षाको निम्ति तथा शान्तिकालमा त्यस देशको विकासको निम्ति अरु देशहरूको निःस्वार्थ सहयोग पनि जरूरत छ । समाजवादी मुलुकहरू र विश्वका मेहनतकश जनताबाट नै यस्तो सहयोग पनि प्राप्त हुन सक्तछ । राष्ट्रिय प्रजातन्त्रले अर्कासँग सहयोग मागने मात्र होइन, अर्कालाई परेको वेला सहयोग दिने पनि गर्नेछ । यसरी एक दोसरोको सहयोग लेनै विश्वमानव जातिले द्रुतगतिले विकास गरेर जान सक्नेछ ।

स्पष्टतः राष्ट्रिय प्रजातन्त्रले स्वस्थ राष्ट्रवादको प्रतिपादन गर्नको साथै अन्तरराष्ट्रिय भाइचारामा पनि उत्तिकै जोड दिन्छ । विश्व मजदूर आन्दोलन र साथै विश्व कम्युनिष्ट आन्दोलनको एकतामा जोड दिन्छ ।

## राष्ट्रिय प्रजातन्त्रको अर्थनीति

### कृषि नीति :

आजको स्थितिमा हाम्रो देश एक कृषिप्रधान देश भएको हुँदा ९३ प्रतिशतभन्दा बढी जनताको जीवन कृषिमा आधारित छ । तर देशमा चलेको सामन्ती व्यवस्थाको फलस्वरूप हाम्रो देशको जग्गा जमीनको मालिक आम जनता या मेहनतकश किसान नभइकन मुट्ठीभर सामन्तहरू नै नेपालको जमीनको मालिक भएका छन् । लाखौँ लाख जनता बेघरबार र विना खेतीबारीका छन् । जमीन जोतेर मेहनत गरी खाद्यान्न उत्पादन गर्ने किसानलाई खेत कमाउन दिने वा नदिने भन्ने हक सामन्तहरूकै हातमा छ । सामन्ती सरकारले जब पनि खेत आवाद गर्न दिए त सामन्तहरूलाई नै हजारौँ बिघाका ठूलठूला चकला जमीन आवाद गर्नको निम्ति बख्शीस दिने काम गरे ।

यस बाहेक किसानहरूले मेहनत गरी आवाद गरेको जग्गा पनि सामन्ती

शोषण, दमन, जालझेलमा परी विस्तार विस्तारै सामन्तहरूकै हातमा जम्मा हुन गए ।

आज पनि किसानहरूलाई यस सरकारले गाउँघरबाट बेदखल गरी उठाएर पठाउने कार्य गर्दैछ । नयाँ आवाद गरिएको जग्गाबाट पनि एक एक बहानामा उठाउने गरेको छ । यस सरकारको घोषित नीति अनुसार विदेशी कम्पनीहरूलाई चाहे जति जमीन दिलाई दिने हुँदा पहिलेदेखि बसेर आएको होस् अथवा हालसालै आवाद भएको होस् किसानहरूको हातमा खेत सुरक्षित छैन । यस नीति अन्तर्गत किसानहरूको मात्र होइन सामन्तहरूको पनि जमीन सुरक्षित रहने छैन । यस बाहेक किसानहरूमाथि लगाएको मालपोतको वृद्धि अनिवार्य बचत, श्रमदान र अनेक प्रकारको करहरू तिर्दातिर्दै किसानहरू गाउँ घरमा आफनो खेतीबारी थामेर बसन नसक्ने अवस्थामा पुगेका छन् । र यसमाथि सामन्ती शोषण दमन र अन्यायपूर्ण व्याजको प्रथा र जोर जुल्मले किसानहरूलाई गाउँघरमा टिक्न मुस्किल पारेको छ । र नेपाली जनता विदेशीनु पर्ने मुख्य कारण पनि यही हो । ती गरिब जनता जसले एक-आध बिघा जमीन आवाद गर्न पाएका छन्, उनीहरू पनि ऋणमा परेका छन् र यसै ऋणमा उनीहरूको हातबाट सो जग्गाहरू फेरि खोसिने छन् ।

तसर्थ नेपाली जनताको जीवन सुरक्षित गर्ने हो र उनीहरूलाई गाउँ घरमा टिकाउने हो भने उनीहरूमा फैलिएको व्यापक बेकारी हटाउनको निम्ति, ग्रामीण जनताको उत्पादन शक्ति मुक्त गर्नका निम्ति, कृषि उत्पादनको विकासको निम्ति, साथै देशमा औद्योगिक विकासको निम्ति बाटो साफ गर्नको निम्ति सर्वप्रथम जरूरी कार्य हो, सही ढङ्गको भूमि सुधार ।

राजाले गरेको भूमि सुधार किसानलाई खेतको मालिक बनाउने र उनीहरूलाई ऋणबाट मुक्त गर्ने खालको नभै धनीहरू पोस्ने र विदेशी एकाधिकार पूँजीपतिहरूको निम्ति हाम्रो देशको जग्गा-जमीन खानी, खेत, बगान र कलकारखानाहरू माथि कब्जा गर्न दिने खालको छ । तसर्थ राष्ट्रिय प्रजातन्त्रले निम्न प्रकारको भूमि सुधार गर्नेछ-

(क) विदेशी पूँजीपतिहरूको हातमा दिइएको जग्गा जमीन अथवा बगानहरूमाथि राष्ट्रिय प्रजातान्त्रिक सरकारले कब्जा गरी सो जग्गा, जमीन अथवा बगानहरू सामूहिक खेतीमा परिणत गरी किसानहरूको सामूहिक खेती बनाइने छ अथवा राष्ट्रियकरण गरी यस्तो बगानहरूलाई पूरै जनताको सम्पत्तिमा परिणत गरी किसानहरूले आ-आफ्नो मेहनत अनुसार फल पाई आफनो मेहनतको फल आफै भोग गर्न पाउनेछ र उनीहरूको जीवन सुनिश्चित गरिनेछ ।

(ख) प्रतिक्रियावादी सामन्तहरूको जमीन खोसेर किसानहरूमा विना मुआब्जा, विना बिक्री वितरण मुफ्तमा बाँटिने छ ।

(ग) आवाद गर्न योग्य जमीन सामन्तहरूलाई दिइने छैन । यस्तो जमीन किसानहरूमा व्यक्तिगत या सामूहिक रूपले मुफ्त वितरण गरी आवाद गराइने छ ।

यस्तो पर्ति जमीन आवाद गर्दा ती जग्गा आवाद गर्ने किसानहरूलाई चाहिने सम्पूर्ण मदत सरकारद्वारा प्रबन्ध गरिनेछ ।

(घ) पुनर्बास कम्पनी खोलिएको ठाउँको जग्गा किसानहरूकै नाउँमा व्यक्तिगत या सामूहिक रूपले मुफ्तमा दर्ता गरिनेछ र सामूहिक रूपले यस्तो जग्गाको मालिक मेहनतकश किसानहरूलाई बनाइनेछ । पुनर्बासको जग्गाको मोल लिइने छैन ! नयाँ जङ्गल आवाद गरी बसी सकेको र बसोबास समिति मार्फत् पर्ति जग्गामा बसाइएका किसानहरूलाई उठाइने छैन र उनीहरूलाई चाहिने सुविधाको इन्तजाम गर्ने छ । उनीहरूसँग बसोबास गराइएको हिसाबमा कुनै किसिमको रकम लिइने छैन । जग्गा राम्ररी आवाद भइसकेपछि मात्र उब्जाबाट किसानलाई मार्का नपर्ने गरी देशमा प्रचलित कानून अनुसार मालपोत या कर उठाइने छ ।

पुनर्बासमा बसाइएको किसानहरूमाथिको ऋण माफ गरिनेछ । ठाउँ ठाउँबाट उठाएर पठाएको जनतालाई उनीहरूको पायक पर्ने ठाउँमा आवादगरी बस्ने हक दिइनेछ । आज किसानहरूलाई उठाएर पठाई उनीहरूको जग्गा जसले कब्जा गरी बसेको छ, ती जग्गाहरू उनीहरूको हातबाट खोसी त्यो

जग्गा आवाद गरेर बसेका पुरानो किसानहरूलाई नै वापस दिलाइने छ र किसानहरूमाथि अन्याय गरी उठाएर जग्गा आफनो गरिलिनेहरू माथि जनताको अगाडि मुकदमा चलाइने छ । किसानहरू आज सामन्ती अन्यायी, सूदखोर ऋणले अस्त छन् । यसै निम्ति किसानहरूलाई ऋणबाट मुक्त गर्नु पनि भूमि सुधारको अर्को मुख्य काम हो ।

राजाले गरेको भूमि सुधारमा किसानहरूलाई ऋणबाट मुक्त गर्ने सट्टा उनीहरूको तमाम पुरानो ऋण ५ वर्षभित्र तिराउने र नयाँ ऋण सालसालै तिराउने कानून बनाएको छ । बैंकबाट पाइने ऋणको व्याजको दर सयकडा १६ गरेको छ र सामन्तहरूले यही ऋण सयकडा ३२ व्याजमा दिनेगर्छ र गरिब जनतालाई यही ऋणमा डुबाएर बर्बाद गरेर पठाइन्छ । त्यसमाथि किसानहरूलाई खर्चको आवश्यकता पऱ्यो भने बीचमा कहिँबाट लिन नपाउने गरिदिएको छ । जसले गर्दा उनीहरूलाई बीचमा खर्चको जरूरत पऱ्यो भने या त भोकै मर्नुपर्छ होइन भने आफ्नो चल अचल सम्पत्ति बेचेर सर्वहारा बन्न बाध्य गराएको छ ।

यसै निम्ति राष्ट्रिय प्रजातन्त्रले किसानहरूमाथिको तमाम ऋण खतम गर्नेछ । सूदखोर तमसुकहरूको होली जलाइनेछ । वेलाबखतमा चाहिने अपरझट खर्चको निम्ति सस्तो व्याजमा ऋण दिनको निम्ति कृषि बैंक र सहयोगी बैंकहरूको इन्तजाम गरिनेछ ।

किसानहरूको जीवन सुरक्षा गर्ने हो भने किसानहरूको बीचमा उनीहरूलाई चाहिने खेत दिनको साथै सो खेती गर्नको निम्ति चाहिने हल, गोरु-बैल, मल (खाद) तथा बाली नउब्जेसम्म खाने अनाज र अरू चाहिने खर्चको इन्तजाम गरिदिनु आवश्यक छ ।

(ङ) यसै निम्ति राष्ट्रिय प्रजातान्त्रिक सरकारले सामन्तहरूको भकारी, हल, गोरु, बैल र अरु कृषि औजारहरू खोसेर व्यक्तिगत या सामूहिक रूपले मेहनतकश किसानहरूको हातमा मुफ्त सुम्पने छ ।

(च) सामन्तहरूबाट खोसिएको भकारीहरू पनि आम भकारीमा परिणत गरिने छ ।

(छ) आजकलको बचत भकारीहरू पनि ग्राम भकारीमा परिणत गरिनेछ ।

(ज) कुनै पनि किसानको सालभरलाई चाहिने खर्च पन्छाएर बचेको अनाजबाट मात्र एक अंश बचत रकम उठाइने छ र यस्तो रकमबाट किसानहरूलाई चाहिएको वेला चाहिने खर्च निकालेर लिन पाउने छ ।

(झ) खेतहीन तथा गरिब किसानहरूमा खेत वितरण गरिसकेपछि उनीहरूलाई चाहिने मदत यस भकारीबाट दिलाइने छ ।

(ञ) किसानहरूलाई ऋणबाट मुक्त गरिने छ । सामन्ती ऋण कर्जाहरूको कागजात फाडिनेछ ।

(ट) सामन्तहरूको भेंडा, बाख्राहरू किसानहरूमा वितरण गरिनेछ अथवा ग्रामीण जनताको सम्पत्तिको रूपमा पशु–पालन केन्द्र खोलिने छ ।

(ठ) ग्रामीण जनताको भेंडा, बाख्रा, गाई, भैंसी चराउनको निम्ति गौचर इत्यादिको प्रबन्ध गर्ने अथवा जङ्गलको इन्तजाम गर्नेछ, चारा उब्जाउने खेतीको पनि प्रबन्ध गरिनेछ ।

(ङ) आजको श्रमदान, अनिवार्य बचत करकापको चन्दा र विभिन्न थरिका करहरू खतम गरी जनताको आमदानी गरिखाने खेतीबारी इत्यादि प्रबन्ध गरी जनतालाई पीर मार्का नपर्ने गरी उनीहरूको खेतको उब्जाको आधारमा उनीहरूको शक्ति अनुसार करको इन्तजाम गर्नेछ । जुन करहरू देशको खानी खन्ने, कल कारखानाहरू खोल्ने र अरू देश निर्माण कार्यमा खर्च गरिनेछ, ताकि जनताको जीवनस्तर निरन्तर रूपले अगाडि बढन सकोस् ।

(ढ) साम्राज्यवाद, नवउपनिवेशवाद तथा सामन्तवाद विरोधी प्रजातान्त्रिक सङ्घर्षमा साथ दिने देशभक्त सामन्तहरूलाई डाक्टर, मास्टर, प्रोफेसर सरह एक हदसम्म जमीन छोडिने छ, जसबाट उनीहरूको साधारण जीवन चलन सकोस् । देश विकास कार्यमा उनीहरूको सेवा स्वीकार गरिनेछ । नयाँ सामाजिक कार्यमा उनीहरूको सेवा उपयोग गरिनेछ ।

भूमिसुधारपछि बचेका जमीनका मालिक तलसिंहरू जसले आफूले खेती गरेर

खान सक्तैन केहि समयसम्म मूल बालीको ५० प्रतिशत पाउने छन् । जहाँ ५० प्रतिशतभन्दा कम तिरो तिरेर आएका छन्, वहाँ ५० प्रतिशतभन्दा कम तिरो नै कायम रहने छन् र दाङ तथा अन्य थारु इलाकाहरूको जमीन थारु किसानहरूले नै आवाद गरेको र यहाँ कुट त्रिकूर, चौकूर र पंचकूरको हिसाबमा तिरेर आएकोमा सामन्ती जमीन किसानहरूमा वितरण गरी बचेका मध्यमवर्गको खेतमा परम्परागत तरिकाले त्रिकूर, चौकूर र पंचकूर हिसाबले नै तिरो तिर्नेछ र देशमा औद्योगिक विकासको साथै सबैको निम्ति कामको ग्यारेण्टी र सामाजिक सुरक्षाको प्रबन्ध हुनको साथै मेहनतकश किसानको भागमा ज्यादा प्रतिशत र तलसिंको भागमा कम प्रतिशत गर्दै अन्तमा सम्पूर्ण उब्जाको हकदार मेहनतकश किसान नै हुनेछ ।

(ण) तटस्थवादी सामन्तहरू जसले क्रान्तिको विरोधमा प्रतिक्रियावादको सेवा गरेको छैन भने उनीहरूलाई पनि यथायोग्य कामको इन्तजाम गरी नयाँ समाजमा समावेश गरिलिने छ ।

(द) आम भकारीहरूको प्रबन्ध गर्नको निम्ति स्थानीय मेहनतकश किसानहरूको मतदानद्वारा चुनिएको किसान मण्डलहरूको गठन हुनेछ जुन मण्डलहरूले त्यस गाउँको मेहनतकश किसानहरू प्रति वफादार भएर काम गर्नु पर्नेछ । मण्डलका गैरजिम्मेदार सदस्यहरूलाई मेहनतकश किसानहरूको बैठकले वापस बोलाउन सकिनेछ ।

पुनर्वास कम्पनीमा घुसेका विदेशीहरू र विदेशी दलालहरूलाई निकालेर स्थानीय किसानहरूको गुप्त मतदानद्वारा चुनिएको प्रबन्धक समितिले त्यस इलाकाभित्रको तमाम किसानहरूको बैठकले पास गरेको आदेश र निर्णयलाई लागू गर्नेछ । यस्तो प्रबन्धक समितिले तहाँको किसानहरूप्रति जिम्मेदार भएर काम गर्नेछ । किसानहरूको बैठकले चाहेमा यस्तो प्रबन्धक समिति खारिज गरी नयाँ प्रबन्धक समिति चुन्न सक्नेछ । कम से कम वर्षको एक पटक किसानहरूको बैठक बसी नयाँ प्रबन्धक समितिको चुनाव गरिने छ ।

प्रबन्धक समितिले गर्न नसक्ने काममा मदत गर्नको निम्ति राष्ट्रिय प्रजातान्त्रिक सरकारले चाहिने प्राविधिज्ञहरू, कृषि विशेषज्ञहरू र अन्य कर्मचारी पठाएर

प्रबन्धक समितिको मदत गर्नेछ र यस्तो प्राविधिज्ञहरू, कृषि विशेषज्ञहरू र कर्मचारीहरूले प्रबन्धक समितिको मातहतमा काम गर्नेछ। यसरी किसानहरूको मातहतमा प्रबन्धक समिति, प्रबन्धक समितिको मातहतमा प्राविधिज्ञहरू र कर्मचारीहरू रहँदा नै किसानहरूमाथिको आजको शोषण, दमन, अन्याय र घूसखोरी खतम हुनेछ।

किसानहरूको सामूहिक खेतमा पनि माथिकै नियम लागू हुनेछ। किसानहरूको व्यक्तिगत खेत किसानहरूको खुशीराजीमा सामूहिक खेतमा परिणत गरिनेछ। किसानहरूलाई चित नबुझाई कसैको खेत सामूहिक खेती परिणत गरिने छैन।

साम्राज्यवाद र घर भित्रको प्रतिक्रियावादको आर्थिक आधार खतम गरिदिनुपर्दछ। क्रान्तिकारी शक्तिहरू बलियो पार्नुपर्दछ र स्वाधीन राष्ट्रिय संस्कृतिको निर्माण हुनुपर्दछ। राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति समाजवादी क्रान्तिको विजयको बाटोको पहिलो खुडकिलो मात्र हो।

चेतनशील किसानहरूले छिटै सामूहिक खेतीमा आफनो खेत परिणत गरिलिनेछ, नबुझ्ने किसानहरूले अन्यत्र ठाउँको सामूहिक खेतीको नतिजा हेरेर आफनो खेतहरू सामूहिक खेतीमा परिणत गर्नेछन्। सामूहिक खेतमा नै वैज्ञानिक खेती गरी खेतको उपजामा घेरै वृद्धि गर्न सकिनेछ। खाद (मल), असल बिउ, नहर पानी ट्राक्टर र बिजुली इत्यादिको प्रयोग गरी किसानहरूको कामलाई सहूलियत गरी खेतको उपजमा वृद्धि गरी किसानहरूको जीवनस्तरमा वृद्धि गर्न सकिनेछ।

चिया बगान, सेव बगान, अङ्गूर बगान, फलफूल बगान बनाउन परेमा किसानहरूको खेतलाई सामूहिक खेतमा परिणत गरी त्यहीको स्थानीय किसानहरूको सामूहिक सम्पत्तिको रूपमा सो खेती गरी उनीहरूको आम्दानीमा वृद्धि गरी उनीहरूको जीवनलाई अझ सुखमय बनाइने छ।

किसानहरूलाई कुनै हालतमा पनि आफनो बसोबासबाट उठाएर पठाइने छैन। कदाचित कुनै इलाकामा देश विकासको खास कामको निम्ति जरुरत परेमा

या त तहाँको जनतालाई नै त्यस योजना कार्यमा प्राथमिकता दिइनेछ अथवा नयाँ इलाकामा खेतीबारी अथवा अन्य काम र बासको इन्तजाम गरिदिनेछ । किसानहरूको जीवन कुनै हालतमा बरबाद हुन दिने छैन ।

योजनाबद्ध तरिकाले नेपालको खेतीलायक तमाम खेत आवाद गरिनेछ र खेत कुनै सामन्त अथवा पूँजीपतिको सम्पत्ति नबनाएर व्यक्तिगत या सामूहिक रूपले मेहनतकश किसानहरूको या आम मेहनतकश जनताको सम्पत्तिको रूपमा सो खेतहरू आवाद गरिनेछ ।

किसानहरूलाई चाहिने सामानहरूको किन-बेच गर्न र कृषि उत्पादनहरूको बेचबिखनको निम्ति यातो किसानहरूको सहयोगी क्रय विक्रय मण्डल अथवा राष्ट्रियस्तरको व्यापार मण्डल, जो स्वयम् सम्पूर्ण जनताको उद्यम हुनेछ ले यस्तो क्रय-विक्रयको काम गर्नेछ ।

राष्ट्रिय प्रजातान्त्रिक सरकारले खेतीको उन्नतिको निम्ति नहर, बाँध, पैनीको इन्तजाम गर्ने छ । असल बिउ र वैज्ञानिक खेतीको इन्तजाम गर्नेछ ।

गाउँघरमा पनि पक्का सडक, बिजुली, स्कूल र अस्पतालहरू, पक्का घरहरू, सांस्कृतिक मण्डलहरू, खेलकूद इत्यादिको प्रबन्ध गरी गाउँ, पहाड र शहरको भेदभाव मिटाइनेछ र ग्रामबासीहरूको संस्कृति, सभ्यता र जीवनस्तर शहरबासीहरूको जीवनस्तर सरह माथि उठाइनेछ ।

**व्यापार नीति :**

हाम्रो देशमा व्यापारिक पूँजी पनि विकास हुन सकेन । पुरानो जमानामा नेपालको तमाम व्यापार नेपाली जनताको हातमा थियो । हाल हेर्ने हो भने हाम्रो प्रमुख शहरहरूको सम्पूर्ण व्यापार विदेशी पूँजीपतिहरूको हातमा छ । आयात-निर्यातको सम्पूर्ण व्यापार उनीहरूकै हातमा छ । नेशनल ट्रेडिंग कारपोरेशनद्वारा बिक्री हुने सम्पूर्ण सामानहरूको व्यापार यिनीहरूले नै गर्ने गर्छन् अनि नेपाली जनताको निम्ति आएको सामान यिनीहरूले नै भारतमा लगेर कालाबजारी चलाउँछन् । सम्पूर्ण भारत र नेपालमा यिनीहरूको जाल बिछाएको हुँदा यिनीहरूले यस्तो कालाबजारी सजिलोसँग चलाउँछन् र

नेपालको सम्पूर्ण सामानहरूमाथि कब्जा गरी यिनीहरूले यी सामानहरूमा आफनो मनमानी भाउ तय गर्छन् ।

यिनीहरू नै आज प्रतिक्रियावादको समर्थक हुन् भने संसदीय प्रजातन्त्र आएमा यिनीहरू नै पूँजीवादी पार्टी नेपाली काँग्रेसको मूल समर्थक पनि हुनेछन् । यिनीहरूले नै नेपाली काँग्रेसलाई मदत गरी पैसा फैलाएर चुनाउँ जिताउने गर्छन् । जबतक चुनाउँको सम्भावना छैन तबतक प्रतिक्रियावादको समर्थन गर्ने पनि यिनीहरू नै हुन् । हाल यिनीहरूले राजाको तस्वीरमा फूल माला चढाउँछन् र सारा काला करतूतलाई पचाउँछन् । यिनीहरूको भनाई छ, “राजाको तस्वीरमा फूलमाला चढाउ, राजाको पूजा गर अनि नेपाली जनतालाई खूब लूट ।”

राजालाई पनि के चाहियो र जनता जेसुकै होस्, आफ्नो पूजा हुनु पर्छ, राजाको निम्ति सब ठीक छ ।

तसर्थ नेपाली जनताको स्वार्थको निम्ति, नेपाली व्यापारीहरूलाई यिनीहरूको होडबाट बचाएर राष्ट्रिय व्यापारको उन्नतिको निम्ति नेपालको बजारलाई यी विदेशी पूँजीको होडबाट मुक्त गर्नु जरूरी छ । आज नेपालको बजारमा हाम्रो राष्ट्रिय पूँजी र भारतीय काला पूँजीको बीच सबभन्दा ठुलो अन्तर विरोध छ । भारतीय कालाबजारी पूँजीबाट मुक्त भएर नै राष्ट्रिय व्यापारले उन्नति गर्न सक्नेछ । तसर्थ राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थामा नेपालको बजारलाई भारतीय कालाबजारी पूँजीको होडबाट मुक्त गरिनेछ ।

तर पुस्तौँदेखि नेपालमा रहेर आएको र प्रतिक्रियावादी सरकारको सेवा नगरी कालाबजारी नगरी ईमानदारीसँग व्यापार गरेर आएका नेपालमा बसोबास गरी नेपालको नागरिकता प्राप्त व्यापारीहरूलाई राष्ट्रिय व्यापारीहरूले पाउने हक र अधिकार प्रदान गरिने छ । राष्ट्रिय व्यापारीहरू आज इमानदारीका साथ आफ्नो व्यापार गरी उन्नति गर्ने स्थितिमा छैन । भ्रष्टाचार, घूसखोरी, नातावाद, कृपावाद व्यापक छ । जबसम्म नातावाद, कृपावाद, घूसखोरी र भ्रष्टाचारलाई खतम गरिने छैन राष्ट्रिय व्यापार सुदृढ रूपले चल्ने छैन ।

नातावाद, कृपावाद, घूसखोरी र भ्रष्टाचार खतम गर्नको निम्ति ठूलठूला दुकानदार र व्यापारिक पूँजीको सङ्गठनको अलावा सानातिना व्यापारीहरूको पनि आफनो अलग्गै व्यापारी संघको जरूरत छ ।

व्यापारिक मामलामा सुदृढ तरिकाले काम होस् भन्नाको लागि नेपाली ग्राहकहरूको तरफबाट मजदूर संघ, किसान संघ, विद्यार्थी संघ, व्यापारी संघ तथा ठूलठूला पूँजीपतिको संघ तथा राजनीतिक पार्टी व पार्टीहरू भित्रको प्रतिनिधिहरू तथा सरकारको समेत प्रतिनिधिहरू राखी राष्ट्रिय व्यापार सलाहकार मण्डल बनाएर यसको जायज सरसल्लाहको कदर गरी काम गरिनेछ ताकि कसैले पनि नातावाद र भ्रष्टाचार चलाउने मौका नपाउन । यस मण्डलले जनसाधारणको समेत उजूरहरू सुनी सत्य र तथ्यको छानविन गरी उचित कारवाई गर्नेछ । जनताको निम्ति अति जरुरी चीज अन्न, अनाज र कच्चा मालको थोक व्यापार तथा अन्तर्राष्ट्रीय व्यापार सम्पूर्ण जनताको सरोकारको रूपमा सरकारद्वारा चलाइने छ । राष्ट्रिय प्रजातान्त्रिक सरकारले सहयोगी व्यापार संस्थालाई अधिक प्रोत्साहन दिनेछ ।

नेशनल ट्रेडिंग कारपोरेशनलाई पब्लिक कन्सर्नमा बदल्नेछ । यसको नफा जनकल्याणमा खर्च गर्नको निम्ति अथवा देशको औद्योगिक विकासको निम्ति राष्ट्रिय सम्पत्ति (आम जनताको सम्पत्ति) को रूपमा सरकारी ढुकुटीमा राखिनेछ ।

**उद्योग नीति :**

हाम्रो देशको खानी, खेत, बगान, कलकारखाना, व्यापार विदेशी पूँजीको कब्जामा रहुन्जेल नेपाली जनता महँगी, बेकारी र गरिबीबाट कहिल्यै उम्कन सक्ने छैन ।

राजा महेन्द्रले सुरु गरेको र राजा वीरेन्द्रले चालू राखेको उद्योग नीति हो विदेशी पूँजीपतिहरूको हातमा हाम्रो देशको खानी, बगान र उद्योगहरू सुम्पने । चाहे नेपाली काँग्रेसको राज होस्, यही नीति चालू रहने हो भन्ने कुरो यस कार्यक्रममा अगावै छलफल भइसके छ ।

यो नीति चाहे राजा महेन्द्रले चलाओस् वा राजा वीरेन्द्रले अनि यस नीतिलाई चाहे नेपाली काँग्रेसले चलाओस्, यस्तो नीति अन्तर्गत नेपाल एक नवउपनिवेशवादमा नै बदल्नेछ र यस्तो नीति लिएर सरकारमा रहेका उच्च अधिकारीहरूले चाहे कमाउने मौका पाओस्, यसले हाम्रो देश र देशको जनता बरबाद नै गर्ने छ, हाम्रो देशका जनता फेरि पनि अर्काको गुलाम भएर जिउनु पर्नेछ । तसर्थ राष्ट्रिय प्रजातान्त्रिक सरकारले सर्वप्रथम आफ्नो देशको अर्थव्यवस्था विदेशी पूँजीबाट मुक्त गर्नु आफ्नो प्रथम कर्तव्य सम्झन्छ ।

तसर्थ विदेशी पूँजीबाट स्थापित सम्पूर्ण बगानहरू र कलकारखानाहरूलाई यस राष्ट्रिय प्रजातान्त्रिक सरकारले राष्ट्रियकरण गरी कारखानाहरूलाई आम जनताको सम्पत्तिमा बदलने छ । यस बाहेक अरू ठूला र मध्यम कपडा मिल, चिनी मिल जस्तो हल्का कारखानाहरू पनि राष्ट्रिय सम्पत्तिको रूपमा नै खडा गरिनेछ । यस कार्यको निम्ति उद्योग चलाउनमा अनुभव प्राप्त राष्ट्रिय पूँजीपतिहरूको सेवा पाएमा अवश्य उपयोग गरिनेछ र उनीहरूको सेवानुसार सरकारद्वारा उनीहरूको आम्दानीको प्रबन्ध गरिदिने छ ।

अरू घरेलु तथा कुटीर उद्योगहरू राष्ट्रिय पूँजीपतिहरूको निजी वा सहयोगी उद्योगको रूपमा चलाउन दिइनेछ । तर यस्तो उद्योगहरूमा मजदूरहरूको निर्मम शोषण नहोस् भन्न निम्ति प्रबन्धक समितिमा सरकार तथा मजदूर हरूको पनि प्रतिनिधित्व गराइनेछ । यस्तो उद्योगहरूको सफलताको निम्ति उनीहरूलाई चाहिने कच्चामाल र बजारको प्रबन्ध गरिदिने छ र ८ प्रतिशत नाफाको गारेण्टी गरिदिने छ । साथै मजदूरहरूको निम्ति उचित ज्यालाको प्रबन्ध गरिनेछ र उनीहरूको घरबार पाल्न पुग्ने हदपछि २५ प्रतिशतभन्दा बढी आमदनी मजदूरहरूको हितको निम्ति अथवा सो कारखाना बढाउन र यसको सुव्यवस्था गर्नको निम्ति खर्च गराइनेछ ।

आजको स्थितिमा ५० हजार रूपयाँसम्म पूँजी लाग्ने कारखानाहरू राष्ट्रिय पूँजीपतिहरूद्वारा चलाउन दिने, ५० हजार रूपयाँदेखि ३ लाखसम्मको कारखानाहरू सरकार तथा राष्ट्रिय पूँजीपतिहरूले संयुक्त रूपले चलाउने र ३ लाख रूपैयाँभन्दा बढी पूँजी लाग्ने कारखानाहरू तमाम जनताको सम्पत्तिको

रूपमा राष्ट्रिय स्तरमा चलाइने छ ।

देशभक्त सामन्तहरू र देशभक्त तथा अनुभवी राष्ट्रिय पूँजीपतिहरूले राष्ट्रियस्तरमा खोलिने कारखानाहरूमा मेहनतकश जनताको हितको विरोधमा नगई आफ्नो सेवा अर्पण गर्न सक्नेछन् । समाजको विकासक्रममा बाधा नदिएको खण्डमा उनीहरूको सेवाको कदर गरिनेछ ।

**श्रम नीति :**

राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाको नेतृत्व श्रमिक वर्गले नै गरेको हुन्छ । मजदूरवर्गले आफूलाई अखिल नेपाल मजदूर संघमा सङ्गठित गरी लिनेछ । यस सङ्गठनले मजदूर वर्गको स्वार्थ रक्षा गर्ने छ । मजदूर संघ स्वतन्त्र हुनेछ । यसले आफनो हक र अधिकारको निम्ति सङ्घर्ष गर्नेछ । यसको कार्यमा बाधा दिने कसैलाई अधिकार छैन ।

आज यस एकतन्त्री हुकूमतमा मजदूर सङ्गठन छ । यसमा पूर्णरूपले सरकारले कब्जा गरी मजदूरवर्गले आफ्नो हक र हितको निम्ति बोल्ने, लेखने, सङ्गठन गर्ने अथवा सङ्घर्ष गर्ने पाउँदैन । सरकारको निर्देशनलाई नै आज यसले पालन गर्न पर्दछ । मजदूर सङ्गठनको नेतृत्व स्वयं पूँजीपतिहरूद्वारा गराइएको छ । आज मजदूरहरूमाथि निर्मम शोषण चल्छ । उदाहरणार्थ नेपालगंजको कत्था फैक्टरी लिउँ ।

तहाँ जम्मा ५०० मजदूरले काम गर्दछन् । उनीहरूले मासिक मो. रु० १०० पाउँछन् । जो तलब मजदूरहरूको जीवनयापन गर्नको निम्ति बिलकुलै पुग्दैन । र मजदूर सङ्गठनको नेता पनि पूँजीपति परिवारबाटै एक जनालाई बनाएको छ । जसले चुनाव जित्न दसौँ हजार रूपयाँ पाउँछन् ।

त्यस कारखाना चलाउनका लागि सरकारसँग ऋृण पनि लिएको छ । त्यस कारखानाबाट सो पूँजीपतिले सालाना २४ लाख कमाउँछन् । यसरी हर मजदूरबाट मासिक १००० रुपैयाँभन्दा बढी श्रम चोरी गरी त्यस कारखानाको मालिक करोडपति बन्दै गइरहेकोछ भने त्यस ‘कारखानामा काम गर्ने मजदूर हरूले आफ्नो जहान छोरा-छोरी पाल्ने तलबसम्म पनि पाउँदैनन् ।

यही कारखाना मजदूरहरूको सहयोगी संस्था अथवा राष्ट्रिय कारखानाको रूपमा खडा गरिएको भए सो कारखानाको मालिकको ढुकुटीमा जाने नाफा रकम मजदूरहरूको तलब ज्यालाको रूपमा वितरण हुने थियो र हरेक मजदूरले मासिक रु. १०० (एक सौ) पाउने सट्टा मासिक रु० ५०० पाउन सक्ने थियो। यस कारखानाको राम्रो प्रबन्ध गरी मजदूरको तलब-ज्याला अझ राम्ररी बढाउन सकिने थियो। यसै निम्ति राष्ट्रिय प्रजातान्त्रिक सरकारले गैरपूँजीवादी बाटोमा विशेष जोड दिने गर्नेछ।

हुन त आज वीरगन्ज सुगर मिल्स, जनकपुर सिगरेट फैक्ट्रीहरू सरकारी स्तरमा नै चलिरहेका छन्। तर आज नेपालमा प्रचलित शोषक सरकारको मातहतमा यी कारखानाहरूमा पनि मजदूरहरूमाथि उत्तिकै शोषण हुन्छ जति एक पूँजीपतिको निजी कारखानामा हुन्छ। यी कारखानाहरूको आम्दानी न मजदूरहरूको हातमा जान पाउँछ, न त देशको जनताको भलाईमा खर्च हुन्छ। यी कारखानाहरूको आम्दानीले राजाको एकतन्त्री हुकूमत मजबूत गर्ने र राजाको निजी बैंक खातको रकम बढाउने नै काम भई रहेको छ।

राणाशासन कालमा बिजुली, रेल, रोपलाइन सरकारी सम्पत्तिको रूपमा नै चलेको थियो, तर यसको सम्पूर्ण आम्दानीले राणाहरूको ढुकुटी भर्ने गर्थे।

नेपालको इतिहास स्वयम् यस कुरोको साक्षी हो कि केन्द्रमा जुन वर्गको सरकार हुन्छ यस्तो सरकारी कारोबारले उही वर्गकै सेवा गर्दछ।

यसै निम्ति सरकारी स्तरको कारखानाहरूले त्यसैवेला मजदूरवर्ग तथा अरु मेहनतकश जनताको सेवा गर्नेछ जब केन्द्रको सरकारमाथि मजदूरवर्गको नेतृत्वमा मजदूर-किसान तथा अरु क्रान्तिकारी वर्गहरूको संयुक्त रूपले कब्जा हुनेछ।

राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था अन्तरगत नै मजदूर वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा तमाम क्रान्तिकारी वर्गहरूको संयुक्त सरकार गठन हुने हुँदा यस व्यवस्थामा मजदूरवर्ग तथा अन्य मेहनतकश जनता पूँजीवादी शोषण र दमनबाट मुक्त भै राष्ट्रिय उद्योगहरूबाट हुने आम्दानी मजदूरवर्ग

तथा अन्य मेहनतकश जनताले भोग गर्न पाउनेछ र उनीहरूको जीवनस्तर बढ्नेछ र साथै बचेको नफाबाट आम जनताको कल्याणमा खर्च हुन सक्नेछ।

राष्ट्रिय प्रजातान्त्रिक सरकारले मजदूरहरूको स्वतन्त्र सङ्गठन बनाउनमा मदत गरी मजदूरहरूले लेखने, बोलने, हडताल गर्ने छूट दिइनेछ र यसरी आफनो हकको निम्ति लडी आफूबाट मुक्त हुने बाटो खोल्दछ। साथै यस्तो कारखानाहरूमाथिको शोषण राष्ट्रियस्तरमा चलाएर यसको नाफाबाट उचित ढङ्गले मजदूरहरूको तलब, ज्याला मिलाएर बचेको रकम देशको अरू उद्योग विकासमा अथवा देश निर्माणमा खर्च गर्न सकिन्छ।

कारखानाको आम्दानी हेरी मजदूरहरूको तलब, ज्याला र बोनसमा विवेकपूर्ण नीति लिइनेछ र अरू मेहनतकश जनता र कर्मचारीहरू, तथा मजदूरहरूको जीवनस्तरमा वृद्धि गर्दै लाने कार्यमा निरन्तर ध्यान दिइनेछ। शहर तथा गाउँको बेकारी समस्यालाई खतम गरिनेछ। मजदूरहरू, किसानहरू र अन्य मेहनकश जनतामा उनीहरूको धर्म, जात इत्यादिको भेदभाव नगरी सबैलाई समान अधिकार प्रदान गरिनेछ। मजदूरहरू र कारखानाका मालिकमा अथवा प्रबन्धकहरूको बीच भएको झगडा आपसमा बैठक गरी मिलाइने छ र यस्तो झगडा मिलाउनका लागि राष्ट्रिय प्रजातान्त्रिक सरकारले सक्रिताका साथ सहयोग गर्नेछ।

मजदूरहरू तथा मेहनतकश किसानहरूमाथि हुने मारपीट गैरकानूनी गरिनेछ र उनीहरूको तलब ज्याला रोकने, उनीहरूमाथि दण्ड गर्न र अनुचित ढङ्गसँग कामबाट बर्खास्त गर्ने रीति पनि कानूनद्वारा रोक लगाइनेछ। मजदूरहरूसँग रोज ८ घण्टाको भन्दा बढी काम लिइने छैन र हफताको एक दिन छुट्टी अनिवार्य गरिने छ। हरेक कारखानाको प्रबन्धक समितिमा मजदूर संघको प्रतिनिधित्व रहनेछ। मजदूर संघको प्रतिनिधिहरूले सरकारमा समेत भाग लिई देशका निर्माणकार्यमा उनीहरूको सुझावलाई कदर गरिनेछ।

समाजवादी समाजको निर्माणमा मजदूर संघको धेरै हात रहनेछ। राष्ट्रिय अर्थ-व्यवस्थाको योजनाको निर्माणमा तथा प्रबन्धक कार्यमा मजदूर सङ्गठनको

भूमिकालाई ज्यादा प्रोत्साहन दिईनेछ ।

वैज्ञानिक तथा प्राविधिक क्रान्तिलाई अगाडि बढाउनमा मजदूर संघको महत्त्वपूर्ण भूमिका रहने छ ।

मजदूरहरूको काम गर्ने तथा जीवनको स्थितिको विकास गर्ने, उनीहरूको स्वास्थ्य रक्षा र शारीरिक सुरक्षा, उनीहरूको संस्कृति र सभ्यताको विकास, उनीहरूको निम्ति खेलकूद र स्वास्थ्य गृहको प्रबन्ध गर्ने कार्यहरूमा मजदूर संघको ठूलो भूमिका रहने छ ।

मजदूरहरूको सामाजिक सुरक्षा तथा जीवन बीमाको प्रबन्ध हुनेछ ।

मजदूर संघले समाजवादी कानून बनाउनमा मदत गर्ने छ । उनीरुले मजदूरको हकमा कानूनको धाराहरू बनाएर पेश गर्ने र साथै मेहनतकश जनताको कानूनद्वारा सुरक्षित अधिकारलाई व्यवहारिक रूपले गारेण्टी गर्दछ । मजदूर संघले मजदूरहरू तथा अन्य मेहनतकश जनता र अफिस कर्मचारीहरूको निम्ति सामाजिक सुरक्षाको व्यवस्था गर्नेछ । नागरिकहरूको बिमारी वेला, काम गर्दा भएको दुर्घटना, असक्त अथवा बुढेसकालमा आर्थिक तथा अरु चाहिने मदत दिने कार्यमा भाग लिनेछ ।

सरकार तथा आर्थिक संस्थाका प्रबन्धकहरूले मजदूर संघको यी कार्यहरूमा निकट सहयोग गर्नेछ ।

मेहनतकश किसानहरू तथा मजदूरहरूका सङ्गठनहरूले आम जनताको उत्तरोत्तर विकासको निम्ति योगदान दिनेछ ।

आज नेपालमा शिक्षा र तालिमको अभावले गर्दा नेपोलीले दक्ष कार्य सम्हाल्ने क्षमता राख्दैन । तर नेपालीमा पाइएको एउटा गुण यो पनि छ कि उनीहरूले तालिम प्राप्त गर्ने मौका पाएमा ठूलठूला काम पनि दक्षताका साथ गर्न सक्तछन् । कतिपय नेपालीहरूले राम्रो शिक्षादीक्षा नपाएर पनि कुशल मिस्त्रीको रूपमा अफूलाई विकास गरेको पाउँछौँ । तसर्थ तमाम नेपाली जनताको निम्ति देशको आवश्यकता र उनीहरूको रुचि अनुसार कुनै न कुनै काममा दक्षता

प्राप्त गर्नको निम्ति तालिम दिने योजना मिलाउने छ ताकि आजको आया र चौकीदार पनि भोलिको इन्जिनियर, मैंनेजर, प्रबन्धक, चिकित्सक, डाक्टर, शिक्षक, कुशल मेकानिस्ट, कृषि विशेषज्ञ इत्यादि हुन सकोस् ।

आज हाम्रो देशको असलभन्दा असल दिमाग जसले तालिम प्राप्त गरेको खण्डमा ठूलठूला डाक्टर, इन्जिनियर र विद्वान् हुनसक्ने थियो । देशमा चलेको सामन्ती शोषण र साम्राज्यवादी उत्पीडन व्यवस्थाले गर्दा पढ्न लेख्न र तालिम प्राप्त गर्ने मौका नपाएर कसैले विदेश लागी चौकीदारी, चपरासी, आया इत्यादि काम गरेर जीविका चलाउन परेको छ भने कसैले आफ्नै देश भित्र दुःख पाएर जीवन बरवाद गर्नु परेको छ ।

यस शक्तिलाई आजको दुर्दशाबाट मुक्त गरेर देशमा कुशल इन्जीनियर, मिस्त्री, डाक्टर, प्रबन्धक र प्रशासकहरूको दलको निर्माण गर्नु आवश्यक छ । यसको निम्ति ती तमाम जनताले तालिम पाएर आफ्नो विकास गरी देशको सेवा गर्न सकोस् भन्ने हेतुले उनीहरूलाई कृषि विशेषज्ञ, तकनीकी, डाक्टरी, मैंनेजमेंट, प्रबन्धकर्ता एकाउण्टेन्ट इन्जीनियर इत्यादि पेशामा शिक्षा प्राप्त गर्नको निम्ति व्यवस्था मिलाइने छ ताकि उनीहरूले आफ्नो कमाउने काम गर्नको साथै तालिम पनि प्राप्त गर्न सकोस् । यसरी नेपालीले आफूले न जानेको काम गरी आफ्नो मेहनतको फल भोग्ने प्रबन्ध राष्ट्रिय प्रजातान्त्रिक सरकारले मिलाउनेछ ।

यस कार्यमा मजदूर संघ, किसान संघ, महिला संघ, युवक संघ, छात्र संघहरूको पहलकदमीलाई विशेष प्रोत्साहन दिएर काम गराइने छ ।

राष्ट्रिय प्रजातान्त्रिक सरकारले बिना भेदभाव तमाम महिलाहरू समेत सबैको निम्ति निरन्तर रूपले आफनो पूर्ण विकास गर्ने मौका दिनेछ ।

**शिक्षा नीति**

तमाम नागरिकहरूलाई शिक्षित गर्नेछ । आजको अनपढ नागरिकहरूलाई प्रौढ शिक्षाको प्रबन्ध गरी शिक्षित गरिनेछ । उनीहरूलाई माथि भनिए अनुसार आफनो कामको दौरान विभिन्न क्षेत्रहरूमा तालिम प्राप्त गरी कुशल डाक्टर,

मास्टर, इन्जिनियर, दक्ष मिस्त्री, कृषि विशेषज्ञ, मैंनेजर, एकाउन्टेन्ट इत्यादि बनाइने छ । यसको निम्ति कुनै पनि कार्यलाई विस्तृत विभागहरूमा विभक्त गरी मानिसहरूलाई एक एक विभागमा दीक्षित गरिनेछ । मजदूरहरू तथा किसानहरूको निम्ति आ-आफ्नो कार्यक्षेत्रमा दक्षता प्राप्त गर्नको निम्ति चाहिने प्रबन्ध मिलाइने छ ।

नेपालको नागरिकहरूले सबै क्षेत्रहरूमा कार्य कुशलता र ज्ञान झन् झन् बढाउँदै लाने प्रयत्न गर्नेछ । उमेर पुगिसकेका (प्रौढ) हरूको प्रशिक्षणको निम्ति हरप्रकारको सुविधाको प्रबन्ध गरिनेछ । यस्ता शिक्षालयहरूले काम नजानेकाहरूलाई काम सिकाउने, काम जानेकाहरूलाई अझ बढ्ता कुशल बनाउने काम गर्नेछ । यस्तो शिक्षालयहरू अक्सर सन्ध्याकालीन स्कूल कलेजको रूपमा प्रबन्ध गरिनेछ । यी स्कूलहरूमा आ-आफ्नो पेशासँग सम्बन्धित कला कौशलबाहेक राष्ट्रिय अर्थतन्त्र, राजनीति, संस्कृति, स्वास्थ्य सेवा, शिक्षा टेक्नोलोजी, इन्जिनियरिङ इत्यादि क्षेत्रमा पनि जिम्मेदार र सुयोग्य व्यक्तिहरू तैयार गर्नको निम्ति प्रबन्ध हुनेछ ।

शिक्षामा धनीका सन्तानहरूले मात्र पाउने विशेष सुविधा र भेदभाव मिटाइने छ । सम्पूर्ण देशको बालक-बालिकाहरूले कोही भन्दा कोही कम नभै सबैले समान अधिकार र सुविधा प्राप्त गरी पढ्ने लेख्ने र तालिम प्राप्त गर्ने मौका प्राप्त गर्नेछ । विना भेदभाव देशका तमाम सन्तानहरूको निम्ति यथोचित शिक्षा दिक्षाको प्रबन्ध गरिनेछ । देशको तमाम जनता, किसान, मजदूर, शहरिया गरिब सबैको सन्तानहरूको निमित उच्च शिक्षाको निम्ति चाहिने मदतको प्रबन्ध गरिनेछ । शिक्षा पद्धतिबाट मानवता विरोधी भेदभावमूलक विचारधारालाई खतम गरिनेछ । एकतन्त्रवाद र अन्धविश्वास फैलाउने शिक्षालयहरू खतम गरिनेछ । शारीरिक तथा बौद्धिक दुवै कार्यको निमित्त योग्य नागरिकहरू तैयार गरिनेछ ।

स्कूलपूर्व (नर्सरी, किन्डरगार्टेन) शिक्षादेखि लिएर सामान्य स्कूलहरू, उच्च तथा तकनीकी प्रशिक्षणको सुविधाहरूको साथै प्रौढहरूको निमित्त पाठ्यक्रम एक चरणदेखि दोस्रो चरणसम्म सजिलोसँग जान सकिने शिक्षा पद्धतिको

इन्तजाम गरिनेछ ।

सारा शिक्षा निःशुल्क गर्ने दिशामा निरन्तर अगाडि बढ्नेछ ।

आजको सैकडा ३ पास गर्ने शिक्षा प्रणाली खतम गरी विद्यार्थीहरूले सजिलोसँग क्रमशः अगाडि बढ्ने शिक्षा प्रणालीको प्रचलन गरिनेछ ।

आजको शिक्षा प्रणालीमा क्रान्तिकारी परिवर्तन ल्याउन जरूरी छ, ताकि सबै विद्यार्थीहरूले उत्तरोत्तर विकास गरेर भविष्यमा योग्य नागरिक बन्न सकोस् र उनीहरू बेकारीको शिकार हुन नपरोस् । र उनीहरूले निरन्तर विकास गरी योग्य नागरिक भएर पुरुषार्थ गरी आफनो जीवन सफल बनाउन सकोस् ।

**महिला समस्या**

हरेक देशमा करिब ५० प्रतिशत जनता महिलाहरू हुन्छन् । यो विशाल जनसमूहलाई दासताको जन्जीरमा जकडेर कुनै पनि देशले विकास गरी खान सक्तैन । आदिम साम्यवादी जमानामा मातृसत्तात्मक समाज व्यवस्था थियो, जहाँ महिलाहरू नै समाजका नायक थिए । आज पनि पिछडिएका जातिहरूको समाजमा यो कुरो पाइन्छ । तर समाजले दास व्यवस्थामा पाइला हालेपछि महिलाहरू पनि समाजको नेतृत्वबाट गिरी उनीहरूले दासताको स्थान लिन थाले । यो सामन्ती समाजमा महिलाहरूको स्थिति घरेलु नोकरभन्दा कुनै मानेमा फरक छैन ।

बिहान कुखुरा बासेदेखि बेलुकी आधारातसम्म पनि घरको सफाईदेखि लिएर, खाना पकाउने, केटाकेटी स्याहार्ने, भाँडा मल्ने कार्यमा व्यस्त महिलाहरूले देश विकासमा कसरी योगदान दिन सक्ने छ ?

धनीभन्दा धनी घरको महिलाहरूको स्थिति पनि घरेलु नोकरकै बराबर छ । उनीहरूको जीवन ज्यादा से ज्यादा कोठा सिँगार्ने चलता फिरता पुतलीको भन्दा कुनै मानेमा फरक छैन । निरुद्देश्य जीवन । जबसम्म श्रीमान्जीको कृपा रहनेछ अलि राम्रो खानापीना कपडा लत्ता, चलिहाल्छ । जुन वेला श्रीमान्जी कै बदचलनले किन नहोस् श्रीमान्जीसँग खटपट हुन्छ, कुकुरले नपाएको दुःख महिलाहरूले भोग्नु पर्छ । श्रीमान्जी असल भए पनि कालगतिले केहि

भयो भने महिलाहरूले फेरि उस्तै दु:खी जीवन बिताउनु पर्छ । किन ?

किनभने समाजमा महिलाहरू स्वतन्त्र छैनन् र उनीहरूले आफ्ना खुट्टामा उभिने कुनै प्रबन्ध छैन । राष्ट्रिय प्रजातान्त्रिक सरकारले सर्वप्रथम महिलाहरूलाई यस सामाजिक बन्धनबाट मुक्त गरी पुरुष सरह अनन्त विकास गर्ने बाटो खोल्नेछ ।

सामन्तहरू यसको अर्थ महिलाहरूको चरित्र बेच्ने स्वतन्त्रता भनि ठान्दछन् । राष्ट्रिय प्रजातन्त्रले महिलाहरूको मात्र होइन पुरुषहरूको पनि नैतिक तथा चारित्रिक बलमाथि जोड दिन्छ । महिलाहरूको आजको बरवादीलाई रोक्दछ ।

यस सामन्ती समाजमा कमजोर र गरिबवर्गका महिलाहरूले आफ्नो चरित्र बचाउन चाहेर पनि क्रूरसामन्ती, शोषक र अत्याचारीहरूको अत्याचारको शिकार हुनुपर्दछ । कतिपय महिलाहरूले आफनो जीविकाको साधन नहुँदा गुण्डाहरूको हातमा परी एक हातबाट अर्को हातमा बेचिई आफ्नो जिन्दगी बरबाद गर्नुपर्दछ । आज बम्बईमा मात्र २२ हजार नेपाली महिलाहरूले आफनो चरित्र बेचेर खान परिरहेको छ । यस एकतन्त्री हुकूमत स्थापना भएपछि काठमाडौँमा मात्र पनि हजारौँ अनैतिकताको केन्द्रहरू स्थापना भएका छन् ।

स्पष्ट छ, राष्ट्रिय प्रजातान्त्रिक सरकारले महिलाहरूलाई आर्थिक, राजनीतिक र सामाजिक स्वतन्त्रता दिई उनीहरूको सांस्कृतिक स्तर ऊँचा उठाएर उनीहरूलाई यो नारकीय जीवनबाट मुक्त गरी ऊँचा उठाउने छ । राष्ट्रिय प्रजातन्त्रले निश्चय पनि अनैतिकतालाई बढावा दिँदैन, अनैतिकताको जडमूल उखाडेर पठाउने छ ।

महिलाहरूले आर्थिक स्वतन्त्रता पाएर देश योगदान गर्ने होइन, घरको आर्थिक स्थितिलाई पनि विकासमा मात्र मजबूत गरी घरलाई अझ सुखी र सम्पन्न बनाउने छ र आपसमा मारपीट गरेर होइन आपसी सद्भावनाको आधारमा सुखमय छ । राष्ट्रिय प्रजातन्त्रले नेपालको तमाम महिलाहरूलाई पूर्ण विकास गर्ने मौका दिएर, उनीहरूको जीवन पनि पारिवारिक जीवन बिताइने पुरुष सरह आत्मनिर्भर बनाउनेछ, पुरुष र महिलाको सम्बन्ध आपसी सहयोग, प्रेम

र सद्भावनामा आधारित रहनेछ । यहीँ आएर नै महिलाहरू र पुरुष एक दोस्रोको पूरक र अर्धांगको रूपमा स्थापित हुनेछ ।

महिलाहरूले पुरुषले पाउने हर सुविधा प्राप्त गर्ने छ । यस बाहेक उनीहरूको शारीरिक स्थितिको ख्याल राखी उनीहरूलाई हल्का कामहरूमा विशेष प्राथमिकता दिइने छ । समाजवादी मुलुकहरूमा ५० प्रतिशतभन्दा बढी डाक्टर, र शिक्षकहरू महिलाहरू नै छन् ।

समाजवादी मुलुकहरूमा हरेक क्षेत्रमा महिलाहरूले पुरुषसरह हक पाएको छ र महिलाहरूले देश निर्माणको हरेक काममा विशेष भूमिका निभाइरहेका छन् । साथै महिलाहरूको निम्ति अनेक सुविधाहरूको प्रबन्ध गरिएको छ । रूसकै उदाहरण लिउँ प्रत्येक महिलाले सुत्केरी हुनुभन्दा पहिले २ महिना छुट्टी पाउँछन् र सन्तान जन्मेपछि सो बालक वा बालिकाको देखभालको निम्ति सालभरको वेतनसहितको छुट्टी पाउँछन् । सबैजसो समाजवादी मुलुकहरूमा पुरुष र महिलाहरूले समानरूपले कारखानाहरूमा काम गर्छन् । उनीहरूको काम गर्ने ठाउँको नजिकै बच्चाहरूको देखभालको निम्ति नर्सरीहरूको प्रबन्ध गरिदिएको छ ।

समाजवादी व्यवस्था स्थापना गरेर नै महिलाहरूले पुरुष सरह अधिकार पाएर मुक्त र खुशहाल जीवन बिताउन पाउँछन् । कसै कसैले यहाँ एक सवाल उठाउँछन् कि महिलाहरूलाई चुलाचौकीबाट मुक्त गरेर भात खान पर्दैन ?

निश्चय पनि नारी मुक्तिको मतलब भोकै रहनु होइन । राष्ट्रिय प्रजातन्त्रले मानिसहरूको आर्थिक स्थितिलाई मजबूत गरी स्वस्थकर र सन्तुलित भोजनको इन्तजाम गर्नेछ । देशको विकासको साथसाथै प्राविधिक उन्नतिले गर्दा आजको जस्तो दिनभरि चूल्हा चक्कीमा समय बिताउने स्थितिलाई राष्ट्रिय प्रजातन्त्रले खतम गर्नेछ । यस प्राविधिक विकासले गर्दा मानिसहरूले आफ्नो इच्छा अनुकूलको भोजन घरमा नै अतिकम समयमा बनाइलिन सक्नेछ । आज समाजवादी मुलुकहरूमा महिलाहरू आफ्नो घरमा चुल्हा चौकी र भान्छाको काम १०-१५ मिनटमा नै आफ्नो इच्छानुसार तैयार गरी लिने र यस्तै अल्प

समयमा भाँडा वर्तन साफ गरी छुट्टी पाउने गर्छन् ।

महिलाहरूको अर्को समस्या हो बच्चाहरूको देखभाल । ठाउँ ठाउँमा कार्यक्षेत्रको नजिकै क्रीचेज र किन्डरगार्टेनको प्रबन्ध गरी नारीहरूलाई यसकार्यबाट मुक्त गरिनेछ । र आफू काममा लागेको वेला बच्चाहरूलाई क्रीचेज र किन्डरगार्टेनमा छोडेर बच्चाका आमाहरूले निश्चिन्तसँग आफनो काममा लाग्न सक्नेछ । र आफ्नो कामबाट फुर्सत पाएर आ-आफ्नो बच्चाहरू लिएर आ-आफ्नो घर जान सक्नेछन् ।

स्पष्टतः प्रतिक्रियावादको प्रचारको समाजवादी मुलुकहरूमा भाइबहिनी पनि चिन्दैन र केटाकेटी सरकारले लैजान्छ भन्ने कुरो झूठले भरेको हास्यास्पद कुरो हो । कुनै पनि कम्युनिष्ट व्यवस्था अन्तर्गत छोराछोरीहरू आफ्ना आमा बाबुसँगै रहन्छन् तर उनीहरूलाई चाहिने खर्च भने सरकारद्वारा तमाम लडका लडकीहरूको स्वास्थ र पढाई लेखाईको निम्ति चाहिने सम्पूर्ण खर्चको प्रबन्ध भएको हुन्छ ।

महिलाहरूको निमित्त सुत्केरी हुनुभन्दा दुई महिना अघिदेखि सवैतनिक छुट्टीको प्रबन्ध हुनेछ । सुत्केरीको वेला डाक्टर, दवाई र पौष्टिक खाना इत्यादिको इन्तजाम हुनेछ र सुत्केरीपछि दुई महिनासम्म सवैतनिक छुट्टीको प्रबन्ध हुनेछ । गर्भावस्थामा नारीहरूको स्वास्थ्यको विशेष ध्यान दिइने छ र उनीहरूलाई चाहिने पौष्टिक खाना, औषधि र वेलावेलामा डाक्टरी परीक्षाको इन्तजाम गरिनेछ ।

क्रिचेज र किन्डरगार्टनमा बच्चाहरूको देखभाल, सुघरसफाई र खेलौनाहरूको प्रबन्ध हुनेछ जबकि किन्डरगार्टनमा उपरोक्त कुराहरूको अलावा उनीहरूको ज्ञान वृद्धि गराउने उपकरणहरूको पनि प्रबन्ध हुनेछ र उनीहरूलाई कथाहरू सुनाउने र चाल-चलन ठीक पार्ने काम हुन्छ ।

महिलाहरूलाई कामको गारेण्टी हुनाको साथै उनीहरूलाई पनि पुरुष सरह बिमारी भत्ता, बुढेसकालको भत्ता र छोराछोरी नभएकाहरूको निमित्त आदरणीय

गृहहरूको प्रबन्ध हुनेछ । जहाँ पुरुषहरूको भत्ता ६० वर्षमा सुरु हुन्छ, वहाँ महिलाहरूको बुढेसकालको भत्ता ५५ वर्षमा शुरु हुन्छ ।

शिक्षा-दीक्षा र स्वास्थ्यबर्द्धक खेलकूद इत्यादिमा लड्का लड्कीको बीच कुनै भेदभाव नगरी लडकाहरूले पाउने तमाम सहुलियत लडकीहरूले पनि पाउने छन् ।

**कला र संस्कृति**

नेपाल पुरानो कलाको निमित विश्व प्रसिद्ध छ । एक समय थियो जब चीनले पनि नेपालबाट कलाकारहरू लगी मूर्ति कला तथा वास्तुकला सिकेर लिएको थियो । आजको पगोडाहरू जो चीन, बर्मा, जापान इत्यादि देशहरूमा देखिन्छन् नेपालबाटै गएको कला हो ।

तर समयले नेपालको कलालाई खतम गरिदियो । यस्तै पुरानो सङ्गीत, नाटक सब लोप भएर गए ।

राष्ट्रिय प्रजातान्त्रिक सरकारले पुरानो कला र संस्कृतिको पनि विकास गर्नेछ । हाम्रो देशको विभिन्न जातिहरूको आ-आफ्नो कलाको विकास गर्नको साथै यिनीहरूलाई राष्ट्रिय कलाको स्तरमा अगाडि बढाउने छ । यसबाहेक विश्व संस्कृति एवं मानवीय परम्पराको सांस्कृतिक निधिहरूको पनि हिफाजत गरिनेछ ।

कला कलाको निमित्त नभै, कला जनताको निमित्त भन्ने सिद्धान्त लागू हुनेछ । कला सौकिया सामन्तहरूको निमित्त मात्र नभै कला आम जनताको निमित्त हुनेछ । आज किसान मजदूरहरू कला र संस्कृतिबाट दूर राखिएका छन् । राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थामा देशको कला र संस्कृति सम्पूर्ण जनताको सम्पत्ति हुनेछ । सबैले यसको उपभोग गर्नेछ ।

मानवीय प्रतिष्ठामा धक्का पुग्ने र अर्काको विरुद्ध घृणा फैलाउने कला र संस्कृतिमाथि रोक लगाइनेछ ।

मानिसहरूलाई आन्दोलित तथा प्रेरणा दिने, उनीहरूको भावनालाई प्रेरणा

दिने र जनतासँग सहानुभूति एवम् समभ्कदारी राख्ने आकर्षक कलाहरूलाई प्रोत्साहित गर्नेछ ।

नेपालको वास्तुकला, मूर्तिकला, चित्रकला, सङ्गीत, नाटकहरूलाई विकास गरिनेछ । मानिसको नैतिकता गिराउने सामन्ती, पूँजीवादी सिनेमा र थिएटरको बदला उनीहरूको सांस्कृतिकस्तरलाई ऊँचा उठाउने राष्ट्रिय रङ्गमञ्चहरूलाई प्रोत्साहित गरी कला र संस्कृतिलाई आम जनताको पहुँचभित्र ल्याउनको निमित ग्रामीण क्षेत्रहरूमा पनि यसको प्रबन्ध गरिनेछ र कम मूल्यमा यसको प्रबन्ध गरिनेछ ।

**साहित्य**

साँच्चै भन्ने हो भने नेपाली साहित्यको अति कमी छ । एक त पढ्ने मान्छेको कमी अनि लेख्नेको कमी । देशमा साहित्यको प्रचार गरी पाठकहरूको सङ्ख्या बढेमा नै लेखकहरूले पनि प्रोत्साहन पाउने हो । आजको अवस्थामा व्यापक अशिक्षा, त्यसमाथि पढ्न लेख्न सक्ने मानिसहरूको पनि आर्थिक दुर्दशाले गर्दा जो पनि साहित्य निष्कन्छ त्यसले बजार पाउँदैन । १००० प्रति छाप्यो भने ५०० प्रति बिक्यो, ५०० प्रति त्यसै रह्यो वा मुफ्तमा वितरण गऱ्यो, अनि साहित्यकारको पेट भर्छ कसरी ? त्यसमाथि प्रकाशकहरूको बेइमानी छँदैछ । लेखकहरूले आफनो सुन्दरभन्दा सुन्दर कृतिको आधारमा पनि जीविका चलाउने उम्मीद गर्न सत्तैन भने देशमा साहित्यको विकास हुन्छ कसरी ? हाम्रो देशमा महान कविहरू, कलाकारहरू, लेखकहरूले भोकै मर्नुपर्छ अथवा आफ्नो दिमाग बेचेर कसैको दलाली गर्नु पर्छ, भ्कुठै कसैको गुणगान गर्नु पर्छ । अन्याय र अत्याचारलाई न्याय सावित गरेर लेख्न सक्नुपर्छ । बल्ल यसरी लेखकले आफ्नो कलम, नैतिकता र आत्मा बेची प्रतिक्रियावादको सेवा गरी बाँच्न पाउँछ, कसै कसैले यस बापत अलि राम्रो पद पनि पाउँछन् ।

यस एकतन्त्री हुकूमतमा जसले जनताको समस्याहरूलाई सही ढङ्गले चित्रण गर्ने कार्य गर्दछ उसलाई जेल दिइन्छ, पिटिन्छ र पिट्दा पिट्दा टाउकोसम्म फोड्ने काम भएको छ र मरणान्त स्थितिमा पुऱ्याउने काम भएको छ ।

जबसम्म कुनै देशले कुनै खास व्यक्तिको सेवामा जनतामाथिको अन्याय र अत्याचारलाई ढाकछोप गरी लेख्नुपर्छ, जहाँ साहित्यले जनजीवन र समाजका कुकृत्यहरूलाई स्पष्टसँग अगाडि ल्याउन पाउँदैन भने त्यस देशमा यस्तो साहित्य सृजना हुन सक्तैन जसले मानिसलाई जगाओस्, उन्नतिको पथ प्रदर्शन गरोस् र सो कृति अमर रहोस् हो यस्तो लेखकहरूले कसैले दिएको दान र बक्सिस पाएर अवश्य आरामको जिन्दगी गुजार्न पाउने छ । यस्तो साहित्यलाई साहित्य मानिँदैन, यो हो कसैले आफनो आत्मा र दिमाग बेचेको स्थायी प्रमाण पत्र मात्र ।

राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाले आम जनतामा शिक्षाको प्रचार गरी, उनीहरूको पढाई लेखाईको प्रबन्ध गरी उनीहरूको ज्ञानको स्तरलाई निरन्तर बढाएर पाठकहरूको संख्यामा वृद्धि गर्नेछ र साथै गैर पूँजीवादी तरीकाले देश विकास गरी आम जनताको आर्थिक स्थिति मजबूत गरेर उनीहरूको क्रयशक्ति बढाएर साहित्यकारहरूको साहित्यको निमित्त विस्तृत बजार तयार गर्नेछ ।

हाम्रो जस्तो सानो क्षेत्रफल तथा सानै जनसंख्या भएको जर्मन जनवादी गणतन्त्र जसलाई पूर्वी जर्मनी या समाजवादी जर्मनी पनि भनिन्छ त्यस देशले साहित्य र यसको प्रकाशनमा गरेको उन्नति नेपाल र नेपालीहरूको निमित्त अनुकरणीय छ । जर्मन जनवादी गणतन्त्रको जनसंख्या हो एक करोड सत्तरी लाख । नेपालीहरूको जनसंख्या पनि नेपालभित्र र नेपालबाहिर बसोबास गरिरहेको सबै मिलाएर भन्दै यतिकै होला । जर्मन जनवादी गणतन्त्रले हरेक साल ११ करोड ५० लाखभन्दा ज्यादा पुस्तकहरू प्रकाशित गर्दछ । प्रतिवर्ष ५०० प्रकारको पुस्तकहरू प्रकाशित गरिन्छ । हर साल विदेशी लेखकहरूको लगभग ७०० पुस्तकहरू अनुवाद गरेर प्रकाशित गरिन्छ । जर्मन १०३ जनवादी गणतन्त्रमा ३६ दैनिक अखबारहरू र ५३० पत्र पत्रिकाहरू प्रकाशित हुन्छ ।

आजको नेपालमा यो कुरोहरू सम्भव छैन । तर यही नेपालमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम अनुसार देश विकास हुन थालेपछि जर्मन जनवादी गणतन्त्रमा हुन सकेको साहित्यको विकास नेपालमा पनि हुन सक्छ ।

राष्ट्रिय प्रजातन्त्रले बच्चाहरू र तरुणहरूको निमित विस्तृत रूपले साहित्य प्रकाशन गर्नेछ । संसारको विभिन्न देशहरूको प्रगतिशील मानवीय धरोहरलाई नेपालको साहित्यमा उचित स्थान दिइनेछ । चाकडी र चाप्लूसीबाज साहित्यको बदला मानवतावादी साहित्यले राष्ट्रिय प्रजातान्त्रिक नेपालमा विशेष प्रोत्साहन पाउनेछ ।

गाउँ, पहाडसहित सबै ठाउँहरूमा सार्वजनिक पुस्तकालयहरू खोलिने छ । मानवतावादी साहित्यलाई प्रोत्साहित गर्नको निमित्त तथा साहित्यकारहरूमाथि प्रकाशकहरूको अन्याय र शोषण खतम गर्नको निमिति राष्ट्रिय प्रजातान्त्रिक सरकारले प्रगतिशील लेखकहरूको स्वतन्त्र सङ्गठन बनाएर प्रकाशन कार्यमा उनीहरूको पनि सुझाव लिने र राष्ट्रिय प्रकाशन मण्डलमा उनीहरूको पनि प्रतिनिधि सामिल गरी लेखकहरूमाथिको आजको शोषण र असुविधाहरू खतम गरी उनीहरूको कार्यलाई सफल बनाउनेछ र उनीहरूको कदर गरिनेछ ।

**भाषा**

हाम्रो देशमा विभिन्न भाषाहरू बोल्ने जनता छन् । हाम्रो देशको राष्ट्रिय उत्थानको निमित्त यी विभिन्न भाषा बोल्ने जनतालाई आ-आफ्नो भाषामा पढ्ने, लेख्ने, बोल्ने र साथै अड्डा अदालतमा आ-आफ्नो भाषाको प्रयोग गरी आफनो विचार प्रकट गर्ने अधिकार हुनु पर्छ । सबैको प्राथमिक र माध्यमिक स्तरको शिक्षा आ-आफ्नो भाषामा प्रबन्ध गर्न सकिन्छ ।

यसभन्दा उच्च शिक्षा कहाँसम्म विभिन्न जातीय भाषामा सम्भव हुनेछ राष्ट्रिय प्रजातान्त्रिक सरकारले छानवीन गररे यथासम्भव काम गर्नेछ ।

विभिन्न भाषालाई दबाएर होइन विभिन्न भाषालाई स्वतन्त्रता तथा समान हक दिएर नै राष्ट्रिय एकताको निर्माण भएर आउने छ । जब कसैले कसैलाई कुनै क्षेत्रमा पनि दबाउने छ त्यसवेलासम्म आपसमा भित्री दिलदेखिको मेलमिलाप र सद्भावना असम्भव छ । गोचाली पत्रिकाले पन्ना ६५ मा सही ढङ्गले भाषाको समस्यालाई उठाएर भनेको छ, “शोषण मध्ये भाषाको शोषण सबभन्दा

खतरनाक शोषण हो।" भाषालाई प्रोत्साहन दिएर नै कुनै जाति र वर्गको उन्नतिको राम्रो उत्थानको सम्भावना हुन्छ।

आ–आफ्नो भाषाको प्रोत्साहन दिनको साथै तमाम नेपाली जनता बीच विचारको आदान प्रदानको निमित्त एउटा साझा भाषाको पनि उन्नति गर्नु जरूरी छ र यी भाषाहरूले एक दोस्रोको पूरकको काम गर्नेछ।

**सामाजिक सुरक्षा**

आजको समाजले राजा, राजाको सन्तानहरू, भाइभारदारहरू, मन्त्रीहरू, ठूलठूला आफिसर, गाउँघरका सामन्तहरू, पूँजीपतिहरूको निमित्त सबैथोक मिलाइएको छ। उनीहरूको निमित्त कुनै चिन्ता छैन। राजाले राजपरिवार खर्च व्यवस्था ऐन बनाएर आफ्नो र आफ्नो परिवारको निमित्त सालाना करिब डेढ करोड रुपयाँको खर्च मिलाएको छ। यो खर्च राजाको मृत्युपछि ६ महिनासम्म चालू रहने कानून बनाइएको छ।

जनताको निमित्त ? जनता बुढो पनि हुन पाउँदैन, कामबाट बरखास्त हुन्छ, नोकरी खोसिन्छ। बिरामी भयो नोकरी नै खोसिन्छ। दुर्घटना भयो, काम गर्न सकिन्न बालबच्चाहरू भोकै मर्नु पर्छ। बुढो भयो देखभाल गर्ने कोही हुन्न, भीख माँगेर जिउनु पर्छ। आमाबाबु मऱ्यो टुहुरो भएर पढ्न लेखन पाउँदैन, अर्काको नोकर भएर जिउनु पर्छ। नोकरीबाट बरखास्त भयो भोकै जीवन बिताउनै पर्छ, केटाकेटी पढाउन सकिन्न। महिलाहरूको लोग्ने मऱ्यो, जीवन बरवाद भएर जान्छ, अपमानको जीवन बिताउनु पर्छ। हेर्ने को ?

जब राजालाई आफनो सन्तानहरूको चिन्ता छ भने, यो डेढ करोड दुनियाको निमित चिन्ता लिने को ? राष्ट्र सबैको साझा हो। यसै निमित्त आफनो राष्ट्रभित्र सबैले सुनिश्चित जीवन बिताउने अधिकार सबैले पाउनुपर्छ। आज यो अधिकार जनताबाट खोसिएको छ। राष्ट्रिय प्रजातन्त्रले यस अधिकारलाई जनतामा फर्काउने छ। राष्ट्रिय प्रजातन्त्रले समाजवादमा संक्रमण गर्नेछ र आफनो देशको उन्नतिको साथै देशको आमदामीबाट तमाम जनताको निमित्त जीवन सुरक्षा गर्न निम्न कार्य गर्नेछ–

(क) देशका तमाम केटाकेटीहरूको निमित्त पढ्ने इन्तजाम गरिने छ। टुहुरो र गरिब माता-पिताको सन्तानहरूलाई विशेष मदत गरिने छ ताकि उनीहरूको जीवन पढ्न लेख्न नपाई बरबाद हुन नपाओस् र उनीहरूले पनि उच्चभन्दा उच्च शिक्षा प्राप्त गर्ने मौका पाओस्।

(ख) देश उन्नतिको साथै सबैको सन्तानको निमित्त यो प्रबन्ध गरिनेछ। गाउँ, देहात, पहाडमा पनि हर बच्चाले पढन पाओस् भन्ने हेतुले ठाउँ ठाउँमा स्कूलको प्रबन्ध गर्नाका साथै ग्रामकोषबाट तहाँको तमाम बच्चाहरूले पढ्न लेख्न पाउने इन्तजाम मिलाइने छ।

-पढ्न लेख्न सिकेपछि सबैको निमित्त योग्यतानुसार कामको ग्यारण्टी गरिने छ र उनीहरूको योग्यता वृद्धिको निमित निरन्तर प्रयास जारी रहनेछ।

-सबै जनताको निमित्त बिमारी वेला बिमारी भत्ता, डाक्टर, औषधि उपचारको प्रबन्ध गरिने छ।

महिला मजदूरिन- किसानहरू र कर्मचारीहरूलाई गर्भावस्थामा चाहिने कुराहरूको मदत र सुत्केरी भत्ता इत्यादिको साथै सुत्केरी छुट्टीपछि उनीहरूको कामको वेला बच्चाहरूको देखभालको निमित्त कामको इलाकाहरूमा शिशु सदनहरूको प्रबन्ध हुनेछ। काम सिद्धिएपछि महिलाहरूले आ-आफ्नो केटाकेटी लिएर घर फर्कन्छन्।

समाजवादी मुलुकहरूमा लोग्ने मानिसलाई ६० वर्षदेखि र महिलाहरूलाई ५५ वर्षदेखि बुढेसकालको भत्ताको प्रबन्ध गरेका छन्। राष्ट्रिय प्रजातन्त्रले नेपालमा तमाम बुढाबुढीहरूको निमित्त बुढेसकालको भत्ताको इन्तजाम गर्नेछ, ताकि उनीहरूले कसैको मुख ताकन नपरोस्। जसको छोरा छैन वा छोरा बुहारीसँग मिलेर बस्ने स्थितिमा छैन, त्यस्तो बुढाबुढीहरूको निमित्त "आदरणीय गृहहरूको" प्रबन्ध गरी उनीहरूको राम्रो हेरचाह गरिनेछ। ती आदरणीय गृहहरूमा उनीहरू को बसोबास, खान लाउन र हेरचाहको अलावा उनीहरूको मनोरञ्जनको पनि पूरा प्रबन्ध रहनेछ। उनीहरूको जीवन निठल्ला बसेर बेकार नहोस् भन्ने हेंतुले बुढाबुढीहरूको निम्ति हल्का तथा कलात्मक

कामहरूको पनि प्रबन्ध हुनेछ, जसबाट उनीहरूले पाउने बुढेसकालको भत्तामा थप आमदानी गर्न सकनेछ ।

बुढा बुढीहरूलाई सम्मानको साथ सामाजिक तथा सांस्कृतिक सभाहरूमा बोलाइनेछ । उनीहरूले उपेक्षित जीवन बिताउने छैन ।

**स्वास्थ्य तथा सामाजिक सेवाहरू**

असल स्वास्थ्यको मतलब खाली रोगबाट मुक्त हुनुमात्र होइन, न त ४ मनको शरीर लिएर चल्नै नसक्ने गरी मोटाएर बस्ने हो । विश्व स्वास्थ्य सङ्गठनको भनाई अनुसार स्वस्थताको मतलब हो पूर्ण रूपले शारीरिक एवं मानसिक र सामाजिक रूपले सुखी जिन्दगी । मानिसको व्यक्तित्व निर्माणको निमित्त यो एक नभै नहुने शर्त हो ।

आजकल कतिपय समाजवादी देशहरूले टाइफायड (म्यादीज्वर), चेचक, हैजा, मलेरिया, टी.बी. (क्षयरोग), पोलियो इत्यादि रोगहरूलाई आफनो देशबाट निर्मूल पारिसकेको छ ।

रोग लागेपछि रोग निवारण गर्ने कार्यले मात्र मानिसको स्वास्थ्य रक्षा हुने छैन । यसको निमित्त रोग दूर गर्ने, स्वास्थ्य रक्षा, रोग लाग्न नदने, रोग पत्ता लगाउने इत्यादि कुरोको पनि प्रबन्ध हुनु जरूरी छ । मानिसहरूमा स्वास्थ्यबर्धक आचरण डाल्न शारीरिक व्यायाम खेलकूद र मनोरञ्जनको प्रबन्ध तथा तमाम जनताको निमित्त वैज्ञानिक ढङ्गले पौष्टिक पदार्थ र सन्तुलित भोजनको पनि प्रबन्ध हुनु जरूरी छ । यो तमाम कुरोहरूमा राष्ट्रिय प्रजातान्त्रिक सरकारले ध्यान दिनेछ ।

समय-समयमा चेचक, क्षयरोग, डिपथीरिया, टाइफाइड, हैजा, कुकुर खांसी, टैटनस, पोलियो, दादुरा र अरू संक्रामक रोगहरू रोकने टीका लगाउने प्रबन्ध गरिने छ ।

आम जनताको निमिति सुव्यवस्थित र विस्तृत रूपले शारीरिक परीक्षणको व्यवस्था मिलाइने छ, ताकि मुट्ठीभर सामन्तहरू र पूँजीपतिहरू मात्र हैन

सम्पूर्ण जनताले स्वस्थ र सुखी जीवन बिताउन पाओस् ।

## खेलकूद

राष्ट्रिय प्रजातान्त्रिक सरकारले नेपालको संस्कृतिको अभिन्न अङ्गको रूपमा आम जनताको निमित शारीरिक व्यायाम, खेलकूद र पर्यटनको प्रबन्ध गर्नको साथै उनीहरूको शारीरिक र बौद्धिक विकासको निमित्त प्रयत्नशील रहने छ ।

पुरुषहरू, महिलाहरू र बच्चाहरू सबैले स्वास्थ्यबर्धक खेलकूदमा भाग लिनेछ । आम जनताको कुशलता र व्यक्तित्वको विकासको निमित्त शारीरिक व्यायाम खेलकूदको प्रबन्ध हुनु अति आवश्यक छ ।

## विदेश नीति

राष्ट्रिय प्रजातान्त्रिक नेपालको परराष्ट्र नीति आफनो देशको स्वतन्त्रता, सार्वभौमिकता, एकता र क्षेत्रीय अक्षुण्णताको रक्षा गर्नको साथै विश्वशान्ति र अरू सम्पूर्ण राष्ट्रहरूसँग मैत्रीपूर्ण सहयोगको पक्षमा हुनेछ र साम्राज्यवाद र नवउपनिवेशवादको विरोधमा हुनेछ ।

छिमेकी राष्ट्रहरूसँग आपसी सद्भावना, समानता र आपसी फायदाको आधारमा शान्तिपूर्ण सहअस्तित्व, सहयोग र मैत्रीपूर्ण सम्बन्धको वृद्धि गरिनेछ ।

सामन्ती र पूँजीवादी सरकारहरूले आफ्नो व्यक्तिगत स्वार्थका निमिति राष्ट्रिय हित र राष्ट्रिय विकासमा बाधा पर्ने गरी गरिराखेको असमान सन्धिलाई समानता, आपसी फायदा, आपसी सद्भावना र सम्मानको ख्याल राखी दोहोऱ्याई नयाँ सन्धि र सम्झौता गरिनेछ । र यसरी छिमेकी राष्ट्रहरूसँग हुने मनमुटावको कारणलाई खतम गर्नेछ समानता र आपसी फायदाको आधारमा व्यापार सम्बन्ध राखिनेछ ।

शान्ति र प्रजातन्त्रवादको निमित्त साम्राज्यवाद तथा अत्याचारी शासनको विरोधमा सङ्घर्ष गर्ने विदेशी जनतालाई आश्रय दिनेछ ।

अन्य मुलुकहरूसँग एक दोस्रोको स्वतन्त्रता, सार्वभौमिकता क्षेत्रीय अक्षुण्णताको आदर गर्दै एक दोस्रोको भित्री मामलामा हस्तक्षेप नगरी समानता, आपसी

फायदा र शान्तिपूर्ण सह-अस्तित्वको आधारमा कूटनीतिक सम्बन्ध राखिनेछ ।

कुनै मुलुकसँग फौजी सन्धि गरिनेछैन, विदेशी फौजी अखाडाहरू र विदेशी फौजी आफिसरहरू नेपालमा राखिनेछैन ।

नेपालको प्रतिक्रियावाद विरोधी, नवउपनिवेशवाद विरोधी प्रजातान्त्रिक सङ्घर्षमा सहानुभूति राख्ने, समर्थन गर्ने र मदत गर्ने देशहरूसँग मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ गर्नेछ ।

विश्व समाजवादी खेमाको एकताको रक्षा गरिनेछ । समाजवादी मुलुकहरूसँग भ्रातृत्वपूर्ण सम्बन्ध कायम गर्नेछ ।

आजसम्मको सामन्ती तथा पूँजीवादी सरकारहरूले गरी आएको नेपाली जनताको खूनको व्यापार बन्द गरिनेछ । देशको जनतालई नेपालभित्र उचित कामको प्रबन्ध गरी विदेशी फौजी भर्ती केन्द्र बन्द गरिनेछ ।

विश्व प्रतिक्रियावाद र फौजी तानाशाहीको विरोधमा विश्वशान्ति, प्रजातन्त्रवाद, समाजवाद र मानवतावादको पक्ष लिनेछ । विश्वको शोषित र पद दलित मानवजातिको मुक्तिको पक्ष लिइने छ ।

एशिया, अफ्रिका तथा लैटिन अमरिकाको राष्ट्रिय जनमुक्ति आन्दोलनको सक्रियताका साथ समर्थन गरिनेछ । अमरिकी साम्राज्यवादको बर्बर अत्याचारमा परेको देशको जनसङ्घर्षलाई सक्रियताका साथ समर्थन गर्नेछ । विश्वको सम्पूर्ण देशहरूमा शान्ति, प्रजातन्त्र र सामाजिक प्रगतिको निमित्त हुने सङ्घर्षहरूलाई सक्रियताका साथ समर्थन गरिनेछ । हामी अमेरिकी साम्राज्यवादको विरोधी छौँ, तर त्यस देशको कालो होस् या गोरा मजदूरवर्ग तथा अन्य मेहनतकश जनताको पक्षको न्यायपूर्ण सङ्घर्षलाई सक्रियताका साथ समर्थन गर्छौँ पनि ।

अमेरिकी जनता लगायत विश्वको तमाम जनताको जनवादी सङ्गठन, अन्तर्राष्ट्रिय जनवादी सङ्गठनहरूसँग सम्बन्धलाई विकास गरी ठोस रूप दिइने छ ।

## विदेशबाट आएका नागरिकहरू

ती डाक्टर, मास्टर, प्रोफेसरहरू र अन्य मेहनतकश जनता जसले ईमानदारीका साथ नेपालमा काम गरी आएका छन् र नेपाल र नेपाली जनताको प्रति बफादार छन् उनीहरूको इच्छानुसार नेपालको नागरिकहरूले पाएको हक, अधिकारहरू र सुविधाहरू पनि पाउने छन् । उनीहरूले नेपालको स्वतन्त्रता, सार्वभौमिकताको कदर गरी राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाको नियम कानूनलाई मानेर नेपाल र नेपाली जनताको सामाजिक विकासमा सबै मेहनतकश जनता सरह भाग लिने छन् ।

यस कुरोमा हामी स्पष्ट छौँ कि हामी विदेशी व्यापारीहरूद्वारा हुने होडको विरोधी छौँ, विदेशी पूँजीको विरोधी छौँ र स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको पक्षमा छौँ । यसको मतलब विदेशबाट आएका मेहनतकश जनताको पनि विरोधी छौँ भन्ने होइन । नेपालमा बसोबास गरिआएको मेहनतकश जनताले जो खुलेआम या गुप्त रूपले राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाको विरोधी छैनन् नेपाली जनताले पाउने समान हक र सुविधा प्राप्त गर्ने छन् ।

## धर्म

हाम्रो देश नेपाल विभिन्न प्रकारको धर्म मान्ने मानिसहरूले बसोबास गरेर अएको देश हो । यहाँ शाक्त, शैव, वैष्णव, महायान र हीनयान दुवै प्रकारको बौद्ध धर्म मान्ने जनता बसोबास गर्दछन् । यस वाहेक यहाँ भूत पूजा गर्ने जातिहरू पनि छन् । अनि साथै मुस्लिम धर्म मान्ने जनता पनि धेरै संख्यामा छन् ।

यहाँ मासु नखानेलाई नास्तिक भन्ने तान्त्रिक र शाक्त धर्म पाइन्छ भनें, मासु खानु पाप हो भन्ने वैष्णव धर्म पनि पाइन्छ । यहाँ गणेश इत्यादि देवता पूजा गरेर धर्म प्राप्त गर्नेहरू छन् भने अर्कातिर यस्तो पूजा नगरी भूतपूजा गरी धर्म कमाउनेहरू पनि छन् । राजा महेन्द्रले नेपाललाई हिन्दु धर्म प्रधान देश मानेका छन् । तर स्वयं हिन्दु धर्ममा विभिन्न मतमतान्तरहरू छन्, हिन्दु धर्ममा ६ दर्शन मध्ये २ वटा ईश्वरवादी छन् भने अरु ४ वटा अनीश्वरवादी छन् ।

तसर्थ सवाल छ कुन चाहिँ हिन्दु धर्म प्रधान देश नेपाल हो ?

स्पष्टतः नेपालले उन्नति गरेर खाने हो भने यी विभिन्न धर्म मान्ने जनताको बीच प्रेम, सद्भावना र आपसी मेलको अत्यन्त जरूरी छ । धर्म निजी विश्वासको कुरो हो । तसर्थ राष्ट्रिय प्रजातान्त्रिक सरकारले यी विभिन्न धर्महरूमा हस्तक्षेप गर्ने कार्य गर्नेछैन । राष्ट्रिय प्रजातान्त्रिक सरकारले धर्म सहिष्णुतामा विशेष जोड दिनेछ र साथै आम जनताको चेतनालाई सही दिशा दिने काम गर्नेछ । मानिसहरूका बीच वैचारिक आदान-प्रदान गर्ने, छल-फल गर्ने र वैज्ञानिक दृष्टिकोण अपनाउने हक सबैलाई हुनेछ । विभिन्न प्रकारको दर्शनहरूको अध्ययन गरी सही निर्णय र निचोडमा पुग्ने हक सबैलाई हुनेछ ।

नेपाल परापूर्व कालदेखि एक धर्म सहिष्णु देश हो । यहाँ धर्मको नाममा एक दोस्रोलाई मारकाट गर्ने साम्प्रदायिक दङ्गा थाह थिएन ।

काठमाडौँभित्र यस्ता कयौँ पर्वहरू छन जसलाई हिन्दु र बौद्ध दुवैले समान रूपले मान्दछन् र दुवैले मिलीजुली भाग लिन्छन् । तराई क्षेत्रमा हनुमान झण्डा मनाउने कार्यमा मुसलमान किसानहरू सक्रिय रूपले काम गर्छन् भने ताजियाको वेला हिन्दु किसानहरूले उत्तिकै उत्साहका साथ यसलाई सफल बनाउने प्रयासमा लाग्ने गर्छन् ।

जनताको बीचमा परापूर्व कालदेखि चलि आएको यस भावनालाई यो एकतन्त्री हुकूमतले तोडी बारा, रौतहट सर्लाही. हिन्दु मुसलमान दंगा गराउने कार्य गरे ।

राष्ट्रिय प्रजातान्त्रिक सरकारले विभिन्न प्रकारको साम्प्रदायिक भावना खतम गरेर नेपाली जनता आपसमा प्रेम र सद्भावना राखी मिलेर बस्ने कुरोलाई प्रोत्साहन दिई जनताको एकताप्रति विशेष जोड दिने छन् । साथै जनतामा चेतना बढाएर सही विचार धारा अपनाउने र सही दर्शनको ज्ञान वृद्धि गराउने कार्यलाई विशेष प्रोत्साहित गर्नेछ ।

यहाँ एक कुरो याद गर्नुछ, धार्मिक स्वतन्त्रता भन्नाले साम्राज्यवाद र प्रतिक्रियावादको स्वार्थ रक्षा गर्ने तथा जनतामा फुट डाल्ने र जनताको

क्रान्तिकारी तथा प्रगतिशील भावनालाई कुण्ठित गर्नको निम्ति भेंडाको खाल बढी आउने ब्वाँसो जस्तो धर्म ढोंगीहरूमाथि भने जनताले स्वयं सतर्क भई यसको पर्दाफास गर्न अति जरूरी छ। धर्मको पर्दाभित्र लुकेर आउने यस्तो प्रतिक्रियावादी संस्थामाथि कडा कारबाही गर्न पनि आवश्यक पर्न जान्छ।

होइन भने राष्ट्रिय प्रजातान्त्रिक सरकारले मानिस मानिसको बीचमा प्रेम, सद्भावना फैलाउने तथा देश र जनताको प्रगति उन्नतिमा बाधा नदिने हर धर्मलाई आ-आफ्नो विश्वास अनुसार आचरण गर्ने हक हरेकलाई हुनेछ। आ-आफ्नो विश्वास अनुसार पूजा, पाठ, योग, समाधि इत्यादिको अभ्यास गर्ने हक सबैलाई हुनेछ। साथै राष्ट्रिय प्रजातान्त्रिक सरकारले नेपालमा वैज्ञानिक दृष्टिकोणलाई प्रोत्साहन दिई हर चीजलाई केलाएर हेर्ने शक्तिको विकास गर्नेछ।

**राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थामा नेपाली जनताको मूल अधिकारहरू**

(१) राष्ट्रिय प्रजातान्त्रिक सरकारले नेपालको सम्पूर्ण नागरिकहरूलाई आफनो अधिकारहरू व्यवहारमा ल्याउने ग्यारेण्टी दिनेछ।

(२) हरेक व्यक्तिको इज्जत र स्वतन्त्रताको रक्षा र कदर गर्नु हरेक राज्य शासनको अङ्गको कर्तव्य हुनेछ।

(३) शोषण, दमन र आर्थिक पराधीनताबाट मुक्त हरेक नागरिकले आफ्नो योग्यता पूर्णरूपले विकास गर्ने पूरा मौका र समान अधिकार प्राप्त गर्नेछ।

(४) नेपालको हरेक नागरिक चाहे त्यो कुनै धर्म मान्ने होस् वा जातिको होस् सबैको उही हक र कर्तव्य हुनेछ।

(५) पुरुष अथवा स्त्री दुवैको उही हक हुनेछ र हर सामाजिक क्षेत्रमा उही कानूनी अधिकार पाउने छ।

(६) नेपालको हरेक नागरिकले आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक जीवनको विकास गर्ने कार्यमा भाग लिने अधिकार रहनेछ।

(७) नेपालको हरेक नागरिकले राज्यको हरेक अङ्गलाई प्रजातान्त्रिक ढङ्गले

चुन्ने, तिनहरूको कार्यमा सरिक हुने र सामाजिक जीवनको निर्माण गर्ने, योजना बनाउने र प्रबन्ध गर्ने अधिकार सुरक्षित रहनेछ ।

(८) हरेक नागरिकले आफ्नो राय जाहिर गर्ने आफ्नो माग माग्ने अधिकार सुरक्षित रहने छ ।

(९) १८ वर्ष लागेका हरेक नागरिकले मत दिने र स्थानीय प्रतिनिधि संस्थाहरूमा चुनिने अधिकार हुनेछ ।

(१०) राष्ट्रियस्तरको प्रतिनिधिसभामा २१ वर्ष पुगेपछि चुनिने अधिकार प्राप्त गरिने छ ।

(११) चुनावको दौरान मूल नीतिहरूमा विना रोक-टोक खुला बहस गर्ने अधिकार सुरक्षित रहने छ ।

(१२) हरेक नागरिकले आफनो राय खुलेआम स्वतन्त्रतापूर्वक जाहिर गर्ने अधिकार सुरक्षित रहने छ ।

(१३) छापाखाना, रेडियो र टेलिभिजनको स्वतन्त्रता ग्यारण्टी हुने छ ।

(१४) शान्तिपूर्ण ढङ्गले विना हतियार सभा, सङ्गठन गर्ने अधिकार सुरक्षित रहने छ ।

(१५) सभाभवनहरू, सभा गर्ने मैदानहरूको प्रबन्ध हुनेछ र यी सभा भवनहरू र सभा मैदानहरूमा विना रोक-टोक आम सभाहरू गर्ने अधिकार रहने छ ।

(१६) सडकहरूमा जुलूस निकाल्नु र प्रदर्शन गर्ने हक अक्षुण्ण रहनेछ ।

(१७) आम मेहनतकश जनताको हक र अधिकारको सुरक्षाको निम्ति सभा, सङ्गठन र जलुस प्रदर्शन गर्ने अधिकार अक्षुण्ण रहनेछ ।

(१८) कसैलाई पनि बिना अपराध छेकथुन गर्ने छैन ।

(१९) हर नागरिकलाई आफ्नो देशभित्र एक ठाउँबाट अर्को ठाउँमा जाने अधिकार रहने छ ।

(२०) हरेक नागरिकले कानूनी सुरक्षा प्राप्त गर्नेछ ।

(२१) सबै नागरिकले काम गरी खाने अधिकार प्राप्त गर्नेछ ।

(२२) हरेक नागरिकले फुर्सद र आरामको अधिकार प्राप्त गर्ने छ, यसको निम्ति दैनिक कामको घण्टा र साप्ताहिक कामको समय तोकिने छ र साल सालै सवैतनिक छुट्टीको प्रबन्ध गरिने छ ।

(२३) नेपाली जनतासँग करकापमा श्रमदान भनि मुफ्तमा काम लिने र श्रमदान नदिनेहरूलाई दण्ड गर्ने व्यवस्था खतम गर्नेछ ।

(२४) जनतामाथि लादिएको नानाथरिको टाक्स करहरू खतम गरिने छ ।

(२५) जनताले वन जङ्गलको सामान छुन नपाउने, नदीमा माछा मार्दा कर तिर्नु पर्ने इत्यादि जनविरोधी कानूनहरू खत्म गरिनेछ ।

(२६) आफ्नै बारीको रुख काट्दा तिर्नु पर्ने कर खतम गर्नेछ ।

(२७) ठाउँ ठाउँमा पुल तर्दा लाग्ने कर खतम गर्नेछ ।

२८) गाई–भैंसीहरू माथि लाग्ने नाना थरिको करहरू खतम गर्नेछ ।

(२९) जनताले जसरी हुन्छ काम गरेर खाउन् भन्ने नीति नै राष्ट्रिय प्रजातान्त्रिक सरकारले लिनेछ ।

**राज्य शासन व्यवस्थाको राजनीतिक रूप**

हाम्रो अगाडि एक सवाल आउँछ, के माथि उल्लिखित अधिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रम सम्भव छ ? के त्यो कार्यक्रम व्यावहारिक हो ?

यसको जवाब दिनुभन्दा अगाडि हामी एक सवाल अर्को गरौँ । के चिनी बनाउन सम्भव छ ? के बाबियोबाट कागज बनाउन सकिन्छ ?

उखुबाट जवाब स्पष्ट छ, वैज्ञानिक ढङ्गले गरेमा सम्भव छ, अवैज्ञानिक ढङ्गले गरेमा असम्भव छ । यसको निम्ति उपयुक्त मशीनको जरुरत छ । पुरानो घानी चलाएर कढाईमा पकाएर उखुबाट चिनी बन्न सक्तैन ।

यस्तै देशको आर्थिक, सामाजिक या सांस्कृतिक परिवर्तनको निम्ति पनि वैज्ञानिक बाटा अपनाए सम्भव छ, अवैज्ञानिक बाटो अपनाए असम्भव छ ।

मार्क्सवाद लेनिनवाद नै त्यो विज्ञान हो जसले समाजलाई परिवर्तन गर्ने बाटो देखाउँछ । अरु कुनै ढङ्गले समाजमा परिवर्तन आउन सक्तैन । विश्वमा मार्क्स नै सबभन्दा पहलो व्यक्ति हो जसले भने 'समाजलाई परिवर्तन गर्नु पर्छ र यसलाई परिवर्तन गर्न सकिन्छ' र जसले विश्वमानव जातिलाई समाजलाई परिवर्तन गर्ने अचूक र वैज्ञानिक बाटो पनि देखाए ।

आजको विश्वमा एकतिहाई भागले मार्क्सवादी लेनिनवादी वैज्ञानिक बाटो अपनाएर आ-आफ्नो देशलाई पुरानो प्रतिक्रियावादी सामन्ती शोषण दमन र पूँजीवादी तथा नव-उपनिवेशवादी शोषण दमनबाट मुक्त गरी एक नयाँ समाज बनाउन सफल भएको छ ।

यी देशहरूमा जो परिवर्तन आए कसैको सदिच्छामा आएन । ती देशहरूमा सर्वहारावर्गको नेतृत्वमा मजदूर किसान एकताको आाधारमा तमाम क्रान्तिकारी वर्गहरू, प्रगतिशील प्रजातान्त्रिक तत्त्वहरूसँग एकता कायम गरी राजनीतिक क्रान्ति पूरा गरेर नै यी कार्य सम्भव भए ।

स्पष्ट छ, हामीले आफ्नो देशमा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउनु छ भने पहिलो सवाल हो राजनीतिक क्रान्ति पूरा गर्नु । मार्क्स र लेनिनले सिखाएको शिक्षा हो, "कुनै देशको संस्कृति त्यस देशको राजनैतिक तथा आर्थिक व्यवस्थाको प्रतिबिम्ब हो ।" अर्थात् कुनै पनि देशको राजनीति र अर्थ व्यवस्थामा क्रान्तिकारी परिवर्तन नल्याई त्यस देशको संस्कृतिमा क्रान्तिकारी परिवर्तन ल्याउन सकिन्न ।

साथै हरेक देशको अर्थव्यवस्था त्यस देशको राजनीतिक व्यवस्थाको विस्तृत रूप मात्र हो । त्यस देशको राजनैतिक व्यवस्था तहाँको अर्थ व्यवस्थाको सूक्ष्म रूप हो । नीमको पेडमा सुन्तला फल्न सक्तैन । यस्तै सामन्ती राजनैतिक व्यवस्था होस् या पूँजीवादी राजनीतिक व्यवस्थामा समाजवादी आर्थिक व्यवस्था आउन सक्तैन, न त तमाम जनताको जीवन सुनिश्चित गर्न सकिन्छ । स्पष्टतः राजनीतिक क्रान्ति समाज व्यवस्थामा परिवर्तन ल्याउने पहिलो शर्त हो ।

आदिकालमा जब समाजमा आदिम साम्यवाद थियो त्यसवेला न राजा थिए, न राज्य थियो । त्यसवेला मानिसहरूमा न धनी थियो न गरिब । सबै बराबर थिए । यस्तो वेला राजाको जरुरत थिएन । क्रमशः समाजको विकासको दौरान दास समाजको अन्तिम चरणमा सामन्ती समाजको प्रादुभाव भएपछि नै सामन्ती व्यवस्थाको साथसाथै राजाको पनि प्रादुभाव भएको हो । सुरुको वेला जनताबाट चुनिएर नै राजा बनाइयो । गोरखामा सालको एक पटक गोरखनाथको सिंढीमा दौड लगाएर पहिलो हुने व्यक्ति त्यस वर्षको निम्ति राजा बनाइन्थ्यो भने साँखुमा हात्तीले चुनाएर राजा बनाइन्थ्यो । नेपालको लिच्छवी वंशका राजाहरू जनताद्वारा चुनिएर राजा बन्थे । बाबु मरेपछि छोरा राजा हुने चलन शाषणारुढ राजाहरूको स्वार्थमा आधारित षडयन्त्रको फल स्वरूप धेरै पछि आएर चलेको हो । अस्तु ।

जे होस् राजतन्त्र परापूर्व कालदेखि चलेको चलन होइन । पछि गएर राजाहरूले आफूलाई भगवान्को अवतार हूँ भनेर पनि प्रचार गर्न थाले । भारतका पुरानो राजाहरू एक से एक आफूलाई भगवान हूँ भन्ने गर्थे । तर ती भगवानहरूलाई सर्वप्रथम ग्रिसबाट आएका अलेकजेन्डरले हराए । तिनीहरू पछि मुसलमान आक्रामकहरूको हाथमा पराजित भए । अङ्ग्रेजहरूले भारतका राजाहरूलाई आफ्नो चाकडीबाज बनाएर राखे । आज सबै राजाहरूको सारा अधिकार भारतीय जनताले चुनेको संसदले खोसे । ती सम्पूर्ण भगवानहरू नष्ट भएर गए ।

संसारको विभिन्न देशका राजाहरू आफूलाई भगवान हुँ भनी प्रचार गर्थे तर ती भगवान्हरू जनताको लात खाएर एक-एक गर्दै बिलाएर गए । रूसको बादशाह, चीनको बादशाह अब संसारमा छैनन् । जबसम्म ती देशहरूमा बादशाहको हुकूमत चल्यो त्यस देशको जनताले हाम्रो देशको जनता झैँ नै दुःख पाएर जीवन बिताए । आज ती मुलुकहरूमा बादशाह छैन, जनताको राज छ, अब त्यहाँबाट दुःख दरिद्रता पनि भागे ।

हरेक देशको दुःख र दरिद्रता राजा र राजतन्त्र कै देन हो । राजतन्त्र सामन्ती

व्यवस्थाको प्रतीक हो । सामन्ती शोषण र दमन व्यवस्था कायम राख्नको निम्ति नै राजाको जन्म भएको हो । सामन्ती व्यवस्था खतम हुन्छ, राजतन्त्र पनि खतम हुनुपर्छ । यसकारण अब राजाले विदेशी पूँजीपतिवर्गसँग सम्झौता गरी साम्राज्यवादीहरूसँग साँठगाँठ गरी नेपाललाई नवउपनिवेशवादमा परिणत गर्न लगेको हो । तसर्थ देशमा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा आमूल परिवर्तन गर्ने हो भने यो राजतान्त्रिक व्यवस्थालाई पनि बदल्ने पर्छ । सामन्ती राजनीतिक व्यवस्थामा तमाम जनताको जीवन सुनिश्चित असम्भव छ । साथै पूँजीवादी प्रजातन्त्रले पनि पूँजीपतिवर्ग खास गरी विदेशी पूँजीपति वर्गको नै सेवा गर्ने हुँदा यसले पनि सामन्तहरूसँग सम्झौता गरी देशलाई नवउपनिवेशवादमा ने परिणत गर्ने हो ।

राजतन्त्र सामन्ती राजनीतिक व्यवस्था हो भने पूँजीवादी प्रजातन्त्र पूँजीवादी राजनीतिक व्यवस्था हो र नेपाल जस्तो पिछडिएको देशमा पूँजीवादी प्रजातन्त्र भन्नुको मतलब हो नवउपनिवेशवादी राजनीतिक व्यवस्था, जहाँ जनता फेरि विदेशी पूँजीपतिहरूको दास नै भएर जिउनु पर्नेछ । यसै निम्ति नेपाली जनताले आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देशको मालिक बन्ने हो भने राजनीतिक क्षेत्रमा पनि यसले देशको मालिक बन्नै पर्छ ।

राष्ट्रिय प्रजातन्त्र नै यस्तो प्रजातन्त्र हो जसले नेपाली जनतालाई सर्वप्रथम राजनीतिक तथा आर्थिक क्षेत्रमा देशको मालिक बनाउँछ । राष्ट्रिय प्रजातन्त्रको पहिलो शर्त हो, "राष्ट्रको मालिक अथवा राष्ट्रको सार्वभौम आम मेहनतकश जनता हो ।" राष्ट्रिय प्रजातान्त्रिक नेपालमा राजसत्ताको मालिक नेपाली जनता हो ।

सर्वहारावर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा अरू तमाम क्रान्तिकारीवर्गहरू र तमाम प्रगतिशील प्रजातान्त्रिक वर्गहरू एकजुट गरेर राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरेर नै नेपाली जनताले नेपालको राजसत्ता कब्जा गरी माथि उल्लिखित आर्थिक, सामाजिक र सांस्कृतिक कार्यक्रमलाई व्यावहारिक रूप दिन सक्नेछ ।

नेपाली जनताले आफूले सिधैँ चुनेको प्रतिनिधिहरूद्वारा नेपालमा राज चलाउनेछ, जो प्रतिनिधिहरूले जनताप्रति बफादार भएर काम गर्नु पर्नेछ र जसलाई चुन्ने मात्र होइन बर्खास्त गर्ने अधिकार पनि जनताको हातमा रहनेछ ।

नेपाली जनताले विभिन्न तहहरूमा आफूले सिधै चुनेको प्रतिनिधिहरूद्वारा गठित सभाहरूद्वारा आफ्नो राज्य गर्ने शक्तिको प्रयोग गर्नेछ । यी विभिन्न तहको प्रतिनिधिहरूले जनताप्रति बफादार भएर काम गर्नुपर्नेछ । यिनीहरूलाई चुन्ने र बर्खास्त गर्ने अधिकार आ- आफ्नो इलाकाको जनतालाई हुनेछ ।

आजसम्म जनतामाथि शोषण र दमन गरेर आएका प्रतिक्रियावादी सामन्तहरू तथा साम्राज्यवादी दलालहरूलाई चुन्ने र चुनिने अधिकारबाट बञ्चित राख्नु अति जरूरी छ । क्रान्तिको दौरान यिनीहरूलाई जनताले जनसभामा मुकदमा चलाएर यथोचित दण्ड दिनेछ ।

राष्ट्रिय प्रजातन्त्र मजदूरवर्ग एक्लैले शासित राजनीतिक व्यवस्था होइन, न त यो पूँजीपतिवर्ग ऐक्लैले शासित पूँजीवादी व्यवस्था हो यो राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था सर्वहारावर्गको नेतृत्वमा मजदूर किसान लगायत तमाम क्रान्तिकारीवर्गहरू, प्रगतिशील प्रजातान्त्रिक तत्त्वहरू, पार्टीहरू, संस्थाहरू र व्यक्तिहरूद्वारा संयुक्त रूपले शासित प्रजातान्त्रिक व्यवस्था हो । यस कुरोलाई मूर्त रूप दिन साम्राज्यवाद, नवउपनिवेशवाद र सामन्तवाद र प्रतिक्रियावाद विरोधी प्रजातान्त्रिक तत्त्वहरूको एक साझा कार्यक्रमको आधारमा एक व्यापक राष्ट्रिय संयुक्त मोर्चाको जरुरत छ, ताकि सम्पूर्ण नेपाली जनताले एक जिउ एक प्राण भई देशलाई अगाडि बढाउन सकोस् ।

यस्तो राष्ट्रिय संयुक्त मोर्चा मजदूरहरू, किसानहरू, राष्ट्रिय व्यापारीहरू, राष्ट्रिय पूँजीपतिहरू, सरकारी कर्मचारीहरू इत्यादि देशका विभिन्न क्रान्तिकारी वर्गहरू, क्रान्तिकारी पार्टीहरू, संघ-संस्थाहरू, र देशभक्तहरू तथा प्रगतिशील प्रजातान्त्रिक तत्त्वहरूको एक व्यापक संयुक्त मोर्चा हुनेछ । यस मोर्चाले देश निर्माण सम्बन्धी मूल नीतिहरू प्रतिनिधि सभाहरूमा छलफल गर्न प्रस्ताव

पठाउन सक्नेछ । राष्ट्रिय प्रतिनिधि सभा १८ वर्ष पुगेका तमाम जनताको मतदानद्वारा गठन हुनेछ ।

केन्द्रीय प्रतिनिधि सभा या संसद सर्वशक्ति सम्पन्न सार्वभौम रहनेछ । केन्द्रीय प्रतिनिधि सभाले मन्त्रीमण्डलको चुनाव गर्ने छ र राज्य शासन चलाउने कार्यमा केन्द्रीय प्रतिनिधि सभाको बैठक नहुँदा वा मन्त्रीमण्डल नै सर्व शक्तिसम्पन्न शासनयन्त्र हुनेछ । मन्त्रीमण्डलले केन्द्रीय प्रतिनिधि सभा या संसदप्रति जिम्मेदार भएर काम गर्नेछ । मन्त्रीमण्डल नियुक्त गर्ने बर्खास्त गर्ने अधिकार केन्द्रीय प्रतिनिधि सभालाई हुनेछ । केन्द्रीय प्रतिनिधि सभा स्वयंम् जनताप्रति बफादार हुनेछ र जनताले यसलाई चुनेर गठन गर्नको साथै गैर-जिम्मेदार सदस्यहरूलाई जनमतद्वारा हटाउने अधिकार पनि राख्तछ ।

केन्द्रीय प्रतिनिधि सभाको अलावा विभिन्न तहका स्थानीय प्रतिनिधि सभाहरू पनि १८ वर्ष पुगेको जनताको मतदानद्वारा गठन गरिनेछ । जसले पनि स्थानीय जनताप्रति बफादार भएर काम गर्नेछ र जुन सभाको गैर-जिम्मेदार सदस्यहरूलाई जनमतद्वारा वापिस बोलाउन सकिनेछ ।

स्थानीय शासन व्यवस्था यस्तो स्थानीय जन प्रतिनिधि सभाहरूद्वारा गठन गरिएको कार्यकारी मण्डलहरूद्वारा चलाइनेछ । केन्द्रदेखि लिएर विभिन्न तहको प्रतिनिधि सभाहरूको मतद्वारा राष्ट्राध्यक्षको चुनाउँ हुनेछ । केन्द्रीय प्रतिनिधि सभा या संसदले मन्त्री मण्डलको अलावा राष्ट्रिय रक्षा मण्डल र सर्वोच्च न्यायालयको गठन गर्नेछ ।

आजको "राजपरिवार खर्च व्यवस्था ऐन" जस्तो शोषक ऐन खतम गरी राष्ट्राध्यक्षलाई अरू समाजवादी मुलुकहरूमा जस्तै एक कुशल र मेहनती मजदूरले पाउने तलब ज्याला सरहको तलब मिलाइनेछ । मन्त्री मन्डलका सदस्यहरूको तलब पनि यही तहमा राखिनेछ । प्रतिक्रियावादी शासकहरूद्वारा वेला-वेलामा जनतालाई दमन गर्नको निम्ति बनाएका कानून र विधानहरू खारिज गरिनेछ ।

जनप्रतिनिधि सभाहरूले राष्ट्रिय हित र जनताको स्वार्थलाई केन्द्रमा राखी काम गर्नेछ । जनप्रतिनिधि सभासदहरूले जनतासँग घनिष्ठ सम्पर्क राखी जनताालाई आफूले गरेको कामको रिपोर्ट पेश गर्नेछ र जनतासँग देश र जनताको समस्याहरू बारे छलफल गरी उनीहरूको सलाह अनुसार जनताको राय र मागलाई जनप्रतिनिधि सभामा पेश गर्नेछ । जनप्रतिनिधि सभासदहरूले आफूले प्रतिनिधित्व गरेको सभा भन्दा तल्लो तहको सभाहरूमा सल्लाहकारको रूपमा भाग लिने अधिकार रहन्छ ।

नेपाल एक जनवादी गणतन्त्र राज्य हुनेछ । यसको राष्ट्राध्यक्ष विभिन्न तहको जनप्रतिनिधि सभासदहरूको बहुमतबाट चुनिनेछ । राष्ट्राध्यक्षले शासन संसदमा बहुमत प्राप्त प्रधानमन्त्रीको राय अनुसार चलाउनेछ ।

**रक्षा विभाग**

राष्ट्रको रक्षा विभाग राष्ट्रिय रक्षामण्डलको मातहत हुनेछ र राष्ट्रिय रक्षामण्डल केन्द्रीय जनप्रतिनिधि सभाप्रति जिम्मेदार हुनेछ । केन्द्रीय जनप्रतिनिधि सभाले राष्ट्रिय रक्षा मण्डलको सदस्यहरू भर्ना गर्ने र बर्खास्त गर्ने अधिकार राख्तछ ।

तमाम उमेर पुगेका मेहनतकश जनतालाई फौजी तालिम दिइनेछ । हरेक उमेर पुगेका योग्य नागरिकले एक अवधिसम्म फौजमा काम गर्नेछ । फौजको उपयोग मेहनतकश जनताको हितलाई दबाउनको निम्ति होइन उनीहरूको स्वार्थ रक्षा गर्न तथा राष्ट्रको रक्षा गर्नको निम्ति गरिनेछ । पूँजीवादी प्रजातन्त्र अथवा सामन्ती व्यवस्थामा झैँ राष्ट्रिय प्रजातन्त्रले फौजलाई राजनीतिक चेतनाबाट अलग राखी खाली टोपको चारा मात्र बनाएर राख्तैन । फौजी अफसरहरू तथा फौजलाई देश भक्तिपूर्ण क्रान्तिकारी राजनीतिक चेतना दिइने छ ।

स्थानीय शान्ति कायम राख्नको निम्ति जनमिलिसियाको व्यवस्था गर्नेछ । शान्तिको वेला फौजी जवानहरूले पनि कृषि तथा औद्योगिक कार्यहरूमा लाग्नेछ । असक्त तथा सेवा निवृत फौजी जवानको निम्ति पेन्सनको इन्तजाम गर्नको साथै जीविकाको एक न एक साधनको इन्तजाम गरिदिनेछ । फौजी

व्यवस्था जनजीवनको एक अङ्ग बन्नेछ ।

## न्याय

यस्तै केन्द्रीय जनप्रतिनिधि सभाले सर्वोच्च न्यायालयको न्यायाधीशहरू भर्ना गर्ने र बर्खास्त गर्ने अधिकार राख्तछ ।

स्थानीय मुद्दा मामिला फैसला गर्नको निम्ति स्थानीय प्रतिनिधि सभाहरूले स्थानीय न्यायालयहरूको गठन गर्ने छ र स्थानीय न्यायाधीशहरू चुन्नेछ ।

## राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था सफल बनाउने शक्ति

राष्ट्रिय प्रजातन्त्र सर्बहारावर्गको नेतृत्वमा मजदूर किसान लगायत सम्पूर्ण क्रान्तिकारीवर्गहरू र प्रगतिशील प्रजातान्त्रिक तत्त्वहरूले संयुक्त रूपले चलाइने शासन व्यवस्था हो, साथै यो समाजवादमा जाने पहिलो खुड्किलो पनि हो ।

हरेक कामको सफलताको निम्ति उपयुक्त शक्तिको जरूरत छ । सामन्तहरूको तलबारले सामन्ती व्यवस्था कायम गरे । पूँजीवादी क्रान्तिले पूँजीवादी व्यवस्था ल्याए । राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था पनि कायम गर्नु छ भने देशको तमाम साम्राज्यवाद विरोधी, नवउपनिवेशवाद विरोधी, सामन्ती प्रतिक्रियावाद विरोधी क्रान्तिकारी प्रजातान्त्रिक शक्तिहरूले आफूलाई एक साझा कार्यक्रमको आधारमा सुदृढ क्रान्तिकारी मोर्चामा सङ्गठित गरी प्रजातान्त्रिक क्रान्ति पूरा गरेर नै स्थापना हुन सक्नेछ ।

राष्ट्रिय प्रजातन्त्र प्रतिक्रियावादी शक्तिको नेतृत्वमा प्रतिक्रियावादसँग साँठ-गाँठ गरेर, प्रतिक्रियावादको सेवा र चापलूसी गरेर आउँछ भनेर सोच्नु देश र जनतालाई धोखा दिनु मात्र हो । एक मजबूत क्रान्तिकारी कम्युनिष्ट पार्टीले ने देशको तमाम क्रान्तिकारीवर्गहरू तथा प्रगतिशील तत्त्वहरूलाई एक साझा कार्यक्रमको आधारमा एक मोर्चामा भेला पनि गर्न सक्नेछ । संयुक्त मोर्चाको स्वरूप कहिल्यै पनि कम्युनिष्ट पार्टीलाई पूँजीवादी पार्टीको सहायक शक्ति बनाउन दिने हुनुहुँदैन । आज प्रजातान्त्रिक तत्त्वहरूको मेलको नाउँमा

अवसरवादीहरू कम्युनिष्टहरूलाई नव-उपनिवेशवादी पूँजीवादी पार्टीको सहायक शक्ति बनाउने प्रयासमा छन् । नेपाल कम्युनिष्ट पार्टीभित्र फूटको मूल कारण पनि यिनै हुन् ।

हामीले सुरुमा नै हेर्‍यौँ नेपालमा तीन शक्तिले काम गरिरहेका छन्-

(क) प्रतिक्रियावादी एकतन्त्री हुकूमत जसले नेपाललाई नवउपनिवेशवादमा परिणत गर्दै गइरहेको छ ।

(ख) पूँजीवादी पार्टी नेपाली काँग्रेस जसले पनि सामन्तहरूसँग सम्झौता गरी अमेरिका आदि पश्चिमी साम्राज्यवाद पूँजीवादी मुलुकहरूसँग साँठ-गाँठ गरी नेपाललाई उही नवउपनिवेशवादमा जकड्ने काम गर्नेछन् ।

(ग) ती तमाम क्रान्तिकारी वर्गहरू र प्रगतिशील तत्त्वहरू जो सामन्तवाद, प्रतिक्रयावाद, साम्राज्यवाद र नवउपनिवेशवादको विरोधमा छन् र सही ढङ्गको प्रजातन्त्रको पक्षमा छन् ।

आज यो तेस्रो शक्तिलाई कम्युनिष्ट पार्टीले नै प्रतिनिधित्व गर्दछ र यस शक्तिलाई सङ्गठित गर्ने कार्य गर्दछ ।

कम्युनिष्ट पार्टी भित्र घुसेको औसरवादी विचारधाराले यस शक्तिलाई राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति सफल पार्न क्रान्तिकारी सङ्गठनमा सङ्गठित गरिलिने सट्टा नेपालको क्रान्तिकारी शक्तिलाई फुटाएर पहिलो (क) र दोस्रो (ख) शक्तिको सेवामा अर्पण गर्दछ ।

लेनिनले भने झैँ ऐतिहासिक अनुभवले देखाउँछ कि क्रान्तिको दौरान मार्क्सवाद लेनिनवादमा फिसल्ने प्रवाहरू अनेक निस्कन्छन् । यो त्यति आश्चर्य होइन । साम्राज्यवाद रहेसम्म र वर्गसङ्घर्ष चलिरहेसम्म यो फिसलिने प्रवाह मजदूरवर्गको आन्दोलनमा दक्षिणपन्थी र वामपन्थी अवसरवादको रूपमा देखापर्दछ र त्यसको विरुद्ध सङ्घर्ष चलाइन्छ । यो भइहाल्ने वस्तु हो ।

दक्षिणपन्थी र वामपन्थी अवसरवाद मजदूर वर्गीय आन्दोलनमा देखा पर्ने पूँजीवादी

र निम्नपूँजीवादी विचारधाराहरू हुन् । यिनीहरूले मार्क्सवाद-लेनिनवादको मूल सारलाई तोड-मोड गर्न खोज्छन् र क्रान्तिलाई नुक्सान गर्छन् । हामीहरूले दक्षिणपन्थी अवसरवादको विरुद्ध दुवै मोर्चामा लड्न पर्दछ ।

यस मानेमा दक्षिणपन्थी र वामपन्थी औसरवादी विचारधारा क्रान्तिकारीहरूको पहिलो दुश्मन हो । यसको विरोधमा सैद्धान्तिक, राजनैतिक र सङ्गठनात्मक सङ्घर्ष गर्नु तमाम मार्क्सवादी-लेनिनवादी क्रान्तिकारीहरूको पहिलो कर्तव्य हो । यसरी नै नेपालमा एक शक्तिशाली कम्युनिष्ट पार्टीको निर्माण हुनेछ । यस्तो क्रान्तिकारी सिद्धान्तले युक्त शक्तिशाली कम्युनिष्ट पार्टीले नै नेपालको तमाम क्रान्तिकारीवर्गहरू र क्रान्तिकारी प्रजातान्त्रित शक्तिहरूलाई एक गोलमा सङ्गठित गरी नेपालको राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्न सकिने छ र भविष्यमा समाजवादी क्रान्ति पनि सफल बनाउन सक्नेछ ।

यसै निम्ति आफूलाई कम्युनिष्ट हुँ भन्नेहरूको पहिलो कर्तव्य गलत विचारधारा, गलत राजनीतिको विरोध गरी मार्क्सवादी लेनिनवादी सिद्धान्तको आधारमा भविष्यमा समाजवादी क्रान्ति गर्न र हाल तत्काल राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने उद्देश्यले एक सुदृढ र सुसङ्गठित पार्टीमा सङ्गठित गरि लिनु ।

## एकता नै हाम्रो बल हो

दुश्मनको चाल हो कि आज कम्युनिष्टहरू एक दोस्रोको विरोधमा विभिन्न ग्रुपमा विभक्त रहुन् । वर्ग दुश्मनहरूसँगको लगाव र उनीहरूको उकसावमा आउनाले नै पार्टी टुक्रिएका हुन् । सहस्र टुक्रामा बाँटिएको कम्युनिष्ट पार्टीले जति सुकै आ-आफ्नो ग्रुपलाई क्रान्तिकारी भनेता पनि राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिमा नेतृत्व दिन सक्नेछैन । आज दुश्मनको चाल हो कि कम्युनिष्टहरूलाई फूटपरस्त नीतिमा फँसाएर आ-आफ्नो अलग-अलग स्वतन्त्र ग्रुपलाई प्रोत्साहन गर्नु । कुनै-कुनै प्रमुख साथीहरू जेलबाट छोड्दा यस शर्तमा छोडिएको थियो कि वहाँहरू ले टी. एल. र. पी. एल. सँग मिलेर काम गर्ने छैन । यो शर्त किन ? यस्तै विभिन्न कम्युनिष्टहरूलाई विभिन्न रूपमा उक्साएर पार्टीलाई विभाजित राख्नु प्रतिक्रियावादीहरूको स्वार्थ  अनुकूलको कुरो हो ।

आज प्रतिक्रियावादीले विभिन्न पार्टीभित्र विभिन्न यस्तो दलालहरू घुसाएका छन् जसको काम हो पार्टीलाई मिल्न नदिनु । यस्तो तत्त्वहरूले न त त्यस ग्रुपलाई नै क्रान्तिकारी ढङ्गले अगाडि बढ्न दिनेछ । यस बाहेक कुनै एक टुक्रा कम्युनिष्टहरूले स्थानीय समस्यालाई लिएर भला हि सानातिना सङ्घर्ष उठाउन सकोस् यसले राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई सही ढङ्गले अगाडि बढाउन सक्नेछैन ।
निश्चय पनि पार्टी एकताको नाउँमा पार्टीको नाउँमा चलिरहेको औसरवादी विचारलाई सहने सवाल आउँदैन । औसरवादलाई स्थान दिएर स्थापना गरिने एकताले निश्चय पनि क्रान्तिकारी ताकत सुदृढ गर्ने सट्टा यसलाई भित्रबाट अझ कमजोर गर्नेछ र क्रान्तिलाई नै असफल बनाउनेछ । दक्षिणपन्थी र वामपन्थी दुवै औसरवादलाई नहराइकन प्रत्येक मुलुकमा क्रान्ति पूरा गर्ने अथवा क्रान्तिपछि देश निर्माण गर्ने कार्यलाई ठीक तरिकाले अगाडि बढाउन सकिने छैन ।

पहिलो शर्त हो सैद्धान्तिक र राजनीतिक एकता र यसको आधारमा नै ठोस रूपले पार्टीको सङ्गठनात्मक एकता स्थापना हुन सक्नेछ ।

पूर्वधारणालाई त्यागी मार्क्सवाद-लेनिनवादी दृष्टिकोण अपनाएर सही राजनीति पता लगाउने उद्देश्यले आपसमा बहस गरेर नै हामीहरू दक्षिणपन्थी या वामपन्थी औसरवादबाट मुक्त भएर पार्टी एकता कायम गर्दै पार्टीलाई सुदृढ गरी अगाडि बढ्न सक्नेछौ ।

साच्चै भन्ने हो भने नेपालमा कम्युनिष्ट शक्ति एक सबभन्दा मजबूत सङ्गठित राजनीतिक शक्ति हो । यस शक्तिलाई अनेक चालले विभाजित गरेर नै दुश्मनले हाम्रो शक्तिलाई कमजोर पारी आजसम्म नेपाली जनतालाई बर्बाद गरिराख्न सकेको हो । सहस्र टुक्रामा विभाजित कम्युनिष्टहरूले जतिसुकै आफूलाई क्रान्तिकारी हुँ भनेर दावी गरे तापनि क्रान्तिलाई सफलतापूर्वक अगाडि बढाउन सक्नेछैन । टुक्रिएको गुटहरूले राजालाई सँगाउन सक्नेछ, काँग्रेसको सहायक शक्तिको रूपमा काम गर्न सक्नेछ, तर आफ्नो पहलकदमीमा क्रान्तिलाई

अगाडि बढाउन सक्नेछैन । राष्ट्रिय क्रान्तिको सफलताको निमित्त मार्क्सवादी लेनिनवादी सिद्धान्तमा आधारित कम्युनिष्ट एकताको अत्यन्त जरूरी छ ।

आज हाम्रो वर्ग दुश्मनको हातमा फौज, पुलिस, जेल छ । उनीहरूसँग गलत विचार फैलाउने अनेक दलालहरू छन् । मार्क्सवाद-लेनिनवाद प्रति बफादारी, आफ्नो देश र देशको शोषित-पीडित जनताप्रति बफादारी, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति प्रति बफादारी, पार्टी अनुशासन प्रति बफादारी तथा क्रान्तिकारी राजनीतिप्रति बफादारीको साथै पार्टी एकताप्रति दृढ भावना भएमा नै दुश्मनको चालले हामीलाई छुन सक्नेछैन ।

सत्ताको निम्ति, देश र देशको जनताको मुक्तिको निम्ति र देशको स्वर्णिम भविष्यको निम्ति हामी जनताको हातमा एक मात्र सफल हतियार हो सही सिद्धान्तमा आधारित र अनुशासित सङ्गठन । महान लेनिनको शब्दमा हामीले सर्बहारावर्गको अजेय शक्तिको रूपमा खडा हुनु परेकोछ । र यस्तो कम्युनिष्ट पार्टीको नेतृत्वमा जब लाखौँ जनताको हाथ एकसाथ उठ्नेछ यस शक्तिलाई कसैले पनि हराउन सक्ने छैन ।

पेरिस कम्यूनको वेला पेरिसमा अनेक पार्टीहरू थिए, तर उनमा एउटा पनि सही ढङ्गको सर्बहारावर्गको क्रान्तिकारी पार्टी थिएन । यदि त्यसवेला मजदूरवर्गको हाथमा एक सुदृढ मार्क्सवादी पार्टी भएको भए एकपटक खडा भएको कम्यून फेल हुने थिएन ।

गलत पार्टीको नेतृत्वा सत्तामा अधिकार गर्नु र नयाँ समाज बनाउन सम्भव हुँदैन । तसर्थ हामीले पार्टीलाई कुनै एक नाराको आधारमा होइन, मार्क्सवादी लेनिनवादी सिद्धान्तको आधारमा सङ्गठित गरिलिनु परेकोछ । गलत बाटो अपनाउनेहरूको सैद्धान्तिक र राजनैतिक ढङ्गले आलोचना गर्नुपरेकोछ । सही सिद्धान्तको आधारमा एक सुदृढ पार्टी निर्माण गर्ने कोशिसमा हरबखत लाग्नु परेको छ ।

पार्टीको सैद्धान्तिक एकता स्थापित भएपछि नै सङ्गठनात्मक एकता पनि

सम्भव हुनेछ । तसर्थ सिद्धान्तको मामलामा रियायत दिने सवाल छैन । अवसरवाद र मौकापरस्तको मतलब नै सिद्धान्तको प्रश्नमा रियायत दिनु हो र वर्ग-दुश्मनहरूसँग सम्झौता गरिदिनु हो । दक्षिणपन्थी औसरवादले प्रतिक्रियावाद र पूँजीवादको हिमायत गर्छ भने वामपन्थी अवसरवादले हेर्दा क्रान्तिकारी नारा दिएर आफ्नो अवसरवादितालाई छिपाउँछ र पार्टीभित्र सही ढङ्गले सैद्धान्तिक बहस गरी सही बाटो पहिल्याउने कुरोबाट मुख मोड्छ ।

क्रान्तिकारी पार्टी नभै क्रान्ति हुन सक्तैन । क्रान्तिकारी सिद्धान्त नभै क्रान्तिकारी पार्टी पनि बन्न सक्तैन । तसर्थ आज आफूलाई कम्युस्टि हुँ भन्ने हामी सबैले क्रान्तिकारी सिद्धान्तको आधारमा आफूलाई सङ्गठित गरिलिनु आवश्यक छ । सबै देशको क्रान्तिको इतिहासले यही सिखाउँछ कि कुनै पनि सङ्घर्षको सफलताको निम्ति सङ्घर्ष गर्नेहरूमा एकताको जरूरत छ । यो एकता सङ्घर्ष सुरु भइसकेपछि मात्र होइन, सङ्घर्ष सुरु गर्नुभन्दा अगाडि क्रान्तिको तयारीको निम्ति पनि जरूरी छ । लेनिनको भनाई छ पार्टी जीवन तथा यसको सफल कार्यको निम्ति सङ्गठनात्मक सिद्धान्त र सङ्गठनात्मक सम्बन्ध पनि उत्तिकै महत्त्वपूर्ण छ जति कि क्रान्तिकारी कार्यक्रम र सही राजनीति ।

आज आफूलाई कम्युनिष्ट हुँ भन्नेहरू सबैले गलत विचारधारालाई छोडेर एउटै उद्देश्य लिएर काम गरेको खण्डमा, एउटै दिशामा सबैले मिलीजुली कामलाई अगाडि बढाएमा र अनुशासनमा रही काम गरेको खण्डमा आज जुन कम्युनिष्ट शक्ति नेपालभित्र छ त्यो शक्ति नेपालको राजनीतिक क्षेत्रमा छिटै एक निर्णायक शक्तिको रूपमा देखा पर्ने छ र यसले एकतन्त्री हुकूमतलाई उखाडेर फेक्नको साथै पूँजीवादी प्रजातन्त्रको बदला राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नमा सफल नेतृत्व दिन सक्नेछ ।

एकता एकताको निम्ति नभै एकता राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति सफल गराउनको निम्ति हुनु आवश्यक छ । सशोधनवादी या वामपन्थी अवसरवादी विचारधारालाई तिलाञ्जली दिएर आज प्रतिकृयावादी एकतन्त्री हुकूमत विरोधी

तथा नवउपनिवेशवादी पूँजीवादी नेपाली काँग्रेसको पिछलग्गु हुन नचाहने तमाम कम्युनिष्टहरूले एक पार्टीमा सङ्गठित गरिलिनु परेको छ ।

राष्ट्रिय क्षेत्रमा मात्र हैन आज अन्तर्राष्ट्रिय क्षेत्रमा पनि सही सिद्धान्तको आधारमा कम्युनिष्ट एकताको जरूरत छ । विश्व कम्युनिष्ट आन्दोलनमा देखा परेको फूटले अमेरिकी साम्राज्यवाद र विश्व प्रतिक्रियावाद कै सेवा गर्दछ ।

समाजवादी विश्व व्यवस्थाको उपस्थिति स्वयम् उत्पीडित देशहरूको राष्ट्रिय मुक्तिको निम्ति प्रेरणादायक शक्ति हो, जसलाई विश्व साम्राज्यवाद तथा विश्व प्रतिकृयावाद आपसमा लडाएर यदुबंश नाश भए झैं नष्ट गर्ने पक्षमा छन् ।

वियतनाम तथा भरू अनेकौँ मुक्ति सङ्घर्षमा लागेका जनतामाथि अमेरिकी साम्राज्यवादले गरेको बर्बर अत्याचारले स्पष्ट गर्दछ आज हर देशको राष्ट्रिय मुक्तिको निम्ति हुने सङ्घर्षको सफलताको निम्ति विश्व कम्युनिष्ट एकता, आपसी सद्भावना, आपसी सहयोग र कम्युनिष्ट पार्टीहरू बीच काम कुरोको समन्वय कतिको जरूरत छ ।

स्पष्टतः नेपाल कम्युनिष्ट पार्टी भाइचारा पार्टीहरूको बदनाम गर्दै हिँड्ने र समाजवादी खेमालाई कमजोर पार्ने र साम्राज्यवाद र प्रतिकृयावादलाई सहपुऱ्याउने कुनै कार्य गर्ने पक्षमा छैन ।

यसै निम्ति नेपाल कम्युनिष्ट पार्टी साम्राज्यवाद र विश्व प्रतिक्रियावादको विरोधमा विश्व कम्युनिष्ट आन्दोलनको एकताको पक्षमा छ र यस एकताको निम्ति उठाइएको र उठाइने हर कदमको सराहना र समर्थन गर्दछ । सही सिद्धान्तमा आधारित एकता नै हाम्रो क्रान्तिको विजयको गारेण्टी हो ।

राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको विजय निश्चित छ । नेपाली जनताको यस अरमानलाई कसैले पनि रोक्न सक्नेछैन । नेपाली जनता नरसिंह भएर आफ्नो हक र अधिकारको निम्ति तुफानको रूपमा उठ्नेछ । देशबाट प्रतिक्रियावाद, नवउपनिवेशवादलाई समूल नष्ट गरेर पूँजीवादलाई नाघेर एक नयाँ समाजको निर्माण गर्नेछ ।

राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति अमर रहोस् ।
पार्टी एकता अमर रहोस् ।
नेपालको तमाम शोषित र पीडित जनता एक हौँ ।

बाटो लामो र कठिन छ । अझ धेरै कुरबानी गर्नुछ । साथीहरू हामी सबै मिलेर राष्ट्रिय मुक्ति मार्गमा अगाडि बढौँ ।

# नेपाल कम्युनिष्ट आन्दोलनमा देखापरेका मतभेदहरू

प्राक्कथन

कम्युनिष्ट पार्टीको मूल उद्देश्य हो सामाजिक परिवर्तन। अर्थात् यस्तो समाजको निर्माण गर्नु जहाँ मानिस र मानिसको बीच एउटालाई मालिक थापी अर्कोले नोकर भएर काम गरेर खान नपरोस्।

हुन त मनुष्य समाजको सुरुमा आदिम साम्यवादी समाज थियो जहाँ न कोही मालिक, न कोही नोकर। सबै मिलेर काम गर्थे, कामबाट मिलेको सबै चीज आपसमा बाँडी चूँडी खान्थे। त्यसवेला उत्पादनको साधनको विकास नभएको हुदा मानिसहरूको जीवन प्रभावमा बित्थे। फेरि पनि मानिस र मानिसका बीच सबै बराबर थिए। लाखौं वर्षसम्म मानिस यस्तै आदिम साम्यवादी समाजमा रहे। कालान्तरमा यो समाज बदली दास समाज देखापर्न आयो। यहाँ आएर मानिस मानिसका बीच कोही मालिक र कोही नोकरको रूपमा देखापर्न आयो। नोकरलाई पिटी पिटीकन काम लिई उनीहरूको मेहनतको फल मालिकहरूले भोग गर्दथे। दासहरूको अवस्था पशुहरूको भन्दा गए गुज्रेको थियो। उनीहरूलाई बेच्ने, मार्ने सबै हक दासका मालिकहरूलाई थियो।

यो समाज पनि बदली कालान्तरमा सामन्ती युग देखा पर्न आए। आज यस्तो दास र दासको मालिक छैन। दासको मालिकको ठाउँ सामन्तहरूले लिएको छ। नेपालमा ३ करोड आवाद योग्य जग्गा छ। तर यत्तिको जग्गा भएर पनि मेहनत गरी खाने जनताको हातमा या त खेतै छैन अथवा सालभर खान पुग्ने खेत छैन। हजारौँ विघा खेतहरू आज पनि सामन्तहरूकै हातमा छ। किसानहरू काम गरी खान चाहन्छन् तर उनीहरूको हातमा खेतबारी छैन।

उनीहरू ऋणमा डुबेका छन् । सामन्तहरूको खुशामद नगरी किसानहरूको पेट भर्दैन । यस बाहेक सामन्तहरूले किसानहरूलाई मारपीट गर्ने र मन चाहे दण्ड दिने हक उनीहरूको हातमा आज पनि छ । फलस्वरूप देशमित्र जनता दुःख र तकलीफमा तड्पी रहेका छन् भने कतिपय मानिसहरू आफ्नो देशमा बस्न नसकी विदेशमा आएर अनेक दुःख तकलीफ पाएर जे काम पायो उही गरी जिउनु परेको छ । प्राज हाम्रो देश अझ पनि सामन्ती जुगमा नै छ । सामन्त वर्गको प्रतिनिधित्व गर्ने राजाको मनमानी राज छ र यो पंचायती व्यवस्था राजाको मनमानी राजको अर्को रूप हो । यो व्यवस्था भगवान्ले बनाएको सत्य सनातन व्यवस्था होइन । यस व्यवस्थालाई बदल्न सकिन्छ ।

राजाले यस व्यवस्थालाई बदली एक नव–उपनिवेशवादी व्यवस्थामा परिणत गर्न चाहन्छन् । जुन व्यवस्थामा हाम्रो देशको खेत–बारी, बगान, खानी र कल–कारखानाको मालिक साम्राज्यवादी विदेशी पूँजीपतिहरू बन्नेछन् र उनीहरूले कमाएको मूनफाबाट एक भाग हाम्रो देशको कर्णधारहरूले पाउँछन् । यस मूनफाबाट राजा वा राजपरिवारका व्यक्तिहरूले अक्सर भाग पाउने नै गर्छन् । यस्तो व्यवस्थामा हाम्रो देशको तमाम मेहनतकश जनताको अलावा मध्यमवर्ग र सानातिना सामन्तहरू पनि छिट छिटै नष्ट भएर जाने छन् र आफ्नै देशमा हाम्रो देशको जनताले अर्काको गुलामी गरेर खानु पर्नेछ ।

हाम्रो अगाडि अर्को बाटो हो आजको सामन्ती व्यवस्थालाई बदली” समाजवादी समाज“ स्थापना गर्नु । समाजवादमा पुगेर नै सम्पूर्ण जनताको जीवन सुरक्षित र सुनिश्चित हुनेछ, मालिक र नोकरको सम्बन्ध टुट्ने छ । सबै मानिसले कामगरी कामअनुसारको आम्दानी सबैले पाउने छ ।

तर यो समाज स्थापना गर्नको निम्ति मजदूर वर्गको एक मजबूत क्रान्तिकारी ताकतको जरूरत छ । हाम्रो देशमा कल–कारखानाको प्रभावमा मजदूर वर्ग कमजोर छ । यसै निम्ति यहाँ तुरन्तै समाजवाद स्थापना हुन सक्तैन ।

के अनि पूँजीवादी व्यवस्था स्थापना गरी नभएको पूँजीपति वर्ग सृष्टि गरी, मजदूर वर्गको निर्माण गरेर मात्र नेपालमा समाजवाद स्थापना गर्ने हो त

? पूँजीवादी व्यवस्था पनि दास व्यवस्था के अर्को रूप हो, जहाँ मेहनतकश जनतालाई दास सरह व्यवहार गरिन्छ। यस व्यवस्थामा मेहनतकश जनतालाई काम दिने नदिने हक पूँजीपती वर्ग के हातमा हुन्छ। मेहनत गर्छ मजदूर वर्गले यसको सम्पूर्ण फायदा उठाउँछ पूँजीपति वर्गले। पूँजीवादी व्यवस्थामा मेहनतकश जनता माथिको शोषण र दमन चालु रहन्छ। काम गर्न सकेसम्म काम लिएर मेहनतकश जनतालाई बुढेशकालमा पुरानो जुत्ता जस्तै फ्याँक्ने काम हुन्छ।

नव-उपनिवेशवादी व्यवस्थामा विदेशीले लुट्छन् भने पूँजीवादी व्यवस्थामा उही लूट खसोट आफ्नै देशको पूँजीपति वर्गले गर्ने छन्। जनताको अगाडि सवाल छ, समाजवादी व्यवस्था तुरन्त स्थापना गर्न सकिन्न, अनि के सामन्ती व्यवस्थालाई बदलेर पूँजीवादी व्यवस्था स्थापना गर्ने हो त ?

जुन वेलासम्म संसारमा कुनै समाजवादी देश थिएन मेहनतकश जनताको अगाडि यही एकमात्र बाटो थियो।

तर १९१७ सालमा रूसमा भएको अक्टोवर क्रान्तिले विश्वमा एक नयाँ मोड ल्याईदिएको छ। अब हाम्रो जस्तो अविकसित देशमा सामन्ती व्यवस्थाबाट पूँजीवादमा वली त्यसपछि मात्र समाजवादी व्यवस्था स्थापना गर्ने जरूरत खतम भएको छ।

आज मजदूर वर्गको नेतृत्वमा तमाम क्रान्तिकारी वर्गहरूलाई मिलाएर राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने सम्भावना छ।

राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थामा हाम्रो देशको खानि र कलकारखानाहरू विदेशी या स्वदेशी पूँजीपतिहरूको हातमा जान नदिई तमाम जनताको सामूहिक सम्पतिको रूपमा विकास गरिनेछ र यिनीहरूबाट हुने आम्दानी पूँजीपति वर्गको हातमा नगई मेहनतकश जनताको बीचमा उनीहरूको काम अनुसार वितरण हुनेछ। यसले मजदूर वर्गको निर्माण गर्नका साथै समाजवादी व्यवस्थालाई छिटो हाम्रो अगाडि ल्याउने छ।

खेतीको सवालमा सर्वप्रथम सामन्ती खेत खोसी मेहनतकश किसानहरूमा वितरण गरिने छ । किसानहरू खेतको मालिक बन्ने छ । उनीहरूलाई ऋणबाट मुक्त गरिने छ । सामन्ती हल-बैल गोरु र भकारी कब्जा गरी व्यक्तिगत या सामूहिक रूपले किसानहरूको हातमा राखिने छ । यसले भविष्यमा सामूहिक खेतीको निम्ति बाटो खुल्नेछ, जसले गर्दा कम मेहनतमा खेतको उब्जा बढ्न गई किसानहरूको जीवन अझ सुखमय हुनेछ । उनीहरूको जीवन पनि सुखी सम्पन्न र सुनिश्चित हुनेछ । यो सामाजिक परिवर्तन कुनै एक वीरबहादुरले ल्याउने होइन । कुनै पनि एक व्यक्ति जतिसुकै बलियो भए पनि एउटा ५० हातको लट्ठा जमीनमा गाडेर उभ्याई देऊ भन्दा उनले गर्न सक्ने होइन, न त विष्णु अवतार भनिएका राजा एक्लैले यो लट्ठा उभ्याउन सक्ने छ । स्पष्टतः राजाको हातबाट पनि हाम्रो देशमा सामाजिक परिवर्तन आउन सक्ने छैन । राजाको हातबाट सामाजिक परिवर्तन आउन नसक्ने मात्र होइन, संसारको कुनै राजाले चाहँदैन कि सामन्ती समाज परिवर्तन भै समाजवादी व्यवस्था स्थापना गर्ने बाटो खुलोस् । मानिस मानिसको भेदमा नै राजाको अस्तित्व निर्भर गर्दछ, यसै निम्ति कुनै देशको राजा यस भेदलाई मेटाउने पक्षमा हुँदैन ।

जब पनि सामाजिक परिवर्तन आउँछ अथवा कुनै देशमा आएको छ भने शोषित-पीडित मेहनतकश जनताले नै ल्याएको छ र ल्याउने छ । एक्ला एक्लै अलग-अलग बिखरिएको मेहनतकश जनताले सामाजिक परिवर्तन ल्याउन सक्तैन । न त माथि भनिएको एउटा लट्ठालाई नै उभ्याउन सक्ने छ । तर इनी शोषित पीडित जनता मिलेर काम गरेपछि एउटा लट्ठा मात्र उभ्याउने होइन, उनीहरूको हातबाट जे पनि काम हुन सक्तछ ।

यसै निम्ति मेहनतकश जनताको हातमा अनन्त शक्ति लुकेको छ, कि उनीहरू सबै मिलेर एक भएर काम गरून् । एक भै तूफान जस्तै उठेर यो जनताले सम्पूर्ण पुरानो शोषण र परम्परालाई उखाडेर फ्याक्न सक्तछ । हावामा केही उत्पीडन गर्ने ताकत छैन ।

तर यही हावा तूफानको रूपमा मिलेर आएपछि यसको अगाडि साख चीज

उखडिएर जाने छ । स्पष्टतः मेल नै जनताको ताकत हो । कार्ल मार्क्सले भनेको छ । "विश्वको तमाम मेहनतकश जनता एक हौ ।"

एकता नै हाम्रो बल हो । सुसङ्गठित पार्टी नै मेहनतकश जनताको हातमा त्यो ताकत हो, जसले तमाम प्रकारको शोषण र उत्पीडन व्यवस्थालाई उखाडेर फ्याँकी एक नयाँ समाजको निर्माण गर्न सकिने छ ।

पार्टी विहीन व्यवस्थाले सामन्ती शोषण दमन तथा नव-उपनिवेशवादी शोषण दमन व्यवस्थालाई चिरस्थायी बनाउँछ भने पूँजीवादी पार्टीले पूँजीपति वर्गकै सेवा गर्ने छ र पूँजीपति वर्गको स्वार्थ रक्षा गर्नका निम्ति लड्ने छ ।

कम्युनिष्ट पार्टी सर्वहारा वर्गको पार्टी हो र यसले देशको तमाम मेहनतकश जनताको स्वार्थको प्रतिनिधित्व गर्दछ । कम्युनिष्ट पार्टी नै मजदूर वर्गको पार्टी हुँदा देशको सामाजिक परिवर्तनलाई सही दिशामा लैजान र हाल तत्काल राष्ट्रिय प्रजातन्त्र स्थापना गरी तदुपरान्त समाजवादी समाज स्थापना गर्नको निम्ति मेहनतकश जनताको हातमा एक अचूक हतियार हो । कसैको हतियारलाई दुश्मनले नै तोड्ने छ ।

स्पष्टतः मेहनतवश जनताको दुश्मनहरू चाहन्छन् कि मेहनतकश जनताको एकमात्र हतियार कम्युनिष्ट पार्टी खतम होस् र भएको पार्टी टुटफूट भएर जाओस् ।

स्पष्टतः पार्टी तोडनु मेहनतकश जनताप्रति एक महान गद्दारी हो । एकप्रति क्रान्तिकारी कार्य हो । देश र जनताको दुश्मनहरूले नै कम्युनिष्ट पार्टीलाई तोड-फोड गरी नष्ट गर्ने कार्य गर्दछन् । यसै निम्ति पार्टी फुटाउने कार्य देश र जनताप्रति गद्दारी गर्ने कार्य हो ।

डा. माझी किन र कसरि माझी गुट गुट किन र कम्युनिष्ट पार्टीबाट अलग भयो ?

सन् १९५६ मा भएको कम्युनिष्ट पार्टीको द्वितीय महाधिवेशन भन्दा केहि समय अघि डा. केशरजंग राय माझि नेपाल कम्युनिष्ट पार्टीको कायम मुकायम

महामन्त्री चुनिएको थियो ।

वहाँको हातमा नेतृत्व गएपछि वहाँको पहिलो कार्य भयो आफ्नो अनुकूल एक गुट तयार गर्नु । यस गुटले पार्टीका एक सङ्घर्षशील क्रान्तिकारी पार्टी बनाउने सट्टा यसलाई एक सिथिल र सम्झौता परस्त पार्टी बनाउने काम गरे ।

सामन्तहरू प्रति वहाँको प्रस्ताव थियो, "सामन्ती शोषण र दमनको विरोधमा किसान सङ्घर्षलाई तीव्र पारेर मेहनतकश किसानहरूमा वर्ग चेतना दिई क्रान्तिकारी सङ्गठन बनाएर लैजाने सट्टा" किसान र किसानहरूको सम्बन्धलाई सामान्यीकरण गर्नु । "किसान र सामन्तहरू" को बीच वर्ग सङ्घर्षको बदला वर्ग समन्वयमा जोड दिनु ।

थाहा पाइएको कुरो हो कि किसानहरू माथि सामन्ती शोषण र दमन किसानहरूको सङ्गठित ताकतमा आधारित किसान सङ्घर्षले मात्र हटाउन सकिने कुरो हो । स्पष्टतः वर्ग समन्वयको नारा किसानहरू माथिको शोषण र दमनलाई चिरस्थायी बनाउने नारा हो ।

हुन त डा. माझीभन्दा पहिलेका पार्टीको महामन्त्री मनमोहन शैलेन्द्र गुटले पनि किसानहरूको सङ्गठित ताकतमा आधारित किसान सङ्घर्षलाई बढाउने सट्टा यस बाटोलाई त्यागी, यस सङ्घर्षलाई अदालती मुकदमा सीमित गर्ने कार्य गरि सकेको थियो । वहाँहरूले रौतहटको किसान सङ्घर्षलाई समर्थन गर्ने सट्टा यस सङ्घर्षलाई उग्रवादी सङ्घर्ष भनी यसको विरोधमा पार्टीको तर्फबाट पर्चा छरेका थिए ।

स्पष्टतः पार्टीभित्र संशोधनवादी विचारधाराको प्रवेश डा. माझी नेतृत्वमा धाउनु भन्दा अघि नै भइसकेको थियो ।

डा. माझीले पार्टीभित्र घुसेको संशोधनवादी विचारलाई खतम गर्ने सट्टा यसलाई अझ पुष्ट गर्ने कार्य गरे । किसानहरू माथिको शोषण र दमनको विरोधमा किसान सङ्घर्ष उठाउने सट्टा का. मनमोहन-शैलेन्द्र गुटले थालेको अदालतमा

मुकदमा लड्ने कामसम्ममा पनि सिथिलता ल्याई किसान र सामन्तहरूको बीचको सम्बन्धलाई सामान्यीकरण गर्ने, किसान र सामन्तहरूको बीच मेल मिलापमा जोड दिने कार्य गरे ।

कम्युनिष्ट पार्टीको नीति हो सामन्ती जमीन कब्जागरी सो जग्गा बिना मुआब्जा अथवा बिक्री वितरण खेतहीन र गरीब किसानहरूमा मुफ्त वितरण गर्नु र यसको निम्ति किसानहरूमा वर्ग चेतना दिई भावी क्रान्तिकारी सङ्घर्षको निम्ति तयारि गर्नु ।

यस सिद्धान्तलाई छोडी डा. माफीको पार्टीभित्र एक नयाँ प्रस्ताव हो, "जमीन हदबन्दीको प्रस्ताव" । आज राजाले गरेको भूमि सुधारमा जमीनमा हदबन्दी नै गरिएको छ । यस हदबन्दीभित्र सामन्तहरूले आफ्नो परिवारभित्र जमीन लुकाउने, बढी जमीन बेच्ने प्रशस्त मौका पाए । खेत हीन, गरीब तथा निम्न मध्यम किसानहरूको हातमा एक टुक्रा जमीन पनि परेन ।

स्पष्टतः सामन्ती जमीन कब्जा गरी किसानहरूमा वितरण गर्ने कार्यक्रम त्यागी जमीनमा हदबन्दी गर्ने प्रस्ताव सामन्तहरूको स्वार्थ रक्षा गरी मेहनतकश किसानहरू खास गरी खेतहीन, गरीब र निम्न मध्यम किसानहरूलाई धोखा दिने राजनीति हो र संशोधनवादी राजनीतिले आम मेहनतनश किसानहरूलाई कसरी धोखा हुन जान्छ भन्ने कुरोको एक नमुना हो ।

द्वितीय महाधिवेशनको तयारीको दौरान बसेको केन्द्रीय कमेटीको बैठकमा डा. माफीद्वारा उपरोक्त प्रस्ताव ल्याउँदा का. शम्भूराम र मैले नै विरोध गरेको थिए र भूमि हदबन्दीको सवालमा पुष्पलाल डा. माफीसँग सहमत थिए । भूमिको सवालमा अहिले पनि पुष्पलाल र डा. माफी गुटले यस भूमि सुधारलाई क्रान्तिकारी भूमिसुधार भनेर समर्थन गरे भने पुष्पलालजीले पनि यसलाई पाँचवाँ केन्द्रीय कमेटीको बैठकले पास गरेको भूमि सुधार सम्बन्धी प्रस्तावद्वारा समर्थन गर्ने नै काम गरे । पुष्पलालसहित अन्य केन्द्रीय कार्य कारिणी समिति का सदस्यहरूको बहुमतद्वारा यो प्रस्ताव पास गरेको थियो ।

द्वितीय महाधिवेशनको वेला राजाको सवालमा डा. माझी पार्टी कार्यक्रमबाट गणतन्त्रको सवाल हटाउने पक्षमा थिए भने पुष्पलालले महाधिवेशनको ठीक अधि पार्टीको मुख पत्र "मशाल" मा एक लेख लेखी भनेका थिए "डा. माझी अझ पनि वाम पन्थी उग्रवादी हो कारण वहाँले पार्टी कार्यक्रममा लिखित रूपमा राजालाई संवैधानिक राजाको रूपमा मान्दछु भन्ने कुरो लेख्न सक्नु भएन ।" पुष्पलालजीको भनाई थियो, पार्टी कार्यक्रमबाट गणतन्त्रको सवाल मात्र हटाउने होइन यसमा राजालाई संवैधानिक राजाको रूपमा मान्दछु भनेर लेखिनुपर्दछ ।

यता पुष्पलालजीका लेख निक्ले, उता हाम्रो पार्टीको द्वितीय महाधिवेशन काठमाडौँमा सुरू भयो । पार्टी महाधिवेशनको हलमा पुष्पलालले देखे यहाँ त बहुसंख्यक प्रतिनिधिहरू गणतन्त्रको पक्षमा रहेछन् । भारतमा भरखरै वामपन्थी नेताहरूको विरोधमा सङ्घर्ष गरी का. अजय घोष पार्टी नेतृत्वमा आएका थिए । यसै कारण पुष्पलालजीले सोचेका थिए डा. माझीलाई वामपन्थी साबित गर्न सकेमा नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा पुष्पलालजी नै आउने छ ।

तर महाधिवेशनको हलमा पुगेपछि वहाँले देखे, त्यहाँ त अफवाह चलिरहेछ । बहुसंख्यक प्रतिनिधिहरू गणतन्त्रवादको पक्षमा थिए । पुष्पलालजीले देखे यहाँ वहाँको राजनीतिले बहुमत प्राप्त गर्न सम्जव छ । पुष्पलालजीले त्यसपछि हनुमान जम्प लगाए । वहाँ राजालाई लिखित रूपमा संवैधानिक रूपमा मान्ने राजनीतिबाट एकैचोटी उफ्री गणतन्त्रवादी बन्न पुगे । महाधिवेशनको हलमा वहाँले पनि गणतन्त्रवादको पक्षमा बोल्न थाले । राजनीतिमा वहाँको यो हनुमान कुडाई वहाँको भयङ्कर औसरवादिताको प्रत्यक्ष प्रमाण हो ।

हर राजनीतिक नेताको राजनीति राष्ट्रिय अन्तर राष्ट्रिय स्थितिको विश्लेषणमा निर्भर गर्दछ । तर पुष्पलालजीको राजनीति राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्थितिको विश्लेषणमा होइन वहाँको व्यक्तिगत स्वार्थको आधारमा कहिले दाँया कहिले बाँया बंदर कुडे भै कुडेर पुगेको हुन्छ । यस्तो औसरवादी राजनीतिले देश र जनतालाई कहाँ लगेर तहस-नहस गरि दिने हो पत्तो हुँदैन ।

जहाँ संशोधनवादको चेहरा सजिलोसँग चिन्न सकिन्छ, औसरवादले आफ्नो स्वार्थ अनुकूल छेपारोले रङ्ग बदले जसरी गरिदिन्छ । यस्तो कार्यले देश, जनता र नोक्सान पुऱ्याउने काम हुन्छ ।

बदलेर चिन्न पनि पार्टीलाई भयङ्कर डा. माझी देखिने गरी संशोधनवादी हुन् भने पुष्पलालजी भयङ्कर सरवादी हुन् जसले पार्टीलाई तहस नहस गर्दा गर्दै पनि मुस्किलले मात्र पक्राउमा आउँछ ।

द्वितीय महाधिवेशनको अन्तमा महामन्त्रीको पदमा २ जना उम्मेदवार खडा थिए, जो हुन् डा. केशरजङ्ग रायमाझी र पुष्पलाल । दुई जनामा कसलाई चुन्ने भन्ने सवालमा पुष्पलालको त्यो भयङ्कर अवसरवादी चालले गर्दा बहुमत डा. माझीले पाए ।

महाधिवेशनपछि आफू महामन्त्री पदमा नचुनिएपछि पुष्पलालजीको एउटै कार्य रह्यो, "डा. माझी राजावादी हुन्, आफू गणतन्त्रवादी हुँ" भन्ने प्रचार गर्नु र पार्टीको कार्यलाई अगाडि बढाउने सट्टा पार्टीको हर कार्यमा ढुङ्गा डाल्नु ।

पुष्पलालजीले महाधिवेशनपछि पनि गणतन्त्रको राजनीतिलाई कोठे गफको राजनीतिसम्म नै सीमित राखे । यस राजनीतिलाई लिएर जनतामा गई जनतालाई जागृत गर्ने कार्य भने कहिल्यै गरेनन् ।

यसै बीच अर्कातिर डा. माझी भने झन् झन् राजावादी भएर गए । डा. माझीले पार्टीभित्र टीम स्पिरित निकालेर काम गर्ने सट्टा अर्कातिर १७ जना केन्द्रीय कमेटी सदस्यहरू मध्ये ६ जनाको नरम दलीय गुट बनाईलिनमा सफल भए, जसले डा. माझीको हर प्रस्ताव माथि समर्थन गर्ने गर्थे । डा. माझीले पार्टी भित्र एक संशोधनवादी गुट बनाउनमा सफल भए । अर्कातिर पुष्पलालले केन्द्रीय कमेटी भित्र ५ जनाको अङ्गबाज गुट बनाउनमा सफल भएका थिए । बाँकी ३ जनाको कुनै गुट थिएन र हरेक सवालमा आआफ्नो सम्झदारी अनुसार तर्क दिएर बहस गर्थे र आफ्नो मत दिन्थे ।

पुष्पलालको गुनासो छ तुल्सीलालले डा. माझीलाई साथ दिए । पुष्पलाल

गुटमा सामेल नहुनुको मतलब निश्चय पनि डा. माझीलाई आँखा चिम्लेर समर्थन गर्नु होइन । अर्कातिर पुष्पलालको अवसरवादी राजनीतिलाई समर्थन गरेर हिँड्ने पनि कुनै जरूरत थिएन ।

जहाँसम्म डा. माझीसँग मेल र बेमेलको सवाल हो डा. माझी पार्टीको राजनीति संसदीय व्यवस्थाको मागसम्म सीमित राख्ने पक्षमा थिए भने, मा यसको विपरीत गणतन्त्र र विधान परिषद्‌को मागको पक्षमा थिएँ । पुष्पलाल जीले जुनवेला लिखित रूपमा वैधानिक राजतन्त्र मानेर स्पष्टसँग कार्यक्रममा लेख्नु पर्छ भनिरहेका थिए, त्यसवेला पनि मेरो राजनीति गणतन्त्र र विधान सभाकै पक्षमा थियो, आज पनि मैले पेश गरेको "राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम"को भनाई हो," राजतन्त्र सामन्ती व्यवस्थाको प्रतीक हो ।" सो कार्यक्रमको पन्ना १०मा उल्लिखित छ," राष्ट्रको मालिक अथवा राष्ट्रको सार्वभौम आम मेहनतकश जनता हो ।" राष्ट्रिय प्रजातान्त्रिक नेपालमा राजसत्ताको मालिक नेपाली जनता हो । नेपाली जनताले आफूले सिधै चुनेको प्रतिनिधिहरूद्वारा राज चलाउने छ, जो प्रतिनिधिहरूले जनताप्रति वफादार भएर काम गर्नु पर्नेछ र जस्लाई चुन्ने मात्र होइन बर्खास्त गर्ने अधिकार पनि जनताको हातमा रहने छ ।"

विधान बनाउने अधिकार पनि जनताको अक्षुण्ण अधिकार हो भन्ने कुरोमा चाहे द्वितीय महाधिवेशनको वेला होस् या आज मेरो उही भनाई हो । डा. माझीलाई हराउने वा जिताउने भन्ने विचारले मैले आफ्नो राजनीति कहिले दायाँ कहिले बायाँ चुमाउने काम भने अवश्य गरेन । न त पुष्पलाललाई हराउने वा जिताउने उद्देश्यले आफ्नो राजनीतिक विचारलाई दाँया र बाँया घुमाउने काम गरियो ।

राजाले फौजी कार्य गर्नुभन्दा अघि नै इण्डोनेशियाको डा. सुकार्नोसँग तुलना गरी राजाको नेतृत्वमा निर्देशित प्रजातन्त्रको कुरो डा. माझीले उठाएका थिए । डा. माझीको यस भनाईको सुरुदेखि नै मैले विरोध गरेको थिएँ । मेरो भनाई थियो डा.सुकार्नो एउटा क्रान्तिकारी नेता थियो जसले कम्युनिष्ट पार्टीको हरबखत सहयोग लिए तथा कम्युनिष्ट पार्टीलाई वेला वेलामा बचाए पनि ।

सुकार्नोलाई खतम गरेर नै इन्डोनेशियामा अमेरिकी साम्राज्यवादको निर्देशनमा दक्षिणपन्थी प्रतिक्रियावादले तहाँको विशाल कम्युनिष्ट पार्टीलाई तहस नहस गरेर दसौँ लाख कम्युनिष्टहरूको खूनको नदी बहाउन सकेको थियो ।

डा. सुकार्नोको रोल जस्तो के नेपालको राजाको रोल रहेर आए अथवा यस्तो हुन सक्ने छ ? मेरो भनाई थियो र आज पनि हो कि जुन राजाले मौका पाएर हरबखत जनताको प्रजातान्त्रिक अधिकार खोस्दै लाने काम गरे उही राजाको नेतृत्वमा निर्देशित प्रजातन्त्र हुन्छ भने के यसले मेहनतकश जनताको स्वार्थ रक्षा हुने छ ? अथवा देशको कम्युनिष्ट पार्टी लगायत वामपन्थी प्रगतिशील पार्टी र तत्त्वहरूको हित रक्षा हुन सक्ने छ ? त्यस वेला पनि मेरो भनाई थियो राजाको जुन वर्ग स्थिति र वर्ग चरित्र छ त्यसले गर्दा यस्तो हुन सक्तैन आज मेरो यस भनाईलाई राजाले स्थापना गरेको एकतन्त्री हुकूमत र पार्टी विहीन प्रजातन्त्रको नाउँमा स्थापना भएको यस पञ्चायती व्यवस्थाले सही सावित गरेको छ ।

डा. माझीले मेरो जवाफ पाइसकेपछि न त मेरो अगाडि यस कुरोलाई फेरी उठाए न त पार्टीमा नै यस कुरोलाई बहमको निम्ति ल्याए । बरु वहाँले एकातिर राजासँग आफ्नो सम्पर्क र साँठगाँठ बढाउँदै लगे भने अर्कातिर आफ्नो गुटभित्र यसको प्रचार गर्दै गए । फलस्वरूप राजाले फौजी कार्वाही गरे पछि जहाँ पार्टीको बहुसंख्यक साथीहरू यस फौजी कार्बाईको विरोधमा खडा भए डा. माझी गटले राजा राष्ट्रवादी हुन्, राजा प्रगतिशील हुन् भन्ने नै प्रचार गरे ।

२०१७ साल फाल्गुणमा भएको दर्भङ्गा प्लेनममा डा. माझी गुटले दोहरो रोल खेले । एकातिर प्लेनममा वहाँहरूले पुरानो विघटित संसदीय व्यवस्थाको पुनर्स्थापना हुनुपर्छ भन्ने राजनीति दिए भने अर्कोतिर राजाद्वारा पठाएको व्यक्तिसँग पार्टीलाई कुनै पनि खबर नगरी गुप्तरूपले कुरा गरी प्लेनम सिद्धिने बित्तिकै प्लेनमको तमाम निर्णयलाई लत्याएर काठमाडौँ गई राजासँग सम्झौता वार्ता गरी आफ्नो छाला बचाएर काठमाडौँमा नै रहन थाले ।

हर पार्टी सदस्य चाहे त्यो पार्टीको सर्वोच्च पदमा किन नहोस् सबैको कर्तव्य हो आफ्नो स्तरको अथवा त्यसभन्दा माथिल्लो स्तरको निर्णयलाई स्वीकार गरी काम गर्नु । आफ्नो कुनै नयाँ प्रस्ताव छ भने आफ्नो स्तरको पार्टी कमेटीमा यसबारे छलफल गरी यसलाई पास गराई लिनु । मतभेद भएमा बहुमतको निर्णयलाई स्वीकार गरी काम गर्नु ।

डा. माझी केन्द्रिय कमेटी र पलिटब्यूरोको सदस्य भएको हुँदा वहाँको फर्ज थियो यस वारे केन्द्रीय कमेटीमा छलफल गर्नु अथवा कम से कम पलिट ब्यूरोमा छलफल गर्नु । वहाँले यसबारे न केन्द्रीय कमेटीमा छलफल गरे न त पलिटब्यूरोमा नै यसबारे कुनै कुरो उठाए । वहाँले यस कुरोलाई आफ्नो निजी गुटसम्म सीमित राखी सम्मेलनको निर्णयसम्मलाई लत्याएर राजासँग जो सम्झौता गरे, त्यो सरासर पार्टीप्रति गद्दारी हो र त्यसमाथि सम्मेलनले पास गरेको राजनीति डा. माझी गुटकै प्रस्ताव हुँदा यसलाई समेत लत्याएर हिँडनु, योभन्दा ठुलो गद्दारी र पार्टीभित्र अनुशासनहीनता अरू केहि हुन सक्तैन । स्पष्टतः पार्टी फूटको मूल जिम्मेदार डा. माझी नै हो ।

त्यसमाथि डा. माझीको राजनीतिक व्यवहारले सही सावित भएको भए यसमा फेरि सोच्ने कुरो पनि आउँछ । व्यवहारतः पनि वहाँको राजनीति गलत सावित भएको छ र आज आएर वहाँले स्वयम्, चाहे आफ्नो घरभित्रको आराम कुर्सी तोडेर नै किन नहोस् भन्न थालेका छन् कि मौलिक अधिकारको जरूरत छ । वहाँको यो मागले स्वयम् वहाँले राजाले फौजी कारवाही गरेको वेला जुन राजनीति लिएर पार्टी फुटाएका थिए त्यो गलत हो भन्ने कुरो सावित गरेको छ ।

हुन त आज पनि डा.माझी आफ्नो आत्मसमर्पणवादी तथा विसर्जनवादी नीतिबाट उम्कन सकेको छैन । कारण वहाँको यो माग पनि सक्रिय राजनीतिमा आधारित नभै बैठकभित्रको आराम कुर्सीवाला राजनीतिभन्दा अगाडि बढेको छैन । स्पष्टतः वहाँको राजनीति दक्षिणपन्थी अवसरवादी राजनीति हो ।

दर्भङ्गा प्लेनममा का.मोहन विक्रमको राजनीतिमा बहुमत देखिएकोमा पार्टी

विधान अनुसार प्लेनमको निर्णय केन्द्रीय कमेटीको 'निर्णयको विपरीत जान नसक्ने हुँदा प्लेनमले केन्द्रीय कमेटीको बहुमतको निर्णय स्वीकार गरे। केन्द्रीय कमेटीमा बहुमत डा. माझीको लाइन हो, "संसदीय व्यवस्थाको पुनर्स्थापना।"

यसको साथै प्लेनमको निर्णय हो यस मागलाई लिएर सङ्घर्ष गर्नको निम्ति पार्टीलाई सङ्गठित गर्नु।

साथै पार्टीमा देखापरेका राजनीतिक मतभेदको फैसला गर्नको निम्नि ६ महिना भित्र पार्टीको तृतीय महाधिवेशन बोलाउनु। यस प्लेनमले नेपाललाई ५ जोनमा बिभाजन गरी हरेक जोनलाई एक एक जना पोलिटव्यूरो सदस्यको जिम्मामा राखियो। डा. माझीको राजावादी रूझानको कारण वहाँलाई जेनरल सेक्रेटरी पदबाट हटाएर जेनरल सेक्रेटरीको सट्टा ३ जनाको सेक्रेटारियट बनाएर हेडक्वार्टर वहाँहरू ३ जनाको संयुक्त जिम्मामा राखियो।

यस बाहेक डा. माझी र का.डि.पि. आपसमा सल्लाह गरी मिलाएर पलिट अधिकारी मध्ये १ जनाले ब्यूरो सदस्यको हैसियतले पश्चिम कोसी जोनको इन-चार्ज भएर काम गर्ने पनि निर्णय प्लेनमले लिएको थियो। त्यस जोनमा ८ महिनासम्म वहाँहरू दुईजनामा जो कोही पनि गएर काम गर्ने काम भएन। यसै निम्ति यस बीचमा पश्चिम कोशी जोनका स्थानीय कार्यकर्ता साथीहरूले पूर्व कोशी जोन-इन-चार्जलाई पश्चिम कोशी जोनलाई पनि हेरिदिने अनुरोध गरे।

डा. माझी गूटले पश्चिम कोशी जोनलाई मात्र बेवास्ता गरी छोडिराखेको होइन, वहाँहरूले पूर्वकोशी जोनमा पनि काम हुन नदिनको निम्ति कमरशाह, राम जनम सिं तथा केदार उपाध्यालाई त्यस जोनमा घुमाएर राजा राष्ट्रवादी हुन्, प्रगतिशील हुन् र राजाको विरोधमा सङ्घर्ष गर्नु हुन्न भनेर प्रचार गर्न लगाएका थिए। यस कार्यमा वहाँहरूलाई श्री दामोदर शम्शेर जो विराटनगरको गभर्नर भइसकेका थिए। उनको कार उपयोग गर्न दिइएको थियो।

स्पष्टतः डा. माझी गुटले राजाको अगाडि आत्मसमर्पण गरी पार्टी कार्य चलाउन नदिनको निम्ति गर्न हुने नहुने सबै गैर-जिम्मेदारपूर्ण पार्टी विरोधी

कार्य गरेका थिए ।

वहाँहरूको प्रयासले पूर्वकोशी जोनका प्रमुख साथीहरू मध्ये घेरै जसोलाई यस एकतन्त्री हुकूमतको अगाडि आत्मसमर्पण गराउन सफल भए । वहाँहरूलाई नै श्रेय छ कि भूत-पूर्व केन्द्रीय कमेटीको सदस्य श्री केदार नाथ खणाल यस एकतन्त्री हुकूमतको गवर्नर र मेजिस्ट्रेट भए र वहाँले काठमाडौँ उपत्यकामा पाटनको प्रमुख साथीहरूलाई सफलताका साथ पक्रन सके पनि ।

वहाँहरूद्वारा फैलाइएको भ्रमको फलस्वरूप रौतहट जिल्लाका प्रमुख किसान साथीले भन्न थाले, “जसको निम्ति हामीले कयन वर्षदेखि सङ्घर्ष गरेर आएका थियौँ, त्यसलाई राजाले स्वयम् दिन लागेको छ भने किन नलिने ?“ मलाई लाग्छ डा. माभ्की गुटले देखाएको स्वप्न दुस्वप्न नै सावित भएको छ ।

१४ वर्षको एकतन्त्री हुकूमतको इतिहासले साबित गरेको छ कि डा. माभ्की गुटले पार्टी र जनता माथि ठुलो गद्दारी गरेर आफ्नो हाड छाला बचाउने काम गरेका हुन् ।

वहाँहरूको यो पनि प्रचार थियो कि राजाले २ जना कम्युनिष्टहरूलाई लिएर राष्ट्रिय सरकार बनाउन गइरहेका छन् ।

हामीहरू वहाँको यो प्रस्ताव स्वीकार गर्ने पक्षमा थिएनौँ, कारण जबसम्म राजासँग साम्राज्यवाद विरोधी, सामन्त विरोधी, उपनिवेशवाद र नव-उपनिवेशवाद विरोधी, विदेशी पूँजी विरोधी कार्यक्रम छैन र राजाले सामन्ती व्यवस्थालाई खतम गरी देशलाई गैर-पूँजीवादी ढङ्गले आर्थिक विकास गर्ने तथा प्रतिक्रियावादी ताकतलाई कुल्चेर प्रगतिशील ताकतलाई बढाउनको निम्ति मेहनतकश जनतालाई प्रजातान्त्रिक हक दिने कार्यक्रमा र कम्युनिष्ट पार्टीलाई खुला काम गर्न अधिकार दिने छैन भने २ जना कम्युनिष्टहरू मन्त्री मण्डलमा लियो भन्दैमा यस्तो सरकारलाई राष्ट्रिय सरकार भन्न सकिन्न । यस्तो सरकार विश्व प्रतिकृयावादको अभिन्न अङ्ग मात्र हुने हो भन्ने कुरोमा कुनै शंका छैन र यस्तो सरकारमा कम्युनिष्टले भाग लिनु विश्व-प्रतिक्रियावादको अङ्गको रूपमा

खडा भएको यस एकतन्त्री हुकुमतको हिस्सेदार भई मार्क्सवाद लेनिनवाद र विश्व कम्युनिष्ट आन्दोलनका साथै देशको प्रजातान्त्रिक आन्दोलनलाई धोखा दिई मेहनतकश जनताप्रति गद्दारी गर्नु हो ।

आज व्यवहारतः कति जना पुराना कम्युनिष्टहरूले मन्त्री मण्डलमा बसी काम गरे, तर उनीहरूबाट यस प्रतिक्रियावादी हुकुमशाही सरकारको अङ्ग बनेर जनताको अधिकार खोस्ने र उनीहरू माथि ठेचमीच गर्ने कार्यमा योगदान दिने सिवाय जनताको प्रजातान्त्रिक हक सुरक्षा गर्ने कुनै कार्य हुन सकेन । आजसम्मको इतिहासले डा. माझीको सोचाई सरासर गलत हो भन्ने कुरोलाई छर्लङ्ग गरेको छ ।

डा. माझीका अनेकौँ अवसरवादी गलत राजनीतिले पार्टी एकता तथा कार्यलाई अगाडि बढाउनमा बाधा पुर्‍याई रहेको थियो ।

यस्तो स्थितिमा दर्भङ्गा प्लेनमको निर्णयअनुसार पार्टीको तृतीय महाधिवेशन बोलाई पार्टीभित्रको राजनीतिक मतभेद टुङ्ग्याएर लिने सिवाय अरू बाटो थिएन । तर वहाँहरूले पैल्यै पास गरेको दर्भङ्गा प्लेनमको निर्णय अनुसार यस एकतन्त्री हुकूमतको विरोधमा सङ्घर्षलाई सङ्गठित गर्ने र यथा समय पार्टी महाधिवेशन बोलाउने दुवै कुरोलाई तिलाञ्जली दिएर, महाधिवेशन पनि नबोलाउने सुर कस्न थाले ।

वहाँहरूले पार्टी विधानलाई तोडे, पार्टी अनुशासनलाई भङ्ग गरे । अनि पार्टीबाट अलग हुने काम गरे । केको निम्ति ? के वहाँहरूले भनेअनुसार राजा राष्ट्रवादी र प्रगतिशील भएको हुनाले ? अथवा राजाले राष्ट्रिय सरकारको निर्माण गरेको हुनाले ? अथवा राजाको भूमिसुधार किसानको हितमा भएको हुनाले ? अथवा राजाले देश-लाई साम्राज्यवाद, उपनिवेशवाद, नव-उपनिवेशवादको चंगूलबाट बचाएकोले ?

बरु राजाले नेपालमा आफ्नो एकतन्त्री हुकूमत स्थापना गरी सी. आई. ए.को जाल बिछाउन दिने काम गरे, साम्राज्यवाद तथा विदेशी एकाधिकार पूँजीलाई नेपाललाई लुट्ने मौका दिए । गाउँ घरमा सामन्ती शोषण र दमनलाई अझ

तीव्र गर्ने मौका दिए । नेपाललाई विश्व प्रतिकृयावादको एक गढ बनाए ।

यी कुराहरू डा. माझी गुटको सही राजनीतिक सूझ बुझको प्रमाण हो अथवा नेपालको कम्युनिष्ट आन्दोलन तथा नेपालको आम जनता माथि गद्दारीको प्रमाण मात्र हो ?

वितेको १४ वर्षको इतिहासले धाम झैँ छर्लङ्ग गरिदिएको छ कि डा. माझीको घोर दाक्षिणपन्थी औसरवादको फल स्वरूप आज पार्टी विभिन्न गुटमा बाँटिन गएको छ र वहाँको कार्यले देशको प्रजातान्त्रिक आन्दोलन र पार्टी निर्माणको कार्यमा ठुलो गद्दारी हुन गएको छ ।

राजाको फौजी कार्वाहीपछि उत्पन्न र त्यसमा डा. माझी गुटको पार्टी विरोधी कार्यले गर्दा दर्भङ्गा प्लेनमको निर्णय अनुसार यस प्लेनमको ९ महिनाभित्र अर्थात् १९६१को नोवेम्बर महिनासम्ममा पार्टीको तृतीय महाधिवेशन बोलाउने कुरो झन आवश्यक हुन गयो । वहाँहरूले एकातिर प्लेनमको निर्णयको विपरीत काम गर्दै जाने, अर्कातिर प्लेनमको निर्णय अनुसार महाधिवेशन बोलाउने माग गर्दा यसको वास्ता नगरी अरू ४-५ वर्ष महाधिवेशन हुन सक्तैन भन्न थाले । यस्तो स्थितिमा हाम्रो पार्टी विधान अनुसार तलबाट महाधिवेशन बोलाउने भन्दा अरू बाटो रहन गएन ।

## तृतीय महाधिवेशन

दर्भङ्गा प्लेनमले गठन गरेको तीनजनै केन्द्रीय सेक्रेटारियत सदस्यहरूले राजाको अगाडि आत्मसमर्पण गरी राजाद्वारा गठन गरिने काल्पनिक “राष्ट्रिय सरकार” मा सामेल हुने आशा लगाएर बस्न थाले । एकातिर आफ्नो हाड छाला बचाउन अर्कातिर राजाले देखाएको मन्त्रिमण्डलमा सामेल हुने दिवास्वप्न हेर्दै दर्भङ्गा प्लेनमको निर्णय अनुसार पार्टी महाधिवेशन बोलाउने सट्टा यसलाई पन्छाउने नै काम गर्न थाले ।

यस स्थितिमा हाम्रो अगाडि जटिल सवाल थियो; डा. माझी, का. शम्भूराम र डा. माझी गुटका अन्य नेताहरूले झैं हामीले पनि पार्टी विधान तथा पार्टी

अनुशासन तोडी देश, जनता र देशको प्रजातान्त्रिक आन्दोलन माथि गद्दारी गरी एक एक बहाना बनाएर राजाको यस एकतन्त्री हुकूमतको अगाडि आत्मसमर्पण गरी आफ्नो निजी स्वार्थको रक्षा गर्ने हो वा हामीले मार्क्सवाद लेनिनवाद तथा देश र देशको मेहनतकश जनताप्रति वफादार भै पार्टीको अनुशासनमा रही चाहे जेसुकै आपद विपद झेल्नु परेमा पनि कम्युनिष्ट आन्दोलन तथा देशको प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउने हो ? डा. माझीको बाटो अफ्नो निजी स्वार्थलाई हेरेर काम गर्ने भए सबभन्दा उत्तम बाटो हो। यता राजा पनि खुस, आफ्नो पनि आराम, अन्तर राष्ट्रिय कम्युनिष्ट आन्दोलनले पनि मान्यता नै दिइ राख्ने, योभन्दा बुद्धिमत्तापूर्ण बाटो के होला ? तर यस बाटोले अर्कातिर हाम्रो डेढ करोड जनतामाथि भने गद्दारी हुन जाने कुरो स्पष्ट देखिएको हुँदा हामीहरूको अगाडि पार्टीलाई सहि ठाउँमा ल्याउनको निम्ति पार्टीको तृतीय महाधिवेशन बोलाउने भन्दा अरु कुनै बाटो थिएन।

भारतीय कम्युनिष्ट पार्टीको त्यसवेलाका महामन्त्री का. अजय घोषले डा. माझीसँग मस्कोमा भेट हुँदा डा. माझीसँगको कुराले का. अजयलाई स्पष्ट धारणा हुन गयो कि डा. माझीले नेपालको पार्टीलाई राजाको पाटो बनाउन गइरहेका छन्। वहाँले मस्कोबाट फकरे हामीसँग भेट भै कुरा हुँदा आफ्नो राय व्यक्त गरी भन्नुभएको थियो, "नेपाल पार्टीलाई कुनै हालतमा पनि राजाको पार्टी बन्न दिनु हुन्न। यस्तो कार्यले पछि गएर कम्युनिष्टको मुखमा थुक्ने मान्छे पनि भेटाउन सकिने छैन।"

यो कुरो हाम्रो निम्ति विवादको कुरो थिएन। तर सवाल थियो कसरि महाधिवेशन बोलाउने जब केन्द्रीय कमेटीको बहुमत डा. माझीको साथमा राजाको एकतन्त्री हुकूमतको अगाडि आत्मसमर्पण गरिसकेका थिए।

का. अजयको सुझाउ थियो तलबाट महाधिवेशन बोलाउन लाउने। हाम्रो पार्टी विधान र सोभियत कम्युनिष्ट पार्टीले त्यसवेला भर्खरै निकालेको पार्टी नियमले तलबाट पार्टी महाधिवेशनको निम्ति माग गर्ने र यसरी माग गर्दा केन्द्रले

महाधिवेशन नबोलाएमा महाधिवेशन माग गर्ने तल्लो कमेटी वा कमेटीहरू, जसमा कुल पार्टी सदस्यताको कम से कम एक तिहाई हुनु पर्छ, ले पार्टी महाधिवेशन बोलाउने बाटो स्पष्टसँग देखाएकै थियो।

पार्टी विधानले यो पनि भनेको थियो कि यसरी बोलाइएको महाधिवेशनमा पार्टीको कुल सदस्यताको आधाभन्दा बढि सदस्यहरूको प्रतिनिधिहरूले भाग लिएको हुनुपर्छ।

का. अजयको सल्लाह र उपरोक्त विधान र नियमअनुसार हामीहरूले अन्तर जोन सामन्जस्य समितिको पहल कदमीमा पार्टीको तृतीय महाधिवेशन बोलाउने कुरो अठोट गर्‍यौँ।

पार्टी केन्द्र निस्कृय भई पार्टीलाई बिसर्जनवाद तिर लैजाने काम हुँदा पार्टीलाई सक्रिय बनाउन पार्टीको ५ वटै जोनहरूका प्रतिनिधिहरू लिई एक अन्तर्जोन सामन्जस्य समितिको गठन गरिएको थियो।

यो अन्तर-जोन-सामन्जस्य समितिले केन्द्रीय कमेटीको समानान्तर भै काम नगरी केन्द्रकै मातहतमा काम गर्ने कबूल गरी बनाइएको थियो।

यसले केन्द्रलाई सक्रिय हुनमा मदत गर्ने र केहि गरेर पनि केन्द्र निस्कृयको निस्कृय नै रहेमा अरू कुनै नयाँ निर्णय नलिई दरभङ्गा प्लेनमको निर्णयहरूलाई व्यवहारमा लैजाने काम गर्ने। दर्भगा प्लेनमको निर्णयहरू हुन् :

(क) यस हुकूमशाही राजको विरोधमा सङ्घर्ष गर्न पार्टीलाई सङ्गठित गर्ने।
(ख) पार्टीभित्र देखा परेको राजनीतिक मतभेद तृतीय महाधिवेशनमा टुङ्ग्याउने।
(ग) प्लेनमको ६ महिनाभित्र पार्टीको तृतीय महाधिवेशन बोलाउने।

१९६२को अप्रेल महिनामा (२०१६ साल वैशाख ४ गते देखि १५ गतेसम्म) पार्टीको महाधिवेशन भयो। यो रिक्विजिसन्द (तलबाट बोलाइएको) पार्टी महाधिवेशन थियो, जसमा अत्यधिक जिल्लाहरू, जहाँ पार्टी सक्रिय थिए, भाग लिएका थिए र पार्टी विधानअनुसार चाहिएको ५० प्रतिशत भन्दा बढी

सदस्यहरूका प्रतिनिधिहरूले भाग लिएका थिए ।
यस महाधिवेशनले डा. माझी गुटका प्रमुख नेताहरू माथि कार्वाही गरी उनीहरूलाई पार्टी सदस्यताबाट केहि सालसम्मको लागि निलम्बित गरे । पार्टी महाधिवेशनको निर्णय थियो वहाँहरूलाई पार्टी हेडक्वार्टर मातहत काम गराउने र पछि फेरि सदस्यता प्रदान गर्ने ।

तर वहाँहरूले पार्टी महाधिवेशनको कुनै कुरो वास्ता गरेनन् । वहाँहरूले पार्टी विधान, पार्टी अनुशासन, पार्टी निर्णय कुनै कुरोलाई पनि पर्बाह नगरी पार्टी फुटाएर अलग बसे ताकि वहाँहरूको निजी स्वार्थको सेवा गर्ने मौकापरस्त राजनीतिमा पार्टीले दखल दिन नसकून् ।

अन्तरजोन सामन्जस्य समितिको पहल कदमीमा बोलाइएकोले यस महाधिवेशनमा राजनीतिक रिपोर्ट पेश गर्ने कार्य यस समितिको मन्त्रीको हैसियतले मैले गर्नु पऱ्यो ।

राजनीतिक रिपोर्ट हडबडमा पास नभै जाओस्, सबैले राजनीति राम्ररी बुझेर छलफल होस् र यसमा सही निर्णय लिइयोस् भन्ने हेतुले महाधिवेशन हलमा छलफल हुनुभन्दा अगाडि यस माथि अध्ययण गर्न र छलफल गर्नको निम्ति प्रतिनिधि साथीहरूलाई सा-साना ग्रुपमा बाँडिएर १ हप्तासम्म अध्ययन गर्ने र छलफल गर्न लगाइयो । तदुपरान्त यस रिपोर्ट माथि महाधिवेशनको हलमा तमाम प्रतिनिधि साथीहरूको अगाडि बहस गराइयो ।

बहसको अन्तमा यो राजनीतिक रिपोर्ट ८२ प्रतिशतको बहुमतले पारित गऱ्यो । राजनीतिक रिपोर्टका मूल बुँदाहरू हुन् :

(क) राजाको हातबाट सम्पूर्ण शक्ति जनताको हातमा हस्तान्तरित गराउनु ।

(ख) सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्नु ।

महाधिवेशनले यो महसूस गरे कि संसदीय व्यवस्था पहिले पनि थियो तर राजाको एक प्रहारले यसलाई खतम गरिदियो । यसै निम्ति नेपालमा संसदीय

व्यवस्था स्थापना गर्ने हो भने यस्तो संसदीय व्यवस्था स्थापना होस् जसलाई राजाले मनमानी खतम गर्न नसकोस् ।

यस कुरोलाई महसूस गरी हाम्रो पार्टीको तृतीय महाधिवेशनले अरू प्रजातान्त्रिक देशहरूमा (क) "सर्व शक्ति सम्पन्न सार्वभौम संसद" को माग अगाडि राखेको थियो ।

साथै संसद त्यसैवेला सर्व शक्ति सम्पन्न र सार्वभौम रहने छ, जब "सम्पूर्ण शक्ति राजाको हातबाट जनताको हातमा हस्तान्तरित हुनेछ ।" जबसम्म राजाको हातमा सम्पूर्ण शक्ति रहनेछ, संसदलाई चाहे जति सुकै 'सर्व शक्ति सम्पन्न र सार्वभौम' भनियोस्, राजाद्वारा यसलाई मनपरि खतम गरिने कामलाई कसैले रोक्न सक्ने छैन । संसदीय व्यवस्थाको रक्षा जनताको हातबाट मात्र हुन सक्ने हुँदा अन्यत्र प्रजातान्त्रिक देशमा जनताकै हातमा सम्पूर्ण शक्ति निहित हुनु पर्दछ । जनता नै देशको मालिक हो, यसै निम्ति हाम्रो पार्टीको अर्को माग थियो, (ख) 'सम्पूर्ण शक्ति जनताको हातमा हस्तान्तरित गर्नु ।'

महाधिवेशनले यो पनि महसूस गरे कि यी दुवै मागहरू यस्तो मागहरू हुन्, जसलाई प्राप्त गर्नु छ भने जनताले प्रजातान्त्रिक क्रान्ति पूरा नगरी प्राप्त गर्न सक्ने छैन । अनि प्रजातान्त्रिक क्रान्ति दुई तरिकाले पूरा हुन सक्ने छ ।

(क) पूँजीपति वर्गको नेतृत्वमा प्रजातान्त्रिक क्रान्तिलाई अन्तसम्म लगी ।

(ख) सर्वहारा वर्गको नेतृत्वमा देशको तमाम क्रान्तिकारी पार्टी वा पार्टीहरू र अन्य प्रजातान्त्रिक शक्तिहरूसँग र खास गरी देशको तमाम क्रान्तिकारी वर्गहरूको एक व्यापक संयुक्त मोर्चा बनाएर देशको प्रजातान्त्रिक क्रान्तिलाई अन्तसम्म लगी ।

नेपाली काँग्रेस नै हाम्रो देशको पूँजीवादी पार्टी हो र यो दक्षिणपन्थी प्रजातान्त्रिक समाजवादी पार्टी हो । यो पार्टी साम्राज्यवाद परस्त, सामन्त परस्त पूँजीवादी पार्टी हो, जसले हाम्रो देशभित्र सामन्ती शोषण, दमनको पक्ष लिन्छन् भने अन्तर राष्ट्रिय क्षेत्रमा अमेरिकी साम्राज्यवादको पक्ष लिन्छन्

र आफ्नो आदर्श मुलुकको रूपमा इज्राइललाई पेश गर्दछन्, जुन इज्राइल अमेरिकी साम्राज्यवादको एक मजबूत अखाडा हो ।

नेपाली काँग्रेस कम्युनिष्ट देशहरूलाई तानाशाही देश भन्दछन् र बेलायत र अमेरिका जस्तो देशहरूलाई प्रजातान्त्रिक देश भनि तारिफ गर्दछन् । कम्युनिष्टप्रति घृणा, साम्राज्यवादप्रति श्रद्धा र तारिफ यही नेपाली काँग्रेसको चरित्र हो, यस पार्टीले नेपालमा विदेशी पूँजी घुसाएर नेपाललाई एक नव–उपनिवेशवादी देशमा परिणत गर्ने हो जुन व्यवस्था अन्तरगत नेपाली जनताको जीवन झन झन बर्वाद भएर जाने सिवाय बन्ने होइन ।

यसै निम्ति हाम्रो पार्टीको तृतीय महाधिवेशनले अर्को कुरो यो महसुस गरे कि नेपालको प्रजातान्त्रिक क्रान्ति पूँजीपतिवर्ग या पूँजीवादी पार्टीको नेतृत्वमा होइन, मजदूर वर्गको पार्टी कम्युनिष्ट पार्टी के नेतृत्वमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको रूपमा पूरा हुनुपर्छ । ताकि जनताको खून बहाएर स्थापना भएको प्रजातान्त्रिक व्यवस्थाले पूँजीवादी प्रजातन्त्रको रूप लिएर मुट्ठिभर पूँजीपति, मुट्ठिभर विश्वपूँजीवादको सादगी पूँजीवादी नेताहरूलाई मात्र यसको फाइदा भोग गर्न नदिई यस व्यवस्थाले राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाको रूप लिएर नेपाल राष्ट्रको सम्पूर्ण मेहनतकश जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्न सकोस् ।

यसै निम्ति हाम्रो तृतीय महाधिवेशनले पूँजीपतिवर्गको नेतृत्वमा पूँजीवादी प्रजातन्त्रको स्थापना गर्ने सट्टा मजदूर वर्गको नेतृत्वमा देशको तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा बनाएर देशमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने राजनीतिलाई अगाडि बढाएको हो र महाधिवेशनको अत्यधिक बहुमतले यसलाई स्वीकार गरेको हो ।

जहाँ महाधिवेशनको अत्यधिक बहुमत यस राजनीतिको पक्षमा थिए, यस राजनीतिको विरोधमा पुष्पलाल जी र का. हिकमत सिं खडा भए । पुष्पलालजीको भनाई थियो, हाम्रो देशको राजनीतिक क्षेत्रमा नेपाली काँग्रेस नै निर्णायक शक्ति भएको हुँदा हामीले उही राजनीति लिनु पर्छ जुन राजनीति नेपाली

काँग्रेसले मन्जूर गर्न सकोस् यसै तर्कको आधारमा पुष्पलालको भनाई थियो हामीले पुरानै किसिमको संसदीय व्यवस्थाको माग भन्दा बढ्ता राजनीतिक माग गर्नु हुन्न ।

महाधिवेशनको बहुमतले वहाँको तर्कलाई स्वीकार गर्न सकेन । महाधिवेशनको त्यो अत्यधिक बहुमतको भनाई थियो, नेपालको राजनीतिमा नेपाली काँग्रेस नै निर्णायक शक्ति हो भन्ने कूरो गलत हो, कारण निर्णायक शक्तिको रूपमा न नेपाली काँग्रेस छ, न हामी नै छौँ, तर निर्णायक शक्तिको रूपमा उही विकास गर्नेछ जसले देशको तमाम क्रान्तिकारी वर्गहरूलाई सङ्गठित गरि लिन सक्नेछ र यदि नेपाल कम्युनिष्ट पार्टीले सहि ढङ्गले काम गरेको खण्डमा नेपाल कम्युनिष्ट पार्टी निर्णायक शक्तिको रूपमा विकास गर्ने छैन भन्ने कुरो गलत हो ।

जहाँसम्म यस एकतन्त्री हुकूमतको विरोधमा नेपाली काँग्रेससँग मिलेर लड्ने सवाल छ, कम्युनिष्ट पार्टी यसको विरोधी छैन तर यस कार्यको दौरानमा नेपाल कम्युनिष्ट पार्टीले नेपाली काँग्रेसको पुच्छर न बनी आफ्नो सैद्धान्तिक, राजनैतिक, सङ्गठनात्मक सङ्घर्षलाई जारि नै राख्नु आवश्यक छ ।

यस कुरोलाई पुष्पलालजीले मन्जूर गर्न सकेन र पुष्पलालजीले अन्तसम्म राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको रूपमा देशको प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कुरोको बिरोध गरी उही पुरानो सीमित शक्तिहीन संसदीय व्यवस्थासम्म नै आफ्नो राजनीतिलाई सीमित राख्ने कुरोमा अडिग रहे ।

महाधिवेशनको अत्यधिक बहुमतले वहाँको यस राजनीतिलाई ठुक्राए तथा सो बहुमतद्वारा देशको प्रजातान्त्रिक क्रान्ति सर्वहारा वर्गको नेतृत्वमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको रूपमा पूरा गर्ने राजनीतिलाई नै स्वीकार गरे ।

## पुष्पलाल काण्ड

पुष्पलालजीको पूरा अधिकार छ कि पार्टी महाधिवेशन भन्दा पहिले बहसको दौरान अथवा खुद महाधिवेशनको वेला आफ्नो जे जस्तो विचार छ महाधिवेशनमा

राखुन् । पार्टीभित्र यो हर पार्टी सदस्यको जनवादी या प्रजातान्त्रिक हक हो । तर पार्टीको सङ्गठनको मूल सिद्धान्त हो Democratic Centralism (जनवादी केन्द्रीयता) । मतलब हो हर सदस्यले पार्टीभित्र निर्णय लिनुभन्दा पहिले आफ्नो राय निर्धक्कका साथ व्यक्त गर्न सक्तछ, यसमा बहस गर्न सक्तछ । तर पार्टी कमेटी, सम्मेलन या महाधिवेशनमा निर्णय भइसकेपछि यसको विरोधमा काम वा कुरा गर्ने कसैलाई हक हुँदैन । हर सदस्यले पार्टी निर्णयलाई मानेर काम गर्नु पर्दछ । यो नै पार्टीभित्रको केन्द्रीयता हो । पार्टी भित्र अल्पमतले बहुमतको निर्णयलाई मान्नु पर्दछ । तल्ला कमेटीले माथिल्लो कमेटीको निर्णय मान्नु पर्दछ ।

विश्वको कुनै पनि कम्युनिष्ट पार्टीमा पार्टी महाधिवेशन सर्वोच्च संस्था हो । महाधिवेशनले पार्टीको के इच्छा हो भन्ने कुरो अगाडि राख्तछ । का. स्तालिनले भने झैं जसले पार्टी महाधिवेशनको निर्णयको विपरीत काम गर्दछ उसले पार्टीको इच्छा माथि कुल्चेको छ । सोभियत कम्युनिष्ट पार्टीको इतिहासमा मेन्सेविकहरू (जो दक्षिणपन्थो औसरवादीहरू थिए या संशोधनवादी थिए) ले यसरी नै महाधिवेशनको निर्णयको पिरीत काम गरी पार्टी महाधिवेशनको निर्णयलाई लागू गर्न नामन्जुर गरेका थिए ।

हाम्रो पार्टीभित्र डा. माझीले दर्भङ्गा प्लेनमको निर्णयलाई लत्याएर राजाको एकतन्त्री हुकूमतको अगाडि आत्मसमर्पण गरे भने पुष्पलालले हाम्रो तृतीय महाधिवेशनको निर्णयको विपरीत आफ्नो काम कारबाही चालू राखे ।

महाधिवेशनको वेलासम्म विदेशमा बसेका पुष्पलाल जी सहित हामीहरू सबैको एउटै साझा डेरा थियो । महाधिवेशनको तुरन्त वाद वहाँले आफ्नो डेरा अलग गरी लिए । र आफ्नो नयाँ डेरामा पार्टी कार्यकर्ता साथीहरूलाई बोलाउँदै वहाँले तृतीय महाधिवेशनको विरोधमा प्रचार गर्न थाले । एक जिम्मेदार केन्द्रीय कमेटीका सदस्यले यसको विरोध गर्दा पुष्पलालजीको साफ भनाई थियो कि वहाँले आफ्नो राजनीति छोड्न सक्तैन ।

यसरी पार्टी महाधिवेशनको निर्णयलाई लत्याएर डा. माझी त पार्टीबाट अलग

भए, वहाँले पनि पार्टीभित्र फुटको अर्को बिउ हाल्न थाले । वहाँले पार्टी निर्णयको विपरीत गई पार्टी अनुशासन भङ्ग गरे, यसरी आफूलाई पार्टी विरोधी खेमामा उभ्याए ।

अब हेर्नु छ वहाँको राजनीति । कम्युनिष्ट पार्टी एक सर्वहारा वर्गको पार्टी हो । यस निम्ति यस पार्टीले हर बखत सर्वहारा वर्गको दृष्टिकोण लिएर काम गर्नु पर्छ । साथै यो पार्टी मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित पार्टी हो । यसै निम्ति यसले हर बखत मार्क्सवादी-लेनिनवादी सिद्धान्त अनुरूप नै काम गर्नुपर्दछ र कुनै व्यक्तिले आफूलाई जे सुकै भने तापनि मार्क्सवादी-लेनिनवादी सिद्धान्तबाट अलग भएर काम गर्छ भने उनले आफूलाई कम्युनिष्ट हुँ भन्ने हक पनि स्वतः खतम भएर जान्छ ।

मार्क्सवाद-लेनिनवादले पार्टीलाई न एकतन्त्री हुकूमतको अगाडि पार्टी निर्णयको विपरीत गई आत्मसमर्पण गर्ने इजाजत दिन्छ, न त एकतन्त्री हुकूमतको बिरोधमा सङ्घर्ष गर्ने नाउँमा पार्टीलाई पूँजीवादी पार्टीको पुच्छर बन्ने इजाजत दिन्छ ।

पूँजीवादी पार्टीहरूसँग संयुक्त मोर्चा गर्न सकिन्छ, तर पार्टी सिद्धान्त, पार्टीको राजनीति र पार्टीको स्वतन्त्र सङ्गठनात्मक अस्तित्वलाई नै खतम गरेर होइन । संयुक्त मोर्चाको दौरान पनि पूँजीवादी पार्टीसँग सैद्धान्तिक, राजनैतिक र सङ्गठनात्मक सङ्घर्ष जारि नै राख्नु मार्क्सवाद-लेनिनवादले देखाएको बाटो हो ।

तर पुष्पलालजीले नेपाली काँग्रेससँग मिल्ने नाउँमा पार्टीको राजनीति नै छोड्ने प्रस्ताव ल्याए । यसको निम्ति पार्टी अनुशासन भङ्ग गरेर पार्टीमा फूट डाले र आखिर पार्टी टुटाएर अलग भए । वहाँको राजनीति हो, "नेपालको राजनीतिमा नेपाली काँग्रेस नै निर्णायक शक्ति भएको हुँदा नेपाली काँग्रेसले मन्जूर गर्ने राजनीति नै हाम्रो राजनीति स्पष्ट रूपले दक्षिण पन्थी औसरवादी राजनीति होइन ? यस राजनीतिलाई व्यावहारिक रूप दिनको निम्ति पार्टी भित्र वहाँले चलाएको सङ्घर्ष तृतीय महाधिवेशनमा हार भएपछि वहाँले पार्टी

भित्र फेरि पनि खुला बहस गर्ने सट्टा पार्टी कार्यकर्ताहरूमा भ्रम दिनको निम्ति पार्टीभित्र मुसाले दुलो खने झैं खन्नको निम्ति पार्टीमा थाहा नदिई पार्टी साथीहरू र खास गरि नयाँ नयाँ विद्यार्थीहरूको सैद्धान्तिक र राजनैतिक कमजोरीको फाइदा उठाएर भित्र भित्र गुप्त रूपले आफ्नो राजनीति प्रचार गर्ने कार्य, तृतीय महाधिवेशनको बदनाम गर्ने कार्य र विश्व साम्राज्यवादले अपनाएको त्यो Career assassination (चरित्र हत्या) गर्ने तरिका, झूठा झूठा मन गढन्त कुराहरू प्रचार गर्ने कार्य गरे, जो स्पष्टतः पार्टी विरोधी कार्य हुन् । यी सब कुराहरू पुष्पलाल गुटको राजनीतिक पतनको प्रत्यक्ष प्रमाण हुन् लेनिनले भनेका थिए, "झूठ बोल्नु राजनीतिक पतनको लक्षण हो ।" तर पुष्पलाल जी झूठ बोल्नु नै आफ्नो राजनीतिक खूबी सम्झनु हुन्छ ।

पुष्पलाल गुटले मौखिक रूपले मात्र होइन लिखित रूपमा पनि बिना झिझक झूठ कुरा गरेको छ । पुष्पलाल गुटले आफ्नो नयाँ जनवादी कार्यक्रमको भूमिका "केहि कुराहरू" भन्ने शीर्षक अन्तरगत दोस्रो प्यारामा लेख्नुहुन्छ– "तुल्सीलालको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र नामक संशोधनवादी कार्यक्रम का. पुष्पलाल, का. हिकमत तथा अन्य साथीहरूको कडा प्रतिरोधको वावजूद पास भयो ।"

निश्चित हो राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीति पुष्पलालको कडा प्रतिरोधको वावजूद पास भएको थियो । तर के यो संशोधनवादी राजनीति हो ?

हाँसो लाग्दो कुरो छ कि पुष्पलाल गुटको समझदारिमा कम्युनिष्ट पार्टीलाई नेपाली काँग्रेसको पुच्छर बनाउने राजनीति क्रान्तिकारी राजनीति हो र वहाँहरूको समझदारीमा यस्तो राजनीति नै नयाँ जनवादी राजनीति हो, जबकि सर्वहारावर्गको नेतृत्वमा मजदूर-किसान एकताको आधारमा तमाम क्रान्तिकारी वर्गहरू एवं शक्तिहरूलाई मिलाए र राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नु संशोधनवादी हो । के वहाँहरूको यो समझदारी स्वयम् संशोधनवादी समझदारी होइन ?

अनि यही “केही कुरोहरू” नामक भूमिकाको तेस्रो प्यारामा लेखिन्छ, “तेस्रो महाधिवेशनपछि का. पुष्पलाल तथा का. हिक्मत सिंहहरू पार्टीको नियम तथा पद्धतिअनुसार चतुर्थ महाधिवेशन गरी भित्री पार्टी सङ्घर्षको पक्षमा रहे भने तुल्सीलाल लगायत अन्य साथीहरू पार्टीको जनवादी केन्द्रीयता तोडी गुटबन्दीको बाटोमा अग्रसर भए । फलतः पार्टी टुक्रिएर गयो ।”

के उपरोक्त कुरा सही हो ? यो सरासर पुष्पलाल गुटको झूठ बोल्ने बानीको एक जिउँदो जाग्दो प्रत्यक्ष प्रमाण मात्र हो । जसले आफ्नो डेरा अलग गरी नयाँ नयाँ साथीहरू भेला गरी पार्टी महाधिवेशनको निर्णयको विपरीत आफ्नो संशोधनवादी राजनीति प्रचार गरि नयाँ साथिहरूलाई भ्रम दिई तृतीय महाधिवेशनको निर्णयको विरोधमा खडा गरे, उनीहरूले गुटबन्दि गर्ने कार्य गरे अथवा तुल्सीलालले ? जसले महाधिवेशनको निर्णयलाई डिग्रुपले अगाडि बढाउने चेष्टा गरे ? तुल्सीलालले न त महाधिवेशनको निर्णयको विपरीत गुप्त रूपले प्रचार गर्दै हिंडे, न त पुष्पलाल माथि झूठ कुरा प्रचार गरी निजको चरित्र हत्या गर्ने नै कार्य गरे । पुष्पलाल जीले गुप्त तारिकाले आफ्नो गलत राजनीति प्रचार गरेर हिँडेको वेला वहाँसँग मेरो स्पष्ट माँग थियो कि वहाँद्वारा यस्तो गुप्त प्रचार बन्ध गरी वहाँले आफ्नो राजनीति स्पष्ट रूपले लेखेर देओस् ताकि यसमाथि व्यवस्थित ढङ्गले पार्टीका साथीहरूले छलफल गर्न सकोस् । तर वहाँले यस कुरोलाई सुनेको नसुन्यै गरेर गुप्त प्रचारद्वारा पार्टीभित्र आफ्नो गुट निर्माण गर्नमा नै संलग्न रहे ।

वहाँले पार्टीभित्र यसरी भ्रम फैलाएर गएको हुँदा र वहाँहरूको तर्फबाट स्पष्ट रूपमा वहश गर्नको निम्ति कुनै कुरो लिखित रूपमा न दिँदा नै मैले “कुन बाटो” लेखी बहसको निम्ति अगाडि बढाएको हूँ ताकि पार्टीभित्र राजनीतिक भ्रम हुन नपाओस् ।

त्यसपछि वहाँले “मूलबाटो” लेखी आफ्नो संशोधन वादी चरित्रलाई छर्लङ्गसँग अगाडि राखे । यस” पुस्तिका’ माथि मेरो आलोचना “जनवादी प्रजातन्त्र या संशोधनवाद” निक्लेपछि पुष्पलालजीले यो दस्ताबेज वापस लिई दवाउनु

थाले। के यो कार्यवाही वहाँको राजनीतिक हारको अर्को प्रमाण होइन ? फेरि पनि वहाँले आफ्नो आत्मालोचना गर्नु भएन बरू यसपछि वहाँले पार्टीलाई बिल्कुल चलन नदिई पार्टी टुक्राउन पक्षमा नै जोड दिन थाले।

हाम्रो पार्टीको केन्द्रीय मन्त्री परिशद जो २ महिनाको एक पटक २-४ दिनको निम्ति हुनु पर्थ्यो त्यसलाई ७ महिनासम्म लगातार लम्ब्याएर लैजाने काम भए। यसो भएपछि जनतामा गई कुनवेला कसले काम गर्ने ? अनि पार्टी हेड क्वार्टर व्यवस्थित ढङ्गले चलोस् भनि हर रोज सबभन्दा पहिले आधा घण्टा हेडक्वार्टर बैठक बस्ने नियम बनाएकोमा दिन भरि लगाएर पनि नपुगी भोलीको निम्ति छलफल बाँकी राख्ने काम गरे भने पार्टी एक इन्च पनि अगाडि बढ्न नदिने यो भन्दा असरदार तरिका के हुने भयो ?

केन्द्रीय कार्यकारिणीको मिटिंग राखिन्छ, आफूले कुनै सुझाब नदिई महामन्त्रीले राखेको हर सुझाव एक पछि अर्को नामन्जुर गर्दै जाइन्छ भने के कार्यकारिणी बैठकको कुनै महत्त्व रह्यो। ५-५ वटा सुझाव राख्ता पनि नामन्जूर गरिदा एक छिन घोरिएर बिचार गरुन्जेल महामन्त्रीले केहि बोलेन भनेर उठेर जान्छन् भने के यो पार्टी कार्यमा जसरि भए पनि बाधा दिने तरिका होइन ?

ई सब कार्यका पछि वहाँहरू सबैको एउटा उद्देश्य लुकेको थियो, त्यो हो तुल्सीलालले पनि महाधिवेशनको राजनीतिलाई लत्याएर वहाँहरूको संशोधनवादी राजनीतिमा सहमति प्रकट गरून्। तुल्सीलालले वहाँहरूको यस इच्छालाई पूरा गर्न सकेन। गुट जहाँसम्म पुष्पलाल गुट महाधिवेशनको तयारिमा थिए तुल्सीलाल बन्दिमा लागि रहे भन्ने कुरो छ, "ऐना भई भइकन इनारमा किन हेर्ने ? भने भै पुष्पलाल जीको गुटको त्यसवेलाको दाहिने हात हुनु भएको का. हिकतम सिद्वारा लेखिएको पार्टी बैठकको मिनट हेरे पुग्छ जसमा तुल्सीलालले महाधिवेशनको प्रस्ताव राख्ता पुष्पलाल गुटले यो भनेर यस प्रस्तावलाई ठुक्राएको थियो कि "तुल्सीलालको यो प्रस्ताव आफ्नो कमजोरी लुकाउनको निम्ति आएको हो" सवाल छ, महाधिवेशन गरेर तुल्सीलालको कमजोरी लुक्न जान्छ अथवा वहाँहरूसँग सही राजनीति भएको भए तुल्सीलालको कमजोरी

झन् अगाडि ल्याउन सकिन्थ्यो । वहाँहरूले महाधिवेशन यस निम्ति मन्जूर गर्न सकेनन् कि महाधिवेशन गर्दा वहाँरूको संशोधनवादी राजनीति तथा पार्टीभित्र वहाँहरूद्वारा खेलिएको सम्पूर्ण अडंगेवाजी खोलेर अगाडि आउने डर वहाँहरूलाई थियो ।

'उल्टा चोर कोतवाल डाँटे ।' वहाँहरू "चतुर्थ महाधिवेशन गरी भित्र पार्टी सङ्घर्षको समाधान गर्ने पक्षमा थिए" भन्ने वहाँहरूको भनाई वहाँहरूको लिखित झूठको प्रमाण मात्र हो ।

वहाँहरू आफ्नो नयाँ जनवादी कार्यक्रमको पन्ना २१ मा लेख्नुहुन्छ, तुल्लीलालको नेतृत्वमा भेला भएका नवसंशोधनवादी तत्त्वहरूको गलत राजनीतिले गर्दा पार्टी फेरि राजनीतिक मतभेदबाट मुक्त हुन सकेन ।'

तुल्सीलालसँग पुष्पलाल गुटको मतभेद केमा हो त ? स्पष्ट छ पुष्पलालले कम्युनिष्ट पार्टीलाई नेपाली काँग्रेसको पुच्छर बनाउन चाहेकोमा तुल्सीलालले नामन्जूर गरेकोमा । अनि संशोधनवादी या नवसंशोधनवादी को हो त ? यही २१ पेजको अन्तिम लाइनहरूमा पुष्पलाल गुटले लेख्त छ, 'पार्टी पुनः वाद-विवाद र अकर्मण्यताको स्थितिमा रहन गई प्रजातान्त्रिक आन्दोलनमा कुनै विशेष भूमिका खेल्न समर्थ भएन ।' यहाँ आएर पुष्पलालजीले आफैँ बोक्सी आफैँ धामी भन्ने कुरोलाई चरितार्थ गर्न लागेको छ । पार्टीमा हर तरिकाले डङ्का डाल्ने आफैँ, अनि पार्टी अकर्मण्य रह्यो भनेर गोहीको आँशु निकाल्ने पनि आफैँ ।

पुष्पलालजीको लीला अपरम्पार छ । पार्टीभित्र जालझेल गर्नमा पुष्पलाललाई कसले सक्ने हो ? वहाँ आफ्नो सिंहावलोकनको पन्ना ३६मा हाम्रो पार्टीको तृतीय महाधिवेशनले पास गरेको राजनीतिक रिपोर्टबाट राष्ट्रिय प्रजातन्त्र वारेका १० वटा बुँदाहरू उद्धृत गरी यसको १० औँ बुँदामाथि आफ्नो राय व्यक्त गरी भन्नुहुन्छ, 'राष्ट्रिय प्रजातन्त्रमा गठन हुने सरकारमा मजदूर वर्गको प्रतिनिधि नरही केवल बाहिरबाट सरकारमा दबाव दिने अधिकारको मात्र माग हो ।'

साथै ती १० वटा बुँदाहरू माथि आफ्नो राय व्यक्त गरी वहाँ भन्नुहुन्छ, 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको बुँदाहरूको रूपमा जति पनि कुराहरू उठाइएका छन् एशिया तथा अफ्रिकाका पूँजीवादी सरकारहरूले घोषित गरेका बूँदाहरूबाट ती कुनै पनि मानेमा फरक छैनन् ।'

पुष्पलालजीका उपरोक्त दुवै भनाई पुष्पलालजीमा निहित झूठफरेब र पार्टीभित्र पुष्पलालजीले अहिलेसम्म खेलेर आएको अदालती चालका अभिव्यक्ति मात्र हुन् ?

अनि वहाँको अर्को भनाई हो "राष्ट्रिय प्रजातन्त्रमा गठन हुने सरकारमा मजदूर वर्गको प्रतिनिधि नरही केवल बाहिरबाट सरकारमा दवाव दिने अधिकारको मात्र माग हो ।"

जुन राष्ट्रिय प्रजातन्त्र मजदूरवर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा सबै क्रान्तिकारी वर्गहरू सङ्गठित गरी क्रान्ति पूरा गरी स्थापना हुन्छ भने के त्यो व्यवस्थामा मजदूर वर्गले बाहिरबाट दबाव दिने मात्र हक हुनेछ ? अथवा त्यो राष्ट्रिय प्रजातन्त्र मजदूरवर्गको नेतृत्वमा मजदूर किसान लगायत देशका सम्पूर्ण क्रान्तिकारी वर्गहरूको संयुक्त सरकार हुनेछ ? स्पष्टतः यस्तो सरकार मजदूर-किसान लगायत तमाम क्रान्तिकारी वर्गहरूको संयुक्त सरकार हुनेछ ।

पुष्पलालको भनाई छ यो माग त एशिया अफ्रीकाका पूँजीवादी सरकाहरूले अगाडि बढाएका हुन् । पुष्पलालजीको यो भनाई पढ्दा लाग्छ, पुष्पलाल जी स्वयम् अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनसँग सरोकार नभएका एक अधकचरा राजनीतिज्ञ हुन् अथवा वहाँले जानि बूझिकन झूठ बोलेर मानिसहरूलाई गलत बाटोमा लैजान चाहेको हो ।

यो बुँदा एशिया-अफ्रीकाको पूँजीवादी सरकारले दिएको होइन र १९६०मा मस्कोमा भएको अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलनको निर्णय हो भन्ने कुरोको प्रमाण चाहिन्छ भने त्यो मस्को सम्मेलन, जसमा चीनको कम्युनिष्ट पार्टी खास

गरी का. तेन साव पिङ पनि सामेल थिए, को वक्तव्य, जो मस्को वक्तव्यको नाउँले प्रख्यात छ, को खण्ड ४को १३ वाँ प्यारालाई हेरे साफ हुनेछ, कि यो बुँदा अन्तरराष्ट्रिय कम्युनिष्ट सम्मेलनको सर्वसम्मत निर्णयले दिएको बुँदा हो, न कि एशिया अफ्रीकाका पूँजीवादी नेताहरूले। यस बुँदाको मतलब कदापि बाहिर बसेर माग गर्ने होइन, बरू त्यस संयुक्त सरकारद्वारा लिइने नीति हो। स्पष्टतः झूठ बोलेर भ्रम फैलाउनु पुष्पलालजीको एक विशेषता हो।

पुष्पलाल गुटले झूठ त प्रचार गरे गरे, तुल्सीलाललाई गलत साबित गर्न किर्ते काम गर्न पनि हिचकिचाएनन्। पुष्पलालजी आफ्नो सिंहावलोकनको पन्ना ४२को पहिलो प्याराका अन्तिम लाइनहरूमा मैले प्रकाशित गरेको "कम्युनिष्ट बुलेटिनको अङ्क ११, वर्ष ६, मार्च ६, १९६७ को लाइनहरू" उद्धृत गरीएको भनि लेख्छन्, "तमाम प्रतिक्रियावादी सामन्तहरूको जमिन खोसेर बिना मुआब्जामा विक्रीवितरण किसानहरूमा गर।"

मैले उपरोक्त लाइन लेखेको भए निश्चय हो मैले किसानहरूसँग पैसा लिएर मात्र खेत दिने कुरा गरेको रहेछ। तर उपरोक्त लाइनहरू मैले लेखे जस्तो होइन। पुष्पलाल गुटले मैले लेखेको लाइनमा कहीँ अक्षर बदलेको छ भने कहिं शब्द नै निकालेर मेरो भावनाको बिल्कुल उल्टो भावना आउने गरी उपरोक्त लाइनहरू उद्धृत गरेको छ। त्यस अङ्कमा मैले लेखेको लाइन हो, "तमाम प्रतिक्रियावादी सामन्तहरूको जमीन खोसेर बिना मुआब्जा या बिक्री वितरण किसानहरूमा वितरण गर।" यो त्यसवेला तत्काल भएको रौतहट सम्मेलनको फैसला पनि हो।

यदि कसैसँग त्यो बुलेटिन आफ्नो पासमा छ भने पुष्पलालले उद्धृत गरेको लाइन दाँजेर हेर्न सक्नु हुन्छ। पुष्पलाल गुटले त्यस लाइनको 'या' लाई ' मा' मा बदल्नु भएको छ अनि 'किसानहरूमा वितरण गर' भनि उद्धृत गर्ने सट्टा "वितरण" शब्द नै झिकेर "किसानहरूमा गर" भन्ने कुरो मात्र उद्धृत गरेको छ। यसले गर्दा मेरो भावना कि "बिना मुआब्जा, बिना विक्री वितरण" किसानहरूमा मुफ्त वितरण गर भन्ने कुरोको अर्थ उल्टिन गएर "किसानहरूमा

बिक्री वितरण गर" भन्ने अनर्थ लगाइएको छ । स्पष्टतः पुष्पलालले हाम्रो पार्टीको तृतीय महाधिवेशनको निर्णयलाई लत्याएर यसको विरोधमा आफ्नो संशोधनवादी गुट बनाएर नेपाली काँग्रेसको सेवामा अर्पण गर्नको निम्ति आजकल अमेरिकी साम्राज्यवादको नेतृत्वमा चलेको आधुनिक फासिस्टवादमा विश्व प्रतिक्रियावादको नीति अनुसार पार्टीको अनुशासन तोडी, पार्टीमा झूठ कुराहरू प्रचार गरी गलत कुराहरू गुप्तरूपले प्रचार गरी झूठा कुराको हो-हल्ला फैलाएर नपुगी लिखित रूपमा समेत झूठा कुराहरू प्रचार गरी अनि कीर्ते काम समेत गरे भने के पुष्पलालले यी सब कुरोहरू नेपालमा सही ढङ्गले मार्क्सवादी-लेनिनवादी पार्टी बनोस् भनेर खेलेका खेलहरू हुन् ? पुष्पलालले यी सबै कार्य नेपालको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनको निम्ति होइन, यसलाई भताभुङ्ग पार्नका निम्ति गरेका हुन् ।

पुष्पलालले यस्तो रोल नखेलेको भए आज नेपाल कम्युनिष्ट पार्टी यसरी अनुशासनहीन तरिकाले विभिन्न गुटमा बाँटिइ छिन्नभिन्न हुने थिएन र आजसम्ममा नेपाल कम्युनिष्ट पार्टी नेपालको राजनीतिक क्षेत्रमा निश्चितरूपले एक निर्णायक शक्तिको रूपमा देखा पर्ने थियो ।

पुष्पलालले आफ्नो सिंहावलोकनको पन्ना ३ देखि दिइएको सो सिंहावलोकनको खण्ड (६) उपखण्ड (क) र (ख)लाई अध्ययन गरेमा साफ हुन्छ वहाँले के चाहनु भएको हो, वहाँले महान लेनिन र का. माओको नाउँ अगाडि बढाएर वहाँहरूका कुरालाई तोड मरोड गरी पूँजीवादी प्रजातन्त्रको पैरवी गर्नु भएको छ ।

महान लेनिनको पालोमा विश्वमा कहीँ पनि समाजवादी मुलुक नभएको वेलामा जारशाहीलाई खतम गर्न सर्वप्रथम पूँजीवादी प्रजातन्त्रको निम्ति क्रान्तिकारी आन्दोलनमा भाग लिने सलाह महान लेनिनले दिएका थिए । फेरि पनि लेनिनले त्यस क्रान्तिको नेतृत्व पूँजीपति वर्गको हातमा छोडने अथवा पूँजीपति वर्गले मान्दैन भनि पार्टीको आफ्नो राजनीति छोडी पूँजीवादी पार्टीले स्वीकार गर्ने खालको राजनीति अपनाउने कहिल्यै काम गरेनन् र आफ्नै कार्यक्रमको

आधारमा आफ्नै राजनीति लिएर आफ्नै नेतृत्व र पहलकदमीमा त्यस पूँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने कार्यमा संलग्न रहे । र फलस्वरूप महान् लेनिनले पूँजीवादी प्रजातान्त्रिक क्रान्ति सिद्धिएको ७ महिनाभित्रै समाजवादी क्रान्ति, जो अक्टोबर क्रान्तिको नाउँले प्रख्यात छ, पूरा गरे । विश्वमा सर्वप्रथम विश्वको एक छठा भागमा मजदूर वर्गको राज स्थापना भयो, को यस बारे आफ्नो पुस्तिका, "नयाँ जनवाद"को अध्याय प्यारा ५ लेखी का. माओ भन्नुहुन्छ," १९१७ को रुसी अक्टोबर क्रान्तिको फलस्वरूप विश्वको एक छठा भागमा एक समाजवादी राज्य स्थापना हुँदा चीनको पूँजीवादी प्रजातान्त्रिक क्रान्तिमा परिवर्तन आएको छ ।

आफूलाई माओवादी ढ्वाङ्ग रच्ने पुष्पलालले पूँजीपति वर्गको सेवामा आफूलाई अर्पन गर्दा का. माओको कुरोलाई बिर्सनु हुन्छ ।

लेनिनले अक्टोबर क्रान्तिको अगाडि भन्नु भएको कुरोलाई वहाँकै नेतृत्वमा सम्पन्न भएको अक्टोबर क्रान्तिले विश्वमा एक नयाँ युग सुरु गरी परिवर्तन गरि दिएको छ । अक्टोवर क्रान्तिले गर्दा विश्वमा एक नयाँ युग सुरु गरी सर्व प्रथम पूँजीवादी प्रजातान्त्रिक क्रान्ति पूरा गर्नु पर्ने युगलाई खतम गरि दिएको छ ।

चेन-पो-ताले स्तालिन र चिनिया क्रान्ति भन्ने पुस्तिका लेखी निम्न कुरो भन्नु भएको छ, "अक्टोबर क्रान्तिपछि विश्वमा एक महान समाजवादी राज्यको प्रादुर्भाव भयो र यो साम्राज्यवादको विरोधमा विश्व क्रान्तिकारी आन्दोलन उदाइ रहेको सूर्य जस्तै छ । चिनिया सर्वहारावर्गले विश्व भरि आफ्नो दोस्त पाए र मुख्यतया चिनिया जनताको भरपर्दो र शक्तिशाली दोस्तको रूपमा सोवियत संघ खडा छ ।"

एकातिर का. माओ आाफ्नो "नयाँ जनवाद"को अध्याय ४ मा भन्नुहुन्छ, "चिनिया क्रान्तिको ऐतिहासिक चरित्र हो यसलाई दुई चरणमा बाँट्नु प्रजातन्त्र र समाजवाद पहिलो चरण सर्वसाधारण प्रजातन्त्र नभै चीनको किसिमको प्रजातन्त्र हो, एक नयाँ र विशेष प्रकारको" अर्थात् "नयाँ जनवादी प्रजातन्त्र"

वहाँ भन्नुहुन्छ, “यो चरित्र त्यसै आएको होइन, रूसी अक्टोबर क्रान्तिपछि यो चरित्र देखा परेको हो ।”

का. माओले उही ४ अध्यायको १०वाँ अध्यायमा लेख्नु हुन्छ, “यो कुनै हालतमा पनि पूँजीवादी समाजको स्थापना गर्ने उद्देश्यले पूँजीपति वर्गको हुकूमत चल्ने खालको रूपमा पूँजीपतिवर्गद्वारा नेतृत्व गरिएको पुरानो किसिमको क्रान्ति होइन । यो नयाँ किसिमको क्रान्ति हो, जसमा सर्वहारावर्गले नेतृत्व गरिएको हुन्छ र जसको उद्देश्य हो पहिलो चरणमा तमाम क्रान्तिकारी वर्गहरूको संयुक्त शासनको. रूपमा स्थापना हुने राज्य तथा एक नयाँ जनवादी समाजको स्थापना गर्नु ।”

का. माओले नयाँ जनवादको अध्याय ४ को १८ वाँ प्यारामा फेरि लेख्नु हुन्छ, “दुई किसिमका विश्वक्रान्ति छन् । पहिलो हो पूँजीवादी । यस किसिमको विश्वक्रान्तिको यूग धेरै अघि नै खतम भइसकेको छ । खास गरी १६१७ को अक्टोबर क्रान्तिपछि । अर्को किसिमको हो सर्वहारा समाजवादी विश्वक्रान्ति जो त्यसपछि (१९१७को अक्टोबर क्रान्तिपछि) सुरू भएको छ । अनि उही अध्यायको अन्तिम प्याराभन्दा माथिल्लो प्यारामा का. माओ लेख्नु हुन्छ, “हाम्रो क्रान्तिको पहिलो चरण चिनिया पूँजीपति वर्गको नेतृत्वमा पूँजीवादी समाज स्थापना गर्ने होइन, न त यो हुन सक्ने छ । परन्तु चिनिया सर्वहारावर्गको नेतृत्वमा चीनको सर्व क्रान्तिकारी वर्गहरूको संयुक्त शासनमा नयाँ जनवादी समाजको स्थापना गर्नु हो ।”

अध्याय ५ को प्यारामा का. माओ भन्नुहुन्छ,” यो नयाँ जनवादी गणतान्त्रिक राज न यूरोप र अमेरिकामा जस्तो पूँजीवादी गणतन्त्र हुनेछ. जो पुरानो प्रजातान्त्रिक व्यवस्था हो र यो बितेको जमानाको हो । अर्कातिर न यो हाल साल निकालेको सोवियत किसिमको समाजवादी गणतन्त्र नै हुनेछ, जो निश्चय नै भविष्यमा एक दिन संसार भरि स्थापना हुनेछ ।

स्पष्टतः पुष्पलालले चित्रण गरेको नयाँ जनवाद का. माओले भनेको नयाँ जनवादसँग बिल्कुल भिन्न छ । जहाँ का. माओले “नयाँ जनवाद“लाई

पुरानो पूँजीवादी प्रजातन्त्रसँग बिल्कुल भिन्न गरी देखाएका छन्, पुष्पलालले "पूँजीवादी प्रजातन्त्र"लाई नै नयाँ जनवादको रूपमा पेश गरेको छ ।

वहाँले" पूँजीवादी प्रजातन्त्र" नै नयाँ जनवाद हो भन्ने भ्रम दिने काम गर्नु भएको छ । पूँजीवादी प्रजातन्त्र र नयाँ जनवादी प्रजातन्त्रको बीच भिन्नता के हो भन्ने कुरो वहाँले स्पष्टसँग राख्ने कहिल्यै प्रयास गर्नु भएन बरू पूँजीवादी प्रजातन्त्र र नयाँ जनवादलाई गुटमुट्याएर पूँजीवादी प्रजातन्त्र नै नयाँ जनवाद हो भन्ने भ्रम फैलाएर पूँजीवादको सेवामा आफूलाई अर्पण गर्नु भएको छ । वहाँले सिंहावलोकनको पन्ना ७ मा भन्नुहुन्छ, "मजदूर वर्गले पूँजीवादी जनवादी क्रान्ति सम्पन्न नगरी समाजवादमा प्रवेश गर्न सकिन्न ।"

पुष्पलालजीले का. माओको "नयाँ जनवाद"को कुरो एक खण्ड उल्लेख गरी अर्को खण्ड छोडी आफूलाई पूँजीपतिवर्गको माझिएको सेवक साबित गर्नु भएको छ । वहाँ सिंहावलोकनको पन्ना ७को प्रथम प्यारामा का. माओको कुरो तोडमरोड गरी लेख्नु हुन्छ, 'वहाँले (का. माओले) क्रान्तिलाई दुई चरणमा विभक्त गर्नु भएको छ, एक पूँजीवादी जनवादी सम्पन्न गर्न र त्यसपछि समाजवादी क्रान्ति ।"

का. माओले "नयाँ जनवाद"को अध्याय ३ को छ वाँ प्यारामा लेख्नु भएको हो । आफ्नो ऐतिहासिक दौरानमा चिनिया क्रान्तिले दुई चरणबाट जानु पर्छ, पहिलो चरण प्रजातान्त्रिक क्रान्ति र दोस्रो समाजवादी क्रान्ति र यिनीहरूको स्वभावैले यिनीहरू दुई फरक फरक क्रान्तिकारी प्रकृयाहरू हुन् । यहाँ (प्रथम चरणमा ले०) "प्रजातन्त्र भन्नाले पुरानो किसिमको होइन यो पुरानो प्रजातन्त्र होइन; तर नयाँ किसिमको हो यो नयाँ जनवाद हो ।"

स्पष्टतः का. माओले नयाँ जनवादको चरित्रलाई बताएको छ र यो प्रजातन्त्र पुरानो पूँजीवादी प्रजातन्त्र होइन भन्ने कुरो स्पष्ट गरेका छन् । प्रजातन्त्र भन्नाले विभिन्न किसिमका प्रजातन्त्र हुन सक्छन् । प्रजातन्त्र भन्नाले पूँजीवादी प्रजातन्त्रलाई नै जनाउँदैन । यसै निम्ति का. माओले प्रथम चरणमा प्रजातन्त्र भन्नाले यो पुरानो किसिमको पूँजीवादी प्रजातन्त्र होइन र यो नयाँ र विशेष

प्रकारको प्रजातन्त्र हो, जसलाई 'नयाँ जनवाद' भनिन्छ (नयाँ जनवादको अध्याय ४ प्रथम प्यारा) भनी स्पष्टसँग लेख्नु भएको छ । र यस अध्यायको दोस्रो प्यारामा यो नयाँ र विशेष प्रकारको प्रजातन्त्र अर्थात् 'नयाँ जनवाद' रूसको अक्टोबर क्रान्तिको सफलताले नै सम्भव भएको हो भन्ने कुरो स्पष्ट गर्नु भएको छ ।

यस कुरोलाई नजरन्दाज गरी पुष्पलालले एकातिर अक्टोवर क्रान्ति अघिको महान लेनिनको भनाईलाई अगाडि ल्याएर पूँजीवादी प्रजानन्त्रको स्थापनाको आवश्यकता देखाउनु हुन्छ भने अर्कातिर का. माओले खालि 'प्रजातन्त्र' लेखी पछि यसको व्याख्या गरेकोमा 'प्रजातन्त्र'को ठाउँमा 'पूँजीवादी प्रजातन्त्र' लेखि का. माओको पछिल्लो व्याख्या छोडी दिन्छ भने पुष्पलालले यो पनि एक प्रकारको कीर्ते काम गरी का. माओको नाउँको फाइदा उठाएर का. माओले भनेको भनी पूँजीवादी प्रजातन्त्रमा जोड दिनु भएको छ र यसरी पुष्पलालले जानी बुझीकन पूँजीपति वर्गको सेवामा आफूलाई अर्पण गरेको छ भन्ने कुरोमा के आश्चर्य ?

पुष्पलालको त्यो तथाकथित सिंहावलोकनको खण्ड (१)को (क) र (ख)मा का. माओको झूठा उद्धरण र अनि का. माओको भनाईको अर्थको अनर्थ गरी पूँजीवादी प्रजातन्त्रको वकालत र अनि यसै अनुकूल आपनो तथाकथित नयाँ जनवादी कार्यक्रमको पन्ना ४५मा दिएको (२) देखि (६) सम्मको ५ वटै बुँदाहरूले साफ जाहेर गर्छ कि किन पुष्पलालले राष्ट्रिय प्रजातन्त्र र गैर-पूँजीवादी तरिकाको विरोध गरेका हुन् । पुष्पलालले आफ्नो सो तथाकथित 'नयाँ जनवादी कार्यक्रमको बुँदा (५)मा भन्नुहुन्छ, 'विदेशमा लगानी गरिएको नेपाली पूँजीलाई देशमा फर्काई यस्ता उद्योगमा लगानी गराउन प्रोत्साहित गर्ने छ ।

एक त विदेशमा नेपालको खास पूँजी लागेको छैन । जो लागेको छ सो हाम्रो देशको ठुलठुला सामन्त परिवारका पूँजी हुन्, जो 'नयाँ जनवादी प्रजातन्त्रको पछि हुने 'समाजवाद'को निर्माणमा सहायक होइन नेपालको दक्षिणपन्थि

प्रतिकृयावाद के सहायक बन्ने छन् । स्पष्टतः पुष्पलाल नेपालमा पूँजीवादी प्रजातन्त्र खडा गरी हाम्रो देशको अर्थ व्यवस्थाको मालिकको रूपमा यिनीहरूलाई फर्काउने पक्षमा छन् । जहाँ गैर-पूँजीवादीबाटोले देशको औद्योगिक विकास सम्पूर्ण जनताको साझा राष्ट्रिय सम्पत्तिको रूपमा विकास गर्न चाहन्छ, पुष्पलाल जी गैर-पूँजीवादीबाटोको विरोध गरी हाम्रो देशको प्रतिकृयावादी तब्कालाई बचाउन चाहन्छन्, जसले आज पनि कम्युनिष्ट पार्टीलाई आँखाको कुनाले हेर्न चाहँदैनन् । जसले समाजवादलाई कहिल्यै स्वीकार गर्न तयार छैनन् । यिनीहरू मध्ये धेरै जसोको साम्राज्यवादी अमेरिकासँग पनि घनिष्ठ सम्पर्क छ र भावी नेपालमा यिनीहरूले साम्राज्यवाद परस्त विश्व प्रतिकृयावादको अङ्गको रूपमा नै काम गर्ने हुन् । अनि बुँदा (६)मा पुष्पलालजी भन्नु हुन्छ," जमीनबाट बञ्चित गरिएका भूमिपतिहरूलाई यस्ता उद्योगमा उनीहरूको पूँजी लगानि गर्नमा विशेष सुविधा प्रदान गरी प्रोत्साहित गर्ने छ र यस्ता उद्योगहरूको विकास गराउनको निम्ति आवश्यक परेमा सरकारले कच्चामाल, पूँजी तथा बजारको पनि बन्दोवस्त गर्ने छ ।

पुष्पलालजीको यस योजना अन्तरगत हाम्रो भविष्यको सामाजिक आधार व्यापक रूपमा उही गाउँघरका सामन्तहरू हुने भए जसले आज व्यापक रूपमा किसानहरूको जीवन वर्वाद गरेर आइरहेका छन् । पुष्पलालको योजना हो यी सामन्तहरूको जमीन लिन परेमा यिनीहरूलाई चाहिएको पूँजी, कच्चामाल र बजारको सम्म पनि प्रबन्ध गरि यिनीहरूलाई नै पूँजीपति बनाउने । आजको शोषक र अत्याचारी सामन्तहरू नै पुष्पलालको योजना अन्तरगत भोलिको पूँजीपति वर्ग बन्ने भए र यी प्रतिक्रियावादी शक्ति फेरि पनि हाम्रो समाजको आधार बन्ने भए । पुष्पलालको यो योजना अन्तरगत हाम्रो देशको प्रतिकृयावादी वर्गको रूप बदल्नेछ तर पूँजीपति वर्गको रूपमा उनीहरूको प्रतिकृयावादी शोषक र अत्याचारी चरित्र कहिल्यै जाने छैन ।

हाम्रो देशको आर्थिक शोषण गर्नाको साथ यिनीहरू नै हाम्रो देशको प्रतिकृयावादी शक्तिको मूल आधार बन्नेछन्, जसले नेपाली समाजलाई समाजवादी बाटो अपनाउने काममा हर सम्भव अडङ्गा डाल्ने छन् र आवश्यक

परेमा साम्राज्यवादसँग मिलेमतो गरी प्रतिक्रान्तिद्वारा प्रजातान्त्रिक सरकारको तख्ता पल्टाउने छन् ।

यस्तो समाजको निर्माण गरी पुष्पलालजी दोस्रो खुड्किलोमा समाजवादमा जाने कुरो गर्नुहुन्छ भने वहाँको राजनीति जनतालाई धोखा दिई पूँजीवादको सेवा गर्ने राजनीतिभन्दा अरु भन्न सकिन्न । वहाँ बुँदा (४)मा भन्नुहुन्छ, "देशको आर्थिक व्यवस्थामा हानी नहुने गरी राष्ट्रिय पूँजीलाई नियोजित तथा नियन्त्रित रूपले विकास गर्न दिनेछ ।"

सवाल छ पुष्पलालले, यी पूँजीपतिहरूको व्यापक दवावलाई नियन्त्रित गर्ने हो वा यी पूँजीपति वर्गले पुष्पलाललाई चाँदीको जुत्ता र सुनको छडिले पिटी पिटिकन नियन्त्रित गर्ने हो कसैले भन्न सक्तैन । भारतमा बैंक राष्ट्रियकरण गर्दा मोरार्जी देशाई, जो भारतको मानिएको दक्षिणपन्थी पूँजीवादी नेता हो, ले बैंक राष्ट्रियकरणको विरोध गरी बैंकमाथि यस्तै सामाजिक नियन्त्रणमा जोड दिएका थिए । स्पष्टतः पुजीवादी समाजको निर्माण गरी पुष्पलालजीले उनीहरू माथि जो नियन्त्रणको कुरो गर्नु भएको छ, त्यसले पूँजीपति वर्गको हृदयलाई गड गड नै पार्ने छ अनि आफ्नो कार्यक्रमको बुँदा (२) र (३)मा वहाँ भन्नुहुन्छ, "देशमा आधारभूत उद्योगहरू यातायात, सञ्चार, ऋण संस्था, बैंक, आदि राजकीय क्षेत्रमा सरकारले चलाउनेछ । देशको आर्थिक व्यवस्थामा राजकीय उद्योग धन्धाको प्रभुत्व कायम गर्ने छ ।

हेर्दा प्रगतिशील देखिएका यी बुँदाहरू आज अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनले यसको कमजोरीलाई र अपर्याप्ततालाई महसुस गरी गैर पूँजीवादी बाटोमा विशेष रूपले जोड दिएको हो र आज विश्व साम्राज्यवादको पक्षधर पूँजीवादी अर्थ शास्त्रीहरूले गैर-पूँजीवादी बाटोको विरोध गरी (२) र (३) बुँदाहरू अनुरूपको कुरोहरूलाई सहर्ष स्वीकार गरेका छन् ।

कुनै पनि नीति एक स्थिति र ठाउँमा प्रगतिशील हुन्छ भने त्यही नीति अर्को स्थितिमा प्रतिकृयावादी हुन जान्छ । चीनले नयाँ जनवादी क्रान्ति गर्दा वहाँ पूँजीवादको विकास एक हदसम्म भइसकेकोले का. माओले नयाँ जनवादी

अर्थ व्यवस्थामा “मूल उद्योगहरू” राष्ट्रिय सम्पतिको रूपमा विकास गरी अरु उद्योगहरू राष्ट्रिय पूँजीपति वर्गको निजि सम्पतिको रूपमा विकास गर्ने सहुलियत दिएका थिए ।

तर का. माओले दलाल पूँजी र नोकरशाही पूँजीको फेरि पनि स्पष्टसँग विरोध गरेका थिए, अनि जमिनदारहरूको जमीन खोसी उनीहरूलाई पूँजीपति बनाउने कुरा त कहिल्यै गरेका थिएनन् । बरू मुट्ठीभर पूँजीपतिहरू र जमिनदारहरूद्वारा जनताको जीवन बर्बाद गर्न दिइने छैन भन्ने कुरा स्पष्टसँग उल्लेख गरेका छन् । तर पुष्पलालजी नेपालका तमाम सामन्तहरूलाई पूँजीपति वर्गमा परिणत गर्ने कुरा गर्नुहुन्छ दलाल पूँजी र नोकरशाही पूँजीको पनि विरोध गर्नु हुन्न ।

यस वाहेक चिनिया क्रान्तिपछि आजसम्म विश्वमा जो परिवर्तन आए र त्यसवेलाको चीनको आर्थिक विकास हाम्रो देशको प्रार्थिक विकासमा जो अन्तर आए ती सब कुरोहरूको नजरन्दाज गरी पुष्पलाल जी साम्राज्यवाद परस्त पूँजीवादी नेताहरूको नीतिलाई नै नयाँ जनवादको नाउँ राखी अगाडि बढाउन चाहनु हुन्छ ।

एक त नेपालमा कुनै खास नेपाली पूँजीको विकास भएको छैन । अनि आज विश्वमा समाजवादी खेमा विश्वको राजनीतिक आर्थिक र सामाजिक रङ्गमञ्चमा निर्णायिक शक्तिको रूपमा परिणत भइसकेको छ र विश्वको आम मेहनतकश जनता आज पूँजीवादी विकासप्रति त्यति मोहित छैन र उनीहरूले पूँजीवाद र समाजवादको बीचको चुनाउमा पूँजीवादभन्दा समाजवादको चरित्रलाई नै बढी रुचाउन थालेका छन् ।

यस्तो स्थितिमा हाम्रो जस्तो अविकशित मुलुकमा बीचमा एक पटक नभएका पूँजीपति वर्ग बनाइ रहने कर्म जरुरत छैन र यस्ता देशहरूले पूँजीवादलाई नाघेर समाजवादमा जान सक्नेछ । यसै निम्ति आज अविकसित देशहरूले अब पूँजीवादी बाटो होइन गैर-पूँजीवादी बाटोमा नै आफ्नो कल्याण देख्न थालेका छन् ।

यसै निम्ति जहाँ बितेको जमानामा विकासशील देशहरूमा राजकीय क्षेत्रप्रति अमेरिकाको दृष्टिकोण बिल्कुल नकारात्मक थियो, अर्थात् त्यसवेला अमेरिका विकासशील देशहरूमा राजकीय क्षेत्रमा उद्योगहरू खोल्ने कुराको विरोधी थिए । तर आजकल साम्राज्यवादी अमेरिकाले पनि यस बारे आफ्नो नीति बदलेको छ र विकासशील देशहरूले अपनाउन थालेको गैर-पूँजीवादी बाटोको विरोधमा आजकल अमेरिकाले राजकीय क्षेत्रमा पनि उद्योगहरू खोल्न मदत दिन तयार भएको छ ।

अन्तरराष्ट्रिय विकासको एजेन्सीले राजकीय क्षेत्रमा अधिक मदत सुरु गरि सकेको छ, जस्तो कि घानाको त्यो ठुलो बाँध र जल बिद्युत स्टेशनमा, लिबियाको विद्युत स्टेशन र भारतको कतिपय फ्याक्ट्रीहरूमा ।

साम्राज्यवादीहरूले आजकल यस्ता उद्योगहरू राजकीय क्षेत्रमा विकास गर्न दिँदा स्वदेशी र विदेशी निजी पूँजी लगाउने सम्भावनालाई बढाएको छ ।

अमेरिकाको ‘वाल्टर रोष्टो, अडलाई स्टेभेन्सन, चेष्टर बावेल्स, केनेथ गेलब्राइथ, एडविन रईशर, जर्ज माधी र अरू पनि धेरै भूतपूर्व कूटनीतिक पदाधिकारीहरू र प्रभावशाली लेखकहरू, व्यापारीहरू र विश्वविद्यालयका प्रोफेशरहरू, जो पछि गएर केनेडी प्रशासनको टीम बने, ले ‘नयाँ सीमाना’को नीति अगाडि बढाए । उनीहरूले डलेसको पालोको द्वेषपूर्ण कम्युनिष्ट विरोधलाई बाँझो र बेअसरदार देखी विकासशील र तटस्थ देशहरूमा कम्युनिष्ट नीतिको आलोचना गर्ने कुरोमा जोड दिन थाले व साथै सोवियत साम्राज्यवाद भन्ने कुरोमा जोड-तोडका साथ प्रचार गर्न थाले । यिनीहरूले अब अविकशित देशहरूमा सोवियत संघ र अरू समाजवादी देशहरूको विरोधमा प्रचारलाई तेज गरेका छन् । र उनीहरूद्वारा फैलाइएको यस्तो प्रचारले संशोधनवादको विरोध होइन, साम्राज्यवाद कै सेवा गरेको छ । यस्तो गलत प्रचारद्वारा सोवियत संघको विरोध गरी आज साम्राज्यवादले राष्ट्रिय प्रजातन्त्र तथा गैर पूँजीवादी बाटोको विरोध गरी विकासशील देशहरूलाई पूँजीवादी विकासको बाटो देखाएर विश्वपूँजीवादको अस्तित्व र यसको शक्ति मजबूत राख्ने काम गरेको छ ।

यी साम्राज्यवादीहरूले साधारण अमेरिकी नागरिकहरू, पर्यटकहरू र विद्यार्थीहरूलाई भर्ति गरी विकासशील देशहरूमा सोवियत संघ र अरू समाजवादी मुलुकहरूको विरोधमा प्रचार गर्न पठाउने काम गरिरहेका छन् । यी साम्राज्यवादीहरू तथा पूँजीवादीहरूले अब राजकीय क्षेत्रको पूर्णरूपले विरोध गर्ने सट्टा मिश्रित अर्थ-व्यवस्थाको कुरा गर्न थालेका छन् । र व्यक्तिगत पूँजीपतिहरूले खोल्न नसक्ने मूल उद्योगहरू सरकारी क्षेत्रमा खोली बाँकी उद्योगहरू निजी क्षेत्रमा खोल्ने नीति अख्तियार गरेका छन् ।

भारतमा भूतपूर्व अमेरिकी राजदुत तथा अमेरिकी अर्थशास्त्री जोहन गेलब्राइथले आर्थिक विकास (Economic Development) भन्ने आफ्नो कृतिमा भन्द छन्, "मार्क्सवादले राजकीय क्षेत्रमा जोड दिन्छ (अर्थात् गैर पूँजीवादी बाटोमा जोड दिन्छ-लेखक) मार्क्सवादीहरू निजी क्षेत्र र राजकीय क्षेत्र (जस्तो कि विद्युत-शक्ति रेल, यातायात इत्यादि)लाई मिलाएर मिश्रित अर्थ-व्यवस्थाको रूपमा विकास गर्ने कुरोमा जोड दिन्छन् ।"

स्पष्ट छ, पुष्पलालको अर्थनीति जोहन गेलब्राइथले अगाडि बढाएको नीतिसँग बिल्कुल मेल खान्छ ।

भारतमा साम्राज्यवादी अमेरिकाको अर्को नामी राजदूत चेष्टर बाउल्सले १९६३को दिसेम्बर महिनामा दिल्ली स्कूल अफ कोनोइमिक्ममा आफ्नो अभिभाषणमा राजकीय क्षेत्रमा विशेष ज्यादा जोड दिने कुराको विरोध गरी भने कि यस क्षेत्रमा ती मूल उद्योगहरू मात्र हुनु पर्छ जसलाई अरू तरिकाले पैसा लगाउन सकिन्न उदाहरणार्थ व्यापार, रेल, स्कूल, पावर-उद्यम, यातायातहरू जस्ता कुराहरू । वाल्टर शीलले बाउल्सको कुरोमा सही थाप्तै त्यसलाई अझ स्पष्टसँग अगाडि ल्याएर भनेको छ "राजकीय क्षेत्रले खाली निजी व्यापारको विकासको जमीन तयार गर्नु पर्दछ ।"

स्पष्टतः उनीहरू गैर-पूँजीवादी बाटोका विरोधी हुन् तर ठुलठुला उद्योगहरू राजकीय क्षेत्रमा चलाउने कुरोका विरोधी होइनन् ।

अमेरिकामा टेक्सास यूनिभर्सिटीका प्रोफेसर हिगिन्सको अर्थशास्त्र अक्स पूँजीवादी विश्वविद्यालयमा पढाइन्छ । हिगिन्सको जोडदार भनाई छ "राजकीय क्षेत्रको प्रभुत्व कायम गरी निजी क्षेत्रलाई सीमित रूपले काम गर्न दिनु पर्छ ।" आजकल धेरै जसो पूँजीवादी लेखकहरूले महसूस गर्न थालेका छन् कि राजकीय क्षेत्रको मदत्त नपाईकन निजी क्षेत्रले पूँजीवादी सम्बन्ध कायम गर्न सक्तैन ।

यसरी साम्राज्यवादीहरू आज आएर पूँजीवादको जग मजबूत पार्नका निम्ति खास खास कुरोहरू राजकीय क्षेत्रमा चलाउने कुरोको विरोधी छैनन् । उनीहरू सीमित रूपले राजकीय क्षेत्रमा भारि उद्योगहरू, र पूँजीपतिहरूले सम्हाल्न न सक्ने कुरोहरू खोल्न दिएर बाँकी उद्योगहरू निजी क्षेत्रमा खोल्न लाएर यी विकासशील देशहरूलाई विश्वपूँजीवादी खेमाकै अङ्ग बनाइराख्ने दाउमा छन् र यस्तो देशहरू विश्व प्रतिकृयावादकै अङ्ग बनेर बस्ने छन् ।

जब कि गैर-पूँजीवादी बाटोले विकासशील देशहरूलाई समाजवादी खेमाको नजिक ल्याइदिन्छ र यसले समाजवादी खेमाको ताकतलाई बढाउँछ ।

यसरी पुष्पलालले आफ्नो नयाँ जनवादी कार्यक्रमको पन्ना ४५मा दिएको बुँदा (२) र (३)ले साम्राज्यवादीहरूले आजकल अगाडि बढाएको नीति नै अनुशरण गरेका छन् र हाम्रो देशमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने र गैर पूँजीवादी बाटो अपनाउने नीतिहरूको विरोध गरेका छन् ।

आज साम्राज्यवादीहरू, नव-उपनिवेशवादीहरू, विश्व प्रतिकृयावाद र विश्वपूँजीवाद राष्ट्रिय प्रजातन्त्र र गैर-पूँजीवादी बाटोको विरोधी छन् कारण यसले पजीवादी विकासको बाटो रोकिदिन्छ, अनि नवउपनिवेशवादको जरो नै उखालि दिन्छ र देशको आर्थिक विकास गरी साम्राज्यवादीहरू नव-उपनिवेशवादीहरूको शोषण र दमनको क्षत्र खतम गरि दिन्छ । राष्ट्रिय प्रजातन्त्रलाई समाजवादमा जाने पूल भनिन्छ ।

स्पष्टतः पुष्पलालको नयाँ जनवादी कार्यक्रम राष्ट्रिय प्रजातन्त्रलाई असफल

पार्न गैर-पूँजीवादी तरिकाको विरोध गरी विश्व पूँजीवादको सेवा गर्न आएको कम्युनिष्ट विरोधी राजनीति हो ।

संशोधनवाद राष्ट्रिय प्रजातन्त्र होइन न त गैर पूँजीवादी बाटो हो । संशोधनवाद पुष्पलालको राजनीतिमा सुरुदेखि अन्तसम्म कुटीकुटीकन भरेको छ । पूँजीवादको सेवामा कसैले कुनै बाधा पुऱ्याउन नपाओस् भनेर नै पुष्पलालजीले पार्टीभित्र अनेक षड्यन्त्र गरी पार्टी फुटाएर अलग भएर गएका हुन् ।

## मनमोहनको विसर्जनवाद

का. मनमोहन पार्टीको भूतपूर्व महामन्त्री हुनु हुन्छ; डा. माझी भन्दा पहिलेको । यस एकतन्त्री हुकूमतले वहाँलाई सुरुमा नै पत्री जेल हालिदिए । वहाँले ८ वर्ष जेल काट्नु भयो । वहाँको यस कार्यलाई सराहना नै गर्न योग्य छ । ८ वर्षपछि वहाँ जेलबाट छुट्नु भयो । हाम्रो निम्ति खुसिकै कुरा हो । आशा थियो वहाँ जेलबाट छुटेपछि सक्रिय रूपले पार्टीमा काम गर्ने छन् र पार्टीभित्रको गडबडी सही ढङ्गले टुङ्ग्याउने काममा योगदान दिने छन् ।

वहाँ जुन वेलासम्म जेल बसे तृतीय महाधिनेशनलाई मान्यता दिएरै जेल बसेका थिए । तर जसै वहाँ जेलबाट निस्के, वहाँले पार्टी विधान, पार्टी महाधिवेशनको निर्णय, पार्टी अनुशासन, सबलाई लत्याउन थाले ।

वहाँ जेलबाट छुटेपछि वहाँको अगाडि मैले मन्त्री परिषद (Central Secretariat) को बैठक बस्ने प्रस्ताव राखेको थिएँ । तर वहाँले यसलाई टाल-मटोल गरी नामन्जूर गर्नु भयो वहाँले भन्न थाल्नु भयो म त माओवादी हुँ । निश्चय पनि पार्टीले माओवादलाई अछूत भन्ठानेको छैन ताकि कोही माओवादी पार्टी बैठकमा नबसोस् । पार्टी बैठकमा भाग लिने सबैको अधिकार र कर्तव्य हो । जब वहाँलाई भनियो कि पार्टीभित्रको झगडा माओवाद र अमाओवादको सवाललाई लिएर भएको होइन वहाँले फेरि भन्न थालेमा सयकडा सय माओवादी हुँ ।"

निश्चय पनि सयकडा सय माओवादी कस्तो भएपछि हुने हो केहि बुझ्न

सकिएन । चाहे जेसुकै होस् मन्त्री परिषदको सदस्यको हैसियतले वहाँको कर्तव्य थियो पार्टी बैठक बोलाएर आफ्नो प्रस्ताव बिचार जे छ त्यसलाई त्यस बैठकमा राखी छलफल गरी कुरा टुङ्ग्याउने । यदि देशको क्रान्ति पूरा गर्नका निम्ति सयकडा सय माओवादी नभई नहुने भए पार्टीले यसलाई नामन्जूर गर्ने कुरा पनि थिएन । त्यसमाथि मन्त्री परिषदमा बहुमत मेरो होइन, मलाई विरोध गर्नेहरूको नै थियो । तर वहाँले मन्त्री परिषदको बैठकको प्रस्तावलाई नामन्जूर गरी  म दुई महिनापछि आउँला भनेर गए । आज ५, ६ साल भयो वहाँको दुई महिना अझ पुगेको छैन ।

वहाँ काठमाडौँ फर्केर गएपछि सुनिनमा आयो कि वहाँको भनाई हो “राजा र चीनको राम्रो सम्बन्ध भएकोले हामीले राजाको विरोध गर्नु हुन्न ।” वहाँको सय कडा सय माओवाद यहाँ आएर छर्लङ्ग हुन आयो । वहाँको उपरोक्त भनाई असरवादको प्रमाण मात्र भन्न सकिन्छ । के संसार भरका प्रतिकृयावादलाई समर्थन गर्दै हिँडनु नै माओवाद हो ? हो भने मनमोहनजीको विरोधमा मलाई केहि भन्नु छैन, होइन भने वहाँको भनाईले वहाँको औसरवादी चाललाई नै प्रमाणित गर्दछ ।

अर्को कुरो दुई देश बीचको सम्बन्ध, चाहे यी देशहरूमा कुनै सामाजिक व्यवस्था होस्, शान्तिपूर्ण सह-अस्तित्वको सिद्धान्त अनुकूलको कुरो हो । तर शान्तिपूर्ण सह-अस्तित्वको मतलब कदापि पनि शोषक अत्याचारी वर्ग र शोषित वर्गको बीचको सह-अस्तित्व होइन । यहाँ पनि सह अस्तित्वको कुरा गर्नु वर्ग समन्वयको कुरा गर्नु हो । नेपालको शोषक र अत्याचारी प्रतिकृयावादी वर्गको नेतृत्व गरी खडा एको यो एकतन्त्री हुकूमत विश्व प्रतिकृयावादको अङ्ग हो र विश्व साम्राज्यवादको एक अखाडा हो ।”

यसै निम्ति सयकडा सय माओवादको नाममा यस्तो प्रतिकृयावादी सरकारको अगाडि आत्मसमर्पण गर्नु एकातिर ‘माओवाद’को बदनाम गर्नु हो भने अर्कातिर डा. माझीले झैं देशको प्रजातान्त्रिक आन्दोलनमा धोखा दिई नेपाल कम्युनिष्ट पार्टीलाई राजावादी पार्टी बनाएर मार्क्सवाद-लेनिनवादलाई विसर्जन गर्ने नीति हो ।

का. मनमोहन तथा का. शम्भूरामको लिखित भनाई हो, "राष्ट्रिय स्वतन्त्रता तथा सार्वभौमिकतालाई सुदृढ गर्ने, पुरानो र नयाँ उपनिवेशवादलाई विरोध गर्ने, भूमिगत कृषिमा लागेको किसानहरू माथिको शोषणलाई अन्त गर्ने जस्ता राजाका बुनियादी नीतिहरू राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको बिल्कुल अनुकूल भएको हुनाले यो निर्देशित नीतिहरूलाई हामीले पूरा पूरा समर्थन गर्नु पर्दछ र यसको प्राप्तिको लागि सरकार तथा देशभक्त प्रजातान्त्रिक शक्तिहरू सित मिलेर काम गर्ने दृढतालाई स्पष्ट गरी दिनु पर्दछ ।"

डा. भीले संसदीय व्यवस्था भएकै वेलामा पनि राजा महेन्द्रलाई सुकार्नोसँग तुलना गरी निर्देशित प्रजातन्त्रको आवश्यकता बारे प्रचार सुरु गरिसकेका थिए । यस्तै राजनीतिको पछि वहाँले सर्व प्रथम पार्टीबाट फुटेर गए ।

का. मनमोहन र का. शम्भूरामको माथि उद्धृत गरिएको कुरोले वहाँहरूलाई डा. माझीको नजिक पुऱ्याई दिएको छ । वहाँहरूको उपरोक्त विश्लेषण बिल्कुल गलत विश्लेषण हो । के राजाको आजको नीतिले हाम्रो देशको राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकता सुदृढ हुनेछ ? एक त राजाले अङ्ग्रेज साम्राज्यवादलाई पश्चिममा पक्लिहवा र पूर्वमा धरानमा फौजी भर्ति केन्द्र खोल्ने इजाजत दिएर आफ्नो देशको राष्ट्रियता र सार्वभौमिकता माथि कुठाराधात गरेका छन् भने अर्कातिर अमेरिकी साम्राज्यवादको सी०आई० ए०को जाल बिछाउन दिएर नेपाललाई अमेरिकी साम्राज्यवादको जालमा फँसाइ दिएका छन् । का. मनमोहनले नेपालभित्र फैलिएको सी०आई०ए०को जाललाई नजरन्दाज गर्नुहुन्छ । आज मेहनतकश जनतालाई तवाह गरी उठ्न नदिने मूल शक्ति नै नेपालभित्र घूसेका साम्राज्यवाद र यसको सर्गना अमेरिकी साम्राज्यवाद र यसले फैलाएको सी०आई०ए० को जाल हो । के आज नेपालको कुना कुनामा सी.आई.ए.को जाल छैन ? फेरि पनि साम्राज्यवादपरस्त व्यक्तिहरूको प्रचार छ नेपालमा सी.आई.ए.को जाल छैन । संसारको कुन कुनालाई सी.आई.ए.ले छोडेको छ ? कसैले नबुझ्ने गरी प्रजातान्त्रिक सरकारहरूको तख्ता पल्टाएर प्रतिक्रियावादी सरकारहरू खडा गरी जन-चेतनालाई कुण्ठित गरी जनतालाई हर सम्भव उपायले उठ्न नदिनु नै सि.आई.ए.को काम हो । सि.आई.ए.को

चाल हो कि आज एक समय शक्तिशाली कम्युनिष्ट पार्टीलाई खण्डविखण्ड गर्न काममा सफल भएको छ । पार्टी नेताहरू बारे झूठा प्रचार गरी चरित्र हत्या गर्नु र उनीहरू प्रति नफरत पैदा गराउनु, पार्टी महाधिवेशनको निर्णय "राष्ट्रिय प्रजातन्त्र"को विरोध गराएर अनेकानेक दल फुटाएर लिनु, गैर-पूँजीवादी बाटोको विरोध गराउनु, विश्वव्यापी रूपमा सोवियत सामाजिक साम्राज्यवाद भन्ने प्रचार गराएर सोवियत संघप्रति नफरत पैदा गराउनु ताकि पार्टीमा सोवियत पक्ष र सोवियत विरोधी संज्ञा दिई एक-दोस्रोप्रति शङ्काको वातावरण तयार गरी एक दोस्रोसँग मेल गर्न नदिई पार्टीलाई थरि थरिको टुक्रामा बाँडिनु सबका सब सि०आई०ए०को नदेखिने हातको चालको सफलता हो ।

के यो व्यापक सि.आई.ए.को जालले हाम्रो राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकतालाई सुदृढ गर्दछ ? यिनीहरूले हाम्रो नेपाललाई शोषण र अत्याचारले भरेको एक नव-उपनिवेशवादी देश बन्नमा मदत गरिरहेको छ ।

आज हाम्रो देशमा चीन र रूसको बीच अन्तर विरोधको फाइदा उठाएर कम्युनिष्टहरूलाई खण्ड विखण्ड राख्ने शक्ति यिनीहरू नै हुन् र हाम्रो देशको सीधासाधा जनता छिटै यिनीहरूको जालमा फँस्दछन् । कुनै पनि मनमानी अत्याचारी शासक चाहे त्यो राजा होस् वा अरू कुनै व्यक्ति, त्यसको हातमा देशको राष्ट्रिय स्वतन्त्रता र सार्व भौमिकता अक्षुण्ण रहन सक्तैन । हर सामन्ती अत्याचारी सरकारले आफ्नो देशको राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकतालाई गुमाएकै छ, उनीहरूको हातबाट यो कहिल्यै सुदृढ हुने होइन ।

अनि का. मनमोहनले भने झैँ के यस व्यवस्था अन्तरगत किसानहरू माथिको शोषण अन्त भयो ? कदापि भएन । मेहनतकश किसानहरू माथिको शोषण र दमनले झन् उग्ररूप लिएको छ ।

स्पष्टतः राजाको एकतन्त्री हुकूमतप्रति वहाँहरूको विश्लेषण औसरवादी चालले परिपूर्ण छ र यसले राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने सट्टा नेपालको क्रान्तिकारी शक्तिलाई छिन्न भिन्न गरी यसलाई असफल गर्ने काम गर्दछ ।

यस विसर्जनवादी राजनीति लिएर पार्टी विधान तथा पार्टी अनुशासन भङ्ग गरी वहाँले पनि पार्टीबाट अलग भई आफ्नो अलग गुट बनाई लिएका छन् । तर थहा पाइएको छ कि यो सयकडा सय माओवादी गुट डा. माझी गुटभन्दा पनि निस्कृय भएर बसेको छ ।

**केन्द्रीय न्यूक्लस दलको संकीर्णतावादी, फूटपरस्त बचकना राजनीति**

डा. माझीले सुरु गरेको पार्टी विधान तथा पार्टी अनुशासन तोडि पार्टी फुटाउने क्रममा एक अर्को गुट देखिन आएको छ । वहाँहरूले सर्वप्रथम आफूलाई केन्द्रीय न्युक्लसको रूपमा गठन गरि लिए । वहाँहरूले तृतीय महाधिवेशनलाई मौखिक रूपले मान्यता दिए । तर यस महाधिवेशनले दिएको राजनीतिलाई लत्याउने काम गरे, पार्टी विधान, पार्टी अनुशासन पार्टीको जनवादी केन्द्रीयतालाई तोड्ने काम गरे ।

वहाँहरूको बहाना थियो कि तुल्सीलालको नेतृत्वमा गठन भएको केन्द्रीय सङ्गठनहरू स्वतः भङ्ग भइसकेका छन् ।

पार्टी विधानको धारा १ अनुसार "कुनै पनि स्तरका नेतृत्व दिने सङ्गठनको निर्वाचित सदस्यहरूमा ५० प्रतिशतले राजिनामा गरेमा या कुनै कारणवश सङ्गठनबाट हटेमा वा हटाइएमा उक्त सङ्गठनको वैधानिकता खतम हुनेछ ।

केन्द्रका सङ्गठनहरू तथा मन्त्री परिषद् तथा केन्द्रीय कार्यकारिणी समिति का सदस्यहरूले न राजीनामा दिएर गएका हुन्, न त उनीहरूलाई हटाइएको हो, उनीहरू आफैँ हटेर गएका हुन् ।

सवाल छ, किन हटेर गए?

वहाँहरू हटेर जानुको मूल कारण हो वहाँहरू र महामन्त्रीको बीचको राजनीतिक मतभेद । पुष्पलाल तथा का. हिकमत सिंहले महाधिवेशनको निर्णयको विपरीत गएका कुराहरू माथि उल्लेख भइसकेको छ ।

अन्य सदस्यहरू जसले महाधिवेशनको वेला महाधिवेशनले दिएको राजनीतिमा

सहमत गरी नेतृत्वमा आएका थिए, उनीहरू सबका सब महाधिवेशनको राजनीति छोडी पार्टी राजनीतिलाई तत्कालिक राजनीरिक मागहरू सम्म सीमित गर्ने कुरोमा जोड दिन थाले । तृतीय विस्तारित बैठकले पास गरेको “तात्कालिक राजनीतिक प्रस्ताव” यसको नमुना हो । यो स्पष्टतः एक संशोधनवादी राजनीति हो ।

महाधिवेशनको राजनीतिलाई पन्छाउने कसैलाई हक थिएन । पार्टीले तात्कालिक मागहरू राखी तात्कालिक सङ्घर्षहरू चलाउँदा चलाउँदै पनि पार्टीको तृतीय महाधिवेशनले दिएको राजनीति अनुसार देशको राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नको निम्ति निरन्तर सैद्धान्तिक, राजनैतिक र सङ्गठनात्मक तयारि गर्दै जाने कुरोमा वहाँहरू कोही पनि मन्जूर थिएनन् । वहाँहरूको यो प्रवृत्ति विलकुल दक्षिणपन्दी औसरवादी प्रवृति थियो, लेनिनवाद विरोधी प्रवृति थियो ।

लेनिनसँगको मत भेदमा रूसको मेन्सेविकहरू (दक्षिणपन्थी औसरवादी हरू)ले पनि मूल क्रान्तिकारी राजनीतिको निम्ति काम गर्न छोडेर तात्कालिक सङ्घर्षहरूमा मात्र जोड दिएका थिए ।

हाम्रा देशका औसरवादीहरूको यही हाल थियो र वहाँहरू चाहन्थे महामन्त्रीले पनि पार्टी महाधिवेशनले दिएको राजनीति छोडि देऊन् र राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नको निम्ति सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक तयारि गर्दै जाने कुरा छोडिदेऊन् । महामन्त्री वहाँहरूका यी कुरामा सहमत हुन सकेनन् ।

जब वहाँहरूले देखे महामन्त्री पार्टी महाधिवेशनले दिएको राजनीतिक जिम्मेदारी छोड्ने वाला छैन, वहाँहरूले एक-एक गरी पार्टी छोड्दै, राजाको एकतन्त्री हकूमतको अगाडि आत्मसमर्पण गर्दै नेपालभर खुल्ला घुम्ने सहूलियत प्राप्त गर्न थाले । वहाँहरू मध्ये कुनै कुनै पञ्चायत व्यवस्थामा भाग लिई, यसबाट आफ्नो निजी फाइदा पनि उठाइरहेकै छन् ।

स्पष्टतः पार्टी छोडेर जानेहरू को हुन् ? चाहे एक्लो होस् तुल्सीलालले पार्टी

महाधिवेशनले दिएको “राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने” जिम्मेदारीबाट भाग्ने काम गरेको छैन । र यसको सफलताको निम्ति सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक तयारिमा लागेर बसेको छ । विश्वको हर पार्टीमा उतार-चढाउ स्वाभाविक हो । एक समय थियो जब महान् लेनिन पनि एक्लो हुन गएको थियो । स्पष्टतः औसरवादीहरूले पार्टी छोडेर गएको वेला सही राजनीति पक्री क्रान्तिको पक्ष लिनेहरू एक्लो पनि पर्न जान सक्छ, तर जबसम्म त्यस व्यक्तिले सही राजनीति लिएर क्रान्तिको निम्ति कमर कसेको हुन्छ, उनको एक्लोपना स्थायी हुँदैन र विस्तार विस्तारै उनले लिएको राजतीतिको वरिपरि फेरि पार्टी बढ्दै नै आउनु स्वाभाविक हो । नेपाल कम्युनिष्ट पार्टीबाट पुराना पातहरू झरे, नयाँ शाखा हाँगा पलाउँदै नै गइरहेको छ र एक दिन यसले कुनै गाई बाख्राले खान नसक्ने विशाल कल्पवृक्षको रूप लिने छ । अस्तु०

जे होस्, महामन्त्रीले पार्टी छोडेर गएको छैन, पार्टीको स्थायित्व र यसको वृद्धि र विकासको निम्ति निरन्तर सङ्घर्ष नै गरेर बसेको छ ।

यस स्थितिमा तृतीय महाधिवेशनले गठन गरेको महामन्त्रीलाई बेवास्ता गरी, पार्टीको राजनीतिबाट विचलित भएर गएकाहरू मिली एक “केन्द्रीय न्यूक्लस” गुट बनाइन्छ भने स्पष्ट छ यस ‘केन्द्रीय न्यूक्लस“ गुटको उद्देश्य के हो । निश्चय पनि यस्तो गुट देशमा जनवादी प्रजातान्त्रिक क्रान्ति पूरा गर्नको निम्ति जन्मेको होइन र यो गुट एक अर्को औसरवादी गुट मात्र हो ।

यो केन्द्रीय न्यूक्लसको मुख्य व्यक्तिहरूमध्ये एउटाको भनाई हो, “हामीले राजालाई चिन्न पो नसकेको रहेछ ।” यसो भनी वहाँले राजाको अगाडि आत्मसमर्पण गर्ने बाटो खोलेका थिए । अर्को व्यक्तिको भनाईअनुसार वहाँ सयकडा सय माओवादी भएको हुनाले आज चीन र राजाको बीच राम्रो सम्बन्ध भएको हुनाले राजाको विरोध गर्नु हुन्न रे । यसरी यो दोस्रो व्यक्तिले पनि राजाको अगाडि आत्मसमर्पण गर्ने बाटो खोले । तेस्रो व्यक्ति हुन् तृतीय महाधिवेशनको राजनीति छोडेर कानूनीरूपले देशभित्र घुमिरहेको व्यक्ति जसले यो चाहेको थियो कि तुल्सीलालले पनि महाधिवेशनले दिएको

राजनीति छोडी संशोधनवादी राजनीति अपनाओस्, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नको निम्ति सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक तयारीको कुरो नगरोस्, सानातिना राजनीति मात्र अगाडि बढाओस् र पार्टीको पाँचवाँ केन्द्रीय कार्यकारिणीको बैठकमा राजाको भूमिसुधार माथि तुल्सीलालद्वारा प्रेषित प्रस्ताव अस्वीकार गराई, राजाको भूमिसुधारमा सकारात्मक पक्ष छ भन्दै यसलाई समर्थन गर्ने खालको प्रस्ताव पास गराई लिएका थिए। संशोधनवादी को हो स्पष्ट छ। तर यो व्यक्ति पनि त्यस केन्द्रीय न्यूक्लसको तेस्रो व्यक्ति हुन्। चौथो व्यक्ति बारे त्यस वेलासम्म यस्तो कुनै राजनीतिक खोट देखापरेको थिएन।

तर वहाँले तेस्रो महाधिवेशनले दिएको राजनीतिको सफलताको निम्ति सङ्घर्ष गरी बस्ने महामन्त्रीलाई बेवास्ता गरी यी राजाको अगाडि पहिले नै आत्मसमर्पण गरिसकेका व्यक्तिहरूलाई बटुली यो केन्द्रीय न्यूक्लस बनाउनु भयो भने स्पष्टतः वहाँको राजनीति पनि संशोधनवादी नै हुनु पर्छ। हाँस हाँससँग, कुखुरा कुखुरासँग भने झैँ संशोधनवादीहरू आखिर संशोधनवादीसँग नै मिल्न जान्छ।

यो केन्द्रीय न्यूक्लस एउटा पार्टी फुटाउने उद्देश्यले बनेको गुट हो। नत्र भने तृतीय महाधिवेशनले चुनेको महामन्त्रीसँग बेवास्ता गरी अलग्गै गुट बनाई लिने कुनै जरूरत थिएन। महामन्त्रीले गल्ति गरेको भए उनलाई मीटिङमा राखि उनीमाथि कारवाही गर्न नसकिने होइन।

पार्टीमा जब धेरै गडबड देखापर्छ महाधिवेशनको प्रबन्ध गर्नको निम्ति महामन्त्रीसँग माग गर्न सकिन्छ। यदि यसरी माग गर्दा पनि महामन्त्रीले चाहिने कदम नउठाई बेवास्ता गरी बसेको खण्डमा निश्चय पनि वहाँहरूले अलग्गै गुट बनाएर महाधिवेशन बोलाउन सकिन्छ। तर महामन्त्रीलाई बेवास्ता गरी आफ्नो मनपरि काम गर्ने अधिकार कसैलाई हुँदैन। न त यसरी गरेको महाधिवेशन पार्टी महाधिवेशन नै ठहरिन्छ।

पार्टीभित्र राजनीतिक मतभेद भएमा, अथवा नयाँ कार्यक्रम पेश गर्नु परेमा

पार्टी महाधिवेशन बोलाएर मात्र गर्न सकिन्छ भन्ने कुरो पार्टी विधानको धारा २० को उप-धारा (क)ले देखाएको छ ।

स्पष्टतः चाहे माओवादी राजनीतिलाई एक विशेष राजनीतिको रूपमा अपनाउने कुरो होस्, चाहे राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको विरोध गरी नयाँ जनवादी कार्यक्रम अपनाउने कुरो होस्, सर्वप्रथम तृतीय महाधिवेशनले पास गरेको विधान अन्तरगत काम गरी यसै विधान अनुसार चतुर्थ महाधिवेशन बोलाएर यसद्वारा पास गराई लिनु आवश्यक छ ।

तर न पुष्पलाललाई यसको मतलब रह्यो, न मनमोहन गुटलाई केन्द्रीय न्यूक्लसको सदस्यहरू विभिन्न ठाउँहरूबाट ल्याएर एक ठाउँमा जम्मा गरेको कुखुराहरू जस्तै कसैको कसैसँग समान राजनीतिक मत थिएन । फलतः यो केन्द्रीय न्यूक्लस छिटै फुटफाट भएर उडेर गयो र एक मात्र बचेका काम्रेडले त्यसपछि भन्न थाले, “केन्द्रीय न्यूक्लस लगातार टुक्रँदै गयो, तर एकता कसिँदै गयो ।”

अब वहाँ एक्लैले चतुर्थ महाधिवेशन गर्न थाले । यस्तैलाई महाधिवेशन भन्ने हो भने साम्राज्यवाद तथा विश्व प्रतिकृयावादका दलालहरूले २-४ जना मिली हफ्तैपिच्छे एउटा महाधिवेशन गरी लिनेछन् र अनि नेपालका कम्युनिष्टहरूले क-कसको पछि लाग्ने ? यो हो पार्टीलाई विभिन्न टुक्रामा बाँट्ने तरिका ।

स्पष्टतः जथाभावी महाधिवेशन गरेर महाधिवेशन भनिँदैन । पार्टी महाधिवेशन जहिले पनि पार्टी विधानअनुसार हुनु जरुरी छ । हाम्रो पार्टीको तृतीय महाधिवेशन हाम्रो पार्टीको द्वितीय महाधिवेशनले स्वीकृत विधान अथवा त्यस पछि चालू विधानअनुसार भएको हो । पार्टीलाई पार्टी विधान र पार्टी अनुशासनले बाँधेको हुन्छ । पार्टीको सङ्गठनात्मक सिद्धान्त हो “जनवादी केन्द्रीयता ।”

महामन्त्री चाहे जतिसुकै बदमास हुन् । उसलाई निकाल्नको निम्ति उसमाथि कारबाही गर्नका निम्ति पार्टी बैठक गरी पुर्पक्ष गरी लिनु आवश्यक छ ।

विधानको धारा ४४ ले भन्छ," कुनै सदस्य माथि अनुशासनको कार्यवाही गर्दा सम्बन्धित समितिको दुई तिहाई बहुमतले मात्र गर्न सक्छ । तर आफुभन्दा माथिल्लो समितिबाट स्वीकृति लिनुपर्छ ।

धारा ४५ अनुसार, कुनै नेतृत्वदायी सङ्गठनको सदस्य माथि अनुशासनको कार्यवाही गर्नु पर्दा उसलाई चुनेको सम्मेलन या महाधिवेशनले मात्र गर्न सक्दछ । तर आवश्यक परिस्थितिमा सम्बन्धित समितिको दुई तिहाई बहुमतले मात्र कार्बाही गर्न सक्दछ । यसको स्वीकृति सम्मेलन वा महाधिवेशनबाट लिनु पर्छ ।

धारा ४६ले भन्दछ, जुन पार्टी सङ्गठनमा सदस्य माथि अनुशासनको कार्यवाही गरिएको छ उसलाई यस विषयको कारण साथ पूर्ण सूचना दिनु पर्छ ।

धारा ४२ले भन्दछ, अनुशासनको कार्यवाही गर्दा उसमाथि लगाइको दोष र अभियोगको प्रमाणसहित राम्ररी जाँच गर्नुपर्छ र कुन परिस्थितिमा उक्त गल्ती हुन गएको हो यसमा पूरा ध्यान दिनुपर्छ ।

धारा ४३ अनुसार, अनुशासनको कार्यबाही सदस्यको उपस्थितिमा हुनु पर्छ । खास परिस्थितिमा मात्र सदस्यको अनुपस्थितिमा कार्बाही गर्न सकिन्छ तर माथिल्लो समितिको पहिले नै अनुमति लिनुपर्छ ।

मेरो सवाल छ, तुल्सीलालको कुन अपराधले गर्दा उनीमाथि कारवाही गरिएको हो ? कार्बाही गर्दा उनलाई किन उपस्थित नगरेको ? अनि कार्बाही पछि किन उनलाई सूचना नदिएको ? तुल्सीलालबाट कुन अपराध हुन गयो । जसले गर्दा उनमाथि कार्यबाही गर्दा त्यहाँ बोलाउने पनि जरूरत सम्झिएन ?

होइन, तुल्सीलालमाथि कुनै कारवाही गरेको होइन भने फेरि महामन्त्रीको हैसियतले उनीसँग सम्पर्क नराखी अली केन्द्रीय न्यूक्लम बने कसरि ? साच्चै भन्ने हो भने केन्द्रीय न्यूक्लसमा उही व्यक्तिहरू छन् जस माथि पार्टी नै पहिले नै कार्यवाही गरिराखेको थियो वा पार्टी विधान, पार्टी अनुशासन तोडेको अपराधमा अनुशासनको कार्य गर्न योग्य छन् ।

स्पष्टतः वहाँहरूको तमाम कार्यवाही गैर वैधानिक हो। वहाँहरूको कार्यवाही गैरवैधानिक मात्र होइन पार्टी फुटाउने नियतले गरिएको पार्टी विरोधी कार्यवाही हो।

चाहे तुल्सीलाल माथि कार्यवाही गर्नको निम्ति किन नहोस्, महामन्त्रीको हैसियतले उनीसँग माग गर्नुपर्ने हो कि पार्टी मिटिङ्ग बोलाइयोस् भनेर। यसरी माँग गर्दा पनि तुल्सीलालले बेवास्ता गरि बस्छ भने निश्चत हो पार्टीको पूर्ण सदस्यताको एक तिहाई सदस्यहरूले बैठक राख्न सक्तछ।

तर वहाँहरूलाई सुरु देखिनै महामन्त्रीको हैसियतले तुल्लीसालसँग बेवास्ता गरी अलग गुट बनाएर "केन्द्रीय न्यूकलस" बनाई लिने जरुरत किन पऱ्यो।

वहाँहरूलाई यसको जरूरत यस निम्ति पऱ्यो कि तुल्सीलालसँग सम्पर्क गरी काम गर्ने बित्तिकै वहाँहरूले तृतीय महाधिवेशनले दिएको राजनीतिक जिम्मेदारीबाट भाग्ने मौका पाउँदैन।

यसैकारण वहाँहरूले महामन्त्रीसँग यसको माग गर्ने सट्टा महामन्त्रीले केन्द्रीय न्युक्लसको एक दिग्गजसँग मन्त्री परिषद्को बैठक बोलाउने प्रस्ताव राख्ता पनि वहाँले आफूलाई माओवादी हूँ भनी उम्कन खोजे। वहाँको समझदारीमा नेपालको क्रान्तिको सफलताको निम्ति माओवादी नै एक मात्र बाटो हो भने, वहाँले आफ्नो प्रस्ताव मन्त्रीपरिषदको वैठकमा राख्न सक्नु हुन्थ्यो।

तर वहाँले यता मन्त्री परिषदको वैठक बोलाउने कुरोमा मन्जूरि गरेनन् र अर्कातिर काठमाडौँ पुगेर माओवादको नाममा चीन र राजाको राम्रो सम्बन्ध भएकोले हामीले राजाको विरोध गर्नु हुन्न भनि प्रचार गर्न थाले।

स्पष्ट छ, वहाँहरूले तुल्सीलालसँग किन सम्पर्क राख्न नचाहेको ? किन पार्टी अनुशासन, पार्टीको जनवादी केन्द्रीयता तोड्नु परेको हो त्यो पनि स्पष्ट छ। किन भने वहाँहरूले पार्टी महाधिवेशनले दिएको राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूर्ण गर्ने राजनीतिबाट उम्कने एउटै बाटो हो महामन्त्रीसँग सम्पर्क नराख्नु। वहाँहरूलाई डर छ कि महामन्त्रीसँग सम्पर्क राखी काम गर्न खोजेमा अथवा मिटिङ्गमा पनि बसेमा वहाँहरूको माओवादी मुकुन्डो उडी जाने छ र वहाँहरूको

चेहरा सम्पूर्ण क्रान्तिकारी कार्यकर्ताहरूको अगाडि छर्लङ्ग भैजाने छन् ।

स्पष्टतः वहाँहरूले गर्नु भएको त्यो तथाकथित महाधिवेशन एक गैर-वैधानिक महाधिवेशन हो र यसको एक मात्र उद्देश्य एक अलग्गै दक्षिणपन्थी औसरवादी गुट बनाई लिनु हो, ताकि वहाँहरूको संशोधनवादी राजनीतिमा पार्टीले कुनै हस्तक्षेप गर्ने मौका नपाउन् । स्पष्टतः यो नयाँ गुट एक गैर-वैधानिक तथा पार्टी विरोधी संशोधनवादी गुट हो ।

### केन्द्रीय न्यूक्लंस गुटले अगाडि बढाएको राजनीति

के. न्यू. गुटले पार्टी विधान, पार्टी अनुशासन पार्टीको जनवादी केन्द्रीयतालाई लत्याएर अलग गुट बनाई लिए । किन ? के को निम्ति ? वहाँहरू भन्नुहुन्छ वहाँहरू माओवादी हौँ, यसै निम्ति अब क्रान्तिकारी वहाँहरू सिवाय अरू कोही पनि हुन सक्तैन । बुझिन्छ अब क्रान्तिको ठेकेदारी वहाँहरूकै हातमा आएको छ । यसै निम्नि वहाँहरू भन्ठान्नु हुन्छ वहाँहरूले पार्टी विधान तोडे पनि भयो, पार्टी अनुशासस तोडे पनि भयो, पार्टीको जनवादी केन्द्रीयता तोडे पनि भयो । अनि हाम्रो तृतीय महाधिवेशनले दिएको राजनीति छोडे पनि भयो । मनपरि चतुर्थ महाधिवेशन गरे पनि भयो । अनि औसरवादी राजनीति दिए पनि भयो ।

के माओवादको नाम लिएपछि सारा राजनीतिक पाप पचि हाल्ने भयो त ? निश्चय पनि पच्ने छैन । गलत राजनीति दिने कसैलाई हक छैन । कारण यो जनताको जीवन-मरणको सवाल हो । यसै निम्ति हेर्नु छ वहाँहरूले दिएको राजनीति कहाँसम्म क्रान्तिकारी छ ।

वहाँहरू भन्नुहुन्छ, राष्ट्रिय प्रजातन्त्र संशोधनवादी हो । राष्ट्रिय प्रजातन्त्रबारे "पुष्पलाल काण्ड" मा पनि लेखिसकेको छ । राष्ट्रिय प्रजातन्त्रको राजनीति लेनिनले १६२१ जूनमा सम्पन्न भएको मङ्गोलियाई क्रान्तिको दौरानमा दिएको हो र त्यसबेला मङ्गोलिया एक पिछडिएको देश हुँदा लेनिनले यसको विकासको निम्ति "गैर-पूँजीवादी" बाटो देखाएका थिए ।

मङ्गोलियाको नेता "सुखेबाटर" ले भनेका थिए, "पूँजीवादतिर ढल्केको

मङ्गोलियाले दासताबाट मुक्त हुन सक्ने छैन । पूँजीवादतिर ढल्कनुको मतलब हुकमदारको मुखबाट उम्की बाघको मुखमा जानु हो ।" मङ्गोलियाई क्रान्ति साम्राज्यवाद विरोधी सामन्त विरोधी क्रान्ति थियो र पूर्वीय देशहरूमा साम्राज्यवादको उपनिवेसिक जुत्ता उतारेर फ्याँक्ने पहिलो देश मङ्गोलिया हो ।

विश्वमा सर्वप्रथम राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति महान लेनिनको निर्देशनमा मङ्गोलियामा सम्पन्न भएको थियो । त्यसपछि क्यूबाको क्रान्ति राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको रूपमा १९५८ मा सम्पन्न भयो । के मङ्गोलियाको क्रान्ति संशोधनवादी हो ? अथवा के क्यूबाको क्रान्ति संशोधनवादी हो ? के महान् लेनिन संशोधनवादी हो ? अथवा का. क्यास्ट्रो संशोधनवादी हो ? निश्चित छ राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नु कदापि संशोधनवादी होइन ।

१९६० मा मस्कोमा भएको अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलनले एसिया, अफ्रिका, ल्याटिन अमेरिकाको अनुभवबाट सिकेर विश्वका विभिन्न अविकसित देशहरूको निम्ति "राष्ट्रिय प्रजातन्त्र" लाई अगाडि बढाए । तर आज औसरवादीहरू "राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति" पूरा गर्ने जिम्मेदारीबाट भाग्नको निम्ति यसको बदनाम गर्ने हेतुले यो त रूसले दिएको लाइन हो, चीनको लाइन "नयाँ जनवाद" हो भन्ने भ्रूठा प्रचार गर्न थालेका छन् ।

एक त कुनै पनि देशको कम्युनिष्ट पार्टी एक राष्ट्रिय पार्टी मात्र नभै यो एक अन्तरराष्ट्रिय पार्टी पनि हो र हरेक पार्टी अन्तरराष्ट्रिय पार्टी सम्मेलनको निर्णयले बाँधिएकै हुन्छ । अन्तरराष्ट्रिय सम्मेलनको निर्देशन हो "राष्ट्रिय प्रजातन्त्र" न कि "नयाँ जनवाद" ।

अर्को कुरो कुन राजनीति सही अथवा गल्ति छ भन्ने कुरो रूसले दिएको हो कि चीनले दिएको भनी, चीनले भनेको हुँदा बाङ्गो रूख पनि सोझो हो भन्ने कदापि सवाल उठ्दैन । हर कम्युनिष्टले वैज्ञानिक विश्लेषणद्वारा कुन कुरो सही कुन कुरो गलत ठम्याएर लिनु आवश्यक छ । हर देशको राजनीति सही र गल्ति ठम्याउन त्यस देशको सामाजिक आर्थिक स्थितिको विश्लेषण गरेर निचोड निकाल्नु जरूरी छ ।

यस बाहेक यी अवसरवादीहरू का. माओत्सेतुङ्को नयाँ जनवाद सुनेको हुँदा 'आषाढमा कानो भएको गोरुले सधैँ हरियो देख्छ' भने झैं यी अवसरवादीहरू का. माओको नाममा आज पनि नयाँ जनवाद कै रत लगाई रहेका छन् । आज संसारको स्थिति कहाँ पुगिसकेको छ, चीनको नयाँ जनवादी क्रान्तिको वेला चीनभित्रको स्थिति के थियो त्यसवेला अन्तरराष्ट्रिय स्थिति के थियो र आज नेपालभित्रको स्थिति के छ र अन्तराष्ट्रिय स्थिति के छ भन्ने कुनै कुरोसँग वहाँहरूको मतलब छैन । स्वयम् चीनको कम्युनिष्ट पार्टीको राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिप्रति आज के भनाई छ भन्ने कुरोसँग पनि उनीहरूको कुनै मतलब छैन ।

स्वयम् चीनको कम्युनिष्ट पार्टीले आज एशिया, अफ्रीका र ल्याटिन अमेरिकाको देशहरू अविकशित देश भएको हुँदा यी देशहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीति माथि जोड दिएको छ ।

चीनको कम्युनिष्ट पार्टीले ३ पटकसम्म प्रकाशित गरेको लोकयुद्धको विजय अमर रहोस् भन्ने पुस्तिका (अङ्ग्रेजी संस्करण पेकिङ्ग प्रकाशन) को पन्ना ५१ मा लेखिएको छ । संशोधनवादीहरूको एक मात्र उद्देश्य हो पददलित जातिहरूलाई साम्राज्यवाद विरोधी सङ्घर्षबाट हटाउनु र उनीहरूको राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई भत्ताभुङ्ग गर्नु । यिनीहरूले यी सर्व कार्य साम्राज्यवादको सेवामा नै गरेको हुन्छ । स्पष्टतः राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको बिरोधीहरू साम्राज्यवादका सेवकहरू हुन् ।

चीनको कम्युनिष्ट पार्टीले ठाउँ-ठाउँमा आफ्ना दस्तावेजहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको आवश्यकताबारे लेखेको छ । उही लोकयुद्धको विजय अमर रहोस् भन्ने पुस्तिकाको पन्ना ५० मा लेखिएको छ, 'राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति समाजवादी क्रान्तिको नभई नहुने फल हो । यी दुईटा क्रान्तिकारी तहहरूको बीच कुनै ठुलो पर्खाल छैन ।

चीनको कम्युनिष्ट पार्टीको १४ जूनको पत्र (अङ्ग्रेजी संस्करण पेकिंग प्रकाशन) को पन्ना १३ मा लेखिएको छ, 'ई इलाकाहरू (एशिया, अफ्रिका,

ल्याटिन अमेरिका) मा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलनहरू र अन्तरराष्ट्रिय समाजवादी क्रान्तिकारी आन्दोलनहरू हाम्रो समयको दुईवटा महान् ऐतिहासिक धारहरू हुन् ।'

ई इलाकाहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति आजकलको सर्वहारा विश्वक्रान्तिको महत्त्वपूर्ण अङ्ग हुन् ।

स्पष्ट छ संशोधनवादी को हुन् । आफूलाई सयकडा सय माओवादी भनी नयाँ जनवादको कार्यक्रमलाई तोडमरोड गरी राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिमा बाधा दिने अवसरवादीहरू हुन् वा हामी हौँ जसले विश्व कम्युनिष्ट आन्दोलनको निर्णयलाई अगाडि बढाएर तृतीय महाधिवेशनले निर्णय गरेको राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कार्यक्रमलाई अगाडि बढाएका छौँ र यसको निम्ति आफ्नो तमाम शक्ति लगाइ रहेका छौँ ?

संशोधनवादी सामन्ती स्वार्थको रक्षा गरी पूँजीवादको विकास गर्न चाहनेहरू हुन् अथवा हामी हौँ जसले महान् लेनिनले देखाएको बाटो पत्री आफ्नो देशमा न भएको पूँजीपति वर्गलाई जन्मन नदिई, पूँजीवादलाई नाघेर गैर-पूँजीवादी तरिकाले देश विकास गर्ने पक्षमा छौँ ?

वहाँहरू भन्नुहुन्छ, राष्ट्रिय प्रजातन्त्रले पूँजीपति वर्गको सेवा गर्छ । पूँजीपति वर्गको सेवा गैर-पूँजीवादी विकासमा जोड दिई पूँजीपति वर्गलाई जन्म नै नदिनेले गर्छन् अथवा वहाँहरूले जसले सामन्ती वर्गलाई बचाउँदै नेपालमा पूँजीवादी विकास चाहन्छन् ? स्पष्ट छ वहाँहरूको एक एक कुरो जनतालाई भ्रम दिने उद्देश्यले आएको र भूठमा आधारित कुरो हो ।

एकातिर चीनको कम्युनिष्ट पार्टीले राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कुरोमा जोड दिएको छ भने अर्कातिर हाम्रो देशका अवसरवादी गुटहरू आफूलाई माओवादी भन्दै राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको विरोध गरी नयाँ जनवादको नाउँ लिन्छन् । किन ?

किनभने राष्ट्रिय प्रजातन्त्रलाई मानेपछि सर्वहारा वर्गको नेतृत्वमा मजदूर-किसान

एकाको आधारमा तमाम क्रान्तिकारी वर्गहरूलाई व्यापक रूपले सङ्गठन गरी साम्राज्यवाद विरोधी, सामन्त विरोधी क्रान्ति पूरा गरी यस एकतन्त्री हुकूमतलाई उखाडेर सर्वहारा वर्गको नेतृत्वमा तमाम क्रान्तिकारी वर्गहरूको संयुक्त सरकार खडा गर्ने सवाल आउँछ र साथै सामन्ती व्यवस्था खतम गरी सामन्ती जमीन किसानहरूमा वितरण गरी किसानहरूलाई ऋणबाट मुक्त गरी सामन्ती भकारी र कृषि औजारहरू कब्जा गरी किसानहरूको हातमा सुम्पने कुरो आउँछ र देशमा पूँजीवादको विकास गर्न नदिई गैरपूँजीवादी बाटोबाट देश विकास गर्ने कुरो आउँछ । मुख्य कुरो हो, वहाँहरू राष्ट्रिय प्रजातन्त्रले अगाडि बढाएको यी कुनै कुरो गर्न तयार छैनन्, यसै निम्ति राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कुरोमा वहाँहरूले जति सक्यो उति वाधा दिइरहेका छन् ।

एकातिर क्रान्तिबाट पर भाग्ने, अर्कातिर क्रान्तिकारी ठहरिने बाटो के हो भन्दा आजकल आफूलाई क्रान्तिकारी ठहऱ्याउने सबभन्दा सुगम र सजिलो तरिका हो आफूलाई माओवादी घोषणा गर्नु । वहाँहरूले पनि यही सजिजो तरिका अपनाएका छन् । र माओवादको टोपी लगाएर यसले मुख छोपी लाज पचाएर एक संशोधनवादी राजनीति नै केन्द्रीय न्यूक्लस गुटले पनि अगाडि बढाएका छन् । वहाँहरूले का. माओत्सेतुङ्गको नाममा आफूलाई "नयाँ जनवादी" भन्दछन् । तर वहाँहरू "नयाँ जनवादी" प्रति पनि कत्तिको वफादार छन् सो पनि हेरौँ ।

का. माओत्सेतुङ्गले "नयाँ जनवाद" लाई क्रान्तिको पहिलो चरणको रूपमा मान्नु भएको छ । वहाँको भनाई थियो "चीन जस्तो अविकसित देशमा अहिले समाजवादी क्रान्ति हुन सक्तैन, तर १९१७ को अक्टोबर क्रातिको फलस्वरूप विश्वको एक छठा भागमा समाजवादी राज्य स्थापना भईसकेकोले चीनको पूँजीवादी प्रजातान्त्रिक क्रान्तिमा एक परिवर्तन आएको छ ।" वहाँले आफ्नो कृति नयाँ जनवादको अध्याय ४ को पहिलो प्यारामा लेख्नुभएको छ, "चिनिया क्रान्तिको ऐतिहासिक चरित्रले गर्दा चीनको क्रान्ति दुई चरणमा बाँटिएको छ प्रजातान्त्रिक र समाजवादी, प्रजातान्त्रिक भन्नाले यो सर्वसाधारण प्रजातन्त्र

नभै यो विशेष प्रकारको प्रजातन्त्र हो । यसको व्याख्या गर्दै वहाँले उही अध्याय देखाउनु हुन्छ कि यसले उपनिवेशवाद विरोधी, अर्धउपनिवेसवाद विरोधी, अर्धसामन्तवाद विरोधी चरित्र राख्त छ । वहाँ भन्नुहुन्छ, "यो एक फेरि पनि अपूर्ण क्रान्ति हो, कारण आजसम्म दुश्मनहरू धेरै मजबूत छन् ।" वहाँ भन्नुहुन्छ, यसको प्रगतिको दौरान, विभिन्न उपचरणहरू हुन सक्तछ, तर क्रान्तिको मूल चरित्र भने उही रहन्छ । अर्थात् नयाँ जनवाद नै हुन्छ ।

तर हाम्रो देशको केन्द्रीय न्यूक्लस गुट एकातिर आफूलाई माओवादी हूँ भन्नुहुन्छ, अर्कातिर का. माओत्सेतुङ रंगले देखाएको "नयाँ जनवादी क्रान्ति" लाई क्रान्तिको पहिलो चरण मान्ने पक्षमा छैनन् ।

पुष्पलालले पहिलो चरणको रूपमा "पूँजीवादी प्रजातन्त्र" अगाडि बढाए भने के० न्यू० (केन्द्रीय न्यूक्लस) गुटले प्रथम चरणको रूपमा देशभक्त र जनतान्त्रिकहरूको सरकारलाई अगाडि बढाए ।

पुष्पलाल पार्टीलाई नेपाली काँग्रेसको पुच्छर बनाएर पहिले पूँजीवादी प्रजातन्त्र ल्याउने पक्षमा छन् भने के०न्यू० गुट राजाको आशीर्वादले "देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार" खडा होला भन्ने टकटकी आशा लगाएर बसेका छन् ।

वहाँहरू आफ्नो पुस्तिका "क्रान्ति र पार्टीको तात्कालिक समस्याहरू"को पन्ना ४३ को प्रथम प्यारामा आफ्नो अवसरवादितालाई स्पष्टसँग अगाडि बढाएर लेख्नुहुन्छ आज देशमा तुरुन्तै जनवादी सरकारको लागि नारा दिने परिस्थिति तयार भएको छैन । यस्तो परिस्थिति तयार नहुँदासम्म बीचको कालका लागि सरकारको अन्य कुनै रूपबारे स्पष्ट नीति न अपनाउनुको अर्थ हुन्छ बीच कालका लागि प्रतिक्रयावादी सरकारको अस्तित्व स्वीकार गर्नु ।

यस बीचको सरकार अर्थात् अन्तरिम सरकारलाई वहाँहरू देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार भन्नुहुन्छ । सवाल छ यो देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार कसरी स्थापना हुन्छ ? वहाँहरू पन्ना ४३

मा लेख्नुहुन्छ । यसप्रकारको सरकारको निर्माण खाली तलैदेखि उठेको र व्यापक संयुक्त मोर्चा माथि आधारित सशस्त्र सङ्घर्ष जसमा किसानहरूको क्रान्तिकारी सङ्घर्षको निर्णयात्मक भूमिकाद्वारा मात्र सम्भव छ ।

अब सवाल छ जब सशस्त्र सङ्घर्ष नै हुन्छ भने यो नयाँ जनवादी क्रान्तिकै रूपमा किन नगर्ने ? वहाँहरू भन्नुहुन्छ अहिले परिस्थिति तयार छैन । जब हतियार पक्की लड्नको निम्ति स्थिति तयार छ भते नयाँ जनवादी क्रान्ति पूरा गर्न लागि वहाँहरूलाई केले रोक्यो ? यहाँहरूलाई रोक्ने एउटै कुरा हो, त्योहो वहाँहरूको आशा कि कहिं राजाले आफ्नो खुसीमा अन्तरिम सरकार न बनाई देओस् ।

स्पष्ट छ वहाँहरू यस ताकमा छन् कि राजाले अन्तरिम सरकार बनाउने भए के० न्यू० गुटको सरकार बनाई देउन् । अनि नयाँ जनवादी क्रान्ति ? यसलाई त पहिले नै दराजभित्र थन्क्याई दिएको छ र यसको बदला देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारको नाउँमा राजासँग सम्झौता गरी आफ्नो सरकार खडा गर्ने बाटो खुला राखेकै छ ।

स्पष्टतः यो एउटा सम्झौता परस्त राजनीति हो र वहाँहरू क्रान्तिलाई अन्तसम्म लागि नयाँ जनवादी क्रान्ति पूरा गर्ने पक्षमा छैनन् । के. न्यू. गुट नयाँ जनवादी क्रान्ति पूरा गर्ने पक्षमा छैनन् । कारण नयाँ जनवादी क्रान्ति गर्न थालेमा सम्झौताको कुरा उठ्दैन; अनि यस क्रान्तिको दौरान किसानलाई जमीन दिने, किसानको ऋण खारेज गर्ने, विदेशी पूँजी राष्ट्रियकरण गर्ने, दलाल र नोकरशाही पूँजी पनि राष्ट्रियकरण गर्ने, सामन्ती भकारी र कृषि औजार सामन्तहरूको हातबाट खोसी किसानहरूको हातमा दिने सवाल उठ्छ ।

वहाँहरूले राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कुरो पनि यसै निम्ति मान्नु हुन्न कि यहाँ पनि सम्झौताको कुरो उठ्दैन, माथि भनेका सबै शर्तहरू यसमा पनि पूरा गर्नै पर्‍यो र यसबाहेक जहाँ नयाँ जनवादले नभएको पूँजीपति जन्माई रहने कुरा गर्छ, राष्ट्रिय प्रजातन्त्रले आफ्नो देशमा नभएको पूँजीपतिवर्ग जन्माई रहने कुरा गर्दैन र पूँजीवादलाई नाघेर समाजवादमा जाने

कार्यक्रम राख्छ, यसलाई समाजवादमा जाने पूल भनिन्छ ।

यसै निम्ति वहाँहरूलाई 'राष्ट्रिय प्रजातन्त्र' त काम लागेन, लागेन, 'नयाँ जनवाद' पनि काम लागेन । का. माओत्सेतुङ्गको नाममा आफूलाई माओवादी साबित गर्न नयाँ जनवादको नाम लिन त करै लाग्यो, तर यसलाई व्यवहारमा ल्याउनबाट कसरी भाग्ने भन्दा वहाँहरूले भने 'यसको निम्ति अहिले परिस्थिति तयार भएको छैन ।' स्पष्टतः वहाँहरूको यो कुरो 'नयाँ जनवादी' क्रान्तिबाट पनि भाग्ने कुरो हो ।

एकातिर वहाँहरू देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार खडा गर्न किसानहरूको सशस्त्र सङ्घर्षको कुरो गर्नुहुन्छ, अर्कातिर यस सशस्त्र सङ्घर्षको दौरान सामन्ती व्यवस्था खतमगरी किसानलाई जमिन दिने कुरा गर्नुहुन्न । किसानहरू माथि लाडिएको सामन्ती सूदखोर ऋण खारेज गर्ने कुरा गर्नुहुन्न । न त सामन्ती भकारी र कृषि औजार कब्जा गरी यिनीहरूलाई किसानको हातमा दिने कुरा गर्नुहुन्छ ।

वहाँहरू आफ्नो उपरोक्त पुस्तिकाको पन्ना ४३-४७ भा दिएको बुँदा ५ मा लेख्नु हुन्छ, किसानहरूको मोहियानी हक सुरक्षित हुनुपर्छ मालपोत कम हुनुपर्छ । जग्गा नापी गर्दा किसानहरूको जमीन माथि न्यायपूर्ण स्वामित्व, मोहियाना हकमा पाँच पुग्ने काम कार्बाही र अन्य अत्याचार तथा भ्रष्टाचार बन्द हुनुपर्छ ।

यस्तो कार्यक्रम दिई वहाँहरू सामन्ती जमीनलाई चोख बचाउन चाहनुहुन्छ । मोहियानी हक दिएर अथवा मालपोत कम गरेर सामन्ती व्यवस्था खतम हुँदैन । मालपोत कम गर्दा सामन्तहरूलाई बरू फाइदै हुन्छ । मोहियानी हक दिने कुरो राणा सरकारले पनि गरेकै थियो यस तानाशाही सरकारले पनि गरेकै छ । स्पष्टतः वहाँहरूको कार्यक्रम सामन्त परस्त सुधारवादी कार्यक्रम हो, यसै निम्ति उही बुँदा ५ मा वहाँहरू फेरि भन्नुहुन्छ, ब्याजको दर निश्चित भएर त्यसको कडाई पूर्वक पालन हुनु पर्छ ।

वहाँहरू किसानहरूको ऋण खारेज गर्ने कुरा गर्नु हुन्न, ब्याजको दर निश्चित

गर्ने कुरा मात्र गर्नुहुन्छ । खारेज गर्ने योजना राख्छ कारण यसो गर्दा सामन्त व्याजको दर मात्र निश्चित राष्ट्रिय प्रजातन्त्रले किसानको ऋण छ । तर वहाँहरूलाई यो कुरो मन्जुर छैन अरूलाई मर्का पर्छ । यसै निम्ति वहाँहरू गर्ने कुरा गर्नुहुन्छ, ताकि सामन्तहरूलाई धेरै धक्का नपरोस् र उनीहरूको शोषणको बाटो खतम नहोस् । यसै निम्ति वहाँहरूले राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिको विरोध गरेका हुन् ।

उही बूँदा ५ मा वहाँहरू फेरि भन्नुहुन्छ खेतालाहरूको न्यूनतम ज्यालाको दर निर्धारित हुनु पर्छ । जग्गाको हद निश्चित हुनुपर्दछ । लुकाएको जग्गा समेत निकालेर भूमिहीन किसानहरूमा वितरण हुनुपर्दछ । वहाँहरूको कार्यक्रम सामन्ती जग्गा खोस्ने होइन; राजाले गरेको जग्गा हदबन्दीबाट बचेर निक्लेकोमा सो जग्गा भूमिहीन किसानहरूमा वितरण गर्ने वहाँहरूको योजना हो । सामन्तहरू राम्रैसँग रहून्; बचेखुचेको टुक्रा-टाक्री जमीन खेतहीन किसानलाई दिनु वहाँहरूको योजना हो । के न्यू. गुटले देशभक्त र जनतान्त्रिक स्थापना गरी गर्ने कार्यक्रममा जम्मा ३३ शक्तिहरूको सरकार बुँदाहरू छन् र यस कार्यक्रममा विदेशी पूँजी माथि रोक लगाउने अथवा यसलाई राष्ट्रियकरण गर्ने कुनै कुरा छैन । विदेशी पूँजीबारे लेख्दै बुँदा २० मा भन्नुहुन्छ, विदेशी पूँजीलाई प्राप्त विशेष छूटहरू बन्द हुनुपर्दछ ।

स्पष्टतः वहाँहरू विदेशी पूँजी माथि रोक लगाउने अथवा खतम गर्ने पक्षमा छैनन् यसले पाइरहेको विशेष सुविधाहरू मात्र खतम गरी यसलाई राष्ट्रिय पूँजीपति वर्ग सरह विकास गराउने पक्षमा छन् । वहाँहरू बुदा ३० मा लेख्नु हुन्छ राष्ट्रिय पूँजीमा आधारित उद्योग व्यापारको विकासको लागि विशेष प्रोत्साहन र सहायता मिल्नु पर्छ ।

स्पष्टतः वहाँहरू नेपालमा पूँजीवादको विकास गर्ने पक्षमा छन् र साथै विदेशी पूँजीलाई पनि देशभित्र पस्न दिने पक्षमा छन् ।

स्पष्टतः यो एक पूँजीवादी कार्यक्रम हो । यसै निम्ति यो संशोधनवादी कार्यक्रम हो ।

देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार खडा गरी वहाँहरू सामन्ती व्यवस्था खतम गर्ने पक्षमा छैनन्, पूँजीवादलाई रोक्ने पक्षमा छैनन्, बरू वहाँहरू विदेशी पूँजीलगायत पूँजीवादको विकास गर्न दिने पक्षमा छन् ।

स्पष्ट छ : यो कार्यक्रम पुष्पलालको कार्यक्रमभन्दा खास फरक छैन । र यो सामन्त परस्त पूँजीवादी कार्यक्रम नेपाली काँग्रेसले पनि मान्ने खालको कार्यक्रम हो । जेहोस् यो कम्युनिष्ट पार्टीले क्रान्तिको पहिलो चरणमा अगाडि बढाउन योग्य कार्यक्रम नभई, जुन सरकार खडा छ उसँग माग्ने खालको कार्यक्रम हो ।

यस्तो दक्षिणपन्थी औसरवादी अर्थात् संशोधनवादी कार्यक्रमलाई अगाडि बढाउनको निम्ति जरूरी छ कि राष्ट्रिय प्रजातन्त्रको बदनाम गरुन् यसप्रति घृणा फैलाउन् र महाधिवेशनले दिएको राजनीतिक जिम्मेदारीबाट भागुन् र पार्टी विधान र पार्टी अनुशासन तोड्न् ।

के. न्यू. गुटले दिएको ३२ वटै बूँदाहरू यस्तो मागहरू हुन् जुन माग राजासँग मागिएको माग हो र यिनीहरूलाई पूरा गर्न आफूले क्रान्तिपूरा गर्नुपर्ने खालको छैन । आश्चर्यको कुरो छ यस संशोधनवादी राजनीतिलाई वहाँहरू क्रान्तिकारी राजनीति भन्नुहुन्छ र राष्ट्रिय प्रजातन्त्रलाई वहाँहरू संशोधनवादी भन्नुहुन्छ । स्पष्टतः यसले वहाँहरूको राजनीतिक दृष्टिकोण एउटा पूँजीवादी दृष्टिकोण हो भन्ने प्रमाणित गर्दछ ।

सामन्ती व्यवस्थालाई जथावत राखी, पूँजीवादको विकास गर्न दिई, यसले नपुगी विदेशी पूँजीको समेत विकास गर्न दिएर एक सामन्त परस्त पूँजीवादी सामाजिक व्यवस्था स्थापना गरी वहाँहरू आफ्नो मागहरूको पहिलो र दोस्रो बुँदाहरूमा भन्नुहुन्छ । (१) जनतालाई पूर्ण राजनैतिक स्वतन्त्रता प्राप्त हुनु पर्दछ । (२) जनताद्वारा चुनिएको प्रतिनिधिहरूलाई संविधान बनाउने अधिकार प्राप्त हुनु पर्दछ । के. न्यू. नमूना हो ।

को आधा काँचो आधा पाको राजनीतिको यो अर्को पूर्ण राजनैतिक स्वतन्त्रताको

मतलब के हो ? स्पष्टतः वहाँहरू पूर्ण राजनीतिक स्वतन्त्रताको लागि सामन्त जाली फटाहा, शोषक र अत्याचारीहरू माथि पहिले विजय प्राप्त गर्नु कुनै जरूरत थान्नु हुन्न । अनि संविधानसभा बस्नु भन्दा अघि नयाँ जनवादी क्रान्ति पूरा गर्न पनि जरूरत ठान्नु हुँदैन । पोर्च्यूगिज हालको घटनाले साफ गर्दछ मजदूर वर्गको नेतृत्वमा मजदूर किसान एकाको आधारमा व्यापक संयुक्त मोर्चा बनाएर जनवादी क्रान्ति या राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी राजसत्ता माथि कब्जा गरी सामन्त र पूँजीवादी शोषकहरूलाई पछ्याई सकेर समाजमा एक प्रकारको स्थिरता स्थापना गरिसकेपछि नै जनताद्वारा सही ढङ्गको चुनाव गरी संविधान सभा स्थापना गरी सही संविधान बन्न सक्नेछ । सोवियत संघमा क्रान्ति पूरा हुन्छ १६१७ सालमा; संविधान बन्छ १९३६ सालमा । चीनमा पनि तहाँको नयाँ जनवादी क्रान्ति पूरा गरी केही वर्षहरू पछि नै संविधान बने ।

समाजमाथि सामन्तहरू तथा पूँजीपति वर्गको प्रभुत्व कायम राखी तुरुन्तै संविधानसभाको चुनाउ गराइन्छ भने निश्चय हो यस्तो संविधान सभामा प्रतिकृयावादी तत्त्वहरू कै प्रधानता रहन्छ न त यसरी पूर्ण राजनीतिक स्वतन्त्रता नै सम्भव छ । मूल रूपमा हेर्ने हो भने के. न्यू गुटको तात्कालिक कार्यक्रम राजाले लिएको नव-उपनिवेशवादी राजनीतिसँग विशेष भिन्नता राख्दैन । यो एक मानेमा यसै व्यवस्था अन्तरगत सुधारको आशा राख्ने राजनीति हो । यसमा कुनै शंका छैन कि यो एक औसरवादी, संशोधनवादी राजनीति हो ।

वहाँहरूले हाम्रो पार्टीको तृतीय महाधिवेशनले दिएको 'राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीति' लाई मन्जूर गर्न नसकेको कारण के हो भन्ने कुरा स्पष्ट छ लाई मानेपछि न सामन्ति ।

तृतीय महाधिवेशनले दिएको राजनीति स्वार्थको रक्षा गर्ने मौका पाउने छ, न पूँजीवादको विकास गर्ने मोका मिल्नेछ, न त विदेशी पूँजीले नेपालभित्र घुस्ने मौका पाउनेछ । अर्कातिर के. न्यू. गुट चाहन्छ कि नेपालमा सामन्ती व्यवस्था रहोस्, सामन्ती जमीन किसानमा नजाओस्, सामन्ती ॠृण खारेज नहोस्,

सामन्ती भकारी र कृषि औजारहरू सामन्तहरूको हातबाट न खोसियोस र यी कुरोहरू किसानहरूको हातमा जान नपाओस् । अनि उनीहरू चाहन्छन् कि देशमा विदेशी पूँजीपति वर्गसहित पूँजीवादको विकास होस् ।

हाँसो लाग्दो कुरो छ के. न्यू. गुटको नजरमा यस्तो राजनीति क्रान्तिकारी भयो तर सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकाको आधारमा देशको तमाम क्रान्तिकारीहरूको व्यापक संयुक्त मोर्चा बनाएर राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी सामन्ती व्यवस्था खतम गरी सामन्ती जमीन किसानलाई दिने, उनीहरूको ऋण खारेज गर्ने, सामन्ती भकारी र कृषि औजार किसानलाई दिने, विदेशी पूँजीलाई खतम गर्ने राष्ट्रिय पूँजीपति वर्गलाई उनीहरूको हातमा रहेको सानातिना कारखानाहरूको रक्षा गर्दै पनि देशको भारी, मध्यम र हल्का उद्योगहरू गैर-पूँजीवादी तरीकाले विकास गर्ने राष्ट्रिय प्रजातन्त्र संशोधनवादी भयो ।

आँखा बिग्रेपछि मान्छेले सोझोलाई टेढो र टेढोलाई सोझो देख्छन् । यस्तै वहाहरूको विकृत राजनीतिक दृष्टिकोणको फल हो कि वहाँहरू संशोधनवादी राजनीतिलाई क्रान्तिकारी र क्रान्तिकारी राजनीतिलाई संशोधनवादी देख्नु हुन्छ र यसरी आफ्नो हाड छाला बचाएर फेरि पनि आफूलाई क्रान्तिकारी हूँ भन्ने धकोसला गरी क्रान्तिकारी जनतालाई अल्मलाउन चाहनुहुन्छ ।

**पाटनको काडहरू ट्रास्कीवादको जालमा**

काठमाडौँ उपत्यकाको पाटन जिल्ला पार्टीको एउटा लाल इलाका हो । त्यस जिल्लाको एउटा सानो अङ्ग डा. माझीको आत्मसमर्पणवादी राजनीतिको पछि लागे भने त्यस जिल्लाको विशाल अङ्गले पार्टीको तृतीय महाधिवेशनमा भाग लिएका थिए । यसभित्र पनि व्यक्तिगत तवरले कुनै कुनै काम्रेडहरू अवसरवादी नभएको होइन, जसले महाधिवेशनको वेला पुष्पलालसँग मत भिन्नता राख्ता राख्तै पनि राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिको समर्थन नगरी पुष्पलालको राजनीतिलाई नै प्रजातान्त्रिक क्रान्ति पूरा गर्न भन्दा अधिको पहिलो चरणको रूपमा अगाडि बढाएका थिए । पाटन जिल्ला

कमिटीमा यो औसरवादी गुटको नै प्रधानता रह्यो । फलतः यो गुटले पनि विस्तार राजनीतिक जिम्मेदारीबाट विस्तारै तृतीय महाधिवेशनले दिएको पार्टीको विधान, पार्टी अनुशासन र पार्टीको जनवादी केन्द्रीयतालाई लत्याएर एक इलाकीय गुट बनाई लिएका छन् र आफ्नो औसरवादिता माथि यिनीहरूले पनि माओवादको मुकुन्डो लगाएका छन् । यस गुटको प्रमुख व्यक्तिहरूको भनाई छ, 'राष्ट्रिय प्रजातन्त्रको राजनीति लिएको खण्डमा चीनले हमला गर्ने वेलामा हामीले विरोध गर्नु पर्ने हुन्छ र जनवादी प्रजातन्त्र मानेमा चीनले नेपालमाथि हमला गर्दा हामीले सहयोग गरे पुग्छ ।"

के यो एउटा मार्क्सवाद विरोधी लेनिनवाद विरोधी औसरवादी र ट्राटस्कीवादी राजनीति होइन ? एउटा कम्युनिष्ट देशले अर्को देशमा हमला गरी मुक्त होला भन्ने कुरो स्पष्ट रूपमा ट्राटस्कीवादी राजनीति हो । यिनीहरू स्पष्टतः माओवादको नाममा ट्राटस्कीवादमा पुगेको छ । स्वभावतः यिनीहरू पनि आज सोवियत विरोधी अभियानलाई माओवादको मुख्य सार हो भन्ठान्छन् । अनि पार्टीको महाधिवेशनको राजनीतिलाई लत्याउनु, पार्टी विधान, पार्टी अनुशासन, पार्टीको जनवादी केन्द्रीयतालाई टोड्नु आफ्नो जन्म सिद्ध अधिकार सम्झन्छन् ।

याद राख्नुपर्ने कुरो हो मार्क्सवाद-लेनिनवादले कुनै देश बाहिरी हमलामा मुक्त होला भन्ने कुरोमा विश्वास राख्तैन । जब पनि कुनै देशमुक्त हुन्छ भने आफ्नै बलबुतामा मुक्त हुन्छ । भियतनाम, कम्बोडिया, क्यूबा, लावस आदि देशहरूको उदाहरण हाम्रो अगाडि छ । यिनीहरू मध्ये कुनै पनि देश बाहिरी क्रान्तिबाट मुक्त भएको होइन; आ-आफ्नो देशको क्रान्तिकारी ताकतले मुक्त भएका हुन् ।

नेपाल पनि मुक्त हुन्छ भने नेपालकै मेहनतकश जनताको क्रान्तिकारी ताकतले मुक्त हुनेछ । यसै निम्ति नेपाल कम्युनिष्ट पार्टी हाम्रो तृतीय महाधिवेशनले दिएको जिम्मेदारी 'राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति' पूरा गरेर नै नेपाल र नेपाली जनता शोषण र दमनबाट मुक्त हुनेछ भन्ने कुरोमा विश्वास गर्दछ ।

तर हाम्रो पाटनको माओवादी नामधारी ट्राटस्कीवादी गुट चीनले हमला

गर्ला र मुक्त हुँला भनेर बसेका छन् र यसै निम्ति यिनीहरूसँग तात्कालिक एकआध सङ्घर्षहरू गर्ने सिवाय अरू कुनै ठोस राजनीति छैन । उनीहरूको राजनीति हो (क) राष्ट्रिय प्रजातन्त्रको विरोध (स) सोवियत संघको विरोध गरी सि.आई.ए.ले अगाडि बढाएको सोवियत सामाजिक साम्राज्यवादको नारालाई अगाडि बढाउनु र सोवियत संघलाई एउटा पूँजीवादी देशको रूपमा प्रचार गर्नु ।

चेकोस्लोभाकियाको घटनामा साम्राज्यवाद तथा विश्व प्रतिकृयावादले चाहे झैँ सोवियत संघको कारवाहीको विरोध गरी त्यस देशलाई समाजवादी खेमाबाट अलग गरी त्यसलाई साम्राज्यवादको अखाडामा परिणत गर्न दिई तहाँ पूँजीवादी व्यवस्था स्थापना गर्ने मौका दिनु ।

यसै सन्दर्भमा उनीहरूको अर्को नारा छ, तुल्सीलाललाई मार्नुपर्छ रे कारण, तुल्सीलालले सि.आई.ए.को यस इच्छाको विरोध गर्दछ र यिनीहरू पनि सि.आई.ए.ले प्रचार र प्रसार गरिएको चरित्र हत्या गर्ने कार्यमा उत्तिकै संलग्न छन् ।

यसै राजनीति लिएर यिनीहरू बसेका छन् जो सही मानेमा ट्राटस्कीवाद मात्र हो । र यिनीहरूले पार्टीलाई फुटाएर पाटनको क्रान्तिकारी जनतालाई अल्ममाएर राखेका छन् र नेपालको राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई अगाडि बढाउने सट्टा यसको बाधकको रूपमा खडा छन् ।

जबसम्म पाटनका यी साथीहरूले सि.आई.ए.को निर्देशनमा प्रतिकृयावादले माओवादको नाम दिई अगाडि बढाएको यो ट्राटस्कीवादबाट उम्कन सक्ने छैन, जबसम्म उनीहरूले पार्टी विधान, पार्टी अनुशासन र पार्टीको जनवादी केन्द्रीयताको कदर गरी तृतीय महाधिवेशनले दिएको राजनीति राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिलाई अपनाउने छैनन्, उनीहरूको सङ्घर्षशील भूमिका क्रान्तिकारी भूमिकामा कदापि विकास गर्ने छैन र उनीहरूले त्यसवेलासम्म क्रान्तिको बदला प्रतिक्रान्तिलाई नै मदत पुऱ्याइ रहने छन् ।

## विभिन्न कम्युनिष्ट विरोधी फुटकर गुटहरू

फुटकर गुटहरूमा मुख्यतया ३ वटा सिद्धान्तहीन उपगुटहरू देखापरेका छन् । यी ३ वटै उप-गुटहरू पुष्पलालबाट फुटेका अथवा पुष्पलाल गुटको नाउँमा काम गर्दागर्दै पनि पुष्पलाललाई आफ्नो क्षेत्रमा घुस्न नदिने गुटहरू हुन् । पुष्पलालले पार्टीबाट अलग बस्दा पुष्पलाललाई पार्टीबाट अलग हुने प्रोत्साहन गर्ने यी उप-गुटहरू नै हुन् । यिनीहरूले एकभन्दा अर्कोले बढेर झूठा प्रचारद्वारा तुल्सीलालको व्यक्तिगत बदनाम गरी चरित्र हत्या गर्ने कार्य गरेका थिए । बारा र रौतहटको खास काम्रेडरूलाई माओवादको नाममा मूल पार्टीबाट फुटाउने कार्यमा 'रोहित' मुख्य हुन् । तुल्सीलाल माथि विशेष क्लास चलाएर उनको ६ वटा बस दर्भङ्गामा चल्छ, उनी कारमा सिवाय भूईमा पाइला टेक्दैनन् । उनले पार्टीको ३ लाख रूपियाँ पचाइ राखेको छ र उनी ३ लाख जाने घरमा बस्छन् भन्ने झूठा कुराहरू सिकाउनमा र यस प्रचारलाई असरदार बनाउनको निम्ति तुल्सीलालको नकली समर्थक बनाएर क्लासमा राखी उनीबाट पनि तुल्सीलालको बदनाम गराउने षड्यन्त्र गर्ने कार्यमा प्रमुख हो केशरमणि, जसलाई मदन पोखरेल पनि भनिन्छ । के यो माक्सवादी-लेनिनवादी तरिका हो ? निश्चित हो यो सि.आई.ए. तरिका हो । झूठा हल्ला फैलाउनु सि.आई.ए.को चाल हो भन्ने कुरोमा कुनै शङ्का छैन । माओवादको नाममा लुम्बिनी अञ्चलको युवक विद्यार्थीहरूलाई गलत बाटोमा लाने र गलत चलनहरू सिकाउने यही केशरमणि गुट हो । पुष्पलालको तेस्रो उपगुट हो हरिराम शर्माको ।

पुष्पलालसँग बस्दाबस्दै पनि यिनीहरू आ-आफ्नो गुट मजबूत गरी पुष्पलाललाई आ-आफ्नो क्षेत्रमा घुस्न नदिने कार्यमा यी ३ वटा उपगुटहरू एक दोस्रोसँग होड गरिरहेकै थिए । सि.आई.ए.द्वारा प्रसारित चरित्रहत्या गर्ने कार्यमा यी ३ वटै उपगुटहरू दक्ष थिए । यी ३ वटैको कार्य हो पार्टी नेताहरूको चरित्र हत्या गर्नु ।

यिनीहरूले तुल्सीलालको मात्र होइन ऐन मौकामा पुष्पलालको चरित्र हत्या गर्ने कार्यबाट पनि बाज आएनन् । पुष्पलाल बिरामी हुने 'बित्तिकै यिनीहरूले

पुष्पलालको उत्तराधिकारी बन्ने र उनको हातबाट नेतृत्व हत्याउने काममा एक दोस्रोसँग होड गर्न थाले । पुष्पलाल फेरी नेतृत्वमा नआओस् भन्ने हेतुले पुष्पलालमाथि लडकीहरू बारे तीव्र रूपले बदनाम गरी उनको पनि चरित्र हत्या गर्ने कार्य सुरू गरे ।

हरिराम शर्मा गुटले "नेपाली" पत्रिकाद्वारा पुष्पलालसहित सबै जसो पुराना पार्टी नेताहरूको बदनाम गर्दा गर्दै बम्बईबाट यदा-कदा क्रान्ति दूत निकाल्ने रामप्रसाद सर्वहारालाई पनि छोडेन । किन ? कारण स्पष्ट छ, कि पार्टीले कहिँबाट पनि शिर उठाउन नपाओस् भन्ने नै यिनीहरूको उद्देश्य हो ।

स्पष्टतः यिनीहरू प्रतिकृयावादबाट सञ्चालित पार्टी-विरोधी गुटहरू हुन् जसको उद्देश्य हो पार्टी नेताहरूको बदनाम गरी माओवादको मुकुन्डो लाएर पार्टीलाई सा-साना गुटहरूमा बाटो राख्नु । माओवादको नाममा बनेका यी तीन वटै गुटहरू कुनै पनि "नयाँ जनवादी क्रान्ति पूरा गर्ने राजनीति" प्रति पनि वफादार छैनन् । माओवादको नाममा सिद्धान्तहीन तरिकाले अराजकतावादी ढङ्गले काम गरी पार्टीका इमानदार साथीहरूलाई कुबाटो देखाएर उनीहरूको चरित्र बिगार्नु र क्रान्तिको नाउँमा कसै कसैमाथि भयङ्कर मुकदमामा फँसाउनु नै यिनीहरूको काम हो ।

आश्चर्य छैन यिनीहरू मध्ये कसै कसैसँग पैसाको कुनै कमि छैन ।

यी ३ वटै उप-गुटहरूले पार्टी फुटाउने कार्यमा तुल्सीलालको बदनाम गरी पुष्पलाललाई अगाडि बढाए । पुष्पलाल फुटेर अलग भइसके पछि आ-आफूले बनाएको उप-गुटहरू पुष्पलालको पहुँचको बाहिरको कुरो बनाए । अनि उनी बिरामी हुँदा चिन्ता लिने सट्टा पुष्पलालको उत्तराधिकारीको रूपमा नेतृत्व हत्याउने कार्यमा छिना झपट गर्न लागे । उनीहरूको आशाको विपरीत पुष्पलाल बाँचिन रहँदा रोहित उपगुट र हरिराम शर्मा उप-गुटले पुष्पलालसँग नाता तोडे भने केशरमणि (मदन पोखरेल) उप-गुटले पुष्पलालको नाउँमा काम गर्दागर्दै पनि भित्र भित्रै उनको पनि बदनाम गरी त्यस इलाकाको नेतृत्व पुष्पलालको हातमा जान नदिने काम भइरहेकै छ ।

स्पष्ट छ, यी ३ वर्ट उपगुटहरू पुष्पलालको राजनीति बुझेर यसमा सही थापि पुष्पलालसँग लागेको होइनन् । यदि पुष्पलालको राजनीतिमा विश्वास भएर उनीसँग लागेको भए निश्चय पनि पुष्पलालप्रति उनीहरूको यो नीति हुने थिएन । पुष्पलाल बिरामी हुँदा झन् उसको पनि चरित्र हत्या गर्ने कार्यमा सक्रिय हुने थिएनन् । स्पष्ट छ यिनीहरूको एक मात्र उद्देश्य पार्टी नेतृत्व हत्याउनु हो र पार्टीलाई टुक्रा टुक्रा गरी कमजोर राख्नु हो ।

यिनीहरूको यस कार्यलाई दिल्लीस्थित एक उच्चकोटिको सि.आई.डी. इस्पेक्टर, जसले पुष्पलाललाई पार्टी फुटाउने कार्यमा मद्दत गरेका थिए, र आज 'हरि राम' गुटको पछाडि र त्यस गुटले निकालि राखेको 'नेपाली' पत्रिकाको पछाडि पनि उनको दक्ष हात छँदैछ । यो 'नेपाली' पत्रिकाको काम हो नेपालको सबै जसो नेताहरूको बदनाम गर्नु र उनीहरूप्रति जनताको घृणा फैलाउनु ।

पुष्पलाल गुटबाट अल्गिएका ३ वटै उप-गुटहरूले र सो इन्स्पेक्टरले पनि एक भन्दा अर्कोले बढी आफूलाई माओवादी हूँ भन्ने गर्छन् र आफूलाई नक्सालवादी हूँ भन्ने प्रचार गर्छन् । यो हो नेपालको माओवादको नक्सा र कसरी यसभित्र पार्टी विरोधी तत्त्वहरूले काम गरिरहेका छन् भन्ने कुरोको प्रमाण ।

यसबाहेक दिल्लीमा अर्को माओवादी गुट देखिएको छ । यो गुटको नेताले पनि आफूलाई नक्सालाइट भन्नुहुन्छ । तर काम गर्नुहुन्छ नेपाली युवक सङ्गठनको । सबैलाई थाहा छ, नेपाली युवक सङ्गठन राजाको जन-वर्ग सङ्गठनहरू मध्ये एउटा हो । यसको संस्थापकको दिल्ली राजदूतावासमा राम्रै कद्दर छ । यो सङ्गठनको मूल उद्देश्य हो हाम्रो पार्टीबाट नेपालीहरूलाई अलग राख्नु । माओवादको नाममा नेपालीहरूलाई हामीसँग अलग गरिसके पछि वहाँको राजनीतिक शिक्षा हो, 'हामीले राजाको विरोध गर्नुहुन्न' भन्ने । विश्व साम्राज्यवाद तथा विश्व प्रतिकृयावादको सेवा गर्ने यो भन्दा राम्रो अरु तरिका के हुनसक्छ ? यो हो आफूलाई माओवादी हुँ भन्नेहरू मध्ये अर्को विशिष्ट व्यक्तिको अनुहार । यस खुसीमा यही २ ११-७५ मा यही

नेपाली युवक सङ्गठनको तत्त्वावधानमा यस सङ्गठनको संस्थापकको जन्मदिवस मनाइएको थियो यस सङ्गठनको तरफबाट चिया पार्टीको प्रबन्ध गरिएको थियो । यो हो नेपालमा सि.आई.ए. र प्रतिकृयावादीहरूले फैलाएको माओवादीहरूको अनुहार ।

यसबाहेक नेपालमा अरु पनि निम्न पूँजीवादी सानातिना स्थानीय गुटहरू छन्, जुन गुटहरू अलग रहनमा नै आ–आफ्नो हित सम्भन्छन् । जहाँसम्म राजनीतिको सवाल छ यिनीहरूले पनि आफूलाई माओवादी भन्नु भन्दा अरु कुनै स्पष्ट राजनीति लिएको छैन । यिनीहरूले क्रान्तिकारिताको नाउँमा सानातिना सङ्घर्षहरू गरिहाल्छन् तर यिनीहरूसँग भावी क्रान्तिको निम्ति न कुनै सुव्यवस्थित राजनीति छ, न कार्यक्रम छ, न त उनीहरूले त्यस जिम्मेदारीलाई पूरा गर्ने खालको सङ्गठन नै बनाइरहेका छन् । यिनीहरूले पनि सोवियत पार्टी र सोवियत संघको विरोध गर्ने काम गर्नु नै माओवादीको प्रमाण हो भन्ठान्छिन् ।

स्पष्टतः विश्व साम्राज्यवाद तथा विश्व प्रतिकृयावादले नेपालमा विभिन्न प्रकारको माओवादी गुटहरू बनाएर नेपालको कम्युनिष्ट आन्दोलनलाई तहस नहस गर्ने काम गरिरहेका छन्, नेपालको भविष्य निर्माता युवकहरूलाई कम्युनिष्ट पार्टीबाट अलग राखी गलत सलत बाटोमा लागि राखेका छन् ।

माओवादको नाममा अनेकौँ गुटहरू बनाएर ती सबैजसो गुटहरूलाई प्रतिकृयावादले निम्न कुरोहरू मात्र सिकाएका छन् ।

(क) सोवियत विरोधी अभियानको भण्डा उठाउनु, जो सि.आई.ए. ट्रेनिङको एक विशेष अङ्ग हो ।

(ख) रूस र भारत विरोधी भावना उत्तेजित गर्दै जानु ताकि नेपालको क्रान्तिकारीहरूले कहिँ कसैको सहानुभूति र नैतिक समर्थन पनि प्राप्त गर्ने मौका नपाओस् र उनीहरू हरसम्भव उपायले एक्लो रहुन् ।

(ग) पार्टी विधान, पार्टी अनुशासन, पार्टीको जनवादी केन्द्रीयता तोडी अलग

अलग गुटहरूमा विभाजित गरी राख्नु ।

(घ) तृतीय महाधिवेशन, जोन आजसम्मको वैधानिक महाधिवेशन हो, ले दिएको राजनीति, "राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति" पूरा गर्ने राजनीतिको जति सक्यो उति बदनाम गरी क्रान्तिकारीहरूलाई यसबाट अलग राख्नु ।

(ङ) राजनीतिक सवालहरूमा बहसद्वारा सही गल्ति छुट्याएर सही राजनीति पहिल्याउने सट्टा एकोहरो नारा दिएर सही कुरो पत्तो लगाउन नदिनु । यो नै ट्राटस्कीवादीहरूको तरिका हो ।

(च) पार्टी नेताहरूले अगाडि बढाएको राजनीतिमा छलफल गरी सही गल्ति थम्याएर सही राजनीतिको वरिपरी सङ्गठनलाई मजबूत गर्दै लाने सट्टा पार्टी नेताहरूको चरित्र हत्या गरी उनीहरूप्रति घृणा फैलाउनु ।

(छ) माओवादी कै नाममा बनेका अनेकौँ गुटहरू पनि आपसमा मिल्न नदिनु ।

(ज) माओवादको नाममा ठाउँ ठाउँका युवकहरूलाई रक्सी, जाँद कुखुराको आदत डाली अरु अनेकौँ कुकर्महरूमा फँसाउनु ।

के यी सर्व कुरोहरू नै माओवादीका लक्षणहरू हुन् ? अथवा स्पष्टतः यी सब कुरोहरू नेपालमा कम्युनिष्टहरूको क्रान्तिकारी ताकतलाई केन्द्रित गरी मजबूत पार्दै लाने सट्टा नेपालको कम्युनिष्टहरूलाई छिन्नभिन्न राखी नेपालमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति असम्भव पार्ने चाल मात्र हुन् ।

जहाँ तमाम समाजवादी मुलुकहरूमा क्याब्रे डान्समाथि प्रतिबन्ध लगाइएको छ भारतजस्तो देशले पनि यसलाई रोक्ने काम गर्दैछ । वहाँ नेपालमा साम्राज्यवादसँग मिली विश्व प्रतिकृयावादको अङ्गको रूपमा खडा भएको यस एकतन्त्री हुकूमतले नेपालमा पहिले कहिल्यै नचलेको लड्कीहरूको अर्धनङ्गा नाच 'क्याब्रे डान्स' को प्रचार गरी युवक र विद्यार्थीहरूलाई व्यापक रूपमा पतनको बाटोमा लैजाने काम गरिरहेको छ । यस एकतन्त्री हुकूमतमा रक्सी, जुना, जाँडको खुब प्रोत्साहन गरिँदै छ । किन ? माओवादीहरूको भनाई छ रक्सी नखाई कसरी क्रान्तिकारी हुन्छ ? सवाल छ के नेपालको एकतन्त्री हुकूमतले नेपालको

युवकहरूलाई बढ्ता क्रान्तिकारी बनाउनको निम्ति यी मादक पदार्थहरूको प्रचार गरेको हो ? यस सरकारले रक्सी जाँड नखानेहरूलाई चरेस-गाँजाको चक्करमा फँसाई रहेको छ । यस्तो दुश्चरित्रमा फँसेकाहरूले सर्वहारा वर्गको चरित्र अपनाउने सट्टा आवारा सर्वहारा वर्गको चरित्र लिन पुग्छन् ।

यदि हामीले मार्क्सवाद लेनिनवादलाई सही ढङ्गले पक्रेनौँ र पार्टी विधान, पार्टी अनुशासन, पार्टी जनवादी केन्द्रीयताको राम्रो ध्यान राखेनौँ भने निश्चित हो । हामी विश्वभरी फैलाएको सि.आई.ए.को जाल, जसलाई नेपालको प्रतिकृयावादी सरकारले प्रति ज्यादा प्रोत्साहन दिएको छ, फँसी नेपालको जनक्रान्तिलाई कदापि पनि सही ढङ्गले अगाडि बढाउन सक्ने छैनौँ ।

जहाँसम्म विधानको सवाल छ, नेपाल पार्टी नफुट्दासम्म प्रथम महाधिवेशन र द्वितीय महाधिवेशनले स्वीकार गरेको विधानअनुसार पार्टी सञ्चालन भएर आएको हो । यस विधानलाई डा. माझीले तोडी पार्टी फुटाउने काम गरे । तृतीय महाधिवेशन उपरोक्त विधान अन्तरगत भएको हो । तृतीय महाधिवेशनले पहिलेको विधानमा केही कुरोहरू संशोधन गरी अझ यसलाई स्पष्ट गरेको हो ।

कुनै २ ४ व्यक्ति मिली आफूलाई कम्युनिष्ट हूँ भन्दैन कम्युनिष्ट हुँदैन । यस्तो हजारौँ दलहरू विश्व साम्राज्यवादले आफ्नो दलालहरूद्वारा बनाउन सक्छन् ।

नेपालको कुनै पनि व्यक्ति जसले आफूलाई कम्युनिष्ट हूँ भन्छन् यस विधान अन्तरगत काम नगरी कदापि कम्युनिष्ट हूँ भन्ने अधिकार प्राप्त गर्दैन । कम्युनिष्ट पार्टी एउटा किल्ला हो, यसै निम्ति पार्टीको नाउँमा काम गर्नेहरूलाई पनि पार्टी विधान अन्तरगत छानबीन गरेर मात्र सदस्य बनाइन्छ । पार्टी र पार्टी सदस्यहरूलाई विधानले र पार्टी अनुशासनले नै बाँधेको हुन्छ । यसै निम्ति पार्टी विधान, पार्टी अनुशासन, पार्टी जनवाद केन्द्रीयता नै पार्टी सङ्गठनको मूल आधार हो ।

कसैले नयाँ राजनीति दिनु परे अथवा पार्टी विधानमा परिवर्तन ल्याउनु परे

तृतीय महाधिवेशनले दिएको विधान, तृतीय महाधिवेशनले दिएको राजनीति अन्तरगत काम गरी, त्यस विधानले देखाएको नियमहरू अनुसार चतुर्थ महाधिवेशन गरी, यस्तो चतुर्थ महाधिवेशनको बहुमतले पास गराएर नै नयाँ राजनीति, नयाँ कार्यक्रम र नयाँ विधान दिने कुरो आउँछ ।

यसभन्दा भिन्न तरिकाले एक-एक बहाना गरी मनपरि चतुर्थ महाधिवेशन गरेँ भन्दैमा चतुर्थ महाधिवेशन हुँदैन । अनि आफ्नो नपरी गुटहरू बनाएर हिँड्दैमा तिनीहरू कम्युनिष्ट हुँदैन । यी सब कुरोहरू कम्युनिष्ट पार्टीलाई फुटाउनको निम्ति गरिने कम्युनिष्ट विरोधीहरूको चाल मात्र हुन् । आज नेपालमा फैलिएको सि.आई.ए.को चालमा जानिबूझी वा नजानिँदो तरिकाले फँसेकाहरूले नै सङ्गठनात्मक क्षेत्रमा पार्टी विधान, पार्टी अनुशासन पार्टीको जनवादी केन्द्रीयता तोड्ने काम गर्छन् ।

स्पष्ट छ, नेपालको राजनीतिक समस्या नेपाली जनता र यो एकतन्त्री हुकूमतको बीचको समस्या हो । यो समस्या कसैले आफूलाई माओवादी भन्दैमा पूरा हुने होइन । यस एकतन्त्री हुकूमतको विरोधमा कसरी राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने भन्ने कुरो नै हाम्रो मूल समस्या हो । यो कुरो नै नेपालको राजनीतिक सङ्गठनको केन्द्र विन्दु हो र सङ्गठनात्मक क्षेत्रमा पाटी विधान, पार्टी अनुशासन, जनवादी केन्द्रीयता नै पार्टी सङ्गठनको मूल आधार हो ।

यी दुई कुराहरूबाट अलग रहेर जथाभावी काम गरी कसैले आफूलाई माओवादी भनून् वा नभनून्, उनीहरू निश्चय नै कम्युनिष्ट होइनन् । उनीहरू निश्चित रूपले नेपालको राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति असफल पार्नका निम्ति जन्मेका साम्राज्यवाद तथा विश्व प्रतिकृयावादका पृष्ठ पोषकहरू हुन् ।

## माओवादको समस्या

विश्वमा सर्वप्रथम १९१७ को अक्टोबर क्रान्ति गरी महान् लेनिनको नेतृत्वमा विश्वको एक छठा भाग सोवियत संघमा मजदूर वर्गको नेतृत्वमा एक समाजवादी

देशको प्रादुर्भाव भयो । यस क्रान्तिले विश्वमानव इतिहासमा एक नयाँ मोड ल्याई दियो । अमर का. हो ची मिन्हको शब्दमा 'सर्वहारा अधिनायकत्व भएको पहिलो देश सोवियत संघले आफ्नो असाधारण शक्तिको परिचय दिएको छ । यसले आफ्नो जन्मको सुरुको बेला नै आफ्नो देशको प्रतिक्रान्तिकारीहरूको विद्रोहहरू कुल्चेर पठायो, साथै १४ वटा साम्राज्यवादी देशहरूद्वारा गरिएको सैनिक हस्तक्षेपलाई पनि हराएर पठायो, र आफ्नो जन्मको ३० वर्षभित्र जर्मनी, इटाली, जापानी फासिष्टहरूलाई पूर्णरूपले पराजित गऱ्यो । यसले आफ्नै देश सोवियत राज्यको मात्र रक्षा गरेको होइन, अरु पनि अनेकौँ देशहरूको मानिसहरू माथि लादिएको अमानुषिक अत्याचारी फासिस्टवादको जुवाबाट मुक्त गरी स्वतन्त्रता गर्ने कुरोमा योगदान दियो ।'

विश्व कम्युनिष्ट आन्दोलनलाई नष्ट गर्ने प्रतिज्ञा गरी जन्मेका फासिस्टहरूसँगको युद्धको दौरानमा रुसले ती फासिस्ट शक्तिलाई मात्र हराएको होइन, यस कार्यलाई पूरा गर्दागर्दै पूर्वी यूरोपका ८ वटा देशहरू पनि कम्युनिष्ट देशहरूको रूपमा देखापर्न आए ।

त्यसपछि ८० करोड जनता भएको चीन पनि विश्व साम्राज्यवाद तथा सामन्तवाद र विश्व प्रतिकृयावादको विरोधमा सङ्घर्ष गरी कम्युनिष्ट देशको रूपमा देखा परे । चीनको क्रान्तिको सफलतामा पनि सोवियत संघको कम देन थिएन । रूसी अक्टोबर क्रान्तिपछि चिनिया क्रान्तिको विजय पनि जबर्दस्त अन्तरराष्ट्रिय महत्त्वको घटना थियो ।

अनि कोरिया, उत्तरी भियतनाम, दक्षिण भियतनाम, कम्बोडिया, लाबस, क्यूबा इत्यादि अनेकौँ देशहरू कम्युनिष्ट देशहरूको रूपमा देखापरे । यी तमाम देशहरूको मुक्ति संग्राममा सोवियत संघको निर्णायक देन रह्यो ।

आज विश्वमा एक देश होइन, एक विशाल कम्युनिष्ट खेमा स्थापना भएको छ र समाजवादी खेमा अन्तरराष्ट्रिय राजनीतिक रङ्गमञ्चमा एक निर्णायक शक्तिको रूपमा देखापरेको छ । थियो त्यसवेला पनि माथि हमला गर्दा पनि समाजवादको यो बढ्दो ताकतदेखि साम्राज्यवाद तथा विश्व प्रतिकृयावाद

घवडाउनु स्वाभाविक हो। जुन वेला सोवियत संघ एक्लो १४ वटा साम्राज्यवादी मुलुकहरू मिलेर रुस यिनीहरू आखिर हार खाएर भाग्नु पऱ्यो, अनि विश्व कम्युनिष्ट आन्दोलन नस्ट गर्न निक्लेका हिटलर, मुसोलिनी आदिको फासिस्ट ताकत कम्युनिष्टहरूको प्रहारमा नष्ट भएर गयो भने आज यस विशाल कम्युनिष्ट खेमाको विरोधमा लडौँला र यसलाई फेरि नष्ट गरौँला भन्ने साम्राज्यवाद र विश्व प्रकृतिवादको आशा दुराशामा परिणत भईसकेको छ। यस्तो स्थितिमा उनीहरूको अगाडि एउटै बाटो छ, कम्युनिष्ट खेमाभित्र झगडा मचाई दिनु। अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा फुट पार्नु र एक दोस्रोसँग लडाई दिनु।

चिनिया कम्युनिष्ट पार्टीभित्र सोवियत विरोधी अभियान सुरुदेखि नै चलेर आएको थियो भन्ने कुरो का. माओत्से तुङ्को लेख खास गरी वहाँको कृति 'नयाँ जनवाद'बाट स्पष्ट छ र का. माओत्से तुङ्ले सुरूदेखि नै आफ्नो पार्टीमा सोवियत विरोधी अभियानको विरोधमा लड्दै आए भन्ने कुरो पनि यही 'नयाँ जनवाद'मा लेखिएको कुरोहरूले स्पष्ट गरेको छ।

का. माओको त्यस पुस्तिकाको अध्याय चारमा लेखिन्छ, '१९१७को रूसी अक्टोबर क्रान्तिले विश्वको एक छठा भागमा समाजवादी राज्य खडा गरी चीनको पूँजीवादी जनवादी क्रान्तिको चरित्रमा परिवर्तन ल्याइ दिएको छ।

उही अध्यायमा का. माओ फेरि लेख्नुहुन्छ, 'त्यो प्रथम विजयी समाजवादी क्रान्ति, अक्टोबर क्रान्तिले विश्व इतिहासको सम्पूर्ण बाटोलाई बदलिदिएको छ र एक नयाँ युग सुरू गरिदिएको छ।'

यसै सन्दर्भमा का. माओ लेख्नु हुन्छ, 'अब पूँजीपति वर्गको नेतृत्वमा पूँजीवादी प्रजातान्त्रिक क्रान्ति होइन, क्रान्तिको पहिलो चरणमा एक नयाँ जनवादी समाज स्थापना गर्ने उद्देश्यले सर्वहारावर्गको नेतृत्वमा एक नयाँ किसिमको क्रान्ति हुनेछ।'

उसै अध्यायमा माओ लेख्नु हुन्छ, सोवियत संघ समाजवादबाट साम्यवादमा

संक्रमण हुने वेला आएको छ र सम्पूर्ण विश्वको पददलित जनताहरूलाई उनीहरूको साम्राज्यवाद विरोधी, पूँजीवादी प्रतिकृयावाद विरोधी लडाइँमा नेतृत्व दिने र मदत गर्ने शक्ति राख्दछ ।

त्यस पुस्तिकाको अध्याय सातमा का. माओ लेख्नुहुन्छ, प्रतिरोधात्मक लडाईमा चीनको अन्तिम विजयको निम्ति, खास गरिकन, सोभियत मद्दत बिल्कुलै नभै नहुने कुरो हो । सोवियत मद्दत नामन्जूर गर, क्रान्ति असफल हुनेछ । के १६२७ देखि चलेको सोवियत विरोधी अभियानले बिल्कुल स्पष्ट शिक्षा दिएको छैन ?

का. माओले आफ्नो सो पुस्तिकाको दसवाँ अध्यायमा नयाँ युगको (संयुक्त मोर्चा बारे -ले ०) जनताको तीन क्रान्तिकारी सिद्धान्तहरूको संयोजन गरी लेखेका छन्, (क) रूससँग मैत्री (ख) कम्युनिष्ट पार्टीसँग सहयोग (ग) मजदूर र किसानहरूलाई मद्दत । का. माओले फेरि जोड दिएर अर्को प्यारामा लेख्नु हुन्छ, 'नयाँ अर्थात् सही किसिमको जनताका तीन सिद्धान्तहरूमा रूससँगको मैत्री समावेश हुनैपर्छ ।'

यी हुन् का. माओको रूसप्रतिको विचारधारा । यस्तो विचारधाराले अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकतामा बल नै पुऱ्याउने छ । का. माओले १९६४को जनवरी १२मा आफ्नो वक्तव्यमा भनेका थिए, 'समाजवादी शिविरको देशहरूमा भएको जनताले एक हुनुपर्छ, एशिया, अफ्रीका र ल्याटिन अमेरिकाको देशहरूमा भएको जनताले एक हुनु पर्छ, विश्वको सबै महादेशको जनताले एक हुनुपर्छ सबै शान्तिप्रिय देशहरूले एक हुनुपर्छ र अमेरिकाको आक्रमण नियन्त्रण, हस्तक्षेप अथवा अत्याचारमा परेका सबै देशहरूले एक हुनुपर्छ र यसरी अमेरिकाली साम्राज्यवादको आक्रमण तथा युद्धका नीतिहरूको विरोध गर्न र विश्वशान्तिलाई जोगाउन व्यापक संयुक्त मोर्चा बनाउनुपर्दछ । (लाल पुस्तक, नेपाली संस्करण, खण्ड १८, पन्ना २०३) का. माओको यस विचारधारालाई कसले नमान्ने ? आज आएर हामीहरूको अगाडि एक सवाल खडा हुन नआएको छ "आखिर माओवाद के हो ?" माओवाद का. माओले लेख्नु भएका कृतिहरूमा पाइने उपरोक्त विचारहरू हुन् अथवा वहाँले लेख्नु

भएको कृतिहरूमा पाइने भावनाको बिल्कुल उल्टो आजकल देखापरेको बिना शिर-पैरको प्रचारमा आधारित कुरोहरू हुन् ? आज का. माओकै पुस्तकहरू केलाएर पढ्ने हो भने हामीले आज माओवादको नाउँमा भइरहका अनेकौँ कार्वाही वहाँको भावनाको विरोधमा नै पाउँछौँ ।

का. माओको कुनै कृतिमा पाइँदैन कि पार्टी फुटाऊ, पार्टी विधान उल्लङ्घन गर अथवा जनवादी केन्द्रीयता तोड । का. माओले भनेनन् कि रक्सी खाउ, जाँड खाऊ, कुखुरा चोर र सुँगुर खाऊ अनि माओवादी भइहाल्यो ।

का. माओले भनेनन् कि अर्काको खेत-बारीको पर्खाल अथवा तगारो भत्काइदेऊ र त्यहाँ गाईभैंसी हुलाउनु र अनि माओवादी हुन्छ । न त वहाँले पाकेको धान, मकै लुटेर खाऊ नै भने । तर आज यस्ता अनेकौँ कार्यहरू माओवादको नाउँमा भइरहेका छन् भने के स्पष्ट छैन आजकल माओवादको पछाडि कसको हात छ ?

सबभन्दा आश्चर्यको कुरो त यो छ कि जहाँ चिनिया कम्युनिष्ट पार्टीले निकालेको विभिन्न दस्तावेजहरू अथवा पुस्तिकाहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कुरोमा जोड दिएको छ । हाम्रो देशका तमाम माओवादी भन्नेहरू राष्ट्रिय प्रजातन्त्रलाई संशोधनवादी भनि वदनाम गरी यस क्रान्तिमा हर सम्भव उपायले अडङ्गा डालने काम गरिरहेका छन्, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने जिम्मेदारीबाट भाग्न पार्टी तोड्दै अलग अलग गुट बनाएर बसेका छन् । का. माओको नाउँमा राष्ट्रिय प्रजातन्त्रको विरोधमा नयाँ जनवादको गोटी बालेका छन् । सवाल छ यी तमाम प्रकारका माओवादीहरू सही मानेमा क्रान्तिकारी हुन् अथवा माओवादको मुकुन्डो लाएका साम्राज्यवादका तथा प्रतिकृयावादका सेवकहरू हुन् ?

यसको जवाफ चिनिया कम्युनिष्ट पार्टीले तीन पटकसम्म छापेको "लोकयुद्धको विजय अमर रहोस्" भन्ने पुस्तिकाले दिएको छ, त्यस पुस्तिका अनुसार चिनिया कम्युनिष्ट पार्टीको भनाई हो 'संशोधनवादीहरूको उद्देश्य हो पददलित जातिहरूको ध्यान उनीहरूको साम्राज्यवाद विरोधी सङ्घर्षबाट हटाउनु र

उनीहरूको राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई भताभुङ्ग गर्नु; यी सबै कार्यहरू साम्राज्यवादको सेवामा नै गरेको हुन्छ ।"

स्पष्टतः आजकल माओवादको मुकुन्डो लाएर राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिको विरोध गर्नेहरू क्रान्तिकारी होइनन्, उनीहरू संशोधनवादी हुन् र साम्राज्यवादको सेवकहरू हुन् ।

यसै निम्ति उनीहरूले पार्टीलाई विभिन्न गुटहरूमा बाँड्ने काम गरेका छन्, राष्ट्रिय प्रजातन्त्रको बदनाम गरेका छन् र राष्ट्रिय प्रजातन्त्रको पक्ष लिने नेताहरू र कार्यकर्ताहरूको चरित्र हत्या गर्ने काम गर्दैछन् र पार्टी कार्यकर्ताहरूलाई गलत बाटोमा लागि अनैतिक आचरणहरू सिकाउँदै छन् । यिनीहरू मध्ये धेरैको यस प्रतिकृयावादी सरकारसँग सीधा सम्पर्क छन् र उनीहरूले जानि बुझिकन पार्टीलाई नष्ट गर्ने कार्यमा जिउ ज्यान दिएर लागेका छन् भने कतिपय इमान्दार साथीहरू पनि सि.आई.ए.द्वारा चालिएको नदेखिने चालको सिकार भएका छन् ।

यस निम्ति आज माओवादीहरूको मूल राजनीति हुन गएको छ, "सोवियत विरोधी अभियान"मा भाग लिनु; राष्ट्रिय प्रजातन्त्रको विरोध गर्नु र अनि गैर-पूँजीवादी बाटोको विरोध गरी सामन्ती स्वार्थको सुरक्षा गर्दै पूँजीवादी विकासमा जोड दिनु ।

के यही माओवादी हो ? यी सबै कुराहरू का. माओको निर्देशनमा भइरहेछ अथवा अमेरिकी साम्राज्यवादको केन्द्रीय गुप्तचर विभाग, त्यो खुंखार सि.आई.ए., को नदेखिने र नबुझिने ढङ्गको निर्देशनमा भइरहेका छन् ?

"सोवियत सामाजिक साम्राज्यवाद" को नारा का. माओको मौलिक नारा अवश्य होइन । लाल पुस्तक, नेपाली संस्करण, पन्ना ६५ मा दिएको प्यारा का. माबले १९५६ मा सोवियत संघले हङ्गेरीको प्रतिक्रान्तिकारीहरूलाई दबाएको वेला सोवियत कारवाहीको सराहना गरी लेखेका हुन् ।

यसै वेला अर्थात् १९५६ मा शार्दुल लेख्दछ, '१९५६ देखिनै यो साफ भएको छ

कि रूस पनि एउटा साम्राज्यवादी देश हो ।" शा एउटा पूँजीवादको अस्तित्व बचाउन आएका कम्युनिष्ट विरोधी 'अस्तित्ववादी' दार्शनिक हुन् । सवाल छ, सोनियत संघलाई साम्राज्यवादी भन्ने नाराको प्रवर्तक का. माओ भयो अथवा शार्ट्र ?

फिलिप आगीको 'इन्साइड कम्पनी' भन्ने सि.आई.ए. डायरीको रूपमा निक्लेको पुस्तक पढे साफ हुन्छ कि १९५६ को अक्टोबर महिनामा उनलाई दिएको ट्रेनिङ्गमा कम्युनिष्ट विरोधी शिक्षाको मूल केन्द्र हो । सोवियत संघलाई साम्राज्यवादको रूपमा प्रचार गर्नु र सोवियत संघप्रति घृणा फैलाउनु ।

भारतमा अमेरिकी साम्राज्यवादको भूतपूर्व राजदूत चेष्टर बाउल्स तथा अस्तित्ववादी शा र अन्य नयाँ वामपन्थीहरू नै ती व्यक्तिहरू हुन् जसले समाजवादी खेमाको मूल शक्ति सोवियत संघलाई साम्राज्यवादी भनेर प्रचार गर्न सुरू गरेका थिए । उनीहरू डलेसको पालोको कम्युनिष्ट विरोधी प्रचारलाई बेअसरदार सम्झन्थे र यिनीहरूले विकासशील तथा तटस्थ देशहरूमा आफ्नो मित्रहरूद्वारा 'सोवियत उपनिवेशवाद' को प्रचार सुरू गरेका थिए ।

केनेडी शासनमा यस प्रचारलाई सैद्धान्तिक रूप दिई अगाडि बढाइए । स्पष्टतः सोवियत संघलाई सामाजिक साम्राज्यवादी भन्नेहरू यात अमेरिकी साम्राज्यवादका मित्रहरू हुन् अथवा ती साम्राज्यवादका मित्रको पनि मित्रहरू हुन् । साच्चै भन्ने हो भने 'सोवियत सामाजिक साम्राज्यवाद' को नारा का. माओत्सेतुङ्गको मौलिक विचार नभै यो प्रचार हो अमेरिकी साम्राज्यवाद तथा उनका गुप्तचर विभाग सि.आई.ए.द्वारा उनीहरूको दलालहरू मार्फत् अगाडि बढाएको ।

यदि का. माओत्से तुङ्गका कृतिहरू माओवादको आधार हो भने सोवियत विरोधी अभियान निश्चय पनि माओवादको अङ्ग होइन । होइन, विश्वप्रतिकृयावाद तथा साम्राज्यवादको नदेखिने र नबुझिने हात सि.आई.ए.द्वारा अगाडि बढाइएको कम्युनिष्ट विरोधी नाराहरू अगाडि बढाउनु नै माओवादी हो भने अन्तर राष्ट्रिय कम्युनिष्ट आन्दोलनको निम्ति यो एउटा अनर्थको कुरो हो ।

आश्चर्य छ केहि दिन अधि जयप्रकाश नारायणजस्तो जन्मजात कम्युनिष्ट विरोधीले पनि आफूलाई माओवादी घोषणा गरी भारतमा पार्टी विहीन प्रजातन्त्र ल्याउने आन्दोलनको नेतृत्व गरिरहेका थिए । पार्टी विहीन प्रजातन्त्र अमेरिकी साम्राज्यवादको निर्देशनमा पाकिस्तानमा अयुब खाँले चलाएको थियो र हामी नेपालीहरू स्वयम्ले पनि नेपालमा यस्तो पार्टी विहीन प्रजातन्त्रको फल भोगिनै रहेका छौँ । जयप्रकाश नारायणले आफूलाई माओवादी भनेको हुँदा अब उनले दिएको नारा माओवादी नारा हुने भयो, उनको तमाम काम कार्वाही माओवादी काम कार्वाही ठहरिने भयो ।

यसरी नै आज विश्वको साम्राज्यवाद परस्त दक्षिणपन्थी समाजवादीहरू र विभिन्न तब्काका प्रतिकृयावादीहरू माओवादभित्र घुसी, आफूलाई माओवादी भन्दै मनपरि राजनीति दिएर हिँडेका छन् । एक प्रतिक्रान्तिकारी पुस्तक (सेन्सर नगरिको रूस) (Uncen sored Russia) भनि जोनाथान केप लि. द्वारा १६७२मा बेलायतमा प्रकाशित भएको थियो । यसको जिल्दमा हँसिया-हथौडाको सट्टा हँसिया र कलम छ । स्पष्ट छ यो कम्युनिष्ट विरोधी किताब हो र अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई तहस नहस गर्न निक्लेको किताब हो । यस पुस्तकको पन्नामा निम्न कुरो लेखिएको छ; 'सोवियत संघमा पूँजीवाद संशोधनवाद' र खुला प्रतिक्रान्ति सफल भएको छ, सोवियत संघको कम्युनिष्ट पार्टीले स्तालिनको व्यक्तिवाद र उसको अपराधहरूको भण्डाफोर गरिसकेपछि माओको प्रतिभालाई मान्यता दिन नसकेकोले सर्वहारा अधिनायकत्वका आदर्शहरू माथि विश्वासघात गरेको छ ।"

यस लाइनले के जनाउँछ ? के उनीहरूले अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलन सही ढङ्गले अगाडि बढोस् भनेर यो लेखेको हो ? कदापि होइन । यसको एकमात्र उद्देश्य हो का. माओत्सेतुङ्गको नाउँमा सोवियत संघलाई नीचा देखाएर चीन र रूसको बीचको फाटोलाई अगाडि बढाउनु ।

यस्तो लेखले का. माओत्सेतुङ्गलाई कुनै असर नगरे पनि कतिपय नयाँ-नयाँ इमानदार क्रान्तिकारीहरूलाई मनोवैज्ञानिक असर पार्दछ र यस्तै लेखले माओवादको उग्र भावना उठाएर सोवियत विरोधी खेमा तयार पार्ने काम

हुन्छ र क्रान्तिकारीहरू न बुझिने तरिकाले का. माओत्सेतुङ्को नाउँमा सोवियत विरोधी खेमामा उभिन पुग्छन् । अमेरिकी साम्राज्यवाद र विश्व प्रतिकृयावादीहरूले आफ्नो दलालहरूलाई एक नम्बरको क्रान्तिकारी बनाएर माओवादको मुकुन्डो लगाएर विभिन्न देशहरूको क्रान्तिकारी युवकहरू र कम्युनिष्ट कार्यकर्ताहरूको बीच घुसाएर यस्तो गलत भावनाहरू फैलाएर विभिन्न देशहरूको पार्टी फुटाउन सफन भएका छन् ।

चाणक्यले लेखेको अर्थशास्त्रको एकादश अधिकरण 'संघलाई छिन्न-भिन्न गर्ने उपाय ।' मा लेखिएको छ, 'सत्रिनामक गुप्तचर दुवै संघहरूमा पारस्परिक दोष, द्वेष, अपकारात्मक वैर, द्रोह एवं कलहको कारण खोजेर निकालुन् । यसकै आधारमा बाल कलह उत्पन्न गरुन् । र तीक्ष्ण नामक गुप्तचरले उल्टा प्रशंसा गरेर उनीहरूमा पारस्परिक कलह गराउन् ।'

फुटाल्ने अचूक उपाय हो त्यस संघभित्र जो प्रथम स्थानमा हुनुपर्छ, उनलाई खसाल्नु, द्वितीय स्थानलाई उठाउनु । यस्तै किसिमका उपायहरूद्वारा नै आज सोभियत र चीनको विरोधमा सङ्घर्ष तीव्र पार्दै लैजाने काम भएको छ र यिनीहरूले एउटालाई खसाली अर्कोलाई उठाएर रूस र चीनको बीचको अन्तरविरोधलाई तीव्र पारिदिएका छन् ।

सोवियत संघको तीव्र विरोध गरी यस प्रति घृणा फैलाउनु विभिन्न देशहरूको पार्टी फुटाउने एक अचूक चाल हो । यसरी माओवादको नाममा फुटाई लिएको गुटहरूलाई पनि आपसमा मिल्न नदिई छिन्न-भिन्न राख्नु सि.आई.ए.कै अर्को चाल हो ।

नेपाल पार्टी मात्र होइन, अरू पनि विभिन्न देशहरूको पार्टी फुटाएर कमजोर पार्ने काममा सि.आई.ए. कसरि सफल भयो भन्ने कुरो माथि उल्लिखित सि.आई.ए. डायरी पढे साफ हुन्छ । के माओवादको नाममा अगाडि बढाइएको यस नीतिले विश्व कम्युनिष्ट आन्दोलनलाई मदत पुगेको छ ? विश्व कम्युनिष्ट आन्दोलनको विरोधमा अमेरिकी साम्राज्यवादले दुइ वटा नारा अगाडि बढाएको छ, (क) कम्युनिष्टहरूको क्षेत्र बढन नदेऊ । माओवादको नाममा अगाडि

बढाएको माथि देखाएको नीतिले अमेरिकी साम्राज्यवादको यस उद्देश्यलाई मदत पुगिरहेको छ ।

अमेरिकी साम्राज्यवादको दोस्रो नारा हो, (ख) कम्युनिष्ट क्षेत्रलाई कार्पेटमै लपेटेर पठाउ अर्थात् कम्युनिष्ट क्षेत्रलाई खतम गर्दै जाऊँ ।

माओवादको नाममा १९५८ सालमा चेकोस्लोवाकियाको प्रतिक्रान्तिको समर्थनमा लिइएको नीति र हाल जर्मन जनवादी गणतन्त्रप्रति अगाडि बढाइएको नीतिले अमेरिकी साम्राज्यवादको यो दोस्रो मनसुवालाई पूर्ति गर्दछ । चेकोस्लोवाकिया र जर्मन जनवादी गणतन्त्र दुवै कम्युनिष्ट देशहरू हुन् । चेकोस्लोवाकियालाई खतम गर्न साम्राज्यवाद तथा विश्वप्रतिकृयावादले ४० हजार प्रतिक्रान्तिकारी फौज पश्चिम जर्मनी जो स्वयम् एक साम्राज्यवादी मुलुक हो, मा शस्त्रास्त्रले सुसज्जित गरी तयार गरेका थिए । यस ताकतको बलमा चेकोस्लोवाकियामा कम्युनिष्ट व्यवस्था खतम गर्न १९६८मा प्रतिक्रान्ति सुरू भएको थियो । त्यसवेला सोवियत संघले तहाँ वार्स सन्धि अन्तरगत हस्तक्षेप नगरेको भए चेकोस्लोभाकिया आजसम्ममा साम्राज्यवादको अखाडा बनिसक्ने थियो र तमाम पूर्वी यूरोपका देशहरू एक एक गरी साम्राज्यवादको हातमा जाने थियो । तर माओवादको नाउँमा सोवियत संघको त्यो कारवाहीको विरोध हुन्छ भने निश्चय नै यस्तो 'वाद'ले साम्राज्यवाद तथा विश्व प्रतिकृयावादकै मदत हुन्छ । के अनि यो मार्क्सवाद-लेनिनवाद अनुकूलको सिद्धान्त भयो ?

यस्तै जर्मन जनवादी गणतन्त्र एक कम्युनिष्ट देश हो । पश्चिम जर्मनसँग यो देश पनि मिलाई दिएको खण्डमा यहाँबाट पनि कम्युनिष्ट व्यवस्था खतम भई यो देश साम्राज्यवादी मुलुकको रूपमा परिणत भई जान्छ । के अनि हालसालै माओवादको नाउँमा अगाडि बढाइएको नाराले साम्राज्यवाद के सेवा गर्दैन ? यस्तो नीति निश्चय पनि मार्क्सवाद लेनिनवाद अनुकूलको नीति होइन ।

बङ्गलादेशमा जबसम्म साम्राज्यवाद विरोधी मुजिब रहमनको सरकार थियो माओवादीहरूलाई नीद लागेन, जब तहाँ मुजीब रहमनको हत्या गरी अमेरिकी साम्राज्यवाद परस्त एक प्रतिकृयावादी मुस्ताक खण्डेकरको सरकार खडा

भए सबै प्रकारको माओवादीहरू सन्तोष भएर बसे र यस प्रतिकृयावादी सरकारलाई हर तरहले मदत गरि रहे भने के यो सही नीति हो ? हाल सालै तहाँ पूँजीवादलाई सुदृढ गर्न निजी पूँजीको हद ३ करोडबाट बढाएर २५ करोड गरि दिएको छ ।

कम्युनिष्टहरूको नीति साम्राज्यवादको समर्थन गरी कम्युनिष्टहरूको प्रभाव क्षेत्र खतम गर्दै लानु हो अथवा यस क्षेत्रलाई बढाउँदै साम्राज्यवाद तथा विश्व प्रतिकृयावादको प्रभाव क्षेत्र खतम गर्दै कम्युनिष्ट शक्ति मजबूत गर्दै जाने हो ? तमाम माओवादीहरूलाई यस नीतिमा केले पुऱ्यायो ? यसको जवाफ का. माओले चिनिया क्रान्तिको दौरान लेखेको नयाँ जनवादको अध्याय छ को छठा प्याराले धरै अघि नै दिइसकेको छ ।

त्यस प्यारामा लेखिएको छ, 'यदि साम्राज्यवादसँगको मित्रताको निम्ति रूससँगको मित्रता त्यागिन्छ भने, जनताको तीन सिद्धान्तहरूबाट "क्रान्तिकारी" भन्ने शब्द निकाल्नु पर्छ, र तव यो (तीन सिद्धान्तहरू) प्रतिकृयावादी भै जान्छ । अन्तिम विश्लेषण हो, तटस्थता भन्ने कुरो हुन सक्तैन ।" वहाले फेरि लेख्नु भएको छ, "पश्चिमी साम्राज्यवाद सोवियत संघ र साम्यवाद (Communism )को विरोध गर्ने कुरोमा दृढ छ र यदि तपाईहरू उनीहरूसँग मिल्नु हुन्छ भने उनीहरूले तपाईलाई उत्तरतिर जाईलाग भन्नेछ, र तपाईंहरूको क्रान्ति बेकार जानेछ । यी तमाम परिस्थितिहरूले क्रान्तिकारिहरूको निम्ति जरुरि छ कि नयाँ र सही किसिमको जनताका तीन सिद्धान्तहरूमा रूससँगको मित्रता सामेल हुनै पर्छ र कुनै हालतमा रूसको विरोधी साम्राज्यवादसँगको मित्रता हुन हुँदैन ।"

साँच्चै भन्ने हो भन्ने विश्वव्यापी रूपमा फैलिएको सि.आई.ए.को चालको यो विजय हो कि आज उनीहरूले माओवादलाई सोवियत समर्थकबाट सोवियत विरोधी हतियार बनाउन सफल भएको छ ।

आज विश्वमा सबभन्दा शक्तिशाली साम्राज्यवादी देश अमेरिका हो । साथै अमेरिकी साम्राज्यवाद नै विश्व मानव जातिको एक नम्बरको दुश्मन हो ।

विश्वभरि अमेरिकी साम्राज्यवादको काम हो विभिन्न देशहरूको प्रगतिशील तथा प्रजातान्त्रिक सरकारहरूको तख्ता उल्टाउनु । जनता पक्षको नेताहरूको हत्या गर्नु । विभिन्न देशको जनता पक्षको पार्टीहरू तोड्नु, प्रतिकृयावादी ताकतलाई बढावा दिनु । विभिन्न देशहरूमा आफ्नो दलाल सरकारहरू कायम गर्नु र विश्वका तमाम मेहनतकश जनतालाई शोषण र दमनको चक्किमा पिसि राख्नु । आज संसारको तमाम जनविरोधी सरकारहरूको आड भरोसा अमेरिकी साम्राज्यवाद हो । र अमेरिकी साम्राज्यवाद नै त्यो शक्ति हो जसले विश्वको शोषित र पीडित जनताको मुक्तिको बाटो छेकेर बसेको छ र सकेसम्म मुक्त देशहरूलाई पनि फेरि प्रतिक्रान्तिद्वारा शोषण र दमनको बाटो बोलिरहेको छ ।

आज सोवियत संघ नै त्यो शक्ति हो जसले विश्व मानव जातिको यो एक नम्बरको दुश्मनको सामना हर प्रकारले गरिरहेको छ । आज विश्वमा हिंसात्मक युद्ध मात्र होइन विभिन्न प्रकारको सङ्घर्षहरू चलिरहेका छन् । राजनीतिक, कूटनीतिक, आर्थिक, फौजी क्षेत्रमा र साथै विश्व शान्तिको क्षेत्रमा पनि । यी तमाम क्षेत्रमा साम्राज्यवाद तथा विश्व प्रतिकृयावादको विरोधमा विश्वको तमाम प्रगतिशील र प्रजातान्त्रिक शक्तिहरूले लड्दै छन् । यस लडाईमा सबभन्दा अगाडि बढी सोवियत संघले नै लड्नु परेको छ र अमेरिकी साम्राज्यवाद तथा विश्व प्रतिकृयावादको मूल प्रहार सोवियत संघमाथि नै हुनु स्वाभाविक हो र सोवियत संघले यसको सामना गर्नु परेको छ । जरो नाश भएपछि न च शाखा न पत्रम्“ भने झैं शाखा हाँगा केहि रहँदैन ।” मूले नष्टे सोवियत संघलाई खतम गर्न सकेमा नै तमाम विश्व मानव जातिमाथि फेरि एक पटक व्यापक रूपमा आफ्नो शोषण र दमनको राज कायम हुन शक्नेछ भन्ने अझ अमेरिकी साम्राज्यवादलाई आशा छ । तर सवाल छ कसरि ?

अमेरिकी साम्राज्यवादलाई थाहा छ, सोवियत संघसँग युद्ध छेडेर निश्चय पनि आफ्नै सर्वनाश हुनेछ, यसै निम्ति आज अमेरिकी साम्राज्यवादले पनि सोवियत संघ लगायत तमाम समाजवादी मुलुकहरूसँग तनाव कम गर्ने (De tente) नीति अपनाउनु करै लागको छ ।

यसको मतलव मौका पाएमा अमेरिकाले सोवियत संघ, जनवादी चीन तथा अरु समाजवादी मुलुकहरू माथि हमला नगर्ला भन्ने होइन । फेरि पनि यो काम आफ्नो शक्तिको बाहिरको काम हुँदा सोबियत संघलाई जति सक्यो उति बिश्वको आम क्रान्तिकारी जनताबाट अलग पार्ने र 'कण्टकेनैव कण्टकम्" (काँटा भिक्न कोर्ट चाहिन्छ) भने कम्युनिष्टलाई कम्युनिष्टसँग लडाएर यस नीतिलाई पूरा गर्न चाहन्छ र यसै निम्ति आज अमेरिकाको राजनीतिक, कूटनीतिक तथा आर्थिक र फौजी कारवाहीको मूल प्रहार सोवियत संघप्रति तेर्स्याइएको छ ।

सि.आई.ए.द्वारा माओवादको भावना उत्तेजित गर्नाको मतलब निश्चय पनि अमेरिकी साम्राज्यवाद र विश्वप्रतिकृयावादले चीनको प्रभाव अगाडि बढाउन चाहन्छ भन्ने होइन । आज चीनको विरोधमा पनि उनीहरूको प्रचार र षडयन्त्र चालु नै छ । उनीहरूको नेपाल भरि प्रचार छ चीनमा बुढो मारिन्छ रे, जहाँ बस्यो उहीं स्वास्नी, अन्त गयो अन्त अर्कै स्वास्नी रे, बच्चाहरू सरकारले लैजाने रे इत्यादि ।

कम्युनिष्टप्रति र खास गरी चीनप्रति पनि झूठा प्रचारद्वारा र साथै माओवादको नाममा गलत आचरणको प्रशार गरी चीनप्रति आम जनताको घृणा फैलाउने कार्य पनि सि.आई.ए.कै दलालहरूद्वारा भइरहेकै छ ।

एकातिर क्रान्तिकारी युवकहरूमा माओवादको तीव्र भावना दिई सोवियत संघ विरोधी बनाएर अन्तर राष्ट्रिय कम्युनिष्ट आन्दोलनबाट अलग पार्ने । अर्कातिर आम जनतामा चीन विरोधी भावना पनि जगाउने सि.आई.ए.को चाल छ । किन हो ? किन भने यसो गर्दा नेपालको क्रान्तिकारी युवकहरू चारैतिरबाट अलग भै उनीहरूद्वारा कुनै हालतमा पनि क्रान्ति हुन नसक्ने स्थितिमा पुग्न जान्छ । एकत माओवादीहरू विभिन्न गुटहरूमा बाँटिएको, त्यसपछि यिनीहरू सबै ठाउँबाट अलग के यसरी कसैले क्रान्ति सफल गरेर खान सक्छ ?

सि.आई.ए.को अर्को चाल हो कि कम्युनिष्ट हरूलाई मार्क्सवाद लेनिनवाद र द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तबाट अलग राख्नु । अरु त अरु यसै

प्रतिकृयावादी सरकारले एउटा लाल पुस्तकको निम्ति १५ जनालाई सिस्नो पानीमा चोपी चोपीकन पिट्ने काम गरेको थियो ।

साम्राज्यवादीहरू र प्रतिकृयावादीहरूलाई माओवादको नारा त्यहीँसम्म उपयोगी छ, जहाँसम्म यसले पार्टी फुटाउने कार्यमा मदत दिन सक्ने छ र युवकहरूलाई गलत र अनैतिक बाटोमा लैजान सकिन्छ, र माओवादको नाममा देशको युवकहरूलाई सोवियत संघ विरोधी र भारत विरोधी बनाउनमा उपयोगी हुनेछ ।

यस कुरोलाई नबुझी आज अमेरिकी साम्राज्यवादले अगाडि बढाएको सोवियत विरोधी अभियानको चक्करमा फँसी, नेपालका कतिपय होनहार युवकहरू नेपालको मुक्तिको निम्नि तमाम क्रान्तिकारीहरू एक भै काम गर्ने सट्टा माओवादको नाममा संकीर्णतावादी फुट परस्त नीति अख्तियार गरी अलग–अलग बसी क्रान्तिकारी ताकतलाई कमजोर पार्ने काम नै गरिरहेका छन् ।

निश्चय पनि हामी चिनिया कम्युनिष्ट पार्टीको बिरोधी होइनौँ । न त हामीहरू चीनको क्रान्तिको आगो दन्केको वेला का. माओत्सेतुङ्गले लेख्नु भएका कृतिहरू के विरोधी छौँ । हामी बिना पूर्वाग्रह हर सही सिद्धान्त र सही राजनीतिको समर्थन गर्छौं । आज हर देशको कम्युनिष्ट पार्टीले विभिन्न देशहरूको क्रान्तिकारी अनुभव र इतिहासबाट सिक्नु छ । हामीहरू सोवियत कम्युनिष्ट पार्टीको लाइनहरूलाई पनि गहिरिएर अध्ययण गर्ने पक्षमा छौँ र सोवियत संघले विभिन्न देशहरूको जन मुक्ति सङ्घर्षप्रति खेलेको राजनीतिक कूटनैलिक रोलहरू प्रति पनि आँखा चिम्लने पक्षमा छैनौँ । विश्व कम्युनिष्ट आन्दोलनको नेताको हैसियतले सोवियत संघ विश्व मानव जातिलाई आजको सवं संहारकारी विश्व युद्धबाट बचाउने कुरोमा र यसै निम्ति विश्व शान्तिको निम्ति पनि यत्नशील छन् भने अर्कातिर शोषण, दमन र थिचोमिचोमा परेका विभिन्न देशहरूको जनताको मुक्ति सङ्घर्षप्रति पनि सोवियत संघ उत्तिकै जागरूक छन् । आज साम्राज्यवाद र विश्व ‘प्रतिकृयावादको विरोधमा पहिले जस्तो तातो गोलीको मात्र संघर्ष चलिरहेको छैन र आज सैद्धान्तिक,

राजनीतिक, आर्थिक, कूटनीतिक सङ्घर्षहरू पनि चर्केर गैरहेकोछ । आज विभिन्न देशहरूमा चलेको सि.आई.ए.को चाललाई सैद्धान्तिक क्षेत्रमा पनि हराउनु छ । भिन्न देशहरूको जनक्रान्ति आज विश्वशान्तिको निम्ति भइरहेको सङ्घर्षको एक अङ्गको रूपमा नै अगाडि बढि रहेका छन् । कारण यस्तो मुक्ति सङ्घर्षले विश्वमा शान्ति क्षेत्रहरू बढाएर लाने गर्छ । भियतनामको विजय यसको उदाहरण हो । द० भियतनामको मुक्ति सङ्घर्षको इतिहास सोवियत संघको सैद्धान्तिक, राजनीतिक, कूटनीतिक, अधिक र युद्ध कौशलको प्रमाण हो । यी विभिन्न क्षेत्रहरूमा सोवियत संघले कुशलता पूर्वक खेलेको रोलको अभावमा दक्षिण भियतनामको अन्तिम र निर्णायक विजय एक प्रकारले असम्भव थियो । दक्षिण भियतनामको मुक्ति सघर्षको विजयको श्रेय तहाँको वीर क्रान्तिकारीहरूको दृढ सङ्घर्षलाई छ, छ, तर साथै यस सफलताको श्रेय सोवियत संघको राजनीति कूटनीतिक र युद्ध कौशल र उन्ले दिएको निस्वार्थ मदतलाई पनि उत्तिकै छ ।

नेपाल कम्युनिष्ट पार्टी मापवादको नाममा सोवियत संघको यी विभिन्न रोलहरूप्रति आँखा चिम्लने पक्षमा छैन । माओवादको नाममा अमेरिकी साम्राज्यवादले अगाडि बढाइएको सोवियत विरोधी खेमाको सदस्य बन्ने पक्षमा छैन, न त सोवियत विरोधी अभियानको फलस्वरूप निक्लेको अनर्थकारी नीतिहरू, जसले समाजवादी खेमालाई कमजोर पार्नेर यसलाई क्रमशः खतम गर्ने काम गर्छ, लाई नै स्वीकार गर्ने पक्षमा छौँ, चाहे आज आएर यस्तो नीति कसैको मुखबाट निक्लेको किन नहोस् ।

भियतनामको अमर नेता का. हो चि मिह्नले मर्ने वेला आफ्नो अन्तिम इच्छाको रूपमा अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकतामा नै जोड दिएका थिए ।

का. माओत्सेतुङ्गले चिनिया जनवादी क्रान्तिको आगो दन्केको वेला लेख्नु भएको माथि उद्धृत भइसकेका कुराहरू, त्यसवेला मात्र होइन आज पनि उत्तिकै महत्त्व राख्त छ भन्ने कुरो आज विश्वको विभिन्न कुनाहरूमा चलिराखेको क्रान्तिकारी आन्दोलनहरू र तिनका सफलताहरू र भरखरै पूरा भएको

वियतनामी क्रान्तिले स्पष्टसँग देखाएको छ । साच्चै भन्ने हो भने अन्तरराष्ट्रिय राजनीतिक रङ्गमञ्चमा सोवियत संघको भूमिकाको महत्त्व त्यसवेला भन्दा अहिले झैँ बढेको छ । स्पष्ट छ सोवियत कम्युनिष्ट पार्टीले आज अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनको नेताको भूमिका कुशलताका साथ निभाइरहेकै छ । सोवियत कम्युनिष्ट पार्टी अन्तर राष्ट्रिय कम्युनिष्ट आन्दोलनको अगुवा भएको हुँदा यसको बदनाम गर्नाले अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई छिन्नभिन्न गरी विभिन्न देशहरूको मुक्ति आन्दोलन छिन्न-भिन्न गर्न सजिलो पर्ने छ ।

कसै कसैको यो पनि प्रचार छ कि सोवियत संघले विभिन्न देशहरूको क्रान्तिलाई रोकेको छ । यो भनाई बिल्कुल गलत भनाई हो । हर देशको क्रान्ति त्यही देशको क्रान्तिकारीहरूको सही किसिमको सैद्धान्तिक, राजनैतिक र सङ्गठनात्मक तयारीमा निर्भर गर्दछ । क्रान्ति न आयात गर्न सकिन्छ, न निर्यात गर्न सकिन्छ । न कसैको अर्डरमा क्रान्ति सफल हुन्छ, न त कसैको अनुकरण गरेर नै कुनै देशको क्रान्ति सफल हुन सक्नेछ । एकातिर अन्तरराष्ट्रिय स्थिति निरन्तर बदलिएर गएको हुन्छ भने अर्कातिर हर देशको आ-आफ्नो विशेष स्थिति हुन्छ । यसै निम्ति हर देशको क्रान्ति त्यस देशको क्रान्तिकारी पार्टीको सुझबुझमा निर्भर गर्दछ । यसै निम्ति हर देशको क्रान्तिको जिम्मेदारी आ-आफ्नो देशको क्रान्तिकारीहरूको हो । भियतनाम, लावस, कम्बोडिया, मोजाम्बिक, अन्जोला इत्यादि देशहरूको क्रान्तिकारी सङ्घर्षहरूमा सोवियत संघको पूर्ण समर्थन र सहयोग रहे । स्पष्टतः सोवियत संघले क्रान्तिलाई रोक्छ भन्ने प्रचार क्रान्तिकारीहरूलाई सोवियत संघबाट अलग पार्ने युक्ति हो । कुनै पनि देशमा जहिले पनि क्रान्ति हुन्छ भने आफ्नै बलबुतामा हुन्छ । भाइचारा पार्टी वा पार्टीहरूले साम्राज्यवाद तथा विश्व प्रतिकृयावादले सीधै हस्तक्षेप गरेर क्रान्तिकारीहरूलाई प्रापद परेको वेला सहानुभूति र समर्थन गर्न सक्त छन् । तर कुनै देश जतिसुकै क्रान्तिकारी भएता पनि अर्काको देशमा क्रान्ति गरी दिन सक्तैन । एउटा देशले हस्तक्षेप गरेर अर्को देशमा क्रान्ति हुन सक्तछ भन्ने सोचाई ट्राटस्कीवादी सोचाई हो, जो मार्क्सवादी लेनिनवादी सोचाईको विपरीतको कुरो हो ।

आज विभिन्न प्रकारका नकली क्रान्तिकारीहरू माओवादको मुकुन्डो लाएर हर देशको क्रान्तिकारीहरूलाई अल्मलाउन विभिन्न प्रकारको नारा दिएर अगडि बढेका छन् । उनीहरूले अर्को एउटा नारामा जोड दिएको छ, त्यो हो, “राजनैतिक शासन बन्दूकको नालबाट निस्कन्छ ।” यौ नारा लाल पुस्तकको पन्ना ७० (नेपाली संस्करण)बाट लिएको हो ।

यस नारामाथि एकतर्फ जोड दिई विभिन्न देशको क्रान्तिकारीहरूलाई बिना राजनीतिक सूझबूझ बेमौकामा लडाएर नष्ट गर्ने कार्य हुँदैछ । यो नारा एकातिर क्रान्तिकारी नारा हो भने अर्कातिर यही नारा आँखा चिम्लेर प्रयोग गर्दा क्रान्तिकारीहरूलाई तहस नहस गर्न उपयोगी पनि सिद्ध भएको छ ।

यो नाराले (क) नयाँ नयाँ क्रान्तिकारी युवकहरूलाई क्रान्तिको रहस्य बुझ्ने मौका पनि नदिई, २-४ जना क्रान्तिकारीहरू मिल्ने बित्तिकै क्रान्ति छेडी हाल्ने कुरा गरेर, यी क्रान्तिकारी युवकहरूलाई फूलन नपाएको फूल झैं बीचैमा निमोठेर नष्ट गर्ने मौका दिन्छ ।

(ख) यही नाराको आधारमा कतिपय क्रान्तिकारी युवकहरूलाई प्रति क्रान्तिमा भागलिनका निम्ति उक्सान पनि सजिलो भएको छ । विना सोची सम्झी, प्रतिकृयावादीहरूले उठाएको प्रति-क्रान्तिको वर्गचरित्रको वास्ता नगरी जहाँ पायो उहीँ बन्दुक उठाएर यस नाराले क्रान्तिकारी युवकहरूलाई प्रतिकृयावादको हतियार बनाउन सफल भएको छ ।

सोवियत विरोधी अभिमानको फलस्वरूप होनहार क्रान्तिकारी युवकहरूलाई कम्युनिष्ट देशहरू भित्र प्रतिक्रान्ति गर्ने हतियारको रूपमा पनि प्रयोग गर्ने मौका पाएको छ ।

“राजनैतिक शासन“ र “बन्दूकको नाल”को अवश्य सम्बन्ध छ । तर कसरि ? कुन वेला ? भन्ने सवाल पनि साथै जोडेको हुन्छ । हर देशमा एउटै प्रकारले क्रान्ति हुँदैन, कारण विभिन्न देशको स्थिति वेग्ला बेग्लै छ । जसरी रूसमा क्रान्ति भयो उसरी चीनमा भएन जसरी भियतनाममा भयो उसरी लावसमा

भएन । अर्को कुरो यस नाराले बिना सैद्धान्तिक, राजनैतिक र सङ्गठनात्मक तयारि युवकहरूलाई क्रान्तिको नाउँमा दुश्मनको चालमा फँसाई दिन्छ र रङ्ग न ढङ्गसँग उनीहरूलाई प्रतिकृयावादले जलाएको आगोमा होमी दिन्छ ।

लाल पुस्तिका (नेपाली संस्करण) को पन्ना १०१ मा भन्दछ, 'क्रान्तिकारी युद्ध जन समुदायको युद्ध हो; जनतालाई सङ्गठित गरेर र उनीहरू माथि भर परेर मात्र यसलाई चलाउन सकिन्छ ।"

अनि पन्ना १०२ भा भनिएको छ 'लडाई गर्दा सबभन्दा महत्त्वपूर्ण शक्तिको स्रोत जन समुदायमा नै निहित रहन्छ ।' पन्ना १११ मा भनिएको छ,' तयारी नगरि कुनै पनि लडाई नलड, आफ्नो जीतको ठोकु वा गर्न सक्दैनौ भने त्यस्तो कुनै पनि लडाइँ न लड । आफ्नो जीत पक्का होस् भन्ने कुरोको निम्ति हरेक सम्भव प्रयत्न गर ।' अनि पन्ना ११३ मा भनिएको छ, तयार नभई श्रेष्ठता वास्तविक श्रेष्ठता हुँदैन र त्यस स्थितिमा तत्परता भन्ने कुरा पनि आउन सक्दैन । यस कुरालाई राम्ररि बुझेर, निम्न स्तर भएका तर राम्रो तयारि पुगेको कुनै सेनाले अप्रत्यासित अत्क्रमणद्वारा आफु भन्दा बलियो सेनालाई पनि प्रायः पराजित गर्न सक्छ ।' अनि पन्ना १३५ मा भनिएको छ, 'जनता, जनतामात्र, विश्व इतिहासको सिर्जना गर्ने चालक शक्ति हुन् ।' जनसमुदाय नै वास्तविक वीरहरू हुन् ।'

जनताबाट अलग, जनतालाई तयार नगरी गरिएको क्रान्ति जहिले पनि असफल हुन्छ । देशको भौतिक स्थितिलाई राम्ररि पत्रन नसकिकन जनताको समर्थन पाइँदैन पनि । यसै निम्ति क्रान्तिको सफलताको निम्ति व्यापकरूपमा सैद्धान्तिक, राजनैतिक र सङ्गठनात्मक तयारिको कुरोनै प्रथम आवश्यक कुरो हो । यस कुरोलाई आजकल माओवादको नाममा निक्लेका गुटहरूले नजरन्दाज गर्दछन् र लाल पुस्तिकाकै पन्ना १०१, १०२, १११, ११३ र १३५ मा दिएका माथि उद्धृत कुराहरूलाई पनि नजरन्दाज गर्दछन् । र यसको विपरीत क्रान्तिको नाउँमा पार्टी फुटाएर टुक्रा गरी पार्टीलाई कमजोर पार्ने काम गर्दछन् ।

क्रान्तिको सफलताको निम्ति सुव्यवस्थित ढङ्गले एक लामो अवधिसम्म धैर्य र लगनका साथ निरन्तर कष्टदायक र व्यापक तयारिको जरूरत पर्दछ । एउटै नारामा क्रान्ति हुने भए रूमको क्रान्ति १९१७ सालको नोवेम्बर ७को बदला १९०६ सालमा नै लेनिनले सुरु गरि सक्ने थियो । नतिजा यो हुन्थ्यो न १६०६ सालमा क्रान्ति सफल हुने थियो, न त १६१७ सालको क्रान्ति नै सम्भव हुने थियो । लेनिनको शब्दमा बेमौकामा क्रान्तिकारी सङ्घर्ष उक्साउनेहरू (agent Pro–vocateurs) उक्साउने दलालहरू मात्र हुन्, जसको उद्देश्य क्रान्तिकारी पार्टी निर्माण हुन नदिनु हो र क्रान्तिकारी पार्टीलाई कोपिला छँदा नै नष्ट गर्ने मौका दिनु हो ।

भारतीय कम्युनिष्ट पार्टी माथि चीनको कम्युनिष्ट पार्टीका एउटा लाञ्छना छ कि यसले क्रान्तिको झण्डा उतारि दिएको छ र यो एउटा संशोधनवादी पार्टी हो । यसै नाउँमा भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) नाउँ राखी एक ठुलो अङ्ग भारतीय कम्युनिष्ट पार्टीबाट अलग भयो । त्यस पछि नक्सालवादी आन्दोलन उठे । फेरि यसबाट फुटी नक्सालवादी पार्टीको नाउँमा विभिन्न गुटहरू बने, जो एक दोस्रोसँग मेल खाँदैन । यो नक्सालवादी आन्दोलन आज तहस नहस भएर बसेको छ ।

यसरी भारतको एक ठुलो क्रान्तिकारी शक्ति तहस नहस भएर बसेको छ ।

साफ कुरो हो भारतको स्थिति बारे भारतीय जनतालाई जो याद रहन्छ त्यो अरुलाई कदापि याद हुन सक्तैन भन्ने कुरो इतिहासको घटनाले सावित भइसकेको छ । आज भारतमा भारतीय कम्युनिष्ट पार्टीको नेतृत्वमा कम्युनिष्ट आन्दोलनले व्यापक रूप लिई दृढताका साथ अगाडि बढिरहेको छ र यस पार्टीले आफ्नो देशमा मात्र होइन के भियतनाम, के कम्बोडिया, के लाओस्, के मोजाम्बिक के अन्जोला के बङ्गलादेश सबै देशहरूको मुक्ति संग्राममा आफ्नो प्रभावकारी सहयोग पुऱ्याएर आएको छ ।

स्पष्टतः भारतीय कम्युनिष्ट पार्टीप्रति घृणा फैलाउने कार्यले भारतको कम्युनिष्ट आन्दोलनलाई मदत गर्ने सट्टा कमजोर नै पार्ने छ र भारतमाथि विश्व

प्रतिकृयावादको षड्यन्त्रमा बल पुऱ्याउने छ । अर्कातिर यस्तो कार्यले भारतको तमाम प्रगतिशील ताकतबाट हाम्रो जनआन्दोलनलाई अलग गर्ने काम गर्छ र हाम्रो जन-आन्दोलनलाई मदत पुऱ्याउनु सट्टा यसलाई कमजोर नै पार्ने छ । यस्तो संकीर्णतावादी अलगाव नीतिले विश्व प्रतिकृयावादको अङ्गको रूपमा खडा भएको यस एकतन्त्री हुकूमतलाई नै मदत पुग्ने छ ।

आज तमाम क्रान्तिकारीहरूले सि.आई.ए.को जालबाट उम्की विश्व कम्युनिष्ट आन्दोलनको एकतामा जोड दिनु परेको छ । आज विश्व कम्युनिष्ट एकतामा जोड दिएरनै नेपालको कम्युनिष्टहरूको एकता पनि मजबूत हुनेछ ।

क्रान्तिकारी भियतनामको अमर नेता का. हो ची मिह्नले आफ्नो एक लेखमा एक उक्ति उद्धृत गरी भन्नुहुन्छ, “जब पानी पिउँछौ यसको मुहान कहाँ हो भन्ने पनि याद गर ।” साम्राज्यवादले उक्साएको आजकल चलेको विभिन्न उल्टो विचारहरूलाई यसको मुहानको ख्याल नगरी का. माओत्सेतुङ्गको नाममा जथाभावी गरिन्छ भने निश्चित हो यसले अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई फुटाउनको साथै विभिन्न देशहरूको कम्युनिष्ट पार्टीलाई पनि टुक्रा टुक्रा गरी हर देशको राष्ट्रिय मुक्ति आन्दोलनलाई पनि तहस नहस गरेर पठाउन सफल हुनेछ र अन्ततोगत्वा यसले साम्राज्यवाद तथा विश्व प्रतिकृयावादको नै सेवा गर्दछ ।

हर देशको आफ्नो आफ्नो अलग स्थिति हुन्छ, हर देशमा एउटै सूत्र लाग्दैन । आ-आफ्नो देशको स्थितिलाई सही ढङ्गले पहिल्याएर सो स्थितिअनुसार नै हरेक देशका पार्टीले काम गर्नु आवश्यक छ ।

हाम्रो जस्तो देश जहाँ साम्राज्यवादको दलाली गर्ने सरकार खडा छ, जो विश्व प्रतिकृयावादको एक गढको रूपमा खडा छ, जसले जनताको तमाम प्रजातान्त्रिक अधिकार खोसी लिएको छ, कम्युनिष्ट पार्टी माथि प्रतिबन्ध लगाएको छ र मजदूर-किसान तथा आम मेहनतकश जनतामाथि घोर शोषण दमनको राज चलाइरहेको छ भने निश्चित छ यहाँ शान्तिपूर्ण ढङ्गले समाजवादमा जाने बाटो बिल्कुल बन्ध छ र यस्तो देशमा राष्ट्रिय प्रजातान्त्रिक

क्रान्ति पूरा गर्ने सिवाय अरु बाटो छैन ।

राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी देशलाई गैर पूँजीवादी बाटोबाट अगाडि लानु नै आज हाम्रो जस्तो अविकसित देशहरूको मुख्य राजनीतिक कार्यभार हो । तर आज देखा परेको विभिन्न प्रकारका अवसरवादीहरू तथा दलाल दलहरूले अन्तर राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखा परेको मतभेदको फाइदा उठाएर आफूलाई माओवादी भन्दै पार्टीलाई सहस्र टुक्रामा विभक्त गरी राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति सफल पार्ने बाटोमा अनेक अडचन डाली रहेका छन् । यसै निम्ति यिनीहरू सबका सब चिनिया कम्युनिष्ट पार्टीको भनाई अनुसार पनि संशोधनवादी गुटहरू हुन् र यिनीहरूले यी सबै कार्य साम्राज्यवादको सेवामा नै गरिरहेका छन् ।

**एक ससक्त सक्षम एकाबद्ध कम्युनिष्ट पार्टीको निर्माण गरौँ**

स्पष्ट छ नेपालमा देखापरेका विभिन्न गुटहरू 'राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति'का बिरोधी शक्ति हुन् । प्रजातान्त्रिक क्रान्ति' हुन नदिनुको अर्को नीति हो गैरपूँजीवादी मध्ये डा.माभ्की गुटले राजाको फौजी कारवाहीको अगाडि नै 'राजाद्वारा निर्देशित प्रजातान्त्र' को प्रचार गरी मार्क्सवाद-लेनिनवादप्रति गद्दारी गरिसकेका थिए । माक्सवाद-लेनिनवादको विपरीत त्यसै गुटले राजाको नेतृत्वमा नेपालमा कुनै सामाजिक परिवर्तन ल्याउने अनहोनी आशा गरेका थिए । डा. माभ्कीले सुरुदेखि नै पार्टीभित्र संशोधनवादी गुट बनाउन सुरु गरेका थिए ।

यिनीहरू सबैको उद्देश्य हो 'राष्ट्रिय यसलाई भताभुङ्ग गर्नु । उनीहरू विकासको विरोध गर्नु । यिनीहरू राजाको यो एकतन्त्री फासिस्टी राज खडा भएपछि त्यस गुटले जनताको तमाम प्रजातान्त्रिक अधिकार खोसि लिने राजालाई राष्ट्रवादी हुन्, प्रगतिशील हुन् भन्ने भ्कूठा प्रचार गरी पार्टीलाई राजाको अगाडि आत्मसमर्पण गराएर पार्टीलाई विसर्जन गर्ने प्रयास गरे । यस बाहेक त्यस गुटले आफ्नो कानूनी स्थितिको फाइदा उठाएर अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई पनि भ्रम दिने कार्य गरे ।

डा. माझीको यस आत्मसमर्पणवादी, विसर्जनवादी नीतिको विरोधमा पार्टीको क्रान्तिकारी परम्परा सुरक्षित रहोस् भन्ने हेतुले दर्भङ्गा प्लेनमको निर्णय अनुसार र पार्टी विधान अन्तरगत हाम्रो पार्टीको तृतीय महाधिवेशन भयो जसमा डा. माझी गुटमाथि पार्टीले अनुशासनको कारवाही गरेको हो ।

स्पष्टतः यस गुटले देश, जनता र नेपालको प्रजातान्त्रिक क्रान्तिप्रति गद्दारी गरेको छ ।

डा. माझीले यस एकतन्त्री हुकूमतलाई समर्थन गर्ने कार्य गरे भने पुष्पलालले पार्टीलाई नेपाली काँग्रेसको पुच्छर बनाउने चेष्टा गरे । पुष्पलालले 'राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीति'को विरोधमा जिहाद छेडे । यसको हुनसम्म विरोध गरी एक संशोधनवादी पूँजीवादी राजनीति अगाडि ल्याए । देशको तमाम प्रतिकृयावादी सामन्तहरूलाई पूँजीपतिवर्गमा परिणत गर्ने कार्यक्रम अगाडि बढाए । पुष्पलाल गूटले आफ्नो तमाम राजनीतिक पाप छुपाउन आफूलाई माओवादी घोषणा गरे र राष्ट्रिय प्रजातन्त्रको विरोधमा नयाँ जनवादको नारा दिई गैर-पूँजीवादी बाटोको बिरोध गरे । यस नयाँ जनवादलाई पनि हात्तीको देखाउने दाँतजस्तै देखाएर चपाउने दांत जस्तै मूल राजनीतिको रूपमा पूँजीपति वर्गको नेतृत्वमा सम्झौ तापरस्त पूँजीवादी प्रजातान्त्रिक आन्दोलन र पूँजीवादी कार्यक्रममा जोड दिए ।

यसै उद्देश्यलाई पूर्ति गर्न उनले पार्टीभित्र अनेक अडङ्गा डाले, पार्टीलाई चल्न नदिने हालतमा पुऱ्याए । अनि आफ्नो संशोधनवादी राजनीतिलाई अगाडि बढाउन राष्ट्रिय प्रजातन्त्रको विरोधमा झूठा प्रचार गरी यसबारे भ्रम फैलाएर यसको बदनाम गरी पार्टीभित्र जनवादी केन्द्रीयताको सिद्धान्त अनुसार आफ्नो मतभेदलाई वहसमा लगी पार्टी महाधिवेशनको निर्णयलाई कार्यमा लैजाने सट्टा राष्ट्रिय प्रजाताात्रिक क्रान्तिको पक्ष लिने नेतृत्वप्रति पनि झूठा प्रचारद्वारा व्यक्तिगत वदनाम गरी चरित्र हत्या गर्ने कार्य गरे । पुष्पलालले पार्टी विधान पार्टी अनुशासन, पार्टीको जनवादी केन्द्रीयतालाई तोडि आफ्नो अलग गुट बनाए, जुन गुट आज ४ उप-गुटहरूमा बाँटी अलपत्र भएर गएको छ ।

का. मनमोहन जेलबाट निक्लेपछि आशा गरिएको थियो कि वहाँले पार्टी एकताको निम्ति काम गर्ने छन् । तर वहाले आफूलाई सयकडासम्म माओवादी भनी पार्टीको मन्त्री परिषदको बैठक बस्न पनि नामन्जूर गरी एकतन्त्री हुकूमतको अगाडि आत्मसमर्पण गरी राजा र चीनको राम्रो सम्बन्ध भएकोले राजालाई विरोध गर्नु हुन्न भन्ने आत्मसमर्पणवादी राजनीति अपनाएर डा. माझीले झैँ पार्टीलाई निस्कृय बनाएर विसर्जन वादमा पुऱ्याउने काम गरे ।

त्यसपछि अनेक प्रकारका अवसरवादीहरू मिली माओवादी गुटको नाममा एक केन्द्रीय न्युक्लस गुट बनाए । तर वहाँहरूसँग सोवियत संघलाई विरोध गर्ने सिवाय अरू कुनै स्पष्ट राजनीतिको प्रभावमा केन्द्रीय न्युक्लस गुट छिटै छिन्नभिन्न भएर गयो र यिनीहरू मध्ये बचेको का. छपालीको नेतृत्वमा एक सानो गुटले पार्टी विधान, पार्टी अनुशासन, पार्टीको जनवादी केन्द्रीयतालाई लत्याएर मुठिभर मानिसहरू बसी चतुर्थ महाधिवेशन गरिलिएँ भनि तृतीय महाधिवेशनले दिएको राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको विरोधमा एक अर्को संशोधनवादी राजनीति अगाडि बढाए ।

का. छपालीको नेतृत्वमा भएको सो तथाकथित महाधिवेशनलाई न महाधिवेशन भन्ने हो भने साम्राज्यवाद तथा प्रतिकृयावादका सहस्र दलालहरूले हप्तैपिछे एउटा महाधिवेशन गरी आफ्नो अनेकौँ दलाल पार्टीहरू बनाई लिन कुनै मुस्किल हुने छैन ।

यो गुट पनि माओवादको मुकुन्डो हाली राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको विरोधमा खडा भएको छ । अनि माओवादको नाममा नयाँ जनवादको धकोसला गरेको छ । नयाँ जनवादको नाउमा गैरपूँजीवादी कार्यक्रमको विरोधीको रूपमा खडा भएको छ । अनि नयाँ जनवादप्रति पनि वफादार नभै अहिले यो हुन सक्तैन भनि पुष्पलालले झैं एक तेस्रो चरणको सृजना गरी राजाको अनुग्रह भएको खण्डमा कहिँ आफ्नो मन्त्री मण्डल बनिहाल्ला कि भन्ने आशाले देशभक्त र प्रजातान्त्रिक शक्तिहरूको सरकारको नाउँमा एक सुधारवादी सरकार स्थापना गर्ने सपना देख्दैछन् ।

का. छपालीको नेतृत्वमा गठित यस केन्द्रीय न्यूक्लस गूटले एकातिर नयाँ जनवादी क्रान्तिलाई नामन्जूर गर्दछ अर्कातिर किसान क्रान्ति पूरा गर्ने कुरा गर्छ, साथै एकातिर किसान क्रान्ति पूरा गर्ने कुरा गर्छ, अर्कातिर किसानलाई जमीन दिने र उनीहरूलाई ऋणबाट मुक्त गर्ने कार्यलाई पन्छाउँछ । यसरी सामन्तपरस्त पूँजीवादी कार्यक्रमको आधारमा एक सुधारवादी सरकार खडा गर्ने राजनीति लिएर वहाँहरू आफूलाई माओवादी हुँ भन्ने धकोसला गरी राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई भताभुङ्ग गर्ने बाटो निकाल्दैछन् । स्पष्टतः यो गुट पनि एक संकीर्णतावादी घोर दक्षिणपन्थी औसरवादी दलको रूपमा देखापरेको छ यो नयाँ देखापरेको संशोधनवादी गुट हो ।

स्पष्टतः नेपाल कम्युनिष्ट पार्टीबाट फुटेर बनेका तमाम गुट र उपगुटहरू र साथै प्रतिकृयावादीहरूद्वारा गठित दलाल दलहरू सबका सब राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति हुन नदिनका निम्ति निक्लेका फूटपरस्त गुटहरू हुन् । उनीहरू सबका सब गैरपूँजीवादी बाटोको विरोधी हुन् । उनीहरू मध्ये कुनै देखिने वा नदेखिने गरी यस एकतन्त्री हुकूमतको समर्थक हुन् भने कुनै नेपाली काँग्रेसको पुच्छरको रूपमा काम गरी नेपाली काँग्रेसको पर्दा भित्र आफूले पनि एकतन्त्री हुकूमतसँग सम्झौता गर्न चाहने सम्झौता परस्त औसरवादी गुट हुन् ।

निश्चय हो नेपालको पार्टी तोड–फोड गर्ने कार्यमा विश्व प्रतिकृयावादको हात छ र हाम्रो पार्टीको इमान्दार साथीहरू पनि आफ्नो औसरवादी चालले गर्दा नजानिँदो तरिकाले विश्व प्रतिकृयावादको चंगुलमा फँसेर पार्टी तोडे र अलग–अलग गुट बनाएर बस्ने काम भएका छन् ।

यस बाहेक विश्वभरि फैलाएको सि.आई.ए.को जाल नेपालमा पनि व्यापक रूपमा फैलिनु स्वाभाविक हो र सि.आई.ए.ले स्वभावतः आफ्नो दलाली गर्ने नामधारी कम्युनिष्ट गुटहरू बनाएका छन् र उनीहरूको अलावा सि.आई.ए.द्वारा सञ्चालित अरु कयन यस्तै नयाँ गुटहरू देखा पर्नेछन् जसको उद्देश्य हुनेछ पार्टीलाई अलगअलग गुटमा विभक्त गरि राख्नु अथवा बेमौकामा लडाएर कम्युनिष्ट ताकतलाई नष्ट गरिदिनु ।

पार्टी विधान, पार्टी अनुशासन र पार्टीको जनवादी केन्द्रीयतालाई पालन गरेर आफ्नो मतभेदको कुरोहरू पार्टीभित्र छलफलको निम्ति पेश गरी बहुमतको निर्णयहरू, पार्टी सम्मेलन र महाधिवेशनको निर्णयहरूलाई शिरोपर गरी व्यवहारमा लगेर नै पार्टी र पार्टी कार्यकर्ताहरूले विश्व प्रतिकृयावाद तथा सि.आई.ए.को षड्यन्त्रबाट बचेर पार्टी सङ्गठनलाई एकाबद्ध गरेर निरन्तर बढाएर लान सकिने छ र नेपालको राष्ट्रिय : प्रजातान्त्रिक क्रान्ति सफल पार्न सकिने छ ।

निश्चय नै पार्टी एक धर्मशाला होइन, यो एक किल्ला हो । यसैले पार्टीले ती सबै मानिसहरू जसले आफूलाई कम्युनिष्ट भने उनीहरू सबैलाई कम्युनिष्ट हुन् भनि पार्टी सदस्य मान्न सक्तैन र पार्टी एकता भन्नाले मार्क्सवादी-लेनिनवादी सिद्धान्तको आधारमा पार्टीको विधान, पार्टी अनुशासन, जनवादी केन्द्रीयतालाई मानेर इमान्दारी र लगनका साथ पार्टी निर्णयहरूलाई अगाडि बढाउने सक्रिय साथीहरूसँग नै एकताको सवाल आउँछ । पार्टी विधान अनुसार पनि विभिन्न वर्गहरूबाट अएका विभिन्न कार्यकर्ताहरूलाई विभिन्न अवधिसम्म काममा जाँची उनीहरूको राजनीतिक जीवनको राम्रो छानविन गरेर मात्र पार्टी सदस्यता प्रदान गरिन्छ भने आफूलाई माओवादी हुँ भन्ने धकोशला गरी अएका प्रतिकृयावादीहरूको दलालहरूलाई सजिलैसँग कम्युनिष्ट मानेर उनीहरूसँग मिली पार्टी फुटाएर काम गरिन्छ भने इमान्दार कार्यकर्ताहरूले पनि धोखा पाउनु स्वाभाविकै हो ।

निश्चय नै इमान्दार साथीहरू मध्ये कसैको राजनीतिक मतभेद छ भने बहसको निम्ति पार्टीमा राख्न सक्तछन् र पार्टीले सही राजनीति अपनाउनलाई कदापि हिचकिचाउने छैन । पार्टीमा व्यापक छलफल गरी पार्टी सम्मेलन या महाधिवेशनले सही ठहऱ्याउँछ भने पार्टीले त्यस लाइनलाई नै पार्टी लाइन मानेर काम गर्नेछ । यसै निम्ति गलत बाटो पक्रेका फेरि पनि इमान्दार साथीहरूलाई आह्वान छ आउनुस् राजनीतिक छलफलमा उत्रनुस् । पार्टी महाधिवेशनको निर्णय पनि नमान्ने, राजनीतिक बहसमा पनि न उत्रने आफ्नै ढङ्गको असरवादी राजनीति लिएर मेरो गोरुको बाह्रै टक्का भनी

अलग गुट बनाएर उनीहरूले कदापि पनि आफूलाई कम्युनिष्ट हुँ भन्ने हक हुँदैन । उनीहरू स्वतः कम्युनिष्ट विरोधी गुट मात्र हुन् भन्ने कुरो इतिहासले छर्लंग गर्नेछ । आज नेपाल कम्युनिष्ट पार्टीको तमाम कार्यकर्ता साथीहरूले अवसरवादी र कम्युनिष्ट विरोधीहरूसँग सतर्क भएर पार्टी एकतालाई इस्पात झैं सुदृढ गरी पार्टी सङ्गठनलाई व्यापक बनाएर लानु छ र एक शक्तिशाली क्रान्तिकारी पार्टीको निर्माण गर्नु छ ।

नेपाल कम्युनिष्ट पार्टीको तृतीय महाधिवेशनले अगाडि बढाएको कार्यभार हो, यथास्थिति सानातिना तात्कालिक सङ्घर्षहरूमा लाग्दालाग्दै, जनताका तात्कालिक समस्याहरू सुल्झाउन जनतालाई साथ दिँदा दिँदै मूल रूपले सर्वहारावर्गको नेतृत्वमा देशको तमाम साम्राज्यवाद विरोधी, विश्व प्रतिकृयावाद बिरोधी, सामन्त विरोधी तमाम प्रजातान्त्रिक शक्ति एक भई यस एकतन्त्री हुकूमतको विरोधमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी देशलाई गैर-पूँजीवादी बाटोबाट विकास गरी दोस्रो खुट्किलोमा समाजवादी व्यवस्था स्थापना गर्ने बाटो खोल्नु ।

नेपाल कम्युनिष्ट पार्टी फेरि एकपटक अन्तिम रूपले आह्वान गर्दछ, आउनुस् काम्रेडहरू ! माथि उल्लिखित कार्यभारलाई सफलताका साथ निभाउन हामीहरू सबै मिलेर काम गरौँ ।

कम्युनिष्ट एकता अमर रहोस् । मार्क्सवाद-लेनिनवाद अमर रहोस् ।

नेपाल कम्युनिष्ट पार्टी जिन्दावाद । इन्कलाब जिन्दावाद ।

तुल्सीलाल अमात्य

सन् १९७५-१२-२४

# जननायक कामरेड तुल्सीलाल अमात्यको सङ्क्षिप्त परिचय

नाम : तुल्सीलाल अमात्य

जन्म : मे २७, १९१६ (वि.सं. १९७३ जेष्ठ १४)

मातापिता : पिता ऋद्धिनरसिंह अमात्य र माता-योगमाया अमात्य

मृत्यु : अगष्ट १, १९९७ (वि.सं. २०५४ श्रावण १७)

शिक्षा : वि.ए. त्रिचन्द्र क्याम्पास, काठमाडौँ (अर्थशास्त्र)- लखनऊ विश्वविद्यालय भारत) एम. ए.

ठेगाना : ग्वाछें, स्वठ-१८, ललितपुर, नेपाल

सेवा : जनवनदी गणतन्त्र चीनका लागि आवासीय राजदुत मंगोलिया र उत्तर कोरियाको लागि शाही नेपाली राजदुत (१९९५)

वि.सं. १९९० देखि २००५ सम्म गरेका सामाजिक कार्यहरू

- पाटन स्कूलमा ८ कक्षा पढ्दै गर्दा ९० सालको महाभुकम्पमा घाइते हरुलाई उद्धार गर्न स्वयम् सेवक दलमा सहभागिता
- वि.सं. २००४ साल राणा विरोधी आन्दोलनमा हनुमानढोकामा थुनिदा जेल सरसरफाई कार्य र जेल सुधारमा सक्रिय
- २००५ सालमा जेठ असारमा हैजा महामारी फैलिएको समयमा पाटन नाग बहालमा २०० जना युवाहरु स्वयम्सेवक दलमा सक्रिय, युवाहरुको नेतृत्वदायी भूमिका निर्वाह गरेको
- पाटनमा प्रथम महिला स्कूल आदर्श कन्या निकेतन मंगलबजारमा स्थापना गर्न सक्रिय नेतृत्व दिनुभएको
- पाटन दरबारको एउटा कोठामा शारदा पुस्तकालय स्थापना गर्न सक्रिय नेतृत्वप्रदान गर्नुभएको ।

- पाटनमा प्रौढ शिक्षा अभियान चलाउन नेतृत्व गर्नुभएको ।
- त्यस समय भारतको गान्धी आश्रम भ्रमण अवलोकन गरी पाटनमा स्वयम्सेवक संगठन बनाएर राष्ट्रिय शोषित, उत्पिडित र अन्यायमा परेकाहरूलाई सेवा गर्ने कार्यको थालनी ।
- नेपाली राष्ट्रिय काँग्रेस केन्द्रीय कार्यकारणी समितिको सदस्य (वि.सं. २००४)
- नेपाल मजदुर किसान संघको संस्थापक अध्यक्ष (वि.सं.२००४)
- अखिल नेपाल किसान संघको अध्यक्ष (वि.सं. २००८)
- बारा, रौतहट र सर्लाही जिल्लाहरूमा किसानहरूलाई संगठन गरि ऐतिहासिक किसान आन्दोलनको शङ्खघोष (वि.सं. २००८।९ देखि २०१४ सम्म)
- नेपाल कम्युनिष्ट पार्टीको स्थापनाकाल देखिको केन्द्रीय संगठन कमिटी सदस्य, कलकत्ता (भारत) (वि.सं. २००६)
- वि.सं. २०१५ मा सांसदमा निर्वाचित संसदमा कम्युनिष्ट पार्टीको संसदीय दलको नेता
- नेपाल कम्युनिष्ट पार्टी तेश्रो महाधिवेशनको निर्वाचित महासचिव, वनारस भारत (वि.सं. २०१९)
- वि.सं. २०३६/०३७ मा आम माफीपछि नेपाल फिर्ता, नेपालमा बहुदल व्यवस्था पुर्नस्थापनाको लागि पार्टीको नेतृत्व
- सात वामपन्थी दलहरूबाट निर्मित संयुक्त वाम मोर्चाको मानार्थ अध्यक्ष (वि.सं. २०४६)
- २०४६ साल फाल्गुन ७ गते जन-आन्दोलनको शुरु दिन ७४ वर्षको असक्त उमेरमा पनि सबभन्दा पहिले प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टीको लाल भण्डा जनता माझ फहराउँदै गर्दा गिरफ्तार र बहुदलको घोषणा पश्चात जेलबाट रिहा ।
- ने.क.पा. (अमात्य), ने.क.पा. (वर्मा) र ने.क.पा. (मानन्धर) मिली बनेको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को निर्वाचित अध्यक्ष

- राजपरिषद्को सदस्य (वि.सं. २०५०)
- २०५० मंसीर २९ गते तदनुसार १४ डिसेम्बर १९९३ का दिन वहाँको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच एकीकरण पश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कमिटिको स्थायी समितिको सदस्य

जेल यात्राः-

- भारतको स्वतन्त्र दिवसको दिन पाटनमा निस्केको जलुसको नेतृत्व गरेवापत जेल चलान र जेलमा स्वयंसेवकको संगठन गरि जेल सफा राख्ने अभियान शुरु (वि.सं. २००४)
- वि.सं. २००७ सालमा दिल्लीमा नेपालको हित विपरित सम्झौता गर्न लाग्दा त्यसको विरोध गरेकोमा भारतको मोतीहारी र भागलपुरमा आठ महिना कष्टकर जेल जीवन (वि.सं. २००७)
- २०१७ सालमा गण्डकी सम्झौताको विरोध गरेवापत १५ दिनको जेल सजाय
- वि.सं. २०३६ मा १३ दिनको जेल सजायँ
- वि.सं. २०४६ सालको जनआन्दोलनको दौरानमा ५ महिना जेल चलान

**भूमिगत राजनीति जीवन :**

- वि.सं. २००८ मा नेपाल कम्युनिष्ट पार्टी माथि प्रतिबन्ध लागेपछि भूमिगत भई विभिन्न कार्यहरूमा सहभागी (वि.सं. २००८-२०११)
- वि.सं. २०१७ सालमा राजा महेन्द्रबाट सत्तापलट भएपछि १८ वर्ष लामो निर्वासित जीवन भारतमा ।

**सर्वस्वहरण:-**

- राणाकालमा दुईपटक सर्वस्वहरण
- पंचायती सरकारद्वारा एक पटक सर्वस्वहरण (वि.सं. २०१७)

विदेश भ्रमण : भारत, तत्कालिन सोभियत संघ, हंगेरी, चेकोश्लोभाकिया, मंगोलिया, पोल्याण्ड, पूर्व जर्मनी, उत्तर कोरिया, चीन, इत्यादि ।

प्रकाशन तथा कृतिहरू :-

- तमाम पार्टी कार्यकर्ताहरूमा नेपाल कम्युनिष्ट पार्टीको अपील (वि.सं. २०१८)
- राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम (वि.सं. २०१९)
- नेपाल कम्युनिष्ट पार्टीको विधान (तेस्रो महाधिवेशनबाट पारि, वि.सं. २०१९)
- कुन बाटो (वि.सं. २०२२)
- नेपाल कम्युनिष्ट पार्टीहरूमा देखा परेका मतभेदहरू
- लेनिन
- शुक्रराज शास्त्री
- संगठनात्मक समस्या
- कम्युनिष्ट पार्टीको घोषणा पत्रः लेखक–कार्ल मार्क्स र फ्रेडेरिक एंगेल्स (तुल्सीलाल अमात्यद्वारा अनुवाद)
- नेपाल भारत सम्बन्ध
- समाज विकासको नियममा क्रियाशिल चेतन शक्तिको स्थान
- नक्कली क्रान्तिकारीहरू माओवादी हुन् या सी. आई. ए. को जाल
- राजनीतिक प्रस्ताव
- अफगानिस्थानको नयाँ जनवादी अप्रिल क्रान्तिको सम्बन्द्धमा
- सोभियत संघको विरोध कसको सेवामा
- Anti Soviet Compaign to whom it served
- धर्मको मर्म र श्रीकृष्ण (वि.सं. २०४१)
- बुद्ध, बुद्धत्व र बुद्ध दर्शन (वि.सं. २०४३)
- मानव र मानवअधिकार
- प्रगतिशील नेपाल मजदुर संघको प्रस्तावना र विद्यान
- नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ? (२०४७ श्रावण)
- जनवादी राष्ट्रिय प्रजातन्त्र (वि.सं. २०४७ पौष)
- नेपालको भावि संविधान कस्तो हुनुपर्छ ? (वि.सं. २०४७)
- वि.सं. २०४७ पौष १६ गते देखि १८ गतेसम्म भएको राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरेको नेकपाको राजनैतिक प्रस्ताव (वि.सं. २०४७)

- नेपाल कम्युनिष्ट पार्टी (अमात्य) को घोषणा पत्र (वि.सं. २०४८) अङ्ग्रेजीमा
- Manjushree to Marxism
- Buddha, Buddhahood and Budhha's philosophy
- भव्य नेपालको निर्माण गरौँ। जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गरौँ (वि.सं. २०४८ फागुन)
- वि.सं. २०४९ चैत्र २३ गतेका दिन पेश गरिएको राजनीतिक प्रतिवेदन
- संस्मरणका पानाहरू (वि.सं. २०६२)